वीपी-रेणु : मोती-भारतेन्दु

नेपाल-भारत सेतु

गिरिराज आचार्य

प्रकाशक
नीरजा कोइराला आचार्य

वीपी-रेणु, मोती भारतेन्दु
नेपाल-भारत सेतु

विधा	: इतिहास (समालोचना)
लेखक	: गिरिराज आचार्य
प्रकाशक	: नीरजा कोइराला आचार्य
संस्करण	: २०८१, प्रथम
सर्वाधिकार	: लेखकमा
मूल्य	: रु. ८०० /-
ISBN	: 978-9937-1-8185-3



समर्पण

मलाई जन्म दिने बाआमाप्रति

आमा पद्मकुमारी आचार्य (वि.सं. १९८४-२०२०)

आमा देवी पराजुली आचार्य (वि.सं. २००६-२०४४)

बा रामप्रसाद आचार्य (वि.सं. १९७६ -२०६८)

तिलक राई : पूर्व प्रमुख धरान उपमहानगरपालिका

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

पत्र संख्या :- /०७८/०७९ .... महाशाखा / शाखा / उपशाखा मितिः २०७८/११/०७
चलानी नं. :-

शुभकामना

गिरिराज आचार्य धरानमा विगत लामो समय देखि राजनीति, पत्रकारिता तथा साहित्य क्षेत्रको त्रिवेणीको रुपमा रहनु भएको छ । धरानको पत्रकारिता र साहित्य क्षेत्रमा यहाँले पुर्याउनु भएको योगदान अतुलनिय रहेको छ । प्रतिबन्धित पञ्चायति व्यवस्थामा समेत धरानका जनताहरुको चेतनाको स्तर अभिबृद्धि गर्दै प्रजातन्त्र प्रति प्रतिबद्ध रहदै धरानमा पूर्व टाईम्स पत्रिकाको प्रकाशन साथै यहाले विभिन्न समयमा प्रकाशन गर्नु भएका पुस्तकहरु नेपाली साहित्य तथा इतिहास अध्ययनको लागि महत्वपूर्ण दस्तावेजको रुपमा रहेका छन् ।यहि क्रममा जिवनको यस काल खण्डमा पनि आफ्नो लेखन कलालाई जिवन्त राख्दै **वी.पी. - रेणु नेपाल भारत सेतु** नामक पुस्तक प्रकाशन गर्न लाग्नु भएकोमा अत्यन्त खुशि लागेको छ ।

अतः यहाँको यस पुस्तकको सफलताको शुभकामना व्यक्त गर्दै यस पुस्तकले इतिहास अध्ययन गर्ने विद्यार्थी साथै आम पाठकलाई ऐतिहासिक ज्ञान प्रदान गर्न सकोस भनि शुभकामना व्यक्त गर्दछु ।

०७८/११/०६

....
तिलक राई
नगर प्रमुख
धरान उपमहानगरपालिका

कार्यालयः ०२५-५७०६३६, ५७०८१३, ५७०४०७, प्रमुखः ५७०१०९, उप-प्रमुखः ५७५४९०, प्र.प्र.अ.: ५७०२७९, प्रशासनः ५७१९९१, आर्थिक प्रशासनः ५७१५११,
शिक्षा : ५३५९९८, सुचनाः ५७१५०१, भण्डार/खरिदः ५७१५०३, वारुण यन्त्रः ५७०१९९, ५३६४२० राजश्व : ५२०७७८ धरनक्सा : ५७२१४४
E-mail: info@dharan.gov.np, Website: http:/www.dharan.gov.np

रमा शर्मा : नेपाली शिक्षा परिषद्



श्री :

नेपाली शिक्षा परिषद्

(स्थापित - स. २००८)

लेखनाथ साहित्य सदन
लेखनाथ सडक, सोहखुट्टे, काठमाडौं ।
फोन : ४-३५८६९७, ४-२७०७८४
इमेल : neshipa@gmail.com
ramasharma1999@gmail.com

पत्र संख्या :

मिति : २०८० /११/२७

विषय : शुभकामना ।

श्री ....

महोदय, धराननिवासी गिरिराज आचार्य नेपाली वाङ्मयका विविध क्षेत्रमा विशेष गरी खोज अनुसन्धानमा स्थापित नाम हो । उहाँ यस परिषद्का संस्थापक सदस्य सचिव भाषासेवी गोपाल पाँडे असीमसँग परिषद्ले धरानमा मोती जयन्ती मनाउने क्रमसँगै (वि.सं.२०२५) जोडिनुभयो । पछि मोती स्मृति भवन निर्माण तथा मोती प्रतिमा स्थापना गर्ने कार्यमा पनि अन्य विद्वान्का साथ त्यतिखेरका उत्साही युवा प्रतिभा गिरिराज आचार्यको सक्रियता कायम रह्यो (वि.सं.२०२५) । धरानमा मोती जयन्ती मनाउने तथा अन्य साहित्यिक कार्यक्रमको सन्दर्भमा उहाँ अहिले पनि त्यत्तिकै सक्रिय हुनुहुन्छ । त्यस्तै धरानले प्रा.डा. गोपाल भण्डारीको संयोजकत्वमा परिषद्को हीरक जयन्ती मनाउने निश्चय गरी समिति बनेपछि उहाँ पनि सदस्य रहेर कार्यक्रमलाई अगाडि बढाउने कार्यमा साथ दिनुभयो । गिरिराज आचार्य २००८ सालमा स्थापित नेपाली शिक्षा परिषद्सँग गहिरो रूपमा परिचित हुनुहुन्छ । उहाँले परिषद्बाट प्रकाशित पत्रिका "राष्ट्रभाषा हीरक जयन्ती विशेषाङ्क-२०६९" मा पनि परिषद् र यसका संस्थापकका क्रियाकलापबारे मुग्ध कण्ठले प्रशंसा गर्नुभएको छ ।

गिरिराज आचार्य राष्ट्रिय विभूति मोतीराम भट्टका भक्त हुनुहुन्छ । उहाँले धरानबाट प्रकाशित "मोती" पत्रिकाको सहसम्पादकको काम गर्नुभयो भने मोतीराम सम्बन्धी धेरै आलेख पनि तयार पार्नुभयो । परिषद्बाट प्रकाशित "मोती स्मृति ग्रन्थ" (वि.सं.२०३९) मा मोतीरामका "पंचक प्रपंचक" बारे गहकिलो चिन्तन गर्नुभएको छ ।

वि.सं.२०३८ सालमा "मेरी रजनी" कविता सङ्ग्रह प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गर्नुभएका गिरिराजजीका कथासंग्रह, उपन्यास र विवेचनाका आधा दर्जनभन्दा बढी कृति छन् । अहिले उहाँ अर्को महत्वपूर्ण कृति प्रकाशन गर्ने क्रममा हुनुहुन्छ जसको शीर्षक "विपी-रेणु, मोती-भारतेन्दु : नेपाल भारत सेतु" रहेको छ । यस कृतिमा उहाँले विपी र रेणुलाई एकातिर राख्नुभएको छ भने अर्कातिर मोती र भारतेन्दुलाई । नेपालका मोतीराम भारत काशीका भारतेन्दु हरिश्चन्द्रबाट अत्यन्त प्रभावित थिए । हिन्दी भाषा तथा साहित्यको उत्थानमा भारतेन्दु जसरी लागे मोतीराम पनि त्यसरी नै लागे र राष्ट्रिय विभूतिका रूपमा सम्मानित पनि हुन पुगे । त्यस्तै नेपालका विपी अर्थात् विश्वेश्वरप्रसाद कोइराला जसरी साहित्य र राजनीतिमा हस्ती बन्न पुगे त्यसरी नै भारतीय रेणु पनि भारतीय साहित्यमा ख्याति प्राप्त व्यक्ति बन्न पुगिन् । विपीबाट संरक्षित उनी रेडियो नेपालकी प्रथम उद्घोषिका पनि हुन पुगेकी रहिछन् । प्रस्तुत कृतिबाट पाठकलाई उनीबारे धेरै ज्ञान हुनेछ ।

यसरी भारत र नेपालका स्रष्टालाई केन्द्रविन्दुमा राखेर कृति तयार पारी प्रकाशित गर्न लाग्नुभएका गिरिराज आचार्यलाई नेपाली शिक्षा परिषद्कां तर्फबाट हार्दिक बधाईका साथ धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत कृति जिज्ञासुहरूका लागि उपयोगी बन्न सकोस् - हार्दिक शुभकामना पनि व्यक्त गर्दछु ।

रमा शर्मा
अध्यक्ष

गोविन्द तिमिल्सिना

मोती संस्मरण समिति, धरान

संस्थापक सदस्य- स्व. गोपाल पाण्डे असीम

पदेन संरक्षक- नगर प्रमुख, ध.न.पा.

मिति :.........................

भारतेन्दु हरिशचन्द्र, मोतीराम भट्ट र गिरिराज

भारतीय प्रख्यात साहित्यकार एवं पत्रकार भारतेन्दु हरिशचन्द्रको सानिध्यता नेपाली साहित्यकारहरुसँग अत्यन्तै निकट छ। अझ नेपाली साहित्यका वरिष्ठ लेखक तथा पत्रकार गिरिराज आचार्य र हरिशचन्द्रको सम्बन्धले नेपालमा पनि भारतेन्दुको चर्चा भैरहन्छ। भारतेन्दु हरिशचन्द्र बारे तयार भएको यो ग्रन्थले भारतीय र नेपाली साहित्यलाई अझ नजिकबाट बुझ्न सजिलो हुन्छ भन्ने मेरो विश्वास छ।

नेपालका कवि मोतीराम भट्टले भारतेन्दु हरिशचन्द्रको संगतबाट पहिलो हिन्दी समस्यापूर्ति कविता रचेका थिए। ऐसाभी चुतिया कही देखा आपने। कपडा जलाके अपना लगे आग तापने॥ जुन कविता धर्मयुगमा प्रकाशित भएको थियो। सवासय वर्ष भन्दा अघि रचना गरिएको समस्यापूर्ति कविताको भाव अहिले पनि हामी नेपालीहरुका लागि सास्वत लाग्छ। गिरिराज आचार्य धरानमा बसेर पनि आधा शताब्दी अघिदेखि साहित्य र पत्रकारिताको क्षेत्रमा निरन्तर लागेर ठूलो योगदान गरेका व्यक्ति हुन्। तसर्थ उनलाई नेपाली साहित्यकाशमा ध्रुव तारा हुन भन्नु अत्युक्ति नहोला।

गोविन्द तिम्सिना
सभापति
मोती संस्मरण समिति, धरान

सभापति
मोती संस्मरण समिति
धरान

विश्वासिलो एक सन्दर्भ सामग्री

प्रा.डा. टंकप्रसाद न्यौपाने

गिरिराज आचार्य अध्ययनशील सैद्धान्तिक प्रजातन्त्रवादी व्यक्तित्व, सिर्जनाका स्रस्टा र अनुसन्धाता व्यक्तित्व हुनुहुन्छ। राजनीतिमा सडकतिर जेजस्तो होस्, पार्टी नेतृत्व जे जस्तो होस्, तिनको वास्ता नगरी नेपाली काङ्ग्रेसको स्थापनाकालीन आदर्शमा समर्पित हुनुहुन्छ । पत्रकारिता क्षेत्रमा बाहेक साहित्यमा उहाँको नाटक, उहाँका कविता, कथा र उपन्यास प्रकाशित छन् । पत्रकारिता क्षेत्रमा पूर्व-टाइम्स साप्ताहिकले विशिष्ट स्थान प्राप्त गरेको छ ।

यसै पृष्ठभूमिमा आचार्यको प्रस्तुत अनुसन्धानात्मक पुस्तक प्रकाशित हुँदैछ । यसमा दुई खण्ड छन्ः भारतेन्दु हरिश्चन्द्र र मोतीराम भट्टको तथा विश्वेश्वरप्रसाद कोइराला र फणीश्वरनाथ रेणुको सम्बन्धमा अध्ययन यी चारै व्यक्तित्व नेपाली वाङ्मयसँग सम्बन्धित छन्। बनारसमा रहँदा भारतेन्दु हरिश्चन्द्रका सिर्जना सक्रियताबाट मोतीराम भट्ट प्रभावित थिए भन्ने ऐतिहासिक सत्य हो । भारतेन्दुका गद्यशैलीमा पाइने परिचयात्मकशैली मोतीराम भट्टद्वारा लिखित भानुभक्त आचार्यको जीवन चरित्रमा भावपक्षमा राष्ट्रको र रीतिकालीन शृङ्गार तथा भावपक्ष मोतीरामका रचना पनि पाइन्छ । भारतेन्दुले विविध गद्य विधाको अभिभारा गरेर आफूले पनि लेखे र अरूलाई लेख्न लगाएजस्तै सत्कर्म मोतीराम भट्टले पनि गरे । यसरी भारतेन्दु हरिश्चन्द्रको प्रभाव लिएर नेपाल फर्किएका मोतीराम भट्टका सम्बन्धको प्रस्तुत नेपाली साहित्यको इतिहासका लागि पठनीय र सङ्ग्रहणीय पाइन्छ । यसले थप अध्ययनमा सहायता पुऱ्याउने छ ।

अर्को खण्डमा विश्वेश्वरप्रसाद कोइराला र फणीश्वरनाथ रेणुका सम्बन्धको अध्ययन गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाको प्रारम्भक राजनीतिक जीवन भारतमा बितेको हो । भारतीय स्वतन्त्रता आन्दोलनका एक सक्रिय कार्यकर्ता भएका कारण उहाँको सम्बन्ध साहित्यिक र समाजवादीसँग थियो । नेपाल

फर्किएपछि पनि फणीश्वरनाथ रेणु कोइराला परिवारका सदस्य थिए । वीपी र रेणु दुवै साहित्यकार पनि हुन् । यो सम्बन्ध नेपालमा त्यति व्याख्यायित छैन । यसका लागि प्रस्तुत पुस्तक उपयोगी हुनेछ ।

अन्त्यमा विशेष कालखण्डका भिन्नभिन्न देशका विशिष्ट व्यक्तित्वका क्रियाकलाप एक अर्काले पारेको प्रभाव र सम्बन्धको ऐतिहासिक अध्ययनका लागि यो विश्वासिलो सन्दर्भ सामग्री हुनेमा म विश्वस्त छु ।

मेरा दुई शब्द

प्रस्तुत वीपी रेणु नेपाल भारत सेतु प्रकाशन पुस्तकमा रहेका लेख, रचना, पत्र विगत पचास वर्षदेखि सङ्कलन गरिएका र शताब्दी अघि लेखिएका प्रकाशित भएका मेरा अमूल्य सृजना यसमा समावेश भएका छन् । मैले नेपाल भारतका साहित्यकारको विषयमा लेखेका रचनालाई पाँच खण्डमा विभाजित गरेको छु । पहिलो खण्डमा प्रसिद्ध सहित्यकार विश्वेश्वरप्रसाद कोइराला र भारतका प्रसिद्ध साहित्यकार फणीश्वरनाथ रेणुका विषयमा लेखिएका पूर्वप्रकाशित रचना समावेश गरेको छु । शीर्षकको साइत जुटाउने क्रममा पहिले मलाई दोस्रो खण्ड मोतीराम भारतेन्दु तुलनात्मक अध्ययन शीर्षक राख्ने मोतीराम र भारतेन्दु नेपाल भारत सेतु शीर्षक राख्ने भन्ने कुरामा मनमा धेरै खुलदुली मच्चियो शीर्षक के राखूँ भनेर फेसबुकमा बहस पनि चलाए धेरै जनाले मोती भारतेन्दु तुलनात्मक अध्ययनको नामकरण गर्नुभयो । तर मेरा मनको ढुक्ढुकीले वीपी रेणुको नाममा मनमा कुरा खेले किनकि एक त मोती भारतेन्दु माध्यमिककालका कवि हुन् भने वीपी रेणुले आधुनिककालको साहित्यको ज्ञान गराउनुहुन्छ । यस्तै मैले विगत (२०३७) मा साहित्यिकार वीपी कोइरालाका बारेमा वीपी कोइरालाका साहित्यिक विचार नामक पुस्तक सम्पादन लेखन गरेकोले र यो पुस्तकको दोश्रो संस्करण २०५६ सालतिर प्रकाशित भएकाले प्रस्तुत पुस्तकको नामाकरण वीपी रेणु नेपाल भारत सेतु जोर्न पुगेका पाठकलाई खुलासा गर्दछु ।

यसै गरी पुस्तकमा तेश्रो विविध खण्ड चौथो प्रतिबन्धित नेपाली साहित्यको काल विभाजनमा आधुनिक काल आइपुग्दा लेखकको बोल्ने स्वतन्त्रता २०१७ सालको निरङ्कुश तानाशाही व्यवस्थाले घाटी निमोठ्यो । २०१७ सालमा नेपालका प्रथम निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला आठ वर्ष जेल बस्नुभयो उहाँले जेलबाट श्वेतभैरवी कथासङ्ग्रह, सुम्निमा, नरेन्द्रदाइ मोदिआइन, तीन घुम्ती, बाबुछोरा र आमाजस्ता कालजयी उपन्यास जन्माउनुभयो । थुप्रै कविता ...डायरी फेरि सुन्दरीजलजस्ता डायरी लेख्नुभएको थियो तर पञ्चायत कालभरि स्कुल कलेजमा उहाँको नाम लिन पनि प्रोफेसर डराउथे उहाँको साहित्य प्रतिबन्धित थियो ।

यस्तै २०४२ सालमा म नेपाली काङ्ग्रेसले ल्याएको सत्याग्रह आन्दोलनमा मोरङ कारागार विराटनगर जेलमा परेपछि छ महिना भित्रमा मैले थुप्रै कविता उपन्यास तुलसा

कथा र नाटकका साथै जेल डायरी लेखें। त्यो बेला मबाट सृजित रचना २०३६ सालमा सडक कविता क्रान्ति २०४६ साल र २०६२-२०६३ को जनआन्दोलनमा पनि हामीले सडक कविता क्रान्ति सम्मान गऱ्यौं। सडकका मुखमा कालोपट्टी जुलुसमा प्रदर्शन गऱ्यो। पञ्चायतकालमा मैले मेरी रजनी कवितासङ्ग्रह प्रकाशित गरे यो कवितासङ्ग्रह पनि प्रतिबन्धित हुनबाट बञ्चितमात्र भएन उल्टो जनउदय नाटक विमोचना पब्लिक हाईस्कूलको गेटमा व्यानर लगाएर विमोचन नगर्न प्रकाशक हरिनाथ बाँस्तोलालाई दिएन। उल्टै यस लेखक र साथी कवि भीष्म काफ्लेलाई पक्राउ गरियो थानामा दिनभर राखेपछि रिहा गरेको थियो। पञ्चायतकालमा मैले हवाईपत्र कवितासङ्ग्रह प्रयोगका लागि प्रकाशित गर्दा पनि त्यसलाई प्रतिबन्धित गरियो। मैले प्रकाशन र सम्पादन गरेका साहित्यिक सङ्कलन नं. २०२९, ३० सालमा ९ अङ्क प्रकाशित गरेपछि प्रतिबन्ध लगाइयो। २०३४-२०३५ मा मैले सम्पादन गरेको फेवा पत्रिका प्रकाशन नगर्न सिडियोले बोलाएर चेतावनी दिए। मैले प्रतिबन्धित नेपाली काङ्ग्रेसको बनारसबाट सुशील कोइराला र चक्र बाँस्तोलाद्वारा सम्पादित तरुण पत्रिकामा विवेकश्रीका ... नाममा सृजना गरेका कविता नाटक उपन्यास कथा प्रतिबन्धित रहेकाले सो समयको साहित्यिक गतिविधिलाई लिएर मैले प्रतिबन्धित साहित्य सृजना नाम दिएको हो। यो कुरा सुधी पाठकले पढ्न पाउनु हुने नै छ।

अन्त्यमा

प्रस्तुत पुस्तकमा शुभकामना सन्देश दिनुहुने धरान उपमहानगरपालिकाका (तत्कालीन मेयर) तिलक राईले दिएको सन्देशका लागि उहाँप्रति आभार प्रकट गर्दछु। यसै गरी पुस्तकमा शुभकामना दिनुहुने प्रा.डा. टंक न्यौपाने, मोती संस्मरण समितिका अध्यक्ष गोविन्द तिम्सिना पुस्तकमा भूमिका लेखिदिनु भएकोमा प्रा.डा. गोपाल भण्डारीमा कृतज्ञता प्रकट गर्दछु। यस्तै पुस्तक प्रकाशन गरिदिने श्रीमती नीरजा कोइराला आचार्यलाई धन्यवाद दिन चाहन्छु यसै गरी पुस्तक मुद्रणमा चाँजोपाँजो मिलाउनुका साथै भूमिका लेखिदिनु भएकोमा ओरिएन्टल पब्लिकेशनका मित्र हरि गौतमज्यूलाई धन्यवाद प्रकट गर्दछु। टाइपमा सहयोग गर्ने दीक्षा डेक्सटपकी विना तामाङ र छाप्न सहयोग गर्ने लक्ष्मी शर्माप्रति आभारी छु।

२०८१।०९।१६

वीपी मेलमिलाप दिवस

गिरिराज आचार्य

वीपी, रेणु, मोती र भारतेन्दुका बीच अन्तर्सम्बन्धित नेपाली समाज

गिरिराज आचार्य कवि, कथाकार, नाटककार, उपन्यासकार, अनुसन्धाता तथा पत्रकारका रूपमा मूलतः सुपरिचित नाम हो । उहाँले तीन दशकभन्दा बढी समयदेखि वाङ्मय साधना गरिसक्नुभएको छ । उहाँका नवीनतम कृति निरन्तर पाठकसम्म आइरहेका छन् । उहाँलाई एकान्त साधक तथा सामाजिक राजनीतिकका ज्ञाताका रूपान मान्न सकिन्छ । नेपाली साहित्यका विभिन्न कालखण्डका विशेषतामा केन्द्रित रहेर उहाँले धेरै काम गरिसक्नु भएको छ । उहाँले भानुभक्त आचार्य तथा लक्ष्मीप्रसाद देवकोटाजस्ता विशिष्ट प्रतिभाका विषयमा उल्लेखनीय कार्य गरिसक्नुभएको छ । विगतको लामोसमयदेखि 'पूर्व-टाइम्स' साप्ताहिक पत्रिकाको सम्पादन गरी नेपालको प्रजातान्त्रिक आन्दोलनमा समर्पित हुनुभएका गिरिराज आचार्य आफैं एक प्रजातन्त्रका सेनानी हुनुहुन्छ । जननायक वीपी कोइरालाका विशेष प्रिय पात्र हुनुभएका गिरिराज आचार्य सर्वोच्च कमाण्डर गणेशमानसिंहका विशेष अनुयायी । गिरिराज साहित्यिक लेखन र राजनीतिक चिन्तनका साथै पार्टीको सक्रिय नेतृत्वप्रदान गर्ने सङ्घर्षशील व्यक्तित्व मानिनुहुन्छ । समाजका हरेक क्षेत्रमा अग्रणी स्थान राख्न सफल एक योद्धा र कलमवीर । उहाँले धरानको साहित्यिक उन्नयन र वातावरणमा आफूलाई स्थापित गराउँदै कैयौ ऐतिहासिक कार्य सम्पन्न गरिसक्नुभएको छ । पत्रकारिता, साहित्यिक लेखन र प्रजातान्त्रिक आन्दोलन र राजनीतिका त्रिवेणी पूर्वाञ्चल क्षेत्रका साहित्यका पिलर नै मानिनुहुन्छ । उहाँको पुर्ख्यौली बसाई धरान हो । त्यसैले धरानको सामान्य परिचय राखिएको हो ।

धरान

नेपालको कोशी प्रदेश अन्तर्गत सुनसरी जिल्लामा पर्ने एक उपमहानगरपालिकामा सुनुवार, राई, लिम्बू, याक्खा जनजातिको बाहुल्यता रहेको छ तथापि विविध जाति तथा जनजातिको बसोबास स्थल र कला, साहित्य, संस्कृति तथा खेलकुदको

क्षेत्रमा ख्याति प्राप्त धरान हाल आएर शिक्षा, स्वास्थ्य, पर्यटकीय तथा व्यापारिक पूर्वाधारयुक्त सुन्दर शहरका रूपमा विकास हुँदै पूर्वाञ्चलको मात्र नभई नेपालकै नमुना शहर बन्न प्रयासरत छ । धरान महाभारत पर्वत शृङ्खलाको छेउमा अवस्थित छ एवम् उत्तरको पहाड र दक्षिणको तराई आएर मिलेको ठाउँ हो ।

यो शहर सर्वप्रथम पूर्वी नेपालका लागि गोर्खा सैनिक भर्ती केन्द्रका रूपमा परिचित रह्यो जसको स्थापना सन् १९५३ मा भएको हो । धरानमा गोर्खा सैनिक भर्ती केन्द्र बन्द भएर त्यस स्थानमा वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले थप केही नयाँ भवन निर्माण एवं पुरानाको मर्मतसम्भार गरी सन् १९९३ देखि भोगचलन गर्दै आएको छ। धरान २०४५ सालको भूकम्पले निकै थिलथिलो भएको भए पनि पूर्वाञ्चलको शैक्षिकक्षेत्रको हब नै मानिन्छ। यहाँ संस्कृत क्याम्पस, (पिण्डेश्वर विद्यापीठ) मेडिकल, इन्जिनियर (पूर्वाञ्चल इन्जिनियर क्याम्पस) र खाद्य प्रविधिको केन्द्रीय क्याम्पस (हात्तीसार)महेन्द्र क्याम्पसलगायत अन्य शैक्षिक प्रतिष्ठान रहेका छन् ।

नेपाल सरकारको मन्त्रिपरिषद्ले २०७१ साल वैशाख २५ गते धरान नगरपालिकामा पञ्चकन्यालाई समावेश गरेको एवं २०७१ साल मंसीर १६ गते ६१ वटा नगरपालिका थप गर्ने क्रममा ७ वटा नगरपालिकालाई उपमहानगरपालिका बनाउने निर्णय भयो त्यसमा धरानलाई पनि नगरपालिकाबाट उपमहानगरपालिकामा विस्तार गरियो । धरानलाई उपमहानगरपालिका घोषित गर्दा विष्णुपादुका गाविसलाई समावेश गरिएको हो, यो संरचनागत आधार हो भने सामाजिक रुपमा विभिन्न वर्ग र समुदायमा बनेको छ, जस्तो लेफ्ट-राइट (वाममार्गी र दक्षिणमार्गी) । अर्को वर्ग छ लेफ्ट-राइट (लाहुरे) समुदाय जो निश्चिन्त छ पेन्सन आइहाल्छ जीवनमा कुनै चुनौती मोल्नु छैन । चौथो वर्ग छ स्ट्यान्ड एट इज (जो कसैको मतलब गर्दैन) आफ्नै सुरमा चल्ने । तिनै लेफ्ट-राइट समुहका व्यक्ति २०२८/३० सालतिर आफू-आफूमा गोबर खरानीका नामबाट एक अर्काबीच कुटाकुट मारामार गरेका घटनाको प्रभाव अहिले पनि त्यो चलिरहेको छ । यस्ता समुदायले बनेको धरान २०१८ सालदेखि हाम्रो नुन तेल खाने बजार हो । यो बजार अधिकांश मेची कोशी र सगरमाथाका पहाडी जिल्लाको मुख्य बजार हो । पहाडमा यातायात नहुँदा ढाकरमा सामान बोकेर कति कुनाकुनासम्म लानु पर्थ्यो ।

व्यापार र धरानको कुरा गर्दा मारवाडीको नाम अगाडि आउँछ । नेपालमा कहिले र कसरी प्रवेश गरे भन्नेबारे फरक-फरक मत छ । बेतियामा रहेकी बुहारीको

घरमा आवतजावतबाट जङ्गबहादुरले राजस्थानबाट बेतिया बसाइँ सरेका हरजश राय, उच्चडमल मारवाडी (टिवडेवाला) र आशाराम-घाँसीराम (सुरजमल) लाई व्यवसायका लागि नेपाल भित्र्याएको एकथरी भनाइ छ। वि.सं. १९१२ सालको नेपाल-भोट युद्धमा गरेको सहयोगको लागि उच्चडमल परिवारका एक सदस्यले जङ्गबहादुरबाट तक्मा पाएका थिए (हे. तक्माको तस्वीर)। उच्चडमलका छैटौं पुस्ताका निरन्जन टिबडेवालासँग आफ्ना पूर्वजले १९२१ सालमा कारोबार गरेको प्रमाण भएको बताउँछन् । १९३० र ४० सालमा राजस्थानका मारवाडी समुदाय मोरङ आएका थिए । इतिहासकारका अनुसार राजस्थानबाट आएका मारवाडी शुरुमा पूर्वी पहाडी जिल्लाका विभिन्न स्थानसम्म पुगेका थिए भने १९४० सालमा नै ताप्लेजुङ पुगेको पाइन्छ । १९९२ सालमा विराटनगर जुट मिल्सको जग बसाल्दा मारवाडी समुदायको योगदान थियो । रामलाल गोल्छा र नौलखा परिवारले सहयोग गरेका थिए । यो उद्योग नेपालको पहिलो उद्योग हो । धरान पनि मारवाडीको घनाबसोबास भएको क्षेत्र हो । अधिकांश मारवाडी उद्योग व्यावसाय व्यापार र सामाजिक क्षेत्रमा लागिपरेका छन् । अहिले विगतभन्दा यहाँ उनको बस्ती केही कम भएको छ ।

यस्तै विविधतामा रहेको शहरमा रहेका स्वनामधन्य साहित्यकार गिरिराज आचार्यकृत यो कृति नेपाली र भारतीय साहित्यका बीच अन्तर्सम्बन्धित रहेका व्यक्ति कृतिका बारे अध्ययन चिन्तन मनन गरिएका सामग्रीको सङ्ग्रह हो । ती अन्तर्सम्बन्धित व्यक्तिको सामान्य परिचय निम्नानुसार छ ।

भारतेन्दु हरिश्चन्द्रको जीवन परिचय

भारतेन्दु हरिश्चन्द्रलाई आधुनिक हिन्दी साहित्यका पितामह भनिन्छ । ०९ सेप्टेम्बर, २०२५ मा आधुनिककालका पुरोधा भारतेन्दु हरिश्चन्द्रको १७५ औं जयन्ती मनाइने छ । भारतेन्दु हरिश्चन्द्रले ३५ वर्षको आफ्नो अल्प जीवनकालमा लगभग दश वर्षसम्म हिन्दी साहित्य जगतमा गद्य र पद्य विधामा धेरै अनुपम कृतिका सृजना गरे । जो इतिहास बन्यो । उनी हिंदी साहित्यमा 'आधुनिक काल' का प्रथम आरम्भकर्ता भएकाले भारतेन्दु हरिश्चन्द्रका नाममा यसलाई 'भारतेन्दु युग' को नाम दिइएको छ ।

कालजयी रचनाकार भारतेन्दु हरिश्चन्द्र हिन्दी भाषा विकासका साथै हिन्दी मौलिक नाटकको विकासमा पनि विशेष स्थान मानिन्छ । हिन्दी नाटक र

रङ्गमञ्चका युगप्रवर्तक पनि भनिन्छ । भारतेन्दु हरिश्चन्द्रका अनेक रचना 'भारत दुर्दशा', 'अन्ध नगरी' (नाटक), 'प्रेमसरोवर', 'प्रेम प्रलाप', 'गीत गोविन्द' (काव्य रचना), 'भारतवर्षोन्नति हो कसरी' (निबन्ध) आदिको बी.ए. र एम.ए. का पाठ्यक्रममा विभिन्न विश्वविद्यालयमा पढाइ हुन्छ ।

उनका धेरै शोधार्थीले हिन्दी सामग्रीबाट पीएचडीको डिग्री समेत प्राप्त गरेका छन्, साथसाथै UGC/NEET विषयबाट परीक्षा दिने विद्यार्थीका लागि भारतेन्दु हरिश्चन्द्र र उनका रचनाको अध्ययन गर्न सकिनेछ ।

नाम	भारतेन्दु हरिश्चन्द्र
जन्म	०९ सेप्टेम्बर १८५०
जन्मस्थान	काशी उत्तर प्रदेश
पिताको नाम	श्री गोपालचन्द्र, गिरिधरदास (उपनाम)
माताको नाम	पार्वतीदेवी
शिक्षा	क्वींस कलेज, स्वअध्ययन
पेशा	साहित्यकार, सम्पादक
काल	आधुनिककाल (भारतीय युग)
विधा	नाटक, काव्य, अनुवाद
भाषा	ब्रज, खड़ी बोली, हिन्दी, उर्दू
नाटक	नीलदेवी, भारत दुर्दशा, अंधेर नगरी ।
काव्य रचना	प्रेम-मालिका, प्रेमसरोवर, गीत गोविन्द, सतसई सिंगार आदि ।
पत्रिका	कविता वाचन सुधा हरिश्चन्द्र मैगज़ीन, हरिश्चन्द्र पत्रिका, बाल बोधिनी (सम्पादन)।
अनुवाद	विधासुन्दर, मुद्राराक्षस, कपूरमञ्जरी
निधन	०६ जनवरी १८८४

फणीश्वरनाथ रेणु साहित्य परिचय

फणीश्वरनाथ रेणुले लेख्न १९३६ देखि नै शुरु गरे र उनको शुरुआती भनाइमा परिपक्वता थिएनन् । जब रेणु वर्ष १९४२ मा भारतीय स्वतन्त्रता आन्दोलनका

कारण गिरफ्तार भए दुई वर्ष जेलमा रहेर सन् १९४४ मा रिहा भए। त्यस समय उनले एक पटक बढकर एक कदम लेखी। उनका कथामा 'बटबाबा' र 'पहलवानका ढोलक' आदि कथन समावेश छन् जो 'साप्ताहिक विश्वामित्र' का अङ्कमा प्रकाशित थियो।

फणीश्वरनाथ रेणुको जीवन परिचयः आधुनिक हिन्दी साहित्यमा 'फणीश्वरनाथ रेणु' प्रसिद्ध आञ्चलिक साहित्यकारका रूपमा चिनिन्छन्। उनका रचनामा ग्रामीण जीवनको सुन्दर चित्रण आउँछ, उनका रचना पढ्दा पनि ग्रामीण जीवनको साक्षात् अनुभव हुन्छ। फणीश्वरनाथ रेणु एक लेखकका साथमा स्वतन्त्रता सेनानी पनि थिए। उनले लेखनीका माध्यमबाट स्वतन्त्रता आन्दोलनमा मुख्य भूमिका निभाएका थिए। यसका साथै रेणुले आफ्नो विशिष्ट भाषाशैली साहित्यको एक नयाँ स्वरुप देखाए।

यसपछि रेणुका धेरै कथासङ्ग्रह प्रकाशित 'ठुमरी', 'आदिम रात्रि की महक', 'अगिनखोर' 'एक श्रावणी की धूप', 'अच्छे आदमी' आदि प्रमुख छ। उनी रेणुका जति प्रसिद्धि कथाले मिले उति नै ख्याति उपन्यासबाट पाएका छन्। मिलि 'मैला आँचल','जुलुस', 'परती परिकथा' र 'कितने चौराहे' उपन्यास।

फणीश्वरनाथ रेणु साहित्यका साथै एक स्वतन्त्रताका सेनानी पनि थिए। उनले भारतीय स्वतन्त्रता आन्दोलनको साथ भारतको पनि राजशाहीको दमन बढेमा नेपाली जनताको साथ मिलेर आन्दोलन गर्ने स्वतन्त्रताको भूमिका प्रस्तुत गरेका छन्। यसका साथ रेणुका सक्रिय राजनीतिको पनि हिस्सा छ।

फणीश्वरनाथ रेणु एक लेखकका साथै स्वतन्त्रता सेना पनि थिए। केवल न केवल भारतको स्वतन्त्रताका लागि आन्दोलनले त्यहाँ नेपालको क्रान्तिमा पनि आफ्नो विशेष भूमिका निभाई थाल्यो। उनी जीवनमा कैयौं वर्षसम्म सक्रिय राजनीतिको पनि हिस्सा छ। तर उनको साधना जीवनको अन्तिम समयसम्म राखी र साहित्यको सृजन हुन्छ। किन्तु लामो बीमारीका कारणले उनी ११ अप्रिल १९७७ मा पटनामा सधैंका लागि विदा भए। उनी बितेर गए पनि आफ्नो रचनाका माध्यमबाट पाठक वर्गका बीच सधैं जीवित छन्।

मोतीराम भट्टको परिचय

काठमाडौँको भोसीको टोलमा विश्वामित्र गोत्रीय ब्राह्मण परिवारभित्र दातारामको पनाति र दयाराम (१८९८ भोसीको टोल- १९५९) का छोराको

रूपमा १९२३ साल भाद्र कृष्ण औँसीका दिन पूर्व फाल्गुनी नक्षत्रमा मोतीराम भट्टको जन्म भएको थियो। उनकी आमाको नाम रिपुमर्दिनी (१९०० ढोका टोल- १९८९) हो। उनी विजयराज गुरुज्यूकी नातिनी र राम शर्मा पाण्डेकी छोरी थिइन् । मोतिरामका एक दाजु र एक दिदीको बाल्यावस्थामा मृत्यु भएकोले यिनलाई बचाउन तान्त्रिक एवं कर्मकाण्डीय यत्न गरिएका थिए । निक्खुनलाई मात्र दैवले चुँडालेर लान सक्ने, तर शारीरिक दोषी भए छाड्ने धारणाअनुसार यिनको नाकको दाहिने पोरो छेडेका थिए । त्यसैले यिनलाई सँगी छोरी भनेर जिस्क्याउँथे तापनि नरिसाएर हाँस्ने उनको बानी थियो । यिनी पुलपुलिँदै हुर्केका थिए तापनि शान्त स्वभावका थिए ।

उनकी बहिनी सन् १९२६ मा जन्मेकी थिइन् । मोतीराम पाँच वर्षका हुँदा यिनका पिता दयाराम आफ्नी माइली आमाको स्याहार सुसार गर्न काशी गए । वर्ष दिन पुग्दासम्म पति नफर्केपछि रिपुमर्दिनी पनि छ वर्षका मोतीराम र तीन वर्षकी छोरी साथमा लिएर १९२८ सालमा काशी गइन् । काशीमै मोतीरामको आठ वर्षको उमेरमा व्रतबन्ध भयो । केही समय उनले संस्कृत पढे । पछि उनलाई दयारामले काशीमै फारसी स्कुलमा हालिदिए । उनले फारसीका सेरबाट रस लिनथाले ।

काशीमा पन्नालाल भन्ने सितारवादकसँग मोतीरामको बसाउठी भयो । उनले सितार बजाउन र गाना गाउन सिके । उनको स्वर मसिनो थियो । उनले करिब ४०० सेरको रचना गरी गाए । उनको विवाहको कुरा उठेकोले आमा र बहिनी सहित १९३७ सालमा काठमाडौँ फर्के । वि.सं. १९३७ मा १५ वर्षको कलिलो उमेरमै उनको बिहे भयो। त्यसपछि उनी काठमाडौँमै संस्कृत र अङ्ग्रेजी पढ्न थाले ।

मोतीराम एकदिन बागमतीका किनारतिर गुनगुनाउँदै बसेका बेला एक हुल मानिस आएर बसी रसिया गाउन थालेछन् । शृङ्गार रसका लोकगीतले उनलाई प्रभाव पारिछाडे । अनुप्रास चिटिक्क मिलेका भए पनि छन्द उति मिलेका थिएनन् । त्यसैले गण सङ्केतसहित छन्द मिलाएर मातृभाषा नेपालीमा रचना गर्ने उनमा इच्छा जाग्यो । त्यतिखेरसम्म लोकभाका गाइन्थे मात्र, रचना गर्ने चलन थिएन । काशीतिर बस्दा नेपाली भाषाको अभ्यास हुन पाएको थिएन । त्यत्तिकैमा मोतिरामका छिमेकी साथी खड्गदत्त पाण्डेका बिहेमा उनलाई लोकन्तो बस्ने मौका पऱ्यो । दुलाहाको साथमा बस्नुपर्दा जन्ती सिलोक भन्दै रातभर जुहारी खेलेको सुन्न पाए । जुहारीमा पुराना र भानुभक्तको रामायणका श्लोक पनि थिए । मोतीरामलाई बडो रस पऱ्यो ।

उनले भानुभक्तको रामायणको खोजी गर्न थाले । खोज्दै जाँदा बालकाण्ड सम्म फेला पऱ्यो । यतिकैमा उनलाई बनारसबाट साथी र पिताको चिठी आयो । उनी परिवारसहित बनारस गए । बनारसमा मोतीरामले अंग्रेजी पढ्न थाले । उनलाई मातृभाषाप्रति गहिरो प्रेम र रुचि जागेर आएको हुनाले त्यहाँ नेपालीलाई जम्मा गरी कविता लेख्न र वाचनको अभ्यास गर्न-गराउन थाले । 'कविता गर्न सरजाम' भन्ने छ श्लोकी पद्य बनाएर साथीलाई बाँडे । मोतीराम, पद्मविलास पन्त, काशीनाथ, रङ्गनाथ, चेत सिंह, तेजबहादुर राना आदि जम्मा भई समस्यापूर्तिको तरिकाद्वारा कविताको अभ्यास गर्न थाले । भानुभक्तको श्लोक रचनाका पदविन्यास, सरल तथा सरस भावले उनलाई गहिरो प्रभाव पारेका थिए ।

मोतीरामले साथीको उत्साह बढाउन 'मनोद्वेग प्रवाह' नामक कविता सङ्ग्रह बनाए । त्यतिबेलासम्म नेपाली भाषाको कुनै श्लोक पनि छापिएको थिएन । तसर्थ उनले काशीकै आफ्नो साथी रामकृष्ण बर्मालाई छापाखाना खोल्न घच्घच्याए । उनको पनि इच्छा भएकाले दुवैको कुरो मिल्यो । 'भारत जीवन' नामको छापाखानामा मोतीराम म्यानेजर भए । भानुभक्तको बालकाण्ड रामायणलाई सर्वप्रथम छपाई नेपाली भाषाको पहिलो प्रकाशित पुस्तकको रूपमा बेलायतको पुस्तकालयलाई पनि पठाइदिए ।

बालकाण्ड रामायण फटाफट बिक्री भई छिटै सिद्धियो । उनको हौसला बढ्दै गयो । उनले क्रमशः भानुभक्त आचार्यको रामायणका सातै काण्ड बटुली छपाउन सफल भए । त्यसको पनि राम्रै बिक्री भयो । त्यसपछि उनले 'गोर्खा भारत जीवन' भन्ने प्रथम नेपाली भाषाको अखबार निकाल्न थाले । 'गजेन्द्र मोक्ष' को पद्यानुवाद गरी आफ्नो प्रथम कृतिको रूपमा १९४४ सालमा छपाए । उपदेशमूलक 'पञ्चक प्रपञ्च' नामको हास्यरस प्रधान पुस्तक पनि सोही सालमा निकाले । त्यसपछि क्रमशः 'स्वप्न प्रकाश', 'शकुनौती सङ्ग्रह' र 'गफास्टक' प्रकाशन गरे । यी सामग्री राम्रोसित बिके र नेपाली भाषाको प्रचार -प्रसार बढ्दै गयो ।

मोतीराम र उनको मण्डलीले काशीमा भाषा, साहित्य र पत्रकारिता विषयमा निरन्तर काम गर्दै आएको थाहा पाएर नेपालका राजगुरु लोकराज पण्डितले १९४४ सालमा काठमाडौँ झिकाए । मोतीराम आफ्नी आमा, पत्नी र बहिनीसहित आई गुरुज्यूकै तहबिल घरमा बसे । अब उनले पुस्तकालय खोलेर मात्र वाङ्मयको प्रचार प्रसार गर्न सकिने सोची नरदेव पाण्डेका दाजु कृष्णदेव पाण्डेसित मिलेर मोती-कृष्ण कम्पनी नामको पुस्तक दुकान ठंहिटीमा १९४५ सालमा खोले । त्यस

बेलासम्ममा नेपालमा पुस्तक पसल समेत थिएनन् । तसर्थ मोती-कृष्ण कम्पनी बडो आकर्षक बन्न गयो । पुस्तकको खुबै किनबेच हुन थाल्यो ।

काठमाडौँमा मोतीरामले नरदेव पाण्डे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, भोजराज पाण्डे आदि रहेको मण्डली बनाएर नेपाली भाषामा कविता लेख्ने र वाचन गर्ने अभ्यास गराउन थाले । 'ल्यौ ल्यौ औँठी म दिन्छु राख तिमीले मेरो निशाना भनी' जस्ता समस्या दिई कविताको अभ्यास गराइन्थ्यो । मोतीरामले सबभन्दा पहिले शृङ्गार रसमा कविता गर्न बेस हुन्छ, यसले चाँडै नै हृदय पगाल्छ, त्यसैले समस्यापूर्तिको अभ्यास गर्नुपर्छ भन्थे । सयवटा समस्या जम्मा गरी 'समस्या शतक' ग्रन्थ तयार गर्ने विचार थियो रहेछ उनको । तर पसलमा मात्र बस्न कहाँ पाउनू ? बोलाएका सबै इष्टमित्रकहाँ पुग्दा पनि धेरै समय जान्थ्यो । समस्या शतकका केवल २४ श्लोक मात्र बनाउन पाए । समस्या शतकका २४ श्लोकमध्ये मोतीरामका ८, गोपीनाथका ७, लक्ष्मीदत्त पन्तका ५ र नरदेवका ३ हुन् भने भोजराजको एउटा मात्र हो ।

मोतीरामले अन्य सामग्री पनि तयार पारेका थिए :

अनुप्रास मञ्जरी पुस्तिका र शकुन्तला नाटिका (अनुवाद, देवशमशेरको दरबारभित्रै रहेका वा प्रकाशित हुन नपाएका) । 'वसन्तपञ्चमी वर्णनम्' नौ श्लोकी पद्य १९४५ माघ शुक्लपञ्चमीका दिन विष्णुमतीदेखि सरस्वती थानसम्म पुग्न फूलमालाले भरिएका ढकिया र किस्ती हातमा लिएका युवतीको भिडले दुई घण्टाको पट्यार समय लागेको स्मृतिमा रचित । माघेजात्रा वर्णन, दुई श्लोक, वसन्त पञ्चमीको आठ दिनपछि लेख्दा लेख्दै कोही मित्र आउनाले अपुरो रहेको । बुद्धिबल प्रकाशिका, साढे तीन श्लोकको मात्र अपूर्ण । रसचन्द्रोदय वर्णन, ३६ श्लोकी, १९४६ माघे सङ्क्रान्तिमा, असनमा बस्ने सुन्दरीलाई साथीले देखाउँदा ।

त्यसपछि रामनाम जप्दै उनको वाणी बन्द भयो र इहलीला समाप्त भयो । उनका पुस्तक उनकै इच्छाअनुसार सुब्बा मरिचीमान सिंहलाई पुस्तकालयमा राख्न जिम्मा लगाइयो । मोतीरामको अल्पायुमा मृत्यु हुँदा उनका पिता दयाराम काशीमा थिए । रिपुमर्दिनीले विरक्त पतिलाई काठमाडौँमा झिकाइन् । वंश अभाव हुने भयो भन्दै मोतीराम बितेको दुई वर्षपछि १९५५ मा दयाकुमारी नाम गरेकी कन्यासित उनले दोस्रो विवाह गरिदिइन् । दयाराम कान्छी पत्नी लिएर काशी फर्के । उहीँ १९५९ साल मंसीरमा मोतीरामका भाइ रामेश्वर जन्मे । तर फेरि पारिवारिक शोक

थपियो । रामेश्वरको भातख्वाइ वा पास्नी भएको एक सातापछि दयाराम बिते । काजक्रियापछि आमा रिपुमर्दिनीले दयाकुमारी र बालक रामेश्वरलाई काठमाडौँ झिकाएर सँगै राखिन् । उमेर पुगेपछि व्रतबन्ध र बिहे गराइ नाति समेतको मुख देखेर रिपुमर्दिनी १९८९ असोजमा बितिन् ।

मोतीराम भट्टद्वारा रचित एवं प्रकाशित पुस्तक–पुस्तिका :

१.	गजेन्द्र मोक्ष १९४४	१०.	नीति दर्पण
२.	पञ्चक प्रपञ्च १९४४	११.	कवि भानुभक्त आचार्यको जीवन चरित्र १९४८
३.	तीजको कथा	१२.	उखानको बखान
४.	स्वप्न प्रकाश १९४९	१३.	कमल-भ्रमर संवाद
५.	शकुनौती	१४.	पीकदूत
६.	गफास्टक	१५.	मनोद्वेग प्रवाह
७.	प्रह्लाद भक्तिकथा १९५१	१६.	अभिज्ञान शाकुन्तल
८.	उषा चरित्र १९५१	१७.	प्रियदर्शिका
९.	सङ्गीत रस चन्द्रोदय १९५१	१८.	शकुन्तला

यी बाहेक उनले रचेका र अनुवाद गरेका पद्मावती, हुस्न अफरोज, आराम दिल, गुलशनोवर, काशीराज चन्द्रसेन, बालाजी वर्णन आदि नाटक र पद्य रचना छापिन पाएनन् । बरु उनले भानुभक्तकृत भाषा रामायण १९४४, रामगीता भाषा १९४७, बधुशिक्षा १९४८ को सम्पादन र प्रकाशन समेत गर्न भ्याएका थिए ।

वीपी कोइराला

नेपालमा प्रजातन्त्रको स्थापना एवं पुन:स्थापनाका लागि कठोर सङ्घर्ष गरेका वीपी अर्थात 'विश्वेश्वरप्रसाद' कोइरालाको जन्म वि.सं. १९७१ भदौ २४ गते भएको थियो । जहानियाँ राणा शासनको विरोधमा उनका पिता कृष्णप्रसाद कोइरालाले गरिब किसानले पहिरेको कपडा राणा प्रधानमन्त्री चन्द्रशम्शेरलाई पार्सल गरी पठाएपछि कोइराला परिवार भारत निर्वासनमा जानुपरेको थियो ।

निर्वासनमै वीपीले भारतको स्वतन्त्रता सङ्ग्राममा भाग लिएका थिए । भारत स्वतन्त्र भएपछि नेपालमा प्रजातन्त्र स्थापनाका लागि सहज हुन्छ भन्ने सोचले उनी त्यो आन्दोलनमा सक्रिय भएका थिए । भारत निर्वासनकै क्रममा जहानियाँ राणा शासनको अन्त गर्न वि.सं. २००३ मा वीपीको नेतृत्वमा नेपाली राष्ट्रिय काङ्ग्रेस स्थापना भयो । प्रजातन्त्र स्थापना नै मुख्य लक्ष्य लिएर सुवर्णशमशेरको नेतृत्वमा वि.सं. २००६ मा स्थापना भएको नेपाल प्रजातन्त्र काङ्ग्रेसका बीच एकता भएपछि वि.सं. २००७ को क्रान्ति सफल भयो ।

क्रान्तिको सफलतापछि मोहनशमशेरको नेतृत्वमा बनेको राणा-काङ्ग्रेस सरकारमा वीपी गृहमन्त्री बनेका थिए । वि.सं. २०१५ को आमनिर्वाचनमा काङ्ग्रेसले दुई तिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बनेका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गरेका थिए । प्रधानमन्त्रीत्वकालमा उनले बिर्ता उन्मूलन गरी 'जग्गा जोत्नेको हुनुपर्छ' भन्ने भूमिसुधार कार्यक्रम लागू गराएका थिए ।

वि.सं. २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइरालालगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसदका प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दीगृहमा सारियो ।

वि.सं. २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेलमुक्त भएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताए । भारतमा निर्वासित भएर प्रजातन्त्र पुनर्स्थापनाका पक्षमा संघर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठवटा ज्यान मुद्दाको पर्वाह नगरी वि.सं. २०३३ पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई स्वदेश फर्किए । उनले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक मानिन्छ ।

कोइरालाको साहित्यिक व्यक्तित्त्व

उनले नेपाली साहित्यका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक कोइरालाका डेढ दर्जन कृति प्रकाशित छन् । कोइरालाका 'तीन घुम्ती', 'मोदीआइन', 'हिटलर र

यहुदी', 'सुम्निमा', 'नरेन्द्रदाइ', एवं 'बाबु, आमा र छोरा' गरी छ उपन्यास प्रकाशित भएका छन् । त्यसैगरी दुई कथासङ्ग्रह 'श्वेतभैरवी' र 'दोषीचश्मा', हरिप्रसाद शर्माको सम्पादनमा 'विश्वेश्वरप्रसाद कोइरालाका कथा र कविता', प्रकाशित छन् ।

वरिष्ठ अधिवक्ता गणेशराज शर्मासँगको वार्तामा आधारित 'आत्मवृत्तान्त', सुन्दरीजल बन्दीगृहमा बस्दाको दैनिकीमा आधारित 'जेल जर्नल', जेल डायरी २०८१ सहित फुटकर कविता र अन्य रचना पनि प्रकाशित छन् । वि.सं. २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिई स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधै सुन्दरीजल बन्दीगृहमा लगिएपछि लेखिएको दैनिकी 'फेरि सुन्दरीजल'ले नेपालको तत्कालीन राजनीतिक अवस्थाको यथार्थ चित्रण गरेको छ ।

प्रजातान्त्रिक समाजवादका चिन्तक एवं प्रयोक्ता कोइरालाले स्वतन्त्ररूपमा चिन्तन, आयाम, परम्परा र शैली दिएर साहित्यका माध्यमबाट नेपाली वाङ्मयलाई शिखरमा पुऱ्याउन योगदान दिएका छन् । क्यान्सर रोगले वीपीको वि.सं. २०३९ साउन ६ गते निधन भयो ।

अन्त्यमा विशेष समयका विभिन्न देशका विशिष्ट व्यक्तित्वले गरेका कर्म एक अर्कालेे समाजमा पारेको प्रभाव र सम्बन्धको ऐतिहासिक अध्ययनका लागि यो कृति विश्वासिलो सामग्री हुने कुरामा दुई मत छैन ।

हरि गौतम

ओरिएन्टल पब्लिकेशन हाउस, काठमाडौं

प्रकाशकीय

प्रस्तुत पुस्तक **वीपी रेणु, मोती भारतेन्दु नेपाल भारत सेतु** प्रकाशित गर्न पाउँदा मलाई गर्व लागेको छ। उनको यो पुस्तक मेरा जीवनसाथी श्रीमान् गिरिराज आचार्यद्वारा लिखित भएकाले होला म विशेष उत्साहित भएकी छु। म उहाँको लेखनीको प्रशंसा नगरिरहन सक्दिन । किनकि उहाँले राजनीति र साहित्यमा बराबर कलम चलाइरहँदा उहाँको जीवनको एउटा पाटोमा म पनि प्रत्यक्ष अप्रत्यक्ष सहयोगी बनिरहेकी छु। मैले पब्लिक हाईस्कुल धरानमा दिनभर शिक्षिका भएर, घरमा भातभान्साको कामसमेत भ्याएर फुर्सद निकालेर, उहाँका डिका नदिएका अरूले नबुझिने अक्षरलाई राम्ररी पढेर, दस्तावेजमा सहभागी भएकी छु। ती अक्षरलाई छामेकी छु।

आज आफू साक्षी बसेको यो पुस्तकको तयारीका लागि प्रकाशकका नाताले मैले के भनिरहनु पर्ने हो र ? त्यो कुरा मैले जानिन, तर यो पुस्तक सबैले एकपल्ट पढिदिनु होला। मेरो परिश्रमबाट जोगाएको सञ्चय कोषको रकम निकाली केही फजुल खर्च नगरी यस पुस्तकको छपाइमा लगाएकी छु। हुन त यस अघि २०६४ सालमा पनि उहाँद्वारा लिखित वीपी कोइराला र राष्ट्रिय मेलमिलाप नीति पुस्तक प्रकाशित गरिदिएँ। यो पुस्तक तयार गर्नका लागि ठुलीछोरी गरिमा आचार्य काफ्ले, सानीछोरी ई. गृष्मा आचार्य भट्टराई र ठुलोज्वाइँ सुलभ काफ्ले, सानोज्वाइँ ई. ज्योतिमणि भट्टराई समेतलाई विशेष धन्यवाद दिन्छु। यसैगरी ओरिएन्टल पब्लिकेशन हाउसका प्रोप्राइटर हरि गौतमज्यूलाई पुस्तकको सेटिङ तथा शुद्धाशुद्धि सबै मिलाइ चिटिक्कको पुस्तक तयार पारिदिनु भएकोमा विशेष धन्यवाद दिन्छु।

अन्नपूर्ण मार्ग, धरान-१२/४

०२५-५२७४३८

भवदीय

नीरजा कोइराला आचार्य

विषयसूची

तिलक राई : पूर्व प्रमुख धरान उपमहानगरपालिका	क
रमा शर्मा : नेपाली शिक्षा परिषद्	ख
गोविन्द तिमिल्सिना	ग
विश्वासिलो एक सन्दर्भ सामग्री	घ
मेरा दुई शब्द	च
वीपी, रेणु, मोती र भारतेन्दुका बीच अन्तर्सम्बन्धित नेपाली समाज	ज
प्रकाशकीय	ध
परिच्छेद एक वीपी रेणु	
रेणु जी के स्मृति में	१
सान्दाजुको संस्मरण रेणु र म	२
वीपी र फणीश्वरनाथ रेणु	६
रेणु मेरो बाल्यकाल	१४
जनक्रान्तिमा तारिणी रेणुको सम्झना	१६
रेणु जन-उदय नाटकमा पात्र	१७
भारतीय पत्रपत्रिकामा रेणुबारे लेखिएका रचनाका विषयमा पाठक प्रतिक्रियामा-मेरा टिप्पणी	१९
रेणु र वीपी कोइराला	२१
नेपाली क्रान्ति कथा	२४
फणीश्वरनाथ रेणुका डायरीबाट	२८
रेणु नेपाली कथाबारे सुवासकुमार	२९
रेणुको मैला आचल उपन्यास वीपीको जेल डायरीमा (२०८०)	३०
जनक्रान्तिमा तारिणी	३२
भारतीय पत्रिपत्रिकामा रेणु बारे लेखिएकारचना बारे पाठक प्रतिक्रियमा-मेरा टिप्पणीहरू	३३
परिच्छेद दुई मोती–भारतेन्दु	
मोतीराम भट्टको प्रेरणास्रोत-भारतेन्दु हरिश्चन्द्र	४१
मोतीराम भारतेन्दु तुलनात्मक अध्ययन	४५

धर्मयुगमा भारतेन्दु संस्मरण ४९
मोतीराम भट्टकृत पञ्चक प्रपञ्चकः एक दृष्टि ५४
मोतीराम भट्ट र भक्ति परम्परा ५७
मोतीराम भट्टको जीवनी ५९
मोतीराम-भारतेन्दु सेतु ६९
भारतेन्दु मण्डली के एक अछूते नक्षत्र ७०
गोपाल पाँडे असीम एक संस्मरण ७५
नेपाली शिक्षा परिषद्को हीरकजयन्ती ७८
नेपालमा मोतीरामबारे प्रथम पि.एच.डी. ८३
धरानमा राष्ट्रिय विभूति मोतीराम भवन निर्माण ८४
मोती स्मृति भवन एवं प्रतिमा संरक्षणको आवश्यकता ९३
मोतीराम भट्ट र नेपाली साहित्यको विकास ९५
धरानमा राष्ट्रिय विभूति मोतीराम भट्टको प्रतिमा स्थापना मोती भवन निर्माणको विवरण ९७

परिच्छेद तीन विविध साहित्य

भाषा चर्चाका सन्दर्भमा नेपाली हिन्दीको विश्लेषण १०३
भारतमा नेपाली भाषाको मान्यताबारे चर्चा १०७
वीपीको हिन्दी साहित्यमा प्रभाव १०९
भारतीय वरिष्ठ साहित्यकार विष्णु प्रभाकरका केही पत्र ११५
कलकत्ता हाईकोर्टका पूर्व जज भेटघाटको सन्दर्भमा रामकृष्ण शर्मा ११९
बुढासुब्बादेखि गोरखपुरसम्म १२३
बटुकप्रसाद भट्टराईबारे सम्झना १२६
२३ नोभेम्बर सत्यसाईको जन्म जयन्ती १३१
वीपीका कविताको कोशी कौशिकीमा यात्रा १३५
वीपी साहित्यका अराजकतावादी १४४

परिच्छेद चार पारिवारिक खण्ड

बासँगका केही संस्मरण १५३
टंकप्रसाद आचार्यको निधनमा शोक विज्ञप्ति १५६
धरानमा उद्योगका प्रथम पाइनियर कुलप्रसाद १५८
धनकुटा गौंडा राणाकालीन दौडाहासँग जो झुक्न मानेनन् १६३

धनकुटादेखि पटनासम्मको पोके व्यापार १६७
कवि कालिकाप्रसाद आचार्य-एक चिनारी १७२
शंकर लामिछानेका बहिनी ज्वाइँ मेरो काका १७९
झापाका क्रान्तिकारी गभर्नर भैरवप्रसाद आचार्य १८४
सुब्बा भैरवप्रसादमाथि धरानमा आक्रमण १९०
राणाकालमा जनताका घरमा नाटक १९३
धनकुटा सिबुवा पानधुरेको लक्ष्मीपूजा नाटक १९३
हाम्री ठूलदिदी सुभद्रा/सावित्री एक चिनारी १९७
मेरो सम्झनामा बुवा आमा २०७
परिच्छेद पाँच प्रतिबन्धित साहित्य
जन-उदयलाई सरसर्ती हेर्दा २१९
जन-उदय नाटकका यी पक्ष २२१
जन-उदय नाटकको विमोचनमा धरपकड २२५
गिरिराजजी, तपाईकी रजनीलाई मैले यसरी चिनें २२७
मेरी रजनीभित्र २३०
मेरी रजनी कवितासङ्ग्रह पुस्तक परिचय २३२
नेपालमा साहित्यकारको शोषण २३४
तुलसा उपन्यासबारे चर्चा २३८
जन-उदय नाटकको भूमिका २४१
हवाईपत्र कवितासङ्ग्रह २४६
गिरिराज आचार्य बायो डाटा २४८
वेश्यालयकी तुलसाले दिएका सामाजिक सन्देश २५४
नारी जागरणका दिशामा तुलसा २५९
विस्थापित यौवनको भूमिका २६२
गिरिराज आचार्यका कृतिको अध्ययन २६५
परिच्छेद छ चिट्ठीपत्र
भारतेन्दुका पनाति प्रो. गिरिश्चन्द्रका पत्र ३४१
कमलमणि दीक्षितको पत्र ३४६
टीकाराम उपाध्यायको पत्र ३४८
भवानी भिक्षुका पत्र ३५१

मदनमणि दीक्षितका पत्र ३५५
हिन्दी साहित्यका गिरिश्चन्द्रका पत्र ३५८
डा. शर्माका नारी पात्रको मनोविज्ञान तथा अस्तीत्ववादको सन्दर्भमा ३६५
सी.के. प्रसाईंको चिट्ठी ३७०
सुनसरीको पहिलो कांग्रेस संगठन ३७२
खाने पानीमा कुलप्रसाद सिद्धान्त ३७८

गिरिराज आचार्यका जीवनका महत्त्वपूर्ण स्मरणहरूको अभिलेख ३८३
परिशिष्ट ४७९

परिच्छेद एक
वीपी रेणु

हिन्दी कविता

रेणु जी के स्मृति में

रेणुजी
मेरे प्रिय रेणुजी
वरसों वीत गया
जैसे आज लगता है
आपको कभी देखा भी नहीं
आपको सुना केवल पढा
नजदीक से नहीं दूर से देखा
आप के क्रान्ति के संवाहक बने
नजाने कब आप ने बिगुल फोंक दिया
और यहाँ क्रान्ति का विस्फोट हो गया
मेरे मन में आपका तार जुड गया
में आपको झाक्ने लगा
कभी दिनमान में कभी धर्मयुग में
अब आप नहीं रहे
में झाक रहा हूँ
आपके पग चिन्ह पर
कोशी की बरसों को याद समेटकर

(रेणजी की तिसरी पुण्यतिथि १९८० अप्रिल)
प्रमदा वर्ष १, अङ्क १, २०५०,
नेपाल साहित्य संघ,
सुनसरी शाखा)

* * *

सान्दाजुको संस्मरण रेणु र म

विश्वेश्वरप्रसाद कोइराला

भारतीय हिन्दी साहित्यका सुप्रसिद्ध कथाकार एवं उन्यासकार फणीश्वरनाथ रेणु सान्दाजुका अत्यन्त घनिष्ट साहित्यिक एवं राजनीतिक मित्र हुनुहुन्थ्यो। जुनबेला रेणु पटना अस्पतालमा मृत्युको मुखमा हुनुहुन्थ्यो त्यसबेला सान्दाजु नेपालको जेलमा हुनुहन्थ्यो। रेणुको मृत्यु भएको केही दिनपछि मात्र उहाँलाई रेणुको दु:खद् मृत्युबारे थाहा भयो, यसबाट उहाँ अति चिन्तित हुनुभयो। ८ जून १९७७ मा श्री ५ महाराजाधिराजका अनुकम्पाबाट उहाँ अमेरिकातर्फ जाँदा उहाँले रेणुबारे एउटा छोटो संस्मरण विशेष गरी भारतीय जनताका लागि बुझाउने गरी लेखिएको भएतापनि नेपाली साहित्य जगतमा पनि यस संस्मरणलाई सामयिकदेखि हिन्दीबाट अनुवाद गरी प्रस्तुत गरेको छु। सं. १९३७ को कुरा हो, महिना मलाई याद छैन। म मेरी धर्मपत्नी सुशीलालाई साथमा लिएर आफ्नो घर विराटनगर (नेपाल) गइरहेको थिएँ। हाम्रो भरखरै नयाँ विवाह भएको थियो। हामी कटिहारबाट जोगवनीतर्फ जाने गाडीमा सफर गरिरहेका थियौं। भीषण वर्षा भइरहेको थियो। जव स्टेसनबाट गाडी खुल्यो तब एक किशोर हाम्रो डिब्बाको बाहिर डन्डी पक्रेर सिँढीमा उभिरहेको देखें गाडी वेगसँग स्वाँऽ स्वाँऽ गर्दै दौडिरहेको थियो। त्यो युवक चाहिँ भिजेर पानी पानी भइरहेको थियो। हाम्रो डिब्बा सेकेन्ड क्लासको थियो (त्यसबेलाको राजसी सेकेन्डक्लास) त्यस डिब्बामा केवल हामी लोग्ने स्वास्नी मात्र थियौं। हामी दुवै कुन दोधारमा थियौं भने त्यस नितान्त अपरिचित व्यक्तिलाई डिब्बा भित्र पस्न दिऊँ कि नदिऊँ के त्यो फक्कड त होइन ? हुनसक्छ त्यो चोर होस् र हामीलाई एकान्तमा पारेर हत्या गरेर हाम्रो सामान लिई कुलेलम ठोकोस् तर सुशीलाको मन थामिन सकेन र उनले त्यस अवस्थामा दया गरेर डिब्बाको ढोका खोलिदिइन्। भित्र पस्नासाथ ऊ केवल दुई प्राणी लोग्ने स्वास्नीलाई मात्र देखेर लाजले भुतुक्क भई सीटमा बस्न अनकनाइरह्यो तर बारबार हामीले बस्ने अनुरोध गरेपछि मात्र ऊ एउटा सीटमा लुसुक्क बस्यो। सुस्थिर भएपनि उसले आफ्नो परिचय दियो र हाम्रो परिचय माग्यो। पारस्परिक परिचय आदानप्रदान पछि ऊ हामीसँग यति रित्तियो कि हामीसँग विराटनगर नै आयो। बिराटनगर आएर ऊ हाम्रै घरमा बस्न थाल्यो। ऊ थियो हिन्दीको यशस्वी कथाकार - फणीश्वरनाथ रेणु।

रेणुले मलाई सान्दाजु भन्थ्यो । नेपालीमा सान्दाजुको अर्थ हुन्छ ठुलो दाजुभन्दा मुनिको तर आफू भन्दा माथिको । हामी पाँच भाइमा मातृकाप्रसाद कोइराला जेठा हुनुहन्छ । हामी अनुज उहाँलाई ठुल्दाजु भन्छौं । उहाँबाट मुनिको म हुँ र अन्य तीन भाइभन्दा म ठुलो भएकोले उनीहरूका अगाडि म उनीहरूको सान्दाजु बने ।

बिराटनगर मेरो बुबा (कृष्णप्रसाद कोइराला नेपालको गान्धी मानिनुहुन्थ्यो र सबै प्रायश: उहाँलाई पिताज्यू भन्थे) ले एउटा स्कुल खोल्नुभएको थियो जो नेपाल तराईको सर्वप्रथम स्कुल थियो । त्यसै स्कुलमा रेणु पनि दाखिला भयो र उसको प्रारम्भिक शिक्षा उही भयो । मेरो एक सानो भाइ तारीणीप्रसाद कोइरालासँग रेणुको खुब पट्थ्यो । । दुवैमा साहित्यप्रति चाख थियो । दुवै साहित्यका रसिक प्रेमी छिटपुट केही लेखिरहन्थे । त्यसबेला तारीणीप्रसादको उमेर १५ वर्षको थियो र रेणु पनि समवयस्क नै थियो । त्यस बेलादेखि नै एक समयको नितान्त अपरिचित किशोर रेणु कोइराला परिवारको एक अभिन्न सदस्य जस्तो भयो र जीवन पर्यन्त रह्यो ।

रेणु हिन्दीको मात्र नभएर बंगाली साहित्यको पनि मनोयोगी र रसग्राही पाठक थियो । त्यसबेला उ विशेषता सतीनाथ भादुडीको तडक भडकपूर्ण क्रान्तिकारी राजनीतिक रचनाप्रति बढी आशक्त थियो । उसैले मलाई सतीनाथजीसँग भेट गरायो र उनका रचना पढाएर रसास्वादन गरायो । मेरा केही रचना हिन्दी मासिक हंस(त्यसबेलाका सम्पादक प्रेमचन्द्रसँग मेरो परिचय थियो) र नेपाली मासिक शारदा (काठमाडौं) म छापिइसकेको थिए । रेणु मेरो साहित्यिक सहायक बन्यो । पछि उसले मेरा केही नेपाली कथालाई हिन्दीमा पनि अनुवाद गऱ्यो । पटनाबाट रामवृक्ष वेनीपुरीद्वारा सम्पादित मासिक हिमालयमा मेरो एउटा नेपाली कथालाई हिन्दी अनुवाद गरेर रेणुले प्रकाशित गऱ्यो । तर सबैभन्दा माथि रेणु मेरो सानोभाइ थियो । उसको क्रान्तिकारी प्रवृत्ति र अन्याय तथा दमनको विरोध गर्ने उग्रता मेरो जस्तो नै थियो । उसको विचार मेरो विचारजस्तो लाग्दथ्यो । वास्तवमा ऊ मेरो नै थियो ऊ स्वतन्त्रताको प्रचण्ड योद्धा थियो । नेपालमा प्रजातन्त्रका हाम्रा

संघर्षमा उसले हामीसँग काँधमा काँध मिलायो । राणा शासकलाई अपदस्थ गर्ने विचारले नेपाली काङ्ग्रेसले १९५० मा सशस्त्र क्रान्ति छेडेको थियो । त्यसमा रेणु पनि सामेल भयो र मुक्ति सेनाको फौजी पोसाकमा मेरा साथमा बन्दुक लिएर मोर्चामा कुद्‍यो । क्रान्तिका समयमा उसले नेपाली काङ्ग्रेसको प्रचार प्रकाशन तथा बिराटनगरबाट स्थापित एक गैरकानूनी आकाशवाणीको संगठनमा महत्त्वपूर्ण भूमिका निर्वाह गऱ्यो ।

सन् १९३५ देखि जब रेणुसँग मेरो परिचय भयो । त्यसबेलादेखि हामी घनिष्ट नै रह्यौ । यद्यपि बीचबीचमा हाम्रो सम्पर्क टुट्‍यो । डिसेम्बर १९७६ का आठ वर्षको निरन्तर आत्म निर्वासन पछि म स्वदेश फर्कने तयारीमा थिए । त्यसै शिलशिलामा म पटना पुगें जहाँबाट ३० डिसम्बर मेरो काठमाडौं फर्कने कार्यक्रम निश्चित भइसकेको थियो । काठमाडौं जानु भन्दा अगाडि म रेणुसँग भेट गर्न चाहन्थें । पटनामा आफ्ना केही साथीसँग उसका बारे सोद्धा मलाई थाहा भयो ऊ एक स्थानीय अस्पतालमा उपचारका लागि दाखिल भएको छ । त्यसबेला रातको दस बजेको थियो, म हतारमा त्यसैबेला उससँग भेट्न त्यस अस्पतालतर्फ दौडें । यस्तो कुसमयमा रोगीसँग भेट्न अनुचित हुन्छ । यो थाहा थियो तर भोलिपल्ट काठमाडौंका लागि प्रस्थान गर्नुथियो । यसैले रेणुलाई भेट्न समय टार्ने गुन्जायस नै थिएन ।

अस्पतालमा शय्या लीन रेणुलाई देखें । उनी एक कङ्गाल बनेका थिए । डाक्टरले बताए उनी यस्तो ज्यान लिने रोगबाट ग्रस्त छन् तर मैले लाख मनाही गर्दा पनि रेणु उठेर मेरो खुट्टा छोएर सुत्यो र केही हराएको चीज पाए जस्तो भएर खुशीले गदगद भयो । उसले भन्यो 'म बिमार छु, अब फिलहाल त तपाईंलाई सहयोग गर्न सक्तिनँ तर, म छिट्टै स्वस्थ भएर सारनाथमा गएर सुशीला भाउजुसँग बस्नेछु र उहाँको सेवा गर्नेछु ।' तब त्यहाँ उपस्थित दुई चारजना युवकसँग परिचय गराउँदै उसले भन्यो 'तपाईहरूले कोइरालाबाट प्रेरणा लिनुपर्छ किनकि हामी आफ्ना राजनीतिक अधिकारका लागि संघर्षमा मर्नदेखि डराउँछौं उता कोइराला हुनुहुन्छ र त्यस संघर्षको अस्त्र उठाएर मृत्युको आह्वान स्वीकार गरेर काठमाडौं जाँदै हुनुहुन्छ' उसले भन्यो भने मेरा सबै लेखलाई हिन्दीमा अनुवाद गर्ने उसको अभिलाषा रहेको छ । यहाँ एउटा कुरा बताइदिइहालुँ उसले मेरो एक नेपाली उपन्यास नरेन्द्र दाइको हिन्दी अनुवाद गरिरहेको थियो र त्यसका प्रकाशनको व्यवस्था गर्दागर्दै आपतको स्थिति लागू भयो ।

मईको अन्तमा राजकाज अपराध कानुनका मातहतमा आरोपित केही अभियोगमा जब मलाई सर्वोच्च अदालतमा पेस गरियो तब त्यही मलाई दिनमानको एकप्रति अकस्मात प्राप्त भयो जुन आवरणमा रेणुको तस्वीर छापिएको थियो । तस्वीर हेर्दै मैले त्यो अङ्क लम्केर उठाएँ तर जब समाचार पढें तब सन्न भएँ । त्यो रेणुको मृत्युको विषयमा थियो, उसका मृत्युबाट मलाई लाग्यो मेरो ठुलो बस्तु हरायो । कुनै अर्को समय भएको भए म मौन रहेर झेल्न सक्थे तर म अदालतमा थिएँ जहाँ मैले आफ्नो सफाइ दिनुथियो र सरकारी वकिलको बहस पनि सुन्नु थियो । मलाई जबर्जस्ती प्रकृतिस्थ हुनुपर्‍यो । कोही पनि अनुमान लगाउन सक्छन् कि यसका लागि कतिसम्म आत्मसंघर्ष गर्नुपरेको छ ।

मेरा लागि रेणु मरेका छैनन्, उनी मेरो हृदयमा जीवित छन्, हामी कोइराला परिवारको हृदयमा जीवित छन्, हामी प्रजातन्त्रका सबै नेपाली र भारतीय सिपाहीका हृदयमा जीवित छन्- रेणु मरे तर रेणु जिउँदा छन् आफ्नो जिन्दगीका लागि आफ्ना क्रान्तिकारी विचारका लागि तानाशाहका विरुद्धमा संघर्षका लागि जिजीवीषाका लागि आफ्ना सुरक्षाका लागि ।

* * *

वीपी र फणीश्वरनाथ रेणु

भारतका प्रख्यात क्रान्तिकारी साहित्यकार एवं क्रान्ति सेनानी फणीश्वरनाथ रेणुको नेपाली जनक्रान्तिमा ठुलो भूमिका रहेको थियो । तर यिनी भारतीय भएकाले होला २००७ सालको क्रान्तिको इतिहास हेरेको खण्डमा फणीश्वरनाथलाई कहीँ पनि देखिँदैन । तैपनि इतिहास कसैको पनि मरेर जाँदैन । त्यो जीवन्त रहन्छ, समयको अन्तरमा त्यसलाई चिनाउँछ ।

फणीश्वरनाथ रेणु बंगाली मूलका भारतीय नागरिक हुन् । २००७ सालको जनक्रान्तिमा कुनै नेपाली वीरभन्दा यिनी विल्कुल अलग रहेनन् । जसरी भारतको स्वतन्त्रता संग्राममा वीपीले भारतीयलाई साथ दिनुभयो त्यसरी नै रेणुले नेपालीलाई ऋण लगाएर जानुभयो । रेणु हिन्दी साहित्यका यजस्वी कथाकार पनि हुन् । साथै भारतीय स्वतन्त्रता सेनानी एवं समाजवादी चिन्तक कार्यकर्ताका रूपमासमेत उनले परिचय पाए । उनी मूलतः साहित्यकार हुन्, त्यसपछि राजनीतिज्ञ । नेपाली माटोमा उनी जनक्रान्तिका योद्धा, पत्रकार एवं लेखकको रूपमा नेपालीले चिन्न सक्छन् । उनले नेपाली भाषामा लेखनन् लेखे त हिन्दीमा एउटा पुस्तक जो नेपालीका लागि छाडेर गए । त्यो पुस्तक हो- नेपाली क्रान्ति कथा । नेपाली क्रान्ति कथा हिन्दीमा लेखिएको नेपालको इतिहासमा नसमेटिएको एउटा जीवन्त कथा हो । जो नाटकीय शैलीमा प्रस्तुत गरिएको छ ।

महाभारतमा सञ्जयले अन्धा धृतराष्ट्रलाई कुरुक्षेत्रको वर्णन सुनाएजस्तै उहाँ सञ्जयरूपी फणीश्वरनाथ रेणुले नेपालीलाई आफूले बसेको आफ्नै माटाको क्रान्तिको कथा लेखेका छन् । जुन पढ्दा रोमाञ्चित नहुने केही हुँदैन । मानौं, नेपाली क्रान्तिको आफ्नै माटोको कथाको आँखो देखाहाल भनेजस्तै गरी फणीश्वरनाथले भन्दैछन् - यसरी फणीश्वरले जिउँदै क्रान्तिको गीत गाएर मरे भने मरेर गएपछि आफ्नो लिखित इतिहास नेपाली क्रान्ति कथा छोडेर गएका छन् । फणीश्वरको निधनपछि मात्र यो १९७७ मा प्रकाशित भएको हो । आज फणीश्वरनाथ छैनन् तर उनको जिउँदो पात्र सुनाउनु ब्युँझेका छन् । फणीश्वरनाथले हिन्दीमा लेखे पनि कथावस्तु, कथाको स्थान, देशकाल परिवेश सबै नेपाली माटोको भूमिमा केन्द्रित छन् । जस्तो कि पिरती भन्ने कथामा सप्तकोशीको सम्झना समेटिएको छ । रेणु लेख्छन्-‘परती सैकडौं वर्षे से पडी हुई धरती पर पैदा होते थे । यहाँका कोशी

अञ्चल हरसाल लाखौं प्राणों कि बलि लेती थि कोशी महारानी ।' हिमालय की गोद से अरूण, तमर और सुनकोशी ये तीन धाराएँ निकलकर बराहक्षेत्र के पास मिलजाती है, त्रिवेणी । त्रिवेणी के वाद सप्तकोशी । फिर कोशी डायन ।'

कोशी नेपाल र भारतको समस्या हो जो वर्षेनी हजारौं परिवारलाई बेघर बनाउँछ, त्यसको विनाशलीलाको कथाका छटा फणीश्वरनाथका कथामा आउने विषयवस्तु हुन् । परती कथामा कोशी अञ्चल अस्पतालको पनि चर्चा रहेको छ ।

नेपाली क्रान्ति कथामा नायक रेणुले २००७ सालको जनक्रान्तिमा विराटनगर मोर्चाबाट लडेका थिए । जसको जीवन्त इतिहास कोइराला निवास विराटनगर बनेको छ, जसले वीर सपुत मात्र जन्माएन, अरूका सपुतलाई पनि वीर बनायो । त्यसमध्येका रेणु पनि एक हुन् । रेणु बङ्गाली मुलका हुन्, उनको थर पहिचान बनेन । बरू रेणु उपनाम पहिचान बन्यो । फणीश्वरनाथ कोइराला परिवारको एक सदस्य जस्तै रहेका थिए । जसको लालनपालन, शिक्षादीक्षा कोइराला निवासमा भएको थियो । उनी वीपी कोइरालाका शिष्य जस्तो र तारणीप्रसाद कोइरालाको लगौंटिया यार रहेको थिए । वीपीसँग रेणुको पहिलो परिचय सन् १९३७ मा भएको थियो । जसको सम्भना ताजा राख्दै वीपीले १९७७ मा रेणुको निधनपछि हिन्दीमा संस्मरण लेख्नुभयो । (रेणु और मै वीपी-दिनमान) जसमा उहाँ र सुशीला कोइराला विराटनगर घर फर्कने क्रममा कटिहारबाट जोगबनीतर्फ आउँदै हुनुहुन्थ्यो ।

जुन डिब्बामा उहाँहरू हुनुहुन्थ्यो, त्यही डिब्बामा अचानक रेणुको प्रवेश हुन्छ । त्यसपछि परिचय र त्यो क्रम जोगवनीमा आइपुग्दा रेणु वीपीसँग पुर्ण भिज्नु हुन्छ र वीपी पनि रेणुबाट प्रभावित बन्नुहुन्छ र घर लागेका रेणु वीपीसँगै कोइराला निवास पुग्नुहुन्छ । कोइराला निवासमा रेणु पुगेपछि यसरी जीवनपर्यन्त कोइराला निवासको अभिन्न अङ्ग बन्नुहुन्छ उहाँ । उहाँले विराटनगरमै आदर्श विद्यालयमा अध्ययन गर्न थाल्नुभयो । कोइराला परिवारका सदस्य सँगसँगै उहाँको जीवन प्रारम्भ भयो । जसको बारेमा रेणुले लेख्नुभयो छ -मेरो बाल्यकाल विराटनगर (नेपाल) को कोइराला निवासमा बित्यो । अर्थात् कोइराला परिवारमा मेरो लालनपालन भयो । पिताजी (कृष्णप्रसाद कोइराला) नेपालको क्रान्तिकारी मानिनुहुन्थ्यो । उहाँले आफ्नो परिवारलाई आफ्नो आदर्शअनुसार सङ्गठित गर्नुभएको थियो । कोइराला निवासमा त्यही नियम कानूनप्रचलित हुन्थ्यो । जो अन्य आश्रममा मान्य थियो । आफूभन्दा ठुलोसँग हामी कसैले पनि नराम्रो व्यवहार गर्न सक्दैन थियौं, चाहिँ त्यो

गोठालो नै किन नहोस्, प्रार्थनाको पहिलो पंक्ति थियो-'तेरे ही जलवे से जंग के कर्ता ये वागे आलम मंहक रहा है' परिवारमा प्रत्येक सदस्य आफूलाई स्वयंसेवक सम्झिन्थे । एउटा दैनिक (हस्त लिखित) बुलेटिन र अङ्ग्रेजी हिन्दी नेपालीमा निक्लिन्थ्यो । जसमा निवासको खबरबाहेक निवासमा आए गएका अतिथिको सम्बन्धमा जानकारी र बजारभाउ प्रकाशित हुन्थ्यो ।

यद्यपि यी सारा कुराबाहेक पनि निवासमा दुईवटा यस्ता प्राणी थिए । जसलाई निवासका कैयौं नियम तोडेका आरोपप्रत्यारोप लागिरहन्थ्यो । तारिणीप्रसाद कोइराला र फणीश्वरनाथ रेणुको नाम कालो रजिष्ट्ररमा दर्ता गरिएको हुन्थ्यो । किनकि दुवै बिहान ९ बजेसम्म सुतिरहन्थे । आमा र पिताजीले हाम्रो यो आदतलाई छुटाउने धेरै प्रयत्न गर्नुभयो । हाम्रो सामाजिक बहिस्कारसम्म गरियो । सारा निवासका निवासी र बाहुनका अगाडि हामीलाई लज्जित गरिन्थ्यो । निवास बुलेटिनमा हामी उपर आरोप लगाइयो । हाम्रो व्यङ्ग्य चित्र छापियो । हामीलाई गाली गरियो । फेरि पनि सहानुभूति जगाउने खालको तरिका पनि प्रयोग नगरिएको होइन ।

एकपल्ट आमाले पिताजीको सामु हामी दुवैलाई बोलाएर बडो प्यारसँग भन्नुभयो -ठीक छ, अबदेखि तिमीहरू जतिबेलासम्म मन लाग्छ सुत । तिमीहरू दुवैमा पहिलो को उठ्छ हेरौं ? भोलिदेखि एउटा काम गर, सबैभन्दा पहिला उठेर क्यालेण्डरको तारेख र दिनेवाला कार्ड कसले बदलिदिन्छ यो हेर्नुछ । एक हप्तामा जसको ज्यादा नम्बर आउँछ, त्यसलाई हरहप्ता एउटा सुन्दर पुरस्कार दिइनेछ बुझ्यौं ? हामी दुवैले आज्ञाकारी बालकले जस्तै शिर झुकाएर प्रस्तावलाई स्वीकार गऱ्यौं र आफ्नो कोठामा गयौं । तर रातको ठीक १ बजे जब म बैठक कोठामा भित्तालाई हेर्न थालें । त्यही बेला केही आवाज आयो । आमाले आफ्ना कोठाबाट नै सोध्नुभयो को हँ ? हजुर म रेणु तारेख र दिन बदल्दैछु । एकक्षणको मौनतापछि पिताजीका कोठामा उहाँको उन्मुक्त हाँसो छुट्यो । यसपछि सबै प्राणी उठेर सबैको बीचमा शिर झुकाएर म उभिएका थिएँ र आमाले मलाई हप्काइरहनु भएको थियो । उता आँखा मिच्दै तारिणी मेरो तरफदारी गर्दै बहस गर्ने चेष्टा गर्दै थियो । आमा, नयाँ दिन र नयाँ तारखि र बाह्र बजे र एक मिनेट पछि नै शुरू.........। आमाले फर्किएर भन्नुभयो -चुप लाग । भोलि बिहान तिमीहरू दुवैको नास्ता बन्द, तिम्रो बोलचाल बन्द र तारेख बदल्न पनि बन्द ।

यसप्रकार फणीश्वरनाथ रेणुको राजनीतिक जीवन पनि कोइराला निवास विराटनगरबाटै प्रारम्भ भयो। छात्र जीवनबाट नै उहाँले राजनीतिमा प्रवेश

गर्नुभयो । उहाँको राजनीति समाजवादी कार्यकर्ता वीपी कोइरालाको तालिमबाट प्रारम्भ भएकाले समाजवादी नेता जेपीसँग सम्पर्क भयो र १९४२ को भारत छोडो आन्दोलनमा उहाँ जेल जानुभयो । भारत छोडौं आन्दोलनमा पाँच वर्ष जेल बसेपछि उहाँ नेपालको जनक्रान्तिमा भाग लिन वीपीसँगै तयारीमा लाग्नुभयो । २००७ सालको क्रान्तिमा रेणुले तारणीप्रसाद कोइरालाद्वारा आजाद रेडियो नेपालमार्फत कार्यक्रम प्रस्तोताको रूपमा काम गर्नुभयो । रेणुलगायत नेपाली युवालाई भारतीय समाजवादी नेता भोला चटर्जी, सैनिक तालिम प्राप्त प्रशिक्षक हुनुभएकाले विराटनगरमा तालिम दिनुभयो ।

फणीश्वरनाथ रेणुले विराटनगर मोर्चाबाट नेपाली काङ्ग्रेसको प्रचारप्रसार हेर्नुहुन्थ्यो भने प्रजातन्त्र रेडियोको कार्यक्रम उत्पादकको रूपमा कार्य गर्नुहुन्थ्यो । जस्तो उहाँ त्यो बेलाको वर्णन गर्दै नेपाली क्रान्ति कथामा लेख्नुहुन्छ -'यहाँ प्रजातन्त्र नेपाल रेडियो है एक विशेष संवाद सुनिए-आज सुवह आठ बजे कोशी नदी के कुशहाघाट पर जमकर लडाइँ हुई है' (नेपाली क्रान्ति कथा फणीश्वरनाथ रेणु) स्मरण रहोस् कुशहाघाटमा नै राणा फौजले मुक्ति सेनाका कमाण्डर कुलदीप झालाई शहीद बनायो । तब प्रजातन्त्र रेडियो गुञ्जियो । 'भारत नेपाल मैत्री अमर हो....नेपाली प्रजातन्त्र जिन्दावाद, डाक्टर कुलदीप झा सलाम्...........सलाम्....सलाम्....... ।' डा.कुलदीप झा पूर्णियाँ जिल्लाका हुनुहुन्थ्यो । उहाँले पनि फणीश्वरनाथ रेणुसँगै क्रान्तिमा भाग लिनुभयो र नेपाल आमालाई आफ्नो रगतको बली दिएर नेपालीको मुक्तिका लागि हाँसी-हाँसी गोली खानुभयो । उहाँको लासलाई नेपाल भारत सीमाको जोगवनी दसगजामा दाहसंस्कार गरियो । त्यहाँ अहिले डा.कुलदीप झा स्मारक रहेको छ । प्रजातन्त्र नेपाल रेडियोले दिनमा ३ पटक समाचार दिन्थ्यो भने अरू बेला गीत, लोकगीत, रिपोर्ताज प्रशारण गर्थ्यो । यो नेपाली नेवारी, हिन्दी र अङ्ग्रेजीमा प्रसारित गरिन्थ्यो ।

यसप्रकार भारतीय योद्धा फणीश्वरनाथ रेणुले नेपाल जनक्रान्तिमा आफूलाई होमिएर जुन गुण नेपाली जनतालाई लगाए । त्यो गुण नेपाली जनताले बिर्सेका छैनन् । फणीश्वरनाथ रेणुले सन् १९५० को जनक्रान्तिमा पछि सन् १९५५ तिर पटनाको आकाशवाणीमा काम गर्नुभयो । त्यसपछि उहाँ राजनीतिमा भन्दा बढ्ता साहित्य सृजनामा लाग्नुभयो । जसको कारणले आज उहाँलाई प्रेमचन्द्र पछिको उत्तराधिकारीका रूपमा हिन्दी साहित्यले सम्मान गरेको छ ।

फणीश्वरनाथ रेणु त्यसपछि सन् १९७४ मा मात्र राजनीतिमा पुनः सक्रिय रहनु भयो । त्यो बेला पटनामा जयप्रकाश नारायणले शान्तिपूर्ण आन्दोलनको प्रारम्भ गर्नुभएको थियो । जसलाई पछि सम्पूर्ण क्रान्ति भनियो र त्यसैक्रममा १९७५ म इन्दिरा गान्धीले भारतमा इमर्जेन्सी लगाएपछि रेणुले पनि विराटनगरमा भूमिगत जीवन बिताउनुभयो । रेणुले जीवनको क्रममा १९४२ (भारत), १९५० (नेपाल) तथा १९७५ मा पुनः भारतमा सक्रिय राजनीति गर्नुभयो तर उहाँ राजनीतिमा भन्दा साहित्यमा सफल हुनुभयो ।

१९७६ डिसेम्बर ३० मा वीपी कोइराला मेलमिलाप नीति लिएर नेपाल फर्किने क्रममा पटना पुग्दा फणीश्वरनाथ रेणु २८ डिसेम्बरको रात १० बजे हस्पिटलमा भेट्न पुग्नुभयो । मृत्युशैय्याबाट रेणुले वीपीलाई तपाईसँग नेपाल जान पाइनँ, तपाईंलाई साथ दिन पाइनँ भनेर रुनुभयो । वीपीले त्यो बेला रेणुलाई सम्झाउँदै थुम्थुम्याउनु भएको थियो । वीपीले रेणुलाई सान्दाजु नै भन्ने गर्थे । तारिणी, केशव तथा गिरिजाबाबुको दाजु भएकाले । वीपी र फणीश्वरनाथको सम्बन्धमा दाजुभाइकै रूपमा रेणुलाई हेर्नुभयो । त्यसैले ११ अप्रेल १९७७ म जब रेणुको निधन भएको खबर वीपीले सुन्नुभयो - उहाँले 'रेणु र म' नामक संस्मरण दिनमानमा प्रकाशित गराउनुभयो ।

रेणुको निधनमा गहिरो शोक व्यक्त गर्दै रेणुकोबारेमा सप्तरीका बुद्धिजीवी पत्रकार अधिवक्ता रामनारायण देवले यसरी मूल्याङ्कन गर्नुहुन्छ, उहाँ नेपालको राजनीतिमा मात्र सक्रिय रहनुभएन नेपाली साहित्यको विकासमा केही मात्र कलम चलाउनु भएको थियो । रेणुलाई हिन्दी मैथिली र नेपाली भाषा माथि समान दख्खल थियो । मैथिलीमा उहाँले धेरै चर्चा गर्नुभएको छ । सन् १९७१ मा उहाँ अररिया विधानसभा क्षेत्रबाट विधायकका लागि चुनाव लड्नुभएको थियो तर दुर्भाग्यबस पराजित हुनुभयो । भारत र नेपालमा प्राय: बौद्धिक साहित्यिक व्यक्तित्व कमै सफल देखिन्छन् । त्यो नेपालको राजनीतिमा देखिएको छ । रेणुले विराटनगरमा बसेर शिक्षा-दीक्षा ग्रहण गरी नेपाली साहित्यको औधी सेवा गर्नुभएको थियो । एक मित्र राष्ट्रको व्यक्तिले नेपालको राजनीति र साहित्यमा गरेको सेवालाई हामी संकीर्ण मानसिकताका नेपालीले कदर गर्न सकेनौं ।

वास्तवमा रामनारायण देवीले ठीकै भन्नुभएको छ- राजनीति र साहित्यको बारेमा आफ्नै स्वदेशी कर्मीलाई त हामीले मूल्याङ्कन गर्न सकेका छैनौं भने विदेशीको त कुरै छोडौं । हामीले कोशिश जारी राख्नुपर्छ । निर्मोही व्यास त

रेणुको जन्मस्थानसम्म साहित्यिक तीर्थाटनका रूपमा पुगेर उहाँलाई श्रद्धाञ्जलि मात्र अर्पण गर्नु भएन बरू पुस्तकमा औराही का राही भनेर बेग्लै संस्मरण यात्रा लेखेर उहाँप्रति सम्मान एक आस्था प्रकट गर्नुभएको छ। उहाँ रेणुको बारेमा यसरी लेख्नुहुन्छ, रेणुका प्रायः पुस्तकमा र फुटकर कृतिले अझ खोज गरी भैलो, आँचल, वन, तुलसीको गन्ध, नेपाली क्रान्ति कथा र तिसरी कसमले त मलाई मोहिनी नै लगाइदिएका छन् ।

मैले पहिलोचोटी ती कृति कहिले पढें म सम्झन सक्दिनँ तर पुरै विस्मृत भएर, चुर्लुम्म डुबेर अनगिन्ती पहर पढेको र आफू तत्स्थानमा पुगेको तिनका पात्रसँग एकाकार भएर हाँसेको, रोएको, नाँचेको, गाएको, हौसिएको, रौसिएको, रन्थनिएको, फुर्फुरिएको, मुर्मुरिएको, पुरै तिनीहरूकै रङमा रङ्मगिएको कुरा म गर्वकासाथ भन्न सक्छु । त्यसो भए पनि रेणु गाउँ जाने साइत चाहिँ मलाई बल्ल यसपालि जुर्छ । अचम्म होइन त ? सायद यदी ठुलो श्रद्धा र सम्मान कमै नेपाली लेखकले गरे होलान् ।

वीपीले संस्मरणमा लेख्नुभयो-“मेरो लागि रेणु मरेका छैनन्, उनी मेरा हृदयमा जीवित छन्, हामी कोइराला परिवारको हृदयमा जीवित छन् । हामी सबै प्रजातन्त्रका सबै नेपाली र भारतीय सिपाहीका हृदयमा जीवित छन । रेणु मरे तर रेणु जिउँदा छन् ।”

रेणुका लागि कोइराला परिवार आधा घर थियो । त्यसैले बेलाबेलामा रेणुले वीपीसँग नेपालको नागरिकता दिलाई दिनुहोस् । म नेपालमै बस्छु भनेका थिए । यति प्रेम थियो नेपालप्रति रेणुको । त्यसैले क्रान्ति कथामा लेख्छन्-“नेपाल मेरी सानो आमा, नेपाल मेरी मौसी आमा, मेरा नमन ग्रहण करो ।”

वीपीले रेणुलाई लेखेका पत्रलाई पनि रेणुले क्रान्तिपूर्ण शैली उतारेका छन्-‘एकबार यहाँ आओ त सही, फिर न हो तो वापस चले जाना, तुम्हारा सान्दाजु ।’

फणीश्वरनाथ रेणुको राजनीतिको मूल्याङ्कन गर्दै रेणु संस्मरणमा प्रणव चटर्जी लेख्नुहुन्छ । “विराटनगर (नेपाल) के आदर्श विद्यालयको पढ्ते समय कोइराला परिवार में रहकर उन्हे स्वतन्त्रता और निर्भीकता कि जो शिक्षा मिली थी उसके फलस्वरूप उनके भितर एक कर्मठ सेनानीका व्यक्तित्व विकसित हो, चुका था । रेणुबारे संस्मरण गर्दै नेपाली काङ्ग्रेसका शीर्षस्थ नेता गिरिजाप्रसाद कोइरालाले यस पंक्तिका लेखकसँग कुराकानी गर्दै कोइराला निवास विराटनगरमा भन्नुभएको थियो, रेणु हाम्रो परिवारको अभिन्न सदस्य थियो ऊ हामीसँग

बस्दथ्यो । तर तारणी दाजुसँग उनको ज्यादा 'हिमचिम' थियो । उनीहरू एक क्षण पनि छुट्टिँदैनथे । ऊ साहित्यप्रति झुकाव राख्दथ्यो ।' फणीश्वरनाथ रेणुको व्यक्तित्वको पछाडि कोइराला परिवारको क्रान्तिकारीको पाठबाट रेणु, रेणु बनेका हुन् भन्ने माथिको कथनबाट रेणु वीपी कोइराला बीचको बन्धुत्वको प्रगाढता स्पस्ट हुनजान्छ । रेणुसँगै विराटनगरमा भारतका अर्को ख्यातिप्राप्त साहित्यकार तथा क्रान्तिसेनानी मन्मननाथको बाल्यकाल पनि विराटनगरमा बितेको थियो । रेणुको संस्मरण गर्दै गुप्ता लेख्नुहुन्छ- 'रेणुको हम राल्फ फक्स जैसे लोगों कि श्रेणीमे रख सकते है जो स्वतन्त्र संग्रामको अपने देश की दिवारें तक सीमित नही मानते थे और यो समझते कि शासकौं के चमडेका रंग बदल गया तो देस की मुक्ति हो गई' वास्तवमा समाजवादीको खास देश हुँदैन । उनीहरू विश्वको कुनै पनि समाजवादी आन्दोलनमा समर्थक हुन पुग्छन् । जहाँ समता, न्याय र बोल्ने स्वतन्त्रताको ग्यारेण्टी हुन्छ । भारतमा वीपीको जस्तो सम्मान छ, नेपालका पनि जेपी, लोहिया । भोला, चटर्जी, रेणुको छ । मन्मन नाथ गुप्ता तिनै व्यक्ति हुन् जसलाई पिताजी कृष्णप्रसाद कोइरालाले कलकत्ताबाट आफ्ना छोराछोरी पढाउन ल्याउनु भएको थियो । (वीपीको आत्मकथा) र आदर्श विद्यालयमा शिक्षक राख्नुभयो । यी गुप्ता भारतका मस्टवान्टेड क्रान्तिकारी थिए र कवि पनि । यी वीपीका क्रान्तिकारी कवि जन्मिए । यिनै गुप्ताको सान्निध्यमा कोइराला परिवारका सदस्य सँगसँगै शिक्षा प्राप्त गरेका थिए । यिनै गुप्ताले रेणु संस्मरण ग्रन्थ नवनीत प्रकाशन पटनामा लेखेका थिए ।

फणीश्वरनाथ रेणुको जीवनलाई नियालेर हेर्दा उहाँले भारतलाई भन्दा बढ्ता नेपाललाई महत्त्व भएको थियो उहाँको जन्म १९२१ मार्च ४ तारखिका दिन पूर्णिया जिल्ला भारतको औराही हिंगाना भन्ने गाउँमा भएको थियो । उहाँको पिताजी शीतलनाथ समाजसेवी हुनुहुन्थ्यो । उहाँले १९४२ को भारत छोडी आन्दोलनमा सहभागी हुनेको सेवा गर्नुभयो तर राजनीति गर्नुभएन । तर रेणु वीपीको सम्पर्कमा आएर नै राजनीति र साहित्यमा लागेको रेणुका गुरु भने पनि दाजु भने पनि पथप्रदर्शक वीपी नै हुनुहुन्थ्यो । वीपीको उपन्यास नरेन्द्र दाइको उहाँले हिन्दीमा अनुवाद गर्नु भए पनि त्यो प्रकाशित आफ्ना हुन सकेको छैन ।

फणीश्वरनाथ रेणुले आफ्ना दुई पत्नी लतिका रेणु तथा छोरा पद्म, पराग तथा वामाना (अरूण कुमार) छोडेर जानुभएको छ । उहाँकी कान्छी पत्नी लतिका पटनामा बस्नुहुन्छ, जेठी आफ्नै गाउँमा फणीश्वरनाथ रेणुले लेखेको कथामध्ये केही

कथा गुलफामको हिन्दीमा फिल्म बनेको छ । तिसरी कसम नामक फिल्ममा राज कपुर र बहिँदा रहमानले अभिनय गरेका छन भने फिल्मको सुटिङ फारविसगञ्जको बिहारमा भएको थियो । रेणु नेपाली कथाबारे सुवासकुमार (रेणु स्मृति ग्रन्थ)बाट नवनीत प्रकाशन नाउँमा लेख्दछ ।

हिमालयकी गोद में अरूण, तिमुर और सुनकोशी

फिर कोशी-डायन कोशी..

वास्वतमा रेणुको साहित्यमा आञ्चलीकरण पाइन्छ । तिनका हरेक रचनामा नेपालको प्राकृतिक सुन्दर वर्णन र कोशी नदी उब्जाएका समस्या केन्द्रित रहेका छन् । एउटा अर्को प्रश्नमा सुवास कुमारले रेणुसँग लिएको अन्तर्वार्तामा उनले पटनामा घडेरी लिन वीपीसँग सल्लाह मागरे तर वीपीले पटनामा नै किन किन्छस् ? तँ कुनै व्यारिस्टर त होइनस् जसले अफिस जानुपर्छ । जमिन लिने भए सिमला, मसुरी या सिलिगुडीमा किन लिँदैनस् । तर उनले जमिन किन्ने विचार त्यागेको सुवास कुमारले लेखेका छन् ।

फणीश्वरनाथ रेणुको मुख्य कृतिमा मैले आँचल, परती परिकथा, दीर्घतपा (उपन्यास, ठूमरी, अग्निखोर, आदिम रात्रिको महक (कथासङ्ग्रह), ऋणजल धनजल, प्रतिनिधि कहानियाँ (सस्मरण) तथा नेपाली क्रान्तिका कथा छन् । आफूले पाएको पुरस्कार त्याग्ने बिरलै लेखक पाइन्छन् तर रेणुले भारत सरकारबाट प्राप्त पद्मश्री पुरस्कारसम्म त्यागेका थिए । पुरस्कार त्याग्नुको कारण सत्ताको नागरिक दमनविरुद्ध लक्षित थियो । रेणुको राजनीतिक चेतना (प्रणव चटर्जी रेणु स्मृतिग्रन्थ) रेणुको निधन पश्चात् सारिकाले १९७७ मा रेणु स्मृति अङ्क प्रकशित गरेको थियो भने दिनमान, धर्मयुग, रविबारजस्ता भारतीय पत्रिकाले परिशिष्टाङ्क मार्फत रेणुप्रति श्रद्धाञ्जलि अर्पण गरे । रेणुबारे भारत यायावरले रेणु छैनन् तर पनि वीपीले भनेझैं उनी जताततै बाँचेको छन् । असीम शब्द भण्डार लिएर मानौं नेपाली क्रान्तिको गीत गाउन प्रजातन्त्र रेडियोमा अहिले पनि उनी बर्बराउँदै छन्, त्यो हिजो मात्रको त कुरा हो । नेपाली क्रान्ति कथाका यी नायकप्रति सदा ऋणी रहने छन् नेपाली ।

* * *

रेणु मेरो बाल्यकाल

मेरो बाल्यकाल विराटनगर(नेपाल) को कोइराला निवासमा बित्यो अर्थात् कोइराला परिवारमा मेरो लालनपालन भयो । पिताजी(श्री कृष्णप्रसाद कोइराला) नेपालको क्रान्तिकारी मानिनु हुन्थ्यो। उहाँले आफ्नो परिवारलाई आफ्नो आदर्शअनुसार सङ्गठित गर्नु भएको थियो। कोइराला निवासमा त्यही नियम कानूनप्रचलित हुन्थ्यो जो अन्य आश्रममा मान्य थियो । आफूभन्दा ठुलोसँग हामी कसैले पनि वेअदवी नराम्रो व्यवहार गर्न सक्दैन थियो चाहे त्यो गोठालो नै किन नहोस् । प्रार्थनाको पहिलो पंक्ति थियो 'तेरे ही जलवे सेजग के कर्ता ये वागे अलम मंहक रहा हैं" परिवारका प्रत्येक सदस्य आफूलाई स्वयंसेवक सम्फिन्थे । एउटा दैनिक(हस्त लिखित) बुलेटिन अङ्ग्रेजी हिन्दी नेपालीमा निक्लिन्थ्यो जसमा निवासको खबर बाहेक निवासमा आए गएका अतिथिको सम्बन्धमा जानकारी र बजार भाउ आदि प्रकाशित हुन्थ्यो ।

यद्यपि यी सारा कुरा बाहेक पनि निवासमा दुइटा यस्ता प्राणी थिए जसलाई निवासका कैयौं नियम तोडेको आरोपप्रत्यारोप लागि रहन्थ्यो। तारिणीप्रसाद कोइराला र फणीश्वरनाथ रेणुको नाम कालो रजिष्टरमा दर्ता गरिएको हुन्थ्यो । किनकि दुवै बिहान ८ बजेसम्म सुतिरहन्थे । आमा र पिताजीले हाम्रो यो आदतलाई छुटाउन धेरै प्रयत्न गर्नुभयो। हाम्रो सामाजिक बहिष्कारसम्म गरियो। सारा निवासका बुलेटिनमा हामी उपर आरोप लगाइयो । हाम्रो व्यङ्ग्य चित्र छापियो, हामीलाई गाली गरियो । फेरि पनि सहानुभूति जगाउने खालका तरकिब पनि प्रयोग नगरिएका होइनन् ।

एकपल्ट आमाले पिताजीको मुख्येन्जी हामी दुवैलाई बोलाएर बडो प्यारसँग भन्नुभयो ठीक छ अबदेखि जतिबेलासम्म मन लाग्छ सुत। तिमीहरू दुवैमा पहिले को उठ्छ हेरौं ? भोलिदेखि एउटा एउटा काम गर सबैभन्दा पहिला उठेर केलेण्डरको तारेख र दिनवाला कार्ड कसरी बदलिन्छ यो हेर्नु छ । एक हप्तामा जसको ज्यादा नम्बर आउँछ त्यसलाई हरहप्ता एउटा सुन्दर पुरस्कार दिइने छ बुझ्यौं ? र आफ्नो कोठमा गयौं तर रातको ठीक १ बजे जब म बैठक कोठाको भित्तालाई हेर्न थालें त्यही बेला आवाज आयो आमाले आफ्नो कोठाबाट नै सोध्नुभयो को हँ?

हजुर 'म रेणु तारेख र दिन बदल्दैछु' एक क्षणको मौनतापछि पिताजीको

फणिश्वरनाथ रेणुको जन्मघर (तस्वीर सौजन्य : डा. तुलसी भट्टराई)

कोठामा उहाँको उन्मुक्त हाँसो छुट्यो । यसपछि निवासका सबै प्राणी उठे र सबैका बीचमा शिर झुकाएर म उभिएको थिएँ र आमाले मलाई हप्काइरहनुभयो उता आँखा मिच्दै तारिणी मेरो तरफदारी गर्दै बहस गर्ने चेष्टा गर्दै थिए । 'आमा, नयाँ दिन, नयाँ तारिख बाह्र बजेर एक मिनट पछि नै शुरू.....हुनेछ.।

आमाले झर्किंदै भन्नुभयो चुप लाग भोलि बिहान तिमीहरू दुवैको नास्ता बन्द तिमीहरू बातचित बन्द र तारेख बदल्न पनि बन्द ।

* * *

जनक्रान्तिमा तारिणी रेणुको सम्झना



दुई दिन पहिले पी.आर.ओ. र उसको आत्मीय साथी नेपालको अरूण र यशस्वी कथाकार तारिणीप्रसाद कोइरालाले मिलेर संग्राम समितिका अगाडि एउटा अति आवश्यक सुझाव राखेका थिए। हाम्रो साधारण वायरलेसको 'रेन्ज' काठमाडौं, गोरखपुर, बनारस । कलकत्ता, दार्जिलिङसम्म रहेको छ। किन हामी ब्रोडकाष्ट गर्न ढिलो गर्ने ? सर्वाधिनायकले यो सुझाव स्वीकार गरेर हवाइजहाज पठाएर नयाँ ट्रान्समिटर र ठुलो इञ्जिनियरलाई बोलाइएका छन् । भोलि बिहान ८ बजेबाट नै सर्टवेवको ४१ मिटर बैण्डमा प्रजातन्त्र नेपाल रेडियो' को प्रसारण शुरू हुनेछ। सबै पत्र प्रतिनिधिलाई समय र मिटरको सूचना गइसकेको छ।

पी.आर.ओ. लाई धेरै कठिनाइपछि कीर्तन मण्डलीको एउटा पुरानो हारमोनियम प्राप्त भयो। तर राति ११ बजे अबेरसम्म पी.आर.ओ. तथा तारिणीप्रसाद डुग्गी तबलाको खोजीमा भौतारी रहे। सबैलाई आश्चर्य लाग्छ सिपाहीलाई एकाएक हरमोनियम र तबलाको आवश्यकता किन पऱ्यो ? र तब 'इवेक्वि कोलोनी' म उनीहरू कोकिल गायक गायिका रेणु र तारिणीका बीचमा आत्मीय सम्बन्ध थियो।

* * *

रेणु जन-उदय नाटकमा पात्र

नेपाली क्रान्ति कथामा लेखक तथा २००७ सालको राजा विरोधी आन्दोलनमा भारतका मित्र डा. कुलदीप झा, भोला चटर्जी, फणीश्वरनाथ रेणु लगायतका योद्धाले भाग लिएर हामीलाई गुन लगाएका छन् । त्यसो त भारतीय स्वतन्त्रता संग्राममा वीपी कोइराला हजारीवाग जेलमा भारतका प्रथम राष्ट्रपति डा.राजेन्द्रप्रसादसँगै जेल बस्नुभयो) स्थान विराटनगर ।

जन–उदय नाटकको अंश

राणाशाहीको विरोध जहीं तहीं सभा, जुलुस र लडाइँ भइरहेछ । राणा पनि आत्तिएका देखिन्छन् । कुनै पनि देशको सरकार गिराउन रेडियोको ठुलो भूमिका हुन्छ । नेपाली काङ्ग्रेसका नेता तारिणीप्रसाद कोइराला र भारतीय सहयोगी फणीश्वरनाथ रेणुले प्रजातन्त्र नेपालबाट रेडियोको भूमिगत प्रसारण शुरू गरेका छन । प्रजातन्त्र रेडियो नेपाल प्रत्येक दिन बिहान, बेलुका र दिउँसो क्रान्तिकारी समाचार प्रसारण हुन्छ । अहिले बिहानको समाचार बुलेटिनमा प्रजातन्त्र रेडियोमा तारिणीप्रसाद कोइराला समाचार भन्नुहुन्छ ।

'हामी प्रजातन्त्र रेडियो नेपालबाट बोल्दै छौं । क्रान्तिकारी देशभक्त दाजुभाइ हाम्रो लडाई जारी छ हाम्रो लडाइँको विरुद्धमा अंग्रेजका सहायताले विदेशी पनि हस्तक्षेपका बोली बोल्न थालेका छन् । आफूलाई कम्युनिस्ट देशको रूपमा चिनाउने रुस पनि हाम्रो विरोधमा उभिएको छ । उनीहरूले त्यहाँको जारलाई सखाप पारे तर नेपालको जारलाई समाप्त गर्न हामीले संघर्ष गर्दा उनीहरू त्यसको विरोध गर्दै राणाको उल्टै समर्थन गर्दैछन् रुसको एउटा समाचारपत्रमा हामीलाई गाली गर्दै भनिएको रहेछ 'यो नेपालको बुर्जुवा वर्गद्वारा शासनमा जाने चाल मात्र हो यो वास्तविक लडाइँ होइन ।' यसरी उनीहरूले मोहनलाई नै अप्रत्यक्ष सगाइ रहेछन । यस्तोचालमा नआउन नेपाली काङ्ग्रेसले आफ्नो बुलेटिनमा देशभक्त मजदुर किसान, विद्यार्थी, बुद्धिजीवी, दाजु भाइ तथा दिदी बहिनीमा हार्दिक अपील गर्दै अगाडि बढाउन आह्वान साथी अङ्ग्रेजको विशेषतदूत एलसर श्री ३ मोहनको निमन्त्रणामा साँठगाँठ मिलाउन आएको छ । हिजो काठमाडौंका क्रान्तिकारी साथीले गौचर हवाईअड्डामा नै त्यसको खुबसँग विरोध गरे । कालोझण्डा देखाए ।

त्यसको विरोधमा आएका निहत्था जनतामाथि मोहनका पाल्तु कुकुरले लाठीचार्ज गर्दा हाम्रा धेरै क्रान्तिकारी साथी घायल भए । तर साथी हो आत्तिनु पर्दैन । अहिले धनकुटा, भोजपुर, इलाम, धरान जहीं तहीं घमसान संघर्ष भइरहेछ । मोरङ जुट मिल, विराटनगर जुट मिल्स, म्याच फैक्टरी मोरङ इलेक्ट्रिक, कटनमिलका दसौं हजार मिल मजदूरले बडाहाकिमलाई धेरे जुलुसको नेतृत्व नेपाली काङ्ग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाले गर्नुभएको थियो नेपालको इतिहासमा यो प्रथम मजदुर हड्तालको रूपमा जानिन्छ । जुलुसबाट नै मनमोहन अधिकारी, केशव कोइराला, गिरिजाप्रसाद कोइराला गिरफ्तार गरियो । यसै गरी भारतका क्रान्तिकारी, नेता सुभाषचन्द बोसका पल्टन, आजाद हिन्द फौजमा रहेका र गोरखापल्टनमा रहेका सपुत नारदमुनि थुलुङ, रामप्रसाद राई, डा. के. आई. सिंह, जि.बि. याकथुम्बा, पूर्णसिंह ठकुरीले मुक्ति सेनाका रूपमा आफ्ना आफ्ना ठाउँमा मोर्चा लिइसकेको समाचार प्राप्त भएको छ ।

यस्तै काडमाडौंबाट भर्खर प्राप्त भएको समाचारअनुसार मोहनशम्सेरले क्रान्तिकारीलाई समाप्त पार्न खुकुरीदल जन्माएका रहेछन । हिजो नयाँसडकमा खुकुरी दलसँग नेपाली काङ्ग्रेसका साथीको मुठभेड हुँदा चार जना साथी सख्त घाइते भएर वीर हस्पिटलमा भर्ना गरिएको छ । अरू आजका अति महत्त्वपूर्ण समाचार दिउँसोको बुलेटिनमा प्रसारण गरिने छ ।

जय नेपाल

(नेपथ्यमा प्रजातन्त्र नेपाल रेडियो सुन्न भीड भएका जनता उत्सुकताका साथमा क्रान्तिकारी धुन सुनिरहेका हुन्छन् ।)

* * *

भारतीय पत्रपत्रिकामा रेणुबारे लेखिएका रचनाका विषयमा पाठक प्रतिक्रियामा-मेरा टिप्पणी

रेणु (जुन अङ्क) में लेखक श्री कुमार प्रशांत नें कही भी रेणुजीको नेपाल से नही जोडा है । मगर उनका आधा जीवन तो नेपाल ही था । वे विराटनगर में श्री विश्वेश्वरप्रसाद कोइराला के परिवार के एक सदस्य ही माने जाते थे । नेपाल मे राणा तानाशाही को समाप्त करने के लिए उन्हो नें भी अपने नेतृत्व मे एक मोर्चा कायम किया था । भारत में आपात काल घोषित होने पर वे छिपने के लिए फौरन नेपाली ही आये थे । तब मे उनका इंटरभ्यु लेना चाहता था । मगर नेपाल सरकार नें रेणु व कर्पुरी ठाकुर से मिलने और बात करने पर पावंदी लगा दी थी । रेणुजी ने अपने अंतिम दिनों में श्री वीपी कोइराला को नेपाल सरकार ने गिरफ्तार कर लिया था ।

रेणुजीका साहित्यिक परिवेश भी नेपाल की कोशी नदी से जुडा था । उनके उपन्यास मे कोशी-क्षेत्र के बढ की चपेट में अति रहने वाले लाखों शोषितों पीडितों के आसु भरे है ।

नेपाल के इतिहास में प्रजामतन्त्र की स्थापना में सहयाता करने वाले भारतीय में श्री जयप्रकाश नारायण एवं स्वर्गीय लोहिया के साथ स्वर्गीय रेणु भी स्मरण किये जायेंगे ।

'रेणु' (जुन अङ्क) में लेखक श्री कुमार प्रशांत ने कही भी रेणुजी को नेपाल से नहीं जोडा है । मगर उनका आधा जीवन तो नेपाल ही था । वे विराटनगर में विश्वेश्वरप्रसाद कोइराला के परिवार के एक सदस्य ही माने जाते थे । नेपाल में राणा तानाशाही को समाप्त करने के लिए उन्हो नें भी अपने नेतृत्व में एक मोर्चा कायम किया था । भारत में आपात-काल घोषित होने पर वे छिपने के लिए फौरन नेपाल ही आये थे । तब मै उनका इन्टरभ्यू लेना चाहता था । मगर नेपाल सरकार ने रेणु व कर्पुरी ठाकुर से मिलने और बात करने पर पावंदी लगा दिथी । रेणुजी ने अपने अंतिम दिनों में वीपी कोइराला से मिलने की ख्वाहिश की थी । श्री कोइरालाको नेपाल सरकार नें गिरफ्तार कर लिया था ।

रेणुजी का साहित्यिक परिवेश भी नेपाल की कोशी-क्षेत्रके बाढ की चपेट में आते रहने वाले लाखों शोषितो पीडितों के आँसु भरे हे ।

नेपाल के इतिहस में प्रजातन्त्र की स्थापना में सहायता करने वाले भारतीयों में श्री जयप्रकाश नारायण एवं लोहिया कें साथ रेणु को भी स्मरण किये जायेगें । अगस्त अङ्क १९०८

मुक्ता-गिरिराज आचार्य, कोशी, नेपाल

मत और सम्मत

नेपाली रेणु: १६-२२ अप्रेल, जब भी रेणुजी का प्रसंग आता है तब में भाव विभोर कर उनकी याद में तल्लीन हो जाता हुँ । अफसोस है कि भारत के आपतकाल में रेणुजी जब भूमिगत हो नेपाल अपने स्वजन भूमि में तो उनका यहाँ ठहरना मुश्किल कर दिया गया । वह अपने अनुज के यहाँ ज्यादा न ठहर नही सके इससे बडी विडंबना और होगी जैसे भी हो उनको नेपाल में सरकार की तरफ से सत्कार मिलना चाहिए था क्यों कि वह मात्र एक भारतीय न हो कर नेपाली जनत्रान्ति के महान् सिपाही भी थे उन्हो नें नेपाल की जनक्रान्ति में सर्वप्रथम भाग लिया था ।

* * *

रेणु र वीपी कोइराला

रेणु, म र दिनमान (५ साउन) शीर्षकमा वीपी कोइराला संस्मरण प्रकाशित भएको रहेछ । भारतका ख्यातिप्राप्त साहित्यकार फणीश्वरनाथ रेणु वीपीसित भेट भएदेखि जीवन पर्यन्त उहाँकै साथ रहनुभयो । त्यतिमात्र नभइ काङ्ग्रेसद्वारा सञ्चालित २००७ सालको क्रान्तिमा रेणु पनि क्रान्तिमा सरिक हुनुभएको थियो । क्रान्तिका विराटनगरमा स्थापित रेडियोको उहाँ प्रथम उद्‌घोषक हुनुहुन्थ्यो ।

उहाँ नेपालको राजनीतिमा मात्र सक्रिय रहनु भएन । नेपाली साहित्यको विकासमा पनि त्यतिकै कलम चलाउनुभएको थियो । रेणुलाई हिन्दी, मैथिली र नेपाली भाषामाथि समान दखल थियो । मैथिलीमा उहाँले धेरै रचना गर्नुभएको छ ।

सन् १९७१ मा उहाँ अररिया विधानसभा क्षेत्रबाट विधायकका लागि चुनाव लड्नुभएको थियो तर दुर्भाग्यवश पराजित हुनुभयो । भारत र नेपामा प्राय बौद्धिक र साहित्यिक व्यक्तित्व कमै सफल देखिन्छ । त्यो नेपालको राजनीतिमा देखिएको छ । रेणुले विराटनगरमा बसेर शिक्षादिक्षा ग्रहण गरी नेपाली साहित्यको औधी सेवा गर्नुभएको थियो । एक मित्र राष्ट्रको व्यक्तिले नेपालको राजनीति र साहित्यमा गरेको सेवालाई हामी सङ्कीर्ण मानसिकताका नेपालीले कदर गर्न सकेनौं ।

रेणुबारे वीपीद्वारा दिनमान पत्रिकामा हिन्दीमा प्रकाशित त्यो लेखेको नेपाली अनुवाद मैले गरेको थिए ।

धरानका प्रसङ्ग मेरो जन-उदय नाटकको हो । २०४१ साल भदौ २४ गते वीपी जयन्तीका दिन धरान पब्लिक हाईस्कुलमा मेरो पुस्तक **जन-उदय** नाटकको विमोचन पण्डित छविलाल पोखरेलबाट हुने तयारी थियो । तर पुलिसले स्कुल प्रवेशमा रोक लगायो, गेट बन्द गऱ्यौं । हामीले व्यानर गेटमा लगायौं । फोटो खिचायौं । व्यानरको छेउम सेतो कुर्तामा म उभिएको त्यही बेला मलाई पुलिसले पक्राउ गऱ्यो । पुस्तकका प्रकाशक हरिनाथ बाँस्तोलाका बुबा दीनानाथ बाँस्तोला हुन् । पुस्तकको भूमिका डा. तुलसीप्रसाद भट्टराईले लेखेका हुन् । बाँकी कुरा डा. गोपाल भण्डारी मेरो हिजोको पोस्टमा लेख्छन्, 'हिजो मेरो भाइ रामचन्द्र भण्डारीले अमेरिकाबाट फोन गरेर गिरिराजको **जन-उदय** नाटकको विमोचन कार्यक्रममा भाग लिन पब्लिक हाईस्कुल अगाडि भेला हुँदा प्रहरीले आफू र भाइ गोकुल भण्डारीलाई

लाठीचार्ज गर्न लाग्दा भागेर उम्किएको गिरिराज दाइलाई पक्राउ गरेको रोमान्चक संस्मरण सुनाए । हामी भाग्दै गरेको फोटो हर्ष दाइसँग होला पठाइदिनु भन्दा म झसङ्ग भएँ । करै लागेर मैले भनें-बाबु गिरिराजजीलाई अहिले वडाकै चुनावमा हराइदिए । हामी लाठीचार्ज, प्रहरी दमन खेपेका मानिस अब काम नलाग्ने भयौं । डेट एक्स्पाएर भयौं भनेर जबाफ दिँदा मेचबाट खसे जस्तै भएँ । उनले भारी विषाद गर्न लागे । उनले भने धरानमा अब काङ्ग्रेस ओरालो लागेछ । गिरिराज दाइजस्तो क्रान्तिकारी, जुझारु र त्यागी नेतालाई नचिन्नु खास कुरो हो विरक्त लागेर उनले फोन काटिदिए । मैले वीपी कोइरालाका साहित्यिक विचारमा अहिले समावेश गरेको छु ।

जय नेपाल । जय नेपाल । पञ्चायतकालमा वीपी साहित्य क्याम्पसमा पढाइ हुन्थ्यो । तर वीपीको चर्चा गर्न प्रोफेसर डराउँथे । त्यो बेला जन-उदय नाटकको असली हिरो वीपी २००७ सालको जनक्रान्तिका नायक थिए ।

हो यही हो पञ्चायत विरुद्धको कलमको सिपाही मेरो उर्जा । नाटकका पात्र हिन्दीका लेखक फणीश्वरनाथ रेणु, कवि धरणीधर, कवि गोपालप्रसाद रिमाल । पुराण भन्ने कविप्रसाद गौतम गीतकार रानुदेवी रेडियो नेपालका संस्थापक तारिणीप्रसाद कोइराला लगायत हुनुहुन्थ्यो । तर प्रजातन्त्र आएपछि यो नाटकका कारण लेखक गह्रायो, अहिलेसम्म ओझेलमा रहेको अमेरिकाबाट हिजोको रामचन्द्र भाइको पोस्टले मलाई फेरि उकास्यो ।

१३ अगस्त १९८९

आदरणीय आचार्यजी,

में रेणु रचनावली के सम्पादन कर रहा हुँ इसके लिए आयका सहयोग चाहिए । आशा है मिलेगी आय लौटती ......से नेपाल के (कोइराला परिवार)को छोडकर उनलोगों के नाम पते उपलब्ध करवा सकतें हें जो रेणुजी से जुडें हुए थे । रेणु ने नेपाली काङ्ग्रेस के लिए १९५२ में नया कदम नामक एक सम्प्रष्टिक पत्र निकाथा क्या उसकी पतियाँ कहीं उपलब्ध हो सकती है रेणु केपत्र या उनकी वैसी रचना जो पत्रिकाओं मे. प्रकाशित हुई पर पुस्तकों मे सङ्कलित नहीं हुई -की सुचनाएँ यदि हो तो भिजवा येगैं । रेणु पर संस्मरण लिवाकर भी यदि भिजवा सकें तो कृपया करे । -भरत यायावर-वोकारो, डिहाँर

मोतीरम भट्ट

नेपाल भारत सेतु

भारतीय प्रख्यात साहित्यकार एवं कवि र भारतेन्दु हरिश्चन्द्रको सानिध्यता नेपाली साहित्यकारसँग अत्यन्तै निकट छ । मोतीराम भट्टदेखि लेखक तथा पत्रकार गिरिराज आचार्य र हरिश्चन्द्रका पनाति प्रा. गिरिश्चन्द्रको सम्बन्धले नेपालमा पनि भारतेन्दुको चर्चा भैरहन्छ । भारतेन्दु हरिश्चन्द्रबारे तयार भएको यो ग्रन्थले भारतीय र नेपाली साहित्यलाई अझ नजिकबाट बुझ्न सजिल हुन्छ भन्ने मेरो विश्वास छ ।

नेपाली कवि मोतीराम भट्टले भारतेन्दु हरिश्चन्द्रको सन्तबाट पहिलो हिन्दी समस्यापुर्ति कविता रचेका थिए । ऐसी चुतिया कही देखा आपने, कपडा जलाके अपना लगे आग तापने । जुन कविता धर्मयुगमा प्रकाशित भएको थियो । सवासय वर्षभन्दा अघि रचना गरिएको समस्यापूर्ति कविताको भाव अहिले पनि हामी नेपालीका लागि शास्वत लाग्छ । गिरिराज आचार्य धरानमा बसेर पनि आधाशताब्दी अघिदेखि साहित्य र पत्रकारिताको क्षेत्रमा निरन्तर लागेर ठुलो योगदान गरेका व्यक्ति हुन् । तसर्थ उनलाई नेपाली साहित्यकाशमा ध्रुवतारा हुन् भन्नु अत्युक्ति नहोला ।

* * *

नेपाली क्रान्ति कथा

फणीश्वरनाथ रेणु

क्या रुख है ?"

"किंग को लाने की व्यवस्था की जा रही है ।" "कोई विशेष संवाद ?"

"सरदार का बयान सूरज उगने के पहले ही अखबारों के मुख्यपृष्ठ पर साया हो जायेगा । बयान नहीं, बम हैं बम ! ! "रहा मुक्तिसेना के प्रचार अधिकारी को दो घण्टे के अन्दर ही बी. पी. का एक 'प्रोफाइल' प्रस्तुत कर संवादसूत्र को देना है । वह सोच है- कहाँ से शुरू किया जाये ? - किस शैली में प्रस्तुत किया जाये ? उसे याद आती हैं, कृष्णप्रसाद कोइराला (जो सारे नेपाल में 'पिताजी' के नाम से पुकारे जाते थे) के मुँह से सुनी हुई अनेक घटनाएँ । सानो ग्रामा - दिव्या कोइराला की बातें - निर्वासित जीवन के संस्मरण ।

वह, यानी प्रचार अधिकारी – देशबन्धु चितरंजन दास की अमर वाणी को चरितार्थ होते देख रहा है । बचपन की बात । अपने देश से निर्वासित 'पिताजी', अपने छोटे पुत्र (बालक बी. पी.) के साथ कलकत्ते में देशबन्धु चितरंजन दास के अतिथि हैं । अपने देश नेपाल की मुक्तिका मार्ग ढूंढ रहे हैं - कृष्णप्रसाद कोइरालाजी । देशबन्धु ने एक दिन हँसकर कहा था - "कोइरालाजी, आप चिन्ता न करें। आपका यह पुत्र- विश्वेश्वर – जो एक सेकेण्ड भी चैन से नहीं बैठ सकता, कुछ-न-कुछ करता रहता है, सैकडों पेचीदे प्रश्न पूछता है–और जो बगैर क्लोरोफार्म के खतरनाक प्रापरेशन को मुस्कराते हुए सह सकता है– आपरेशन के समय एक बार 'इस्स' भी नहीं किया जिसने – वह निश्चय ही एक दिन अपने देश की बर्बर सरकार का 'तख्ता' पलटेगा । बैठा नहीं रहेगा यह "सचमुच, बी. पी. कभी चैन से नहीं बैठा । कालेज में पढ्ते समय दो- दो बार क्रान्तिकारी कार्यकलापों से सम्बन्ध रखने के अभियोग में भारत में अंग्रेजी सरकार द्वारा नजरबन्द हुआ । कालेज की पढाई के बाद– बिहार सोशलिस्ट पार्टी का सक्रिय सदस्य - १९४२ के प्रान्दोलन में हजारीबाग सेन्ट्रल जेल में तीन साल तक नजरबन्द । जेल से मुक्त हुआ– कण्ठ में असाध्य रोग कैन्सर लेकर । बम्बई में, 'टाटा कैन्सर अस्पताल' में जब तक चिकित्सा होती रही, बिछावन पर लेटे-लेटे ही नेपाली राष्ट्रीय काङ् ग्रेस के संगठन की योजनाएँ बनाता रहा । और, जीवनी शक्ति की जय हुई ।

असम्भव, सम्भव हुआ। डाक्टरों ने स्वीकार किया- "प्रबल इच्छा- शक्ति ने रोग को रोकने में सहायता दी है। जड से यह दूर न भी हो, कोई बात नहीं। अब प्राण पर कोई संकट नहीं."मतलब ? मैं काम कर सकता हूँ ?"

..."डाक्टरों का जवाब - "जी, थकानेवाला कोई काम नहीं।"

विश्वेश्वर मुस्कराया था, डाक्टरों की राय सुनकर – "थकानेवाला कोई काम नहीं ?..."

'कैन्सर इन्स्टीच्यूट' से निकलते ही बी. पी. ने सभी मुक्तिकामी प्रवासी नेपालियों का - नेपाली राष्ट्रीय काङ्ग्रेस की स्थापना के लिए आह्वान किया। फलत: कलकत्ते में नेपाली राष्ट्रीय काङ्ग्रेस का जन्म हुआ। और, इसके डेढ माह बाद ही नेपाली राष्ट्रीय काङ्ग्रेस के सभापति विश्वेश्वरप्रसाद कोइराला विराटनगर जुट मिल्स, काटन मिल, मंच फैक्टरी के दस हजार मजदूरों की ऐतिहासिक हडताल - राणाशाही नेपाल में पहली हडताल का संचालन करते हुए नेपाल की राणाशाही द्वारा गिरफ्तार हुए। जेल में फिर पुराना रोग उभरा। भीषण रूप धारण किया कण्ठनली के कैन्सर ने महात्मा गांधी ने तत्कालीन प्रधान मन्त्री के नाम अपील की मुक्त हुए, तीन महीने बाद ही छद्मवेश में काठमाण्डौ उपत्यका में पाटन, भातगांव, कीर्तिपुर नगरों में छिप छिपकर प्रचार करते रहे। फिर गिरफ्तार। कई महीने की नजरबन्दी के बाद पुन: कारामुक्त। सारे देश में करबन्दी प्रान्दोलन और सत्याग्रह-संग्राम का बिगुल ...

और, अब सशस्त्र संग्राम - श्राल नेपाल लिबरेशन आर्मी के ईस्टर्न कमाण्ड के चीफ के रूप में एक्शन कमेटी में ऐतिहासिक प्रस्ताव पारित कर रहे हैं-"कल ही पीरगंज इलाके में हेडक्वार्टर शिफ्ट किया जाये और शीघ्र ही वीरगंज पर चढाई का प्रायोजन - नेपाल की जनता में, खास कर राणाशाही फौज को – महाराजाधिराज के इस नाटकीय पलायन का कारण, विस्तारपूर्वक समभ्राकर - विद्रोह के लिए– मुक्तिसेना में सम्मिलित होने के लिए आह्वान..."

श्राल इण्डिया रेडियो से लोहमानव सरदार पटेल की–बेलौस और कटु सत्यवाणी प्रसारित हो रही है - "भारत सरकार महाराजाधिराज त्रिभुवन वीरविक्रम

शाह देवज्यू को ही नेपाल का नरेश मानती है- मोहन शमशेर द्वारा घोषित, शिशु महाराजाधिराज को कोई पागल ही मान्यता दे सकता है - श्रोर, भारतीय वायुसेना का एक वायुयान, महा- राजाधिराज को सपरिवार निरापद भारत में ले आने के लिए भेजा जा रहा है। इस कार्य में किसी भी प्रकार के व्याघात को बर्दाश्त नहीं किया जायेगा ।'

मोहन शमशेर - 'तीन सरकार' – ने इस समाचार के समय काठमाण्डौं बिजलीघर को बन्द करवा दिया । किन्तु, 'बैटरी सेट' पर सरदार का यह सन्देश– नेपाल के कोने-कोने में – मुक्तिकामी नेपालियों के दिलों में प्रसन्नता की लहरों की सृष्टि करता हुआ – घोषित होता रहा ।

घटनाएँ अब जल्दी-जल्दी घटने लगीं !!

सभी शीर्षस्थ अपने-अपने क्षेत्र की ओर उडे !!

फणीश्वरनाथ रेणु भारतीय भए तापनि उहाँ नेपाली जनक्रान्तिका महान् योद्धा हुनुहुन्थ्यो । उहाँले २००७ सालको जनक्रान्तिमा मुक्ति बाहिनीको रूपमा आफ्नो तन, मन धनले हामीलाई सघाउनु भयो । उहाँ समेतले नेपाल प्रजातन्त्र रेडियो आकाशवाणीको स्थापना गरेर राणा शासनको घोर विरोधमा प्रसारण शुरू गर्नुभयो । उहाँकै संसर्गमा आएका डा. कुलदीप झाले कुशहाघाटमा मुक्ति बाहिनी भई वीरता प्राप्त गर्नु भएको थियो । यसरी नेपालको जनक्रान्तिमा भारतका कतिपय नेताको सहयोग थियो । महात्मा गांधी, जयप्रकाश नारायण, डा. राम मनोहर लोहिया, जबाहरलाल नेहरुले नैतिक समर्थन गरेका थिए भने यता फणीश्वरनाथ रेणु, भोला चटर्जी (पत्रकार), डा. कुलदीप झाले प्रत्यक्ष त मुक्तिबाहिनीमा भाग लिई जनक्रान्तिलाई सफल तुल्याएका थिए ।

प्रस्तुत पुस्तक नेपाली जनक्रान्तिको कथा २००७ सालको ऐतिहासिक घटनाको संस्मरणात्मक ऐतिहासिक विवेचना हो। यसमा राणाका विरोधमा मुक्ति बाहिनीले बिराटनगर, भद्रपुर, धरान, जोगबनी, धनकुटा, भोजपुर ठाउँमा लडेका कुरा एक/एक सम्झेर लेखिएको छ। प्रस्तुत पुस्तक मार्फत कतिपय गुप्त ऐतिहासिक घटनाको रहस्यीय घटना गरिएको छ। हिन्दी भाषामा लेखिए तापनि बीचमा रेणुको कलमले नेपाली भाषालाई पनि छोएको छ । यस पुस्तकको भूमिका विश्वेश्वरप्रसाद कोइरालाज्यूले लेख्नुभएको छ रेणु र म शीर्षकमा मेरो अनुवादमा जो फेवाको प्रस्तुत अङ्कमा समावेश पनि छ। रेणु आज हामी समक्ष त हुनु हुन्न तर नेपालको इतिहासमा उहाँ अमर रहनुभएको छ। उहाँले प्रस्तुत

पुस्तक मार्फत नेपालको लुप्त हुँदै गएको ऐतिहासिक घटनालाई लिपिबद्ध गरी हामी समक्ष राखिदिनु भएकोमा पनि जिन्दगीभरी हामी उहाँप्रति आभारी रहनेछौं । हिन्दीका श्रेष्ठ कथाकार उपन्यासकार नेपाल र भारतका महान्क्रान्ति योद्धा रेणुबाट नेपालको क्रान्ति विषयमा पुस्तक लेखिनु उहाँको नेपालप्रतिको अनुपम प्रेमबाट नै सम्भव भएको हो । उहाँका प्रस्तुत पुस्तक पढेर नै उहाँलाई कतिपय व्यक्तिले ठम्याउन छन् यहाँ जति प्रशंसा गरे पनि कमै हुन्छ उहाँप्रति यो पुस्तक प्रत्येक नेपालीले सङ्ग्रह गर्ने योग्य छ । रेणुले हिन्दी साहित्यको माध्यमबाट पनि नेपाली जनजीवनको झलक आफ्ना कृतिमा छर्नुभएको छ उहाँ आञ्चलिक साहित्यकार मानिनुहुन्छ हिन्दी साहित्यमा र कोशी क्षेत्रको आञ्चलिक रहनसहन समस्या नै उहाँका कृतिमा परेका छन् । रेणुजी वास्तवमा भारतमा एक मात्र यस्ता महान्व्यक्ति हुन जसले राजनीतिक र साहित्यिक दुवै क्षेत्रबाट नेपालीलाई सहयोग गरेका छन् । यस्ता चौमुखी प्रतिभा अब शायद नपाइएलान हाम्रा लागि यस्ता महान्व्यक्तिको निधन भएको एक वर्ष बितिसक्ता पनि उहाँप्रति आजसम्म हामीले कुनै सम्मान त के श्रद्धाञ्जलिसम्म प्रकट गर्ने मञ्च पाएका छैनौं योभन्दा अर्को बिडम्बना के हुनसक्छ र हाम्रा देशमा तर रेणु अमर छन् नेपालीका हृदयमा नेपाली जनक्रान्तिको हृदयमा ।

* * *

फणीश्वरनाथ रेणुका डायरीबाट

फणीश्वरनाथ 'रेणु' हिन्दी साहित्यका प्रख्यात उपन्यासकार मानिन्छन् । यतिमात्र नभएर भारत र नेपालका उनी एक कर्मठ स्वतन्त्रता सेनानी हुन् । सन् १९४२ मा भारत छोडो आन्दोलन र सन् १९५० मा नेपालमा राणा शाहीका खिलाप उनले मुक्ति बाहिनीको रूपमा लडेका थिए र राणाको विरोधमा आजाद रेडियोको स्थापना गरेका थिए । रेणुको जन्म भारतमा भए तापनि उनको बाल्यकाल बिराटनगरमा कृष्णप्रसाद कोइरालाका परिवारमा बितेको थियो । स्कुलको शिक्षा बिराटनगर आदर्श विद्यालयमा भयो त्यही रेणु र तारिणीप्रसाद कोइरालाको साहित्यिक प्रेरणा पाएका थिए त्यसैले होला रेणुले वीपीका अनेक कथा हिन्दीमा अनुवाद गरी प्रकाशन पनि गरे । निधन हुनुभन्दा दुई वर्ष अगाडि उनले वीपीका उपन्यास 'नरेन्द्र दाई' को हिन्दीमा अनुवाद गरेका थिए । जो प्रकाशित चाहिँ हुन सकेको छैन । रेणुका उपन्यासमा नेपालको तराई इलाकाको जनजीवन अझ कोशी आञ्चलिक परिवेशको प्रभाव रहेको छ । उनको 'मैलाआँचल' प्रसिद्ध उपन्यास हो र यो उपन्यासमा आधारित हालै 'डाक्टर बाबु' फिल्म प्रदर्शित भइरहेछ । यो फिल्मको सुटिङ कोशी ब्यारेजमा पनि भयो । रेणुको शरीर भारतीय भए तापनि हृदय चाहिँ शुद्ध नेपाली रहेछ भने कुरा उनको बाल्यकालीन नेपाल प्रेमले झल्काउछ । यसरी रेणुले नेपाल र नेपालीको हितचिन्तनमा नै नेपालीलाई हरदम साथ दिए । यी महान् आत्माको निधन १९७७ अप्रिल ११ का दिन पटना अस्पतालमा भयो । उनको निधनबाट चिन्तन भएर वीपी कोइरालाले दिनमानमा लेख्नुभएको थियो 'मेरा लागि रेणु मरे तर रेणु मेरका छैनन्' उनी मेरो हृदयमा जीवित छन । हाम्रो कोइराला परिवारका हृदयमा जीवित छन, हामी प्रजातन्त्रका सारा नेपाली या भारतीय सिपाहीका हृदयमा जीवित छन् रेणु मरे तर रेणु जिउँदो छन् । आफ्ना उद्देश्यका लागि आफ्नो क्रान्तिकारीका लागि, तानाशाहीको विरुद्ध संघर्षका लागि, आफ्नो जिजीविषाका लागि, आफ्नो मुमुक्षाका लागि ।

रेणुको आत्मामा श्रद्धाञ्जलि अर्पण गर्दै उहाँको स्मृतिमा उहाँको डायरीबाट एक 'बाजार दर' टिप्पणी लिएका छौं । यो डायरी तारिणीप्रसाद कोइरालाले रेणुका नाममा समर्पित गरेकाले यो डायरीको महत्त्व अझ बढेकाले हामीले आजकलबाट सो उदाहरण यहाँ उतारेका हौं ।

* * *

रेणु नेपाली कथाबारे सुवासकुमार

(रेणु स्मृति ग्रन्थ) बाट नवनीत प्रकाशन

'हिमालयकी गोद मे अरूण, तिमुर और सुनकोशी

फिर कोशी-डायन कोशी..

वास्तवमा रेणुको साहित्यमा आञ्चलीकरण पाइन्छ । तिनका हरेक रचनामा नेपालको प्राकृतिक सुन्दर वर्णन र कोशी नदीले उब्जाएका समस्या केन्द्रित रहेका छन् । एउटा अर्को प्रश्नमा सुवास कुमारले रेणुसँग लिएको अन्तर्वार्तामा उनले पटनामा घडेरी लिन वीपीसँग सल्लाह मागरे तर वीपीले पटनामा नै किन किन्छस् ? तँ कुनै व्यारिस्टर त होइनस् कि जसले अफिस जानुपर्छ । जमिन लिने भए सिमला, मसुरी या सिलिगुडीमा किन लिँदैनस् । तर उनले जमीन किन्ने विचार त्यागेको सुवासकुमारले लेखेका छन् ।

फणीश्वरनाथ रेणुको मुख्य कृतिमा **मैला आँचल**, **परती परिकथा**, **दीर्घतपा (उपन्यास**, **ठूमरी**, **अगिनखोर**, **आदिम रात्रिको महक** (कथासङ्ग्रह), ऋणजल धनजल, प्रतिनिधि कहानियाँ (सस्मरण) तथा नेपाली क्रान्ति कथा छन् । आफूले पाएको पुरस्कार त्याग्ने बिरलै लेखक पाइन्छन् तर रेणुले भारत सरकारबाट प्राप्त पद्मश्री पुरस्कारसम्म त्यागेका थिए । पुरस्कार त्याग्नुको कारण सत्ताको नागरिक दमनविरुद्ध लक्षित थियो । रेणुको राजनीतिक चेतना (प्रणव चटर्जी रेणु स्मृतिग्रन्थ) रेणुको निधन पश्चात् सारिकाले १९७७ मा रेणु स्मृति अङ्क प्रकशित गरेको थियो भने दिनमान, धर्मयुग, रविबारजस्ता भारतीय पत्रिकाले परिशिष्टाङ्कमार्फत रेणुप्रति श्रद्धाञ्जलि अर्पण गरे । रेणुबारे भारत यायावरले रेणु छैनन् तर पनि वीपीले भनेझैं उनी जताततै बाँचेको छन् । असीम शब्द भण्डार लिएर मानौं नेपाली क्रान्तिको गीत गाउन प्रजातन्त्र रेडियोमा अहिले पनि उनी बर्बराउँदै छन्, त्यो हिजो मात्रको त कुरा हो । नेपाली क्रान्ति कथाका यी नायकप्रति सदा ऋणी रहने छन् नेपाली ।

रेणु स्मृति ग्रन्थ नवनीत प्रकाशन

* * *

रेणुको मैला आचल उपन्यास वीपीको जेल डायरीमा (२०८०)



रेणुको मैला आँचलको केही अंश मैले पत्रपत्रिकामा पढेको हो । मैला आँचलमा कोशी अस्पताल विराटनगरको कथा प्लट रहेको छ । यहाँ कोशीको बाढी विनाशबाट धनजनको क्षति हुँदा बिरामी अस्पतालको बेडमा उपचार गराउन आउँदा रहेछन् । उपन्यासमा समस्त सप्तकोशीको डायन रूपको वर्णन गरेको पाइन्छ । सायद औराही हिङ्नाको गाउँ या गिरिजाबाबु जन्मेको टेडी गाउँलाई कोशी नदीको भेलले जनताको धनजनको विनाश जिल्लाको वर्णन यहाँ पाइन्छ । प्रस्तुत छ वीपी कोइरालाको जेल डायरी २०८० सम्पादक शंकर तिवारी अङ्ग्रेजीबाट अनुवाद पदमबहादुर थापा रहेको यो जेल डायरी यसै वर्ष प्रकाशनमा आएको हो । यस जेल डायरीमा रेणुबारे वीपीले लेख्नुहुन्छ,

अक्टुबर ३० (कार्तिक १४, २०२१)।

बिहानै डा. भट्टराई आए । पल्सको गति अझै अलि कमजोर भए पनि म लगभग ठीक भइसकेको थिएँ । डाक्टरका अनुसार मेरो स्वास्थ्य ठीकठाक थियो । यद्यपि पल्स अलि कमजोर नै थियो । वास्तवमा मेरो कलेजो खराब थियो । डाक्टरले मलाई दिसा परीक्षण गराउने सल्लाह दिए र केही दिन आराम गर्न भने ।

मैला आँचल नाम गरेको उपन्यास पढेँ । यस उपन्यासले हिन्दी साहित्य जगतमा खुब प्रसिद्धि कमाएको थियो । उपन्यासकार रेणुले आफ्नो नयाँ पुस्तकको प्रशंसा भइरहँदा अलि अतिशयोक्तिपूर्ण अभिव्यक्ति पनि दिएका छन् ।

रेणु हाम्रो परिवारसँग पनि जोडिएका व्यक्ति भएका कारण उनको पुस्तकले मलाई ज्यादै सन्तुष्ट बनायो । मैला आँचलमा उनले आफ्नो पात्र

डा. प्रशान्तले बाल्यकालको पृष्ठभूमि निर्माण गर्नका लागि हाम्रो परिवारको चित्रण गरेका छन् । प्रशान्त त्यस उपन्यासमा उपन्यासकारको आदर्श पात्र हो जस्तो पनि लाग्छ ।

पुस्तक भर्खरै छापाखानाबाट आएको हुँदा प्रकाशकले निःसन्देह रेणुकै प्रेरणाले उनकै पटनास्थित निवासमा एउटा पार्टीको आयोजना गरिएका थिए । जब पुस्तक बिक्रीको शिलशिला शुरू भयो, रेणुले सुशीलालाई आफ्नो पुस्तकको पहिलो ग्राहक बनेर आशीर्वाद दिन अनुरोध गरे । पहिलो ग्राहक बनिरहँदा सुशीलाले पुस्तकको अपार सफलताको प्रक्षेपण गरेकी थिइन् । पछि वास्तवमै पुस्तकले पाठक र आलोचकबाट प्रशंसा पाउँदा उनले यसको श्रेय पनि पहिलो ग्राहक बनेर आशीर्वाद दिएकोमा सुशीलालाई नै दिए ।

* * *

जनक्रान्तिमा तारिणी

दुई दिन पहिले पी.आर.ओ. र उसको आत्मिय साथी नेपालको अरूण र यशस्वी कथाकार तारिणी प्रसाद कोइरालाले मिलेर संग्राम समितिको अगाडि एउटा अति आवश्यक सुझाव राखेका थिए । हाम्रो साधारण वायरलेसको । रेंज' काठमाडौं, गोरखपुर, बनारस । कलकत्ता, दार्जिलिङ्गसम्म रहेको छ । किन हामी ब्रोडकाष्ट गर्न ढिलो गर्ने ? सर्वाधिनायकले यो सुझाव स्वीकार गरेर हवाइजहाज पठाएर नयाँ ट्रान्समिटर र ठुलो इञ्जिनियरलाई बोलाइएका छन् । भोलि बिहान ८ बजेबाट नै शर्टवेवको ४१ मिटर बैण्डमा 'प्रजातन्त्र नेपाल रडियो' को प्रसारण शुरु हुनेछ । सबै पत्र प्रतिनिधिलाई समय र मीटरको सुचना गइसकेको छ ।

पी.आर.ओ.लाई धेरै कठिनाईपछि किर्तनमण्डलीको एउटा पुरानो हारमोनियम प्राप्त भयो । तर राती ११ बजे अबेरसम्म पी.आर.ओ. तथा तारिणीप्रसाद डुग्गी तबलाको खोजीमा भौतारी रहे । सबैलाई आश्चर्य लाग्छ सिपाहीलाई एकाएक हरमोनियम र तबलाको आवश्यकता किन पऱ्यो ? र तब 'इवेक्वि कालोनी' म उनीहरू कोकिल गायक गायिका रेणु र तारिणीका बीचमा आत्मिय सम्बन्ध थियो ।

* * *

भारतीय पत्रिपत्रिकामा रेणु बारे लेखिएका रचना बारे पाठक प्रतिक्रियमा-मेरा टिप्पणीहरू

रेणु (जुन अंक) में लेखक श्री कुमार प्रशांत ने कही भी रेणुजीको नेपाल से नही जोडा है । मगर उनका आधा जीवन तो नेपाल ही था । वे विराटनगर में श्री विश्वेश्वर प्रसाद कोइराल के परिवार के एक सदस्य ही माने जाते थे । नेपाल मे राणा तानाशाही को समाप्त करने के लिए उन्होने भी अपने नेतृत्व मे एक मोर्चा कायम किया था । भारत में आपात काल घोषित होने पर वे छिपने के लिए फौरन नेपाली ही आये थे । तब मे उनका इंटरव्यु लेना चाहता था । मगर नेपाल सरकार ने रेणु व कर्पुरी ठाकुर से मिलने और बात करने पर पावंदी लगा दी थी । रेणुजी ने अपने अंतिम दिनों में श्री वि.सं. कोइराला को नेपाल सरकार ने गिरफ्तार कर लिया था ।

रेणुजीका साहित्यिक परिवेश भी नेपाल की कोशी नदी से जुडा था । उनके उपन्यास मे कोशी-क्षेत्र के बढ की चपेट में अति रहने वाले लाखों शोषितों पीडितों के आसु भरे है ।

नेपाल के इतिहास में प्रजामतन्त्र की स्थापना में सहयाता करने वाले भारतीय में श्री जयप्रकाह नारायण एवं स्वर्गीय लोहिया के साथ स्वर्गीय रेणु भी स्मरण किये जायेंगे ।

'रेणु' (जुन अंक) में लेखक श्री कुमार प्रशांत ने कही भी रेणुजी को नेपाल से नहीं जोडा है । मगर उनका आधा जीवन तो नेपाल ही था । वे विराटनगर में श्री विश्वेश्वर प्रसाद कोइराला के परिवार के एक सदस्य ही माने जाते थे । नेपाल में राणा तानाशाही को समाप्त करने के लिए उन्होनें भी अपने नेतृत्व में एक मोर्चा कायम किया था । भारत में आपात-काल घोषित होने पर वे छिपने के लिए फौरन नेपाल ही आये थे । तब मै उनका इन्टरव्यू लेना चाहता था । मगर नेपाल सरकार ने रेणु व कर्पुरी ठाकुर से मिलने और बात करने पर पावंदी लगा दिथी । रेणुजी ने अपने अंतिम दिनों में श्री वि.प्र. कोइराला से मिलने की ख्वाहिश की थी । श्री कोइरालाको नेपाल सरकारने गिरफ्तार कर लिया था ।

रेणुजी का साहित्यिक परिवेश भी नेपाल की कोशी-क्षेत्रके बाढ की चपेट में आते रहने वाले लाखों शोषितो पीडितों के आसुं भरे हे ।

नेपाल के इतिहस में प्रजातन्त्र की स्थापना में सहायता करने वाले भारतीयों में श्री जयप्रकाश नारायण एवं स्वर्गीय लोहिया कें साथ स्वर्गीय रेणु भी स्मरण किये जायेगें ।

अगस्त अंक

१९०८

मुक्ता-गिरीराज आचार्य, कोशी, नेपाल

मत और सम्मत

नेपाली रेणुः १६-२२ अप्रेल, जब भी रेणुजी का प्रसंग आता है तब में भाव विभोर कर उनकी याद में तल्लीन हो जाता हुँ । अफसोस है कि भारत के आपातकाल में रेणुजी जब भूमिगत हो नेपाल आयृ अपने स्वजन भूमि में तो उनका यहाँ ठहरना मुश्किल कर दिया गया । वह अपने अनुज के यहाँ ज्यादा न ठहर नही सके इससे बडी विडंबना और होगी जैसे भी हो उनको नेपाल मे. सरकार की तरफ से सत्कार मिलना चाहिए था क्योंकि वह मात्र एक भारतीय न हो कर नेपाली जनत्रान्ति के महान सिपाही भी थे उन्होनें नेपाल की जनक्रान्ति में सर्वप्रथम भाग लिया था ।

गिरीराज आचार्य सहयोगी संपादक नयी चेतना साप्ताहिक कोशी नेपाल

गिरिराज अचार्य

धर्मपुत्र १९७६, ३१ अक्टुबर नयाँ दिल्ली

प्रस्तुत लेख भारतेन्दु-मोतीरामका साहित्यिक सम्बन्धमा चर्चा गरिएको छ । भारतेन्दु भन्दा मोतीराम धेरै कान्छा भए तापनि हिन्दी साहित्यमा भारतेन्दुको जो स्थान छ त्यही नेपाली साहितयमा मोतीरामको छ । श्रतः दुवै साहित्यिक महारथीहरूको सम्बन्धमा तुलनात्मक अध्ययनले अवश्य केही प्रकाश पार्ला भन्ने आशा राख्या छ ।

नेपाली गद्य साहितयक उन्नायक युवक कवि मोतीराम भट्ट र हिन्दी गद्य पद्य साहित्यका उन्नायक भारतेन्दु हरिशचन्द्रले आफ्नो भाषा र साहित्यको विकास गर्न जे जति योगदन गरेका छन् त्यसको सही मूल्यांकन गर्ने हो भने आजकलका साहित्यकारहरू पनि पछि पर्ने छन् । मोतीराम र भारतेन्दुले आफ्नो समयमा..................................एक अर्काका भाषा र साहित्यको विकासमा सहयोग पुऱ्याउने प्रवर्तकका रूपमा ध्रुवतारा भैं चम्केर अटल भएर रहेका छन् । भार

तेन्दु खोज्दा मोतीरामलाई खोज्नै पर्छ । यी दुवैको साहित्यिक सम्बन्धको विशेषता पनि यहीमात्र छ जबकी मोतीरामले केहि गरौं भन्ने आकांक्षा लिएका बेलामा भारतेन्दुको असमायिक निधन हुन्छ तर पनि मोतीरामले भारतेन्दुको संसर्गमा आएर नेपाली भाषा र साहित्यलाई दिसा निर्देश गर्न चाहीं ठूलो मोका पाए । विश्वमा सेक्सपियर, चसर, वाल्मीकि, होमर झैं नेपाली र हिन्दी साहित्यकाशमा मोतीराम-भारतेन्दु अमर भएर रहेका छन् । जुनवेला भारतेन्दुले भारतमा हिन्दी साहित्यको विकास गर्न अगाडि तम्सेका थिए त्यसवेला भारतवर्षको हिन्दी धेरै कम मानिसले

बोल्थे यदि भारतेन्दुले हिन्दी भाषा र साहितयको उन्नतिमा हात नबढाएको भए आज भारतमा हिन्दीले राष्ट्र भाषाको रूप लिन्थ्यो लिदैनथ्यो त्यो सजिलै अनुमान लगाउन सकिन्छ त्यस्तै प्रकार ले नेपालमा मोतीरामले भानुभक्तले लाएर गएको ईँटको पर्खालमा प्लाष्टर नगरेको भए आज नेपाली भाषा र साहित्यले यो मोड लिदैनथ्यो त्यो पनि सजिलै अनुमान लगाउन सकिन्छ । तर दु:खको कुरा के छ भने मोतीरामभन्दा पनि जेठा भारतेन्दुले आफ्ना पालामा जे जति कामहरू गरेर गए ती सबै यहाँसम्म कि उनको घर, प्रचलनमा ल्याएका वस्तुहरू, पुस्तकहरू कलम कागजसम्म आज पनि बराणसी चौखम्बा स्थित भारतेन्दु कला भवनमा सुरक्षित रहेको छ । तर मोतीरामको जन्मस्थल भोपीको टोल काठमाडौंको कुन गल्लीमा पर्छ हामी ....भुल्लमा पर्छौं । आज उनको घर त हामी पैल्हानु सक्तैनौं भने उनले प्रचलनमा ल्याएका बस्तु फेला पार्न त झन मुस्किलकै कुरो हुन जान्छ । यो सब कुराका अगाडि हामी भारतीय साहित्यकार भन्दा पछाडि नै परेको

अनुभूति हुन जान्छ चाहे हाम्रो भाषा र साहित्यले जतिसुकै गरिमा बढाएको किन नहोस् भानुभक्तको कृतिलाई समयमा नै खोज गरेर मोतीरमले फेला पारे जस्तै हामीले पनि समयमा ध्यान दिएको भए आज यस्तो स्थिति अवश्य आउने थिएन । हामीले केवल मोतीराको जय जयकारमात्र गर्‍यौं तर उनको मुल्यांकन गर्न चाहिं पछिनै पर्‍यौं । हामी मोतीरामका साथमा जतातत‍ै भारतेन्दुको नाम लिन्छौं तर भारमा भारतेन्दु प्रसंगमा कतै पनि मोतीराम प्रसंग लेखिएको देखिदैन यो पनि हाम्रो नै कमजोरी हो न त हामीले मोतीरामलाई खोज्न सक्यौं न त विदेशीलाई उनको परिचय नै दिन सक्यौं । अब पनि हामीले यस सम्बन्धमा गुण गाए तापनि त्यो निरर्थक ने हुन जाने छ । अब विषय बस्तु तिर गई मोतीराम-भारतेन्दु साहित्यिक सम्बन्ध बारे चर्चा गर्न चाहन्छु ।

मोतीरामले भारतेन्दुसँग ज्यादा संसर्ग गर्न पाएनन् तर जति संसर्ग गर्न पाए त्यतिले नै उनीले प्रशस्त अनि आर्जन गर्न सके । काशीमा मोतीराम अध्ययन गर्न

पाँच वर्षको उमेरमा गए त्यसवेला भारतेन्दु काशीमा चकाचक थियो । विद्यार्थी भएको ले मोतीरामले भारतेन्दुका गीत, कविताहरू साहित्यिक गोष्ठिमा सुन्न मौका पाइरहन्थे । भारतेन्दुको अति महत्त्वपूर्ण कविताको निम्न श्लोकले पनि मोतीरामलाई नेपाली साहित्यतिर आमुख गराएको थियो भन्ने कुरा तलबाट थाहा पाउन सक्छौं ।

निज भाषा उन्नतित आहै सब उन्नतिको मूल

विन निज भाषा ज्ञान के मिट त नहियको सूल

हिन्दीमा भारतेन्दुले जे जति काम गरे ठिक त्यही काम नेपाली भाषा र साहित्यका लागि मोतीरामले गरेका छन् भारतेन्दु जीवनीका लेखक ब्रजरत्नदाशले आफ्नो जीवनी मालामा एक ठाउँमा मोतीराम भारतेन्दुको बडो रोचक रमाइलो घटनाको उल्लेख गरेका छन् यो घटनाले मोतीराम भारतेन्दु साहित्यिक सम्बन्धमा अति महत्त्वपूर्ण विषयवस्तु राख्दछ । एकदिन भारतेन्दुको कवि सभा मण्डलीमा समस्या पूर्तिको रोचक बैठक जमिरहेको थियो त्यसवेला मोतीराम पनि भारतेन्दु सभा मण्डलीमा टुप्लुक्क पुगे तर उनी प्रति कसैले ध्यान लगाएन । एकजना कवि बन्धुले त्यही समस्यापूर्तिको शीर्षक निकाले ऐसा भी बेअकल कहीं देखा है आपने

कपडा जला के अपना लगा आग तापने"

यसको जवाफमा मोतीरामले तत्काल समस्यापूर्ति गरि हाले:

"ऐसी चुतिया कही देखा है आपने

कपडा जलाके अपना लगे आग ताप्ने"

यसरी साहसपूर्वक उपर्युक्त श्लोकको उत्ररमा मोतीराम भारतेन्दु कवित्व मण्डलीलाई अवाक तुल्यादिए । मोतीरामको यस्तो तीष्ण विलक्षणा प्रतिभा देखेर भारतेन्दुले तत्काल प्रोत्साहन स्वरूप रु. ५० को पुरस्कार मोतीराको हातमा थमाई पीठ थपथपाइदिए । यसरी युवा मोतीरामले भार तेन्दुबाट प्रेरणा सहयोग दिशावोथ पाएर नेपाली भाषामा भारतेन्दुले हिन्दी भाषामा विकास गरे जस्तै विकास गर्ने अठोट गर्न ठुलो प्रेरणा पाए । यसैले उनले सर्वप्रथम नेपालमा आई भानुभक्तको

रामायण खोजी गरी छपाएर नि?शुल्क वितरण गरे । यतिमात्र नभएर कलाकार समालोचक नाटककार आफैं भई नेपाली भाषा र साहित्यको विकास गर्न महानतम कार्यहरू गरे । मोतीरामले आफ्ना महानतम् श्रद्धेयगुरुको ३५ वर्षको अल्पायुमा मृत्यू हुँदा शोकले विब्हल भएर श्रद्धाञ्जली स्वरूप निम्न उद्‌गार पोखे -

बुद्धिमा सिन्धु जस्ता ? अगम सहनमा भूमि जस्ता सभामा

हुन् क्या बचरूपती झैं सरस वचनले मोह पार्न्या कवितामा ।।

काशीवाशी रसिकका मृदु हृदय विषे सर्वा बीझनामा

तत्पर यस्ता पुरुषको मरणा किन भयो ? गै दिए वेवखत्मा ।।

मोतीराम भट्टले भारतेन्दुप्रति असीम श्रद्धा प्रकट गरेको बाट नै उनको भारतेन्दुप्रतिको महान श्रद्धा अटल भएर रहेको देखिन्छ। मोतीराम पूज्य गुरु भारतेन्दुले एकपल्ट काशी नरेश ईश्वरी नारायण सिंहसँग नेपालके पवित्र तीर्थ स्थल जनकपुरधाममा आएर मोतीरामको प्रिय मातृभूमिलाई चरणस्पर्श गरेर गए । भारतेन्दु यसरी एकपल्ट नेपाल पनि आएकोसम्म प्रमाण भेटिन्छ ।

यसरी भारतेन्दु-मोतीरामले नेपाली र भारतमा एकै समयमा एउटै धरातलमा बसी नेपाली र हिन्दी भाषाके विकास साहित्यको सम्बन्धका लागि एउटै उदेश्यका साथ एकै प्रकारले लगनशील भई काम गरेको देखिन्छ । यतिमा नभई यी दुवै साहित्य महारथीहरूमा एक अर्काको जीवनीमा पनि समान साञ्जस्यता राख्दछ जस्तो कि-

क) भारतेन्दु अंग्रेजी , नेपाली , उर्दु, मराठी, भोजपुरी, अवधी हिन्दीका ज्ञता थिए त्यस्तै प्रकारले मोतीराम पनि अंग्रेजी, हिन्दी, बंगाली, उर्दु, पारसी, नेपाली भाषाका ज्ञाता थिए ।

ख) भारतेन्दुका पालामा काशीका राजा साहित्यमा चाख राख्दथे र प्रोत्साहन दिन्थे त्यस्तै मोतीरामका पालामा पनि नेपालका श्री ३ देव शमसेर बराबर उनलाई प्रोत्साहन दिइरहन्थे ।

ग) भारतेन्दुको पुत्र सन्तान भएन पुत्री भयो तर मोतीरामका सन्तान भएनन् ।

घ) भारतेन्दुले मर्ने बेलामा भनेका थिए ।।।मैले यस जहाजमा जुन माल लादेर ल्याएको छु त्यो सबै बन्दरगाहमा उतारी दिएँ। अब जहिले सुकै पनि जहाजलाई वापस बुलाउन सकिन्छ । यता मोतीरामले आफ्नी आमालाई भने ।।। आमा मेरा सन्तान भएनन् भनेर दु:ख नमान्नु मेरा यिनै पुस्तक मेरा सन्तान हुन् । यिनलाई जतनसँग राखिदिनू ।

ङ) भारतेन्दु दानी, उद्यमी, श्रमी, उत्साही, उदार, सत्यवादी थिए मोतीराम पनि दानी, अध्यात्मवादी, सत्यवादी थिए ।

च) भारतेन्दु र मोतीराम दुवै दीर्घ रोगी थिए । भारतेन्दु लामो ज्वरोले परलोक भए । यस्तै मोतीराम पनि टी.वी. रोगको लामो ज्वरोले परलोक भएका थिए ।

छ) भारतेन्दुको जन्म १८५० भाद्रपद ऋषि पञ्चमी हो । मोतीराम को जन्म सन् १८६६ भाद्रपद कुशे औसी हो । यी दुवैको जन्म एक विशेष तिथिमा परको छ । यी दुवैको अत्यन्त अल्पायुमानै नै निधन भयो । भारतेन्दु ३५ वर्षमा र मोतीराम ३० वर्ष

मै परलेक भए । यस अवधिमा भारतेन्दुले ४० ग्रन्थ र मोतीरामले २२ ग्रन्थ लेखेका छन् । यी दुवैका केहि ग्रन्थहरू आजसम्म फेला पर्न सकेका छैनन् ।

ज) यी दुवै साहित्यकारलाई संस्कृत वाङ्गमयले प्रभावित पारेको छ । त्यसैले भारतेन्दुले सत्य हरिशचन्द्रको हिन्दीमा उल्था गरे मोतीरामले अभिज्ञान शाकुन्तलको नेपालीमा अनुवाद गरे ।

झ) भारतेन्दुको विवाह १३ वर्षको उमेरमा भयो । मोतीरामको विवाह पनि १३ वर्षकै उमेरमा भयो ।

ञ) भारतेन्दुले हिन्दीमा प्रशस्त पुस्तक छपाई निःशुल्क वितरण गरे । मोतीरामले पनि नेपालीमा प्रशस्त पुस्तक छपाई निःशुल्क वितरण गरे ।

ट) यी दुवैको भाषामा ब्रज भाषाको प्रभाव पाइन्छ ।

ठ) यी दुवै नाटक र गाउनमा उस्ताद थिए ।

ड) यी दुवैले समस्या पूर्तिको अभियान सफलताका साथ चलाए ।

यी बाहेक भारतेन्दुको हरेक प्रभाव मोतीराममा परेको छ । भारतेन्दुले गरेको हरेक क्रियाकलापका पछि मोतीराम दौडेका छन् । यसरी भारतेन्दु मोतीरामको साहित्यिक सम्बन्धको फलस्वरूप नेपाली भाषा र साहितयले आफ्ना निकटम छिमेकी मित्र राष्ट्र भारतका साहित्यकार बाट बराबरी प्रेरणा पाइरहेछ आज पनि । मोतीराम भारतेन्दु साहित्यिक सम्बन्धको क्रममा भार तेन्दुका पनाति बनारस हिन्दु विश्व विालयक विज्ञानका प्राध्यापक गिरीशचन्द्रले भारतेन्दु नाट्य परिषद दतियाना पटनाद्वारा भारतेन्दु स्मारिका १९७७ मा भारतेन्दु मण्डलको एक अछुते नक्षत्रको नाममा मोतीराम भट्ट बारे चर्चा गर्नु भएको छ र मोतीराम भारतेन्दुका विषयमा यी लेख सर्वप्रथम हिन्दी भाषामा महत्त्व दिई लेखिएको बुझिन्छ ।

अन्तमा भारतेन्दु मोतीराम साहित्यिक सम्बन्धको क्रममा एउटा दीर्घकालिन योजना बनाई केहि शोधकर्तालाई बनारस पठाई व्यापक रूपमा छानविन गराएमा एकदिन भारतेन्दुको जस्तै मोतीराम बारे बाँकी धेरै तथ्य पत्ता लगाउन सक्छौं । हुन सक्छ मोतीरामको वास्तविक चित्र पनि हाम्रा हात लागोस् । मोतीरामले आफ्नो चित्रको पद्यमा बयान गरेका छन् आफ्नो हुलिया दिएर ।

चित्रप्रेमी मोतीरामको काशीमा अवश्य पनि चित्र खिचाएका होलान् भारतेन्दुको चित्र आज सुलभ छ भने खोजी गर्दै लगेमा मोतीराम को चित्र पनि सुलभ हुनेछ ।

* * *

परिच्छेद दुई
मोती-भारतेन्दु

भूमिका

मोतीराम भट्टको प्रेरणास्रोत-भारतेन्दु हरिश्चन्द्र

प्रा.डा. गोपाल भण्डारी

'मोतीराम-भारतेन्दुः तुलनात्मक अध्ययन' नामक प्रस्तुत ग्रन्थको समग्र अवलोकन गर्न पाउँदा मलाई ज्यादै खुशी लाग्यो । यो ग्रन्थ तयार पार्न यसका लेखक गिरिराज आचार्यले धेरै पहिलेदेखि नै मेहनत गर्नुभएको देखिन्छ । मोतीराम भट्टमा केन्द्रित भएर उहाँले धेरै अघि लेख्नुभएका अनुसन्धानात्मक लेखलाई पुनःनिरीक्षण र सम्पादन गरी यस ग्रन्थको रूप दिनुभएको हो ।

गिरिराज आचार्य कवि, कथाकार, नाटककार, उपन्यासकार, अनुसन्धाता तथा पत्रकारका रूपमा समेत सुपरिचित हुनुहुन्छ । उहाँले तीन दशकभन्दा बढी समयदेखि वाङ्मय साधना गरिसक्नुभएको छ । उहाँका नवीनतम कृति क्रमशः पाठक समक्ष आइरहेका छन् । उहाँलाई एकान्त साधक तथा सामाजिक जीवनका ज्ञाता मान्न सकिन्छ । नेपाली साहित्यका विभिन्न कालखण्डका विशेषतामा केन्द्रित रहेर उहाँले धेरै काम गरिसक्नु भएको छ । उहाँले भानुभक्त आचार्य तथा लक्ष्मीप्रसाद देवकोटाजस्ता विशिष्ट प्रतिभाका विषयमा उल्लेखनीय खोज कार्य गरिसक्नुभएको छ । विगतको लामोसमयदेखि 'पूर्व-टाइम्स' साप्ताहिक पत्रिकाको सम्पादन गरी नेपालको प्रजातान्त्रिक आन्दोलनमा समर्पित हुनुभएका गिरिराज आचार्य आफैं एक स्वतन्त्रताका सेनानी हुनुहुन्छ । जननायक वीपी कोइरालाका विशेष प्रिय पात्र बन्नुभएको गिरिराज आचार्य सर्वोच्च कमाण्डर गणेशमानजीका विशिष्ट अनुयायी मानिनुहुन्छ । गिरिराजजी लेखन र संघर्ष दुवैमा अग्रणी स्थान राख्ने सफल एक योद्धा कलमवीर हुनुहुन्छ । उहाँले धरानका साहित्यिक वातावरणमा आफूलाई स्थापित गराउँदै कैयौं ऐतिहासिक कार्य सम्पन्न गर्नुभएको छ । उहाँका यिनै विशिष्टता र योगदानको कदर गर्दै

धेरै संघसंस्थाले उहाँलाई सम्मान, प्रशंसा र पुरस्कारबाट समेत विभूषित गरिसकेका छन् । ज्यादै उत्साही तथा परिश्रमी अन्वेषक गिरिराज आचार्यको प्रस्तुत कृति निकै महत्त्वपूर्ण रहेको छ ।

नेपाली साहित्यका माध्यमिक काल (सं.१९४१-१९७४) लाई शृङ्गारिक युग भनिन्छ । सो कालको नेतृत्व युवक कवि मोतीराम भट्ट (सं.१९२३-१९५३) ले गरेको मानिन्छ। खासगरी मोतीराम भट्टले आदिकवि भानुभक्त आचार्यको जीवनी खोजेर प्रकाशन गरेर उनैको रामायण सम्पादन गरी प्रकाशित समेत गरे । त्यसैगरी सामुहिक रूपमा कविता रचना गर्ने परिपाटिको विकास गरे भने समकालीन कविको मूल्याङ्कन गरी उपयुक्त उपाधि प्रदान गर्ने कार्यको समेत थालनी गरे । मोतीराम भट्टले नै भानुभक्तलाई 'आदिकवि' र राजीवलोचन अघिल्लो पुस्ताको खोजी गर्ने समकालीनलाई प्रोत्साहित गर्ने र साहित्यलाई राष्ट्रियताको संवर्द्धनका निमित्त उपयोग गर्ने चेतनासमेत प्रदान गरेका हुन् । उनले नेपाली साहित्यलाई मुद्रणको युगतर्फ प्रविष्ट गराएका हुन् भने शासकदेखि सर्वसाधारण जनतासम्मलाई नेपाली साहित्यबाटै आनन्द र मनोरञ्जन प्राप्त गर्न सकिन्छ भनी ध्यानाकर्षण गराएका हुन् । नेपाली साहित्यमा 'समस्यापूर्ति कविता' भित्र्याउने र 'गजल'को प्रचलन शुरू गर्ने व्यक्ति समेत उनै हुन् । तीस वर्षका उमेरमा गर्नसक्नेभन्दा धेरै काम मोतीराम भट्टले गरेको देखिन्छ । यस्ता असाधारण साधन युवककवि मोतीराम भट्टका बहुविधि पक्षका विषयमा निरन्तर खोजी कार्यलाई अगाडि बढाउँदा एउटा न एउटा नयाँ कुरा फेला पर्न सक्तछ र नेपाली साहित्यको ऐतिहासिक कालखण्डमा अपूर्ण रहेको कैयौं अभावलाई पूर्ण गर्न सहयोग मिल्दछ । प्रस्तुत ग्रन्थबाट पनि यी कुराको अपेक्षा गर्न सकिन्छ ।

युवकको मोतीराम भट्ट अध्ययनका शिलशिलामा काशी गएका र त्यहाँ हिन्दीका प्रसिद्ध साहित्यकार भारतेन्दु हरिश्चन्द्र (सन् १८५०-१८८५) सँगे भेट गरी साहित्यिक प्रेरणा प्राप्त गरेका थिए भन्ने कुरा इतिहासबाट अवगत

भएको हो तर भारतेन्दुकै पनाति प्रा.)गिरिश्चन्द्र चौधरीले आफ्ना प्रपितामह र मोतीराम भट्टको साहित्यिक सम्बन्धका विषयमा लेखेको कुनै लेख समेत छ भन्नेकुरा यसअघि खोजिभएका थिएनन्, तर हाम्रो गिरिराजजीले सो कुरा सप्रमाण प्रस्तुत गरिदिएर नेपाली साहित्यमा सान्निध्य अध्येतालाई प्रशस्त मार्ग खोलिदिनुभएको छ । यस ग्रन्थमा सङ्कलित सबै सामग्री महत्त्वपूर्ण नै छन् । तिनमा पनि प्रा. गिरिश्चन्द्रको लेख ज्यादै मूल्यवान् र ऐतिहासिक छ । यस ग्रन्थमा सङ्कलित प्रथम लेखमा मोतीराम भट्टका विविध व्यक्तित्वलाई विभिन्न उपशीर्षक दिई अनुसन्धानले स्पष्ट पार्नुभएको छ । यसमा भट्टजीको पारिवारिक जीवनको परिचय समेत समावेश गर्न सकेको भए अझैं राम्रो हुने थियो भन्न सकिन्छ । दोस्रो लेख 'मोतीराम भारतेन्दु साहित्यिक सम्बन्धमा' दुवै लेखकको तुलनात्मक अध्ययन गरी अनुसन्धातले साह्रै महत्त्वपूर्ण सूचना दिनुभएको छ । यस्तै मोतीराम भट्ट कृत 'पञ्चकप्रपञ्च' एक दृष्टिमा पनि उल्लिखित कृतिको राम्रो समीक्षा गरिएको छ भने 'मोतीका सेवक गोपाल पाँडे असीमः एक अविस्मरणीय सम्झना' म भाषासेवी गोपाल पाँडेको थयोचित मूल्याङ्कन गरिएको छ । 'भारतेन्दुको निधनमा मोतीरामको शोक कविता'ले मोतीरामका दृष्टिमा भारतेन्दु कस्ता थिए भन्ने स्पष्ट पारेको छ । 'मोती-भारतेन्दु सेतु'ले पनि भारतीय साहित्यकारका माझमा मोतीराम र भारतेन्दुको सहसम्बन्धको परिचर्चा भएको उल्लेख गरिएको छ। साहित्यकारका पारस्परिक सम्बन्धले एक अर्कामा सहयोग पुग्न सक्तछ भन्ने तथ्य यस लेखले अगाडि सारेको छ ।

समग्रमा गिरिराज आचार्यद्वारा सङ्कलित यस ग्रन्थमा मोतीराम भट्टका विषयमा नयाँ जानकारी प्राप्त हुने आशा र विश्वास लिएको छु । मोतीराम भट्टका विषयमा खोजी गर्ने धेरै अन्वेषक, अनुसन्धााता, शोधार्थी र इतिहासकारले कैयौं नयाँ सूचना प्रकाशित गरिरहेका छन् । तिनै शोधार्थीका बीचमा अनुसन्धाता गिरिराज आचार्यको स्थान पनि सुरक्षित हुनेछ भन्ने मलाई लागेको छ । आफ्ना पूर्वज कविका विषयमा यस प्रकारले जिज्ञासा राख्नु तिनीहरूका कृतिको खोजी र मूल्याङ्कन गर्नु तथा समकालीन कविका विषयमा नयाँ तथ्य प्रकाशित गर्नु ज्यादै महत्त्वपूर्ण र प्रशंसनीय कार्य हो । अनुसन्धानकर्ता गिरिराज आचार्यले यस ग्रन्थका माध्यमबाट सिङ्गो नेपाली साहित्यलाई नै राम्रो कोशेली दिनुभएको छ । यस ग्रन्थको सबैतिरबाट समुचित कदर हुनेछ भन्ने आशा राखेको छु ।

मोतीराम भट्ट जीवित हुँदै देवशमशेर 'श्री ३ महाराज' हुन सकेका थिएनन् । मोतीराम भट्टका सहपाठी वा मित्र चाहिँ हुन सकेका देवसमशेर (सं.१९५८) 'श्री ३ महाराज' भएपछि मोतीराम भट्टका सुधारात्मक सुझाव सम्झेर केही सुकार्य (गोरखापत्रको स्थापना, भाषा पाठशालाको स्थापना)हरू गरे भन्ने चर्चा सुनिएको हो । यस ग्रन्थमा सो कुरालाई साङ्केतिक रूपमा परिचर्चा गरिएको छ । दरबारी षड्यन्त्रका शिकार बन्न पुगेका देवशमशेर तीन महिनाको ज्यादै छोटो अवधिसम्म 'श्री ३' मा कायम हुन सकेका हुन् । त्यसपछि उनलाई धनकुटा लखेटी चन्द्रशमशेर 'श्री ३' भए । मोतीराम भट्टको प्रभाव उनको मृत्युपश्चात् पनि नेपाली साहित्यमा घनीभूत हुन पुगेको थियो किनभने मोतीराम भट्टले प्रारम्भ गरेको शृङ्गारिक भावधाराले सं. १९७४ मा 'सूक्तिसिन्धु'को स्वरूप प्राप्त गरी पूर्णता पाएको थियो । तसर्थ मोतीराम भट्टले नै उत्तरोत्तर प्रेरणा र प्रगतिका आधार बन्नपुगेका हुन् । आशुकवि शम्भुप्रसाद र लेखनाथ पौडेलसमेत मोतीकै उत्तराधिकारी हुन्भन्दा अत्युक्ति हुनेछैन । तिनै मोतीरामलाई यहाँ गिरिराजजीले अझ फराकिलो पार्नुभएको छ । तसर्थ उहाँलाई 'साधुवाद' भन्नैपर्छ ।

* * *

मोतीराम भारतेन्दु तुलनात्मक अध्ययन

नेपाल र भारतका यी प्रख्यात साहित्यकारको चर्चा हामीले बराबर गर्दै आए पनि यी महारथीका बारेमा अनुसन्धान हुन सकेको छैन । जुन खोजको विषय भएको छ ।

यही खोजको शिलशिलामा भारतेन्दुको बारेमा सन् १९७६ को शुरूको महिनामा भारतेन्दुबारे एउटा आलेख मैले पढ्न पाएको थिएँ । सो आलेखमा भारतेन्दुको मोतीरामसँगको सम्बन्धबारे केही चर्चा गरिएको थिएन । त्यसैले भारतीयलाई पनि सो कुराको जानकारी होस् भनेर मैले भारतको बम्बईबाट प्रकाशित हुने धर्मयुग साप्ताहिकमा एउटा पत्र प्रेषित गरें, जुन छापियो पनि ।

सो पत्रमा मैले धर्मयुगको अघिल्लो अङ्कमा छापिएको सामग्रीबारे जिज्ञासा राख्दै मोतीराम-भारतेन्दु प्रभाव, सम्बन्ध तथा समानताबारे चर्चा गरेका थिएँ । सो पत्र प्रेषित गर्दा मैले सहयोगी सम्पादक नयाँचेतना साप्ताहिक मलाई मौखिक रूपमा बधाइ पनि दिए । सो पत्र प्रेषित गर्दा मैले सहयोगी सम्पादक नयाँचेतना साप्ताहि भनी आफ्नो परिचय पनि दिएका थिए । मलाई लाग्छ सो पत्रले भारतीय साहित्यकारमा चासो उत्पन्न गरेको हुनुपर्छ ।

यही खोजको शिलशिलामा मैले भारतेन्दु स्मृति सङ्ग्रहालयमा पत्र लेखे । पत्रमा नेपालका प्रख्यात कवि मोतीराम भट्टबारे के ही जानकारी भए मलाई सामग्री उपलब्ध गराइदिन अनुरोध गरें । मैले त्यो पत्र नोभेम्बर १२, १९७६ मा लेखेको रहेछ । सो पत्रको प्रतिउत्तर मैले पाएँ, भारतेन्दुका साख्यै पनाति बनारस हिन्दु विश्वविद्यालयका प्रोफेसर गिरिश्चन्द्रबाट । सो पत्रको प्रतिउत्तरमा प्रो. गिरिश्चन्द्रले ९ डिसेम्बर १९७६ मा लेखेका थिए । पत्रमा भनिएको छ मैले तपाईले धर्मयुगमा छपाइएको

पत्र पढें र त्यो धर्मयुग पनि खरिद गरेर राखेको छु । मोतीराम भारतेन्दुबारे मलाई केवल केही सूचना मात्र थियो, त्यही बेलादेखि म यो खोजमा थिएँ । सके मलाई कुनै पत्र प्राप्त होस् कहींबाट जस्तो तपाईले पठाउनुभयो । उहाँले पत्रमा मोतीरामबारे केही थाहा पाए आफूलाई जानकारी पठाउने कुरा लेख्नुभयो । उहाँले मैले भारतेन्दुप्रति देखाएको सद्भावका लागि मलाई परिवारका तर्फबाट धन्यवाद पनि दिनुभयो ।

यसपछि मैले ६, १९७७ मा अर्को पत्र लेखें सो पत्रको प्रत्युत्तरमा प्रो. गिरिश्चन्द्रले मैले मोतीरामबारे पठाइदिएको जीवनी प्राप्त भएको उल्लेख छ । पत्रमा आफू विश्वविद्यालयको काममा अति व्यस्त रहेकाले मोतीराम भारतेन्दुबारे थप खोजबिन हुन नसकेको असमर्थता जनाइएको थियो । पत्रमा उहाँले नेपाली हिन्दी सभाको व्यवस्था भए कस्तो हुन्थ्यो लेख्नुभएको थियो ।

सो पत्रको प्रतिउत्तरमा मैले मई २७७ मा अर्को पत्र लेखें । त्यसको जवाफ जुलाई ५ मा उहाँले मलाई लेख्नुभयो । पत्रमा मोती भारतेन्दु हिन्दी परिषद्को स्थापना गर्ने इच्छा राखेको लेख्नुभयो । यो परिषद्बाट हिन्दी भाषाको साहित्य नेपालीमा र नेपालीको हिन्दीमा प्रचार प्रसार होस् भन्ने थियो । यसबाट एक अर्को देशका जनतालाई नजिक ल्याउने प्रयत्न हुन्थ्यो । उहाँले पत्रमा लेख्नुभयो यस्तो परिषद् काशीको भारतेन्दुको भवन र नेपालमा पनि होस् । अघिल्लो पत्रमा उहाँ ले मलाई भारतेन्दुको डाक टिकट प्राप्त भएको छ या छैन भनेर लेख्नुभएको थियो ।

यसैगरी १९७७ डिसेम्बर २६ मा गिरिश्चन्द्रले लेख्नुभएको थियो । धेरै दिनदेखि कुनै पनि समाचार नपाएकेमा म चिन्तित छु । मैले भारतेन्दु र मोतीरामबारे एउटा लेख लेखेको छु सो पत्रिका साथमा पठाएको छु ।

सो पत्रिका भारतेन्दु स्मरिकाका रूपमा पटनाको भारतेन्दु नाट्य परिषद् दतियाना, पटनाबाट १९७७ डिसेम्बरमा छापिएको थियो । प्रो. गिरिश्चन्द्रले सो लेख मेरो लेखलाई सन्दर्भ दिएर लेखेका थिए । मेरो सो लेख सुनसरी साहित्य प्रतिष्ठानको मोतीराम भट्टको स्मृतिमा मोतीराम विशेषाङ्कका रूपमा छापिएको थियो । मेरो लेखको शीर्षक थियो 'मोतीरामको बहुआयामिक व्यक्तित्वको समग्र चिन्तन' सो लेख एउटा गैरहिन्दी भाषाले नेपालीम पढेर हिन्दीमा लेख्नु भनेको भारतेन्दुको पनातिले मोतीरामलाई हिन्दी भाषी क्षेत्रमा परिचय गराउन गरेको प्रयास मान्नुपर्छ ।

प्रो. गिरिश्चन्द्रले सो लेखमा उल्लेख गरेको प्रसङ्ग यहाँ उल्लेख छ, जस्तो कि. प्रो.गिरिश्चन्द्र लेख्छन् 'नेपाल के साप्ताहिक नयाँचेतना के सहयोगी

सम्पादक गिरिराज आचार्य ने एक अमूल्य समाचार गत वर्ष दिया। नेपाली भाषा साहित्य के पृष्ठपोषक कविवर मोतीराम भट्टका बडा भारी सम्पर्क उन से खोज निकाला। यह तथ्य तो स्वीकार्य है ही कि भारतेन्दु प्रभा नेपाल भी काशी से पहुँची होगी। तो ज्ञानी से ज्ञानीका मिलना अस्वभाविक क्यौं ? मोतीराम भट्ट के साहित्यको नेपाल में उसी दृष्टि सें देखा जा है जिस दृष्टि से भारतेन्दु।'

उक्त लेखमा मोतीराम-भारतेन्दुबारे मेरो लखकै आशय हिन्दीबाट लेखिएको छ, जुन कुरा सगर्व प्रो. गिरिश्चन्द्रले लेखमा उल्लेख गरेका छन्।

उनको लेखलाई जस्ताको तस्तै हिन्दी भाषामा यहाँ समावेश गरिएको छ।

यसरी हामी बीचमा मोतीराम भारतेन्दुबारे एक अर्का देशमा चर्चा परिचर्चा चलिरह्यो। मेरो पत्र व्यवहार पनि चलिरह्यो। यसैक्रममा २०३३ सालमा मोतीराम स्मृति भवनको समुद्घाटन एवं प्रतिमाको अनावरण श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेवबाट भयो। सो प्रतिमाको पहिलो शिलान्यास सिंहदेवी चौकमा २०२६ मा नाट्यसम्राट् बालकृष्ण समले गर्नुभएको थियो। तर पछि प्रतिमास्थान धरान नगरपालिका हाताभित्र रोजियो, सुरक्षाका दृष्टिले नेपाली शिक्षा परिषद्का संस्थापक गोपाल पाँडेले त्यही ठाउँ रोज्नुभयो। फलस्वरूप २०३१ मा श्री ५ वीरेन्द्रको राज्यभिषेकमा भाषाशास्त्री महानन्द सापकोटाले सो प्रतिमास्थलको शिलान्यास गर्नुभएको थियो।

मोती स्मृति भवनको मोती प्रतिमाको तस्वीर मैले पठाएँ। साथै मेरो तस्वीर पनि १९७८ मार्च २८ मा प्रो. गिरिश्चन्द्रले मोतीरामको तस्वीरसहित मेरो तस्वीर र पत्र पाएर आनन्द लागेको कुरा लेख्नुभयो। पत्रमा उहाँले उहाँको पत्र मैले नेपालको पत्रिकामा छापिएकोमा पनि खुशी व्यक्त गर्नुभयो।

यो पटक तस्वीर पठाउँदा मैले मेरो गुरु हरिभक्त न्यौपानेका बारेमा चर्चा गरेका थिएँ। हरिभक्त न्यौपाने त्रिविबाट मोतीराम भट्टका बारेमा पीएचडी गर्दै हुनुहुन्थ्यो। सोही शिलशिलामा मैले उहाँलाई मेरो धर्मयुगमा छापिएका पत्र र त्यसपछि प्रो. गिरिश्चन्द्रसँग सम्पर्क भएको उल्लेख गर्दै उहाँलाई बनारसमा प्रो. गिरिश्चन्द्रसँग भारतेन्दु भवनमा सम्पर्क राख्न ठेगाना दिएँ। यता मैले यसको जानकारी प्रो. गिरिश्चन्द्रलाई पनि दिएँ। त्यसले गर्दा यो पटकको पत्रमा गिरिश्चन्द्रले मलाई हरिभक्त गुरुसँग भेट भएको र उहाँसँग साहित्यिक चर्चा भएकाले मोतीरामबारे आफूलाई धेरै ज्ञान भएको कुरा लेख्नुभयो।

यसैगरी प्रो. गिरिश्चन्द्रले मार्च १२/१९७८ मा अर्को पत्र लेख्नुभयो । पत्रमा उही पुरानै कुरा दोहोऱ्याइएको थियो ।

यसरी धर्मयुगबाट मोतीरामका समकालीन अग्रज भारतका प्रख्यात हिन्दी साहित्यका महारथी भारतेन्दुबारे जान्ने मेरो जिज्ञासा शान्त भयो । मेरो माध्यमबाट कमसेकम मोतीराम भारतेन्दु सम्बन्ध पहिल्याउन सेतुको काम भयो । अब त गुरु हरिभक्त न्यौपाने त्यहाँ पुगेर शोध गरेका कुरा पनि होलान् कमसेकम सानै भए पनि मेरो व्यक्तिगत प्रयास नेपाल भारत साहित्य सेतु हुन पुगेकोमा मलाई सन्तोष लागेको छ । साथसाथै मेरो माध्यमबाट पहिलोपल्ट नेपाली साहित्यको इतिहास र मोतीरामबारे भारतीयलाई जानकारी गराउने काम हुनुपुग्यो । धर्मयुगको सानो पत्र समस्त भारतीय विद्वान्लाई ध्यानाकर्षण गर्न सफल रह्यो ।

अहिले हामीबीच पत्र व्यवहारको सेतु बन्द भएको पनि २५ वर्ष भइसक्यो । अहिलेसम्म मोतीराम भारतेन्दु खोज अनुसन्धान अघि बढ्न सकेको छैन । आशा छ, भविष्यमा यी पत्र मोतीराम भारतेन्दुलाई रोज्न सेतुको काम गर्नेछन् ।

* * *

धर्मयुगमा भारतेन्दु संस्मरण

धर्मयुग में श्री राय कृष्ण दा का भरतेन्दु संस्मरण पढ्ने का गौरव मिला, वास्तव में उसमें हिन्दी भाषा के पृष्ठपोषक भारतेन्दु हरिचन्द्र का जो चित्र प्रस्तुत किया गया हैं वह भूला नही जा सकता पर उसमें नेपाली भाषा साहित्य के पृष्ठपोषक श्री मोतीराम भट्टका उल्लेख नही था भारतेन्दुजी ने ही मोतीराम भट्टको साहित्यिक क्षेत्र में प्रोत्साहित तथा प्रशिक्षित किया था मोतीराम उनको अपना गुरु मानते थे । भारतेन्दुजी का नाम नेपाली साहित्य मे मोतीराम भट्टके नाम के साथ अमर है । फिर ये दोनो साहित्यकार पडोसी देश के आपसी मित्र थे दोनो ने हिन्दी और नेपाली साहित्य के विकास के लिए कोइ कसर न छोडी आज नेपाली साहित्य को मोतीराम के संदर्भ मे बहुत सारी जानकारीयां प्राप्त करनी है और ये भारतेन्दु की जीवनी के माध्यम से ही उपलब्ध हो सकती है ।

गिरिराज आचार्य सहयोगी संपादक नयी चेतना साप्ताहिक कोशी नेपाल

गिरिराज अचार्य

धर्मपुत्र १९७६, ३१ अक्टुबर नयाँ दिल्ली

प्रस्तुत लेख भारतेन्दु-मोतीरामका साहित्यिक सम्बन्धमा चर्चा गरिएको छ । भारतेन्दु भन्दा मोतीराम धेरै कान्छा भए तापनि हिन्दी साहित्यमा भारतेन्दुको जो स्थान छ त्यही नेपाली साहित्यमा मोतीरामको छ। अतः दुवै साहित्यिक महारथीहरूको सम्बन्धमा तुलनात्मक अध्ययनले अवश्य केही प्रकाश पार्ला भन्ने आशा राख्या छ ।

नेपाली गद्य साहित्यक उन्नायक युवक कवि मोतीराम भट्ट र हिन्दी गद्य पद्य साहित्यका उन्नायक भारतेन्दु हरिश्चन्द्रले आफ्नो भाषा र साहित्यको विकास गर्न जे जति योगदन गरेका छन् त्यसको सही मूल्यांकन गर्ने हो भने आजकलका साहित्यकार पनि पछि पर्ने छन् । मोतीराम र भारतेन्दुले आफ्नो समयमा.... एक अर्काका भाषा र साहित्यको विकासमा सहयोग पुऱ्याउने प्रवर्तकका रूपमा ध्रुवताराझैं चम्केर अटल भएर रहेका छन् । भारतेन्दु खोज्दा मोतीरामलाई खोज्नै पर्छ । यी दुवैको साहित्यिक सम्बन्धको विशेषता पनि यहीमात्र छ जबकि मोतीरामले केही गरौं भन्ने आकांक्षा लिएका बेलामा भारतेन्दुको असमायिक निधन हुन्छ तर पनि मोतीरामले भारतेन्दुको संसर्गमा आएर नेपाली भाषा र साहित्यलाई दिसा निर्देश गर्न चाहिँ ठूलो मोका पाए ।

विश्वमा सेक्सपियर, चसर, वाल्मीकि, होमरझैं नेपाली र हिन्दी साहित्यकाशमा मोतीराम-भारतेन्दु अमर भएर रहेका छन्। जुनबेला भारतेन्दुले भारतमा हिन्दी साहित्यको विकास गर्न अगाडि तम्सेका थिए त्यसबेला भारतवर्षको हिन्दी धेरै कम मानिसले बोल्थे यदि भारतेन्दुले हिन्दी भाषा र साहित्यको उन्नतिमा हात नबढाएको भए आज भारतमा हिन्दीले राष्ट्र भाषाको रूप लिन्थ्यो लिँदैनथ्यो त्यो सजिलै अनुमान लगाउन सकिन्छ त्यस्तै प्रकारले नेपालमा मोतीरामले भानुभक्तले लाएर गएको इँटको पर्खालमा प्लाष्टर नगरेको भए आज नेपाली भाषा र साहित्यले यो मोड लिँदैनथ्यो त्यो पनि सजिलै अनुमान लगाउन सकिन्छ। तर दुःखको कुरा के छ भने मोतीरामभन्दा पनि जेठा भारतेन्दुले आफ्ना पालामा जे जति काम गरेर गए ती सबै यहाँसम्म कि उनको घर, प्रचलनमा ल्याएका वस्तु, पुस्तक कलम कागजसम्म आज पनि बराणसी चौखम्बा स्थित भारतेन्दु कला भवनमा सुरक्षित रहेको छ। तर मोतीरामको जन्मस्थल भोसिको टोल काठमाडौंको कुन गल्लीमा पर्छ हामी .....भुल्लमा पर्छौं। आज उनको घर त हामी पहिल्याउन सक्तैनौं भने उनले प्रचलनमा ल्याएका वस्तु फेला पार्न त झन मुस्किलकै कुरो हुन जान्छ। यो सब कुराका अगाडि हामी भारतीय साहित्यकार भन्दा पछाडि नै परेको अनुभूति हुन जान्छ चाहे हाम्रो भाषा र साहित्यले जतिसुकै गरिमा बढाएको किन नहोस् भानुभक्तको कृतिलाई समयमा नै खोज गरेर मोतीरमले फेलापारे जस्तै हामीले पनि समयमा ध्यान दिएको भए आज यस्तो स्थिति अवश्य आउने थिएन। हामीले केवल मोतीराको जय जयकारमात्र गर्‍यौं तर उनको मूल्याङ्कन गर्न चाहिँ पछि नै पर्‍यौं। हामी मोतीरामका साथमा जताततै भारतेन्दुको नाम लिन्छौं तर भारमा भारतेन्दु प्रसङ्गमा कतै पनि मोतीराम प्रसङ्ग लेखिएको देखिँदैन यो पनि हाम्रो कमजोरी हो न त हामीले मोतीरामलाई खोज्न सक्यौं न त विदेशीलाई उनको परिचय नै दिन सक्यौं। अब पनि हामीले यस सम्बन्धमा गुण गाए तापनि त्यो निरर्थक ने हुन जाने छ। अब विषयवस्तुतिर गई मोतीराम-भारतेन्दु साहित्यिक सम्बन्ध बारे चर्चा गर्न चाहन्छु।

मोतीरामले भारतेन्दुसँग ज्यादा संसर्ग गर्न पाएनन् तर जति संसर्ग गर्न पाए त्यतिले नै उनले प्रशस्त अनि आर्जन गर्न सके। काशीमा मोतीराम अध्ययन गर्न पाँच वर्षको उमेरमा गए त्यसबेला भारतेन्दु काशीमा चकाचक थियो। विद्यार्थी भएकाले मोतीरामले भारतेन्दुका गीत, कविता साहित्यिक गोष्ठीमा सुन्ने मौका पाइरहन्थे। भारतेन्दुको अति महत्त्वपूर्ण कविताको निम्न श्लोकले पनि मोतीरामलाई नेपाली साहित्यतिर आमुख गराएको थियो भन्ने कुरा तलबाट थाहा पाउन सक्छौं।

निज भाषा उन्नतित आहै सब उन्नतिको मूल
विन निज भाषा ज्ञान के मिट त नहियको सूल

हिन्दीमा भारतेन्दुले जे जति काम गरे ठिक त्यही काम नेपाली भाषा र साहित्यका लागि मोतीरामले गरेका छन् भारतेन्दु जीवनीका लेखक ब्रजरत्नदाशले आफ्नो जीवनी मालामा एक ठाउँमा मोतीराम भारतेन्दुको बडो रोचक रमाइलो घटनाको उल्लेख गरेका छन् यो घटनाले मोतीराम भारतेन्दु साहित्यिक सम्बन्धमा अति महत्त्वपूर्ण विषयवस्तु राख्दछ । एकदिन भारतेन्दुको कवि सभा मण्डलीमा समस्या पूर्तिको रोचक बैठक जमिरहेको थियो त्यसबेला मोतीराम पनि भारतेन्दु सभा मण्डलीमा टुप्लुक्क पुगे तर उनीप्रति कसैले ध्यान लगाएन । एक जना कवि बन्धुले त्यही समस्यापूर्तिको शीर्षक निकाले

"ऐसा भी बेअकल कहीं देखा है आपने
कपडा जला के अपना लगा आग तापने"

यसको जवाफमा मोतीरामले तत्काल समस्यापूर्ति गरि हाले:

"ऐसी चुतिया कही देखा है आपने
कपडा जलाके अपना लगे आग ताप्ने"

यसरी साहसपूर्वक उपर्युक्त श्लोकको उत्तरमा मोतीराम भारतेन्दु कवित्व मण्डलीलाई अवाक तुल्याइदिए । मोतीरामको यस्तो तीक्ष्ण विलक्षणा प्रतिभा देखेर भारतेन्दुले तत्काल प्रोत्साहन स्वरूप रु. ५० को पुरस्कार मोतीराको हातमा थमाइ पीठ थपथपाइदिए । यसरी युवा मोतीरामले भारतेन्दुबाट प्रेरणा सहयोग दिशाबोध पाएर नेपाली भाषामा भारतेन्दुले हिन्दी भाषामा विकास गरे जस्तै विकास गर्ने अठोट गर्न ठुलो प्रेरणा पाए । यसैले उनले सर्वप्रथम नेपालमा आई भानुभक्तको रामायण खोजी गरी छपाएर निःशुल्क वितरण गरे । यतिमात्र नभएर कलाकार समालोचक नाटककार आफैं भई नेपाली भाषा र साहित्यको विकास गर्न महानतम् कार्य गरे । मोतीरामले आफ्ना महानतम् श्रद्धेयगुरुको ३५ वर्षको अल्पायुमा मृत्यु हुँदा शोकले विह्वल भएर श्रद्धाञ्जलि स्वरूप निम्न उद्गार पोखे -

बुद्धिमा सिन्धु जस्ता ? अगम सहनमा भूमि जस्ता सभामा
हुन् क्या वचरूपतीझैं सरस वचनले मोह पार्न्या कवितामा ।।
काशीवासी रसिकका मृदु हृदय विसे सर्वा बिझनामा
तत्पर यस्ता पुरुषको मरणा किन भयो ? गैदिए बेबखत्मा ।।

मोतीराम भट्टले भारतेन्दुप्रति असीम श्रद्धा प्रकट गरेबाट नै उनको भारतेन्दुप्रतिको महान् श्रद्धा अटल भएर रहेको देखिन्छ। मोतीराम पूज्यगुरु भारतेन्दुले एकपल्ट काशी नरेश ईश्वरीनारायण सिंहसँग नेपालको पवित्र तीर्थस्थल जनकपुरधाममा आएर मोतीरामको प्रिय मातृभूमिलाई चरणस्पर्श गरेर गए। भारतेन्दु यसरी एकपल्ट नेपाल पनि आएकोसम्म प्रमाण भेटिन्छ।

यसरी भारतेन्दु-मोतीरामले नेपाली र भारतमा एकै समयमा एउटै धरातलमा बसी नेपाली र हिन्दी भाषाको विकास र साहित्य सम्बन्धका लागि एउटै उद्देश्यका साथ एकै प्रकारले लगनशील भई काम गरेको देखिन्छ। यतिमात्र नभई यी दुवै साहित्य महारथीमा एक अर्काको जीवनीमा पनि समान सामञ्जस्यता राख्दछ जस्तो कि-

क) भारतेन्दु अङ्ग्रेजी, नेपाली, उर्दू, मराठी, भोजपुरी, अवधि हिन्दीका ज्ञाता थिए त्यस्तै प्रकारले मोतीराम पनि अङ्ग्रेजी , हिन्दी, बङ्गाली, उर्दू, पारसी, नेपाली भाषाका ज्ञाता थिए।

ख) भारतेन्दुका पालामा काशीका राजा साहित्यमा चाख राख्दथे र प्रोत्साहन दिन्थे त्यस्तै मोतीरामका पालामा पनि नेपालका श्री ३ देवशमसेर बराबर उनलाई प्रोत्साहन दिइरहन्थे।

ग) भारतेन्दुका पुत्र भएनन् पुत्री भए तर मोतीरामका सन्तान भएनन्।

घ) भारतेन्दुले मर्ने बेलामा भनेका थिए 'मैले यस जहाजमा जुन माल लादेर ल्याएको छु त्यो सबै बन्दरगाहमा उतारी दिएँ। अब जहिलेसुकै पनि जहाजलाई वापस बुलाउन सकिन्छ। यता मोतीरामले आफ्नी आमालाई भने 'आमा मेरा सन्तान भएनन् भनेर दुःख नमान्नु मेरा यिनै पुस्तक मेरा सन्तान हुन्। यिनलाई जतनसँग राखिदिनू।

ङ) भारतेन्दु दानी, उद्यमी, परिश्रमी, उत्साही, उदार, सत्यवादी थिए मोतीराम पनि दानी, अध्यात्मवादी, सत्यवादी थिए।

च) भारतेन्दु र मोतीराम दुवै दीर्घ रोगी थिए। भारतेन्दु लामो ज्वरोले परलोक भए। यस्तै मोतीराम पनि टी.बी. रोगको लामो ज्वरोले परलोक भएका थिए।

छ) भारतेन्दुको जन्म १८५० भाद्र ऋषिपञ्चमी हो। मोतीरामको जन्म सन् १८६६ भाद्र कुशेऔंसी हो। यी दुवैको जन्म एक विशेष तिथि परेको छ। यी दुवैको अल्पायुमा नै निधन भयो। भारतेन्दु ३५ वर्षमा र मोतीराम ३० वर्षमै परलेक भए। यस अवधिमा भारतेन्दुले ४० ग्रन्थ र मोतीरामले २२ ग्रन्थ लेखेका छन्। यी दुवैका केही ग्रन्थ आजसम्म फेला पर्न सकेका छैनन्।

ज) यी दुवै साहित्यकारलाई संस्कृत वाङ्मयले प्रभावित पारेको छ । त्यसैले भारतेन्दुले सत्य हरिश्चन्द्रको हिन्दीमा उल्था गरे मोतीरामले अभिज्ञान शाकुन्तलको नेपालीमा अनुवाद गरे ।

झ) भारतेन्दुको विवाह १३ वर्षको उमेरमा भयो । मोतीरामको विवाह पनि १३ वर्षकै उमेरमा भयो ।

ञ) भारतेन्दुले हिन्दीमा प्रशस्त पुस्तक छपाइ निःशुल्क वितरण गरे । मोतीरामले पनि नेपालीमा प्रशस्त पुस्तक छपाइ निःशुल्क वितरण गरे ।

ट) यी दुवैको भाषामा ब्रज भाषाको प्रभाव पाइन्छ ।

ठ) यी दुवै नाटकमा र गाउनमा उस्ताद थिए ।

ड) यी दुवैले समस्या पूर्तिको अभियान सफलताका साथ चलाए ।

यी बाहेक भारतेन्दुको हरेक प्रभाव मोतीराममा परेको छ । भारतेन्दुले गरेको हरेक क्रियाकलापका पछि मोतीराम दौडेका छन् । यसरी भारतेन्दु मोतीरामको साहित्यिक सम्बन्धको फलस्वरूप नेपाली भाषा र साहित्यले आफ्ना निकटम छिमेकी मित्र राष्ट्र भारतका साहित्यकारबाट बराबरी प्रेरणा पाइरहेछ आज पनि । मोतीराम भारतेन्दु साहित्यिक सम्बन्धको क्रममा भारतेन्दुका पनाति बनारस हिन्दु विश्वविद्यालयका विज्ञान प्राध्यापक गिरिश्चन्द्रले भारतेन्दु नाट्य परिषद् दतियाना पटनाद्वारा भारतेन्दु स्मारिका १९७७ मा भारतेन्दु मण्डलको एक अछूते नक्षत्रको नाममा मोतीराम भट्टबारे चर्चा गर्नुभएको छ र मोतीराम भारतेन्दुका विषयमा यी लेख सर्वप्रथम हिन्दी भाषामा महत्त्व दिई लेखिएको बुझिन्छ ।

अन्तमा भारतेन्दु मोतीराम साहित्यिक सम्बन्धको क्रममा एउटा दीर्घकालीन योजना बनाइ केही शोधकर्तालाई बनारस पठाइ व्यापकरूपमा छानबिन गराएमा एक दिन भारतेन्दुको जस्तै मोतीराम बारे बाँकी तथ्य पत्ता लगाउन सक्छौं । हुन सक्छ मोतीरामको वास्तविक चित्र पनि हाम्रा हात लागोस् । मोतीरामले आफ्नो चित्रको पद्यमा बयान गरेका छन् आफ्नो हुलिया दिएर । चित्रप्रेमी मोतीरामको काशीमा अवश्य पनि चित्र खिचाएका होलान् भारतेन्दुका चित्र आज सुलभ छन् भने खोजी गर्दै लगेमा मोतीरामका चित्र पनि सुलभ हुनेछन् ।

* * *

मोतीराम भट्टकृत पञ्चक प्रपञ्चकः एक दृष्टि

युवककवि मोतीराम भट्टकृत 'पञ्चक प्रपञ्च' विक्रम संवत् १९४३ मा भारतको काशी नगरीमा रचिएको हो र रचना गरेको एक वर्षपछि मात्र सम्वत् १९४४ मा काशीको भारत जीवन प्रेसमा मुद्रित भई पहिलोपल्ट एक हजारप्रति प्रकाशित भएर त्यसै साल सो कृति काठमाडौं पठाए । पञ्चक प्रपञ्च उपदेशयुक्त श्लोकमा सर्गबद्ध गरिएको २७ श्लोके पद्यात्मक रचना हो । यसको अन्त्यमा रचना गरेको साल महिना तिथि र वर समेत अङ्कमा नलेखी अक्षरमा नै श्लोकबद्ध गरी मोतीराम भट्टले शुरु गरेका छन् । कुनै पनि रचना शुरू गर्नुभन्दा पहिलो भगवान् श्री गणेशको सम्झना गरेर लेख्ने परम्परालाई निर्वाह गर्दै मोतीराम भट्टले पनि श्री गणेशायनमः लेखेर यसको श्री गणेश गरेको देखिएको छ ।

पञ्चक प्रपञ्च मोतीराम भट्टको शुद्ध नेपाली भाषमा लेखिएको मौलिक रचना भए तापनि यो रचना गर्न प्रेरणा, उत्साह एवं प्रोत्साहन उनलाई तत्कालीन भारतीय हिन्दी साहित्यले गरेको छ । तत्कालीन भारतीय हिन्दी साहित्यको प्रभाव मोतीराम भट्टका प्रायः जसो सबै कृतिमा साहित्यमा पनि तत्कालीन बिग्रँदो नेपाली समाजको उद्धारका लागि लेखिएको हो ।

मोतीराम भट्ट जुन बेला भारतमा बसी शिक्षा लिइरहेका थिए त्यो बेला भारतमा अङ्ग्रेजी शासनको उग्र दब्दबा थियो भने त्यसबेलाका साहित्यिकमा उग्र सामाजिक चेतनाको लहर आइरहेको थिए । अङ्ग्रेजीले आफ्नो व्यवस्थाबाट भारतीय जनतालाई अलमल्याइ रहेका थिए । अनि त्यसका लागि भारतमा जुवा, तास, रक्सी र रण्डीको खुलेआम दुनो सोइयाउने कुटिलता अङ्ग्रेजीले गरी भारतीय जनतालाई ठगिरहेका थिए । अङ्ग्रेजीका यी सबै प्रपञ्चबाट त्रस्त भएका हिन्दी साहित्यका उन्नायक हरिश्चन्द्र किन चुप लागेर बस्तथे ? उनले सन् १८७३ मा

'परि हासिनी' नामक हिन्दी पत्रिकामा एउटा लामो शीर्षकको कविता लेखे । त्यो कविताको शीर्षक थियो 'पञ्चक प्रपञ्च' तर यसमा जुवा, तासको वर्णन नभएर रक्सीको चलनचल्ती र यसको सेवनबाट हुने बेफाइदामा व्यङ्ग्य गरी जनतालाई रक्सीको व्यसनबाट मुक्त हुन आह्वान गरिएको थियो । ठीक यसको दश वर्षको दश वर्षफेरि सन् १८८३ मा हिन्दीमा एउटा कवितासङ्ग्रह 'जुवारी खुआरी' प्रकाशित भयो । यसमा जुवा खेल्नेको दुर्दशाको वर्णन गरीएको थियो । त्यसैले मोतीराम भट्टका मानसपटमा नेपाली भाषामा पनि यस्तै किसिमको एउटा उपदेशात्मक काव्यको रचना गरी सुतेका नेपाली जनतालाई जगाउने काम गर्ने विचार आयो । फेरि मोतीराम भट्टले आदिकवि भानुभक्तको बधूशिक्षा पढेका थिए । बधूशिक्षाद्वारा सफल गृहिणीलाई चेतना जगाउन भानुभक्तले सो रचना गरेका थिए । एक ठाउँमा स्त्री शिक्षा दिँदै आदिकवि भानुभक्तले लेखेका छन् । 'हाँस्नु छैन कदापि नारीले वेश्या हुन्या हाँस्तछन् । वेश्या लौ नहुन् तथापि घरको काम् ती सबै नास्तछन् । र यो पढ्दा आजका नारीले भानुभक्तलाई नारी विरोधी भने तापनि त्यसबेलाको समाजमा उच्छृङ्खल नारीलाई सचेत बनाउने यो एक प्रकारको नैतिक उपदेश मानिन्थ्यो ।

मोतीरामको समयमा जनतालाई शासन व्यवस्थापनबाट अलग राखी अर्कै विषयमा मन दिन यहाँ जुवा, तास, पासा खेल्न छुट थियो स्वयं राणा पनि खेल्ने गर्दथे । तिहारको समयमा त ५ दिनसम्म जुवा, तास खेल्न खुला थियो र त्यसबेला जुवा आफ्नो-आफ्नो गच्छेअनुसार राणादेखि रैतीसम्मले खेल्ने गर्दथे । पाँचदिनसम्म लगातार एकै ठाउँमा खानादेखि लिएर सबै कुराको प्रबन्ध हुन्थ्यो । लखनउका नवाबी परामा जुवाडे हुक्का तान्दै कोही बनारसी पान हसुर्दै मारा मारा छक्का पञ्जा भनी छाती पिट्थे, कोही जुवा हारेर लम्पट हुन्थे को ही जितेर मातिन्थे -जुवाडेको ताल तालको बानी व्यहोरा हुन्थ्यो । उनीहरूलाई जुवाबाट के फाइदा छ वा समाजमा के भइरहेछ भनेर बाहिर हेर्न फुर्सदसम्म हुँदैनथ्यो । देशको राजनीति बारे सोच्ने त कुरै भएन । राणाले पनि यहीं चाहेका थिए । भारतमा अङ्ग्रेजीले जनतालाई कुलतमा लाग्न छुट दिएजस्तै यहाँ पनि कुलतमा लाग्न राणाले खुला छुट दिएका थिए, तर भारतका जनतामा जनचेतना मौलाउन लागेको बेलामा भारतीय माटोमा बसेर अध्ययन गरेका मोतीराम भट्ट किन चुप लागेर बस्तथे ? उनले पनि साहित्यद्वारा जनचेतना बढाउन पञ्चक प्रपञ्चको प्रेरणा पाएर तत्कालै नेपाली भाषामा रचे पनि । यसको रचना गर्दा जुवाडेले केही भन्छन् कि भन्ने शङ्कामा उनले भने-

“गाली गर्नुहवस् बरू म सहुँला, अपसोच् नमानी रति
जुन् जुवाकन खेलि श्रेय नहुन्या क्या खेल्नु घुँडा धसी”

यसरी मोतीराम भट्टले नेपाली सामन्ती समाजमा एउटा खैलाबैला ल्याए । तत्कालीन राणा शासकलाई पञ्चक प्रपञ्चले मनोरञ्जन दियो होला, तर रैती दुनियाँलाई जुवा, तास र पासाको कुलतबाट अलग राखेर देश विकास गर्न घच-घच्याइरहेको थियो भने त्यसबेलाको राजनीतिक वातावरणको संस्कारमा हुर्केका निदाएर बसेको नेपालीलाई जुवा, तास र पासाको संसारबाट अलग गराई राजनीतिक र सामाजिक चेतनाको जागृति फैलाइरहेको थियो । यसप्रकार सामाजिक चेतना ल्याउने नेपाली साहित्यको पुनर्जागरण ल्याउने प्रथम काव्य रचना हो । यो आज पनि उत्तिकै आधुनिक छ जति आजभन्दा साठी वर्ष अगाडि थियो । जबसम्म मोतीराम भट्ट बाँच्ने छन् तबसम्म मोतीराम भट्टकृत पञ्चक प्रपञ्चक नेपाली साहित्यमा अमर कृतिका रूपम रहिरहने छ । अस्तु ।।

* * *

मोतीराम भट्ट र भक्ति परम्परा



नेपाली साहित्यमा वीरकालपछि भक्तिकालले स्थान लियो। भानुभक्तपूर्व भक्तिकाव्यका प्रमुख नायक कृष्ण थिए भने भानुभक्त युगमा रामले स्थान लिए। श्री रामचन्द्रको आदर्श, महानता, त्याग र सच्चरित्रता त्यसबेलाको समाजका लागि निकै महत्त्वपूर्ण औषधि थियो, यही बेलातिर सन्त साहित्य पनि नभएको हैन तापनि यो भानुभक्तको रामायण जति व्यापक हुन सकेन अनि भानुलाई खास गरेर मोतीराम भट्टले प्रकाशमा ल्याइदिएपछि नै उनको व्यापकता बढ्दै गयो। भानुकै भक्ति परम्परालाई मोतीराम युगका कतिपय प्रवर्तकले अनुसरण गरे। यसैले गर्दा यस युगमा साहित्यका अरू भावका साथै भक्तिभाव पनि निकै मौलाउन पायो।

क)मोती युगमा नेपाली साहित्यिकको भेला नै बनारसमा हुन्थ्यो। त्यसैले यस युगमालाई बनारसी युग भने पनि अत्युक्त नहोला। साहित्यकारको जन्मभूमि नेपाल हुन्थ्यो। अनि कर्मभूमि बनारस हुन्थ्यो। साहित्यिक भेला प्रायः त्यहाँ भइरहन्थ्यो। अनि मोतीरामले साहित्यिक भेलालाई क्रियाशील बनाउन र नेपाली साहित्यको सेवा गर्न आफ्नो एउटा मण्डली नै तयार गरे। उक्त मण्डलीको काम कविता, समस्यापूर्ति , नाटक आदि लेखेर सेवा गर्नुथियो। मोतीराम आफू पनि कविता लेख्थे, आफ्ना साथीभाइलाई पनि लेख्न लगाउँथे तर यस्ता महान् व्यक्तिले जीवनमा राम्ररी फल्न फूल्न नपाउँदै यो संसारबट विदा लिए। उनको अल्पकालीन जीवनभरको सेवाले गर्दा यो युग निकै आलोकमय बन्यो र "मोतीराम युग" का रूपमा सर्वपरिचित भयो।

मैले माथि नै भनिसके मोतीराम युगम पनि भानुभक्त र उनको पूर्वकालको परमपरालाई अझ व्यापक बनाउने काम हुन लाग्यो। बनारस हिन्दूको महान् तीर्थस्थल अनि नेपाली सकेसम्म कुनै न कुनै तरीकाबाट तीर्थ गर्न पुगिहाल्थे।

भानुको रामायण प्रकाशनम आएपछि नेपाली गाउँलेलाई लय हालेर सिलोक भट्याउन सजिलो भयो। भानुभक्तीय श्लोकमा नेपाली दाना, नेपाली वाना भएकाले त्यहाँका पुस्तक पसलमा रामायण किन्नेको घुइरो लाग्न थाल्यो। अनि यसैको फाइदा मोतीराम युगका अग्रजले उठाउन लागे। प्रतिभाशाली पुस्तक विक्रेता त अझ के पनि गर्न लागे भने भानुभक्तीय रामायणमा केही अंश थपेर उक्त रामायणलाई अझ रोचक र अझ विराट बनाए।

नेपाली साहित्यको विकासकाल मोतीराम युगदेखि प्रारम्भ भएर अगाडि बढ्छ। मोतीराम भट्ट नेपाली साहित्यका एक यस्ता जादुगर हुन् जसले अत्यन्त अल्पवधिमै नेपाली भाषा र साहित्यको सेवा यथाशक्य भ्याए। तीस वर्षको अल्पायुमै नेपाली भाषा र साहित्यको विकास गर्ने जुन योगदान गरे त्यति मात्रले नेपाली भाषा र साहित्यले उनीबाट प्रशस्त सहयोग प्राप्त गर्ने मौका पायो। मोतीराम युगलाई नेपाली साहित्यमा माध्यमिककाल पनि भनिन्छ तर जहाँसम्म नेपाली भाषा र साहित्यको विकासको कुरा छ मोतीराम भट्टबाट नै थालनी भएको हो तसर्थ मोतीराम युगलाई नेपाली भाषा र साहित्यका लागि विकासकाल भन्न नै उपर्युक्त ठहर्छ भानुभक्तले उत्थान गरेको यस भाषालाई मलजल, गोडमेल गरेर समृद्धिशाली बनाउन इँटा थप्नुमा विकास कालमा मोतीराम मात्र एक यस पुजनीय प्रतिभा हुन् जसको अविस्मरणीय देन, प्रतिभाको कदर नेपाली बाँचुञ्जेलसम्म नेपाली साहित्यको इतिहासम श्रद्धाका साथ पूजा गर्नेछन्। नेपाली साहित्यका विभिन्न विधामा अटुटरूपमा कलम चलाई साहित्यको रथलाई अगाडि बढाउने रथी मोतीराम भट्ट नै नेपाली साहित्यका विकासकालका ज्योति हुन् जसको तेजले आज नेपाली साहित्यलाई निकै प्रकाश दिएको छ। यद्यपि अद्यावधि अहिलेसम्म पनि नेपाली भाषा र साहित्यको विकास पर्याप्त मात्रामा हुन सकेको छैन जुन गतिमा मोतीरामले त्यसबेला यसको विकास गर्न सहायता पुऱ्याएका थिए। मोतीराम भट्ट अरू १०/ १५ वर्ष मात्र ज्यादा बाँचेको भए नेपाली साहित्यले आफ्ना पखेटा फिँजाउन सक्ने थिए तर दैवका अगाडि कसको के लाग्छ र ?

* * *

मोतीराम भट्टको जीवनी



काठमाडौंको भोसिको टोलमा भट्ट परिवारमा वि.सं. १९२३ कुसेऔंसीका दिन जन्म लिई संवत् १९५३ को ठिक कुसेऔंसीकै दिन चोला उठ्ने भानुभक्तका चीरऋणी, नेपाली साहित्यका पथ प्रदर्शन नेपालका राष्ट्रिय विभूति मोतीराम भट्ट नेपाली साहित्यका ज्योति (The light of the Nepalese Literture) आज हामी छेउ छैनन् तर पनि उनले दिएर गएका अविस्मरणीय देन उनका साहित्यिक सन्तानलाई के कति उपर्युक्त छ यसले नेपाली साहित्यलाई धनी बनाउन के कति योगदान दिएको छ यसको केही चर्चा नगरी मोतीराम भट्टलाई नेपाली साहित्यका तिर्खालु पाठकले हम्मेसी पहिल्याउन सक्तैनन् तसर्थ यहाँ उनले भाषा र साहित्यका लागि दिएर गएका योगदानको मूल्याङ्कन गर्न प्रयास भएको छ ।

१. मोतीराम भट्ट शोधकर्ताका रूपमा

नेपाली भाषा र साहित्यका सर्वप्रथम पच्चीस वर्षको उमेरमा मोतीराम भट्टले आदिकवि भानुभक्त आचार्यको लुकेर कुहिएर बसेका कृति रामायण बधूशिक्षा, भक्तिमाला, प्रश्नोत्तर मालाको पत्ता लगाउँछन् । तनहुँका भानुभक्त आचार्यका कृति काठमाडौं बसेर नै पत्ता लगाइ उनलाई नेपाली भाषा र साहित्यका अङ्ग्रेजी कविको रूपमा हामी समक्ष चिनाउनुका साथ साथै अरू पनि त्यसबेलाका कविलाई उनले खोजीगरी निकालेको चिनाएको कुरा उनको निम्न श्लोकबाट पत्ता लाग्छ :-

भानुभक्त हरीलाल छविलाल पतञ्जलि नाम गरी ।
नेपालीमा अनेक कवि छन् भाषा सिलोकमा रची ।।
फेरि खुब रसिक भाइमा राजिवलोचन भनी ।
प्रख्यात छन् कवि हुन् बडा सरसका नेपाल देशका मणि ।।

यसरी नेपाली साहित्यका भानुभक्त मात्र नभएर अरू पनि कविको विषयमा खोजी मेली गर्ने अनुसन्धान गर्ने पहिला अन्वेषकका रूपमा नेपाली भाषा र

साहित्यको विकासमा योगदान गर्ने मोतीरामलाई ने चिन्न सकिन्छ। त्यसैले होला "जीवनीकार मोतीराम भट्ट नामक शीर्षकमा डा. दयाराम सम्भव मोतीराम भट्टलाई ओल्याउँदै भन्नुहुन्छ। 'साहित्यिक अनुसन्धानको क्षेत्रमा दिनदिने व्यक्तिको सूचीमा पहिलो नाम मोतीराम भट्टकै आउँछ।"

२. मोतीराम भट्ट जीवनीकारका रूपमा

मोतीराम भट्ट नेपाली साहित्यका प्रथम जीवनकारी हुन्। अर्काको जीवन सम्बन्धी सम्पूर्ण कुरा खोजीमेली गरी प्रकाशमा ल्याएर भानुभक्तलाई हामी समक्ष चिनाउने मोतीराम भट्ट नै हुन् उनको भानुभक्तको जीवनचरित्र नामक ग्रन्थले गर्दा नै भानुभक्तबारे सबैलाई ज्ञान भएको हो। मोतीराम भट्टले भानुभक्तको जीवनचरित्र भानुभक्तका भतिजा रमादत्त काठमाडौं आएका बेलामा पत्तो लगाई बुझेका हुन् मोतीरामले भानुभक्तको जीवन चरित्र लेख्न पूरा तीन वर्ष लगाएका थिए। संवत् १९४८ भाद्र महिनामा यिनले यो पुस्तक बनारसमा छपाए। यस बेला उनको उमेर पच्चीस वर्षको मात्र थियो। भानुभक्तको जीवन चरित्र नामक ग्रन्थमा भानुभक्तका सबै कविताका श्लोक र अन्य कृतिको पनि कुरा समावेश गराए। यस जीवन चरित्रको माध्यमबाट नै आज भानुभक्तको विषयमा अनुसन्धान गर्ने जिज्ञासुलाई सहायता पुग्न सक्छ।

३. मोतीराम भट्ट आलोचक र समालोचकका रूपमा

सर्वप्रथम नेपाली भाषा र साहित्यका आलोचना, समालोचना, समीक्षक टिप्पणीकारका रूपमा मोतीराम भट्टलाई नै चिन्न सकिन्छ। भानुभक्तको जीवन चरित्र लेख्दा कस्ता पाइने कविलाई कवि मान्ने कविका हुनुपर्ने गुण, कविमा पाइने विशेषता भानुभक्तलाई कस्ता कवि मान्ने कुन रूपमा लिने ? यी प्रश्नको हल यिनले भानुभक्तको जविन चरित्र नामक ग्रन्थमा गरेका छन्। यस ग्रन्थ मार्फत नै उनले भानुभक्तलाई आदिकविको पदवीबाट सुशोभित तुल्याएका हुन्। उनी भानुभक्तको जीवन चरित्रमा भन्दछ :-

नेपाली भाषामा हुनता धेरै नामी कवि भानुभक्तभन्दा पहिले भए तर कविताको मर्म जानी भाषा पद्य लेख्ने कविमा आदिकवि भानुभक्त नै हुन् । यसबाट उनको भानुभक्तप्रतिको भक्तिभावना पनि झल्कन्छ किनकि भानुभक्तभन्दा पहिले अरू पनि नामी कवि भए तापनि कविताको काव्यगत मर्म जान्ने भानुभक्त नै हुन् भन्नेबाट प्रष्ट हुन्छ । यिनी फेरि भन्छन् :-

"अर्थको चमत्कार र शब्दको अलङ्कार कवि भानुभक्त आचार्यकै अपार छ . . . . .भक्ति रसमा त अब उप्रान्त पनि भानुभक्त समान कुनै कवि हुन सक्ने छैनन् भन्ने मेरो मनमा लाग्छ । तै पनि ईश्वरको सृष्टि हो, गए पनि यिनी तुल्य होलान् यिनी भन्दा बढ्ता पक्का कोही पनि हुने छैनन् भनी ठोकी लेखिदिएँ ।" यसरी मोतीराम भट्टले भानुभक्तको जीवन चरित्रमा आफ्नो आलोच्य समालोचनात्मक विचारलाई गहिरो रूपमा प्रस्तुत गरेको छन् । कविका विषयमा सहज कवि र स्वाभाविक कविको परिभाषा दिदै आफ्नो समालोचनात्मक प्रतिभालाई ज्यादै माथि उकासेका छन् । यसरी भानुभक्तलाई आदिकविका रूपमा देख्ने भानुभक्तको जीवन चरित्रको माध्यमबाट उनको आलोच्य प्रतिभा नेपाली साहित्यको क्षेत्रमा बुझ्न सकिन्छ । उनले आदिकविको पदवी गुथी दिएकाले नै आज पनि भानुभक्त आदिकविकै रूपमा मानिँदै आएका छन् होइन भने आज भानुभक्तलाई आदिकवि होइनन् भन्ने पनि आलोचक त सृष्टि नभएका होइनन् तापनि आजसम्म उनैको घोषणा नै सार्थक मानिन्छ । भानुभक्त आचार्यको जीवन चरित्रको विषयमा चर्चा गर्दै नेपाली साहित्यका ख्याती प्राप्त समलेचक आलेचक कृष्णचन्द्रसिंह प्रधान भन्नुहुन्छः-

"नेपालमा समालोचनाको थालनी शुरू शुरूमा परिचय र प्रचारको आवश्यकता अनुभव गरी साहित्यधर्मी भाषा प्रेमबाट भएको ठान्दछु मोतीराम भट्ट त्यस्तै युगीन प्रतिभाको सफल परिचायक थिए । उनीमा सम्पूर्ण भानुभक्त आरोपित भएको होइन भानुभक्तको भाषा विशेषता, कवि हृदय, कला सौन्दर्य, अभिव्यक्ति सामर्थ्य र वैचारिकगुण समेत सबै मौलिकता र प्रतिभाको पहिचान र ठम्याइ छ यो नै आलोचकीय दृष्टिकोण हो " । यसरी मोतीराम भट्टलाई आलोचनाको आसनमा प्रधानले पनि देखाउनु भएको तथ्य छर्लङ्गिन्छ ।

४. मोतीराम भट्ट नाटककारका रूपमा

नेपाली भाषामा नाटकको विकास मोतीराम भट्ट बाट नै हुन्छ । यद्यपि यिनका सम्पूर्ण नाटक अनूदित छन् तापनि उनका नाटकमा पूर्ण मौलिकता नेपाली शब्दको

प्राचुर्यता मिठास पाइन्छ । अनूदित नाटकलाई आफ्नो पूर्ण मौलिकता दिएर जस्ताको तस्तै अनुवाद गर्ने सामर्थ्य मोतीराममा पाइन्थ्यो । यिनीले नै नेपाली भाषमा नाटक लेख्ने शुरूवात गरेको हुनाले शकुन्तला नाटकबाट नै यिनी अनुवाद कलामा निपूर्ण भएको तथ्य छर्लङ्गिन्छ । यिनका भेटिएका नाटकमा शकुन्तला, प्रियदर्शिका, उषा चरित्र आदि हुन् । पद्मावती, काशी रामचन्द्र सेन र हुस्नअफरोज आराम दिल (उर्दूमा) सबै अपूर्ण र हराएका छन् । यसरी नेपाली साहित्यमा नाटक क्षेत्रलायई समृद्धशाली बनाउनुमा पनि मोतीरामको विशेषता देखिन्छ । मोतीराम भट्टले नै नेपाली साहित्यमा नाटक क्षेत्रको थालनी गरेका हुन् ।

५. मोतीराम भट्ट गद्यकारका रूपमा

मोतीराम भट्टको पालादेखि नै नेपाली भाषाको गद्य साहित्यको उठान भएको हो त्यो भन्दा पहिले पद्यमा नै काम काज हुन्थ्यो । तर मोतीराम भट्टले नै नेपाली भाषाको गद्य साहित्यलाई आफूबाट उठान गराएका हुन् । मोतीराम भट्टभन्दा पहिले पनि गद्य नलेखिएको होइन तर त्यसमा विशेष चम्पु पाइन्थ्यो । भाषागत निबन्धशैली पाइँदैनथ्यो । स्वस्थानी व्रतकथा, प्रायश्चित प्रदीप मोतीरामभन्दा अगाडिका रचना हुन् तर यिनमा गद्य साहित्य लेख्न मात्र थालिएको देखिएको छ तर मोतीराम भट्टमा आएर नै नेपाली भाषामा निबन्धशैलीको विकास गद्यको विकास भएको पाइन्छ । १९४४ तिर काशीमा रहँदा उनले नेपाली भाषामा माध्यम गद्य लेख्न थाली भानुभक्तको जीवन चरित्र १९४८ मा छपाउँदा यिनके भाषा गत गद्यको विकास भइसकेको थियो । मोतीराम भट्टले गद्य साहित्यको विकास गरेको "कवि भानुभक्त आचार्यको जीवन चरित्र नामक समालोचनामा राजनारायण प्रधान भन्नुहुन्छ " मोतीराम भट्टको गद्य भाषा नेपाली गद्यको प्रारम्भिक विकासको भाषा हो तर त्यही बेला नै हामी उनको गद्य भाषामा त्यतिको मिठास पाउँछौं । भाषा सरल र सुबोध छ प्रवाहमयी छ सरस सजीव छन् । नेपाली गद्यको विकासमा उनको महत्त्वपूर्ण योगदान छ उनलाई हामी नेपाली गद्यको उन्नायक भन्न सक्छौं ।

६. मोतीराम भट्ट काव्यकारका रूपमा

मोतीराम भट्टको नेपाली साहित्यको क्षेत्रमा विशेष काव्यक्षेत्रमा पनि ठुलो योगदान छ । भानुभक्तका विषयमा वर्णन प्रधान कविता लेखेर पनि यिनले

भानुभक्तको स्तुति गरेका छन् । यिनको पहिलो कविता आजसम्मको खोजबाट 'मनोदवेग प्रवाहलाई मानिएको छ । कविता गजल, गीत , मुक्तक, श्लोक मोतीराम भट्टका काव्यगत सृष्टि हुन् । यिनी आफैं गीत रचेर गाउने पनि काम गर्दथे । कसैको उहिँवारीमा काल सिलोक हालेर पनि रसिक वर्गलाई आनन्दित तुल्याउन सामर्थ्य राख्तथे ।

यिनका कवितामा शृङ्गाररस, वीररस, भक्तिरसको छनक पाइन्छ । नेपाली साहित्यमा सर्वप्रथम कविता तर्क अलङ्कार हाल्न यिनैले गरेका हुन् । राजेन्द्रमोहन शकुनैती, संगीत चन्द्रोदय अनुप्रास मञ्जरी, पिकदूत मिठासका रचना नेपाली साहित्यलाई दिएका गहना हुन्। यसरी नेपाली साहित्यको पद्यक्षेत्रमा पनि यिनको बिर्सिनसक्नु गुण छ यिनका देश प्रेमका कविता पनि पाइएकाले यसलाई राष्ट्रभक्तका रूपमा लिन सकिन्छ ।

७. मोतीराम भट्ट अनुवादकका रूपमा

मोतीराम भट्ट नेपाली भाषका अनुवादक हुन्। उनले संस्कृत भाषाबाट शकुन्तला नाटक, प्रियदर्शिका नाटक फुटकर रचना नेपाली भाषामा अनुवाद गरे । यिनले उर्दूबाट हुस्न अफरोज आरामदिल नाटक पनि अनुवाद गरे । यिनका अनुवादमा पूर्ण मौलिकता, सरसता, आदि माधुर्यले ओजपूर्ण रूपमा नेपाली भाषालाई हुर्काएको भाषाबाट धनी बनाउन अनुवाद जस्ता अप्ठ्यारो पेशा पनि अपनाए । हुनत यिनका समकालीन शम्भुप्रसाद ढुङ्गेलले पनि शकुन्तला नाटक, प्रियदर्शीका नाटकको अनुवाद नगरेका होइनन् तर यिनको अनुवाद श्रेष्ठ ठहरियो ।

८. मोतीराम भट्टभाषा शास्त्रीय कविका रूपमा

मोतीराम भट्टलाई नेपाली भाषाको राम्रो ज्ञान थियो । नेपाली भाषामा गद्यका विकास यिनीबाट नै शुरू भएको हो यतिमात्र नभई यिनी संस्कृत, उर्दू, फारसी, अङ्ग्रेजी बंगाली, हिन्दी भाषाका पनि ज्ञाता थिए । आज नेपाल भाषामा प्राकृत तत्सम......भई आउने भाषामा संस्कृत फारसी, उर्दू, अङ्ग्रेजी हिन्दीको ठुलो योगदान छ । यी भाषाबाट नेपाली भाषाले निकै दरो हुने मौका पाएको छ । आज प्राकृत तत्सम भाषा शब्दलाई नेपाली शब्द सागरबाट हटाउने केही नेपालीका शब्द ढिकुटी आधा रित्तिनेछ यसरी विभिन्न भाषाका माध्यमबाट धनी भएका नेपाली भाषाका मर्मज्ञ, ज्ञाता, अन्वेषक मोतीराम भट्टलाई भाषा शास्त्रीका रूपमा बहुमुखी प्रतिभा

भएका व्यक्तित्वको रूपमा हेर्न सकिन्छ । यिनले विभिन्न भाषाको ज्ञानबाट नेपाली भाषालाई विकास गरी धेरै धनी बनाएका थिए यतिमात्र नभएर यिनले विभिन्न भाषाको नेपालीमा उल्था पनि गरे, उर्दू फारसी भाषामा यिनले गजल पनि लेखे । यिनका गजलले नेपाली भाषामा धेरै उन्नति पनि भयो । यसरी मोतीराम भट्टले भाषा शास्त्रीको रूपमा पनि नेपाली भाषाको विकासमा योगदान गरे ।

९. मोतीराम भट्ट इतिहासकारका रूपमा

मोतीराम भट्टलाई नेपाली साहित्यको इतिहासकारका रूपमा पनि चिन्न सकिन्छ । नेपालका आदिकवि भानुभक्त आचार्यको जीवन चरित्रमा उनको जन्म, मृत्यु । पुस्तकको नामको सङ्कलनबाट आदिकवि भानुभक्त आचार्यबारे केही ऐतिहासिक तथ्य पनि भानुभक्त आचार्यको जीवन चरित्रमा मोतीरामले लेखेका छन् । भानुभक्त कुमारीचोक पर्दाको बयान, त्यसबेलाका शासकको भानुभक्तलाई जेलमा हाल्ने मनोमानी भानुभक्तको घाँसीसँगको भेटघाट र बयानमा ऐतिहासिक विषयवस्तु पाइन्छ नेपाली भाषा साहित्यको इतिहास जान्न मोतीराम भट्टले लेखेका ऐतिहासिक तथ्यले भानुभक्तको जीवन चरित्रले पनि नेपाली साहित्यको इतिहास जान्न आजका पाठकलाई यही जीवनी मालाबाट सहायता पुग्छ ।

१०. मोतीराम भट्ट गोष्ठी संयोजकका रूपमा

मोतीराम भट्टले नेपाली भाषा र साहित्यको विकास गर्न सर्व प्रथम गोष्ठी सम्मेलनको शुरूवात गरेका हुन् । साथीका बीच साहित्यिक छलफल आदिका लागि यिनले विभिन्न ठाउँमा आफ्नो साहित्यिक मण्डली पनि तयार पारेका थिए । आफू बनारसमा छँदा हिन्दी साहित्यका प्रख्यात साहित्यकार भारतेन्दु हरिश्चन्द्र, तेजबहादुर राना र पदम विलाससँग मिली यिनले साहित्यिक सङ्गठन गठन पनि गरेका हुन् । काठमाडौंमा छँदा लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी, राजीवलोचन जोशी, नरदेव पाँडे, काशीनाथसँग साहित्यिक मण्डली तयार पारेका हुन् । काठमाडौंमा यिनको साहित्यिक गोष्ठीलाई समाप्त पार्न राणा प्रधानमन्त्रीले कोशिश पनि नगरेका होइनन् तर मोतीराम यति हिम्मती युवक थिए त्यस्ता चट्याङ्ले उनलाई केही पनि लछार-पछार लाउन सक्तैनथ्यो । मोतीराम भट्टले साथीसँग बसेर नै नेपाली साहित्यमा सर्वप्रथम समस्यापूर्तिको बिजारोपण गरेका हुन् । सर्वप्रथम यिनले निम्न श्लोक समस्यापूर्तिका लागि राखेका थिए ।

"ल्यौ ल्यौ औंठी म दिन्छु राख तिमीले मेरो निशाना भनी" आज पनि मोतीराम भट्टले दिएर गएको समस्या पूर्ति बर्सेनी मोती जयन्ती समारोह समितिले मनाउँदै आएको छ । यसरी मोतीराम भट्टका समयबाट उनीद्वारा शुरू गरिएको नेपाली साहित्यमा सर्वप्रथम साहित्यिक गोष्ठी, सम्मेलन, समस्यापूर्तिको विकास गर्न पाइला चालेका हुन् ।

११. मोतीराम भट्ट प्रकाशकका रूपमा

मोतीराम भट्टले सर्वप्रथम भानुभक्तका लुकेर रहेका कृतिको सोच गरेर सर्वप्रथम आदिकविको भानुभक्त आचार्यको रामायणको प्रथम खण्डको रूपमा बालकाण्ड आफ्नै पैसा लगाएर निस्वार्थ रूपमा प्रकाशित गरेपछि यसको लोकप्रियता बढ्दै गयो । भानुभक्तका अरू कृतिको पनि खोजीमेली भएपछि रामायणको सातै काण्ड यिनले बनारसका प्रकाशित गराए । यति मात्र नभई उनले बधूशिक्षा, प्रश्नोत्तर माला, भक्तमालाको पनि प्रकाशन गरेर भानुभक्तका कहिले तिरी नसक्ने ऋणी आफूलाई घोषित गर्न पाए । यिनले बनारसमा छँदा 'भारत जीवन' नामक हिन्दी पत्रिकाको नेपालीमा पनि संस्करण गराए । नेपाली भाषाको प्रकासन यिनैले गरेका थिए । पछि बनारस छाडेर काठमाडौं आएपछि यिनले मोती कृष्ण कम्पनी मार्फत एउटा पाशुपत छापाखाना खोले । नेपालको पहिलो छापाखाना यही नै हो । पशुपति छापाखाना मार्फत सर्वप्रथम भानुभक्तको रामायण नेपाली कागजमामा छपाएर उद्घाटन गरेका हुन् । नेपालमा कागजमा छापिएको नेपाली कारणको पुस्तक रामायण नै हो । यस छापाखाना बाट यिनैले भानुभक्त बाहेक आफ्ना पनि सम्पूर्ण रचना एक एक गरेर प्रकाशित गर्नथाले । साथ साथै साथीका पनि प्रकाशन गरे । यही प्रेसबाट सर्वप्रथम यिनले सामयिक प्रकाशनको शुरूआत गरेका हुन् र आज हाम्रो सामयिक प्रकाशनको अधिष्ठाताका रूपमा मोतीराम अमर भएका छन् । यसरी नेपाली पुस्तकलाई नेपालमा नै प्रकाशित गर्ने लुकेर बसेका लेखकका कृतिलाई प्रकाशित गर्ने नेपाली भाषाका आदिकवि भानुभक्तका रचनालाई सर्व प्रथम प्रकाशित गर्ने नेपाली भाषाका प्रथम प्रकाशन हुने श्रेय मोतीरामलाई नै लिन सकिन्छ ।

१२. मोतीराम भट्ट पत्रकारका रूपमा

नेपाली भाषा र साहित्यका सर्वप्रथम सम्पादक हुने श्रेय मोतीरामलाई नै छ । उनले भानुभक्तका सम्पूर्ण कृतिको सम्पादन कार्य गरे । यतिकमा नभएर गोरखा

भारत जीवन प्रेस बनारसबाट प्रकाशित हुने हिन्दी 'भारत जीवन' पत्रिकाको नेपालीमा प्रकाशन गराएर सम्पादन कार्य आफैंले गरे । पछि काठमाडौं आएपछि पाशुपत प्रेसबाट एउटा सामयिक सङ्कलनको सम्पादन पनि आफैंले गरे यो पत्रिका ८/१० अङ्कसम्म प्रकाशित भयो । यस पत्रिकाको नाम यसमा लेखिएको छैन तापनि यसलाई सामयिक प्रकाशनको नामबाट नै अघि बढाएका थिए भन्ने शंका गर्ने ठाउँ छ ।

१३. मोतीराम भट्ट मुद्रकका रूपमा

मोतीराम भट्टले नेपालमा नेपाली भाषा र साहित्यको विकास गर्न नेपालमा नै प्रेस स्थापना गरी छपाई मुद्रणको काम पनि आफैं मार्फत गर्नथाले । यति मात्र नभई बनारसमा छँदा उनीले भारत जीवन प्रेसको म्यानेजर भई केही समयसम्म काम पनि चलाएका थिए । यसरी मोतीराम भट्टले नेपालमा प्रेस स्थापना नगरुञ्जाल छपाई मुद्रणको काम बनारसबाट नै हुन्थ्यो । नेपालमा नेपाली भाषा र साहित्यको विकास हेतु नै यिनले छापाखाना स्थापना गरेका हुन् यसरी प्रेसको मुद्रकका रूपमा देखापर्ने पहिलो व्यक्ति मोतीराम भट्ट नै हुन् । आज उनकै प्रयासबाट नेपालमा १५० भन्दा बढी छापाखाना विकास भइसकेका छन् तापनि अझसम्म पनि नेपालमा हाल मुद्रण कार्य राम्रोसँग हुन सकेको छैन यसैले होला आज पनि नेपालका अधिकांश पुस्तक विक्रेता भारतको बनारसमै पुस्तकको मुद्रण कार्य गर्दछन् ।

१४. मोतीराम भट्ट पुस्तक विक्रेताको रूपमा

मोतीराम भट्टले जुनबेला नेपालमा पुस्तक पसल मोती कृष्ण कम्पनीका नामबाट खोले त्योभन्दा अगाडि नेपालमा पुस्तक पत्रपत्रिका बेच्ने र किन्ने कुनै माध्यम थिएन । जसले गर्दा नेपालमा कुनै पनि पुस्तक पत्रपत्रिका पाइँदैनथ्यो । पुस्तक चाहिएमा बनारसबाट नै झिकाउनुपर्थ्यो । यसरी नेपालका पाठकलाई बनारसबाट पुस्तक झिकाएर पढ्न अप्ठ्यारो हुन्थ्यो । यही कुराको अनुभव गरी मोतीराम भट्टले नेपालमा भाषा र साहित्यको सेवा हेतु पुस्तक पत्रपत्रिका बेच्ने काम मोतीकृष्ण कम्पनीमार्फत गर्नथाले । यहाँ उनले संस्कृतका हिन्दी, अङ्ग्रेजी उर्दू, फारसी, बंगाली साहित्यका पुस्तक, भानुभक्तको रामायण पनि राखी धमाधम पुस्तक बेच्न थाले । यही कम्पनी मार्फत यिनले भानुभक्तको जीवन चरित्र नामक ग्रन्थ प्रचारका लागि बेलायत पनि एकप्रति पठाएका थिए भन्ने सुनिएको

छ । यसरी मोतीराम भट्टले मातृभाषाको सेवा पुस्तक विक्री वितरण पनि गरेका थिए यसले नेपाली भाषा र साहित्यको सेवा गर्न ठुलो मद्दत पछिका साहित्यिक व्यक्तिलाई गर्‍यो ।

१५.मोतीराम भट्ट कलाकारका रूपमा

मोतीराम भट्टले नेपाली भाषा र साहित्यको विकास गर्न नाटककारको हैसियतबाट बेला बेलामा रङ्गमञ्च आदिमा नाट्य विकास एवं नेपाली संस्कृति कला, भाषा र साहित्यको विकासका लागि साथीसँग मिली विशेष उत्सवमा नाटक पनि खेलेका थिए भन्ने सुनिन्छ। उनले लेखेका नाटक महाराजा श्री ३ देवशमशेरका दरबारमा पनि खेलिएको थियो भन्न कुरा नेपालीको इतिहास पल्टाएर जान्न सकिन्छ। पछि महाराजा श्री ३ देवबाट मोतीराम भट्टलाई नै कलाकारको रूपमा हेर्न मनसुवा हुँदा महाराजालाई आफूले नाटक देखाएर खुशी तुल्याएका थिए भन्ने पनि बुझिएको छ तसर्थ देवशमशेर पनि मोतीरामलाई बेला बेलामा प्रोत्साहन गरेको तथा श्री ३ को नजरमा उनको राम्रो सम्मान थियो । यसरी सफल नाटककार मानिएका मोतीरामले रङ्गमञ्चमा उत्रिएर आफ्नो नाट्यकौशल देखाएनन् भन्न कदापि सकिँदैन । किनकि गाना बजानामा पनि यिनी सोखिन थिए । यसरी मोतीरामले बेलाबेलामा नाटक प्रदर्शनबाट नेपाली भाषा साहित्य, वेषभूषा , कलाको विकास गर्न योगदान गरेका थिए ।

यसरी मोतीराम भट्टले नेपाली भाषा र साहित्यका विभिन्न विषयमा आफूलाई अग्रसर गराई नेपाली भाषालाई सक्दो सहायता पुर्‍याए । यदि उनी लामो समयसम्म बाँचेका भए अरू पनि उनले नेपाली भाषालाई समृद्धि बनाउन कोशिश गर्थे भन्ने तथ्य उनको साहित्य सेवाबाट छर्लङ्गिन्छ । उनले मर्ने बेलामा आफ्नो आमालाई प्रसन्न भएर भनेका थिए ।

मेरो सन्तान भएन भनेर दुःख नमान्नु होला मैले लेखेका पुस्तक नै मेरा सन्तान हुन् ।

यसरी नेपाली भाषा र साहित्यका लागि उनले आफ्नो आमा समक्ष छोडेर गएका सन्तान प्रकाशित अप्रकाशित हराएका नहराएका जम्मा कृति निम्न छन् ।

नाटकः शकुन्तला, प्रियदर्शिका, उषा चरित्र पद्मावती(अपूर्ण) काशीराम चन्द्रसेन(अपूर्ण) हुस्न अफरोज आराम दिल (अपूर्ण)

कथा- प्रह्लादभक्ति कथा

निबन्ध-भानुभक्त आचार्यको जीवन चरित्र

कविता-पञ्चक प्रपञ्च, स्वप्नाध्यायसङ्ग्रह शकुनौती नीति दर्पण कमल अमर संवाद, पिकदूत, बालाजी वर्णन, अनुप्रास, मञ्जरी मनोद्वेग प्रवाह । अन्य-... सङ्कलन, उखानको बखान, गुलसरोवर, चाणक्य नीति केदार कल्प आदि ।

यसरी मोतीराम भट्टले नेपाली साहित्यको आलोचना, समालोचना, टिप्पणी, समीक्षा, नाटक, कविता, कथा, निबन्ध, अनुवाद जीवनी समपादन प्रकाशन, मुद्रण पुस्तक विक्रेताका रूपमा जम्मा जीवनीको १६ वर्ष भित्रको छोटो अवधिलाई साहित्य साधनमा लगाएर नेपाली भाषा र साहित्यको हरेक विधामा विकास गर्न जुन लगाएका छन् त्यसको ऋणी नेपाली साहित्यले पनि बिर्सन सक्ने छैन । मोतीराम भट्टले नेपाली भाषा र साहित्यलाई विकास गर्न जुन योगदान गरेका छन् अहिले यसको बाटो पैल्याउँदै सूर्यविक्रम ज्ञवाली, गोपाल पाँडे असीम डा. ईश्वर बराल, कमल दीक्षित अनि महानन्द सापकोटा बालकृष्ण पोखे्रल ताना शर्मा आदि पनि सक्रिय देखिएका छन् ।

सहायक ग्रन्थ

१. भानुभक्त आचार्यको जीवन चरित्र-कवि मोतीराम भट्ट

२.मोतीराम भट्टको जीवन चरित्र-पं.नरदेव शर्मा

३.पुराना कवि र कविता-बाबुराम आचार्य

४.नेपाली साहित्यको भूमिका-यज्ञराज सत्याल

५.बुइँगल-कमल दीक्षित

६. नेपाली साहित्य र साहित्यकार-डिल्लीराम र माधव भण्डारी

७.भानुभक्त आचार्यको जीवन चरित्र-राजनारायण प्रधान

८.जीवनीकार मोतीराम परिधि र दृष्टि-दयाराम सम्भव

९. भानुभक्त र नेपाली भाषा-गिरिराज आचार्य

गिरिराज आचार्य २०३२।०५।२० मा

* * *

मोतीराम-भारतेन्दु सेतु

मोतीराम भट्टका कृतिमा हामीले भारतीय हिन्दी साहित्यका प्रख्यात साहित्यकार भारतेन्दु हरिश्चन्द्रको प्रभाव पाउँछौं । मोतीराम भारतेन्दुका जीवनका कतिपय समानता पनि पाइन्छ । नेपालमा मोतीरामको जे योगदान छ, त्यति नै भारतमा भारतेन्दुको योगदान छ । यसरी यी दुवै साहित्यकार समकालीन साहित्यका उन्नायक हुन् ।

यिनै मोतीरामको योगदानको यथेष्ट कदर नेपालमा हुन सकेको छैन ।कारण हो, मोतीराम भट्टका अप्रकाशित कृतिको खोजी हुन बाँकी छ भने मोतीरामको चिनारी भएका प्रयोगमा आएमा सामग्री, घर यी सबै कुरा खोजीको विषय भएको छ । अहिलेसम्म यी विभूतिको घर सङ्ग्रहालयमा परिणत हुन सकेको छैन । तर भारतेन्दुको भारतको वाराणसी शहरको चौखम्बामा सङ्ग्रहालय रहेको छ । त्यहाँ भारतेन्दु सङ्ग्रहालयमा देख्न सकिन्छ ।

* * *

भारतेन्दु मण्डली के एक अछूते नक्षत्र

प्रो. गिरिश्चन्द्र, बि.एच.यु. बनारस

भारतेन्दु हरिश्चन्द्र जी के प्रपौत्र प्रो. गिरिश्चन्द्र चौधरी जो के शब्दों मे. भारतेन्दुजी के गरिमामय व्यक्तित्त्व एवं चौका देनेवाली प्रतिभा की अनुपम झाँकी ।

भारतेन्दुजी ने न केवल अपने ही द्वारा साहित्य सृजनका कार्य किया अपितु जैसा कि ज्ञात है अपना सर्वस्व समर्पण कर एक नवीन जागृति आन्दोलन की सृष्टि की । इस आन्दोलन में उन्होने तत्कालीन समाज के हर वर्ग जाति, धर्म एवं भाषा के लोगों को प्रभावित किया । फलत: अनेक देदीप्यमान नक्षत्रों को उन्होने जिसको जैसा उचित सम्झा अपने तन-मन-धनद्वारा पोषित किया । इस प्रकार हम देखते हैं कि उनकी एक लेखनी के साथ असंख्य लेखनियाँ चल पडी । और वह जो गति चली वह आज भी कायम है । उनकी मण्डल में जैसा ऊपर कहा गया तत्कालीन समाज प्राय: सभी वर्ग प्रतिनिधित्त्व प्राप्त किया । क्या ? इंगलैण्ड से फ्रेडरिक पिंकौट अथवा ब्रिटिश राजपरिवार रुस के जार राजपरिवार जर्मनी का केशरराज परिवार सभी के वे निकट सम्पर्क में आये तो भारत में के सभी समाजों का क्या कहना ! फिर काशी तो एक अपूर्व संगम स्थल संसारकी धार्मिक सांस्कृतिक अथवा साहित्यिक गतिविधियों का सदा से केन्द्र रहा । मुक्ति प्रदायिनी गंगा के तट पर सबको पावन जलद्वारा अपना निखार प्राप्त करने हैं । आधुनिक जल वज्ञानिक कितना भी काशी के गंगाजलको प्रदूषित माने लेकिन शंकर, कबीर, रामानन्द वल्लभ यहाँ तक कि कहा जाता है, ईसामसीह काशी में अवश्य पधारे एवं गंगा के प्रदूषण में अपना योगदान दे स्वयं पवित्र हुए । तथा अभी भी सब काशी द्वारा मान्यता प्राप्त करने के लालयित रहते हैं । देश के बृहत्तर क्षेत्र के प्राय: सभी समाज काशी में अवश्य मिलते हैं । नेपाली समाज भले ही विदेशी लगे लेकिन काशी की संस्कृति में इतन घुला मिल गए हैं कि कोइ भी प्रबुद्ध नेपाली वर्ग परम्परागत रूप से काशी से जुडा होता है । भारतेन्दु बाबू के समय में भी कोई आश्चर्य नहीं कि यह समाज उनसे न प्रभावित हुआ हो । यह बात सोची ही जा रही थी कि नेपाल के साहित्यिक साप्ताहिक नयी चेतना के सहयोगी सम्पादक गिरिराज आचार्य ने एक प्रमुख समाचार गत वर्ष दिया । नेपाली भाषा साहित्य के प्रमुख पृष्ठपोषक कविवर मोतीरामजी भट्ट बारे में उन्होंने



खोज निकाला, यह तथ्य तो स्वीकार्य है ही कि भारत में भारतेन्दु प्रभा नेपाल भी काशी से पहुँची होगी । तो ज्ञानी से ही ज्ञानी का मिलना अस्वाभाविक क्यों ? मोतीराम जी भट्ट के साहित्यको नेपाल में उसी दृष्टि से देखा जाता हैं जिस दृष्टि से भारतेन्दु । और तो और उनका जीवनकाल भी भारतेन्दु के समान अत्यन्त अल्पायु (३० वर्ष) का ही रहा । उनका साहित्य में अनेक रूप पाये जाते है अर्थात नाटककार रूप में कवि रूप में पत्रकार रूप में इत्यादि जिनका थोडा दिग्दर्शन करने से भली मोती ज्ञात होता है कि वे भारतेन्दु द्वारा अत्यन्त प्रभावित थे और नेपाली भाषा और साहित्य को उनकी देन भारतेन्दु के समान ही है । यद्यपि यह अनेक तथ्य प्रकाश में धीरे धीरे आ रहे है तथापि किस प्रकार से हिन्दी भाषा और साहित्य की छाप उन पर पडी, यह मैं विद्वानों को विचार हेतु सविनय समर्पित करता हूँ । आलोचना समालोचना के रूप में भट्टजी ने नेपाली के आदि कवि भानुभक्त का गहराई से अध्ययन कर 'भानुभक्त चरित्र' प्रकाशित किया । इस चरित्र में कवि एवं गुण के कविता के भेद एवं विशेषताएँ उन्हों नें भानुभक्त चरित्र में उतार कर उनको आदि कवि कि उपाधि दी, ठीक उसी प्रकार जैसे हम कालिदास एवं सूरदास का पाते हैं । भट्टजी ने भी लिखा है ।

भानुभक्त छविलाल पातंजलि नाम गरी नेपालीमा अनेक कवि छन् भाषा सिलोकमा रची फेरि खुब रसीक भाइमा राजीवलोचन भनी प्रख्यात छन् कवि हुन् बडा सरसका नेपाल देशका मणि ।

भानुभक्त की जीवनी उन्हों नें तीन वर्ष गहरे शोधकार्य से पूरी कर संवत् १९४८ में अपने पचीस वर्ष के वय में काशी में ही छपवायी । भानुभक्त कवि के विषय में अनेक लुप्त तथ्यों का वर्णन किया है ।

नेपाली भाषा से नाटक का विकास भी भट्टजी द्वारा हुआ । यद्यपि इनके नाटक भी अनूदित तथापि इनके नाटकों में सम्पूर्ण मौलिक और नेपाली शब्द का प्रचुर मिठास मिलता है । अनूदित नाटकों को अपनी सम्पूर्ण मौलिकता देकर

जैसा का तैसा अनुवाद करने का सामर्थ्य मोतीराम भट्ट में ही मिलता है। स्पष्ट है कि अनुवाद कार्य नेपाली में हमसे प्रारम्भ हुआ जो उर्दू के आराम दिल हुश्न अफरोज तक भी गया। भारतेन्दु के समान उन्हों ने प्राचीन संस्कृत नाटकों का प्रथम अनुवाद शकुन्तला नाटक से प्रारम्भ किया।

नेपाली भाषा के गद्य साहित्य पर दृष्टि डालने से कुछ विशेष तथ्य सामने आते हैं, जैसा श्री राजनारायण प्रधान लिखते हैं कि -मोतीराम भट्टजी गद्य भाषा नेपाली गद्य का प्रारम्भिक विकास है फिर भी इन भट्टजी के गद्यों में वह मिठास सरलता, प्रवाह और सजीवता जो प्राप्त है वह उनको गद्य उन्नायक बनाती है। इनके द्वारा भानुभक्त चरित्र के लेखन से बदला। भारतेन्दु के अवसान के तुरन्त बाद ही ये संवत् १९४४ में काशी आये तथा भारतेन्दु के लगाये हिन्दी गद्य की पौध पर मोहित हुए और गहन अध्ययन के बाद संवत् १९४८ में भानुभक्त चरित्र का प्रकाशन गद्य रूप में हुआ। मोतीराम जी का काव्यकार के रूप में भी विशेष स्थान है। इनकी प्रथम रचना 'मनोद्वेग प्रवाह' मानी जाती है। भारतेन्दु की भाँति ये गायन के भी शौकीन थे। संगीत चन्द्रोदय इत्यादि अलंकारपूर्ण शृंगार रस की कविताएँ की।

इनका अधिकार बंगला, उर्दु, फारसी अङ्ग्रेजी संस्कृत और हिन्दी पर समान रूप से पाया गया है। फलस्वरूप इन भाषाओं के शब्दो से अपने नेपाली भाषा में गजल भी लिखा है। इस प्रकार जैसे भारतेन्दु के समय हिन्दी नयी चाल में ढली अपने को अनेक भाषाओं के शब्दों से समृद्ध किया उसी प्रकार का प्रयास इन्होने नेपाली भाषा में भी किया।

'भानुभक्त चरित्र' में एक अनूठी बात इसमें है उनका ऐतिहासिक एवं राजनीतिक अन्वेषण की प्रतिभा झलकती है। तत्कालीन राज्य व्यवस्था एवं ऐतिहासिक तथ्योंका अच्छा निरूपण है। भारतेन्दु 'बादशाह दर्पण' एवं अन्य ऐतिहासिक सामग्रियाँ इस कार्य से मिलती जुलती है।

भारतेन्दु की भाँति ही इन्हो ने साहित्य प्रेमियों की एक मण्डली जिसमें पंडीत लक्ष्मीदत्तपन्त, तेजबहादुर राणा, गोपीनाथ लोहनी नरदेव पाँडेय आदि प्रभृत व्यक्ति थे। ऐसा कहा जाता है कि तत्कालीन राज्य व्यवस्था की कुपित दृष्टि में मंडली पडी तथापि इनकी बैठक होती रही और समस्या पूर्ति चलती रहीं।

आपने नेपाल में सर्वप्रथम पशुपति छापाखाना खोला। तथा सर्वप्रथम नेपाली रामायण का प्रकाशन किया। अनेक लुप्त रचनाओं को भी नेपाली में प्रकाशित कर स्वयं धन व्यय किया।

काशी से प्रकाशित भारतजीवन पत्रिका को आपने नेपाली में प्रकाशित किया, यद्यपि यह केवल आठ-दस अकों तक ही चली । जैसा कि कहा गया कि प्रथम प्रेस आपद्वारा स्थापित किया गया था । प्रेसका सम्पूर्ण कार्य भी आप स्वयं करते थे । प्रकाशक लगायत कम्पोजिटर मेनेजर विक्रेता । इस मुद्रण की बेल आज नेपाल के १०५ छापाखानों मे फल फूल रही है ।

मल्लिकाचन्द्र एण्ड कम्पनी के समान पुस्तक विक्रेता का मोतीकृष्ण कम्पनी भी आपने नेपाल में खोली । पता नही क्यों भारतेन्दु की सभी विधाएँ आप में प्रभावित होती चली गयीं । नेपाली राज दरबार में रंगमंच पर स्वयं अभिनय कर नेपाल नरेश की प्रशंसा प्राप्त की एवं प्रबुद्ध व्यक्तियों के रंगमंच से जोड्ने की परम्परा डाली ।

विद्याप्रेम उन्हे अन्तिमकाल मे अपनी माँ को सांत्वनारूप मे यहाँ तक कहला गया कि मेरी सन्तान मेरी रचनाएँ हैं ।

इनके एवं भारतेन्दु के साहित्यिक कार्यौका विवेचन एक शोधप्रवंध का विषय है और यहाँ कुछ झलकियाँ प्रस्तुत की गयी है । आप द्वारा ती पुर्ण नाटक तीन अपूर्ण नाटक, एक भक्ति कथा, एक जीवन चरित्र, दस कवितासङ्ग्रह कई गद्य सङ्ग्रहों की रचना अभी तक प्राप्त है ।

कहा जाता है कि १५ वर्ष की आयु मे आपने सर्वप्रथम काव्य रचना की जो कि नीचे दी गयी है । बुद्धिमा सिन्धु जस्ता ? अगम सहनमा भूमि जस्ता सभामा ।

हुन् क्या वाचस्पति भैं ? सरस वचन ले मोह पान्यी कवित्मा
काशीवादी रसिक का मृदुहृदय विसे सर्वदा वीझनामा ।
तत्पर यस्ता पुरुषको मरण किन भयो ? गैदिए वे बरवत्मा ।।

ऐसा ज्ञात हुआ है कि वे सवंत् १९२८-३० के लगभग काशी में अपनी माँ के साथ विद्या अध्ययन हेतु पधारे थे जब कि भारतेन्दु अपनी पूर्ण कलाओं से काशी को प्रभावित कर रहे थे । । स्वाभाविक है कि किशोर चकोर रसवान करे एव पीयुष प्लावित होकर सुदूर नेपाल मे पुनः रस वर्षण करे । वर्तमान में इनके ऊपर नेपाल में बडा ही गहन गम्भीर अध्ययन सर्वश्री सूर्य विक्रम ज्ञवाली, गोपल पाँडेय डा. ईश्वर बराल आदि द्वारा किया जाना ज्ञात हुआ है ।

प्रस्तुत लेख सुनसरी साहित्य प्रतिष्ठान नेपाल द्वारा प्रकाशित कवि मोतीराम भट्ट र नेपाली साहित्य की विकास ग्रन्थ जो सर्वश्री रमेश भट्टराई 'पाखे' एवं मोहन 'विरही' द्वारा सम्पादित ग्रन्थ के लेखा से प्राप्त सामग्रियों के आधार पर

लिया गया है। विशेषतः श्री गिरिराज आचार्य धरान नेपाल के निबन्ध से वर्णित तथ्यो को उद्धृत किया गया है। संभवत : हिन्दी साहित्य के अन्वेषणको विशेषतः भारतेन्दु काल पर कार्यरत व्यक्तियों का यह लेख कुछ उपयोगी होगा उक्त पुस्तक की सामग्रियों के अधार पर अतः यह प्रस्तुति की भारतेन्दु का प्रिय पद 'आज रस वरस रह्यो गिरिराज न जाने कितने ही तृषितो को शान्ति प्रदान करता हुआ कडी की तरह आगे बढ्ता गया जिसे मै विज्ञान का विद्यार्थी होने के कारण उपमा परमाणु विस्फोट का चेन रियेक्शन विध्वंसक रूपमे नहि हुए।

(गिरिराज आचार्य, धरान नेपाल ने मुझसे कई बार अनुरोध किया कि आप भारतेन्दु की रचनाओं में कहीं मोतीराम जी का जिक्र पाएँ तो मुझे भेजें तो यही प्रार्थना अपने प्रबुद्ध पाठकों विस्तारित करता हूँ। श्री आचार्य धरान की 'मोती संस्मरण समिति' की ओर से भट्टजी की प्रतिमा हेतु एवं उन पर शोध हेतु बहुत प्रयत्नशील हैं। पाठकगण उन्हें पूर्ण सहयोग सब प्रकार दें से यह विनम्र निवेदन है।)

१९७७ औं अधिवेशन भारतेन्दु नाटच परिषद् नवयुवक दतियाना, विहारी लेखक भारतेन्दुका पनाति हुनुहुन्छ।

* * *

गोपाल पाँडे असीम एक संस्मरण



ख्यातिप्राप्त भाषासेवी, व्याकरणाचार्य, साहित्यकार एवं मोती स्मृति भवनका आजीवन सदस्य गोपाल पाँडे असीमको निधन भएको एक वर्ष बित्न लागेको छ । पोहोर साल २०३५ मंसीर ३० गतेका दिन उहाँको ६७ वर्षको उमेरमा देहवसान भयो त्यसबेला उहाँबारे २/४ कुरा लेख्न मन लागिरहेको थियो तर संयोगवस प्रकाशित गर्ने पत्रपत्रिकाको अभावमा रुमलिरहेको थिएँ तर अचानक अहिले आफ्नो भावना उहाँ उपर पोख्ने समय अवसर पाए । गोपाल पाँडे असीमलाई नचिन्ने भाषासेवी साहित्यसेवी कमै होलान् । उहाँले २०१० सालदेखि मोतीराम भट्ट लगायत अन्य स्वर्गीय भएका कवि लेखकको जन्मजयन्ती मनाउँदै आउनुभयो भने भाषा र व्याकरण पुस्तक लेखेर नेपाली भाषाको उन्नतिमा विकासको मूल फुटाउनुभयो त्यति मात्र कहाँ हो र **नेपालको शिक्षा परिषद्** मार्फत नेपाली बिषयमा मात्र उहाँले प्रवेशिका परीक्षा (एस. एल. सी.) को सञ्चालन गरी नेपाली साहित्य र भाषाको उन्नतिमा अरू थप कीर्तिमान स्थापित गर्नुभयो । उहाँलाई गुमाउनु हृदयमा आघात हुनु स्वभाविक नै हो । एक वर्षभित्र भाषा शास्त्री महानन्द सापकोटा कवि हरिहर शास्त्री, नवोदित कवि जीवन थिङ (सिक्किम)लाई गुमाइ नसक्ता उहाँको निधनले नेपाली साहित्यकारले अरू थप आघात सहनु पर्‍यो । विधिको विधान यस्तै छ तर गोपाल पाँडेज्यूले आफ्नो सपना चाहिँ साकार पारेर नै जानुभयो । उहाँले तनहुँमा भानु स्मारक र धरानमा मोती स्मारकलाई उभ्याउनु भएर नै जानुभयो । मोती स्मृति भवनको उद्घाटन हुनुभन्दा पहिले उहाँ हामीलाई बराबर भनिरहनुहुन्थ्यो 'मोतीको उद्घाटन नगरी म मर्दिन बिमारी छु र पनि रेदेखका लागि आइरहनुपर्छ '(वीर अस्पतालबाट मुक्त हुनासाथ उहाँ यता आउनुभयो २०३३ साल वैशाखमा) उहाँको अमूल्य त्यागबाट मोती स्मृति भवन र प्रतिमाको उद्घाटन एवं अनावरण सुसम्पन्न हुनपुग्यो । 'भवन र प्रतिमा तयार भएपछि श्री ५ वीरेन्द्रका हातबाट महान्‌विभूति साहित्यकार मोतीरामको सालिक अनावरण हुनु उनीप्रतिको सच्चा श्रद्धा यही हो भनी खुशीले बताउनुहुन्थ्यो ।

असीमज्यूसँग अति नगिचबाट सेवा गर्ने मौका पाएकाले उहाँलाई आज हामी बीचबाट गुमाउनु पर्दा अतीतका ती सारा साहित्यिक क्रियाकलाप पुनः स्मरण हुँदै गएको आभास पाउछु । मोतीराम भट्टले जसरी भानुभक्तका कृतिलाई प्रकाशमा ल्याएर नेपाली साहित्यलाई पुनः जीवित तुल्याए त्यसरी नै असीमज्यूले स्वर्गीय कविको सम्झनामा कवि गोष्ठी, शोकसभा, स्वागत समारोहको आयोजना गरी कवि लेखकको स्मरण एवं सम्मानको जग बसालेर जानुभएको छ । मैले सुनेको छु । काठमाडौंमा भएका साहित्यिक कार्यक्रम उहाँको अभावमा शून्य हुन्थे यस्ता कर्मठ औ भाषा सेवी साहित्यकारको निधनले अब काठमाडौंमात्र होइन उहाँको धरान र तनहुँका साहित्य सेवीलाई पनि निन्याउरो बनाएको छ । हामी उहाँको अभावमा लङ्गडा भएका छौं । असीमज्यूले मोतीरामको जन्मथलो...भोसीको टोल काठमाडौं रहँदारहँदै पनि मोती प्रतिमा र भवन धरानमा नै राख्न रोज्नुभयो । २०३६ सालमा मोती जयन्ती उहाँकै सत्प्रयासबाट नेपाली शिक्षा परिषद्ले धरानमा धुमधामसँग नेपाली शिक्षापरिषद्ले धरानमा धुमधामसँग मनायो । धरानको मोती जयन्ती समारोह अन्य ठाउँको भन्दा ऐतिहासिक समारोह थियो । यसै अवसरमा ख्याती प्राप्त नाटककार बालकृष्ण समले मोती प्रतिमा स्थलको सिंहदेवी चोकमा शिलान्यास गर्नुभयो मोती प्रतिमाको स्थापनाका लागि त्यसबेला धरानका प्रत्येक शिक्षणसंस्थाका शिक्षक र विद्यार्थीले यथासक्दो चन्दा दिएका थिए । महेन्द्र क्याम्पसबाट हामीले पनि चन्दा पठाएका थियौं । यी सव साहित्यिक कार्यक्रम असीमज्यूको धरानप्रतिको असीम मोहबाट नै भएको हो । आज हामी उहाँको चीर ऋणी भएका छौं । मोती स्मृति भवनमा जुनसुकै कार्यक्रमभएतापनि मोतीरामको नामसँगै उहाँलाई हामीले कहिले पनि भुल्न सक्ने छैनौं । उहाँले काठमाडौंबाट बेला बेलामा धरानमा आई मोती सम्बन्धी नयाँ-२ कुराको ज्ञान गराउनुहुन्थ्यो हामीलाई । एकपल्ट कल्पना पत्रिकाका लागि म उहाँसँग अन्तर्वार्ता लिन गएका थिए । धेरैबेरसम्म साहित्यिक चर्चा चलिरह्यो त्यो हिजो जस्तो लागिरहेछ । कहिले उहाँ भन्नुहुन्थ्यो 'बाबु हो हामी त बुढा भयौं अब त तपाईहरूको अभिमारा यो सब जिम्मेवारी आएको छ । मोतीस्मृति भवनलाई धरानमा राख्ने जोड दिलाएर काठमाडौंमा मात्र साहित्यिक संघ संस्था रहनुपर्छ भन्ने केही रुढ सङ्कीर्णतालाई तोडेर राजधानी बाहिर पनि यस्ता काम हुन सक्छन् भन्ने उदाहरण दिएर जानुभएको छ । आज मोती स्मृति भवनको कक्ष एकदम अँध्यारो भएको छ यस संस्थाले साँच्ची आमा बाबु नभएको छोराझैं 'टुहुरो अनुभव गरेको छ । उहाँले मोती स्मृति

भवनमा साहित्यकार अतिथिकक्ष पनि बनाउने योजना तयार पार्नुभएको थियो । उहाँले देशको भाषा र साहित्यका लागि मरिमेट्नु भयो तर त्यसको उचित सम्मान चाहिँ पाउन सक्नु भएन ।

उहाँले काठमाडौंमा गरेका साहित्यिक कार्यक्रमप्रति त्यहाँका तथाकथित साहित्यकारले उपहास गर्थे भन्ने कुरा हामी सुनिरहन्थ्यौं । तर उहाँ सानातिना आलोचनादेखि रत्ती पनि डग्नु हुँदैनथ्यो । त्यो कुरा उहाँको मार्मिक 'मेरा जीवन' कविताबाट थाहा पाउन सकिन्छ (नेपाली पद्य सङ्ग्रह भाग-२) । मोतीका परमभक्त सेवक गोपाल पाँडे रामभक्त हनुमानझैं नेपाली साहित्यका हनुमानभन्दा कमै किमार्थ नहोला । जबसम्म नेपाली भाषा र साहित्य रहने छ तबसम्म उहाँ नेपाली भाषा र साहित्यका रामभक्त हनुमानझैं मोती भक्त हनुमानका रूपमा पुजिनु हुने छ । अस्तु ।

* * *

नेपाली शिक्षा परिषद्को हीरकजयन्ती

नेपाली शिक्षा परिषद्ले २०६७-०६८ साललाई हीरकजयन्तीका रूपमा देशका विभिन्न भागमा मनाइएको छ। यसको स्थापना २००८ सालमा भएको थियो र अहिले यो साहित्यिक भाषिक संस्था वृद्धावस्थामा पुगेको छ। कुनै पनि राष्ट्रको भाषिक साहित्यिक आन्दोलनका अगुवा संघसंस्थाले नै भाषा र साहित्यलाई निरन्तर प्रगतिपथमा लगिरहन्छन् ।

हाम्रो नेपालमा नेपाली भाषाको उन्नतिमा निरन्तर इँटा थपिरहने भाषासेवी साहित्यसेवी संस्था नेपाली शिक्षा परिषद्ले आफ्नो जन्मकालदेखि नै नेपाली भाषाको उन्नतिका लागि पुस्तक पत्रपत्रिकाको प्रकाशन खोज अनुसन्धानलगायत दिवङ्गत र वर्तमान कविलेखक साहित्यकारको सम्मान अभिनन्दन गर्दै आएको छ र यस संस्थााका वर्तमान अध्यक्ष कवि माधवप्रसाद घिमिरेले ९३ वर्षको वृद्धावस्थामा पनि नेतृत्व गरेर यसको श्रीवृद्धिका लागि गरिमा बढाइरहनु आफैंमा एउटा खुशीको कुरा हो ।

नेपालमा नेपाली भाषाको उन्नतिका लागि गोरखा भाषा प्रकाशिनी समितिको जन्म १९७० सालमा भयो। पछि नेपाली भाषा प्रकाशिनी समिति बनेको यो संस्था अहिले साझा प्रकाशनको रूपमा हाम्रा माझ जीवन्त रहेको छ। विगतमा नेपाली भाषा प्रकाशिनी समितिले माध्यमिक कालदेखि आधुनिक कालसम्मका मुलुकका ख्यातिप्राप्त कविलेखकका कृति प्रकाशन गर्दै राष्ट्रको भाषा र साहित्यको श्रीवृद्धिका लागि गौरवमय इतिहास बनाएको छ ।

यसै मेसोमा नेपाली शिक्षा परिषद्को जन्म २००८ सालमा हुन पुग्यो। यसका परिकल्पनाकार गोपाल पाँडे असीम हुनुहुन्थ्यो। उहँले नेपाली भाषा प्रकाशिनी समिति मात्रले राष्ट्रभाषाका अन्य पक्षलाई उजागर गर्न सक्तैन भन्दै आफैंले यस्तो भाषिक साहित्यिक संस्थाको परिकल्पना गर्नुभयो जसले मुलुकको भाषिक साहित्यिक आन्दोलनका पक्षलाई नेतृत्व दिएर अघि बढेको हामी पाउछौं । नेपाली शिक्षा परिषद्को नाम लिँदा यसका संस्थापक गोपाल पाँडे असीमको

नाम सम्भना पुगिन्छ । त्यस्तै गोपाल पाँडेको चर्चा हुँदा नेपाली शिक्षा परिषद्को नाम अगाडि आउँदछ । गोपाल पाँडे जहिलेसम्म बाँच्नुभयो त्यतिबेलासम्म उहाँ अनवरत लागिपरिरहनुभयो । उहाँ जम्माजम्मी ६५ वर्षमात्र बाँच्नुभयो । अफ कम्तीमा बीस वर्ष अरू बाँचेको भए उहाँबाट नेपाली भाषा र साहित्यले थप उन्नति गर्ने थियो होला तर त्यो कुराको मूल्याङ्कन गरेर होला नेपाल सरकार संस्कृति मन्त्रालयले सदस्य सचिव रमा शर्मालाई भाषा साहित्यसेवातर्फको यस वर्षको पुरस्कार प्रदान गरेर नेपाली शिक्षा परिषद्को महत्त्व दर्शाएको छ । यसले परिषद्को हीरक जयन्तीको महत्त्व अरू बढाएको प्रतीत हुन्छ ।

नेपाली शिक्षा परिषद्ले नेपाली भाषा-साहित्यका लागि विभिन्न पुस्तक प्रकाशित गर्दै आएको छ । यसै गरी परिषद्ले विभिन्न कविलेखकको जन्मजयन्ती मनाउँदै आएको उल्लेखनीय छ । अफ २०११ सालमा कवि लेखनाथ पौड्यालको रथयात्रा धुमधामसँग गर्दै नागरिक अभिनन्दन सम्पन्न गरेर एउटा जीवित कविलाई अफ जीवित तुल्याएको प्रसङ्ग ऐतिहासिक रहिआएको छ । यसैगरी परिषद्ले कवि मोतीराम भट्टको सम्भनामा हरेक वर्ष समस्यापूर्ति कविगोष्ठी गरेर छन्द कविताको विकासक्रमलाई रोक्न दिएको छैन । यसबाहेक परिषद्ले नेपालको शिक्षा विकासमा २०१० सालदेखि लिएर २०२९ सालसम्म लगातार प्रवेशिका परीक्षा सञ्चालन गरेर नेपाली भाषाको उन्नतिमा थप काम गरेको छ । यसो भन्दा अहिले धेरैलाई 'प्रवेशिका परीक्षा परीक्षा नियन्त्रण कार्यालयले सञ्चालन गर्छ यसले कसरी गऱ्यो होला' भन्ने जिज्ञासा आउन सक्छ । त्यस्तै यो परीक्षा प्रणालीको नाता नेपाली भाषाको विकाससँग सम्बन्धित छभन्दा भन् आश्चर्य लाग्ला । तसर्थ नेपाली शिक्षा परिषद्ले नेपाली भाषाको विकास गर्न क्रान्ति ल्याएको छ-एउटा छुट्टै भाषिक क्रान्ति । कुरा के भने एस.एल.सी. परीक्षामा सफलता हासिल गर्नका लागि पाठ्यक्रमअनुसार अङ्ग्रेजी विषयमा उतीर्ण हुनैपर्ने हुन्छ । तर धेरैजसो परीक्षा सो विषयमा अनुत्तीर्ण भई प्रगति गर्न नपाएको देखेर गोपाल पाँडे असीमले नेपाली शिक्षा परिषद्को स्थापना गरी अङ्ग्रेजी नपढेर पनि म्याट्रिक हुन पाइने राष्ट्रभाषा शिक्षा नेपाल सरकारबाट स्वीकृति लिएर चलाउनुभयो । एस. एल. सी. सरहको यो प्रवेशिका परीक्षाका लागि छुट्टै नेपाली पाठ्यक्रम तयार गरिएको थियो । अङ्ग्रेजीमा असफल भएका तेजिला छात्रछात्राले परिषद्बाट लिइने प्रवेशिका परीक्ष पास गर्थे, यसरी शैक्षिक जनशक्ति बढाउने र भाषाको उन्नतिमा थप काम हुन गयो ।

यसबाहेक नेपाली शिक्षा परिषद्‌ले आदिकवि भानुभक्तको जन्मस्थल रम्घामा आदिकवि भानुभक्त स्मृति भवन र भानु अतिथि भवनको निर्माण गऱ्यो भने धरानमा मोतीराम भट्टको स्मृतिमा मोती स्मृति भवन तथा मोती प्रतिमा स्थापना गरियो । यी बाहेक नेपाली शिक्षा परिषद्‌का अन्य सबै कामको उल्लेख यहाँ सम्भव छैन । तर पनि धरानवासी भएका कारणले धरानमा भएको मोती स्मृति भवन एवं प्रतिमा बारे केही कुरा उल्लेख गर्नैपर्ने हुन्छ । धरानमा मोतीराम भट्टको सम्झना गर्नाको पछाडि पनि नेपाली शिक्षा परिषद् र गोपाल पाँडे असीमको योगदानको चर्चा गर्नै पर्छ धरानमा मोतीराम प्रतिमा र भवन निर्माणको कथा यस्तो छ :

नेपाली शिक्षा परिषद्‌द्वारा सञ्चालित प्रवेशिका परीक्षाको एउटा केन्द्र पूर्वाञ्चलको धरानमा पनि रहनु पुग्यो । कारण हुनुहुन्थ्यो यहाँको पुरानो पब्लिक हाईस्कुलका हेडसर हरिहरप्रसाद वर्मा । त्यसपछिका प्र.अ. राजेन्द्रप्रसाद आचार्यको पनि यसमा सहयोग रह्यो । धरानमा पहिलो पटक परीक्षा २०२२ सालम सञ्चालन भयो । त्यसपछि प्रत्येक वर्ष गोपाल पाँडे असीम धरान आउजाउ गर्न थाल्नुभयो । त्यही क्रममा उहाँले २०२५ सालको मोती जयन्ती धरानमा मनाउने निर्णय गर्नुभयो । मोती प्रतिमा पनि धरानमा स्थापन गर्ने सल्लाह भयो । सुप्रसिद्ध नाटककार कवि बालकृष्ण समले धरान सिंहदेवी चोकमा मोती प्रतिमाको शिलान्यास गर्नुभयो । पछि मोती स्मृति भवन पनि धरानमै निर्माण गर्ने निर्णय भयो । गोपाल पाँडेको पहलमा सरकारले आर्थिक सहयोग गऱ्यो जसबाट धनपा (धरान नगरपालिका) को प्राङ्गणमा मोतीस्मृति भवन बन्न पुग्यो । यो भवनको शिलान्यास भाषा शास्त्री महानन्द सापकोटाले गर्नुभयो । यसपछि मोती स्मृति भवन तयार भयो र मोती प्रतिमा पनि त्यही स्थापना गरिने भयो जसको उद्‌घाटन २०३३ साल फागुन १० गते राजा वीरेन्द्रबाट भयो । यी सम्पूर्ण कामको चाँजोपाँजो मिलाउने श्रेय गोपाल पाँडेलाई जान्छ । मोती प्रतिमा अनावरण तथा भवन उद्‌घाटनका अवसरमा काठमाडौंबाट नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति सूर्यविक्रम ज्ञवाली, राष्ट्रकवि माधव घिमिरे, गोपाल पाँडे असीम नित्यराज पाँडे, बालमुकुन्ददेव पाँडे, रमा शर्मालगायत यहाँ आउनुभयो । पं. छविलाल पोखरेल, कवि मान बज्राचार्य लगायत थुप्रै स्थानीय साहित्यकारको जमघट समारोहमा भयो । यसरी धरानमा मोती प्रतिमा र मोती स्मृति भवन छाडेर संस्थापक गोपाल पाँडे हामीसँग सदाका लागि विदा भएर जानुभयो । मोती स्मृति भवनको सञ्चालक समिति धरानको संरक्षकत्वमा गोपाल पाँडे असीमलाई राखिएको थियो ।

यसरी नेपाली शिक्षा परिषद्ले राजधानी बाहिर धरानमा मोतीरामको सम्मानमा स्मृति भवन तथा प्रतिमा खडा गरी राजधानी केन्द्रित साहित्यिक संस्थाको वर्चस्व तोडेको छ । त्यसै गरी र माघमा भानु स्मृति भवन निर्माण गरेको पनि स्मरणीय छ ।

अहिले नेपाली शिक्षा परिषद्ले स्थापनाको साठी वर्ष पार गरेको छ भने राजधानी बहिर हीरकजयन्ती धरानमा पनि सम्पन्न गरेको छ । धरानमा नेपाली शिक्षा परिषद्को हीरकजयन्ती समारोह समिति नै गठन भएको थियो । उक्त समारोह २०६७ चैत्रको दोश्रो साता धरानमा सम्पन्न भयो । उक्त समारोहको सभापतित्व पूर्वाञ्चल हीरकजयन्ती समारोह समितिका संयोजक डा. गोपाल भण्डारीले गर्नुभएको थियो । सो समारोहको प्रमुख अतिथि नेपाली शिक्षा परिषद्की सदस्य सचिव रमा शर्मा हुनुहुन्थ्यो । सो अवसरमा नेपाली शिक्षा परिषद्का तर्फबाट ९७ वर्षीय वयोवृद्ध कवि कालीकाप्रसाद आचार्यलाई प्रमुख अतिथि परिषद्का सदस्य सचिव रमा शर्माले अभिनन्दन गर्नुभयो । अभिनन्दन समारोहमा दोसल्लाका साथ सम्मानपत्र कवि आचार्यलाई प्रदान गरियो । उक्त अभिनन्दन पत्रमा ने.शि.प.का अध्यक्ष राष्ट्रकवि माधव घिमिरेको हस्ताक्षर रहेको छ । सो अवसरमा परिषद्बाट आउनुभएका सदस्य नित्यराज पाँडे, किरण थापा, डा. इन्दिरा शर्माका साथै नेपाल सरकार शिक्षा मन्त्रालयका सचिव शंकर पाँडे, सुनसरीका प्रमुख जिल्ला अधिकारी रामप्रसाद थपलिया जिल्ला शिक्षा कार्यालय सुनसरीका हरिहर वस्ती स्थानीय साहित्यकार प्रा. टीकाप्रसाद वस्ती, कृष्णप्रसाद श्रेष्ठ, बद्री पालिखे, गिरिराज आचार्य लगायतले परिषद्को हीरकजयन्तीको महत्त्वबारे चर्चा गर्दै वयोवृद्ध कवि कालिकाप्रसाद आचार्यलाई बधाइका साथ दीर्घायुको कामना गरेका थिए । प्रा.डा. गोपाल भण्डारीले परिषद्को योगदान विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सोही अवसरमा कवि सिद्धिकर्ण शर्माको कृति 'मेरो जीवन यात्रा' को प्रमुख अतिथि रमा शर्माले विमोचन गर्नुभयो ।

यसै गरी नेपाली शिक्षा परिषद्ले २०६८ सालमा अर्को सम्मान समारोहको आयोजना गऱ्यो । काठमाडौंमा ८४ वर्ष नाघेका मुलुकका वयोवृद्ध साहित्यकार वामदेव पण्डित(९६ पर्ष), मङ्गलप्रसाद नेपाल (९६ वर्ष), माधवप्रसाद घिमिरे (९३ वर्ष) लगायत उन्नाइस जनालाई हीरकजयन्तीका उपलक्ष्यमा सम्मान गरियो यसरी नेपाली शिक्षा परिषद्ले साठी वर्षदेखि नेपाली भाषा र साहित्यको सेवामा उल्लेखनीय योगदान दिएको छ । सचिवका रूपमा गोपाल पाँडे असीमको ....

थाम्नु भएको छ रमा शर्माले परिषद्ले भविष्यमा शताब्दी वर्ष मनाउन पनि सफलता प्राप्त गरोस् भन्ने शुभेच्छा प्रकट गर्दछु । प्रतिमा स्थापना मात्रै होइन उहाँहरूको र अन्य विशिष्ट साधकका नाममा अक्षयकोष स्थापना गरेको छ र त्यस्तै वरिष्ट साहित्यकारलाई पुरस्कार दिन पनि यो संस्था अग्रपंक्तिमै छ ।

भाषासेवी गोपाल पाँडे असीम आफ्नो जीवनकालमा नेपाल नेपाली भाषा र साहित्य भनेपछि हुरुक्क हुनेहुनाले आजीवन यसैमा समर्पण गरेर नव योजना बनाउँदै जानुभयो । एस.एल.सी. परीक्षामा अधिकांश विद्यार्थी अङ्ग्रेजी विषयमा असफल भएर सालसालै हजारौं विद्यार्थीको जीवनको महत्त्वपूर्ण समय बरबाद हुन्थ्यो । युवा समाजको यस्तो बरबादी देखेर 'असीम' ले अङ्ग्रेजी विषय अनिवार्य नगराइ ऐच्छिक विषय बनाइ शिक्षा मन्त्रालयबाट एस.एल.सी. सरह मान्यता प्राप्त गराएर कैयौं विद्यार्थीको भविष्य उज्जल गराउनु भएको थियो ।

यसरी असीमका कतिपय उल्लेखनीय कार्यबाट नेपाली समाज लाभान्वित भएको छ। उहाँबाट स्थापना गरिएको नेपाली शिक्षा परिषद् दिन प्रतिदिन उन्नतिको शिखर चढिरहेकै छ। आफ्नो भवन, आफ्नो पुँजी यथेष्ट नहुँदा पनि 'असिम' भानुजयन्ती, मोती जयन्ती मनाउन सधैं अग्रसर भएर कहिले दरबार स्कुलको भवनमा त कहिले कता गरेर नरिवलका टुक्रा, काँक्राका चिरा अथवा नस्पाती आदि साहित्यकारको प्रसाद भन्दै बाँडेर सबैलाई साहित्यमा रस बसाउन साहित्यप्रेमी बनाउन र साहित्यको सम्मान गर्न प्रेरणा दिनुहुन्थ्यो। आज त्यही प्रेरणाले रमा शर्माले उठाउनु भएको गहन जिम्मेवारी सहज रूपमा सञ्चालन गर्दै हुनुहुन्छ । कतिपय साधकको प्रतिमा थप्दै शतवार्षिकी मनाउँदै (साहित्यिक श्राद्ध) गर्दै नेपाली शिक्षा परिषद् अगाडि बढिरहेछ । नेपाली जगत्मा उत्कृष्ट संस्था बन्न सफल यो संस्था युगयुगसम्म यसरी नै सशक्त बनोस् भन्ने कमना गर्दछु ।

* * *

नेपालमा मोतीरामबारे प्रथम पि.एच.डी.

नेपालबाट कवि मोतीराम भट्टको जीवनी व्यक्तित्वबाटै पहिलोपल्ट प्राध्यापक हरिभक्त नेउपानेले विद्यावारिधि गरेका हुन् । उनी धरान महेन्द्र कलेजका नेपाली विषय पढाउनेले प्राध्यापक (२०२५-२०२९) हुन् । त्यहाँ उनले २०२५ सालमा मलाई आई.ए. मा नेपाली पढाएका यहाँबाट त्रि.वि.अन्तर्गतको नेपाली केन्द्रीय विभागमा सरुवा भएर गएपछि कवि मोतीराम भट्टबारे पहिलो विद्यावारिधि गर्ने प्राध्यापाक



हुन् । उनले मोतीरामबारे मेरो पत्रमार्फत हरिश्चन्द्रका पनाति प्रा. गिरिश्चन्द्रसँग भेट गरेर भारतेन्दुका पनातिसँग भएको पत्रव्यहार त्यसै पेजमार्फत सबै पत्रका सूत्र पहिल्याउँदै प्रो. गिरिश्चन्द्रसँग भेट हुन भएको थियो ।

* * *

धरानमा राष्ट्रिय विभूति मोतीराम भवन निर्माण

२०२५ सालमा कविवर बालकृष्ण समज्यूबाट मोती प्रतिमाको शिलान्यासको भयो । शिलान्यास भएको मोतीको प्रतिमा बिस्तारै समयमा सम्माननीय र सो कलाविद् बालकृष्ण समज्यूकै निर्देशनमा नै राजकीय प्रज्ञा प्रतिष्ठनका माननीय सदस्य श्रीअमर चित्रकारद्वारा निर्मित भई आज मोती स्मृति भवनको सभाकक्षमा राखिएको छ । उक्त प्रतिमाको जम्मा लागत रु. ६०००।- हुन गएको हो । यसमा धरानका केही शिक्षण संस्थाबाट आर्थिक सहयोग प्राप्त भयो । प्रतिमा निर्माणका लागि सर्वप्रथम राष्ट्रनायक श्री ५ महेन्द्रबाट रु. ५००।- को आर्थिक सहयोग गरिबक्सी जनतालाई जागरुक बनाइ प्रेरणा बक्सेको थियो । अरू अन्य बाँकी रकम काठमाडौंका सज्जनवृन्दबाट असीमज्यूमार्फत प्राप्त भएको हो ।

आज राष्ट्रनायक श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारका बाहुलीबाट मोती प्रतिमाको अनावरण कार्य सुसम्पन्न हुन गएकोमा साहित्य जगत्मा एउटा ठुलो गौरवको अनुभूति भैरहेको छ र हामी सबै धरानबासी मौसुफको यस असीम कृपापूर्वकको निगाहाबाट उत्साहित एवं प्रफुल्लित भएका छौं ।

मोती स्मृति भवन

मोती स्मृति भवनको शिलान्यास राष्ट्रनायक श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारको शुभराज्याभिषेकको महान् ऐतिहासिक दिवस २०३१ साल फाल्गुन १२ गतेका दिन भाषाशास्त्री महानन्द सापकोटाज्यूद्वारा सम्पन्न भएको थियो ।

यो भवन आज धरान नगर पञ्चायतको आफ्नै प्राङ्गणमा खडा छ। यो भवनमा जम्मा २ कोठा छन् । १. सभाकक्ष २. पुस्तकालय कक्ष । यसको सम्पूर्ण व्यावसाय र श्री ५ को सरकारको स्थानीय विकास विभागबाट व्यहोरिएको छ र यो जम्मा ९३०००।- रूपैयाँको लागतमा तयार भएको छ । यसको भुइँको ढलाइ, प्लस्टर, कार्य धरान वार्ड नं.४ का टंकप्रसाद आचार्यज्यूको आर्थिक सहयोगबाट भएको हो ।

पुस्तकालयमा राखिएका नेपाली साहित्यका पुस्तक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट सौहार्दताका साथ प्राप्त भएका हुन् र अन्य रु. ५००।- मूल्यका किताब पं. मेघराज शर्माज्यूको उदार अनुदान हो। किताब राखिएको जुन र्‍याक छ, सो स्थानीय सानुकाजी श्रेष्ठ धरान वार्ड नं.२ बाट सहयोग स्वरूप प्राप्त भएको हो। धरान नगर पञ्चायतले यसका लागि आफ्नो प्राङ्गणमा आवश्यक जग्गा प्रदान गरेको छ, यसका लागि धरान नगर पञ्चायतप्रति समिति सदा ऋणी रहने छ।

मोती स्मृति भवन अब धरानका साहित्यप्रेमीको साहित्य सेवाको साहित्यिक गतिविधिको केन्द्र स्थल बन्न जाने छ। यसमा कुनै शङ्का छैन। समितिले कवि मोतीराम भट्टको जीवन सम्बन्धी पुस्तक कवि मोतीराम भट्टका कृतिको सङ्कलन र अरू अन्य उहाँ बारेको अनुसन्धान गरी सामग्री उपलब्ध गरी एउटा महत्त्वपूर्ण पुस्तकालयका रूपमा यस मोती स्मृति भवनमा सवारीभै स्मृति भवनको सभाकक्षमा स्थापना गरिएको मोतीको मूर्तिको असीम निगाहपूर्वक अनावरण राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट गरिबक्सेको हुँदा मोती स्मृति भवनको गरिमा बढ्न गई यो एक ऐतिहासिक भवन बन्न गएको छ।

यसरी २०२५ सालदेखि उठान गरी आज २०३३ सालमा साकार भएको देख्न पायौं। पहिले मोती मूर्तिको स्थापनामा यसले आफ्नो उद्देश्य राखेको थियो भने समयको ढिलाइ भए तापनि मोती स्मृति भवन समेतको निर्माण कार्य आज सम्पन्न हुन गएको छ। यसको प्रमुख श्रेय सर्वसम्मतिबाट कविवर गोपाल पाँडे निरन्तर प्रयास गरेर हामी धरानबासीलाई मात्र होइन सम्पूर्ण नेपाली साहित्यप्रेमीलाई एउटा प्रेरणाको उदाहरण पेश गर्नु भएको छ भने भावी पिँढीलाई साहित्य सेवा र राष्ट्रसेवी साहित्यकारको श्रद्धा गर्नुपर्छ भन्ने कुरो औंल्याउनु भएको छ। समितिले उहाँप्रति आफ्नो आभार प्रकट गर्दै उहाँलाई यस समितिको आजीवन सदस्यता प्रदान गरेको छ।

आज असीम निगाह राखिबक्सी नेपालीका हृदयका सम्राट् राष्ट्रनायक श्री ५ महाराजधिराज वीरेन्द्र वीरविक्रम शाहदेव सरकारबाट मोती प्रतिमाको अनावरण गरिबक्सेकोमा हामी सम्पूर्ण धरानबासी जनता हर्षोल्लादित छौं। मौसुफका जुनाफमा (मोती संस्मरण समिति परिवारका तर्फबाट) हार्दिक कृतज्ञताको भावना भक्तिपूर्वक चढाउँदछौं।

अन्तमा यो कार्यको सफलताका लागि जेजति ज-जसबाट प्रत्यक्ष अप्रत्यक्ष सहयोग हुन सकेको हुन छ त्यसका लागि समिति सदा ऋणी रहेको कुरा व्यक्त गर्दछौं।

मोती संस्मरण समिति परिवार धरान

मोती संस्मरण समिति

१. सभापति : का.वा. प्रधानपञ्च श्री इन्द्रप्रसाद श्रेष्ठ

२. उप सभापति : प्रा. माणिकलाल श्रेष्ठ

३. सचिव : श्री पीताम्बर भोला लम्साल

४. सदस्य : श्री शंकरप्रसाद आचार्य

५.सदस्य : श्री बद्रीमोहन पलिखे

६. सदस्य : श्री महेशमोहन पलिखे

७.सदस्य : श्री पदमप्रसाद नेउपाने

८. सदस्य : श्री गणेशप्रसाद श्रेष्ठ

९. सदस्य : श्री गिरिराज आचार्य

१०. सदस्य : प्र.अ. इन्द्रमाया शाक्य

११. सदस्य : श्री श्रीमती सीता राई

मोती संस्मरण सल्लाहकार समिति

१. श्री सूर्यप्रसाद उपाध्याय (संयोजक)

२. श्री पं. टीकाप्रसाद उपाध्याय

३.श्री पं. छविलाल पोखरेल

४. श्री पं. मेघराज शर्मा

५. श्री कृष्णप्रसाद श्रेष्ठ

मोती संस्मण समितिका आजीवन सदस्य

१. श्रीकवि गोपाल पाँडे 'असीम'

सात सदस्यीय मोती स्मारक समितिको सदस्य सचिवका रूपमा श्री देवराज अधिकारीज्यूले केही समय रही कार्य गर्नुभएको र उहाँकै प्रयासबाट मोती स्मारक समितिले 'धरानका केही कविता' मोतीराम भट्टको १११ औं जन्मजयन्तीका उपलक्ष्यमा प्रकाशमा ल्यायो । मोतीराम भट्टको ब्लक सौजन्य हाम्रो पुस्तक घर बिराटनगरबाट प्राप्त भएको हो र यसका लागि विपीनदेव ढुङ्गेलज्यूमा धन्यवाद दिन्छौं ।

धरानमा १०३ औं मोती जयन्ती संस्मरण

(२०२५ सालको गोरखापत्रबाट साभार)

२०२५ को गत भाद्र महिना धरान बजारका निम्ति मात्र नभई सारा नेपालका

निम्ति एउटा महत्त्वपूर्ण ऐतिहासिक समय थियो, किनभने त्यस महिनाको ६ गते कवि मोतीराम भट्टको १०३ औं जन्म जयन्ती पर्दथ्यो । जुन धरानले दिल खोलेर हर्षोल्लासका साथ विभिन्न कार्यक्रमका साथ ४ दिनसम्म धूमधामले मनाइयो ।

स्थानीय साहित्यप्रेमीबाट मोती जयन्ती मनाउने शिलशिला शिक्षा परिषद्का गोपाल पाँडे असीमज्यूसँग प्रचार भैरहेको थियो । यसै सन्दर्भमा श्रावण २७ गते असीमज्यू धरान आइपुग्नुभयो । उक्त दिन कोशी अञ्चलाधीश बद्रीविक्रम थापाज्यूको सभापतित्वमा मोती जयन्ती समारोह समिति धरानको बैठकमा समारोह भव्यरूपले मनाउने निर्णयका साथै यसका लागि अरू २४ जना महानुभाव सहयोगका लागि समितिमा समावेश गरिए । जसमा विराटनगरबाट भू.पू. प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाज्यू, भू.पू. मन्त्री भूपालमानसिंह कार्की, भाषासेवी महानन्द सापकोटा, प्रा. बालकृष्ण पोखरेल, विराटनगर नगरपञ्चायतको प्रधानपञ्च, धनकुटाका खगेन्द्रकुमार प्रधानाङ्ग हुनुहुन्थ्यो । यस बाहेक सुनसरी जि.पं. र मोरङ जि.पं. का सभापति र साथै अन्य सम्पादक प्रोफेसर, साहित्यकार समावेश थिए ।

उक्त दिनको सो बैठकमा विभिन्न प्रस्ताव पारित गरिए जस्तै-१) मोती जयन्ती ३ दिनसम्म अर्थात भाद्र ८, ९ र १० गतेसम्म विभिन्न कार्यक्रमद्वारा मनाइने २) समारोह सम्बन्धी व्यवस्थाजस्तै मञ्च व्यवस्था बाहिरबाट आउने कविको निम्ति आवास र भोजनको प्रबन्ध प्रचार विभाग, सांस्कृतिक कार्यक्रमको व्यवस्था मोतीको प्रतिमाको शिलान्यास र अरू आवश्यकीय व्यवस्थाका निम्ति विभिन्न व्यवस्थाको मनोनयन गरी उहाँहरूलाई कार्यभार सुम्पियो । काठमाडौंबाट कवि महोदयलाई अभिभारा सुम्पियो । साथै माननीय शिक्षामन्त्रीज्यूमा पनि उक्त समारोहमा पाल्न हुन अनुरोध साथ निमन्त्रणमा पठाइयो ।

श्रावण २९ गतेका दिन पुनः कार्यसमितिको बैठक बस्यो जसमा विभिन्न कार्यक्रम निश्चित गरिए । आखिर उक्त प्रतीक्षाको घडी भाद्र ६ गते शुक्रबार ....को आगमन भयो । बिहान ६ बजेदेखि एकएक गरी सबै धरान पब्लिक हाईस्कूलको प्राङ्गणमा भेला हुँदै जाँदै थिए । सबैको मनमा जोश थियो, एक नयाँ उमङ्ग सबैको अनुहार प्रफुल्लित देखिन्थयो । किनकि आज नै त्यो दिन थियो जुन दिन १०३ औं वर्ष अगाडि नेपाली साहित्यकाशका भानुलाई नेपाली जगत् मा प्रकाशमा ल्याउने साहित्यरथीको यस धरानमा उत्तीर्ण भएको थियो आज उनैको स्मरण थिए । त्यहाँ भेला भइरहेका थिए । कार्यक्रमअनुसार सर्वप्रथम कवि मोतीराम भट्टको फोटोमा माल्यार्पण र श्रद्धाञ्जलि अर्पित गरियो । अनि

उक्त स्थलदेखि प्रभात फेरिका लागि जनसमूह विस्तारै बजारतर्फ हिँड्न शुरू गर्‍यो । उक्त जुलुस धरान पब्लिक हाईस्कूलदेखि हिँडी महेन्द्र पथ (जुद्धनगर) हुँदै धराननगर परिक्रमा गर्‍यो । उक्त जुलुसमा प्रज्ञाप्रतिष्ठानका उपकुलपति प्रसिद्ध नाटककार बालकृष्ण समज्यू र माननीय सदस्य माधवप्रसाद घिमिरेज्यूको अतिरिक्त कोशी अञ्चलाधीशज्यू, शिक्षा सहसचिव दीर्घराज कोइराला सरकारी अफिसर एवं कर्मचारी शिक्षक प्राध्यापक एवं साहित्यप्रेमी स्थानीय व्यक्तिको ठूलो भीड थियो । जुलुसमा "मोती हाम्रा ज्योति" भन्ने नाराले नगर गुञ्जायमान थियो । सबैको आ-आफ्नो हातमा साहित्यिक उक्तिका प्लेकार्ड लिएको देखिन्थ्यो । माननीय उपकुलपति बालकृष्ण समज्यूबाट मोती प्रतिमाको निम्ति निर्दिष्ट स्थलमा बौद्धिक मन्त्रोचारण विधिपूर्वक शिलान्यास सु-सम्पन्न भयो । त्यो धरानका निम्ति त्यस्ता प्रथम साहित्यिक गतिविधि थियो र नेपालको साहित्य क्षेत्रका निम्ति त्यो एउटा गौरवमय दिशा थियो भन्नमा अत्युक्ति नहोला ।

भाद्र ९ गतेका दिन दिउँसो धरान पब्लिक हाईस्कूल हलमा कार्यक्रमअनुसार समज्यूको सभापतित्वमा प्रवचन गोष्ठी शुरू भयो । यसमा सर्वप्रथम गोपाल पाँडेले "मोतीराम भट्टको जीवनी र उहाँको नेपाली साहित्यमा देन" माथि प्रकाश पार्नुभयो । त्यसपछि प्रमुख वक्तामा पिण्डेश्वर महाविद्यालयका प्रधानाचार्य पं. छविलाल पोखरेल, भाषाविद् महानन्द सापकोटा, कवि माधवप्रसाद घिमिरे र बाकृष्ण समज्यूले नेपाली साहित्यका विविध पक्षमा बोल्नुभएको थियो । भाद्र १० गते बिहान स्थानीय महेन्द्र कलेजमा तथा श्री शारदा बालिका विद्यालयमा समज्यू र घिमिरेज्यूको प्रवचन समाप्त भयो । सोही दिन दिउँसो अपार भीडको बीच "समस्या पूर्ति कवि गोष्ठी कवि महानन्द सापकोटाज्यूको सभापतित्वमा सर्वप्रथम राष्ट्रनायक श्री ५ महेन्द्रबाट कृपापूर्वक बक्सेको समस्या पूर्तिका कविता असीमज्यूले पाठ गरेर सुनाउनुभयो । कविवर सिद्धिचरणज्यूबाट प्राप्त भएको समस्या पूर्ति कविता पनि पढेर सुनाइयो । नवागन्तुक कविका साथै स्थानीय कविले आ-आफ्ना रचना पढेर सुनाए । त्यसमा पनि समज्यूबाट नवरसको कलापूर्ण कवित्व स्फूरणको सारा दर्शकवृन्द मन्त्रमुग्ध भएका थिए ।

सोही दिन उपकुलतपनि समज्यू र सदस्य घिमिरेज्यू एवं नवागन्तुक कविका सम्मानमा स्थानीय धरान नगर पञ्चायतले एउटा प्रीतिभोजको आयोजना गरेको थियो र पछि स्थानीय सांस्कृतिक संस्थाका तर्फबाट उहाँहरूको सम्मानमा एउटा सांस्कृतिक कार्यक्रम प्रदर्शित गरियो ।

भाद्र ११ गते कविको टोली बिहान धरानस्थित सांस्कृतिक समस्याबाट दिइएको चियापानीमा सम्मलित भयो । त्यहाँबाट त्यो टोली विजयसेनको राजधानी भएको ऐतिहासिक प्राचीन राजा र विजयपुरको निरीक्षण अन्तर्गत दन्तकाली पुस्तकालय, संस्कृत छात्र पुस्तकालय, पिण्डेश्वर संस्कृत महाविद्यालयमा पुग्यो । त्यहाँ संस्कृत साहित्य र नेपाली साहित्यको महत्त्वबारे घिमिरेज्यूले प्रकाश पार्नुभयो । त्यसपछि उक्त टोली शिक्षा निकेतन हाईस्कूलको निरीक्षण गरेर फर्कियो । पछि बृटिस क्याम्प र डिपो हाईस्कुलमा पुगेको थियो ।

त्यहाँबाट फर्किएपछि कवि महोदय मोती जयन्ती समारोहको अन्तिम कार्यक्रमअनुसार सांस्कृतिक कार्यक्रम हेर्न शिव सिनेमा हलमा पुग्नुभयो । सांस्कृतिक कार्यक्रममा विभिन्न रोचक लोक गीत र नृत्यका साथ मोतीराम भट्टको अन्तिम अवस्थाको आर्थिक छायाँ दृश्य प्रस्तुत गरिएको थियो । सोही मञ्चबाट कोशी अञ्चलाधीश बद्रीविक्रम थापाज्यूले उक्त समारोह बडो राम्रोसँग सम्पन्न हुन सकेकोमा खुशी प्रकट गर्दै सर्वप्रथम कवि राष्ट्रनायकबाट समारोहमा कवि गोष्ठीका निम्ति मौसुफको आफ्नो रचना बक्सेकोमा राष्ट्रनायकप्रति श्रद्धा एवं भक्तिपूर्वक कृतज्ञता टक्र्याउनुभयो र यसमा सहयोग दिनु भएका विभिन्न महानुभावलाई धन्यवाद प्रदान गर्नुका साथै विशेषगरी कवि महोदय काठमाडौंबाट पाल्नु भई उक्त समारोह सफल पार्न सहायता दिनुभएकोमा उहाँहरूप्रति आभार प्रकट गर्नुभयो । त्यसपछि कविको फ्रेण्डस् क्लबमा हार्दिक स्वागत भयो । त्यहाँबाट गीता भवनमा समज्यू र माधव घिमिरेज्यूले आध्यात्मिक प्रवचन दिनुभयो ।

बितेका समय फर्केर आउँदैन तर सो समयमा घटेको महत्त्वपूर्ण घटनाको सम्झना बराबर हाम्रो मानसपटलमा आइरहन्छ भन्ने उक्तिलाई सार्थक तुल्याँदै समय आफ्नो गतिमा अगाडि बढ्दै गयो त्यो दिन त्यो महिना विस्मृतिको गर्भमा लुक्यो तर नेपाली समाज मात्रलाई त्यस दिनको चहलपहल एउटा प्रेरकको रूपमा सदा सम्झिरहने छ । कवि महोदयको धरान आगमन उहाँहरूको साहित्य दिवसको मधुर प्रबन्ध सधैँ धरानले सम्झनेछ ।

मोती स्मृति भवन समितिका उद्देश्य

१. कवि मोतीराम भट्टको साहित्यिक कृतिप्रति विशेष चिन्तन, मनन र अनुसन्धानका साथै समाजमा नेपाली साहित्यप्रति प्रेम र अभिरुचि जगाउँदै लगी नेपाली साहित्यको संरक्षण र संवर्धनका लागि काम गर्ने ।

२. राजमुकटप्रति असीम आस्था र भक्ति बढाउँदै लगी देशको सार्वभौमिकता,

स्वतन्त्रता र राष्ट्रिय एकताको सरक्षण एवं सुदृढीकरणका लागि साहित्यिक माध्यमलाई सजग तुल्याउँदै जाने ।

३. बराबर राष्ट्रिय स्तरका कविको जन्मजयन्ती मनाउने र उनीहरूका स्मृतिलाई ताजा तुल्याइ राख्ने ।

४. बेलाबेलामा विचार गोष्ठी, कवि गोष्ठी र साहित्य गोष्ठी बराबर गरी नेपाली साहित्यका विभिन्न विद्वान्को साहित्यिक विचारधारालाई गतिशील तुल्याइराख्ने ।

५. वार्षिक, मासिक, त्रैमासिक साहित्यिक पत्रिकाको प्रकाशन गरी साहित्यकारलाई आफ्नो प्रतिमाको विकास गर्ने, मौका दिने र अरूमा साहित्यक प्रेरणा जगाई साहित्यिक प्रेरणा जगाई साहित्यिक वातावरणको सिर्जना गर्ने ।

तदुपरान्त कवि महोदय विराटनगरतर्फ सोही दिन राति प्रस्थान गर्नुभयो । बितेका समय फर्केर आउँदैन तर सो समयमा घटेको महत्त्वपूर्ण घटनाको सम्झना बराबर हाम्रो मानसपटलमा आइरहन्छ भन्ने उक्तिलाई सार्थक तुल्याउँदै समय आफ्नो गतिमा अगाडि बढ्दै गयो भने त्यो दिन त्यो महिना विस्मृतिका गर्भमा लुक्यो तर नेपाली समाज मात्रलाई त्यस दिनको चहलपहल एउटा प्रेरकका रूपमा सदा रहिरहने छ । कवि महोदयको धरान सुआगमन उहाँहरूको साहित्य दिवसको मधुर प्रबन्ध सधैँ धरानले सम्झिरहने छ ।

श्री ५ वीरेन्द्रबाट समुद्घाटित मोती भवनः एक झल्को

मोतीराम भट्टको स्मृति भवन एवं प्रतिमा धरानमा स्थापना गरिनाले नेपाली साहित्यको एउटा ठुलो खाँचो पुरा भएको अनुमान लगाउन सकिन्छ । काठमाडौं वि. सं. १८२३ साल कुशेऔंसीका दिन जन्म लिई वि. सं. १८५३ कुशेऔंसीकै दिन चोला उठ्यो । यी महान् साहित्यकार तीस वर्षको उमेरमा देहवसान हुँदा नेपाली साहित्यको हुनसम्मको क्षतिभयो । मोती स्मृति भवनले केही मात्रामा भए पनि उनीप्रतिको ऋण चुक्ता गरेको छ । यसबाट मोतीरामप्रति नेपाली साहित्यले केही मात्रामा भए पनि न्याय गरेको हामीले मान्नुपर्दछ ।

सर्वप्रथम २०२५ साल श्रावणमा तत्कालीन कोशी अञ्चलाधीशको अध्यक्षतामा १६ सदस्यीय मोती जयन्ती समारोह काठमाडौंको मोती जयन्ती समारोहका साथ मिलेर तीन दिने गोष्ठीको आयोजना धरानमा गरियो । ११२ औं मोती जयन्तीका अवसरमा तत्कालीन ने. रा. प्र. प्रतिष्ठानका उपकुलपति बालकृष्ण

समले धुमधामसँग सिंहदेवी चौकमा मोती प्रतिमाको शिलान्यास गर्नुभयो । पछि समज्यूका निर्देशनमा रु. छ हजारको लागतमा अमर चित्रकारले मोती प्रतिमाको निर्माण गर्नुभयो । यो खर्च धरान र काठमाडौं सज्जन भलाद्मी विद्यार्थी एवं शिक्षकबाट उपलब्ध भयो । यसपछि मोती जयन्ती समारोह समिति काठमाडौंका सचिव गोपाल पाँडे असीमका दौडधूपले यहाँ रु. एक लाखको लागतमा भव्य मोती स्मृति भवन खडा हुन सक्यो । यो भवनमा दुई कोठा छन् सभाकक्ष र पुस्तकालय कक्ष छन् । यस भवनको शिलान्यास श्री ५ महाराजधिराज वीरेन्द्रको शुभराज्याभिषेकका अवसरमा भाषाशास्त्री महानन्द सापकेटाले गर्नुभयो । यस मोती स्मृति भवन को कार्य सञ्चालनका लागि एक मोती संस्मरण समिति नामक समिति खडा भएको छ यसको आजीवन सदस्यमा पाँडेज्यू रहनुभएको छ । यस मोती स्मृति भवनमा मोती प्रतिमाको अनावरण श्री ५ बाट २०३३ साल फाल्गुन १० गते सुसम्पन्न गरिबक्सियो । अत: यहाँ सो समारोह भएको सानो संस्मरण यहाँ प्रस्तुत गरेको छ ।

मोती स्मृति भवनको विशाल सभाकक्षमा मोती प्रतिमालाई मखमल लुगाबाट ढाकिएको थियो । सभाकक्षको चारैतिर भित्तामा मोती हाम्रा ज्योति हुन् तथा भानुभक्तको "धिक्कार होस् "मकन बस्नु नराखी कीर्ति" जस्ता महान्वाक्यले यसको शोभा बढाइरहेको अनुमान हुन्थ्यो । अर्कातिर पुस्तकालय कक्षामा मोती पुस्तकालय सजाइएर राखिएको थियो जस्मा **नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान साझा प्रकाशन** नेपाली साहित्य भण्डार तथा स्थानीय साहित्यप्रेमी बन्धुबाट पुस्तक नि:शुल्क प्राप्त भएका थिए । पुस्तकालय कक्षाको चारैतिर पूर्वाञ्चल युवा कला केन्द्रद्वारा विविध चित्र सजाएर राखेको हामी पाउँथ्यौ । जसको स्पष्ट दृश्य चित्र हेर्दा आज पनि मन त्यहाँ पुगेको जस्तो लाग्छ । यस अवसरमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट सबै कुलपति सूर्यविक्रम ज्ञवाली, माधवप्रसाद घिमिरे, चूडानाथ भट्टराई, विजय मल्ल, अमर चित्रकार, चन्द्रप्रसाद गोरखाली, रामशरण दर्नाल तथा मोती जयन्ती समारोह काठमाडौंतर्फबाट गोपाल पाँडे असीम नित्यराज पाँडे तथा रमा शर्मा र रूपरेखाका सम्पादक बालमुकुन्ददेव पाँडे पनि उपस्थित हुनुहुन्थ्यो र हाम्रो व्यस्त कार्यक्रममा उहाँहरूबाट हामीले प्रशस्त सहयोग पाएको अनुभव पनि गर्‍यौं ।

निश्चित समयमा भवनतर्फ श्री ५ को सवारी चलेपछि उपस्थित हामी सबैले स्वागत अभिवादन मौसुफमा टक्र्यायौं । यस पछि श्री ५ बाट मोती प्रतिमामा

अनावरण भएपछि मोती जयन्ती समारोह समितिका काठमाडौं सचिव गोपाल पाँडे असीम तथा मोती संस्मरण समितिका सचिवले क्रमशः मौसुफमा अभिनन्दनपत्र टक्राउनु भयो । यस पछि मोती संस्मरण समितिका उप सभापति प्रा. मणिकलाल श्रेष्ठले धरानमा राष्ट्रिय विभूति युवक कवि मोती स्मृति भवन निर्माणको विवरण "एक झलक" नामक पुस्तिका चढाउनुभयो । गोष्ठी तथा प्रवचन समारोह सुसम्पन्न भयो । यस प्रकार २०२५ सालमा धरानमा र २०१० साल काठमाडौंमा शुरू गरिएको मोती जयन्ती समारोह समितिको सपना २०३३ साल फाल्गुन १० गतेका दिन पुरा भयो । अब यस स्मृति भवनका संवर्द्धन एवं साहित्यिक विकासका लागि सबैको सहयोगको अपेक्षा छ ।

सम्पादकलाई चिठ्ठी

मोतीको मूर्ति बनेन

श्रीमान् सम्पादकज्यू

साप्ताहिक चेतना

महोदय,

तपाईको लोकप्रिय पत्रिकाबाट निम्नकुरा जनसमक्ष ल्याउन चाहन्छु २०२५ सालमा केही कविको धरान बजारमा आगमन भएको थियो । जसमा बालकृष्ण सम र महानन्द सापकोटा, गोपाल पाँडे असीम तथा माधवप्रसाद घिमिरे मुख्य अथिति हुनुहुन्थ्यो । उहाँहरूले धरानमा मोती जयन्तीको उपलक्ष्यमा आयोजित कवि गोष्ठीमा मोतीराम भट्टको तस्वीर पनि निशुल्क वितरण गर्नुभयो । त्यसपछि बालकृष्ण समज्यूले मोतीरामको प्रतिमा स्थापन गर्नका लागि स्थानीय सिंहदेवी चौकमा शिलान्यास गर्नुभयो । मोतीराम भट्टको प्रतिमा स्थापना गर्न विभिन्न स्कूल कलेज तथा सामाजिक संस्थाबाट रकम उठाइयो तर आजसम्म पनि मोतीराम भट्टको प्रतिमा स्थापना नगरेको देख्दा यहाँका जनता तथा हामी सबै आश्चर्य चकित भएका छौं । यसका लागि सम्बन्धित मूर्ति स्थापना समितिको ध्यान नगएकाले हामी सबैको गुनासो छ ।

गिरिराज आचार्य

२०२९ श्रावण २८ गते

* * *

मोती स्मृति भवन एवं प्रतिमा संरक्षणको आवश्यकता



राष्ट्रिय विभूति युवक मोतीराम भट्टको स्मृति भवन एवं प्रतिमाको धरानमा स्थापना गरी दिने नेपाली शिक्षा परिषद्का सचिव गोपाल पाँडे 'असीम' आज हामी समक्ष हुनुहुन्न । उहाँको अभावमा मोती स्मृति भवन टुहुरो भएको छ । राष्ट्रिय स्तरको मोती मेमोरियलको समुद्घाटन श्री ५ वीरेन्द्रका बाहुलीबाट १० फाल्गुन ०३३ सालमा भएको थियो । त्यस बेलाको स्मृति भवन धिपधिप बलेको थियो । मोतीको टहक जतातत्तै टल्किन्थ्यो तर एक्कासी यस संस्थाका आजिवन संरक्षक 'असिम'ज्यूको निधनपछि यसको संरक्षण र संवर्द्धन एवं विकासमा अवरोध आयो । नयाँ समिति बन्यो गयो, फेरि बन्यो केवल समिति बन्ने मात्र काम भयो यथार्थमा यसको विकास एवं उत्थान हुन सकेन ।

मोती स्मृति भवनलाई उदारका साथमा धरान नगर पञ्चायतले जग्गा दान दियो तर आज सम्म उक्त जग्गाको मोती संस्मरण समितिका नाममा दर्ता दाखिल खारेज हुनसकेको छैन । तसर्थ यो भवन साहित्य संरक्षणको नाममा नगरपञ्चायतले आफ्नो सुविधाका लागि भौतिक सामग्री राख्ने अखडा बनायो । मोती स्मृति एवं समितिको सभापति भएकाले प्रधानपञ्चको स्वविवेकमा चल्ने संस्थामात्र वा समिति रह्यो । यहाँसम्म कि नगर पञ्चायतको सभा बैठक पार्टी यही हुन्छ । जुन साहित्यकारको राष्ट्रिय विभूतिको अवहेलना मात्र नभएर राष्ट्रकै बेइज्जती मान्नुपर्छ ।

तसर्थ उक्त मोती संस्मरण समितिको उत्थानका लागि म नेपाली शिक्षा परिषद् नेपालका तमाम साहित्य एवं बुद्धिजीवीलाई वर्तमान अवस्थामा गरिनु पर्ने कार्यको ध्यानाकर्षण गराउनु चाहन्छु ।

१) मोती स्मृति भवनको जग्गा दर्ता तुरुन्त धराननगर पञ्चायतले गरिदियोस् ।

२) मोती संस्मरण समितिको पदेन सभापति प्रधानपञ्च हुने व्यवस्था विधानबाट परिवर्तन गरियोस् ।

३) मोती स्मृति भवनको हस्तान्तरण श्री ५ को सरकारले तुरुन्त गर्ने व्यवस्था गरोस् ।

४) मोती स्मृति भवन एवं समितिको अविलम्ब चुनाव गराई यसको स्थायित्व होस् ।

५) मोती स्मृति भवनको बाटोका लागि बेग्लै बाटोमा गेट पञ्चायतले व्यवस्था गरोस ।

६) मोती स्मृति भवनमा पुस्तकालयको अविलम्बन व्यवस्था गरिनुपर्छ ।

७) उपर्युक्त कुराका लागि पनि वर्तमान अवस्थामा मोती स्मृति भवनको अविलम्बन स्थायी समाधान नभएमा यो स्मृति भवन नगरपञ्चायतको पेवा भएर जाने छ । यो राष्ट्र र जनताकै लागि सर्मनाकको कुरो हुन जानेछ । खास गरी नेपाली शिक्षा परिषद्बाट ठोस कार्य प्रगतिका लागि आशाभिमुख छु ।

सगरमाथा सन्देश राजविराज-७ सम्पादक आनन्द थापा २०३७ विजया दशमी

* * *

मोतीराम भट्ट र नेपाली साहित्यको विकास

पुस्तक परिचय

नयाँ प्रकाशन

मोतीराम भट्ट र नेपाली साहित्यको विकास

सम्पादक द्वय: रमेश भट्टराई, मोहन 'विरही'

प्रकाशन–सुनसरी साहित्य प्रतिष्ठान, इनरुवा पृष्ठ संख्या २/५० प्रथम संस्करण १००० थान २०३३ वैशाख १ गते मङ्गलबार सर्वाधिकार सुरक्षित सुनसरी साहित्य प्रतिष्ठान मुद्रक न्यूज्वाला प्रेस ए. २/३९ त्रिलोचन वाराणसी ।

प्रस्तुत पुस्तक मोतीराम भट्टको ११० औं जन्मजयन्तीका उपलक्ष्यमा सु.सा. प्रतिष्ठानद्वारा आयोजित मेरा नेपाली साहित्यको विकास शीर्षकमा जिल्लाव्यापी विचार गोष्ठी गराई उक्त गोष्ठीमा उपयुक्त ठहराइएका रचनालाई नै समावेश गरी प्रकाशनमा ल्याइएको हो । यो पुस्तक आफ्नो उद्देश्यमा सफल भए तापनि यस पुस्तकले भट्टका विषयमा कुनै नौलो जानकारी दिन सक्तैन वा यहाँ पनि भट्टका विषयमा अन्वेषणभन्दा पनि बढी लेखकको अनावश्यक गन्थन नै बढी देखिन्छ । जब कि हामीलाई ठोस खोजपूर्ण रचनाको आवश्यक भएको छ । किनकि मोतीरामका सम्बन्धमा अहिलेसम्म कुनै पनि नयाँकुरा विस्तृत रूपमा जीवनी नै प्रकाशमा आएको छैन । सु.सा. प्रतिष्ठानले अरू मोतीरामका विभिन्न सम्बन्धका लेखकबाट स्तरीय रचना बटुल्न सकेको भए पुस्तकले निकै ठाउँ ओगट्न सक्ने थियो तर यहाँ सबै लेखकले मोतीराम भट्टको जीवनीका सङ्ग्रह नभनेको भए बरू यसको महत्त्व बढी हुने थियो कि ? यसतर्फ पनि प्रतिष्ठानको ध्यान जाओस् । साथै मोतीरामका सम्बन्धमा अध्ययन गर्न हामीलाई आज विभिन्न सामग्रीको खाँचो भएको छ यसतर्फ पनि मोतीराम टिकट फोटो व्यक्तिगत कुरा नेपाल अधिराज्यमा उनका विषयमा भएका क्रियाकलाप पत्रपत्रिकालाई समेत यसमा सन्दर्भका लागिराखेको भए अझ बढी काम हुने थियो तर मोतीरामले भानुलाई जति गरे, मोतीरामलाई हामीले त्यति नै गर्न नसक्ता हामीलाई मोतीका अनुयायीभन्दा अब लाज मान्नुपर्ने अवस्था आएको छ । प्रस्तुत पुस्तकले मोतीराम सम्बन्धमा कुनै नयाँकुरा दिन नसके

पनि यसको महत्त्वलाई चाहिँ नकार्न सकिँदैन । यस प्रकारको गोष्ठी गराई यस किसिमका रचना भेला गरी मोतीरामप्रति लेखकवर्गलाई उचालेकामा सु.सा. प्रतिष्ठानले लेखक वर्गलाई प्रोत्साहन दिएको मान्न सकिन्छ ।

प्रस्तुत पुस्तकमा मोतीरामको 'पञ्चक प्रपञ्चक'देखि लिएर कवि मान बज्राचार्य, गिरिराज आचार्य मोहन विरही, नीरप्रसाद कोइराला, तेजनाथ दाहाल, छविनाथ रिजाल, कृष्णप्रसाद ओलीका रचना समावेश गराएको छ । प्रत्येक लेक आफ्नो रचनामा पुरानै गन्थनलाई दोहोऱ्याउनमा अगाडि बढेको छ तर पनि प्रत्येक लेखक आफ्नो शील्पशैलीमा भने एक अर्काका मित्र छन् । तसर्थ पुस्तक पढ्न पाठकलाई रोचक लाग्छ । अन्त्यमा यस्तै प्रकारले मोतीरामका सम्बन्ध योभन्दा बढी उत्साह र जाँगर बोकेर सु.सा. प्रतिष्ठानले मोतीरामबारे खोज गरेमा यस संस्थाको भविष्य राम्रो मान्न सकिन्छ ।

गिरिराज आचार्यबाट

नयाँचेतना सा. धरान ०३४ भदौं, औंसी

* * *

धरानमा राष्ट्रिय विभूति मोतीराम भट्टको प्रतिमा स्थापना मोती भवन निर्माणको विवरण

एक झलक

प्रकाशन: मोती संस्मरण समिति प्रकाशन मिति २०३३ फाल्गुन १०

पृष्ट: २० मूल्य नभएको ।

नेपाली साहित्यमा मोतीराम भट्टको के कस्तो देन रहेको छ, सो हाम्रा पाठकबाट छिपेको छैन । यो राष्ट्रिय विभूतिको सम्मानमा नेपालमा पहिलो पटक धरानमा मोती स्मृति भवन एवं मोती प्रतिमा दुवैको एकैपल्ट स्थापना गरिनाले यसको के कति महत्त्व बढेको छ भन्ने कुरो पनि कसैबाट छिपेको छैन । मोतीराम भट्टको देहवसान भएको असी वर्षपछि उनको स्मृतिमा यसो मेमोरियल रहनु हाम्रा लागि गौरवको विषय भएको छ यस्तै प्रकारको मेमोरियल भारतमा पनि मोतीका गुरु हरिश्चन्द्रको एक ठाउँ मात्र वाराणसीमा छ । अब वाराणसीको भारतेन्दु भवन र धरानमा मोतीरामको भवन साहित्यिकका लागि अन्वेषणको केन्द्र भएको छ । अब धरानमा मोतीका सम्बन्धमा अनुसन्धान गर्न ठुलो पुस्तकालयको खाँचो छ जो अब यस भवनबाट पूर्ति हुनसक्छ ।

प्रस्तुत पुस्तकका धरानमा मोती भवन एवं प्रतिमाको अनावरणका दिनमा मोतीस्मृति भवन एवं प्रतिमाको परिचयका रूपमा ऐतिहासिक विषयवस्तु लिएर प्रकाशित भएको छ । प्रस्तुत पुस्तकमा २०२५ सालदेखि धरानमा मोती जयन्ती मनाउन लागेदेखिको कुरा समावेश गरिएको छ । जसमा मोतीराम भट्टका स्मृति भवनका बारेमा जानकारी राख्ने साहित्यिक बन्धुलाई निकै उपयोगी सिद्ध हुन जाने कुरा विवाद छ र यो पुस्तिका प्रकाशन गरेर मोती संस्मरण समितिले निकै ठुलो कार्य गरेको महसूस हुन्छ । यस पुस्तिकाको अन्त्यमा मोती संस्कार समितिको उद्देश्य माथि पनि प्रकाश पारिएको छ जस्मा (क) मोती पुस्तकालयका रूपमा मोती अनुसन्धान केन्द्रको स्थापना (ख) राष्ट्रियस्तरका कवि लेखकको जन्म

जयन्ती मनाउँदै लैजाने (ग) बेलाबेलामा साहित्य गोष्ठी र सम्मेलन गर्दै लैजाने (घ) मासिक त्रैमासिक साहित्यिक पत्रिका निकाल्ने छ। यसै सन्दर्भमा यस समितिले निकट भविष्यमा मोती पत्रिका प्रकाशित गर्दैछ। अन्त्यमा यस पुस्तिका मार्फत मोती स्मृति भवनको सम्पूर्ण कार्य विवरणको एक झलक सानो रूपमा भए तापनि दिन सक्षम भएकोमा हार्दिक साधुवाद।

'मोतीस्मृति भवन' एकदृष्टि

धरान नेपाली साहित्यका उन्नायक युवक कवि मोतीराम भट्टको स्मृतिमा खडा भएको मोती स्मृति भवनमा उभिन पाउँदा प्रत्येक साहित्य प्रेमीसज्जनको हृदय प्रफुल्लित भएर आउँछ। मोतीराम भट्टको देहवसान भएको असी वर्ष पछि यसरी उनको सम्मानमा नेपाली साहित्यका साधकले पहिलोपल्ट नाम ठाडो पार्न पाउँदा खुशी लाग्नु स्वाभाविक नै हो। मोतीराम भट्टले सर्वप्रथम भानुभक्त आचार्यको रामायण खोज गरेर पाएपछि उनीलाई कम्ती खुशी लागेन होला। उनले भानुभक्त आचार्यको कृति खोज गरेर नै आफूलाई चिनाए। आज उनै राष्ट्रिय विभूति युवककवि मोतीराम भट्टको सम्मानमा यत्रो विशाल भवन, यत्रो विशाल देदिप्यमान उनको शालिक खडा गर्न पाउँदा अझ राष्ट्रप्राण श्री ५ महाराजधिराजबाट मोती प्रतिमाको अनावरण हुनु ऐतिहासिक कार्य भएको छ र यसमा गौरव लागेर हृदय नै ढकमक फुलेर आउँछ। आज पनि उत्तिकै खुशी छौं, हाम्रा राष्ट्रि विभूतिको सम्मान यत्रो भव्य महलखडा गर्न पाएकोमा। मोतीरामले लगाएर गएका गुणको भारा केही मात्रामा भए पनि आज हामीले यहाँ बिसाउन पाउँदा मन हलुङ्गो भएर आउँछ। एउटा ऋणीले सम्पूर्ण ऋण चुक्ता गरेर सुखको सास जसरी फेर्छ त्यसरी नै आज हामीले सुखको सास फेर्ने शुभअवसर पाएका छौं। तर त्यो उनको ऋण चुक्ता मात्र नभई साधारण व्याजका रूपमा मात्र तृण बराबर भएको छ। यतिमै पनि हामीले सन्तुष्ट हुने कुरो छैन। यो कार्य त आजभन्दा पचीस वर्षअघि नै हुनुपर्ने हो। तर सो नहुनु दुःखको कुरा भएको छ भने हामीले पछाडि यो भएन, ऊ भएन भन्ने गुनासो गर्ने ठाउँ कतै छैन। हामीले यसैलाई नै संवर्धन गर्न पुनः एकपल्ट मोतीरामका विषयमा कान ठाडो पार्ने बेला आएको छ मोतीराम भट्टका प्रिय गुरु आदिकवि भानुभक्त आचार्यको स्मृति भवन तनहुँ (रम्घा) मा खडा गर्न पाउँदा र आज मोतीराम भट्टको स्मृति भवन धरानमा खडा गर्न पाउँदा निश्चय नै (स्वर्गीय) कविका आत्मामा केही सन्तोष पुगेको होला भन्ने विश्वास हामीले लिनु

पर्छ । अझ रम्घामा भानुस्मृति भवन खडा भएझैं मोतीस्मृति भए सुनमा सुगन्ध आउने थियो । तर आज उनको घर प्राचीन कान्तिपुरमा अर्काले बनायो । तर पनि सम्भव हुन्छ भने त्यस ठाउँमा उनको एउटा सालिक निर्माण हुन सकोस् ।

आज बेलायतमा शेक्सपियरको जन्मथलाले भारतमा रवीन्द्र, शरच्चन्द्रको जन्मथलोझैं विश्वका प्रत्येक साहित्यप्रेमीको ध्यान आकर्षण गरेको छ भने हामीले यही रूपमा भानुभक्त, मोतीरामको स्मृतिलाई सदा ताजा राख्न संवर्द्धन एवं संरक्षण गर्‍यौं भने एक दिन नेपालको भानु स्मृति भवन, मोती स्मृति भवन पनि विश्वको एक साहित्यिक तीर्थस्थल बन्न सक्नेछ । विश्वका कुना कुनाबाट यहाँ पनि साहित्यको खोज गर्न विद्वान्वर्ग भेला हुनेछन् । त्यो बेला मात्र हामीले हाम्रा कविको साँच्चिकै कदर भएको पाउनेछौं । यसका लागि नेपालका तमाम साहित्यकार, सरकार र स्थानीय जनताको ठुलो सहयोग चाहिएको छ। तर आज मोतीरामको एउटा पनि चिनो हामी पाउँदैनौं । उता भारतमा मोतीरामका साथी भारतेन्दुका प्रशस्त कुरा भारतेन्दु भवनमा सङ्गृहीत गरिएको छ तसर्थ उनका विषयमा तथा अन्य वर्तमानका कवि लेखकको मूल्यवान चीजबीजको संवर्द्धन गर्न हतारिनु परेको छ । मोतीराम र भारतेन्दुका बीचको साहित्यिक सम्बन्ध जुन छ । त्यस अनुरूप नेपालमा सबैलाई सो कुरा अवगत छ तर अझसम्म भारतमा मोतीराम भारतेन्दुको साहित्यिक सम्बन्ध त्यहाँका जनतालाई थाहा नभएको कुराबाट हामीले अझसम्म पनि मोतीराम खोज्न सकेका रहेन छौं, प्रचार गर्न सकेको रहेनछौं भन्ने कुरा भारतेन्दु भवनबाट लेखिएको निम्नपत्रबाट थाहा हुन्छ ।

* * *

परिच्छेद तीन
विविध साहित्य

भाषा चर्चाका सन्दर्भमा नेपाली हिन्दीको विश्लेषण

नेपाली र हिन्दीको विश्लेषण

नेपाली, हिन्दी र संस्कृत भाषाका लिपि देवनागरीको एउटै भाषिक सम्बन्ध छ। देवनागरी लिपिको यो भाषा एउटै लिपिबाट बेग्लाबेग्लै भाषिक अर्थ प्रस्ट्याउँछ। नेपाल र भारत दुई भिन्न सार्वभौम देश हुन्। नेपालमा देवनागरी लिपिको नेपाली राष्ट्र भाषा छ भने भारतमा देवनागरी लिपिको हिन्दी राष्ट्र भाषा छ। तर यी दुवै देशको एउटै महत्त्वपूर्ण विशेषता छ त्यो हो संस्कृत भाषाको प्रधानता अर्थात् यी दुवै भाषाको गुरु संस्कृत नै हो। आर्यको धार्मिक भाषा, देवताका देव भाषा रहेको संस्कृत भाषा नेपाली र हिन्दी भाषाका प्राचीन भाषिक गुरु हुन्। महाकवि वाल्मीकि संसारका प्रथम महाकवि हुन् उनीबाट नै हिन्दूको काव्यको उद्घाटन भयो र त्यो उच्चारित भाषा हो। 'संस्कृत' यसर्थ हिन्दी र नेपाली भाषाका संस्कृतज्ञको आदि देवनागरी लिपिको प्रथम भाषा संस्कृत नै हो। वाल्मीकीलाई संसारमा प्रथम आदि महाकवि भने जस्तै नेपाली र हिन्दीको प्रथम आदि भाषा देवनागरी लिपिको संस्कृत नै हो। नेपाली भाषा देवनागरी लिपिको नेपालको राष्ट्र भाषा हो अर्थात् प्रत्येक नेपालीले नेपाली भाषामा कुरा गर्छन् काम गर्छन् त्यस्तै भारतीयको भाषाको अनेक उपभाषा भए तापनि राष्ट्रको संस्कृतिको राष्ट्रको जनसाधारणले बोल्ने गौरवमय भाषा नेपालको नेपाली र भारत वर्षको हिन्दी नै हो। यी भाषाले अलग अलग दुई राष्ट्रका सम्पूर्ण उप-भाषालाई एउटै सूत्रमा बाँधेको छ। नेपालमा नेवारी भाषा र भारतमा बङ्गाली भाषा यी देशका क्षेत्रिय भाषा हुन् तर यी भाषाले देशको बोध गराउँदैन खाली जातिवर्गको मात्र गराउन। तर राष्ट्र भाषाले सबै जातिका उप-भाषिकलाई एकै सूत्रमा गाँसेर बन्धुत्व देश प्रेम आदि झल्काउँछ। कतिपय संस्कृत भाषाको मिसावट एक अर्का भाषामा तत्सम भई जस्ताको तस्तै पनि प्रयोगमा आई भाषामा तत्सम्बन्धी कुराको बोध गराउँछ। जो एक अर्काको प्रभावबाट चलन चल्तीमा आउँछन् र सदाका लागि तत्सम भाषा विकासमा सघाउ पुऱ्याउछन्। संस्कृत, नेपाली हिन्दीको निम्न वाणिकबाट एक अर्का भाषाको सम्बन्धलाई जान्न सकिन्छ।

आज संस्कृत भाषाका प्रचुर मात्राको विकासबाट देवनागरी लिपिका दुई महत्त्वपूर्ण भाषा नेपाली र हिन्दीलाई राष्ट्र विकासका लागि अपरिहार्य कार्य गरेको छ। नेपाल भारत दुवै विश्वका दुई भिन्न हिन्दू देश हुन अर्थात दुवै देशको संस्कृतिको रक्षक महाभारत, रामायण, पुराण, वेद मानिन्छ। यस्को प्रथम सृष्टि संस्कृतमा भइ नेपाली र हिन्दी भाषामा समेत अनुवाद भइसकेको छ।

देवनागरी लिपिकै मौलिक विशेषताबाट कवि नाम त दुवै भाषाका एक अर्थमा प्रयोग हुने राष्ट्रमा पनि उच्चारित हुन्छन्। भारतीय र नेपालीको संस्कृति रहनसहन एउटै छ यसको आदि भाषा संस्कृति चाहिँ एउटै भए तापनि हिन्दी र नेपालीको देवनागरी लिपि एउटै भए पनि भाषिक अर्थ चाहिँ फरक हुन सक्छ। जस्तो नेपाली भाषामा 'म मन्दिर जाँदैछु' भन्दा हिन्दी भाषामा 'मै मन्दिर जा रहा हुँ।' हुन्छ तापनि एक अर्का देशका नागरिक भाषिक क्लिस्टता (जाराहा हुँ) भए तापनि यहाँ 'मन्दिर' शब्दको उच्चारण एक अर्कालाई सरल भाषामा अर्थ बुझाउने कुराको बोध गराउँछ। यसबाट हिन्दी भाषाको र नेपाली भाषाको तत्सम सरल अर्थ बुझ्नमा त्यति अप्ठ्यारो पर्दैन जतिको भारतीयलाई यसको प्रमुख कारण हो। हिन्दी भाषामा प्रचलित प्रदर्शन गरिने फिलिम जो हिन्दु आदर्श र संस्कृतिको उडानमा रहेका हुन्छन्। हिन्दी भाषामा फिलिम निर्माण भई नेपालमा यसको प्रदर्शन हुने हुँदा यहाँका बच्चा बच्चामा पनि हिन्दी भाषाको गीत तोतेबोलीको लयमा प्रस्फुटित हुन्छ। फिल्म प्रदर्शनबाट पनि विदेशमा हिन्दी भाषाको प्रचार भइरहेको हुन्छ। जसलाई भाषा प्रचारको माध्यम पनि भन्न सकिन्छ। दोस्रो हिन्दी भाषामा पाइने सयौं फिल्मी तथा अन्य पत्रपत्रिका पनि उत्तिकै रुचिका साथमा पढिन्छ। यसबाट पनि हिन्दी भाषाले नेपालमा प्रभाव जमाएको छ।

आजकल संस्कृत भाषा बोलिँदैन यो सर्वसाधारणलाई कुरा गर्न पनि अप्ठ्यारो पर्छ भाषिक क्लिस्टताले गर्दा यसकारण साधारण मानिसले पनि संस्कृत भन्दा हिन्दी भाषा नै बोल्नमा रस लिन्छन्। यसले गर्दा हिन्दी भाषाले नेपाली भाषालाई ज्यादै प्रभावित तुल्याई प्रभाव जमाएको छ, उदाहरणका लागि हिन्दी भाषाका प्रचारको केही माध्यम निम्न छन् (क) चलचित्र (ख) हिन्दी पत्रपत्रिका (ग)तथा साधारण बोलीचालीको अर्थमा नेपालमा बसेका भारतीय बाट आजकल हिन्दी भाषाले नेपालीमा ज्यादा प्रभाव जमाएकाले आजकल नेपालमा नेपाली भाषाको लोप हुँदै गएको जस्तो साधारण बोलीचालीबाट पनि थाहा पाउन सकिन्छ। हिन्दी भाषाका कैयौं अन्वेषकले नेपाली भाषालाई सघाउ पुऱ्याए तापनि यसको अनर्गल

प्रचारले गर्दा नेपाली भाषाको ह्रास भएको जस्तो लाग्न थालेको छ। जो अति नराम्रो हो। यति हुँदाहुँदै पनि झनसारो भारतीय पत्रपत्रिकाले नेपालमा हिन्दी भाषाको उपेक्षा भएको छ भन्दै नेपाली भाषा माथि दबाब दिएको देखिन्छ। (हेर्नु होस् शुभराज्याभिषेक विशेषाङ्क २४ फारवरी १८७५ को धर्मयुग)

आज हाम्रो देशमा भाषा प्रचार गर्ने कुनै माध्यमको पर्याप्त मात्रामा विकास नभएको जस्तो लाग्छ। भाषा प्रचारमा चलचित्रले पनि प्रमुख स्थान लिएको हुन्छ। तर नेपाली भाषामा चलचित्र प्रर्दशन गर्ने माध्यम नभएको नेपाली भाषामा प्रचार गर्ने साहित्यिक पत्रपत्रिकाको कमीजस्ता माध्यम छन्। तापनि यहाँका केही प्रसिद्ध समालोचकले नेपाली भाषाको पर्याप्त मात्रामा विकास भइसकेको छ भन्दा बढो आश्चर्य लागेर आउँछ। आज हाम्रो देशमा भाषा विकासको व्यावहारिक पक्षतर्फ भने कुनै आवश्यक ध्यान नअपनाइएको देख्दा दु:ख लागेर आउछ। जबसम्म भाषालाई जनसाधारणसम्म प्रचार गरिँदैन तबसम्म भाषा विकास किताबमा मात्र सीमित भएर रहेको हुन्छ। देशका पत्रपत्रिकाको मात्राकम छ त्यही माथि प्रज्ञा प्रतिष्ठानजस्तो सांस्कृतिक केन्द्रले भाषा विकासमा ध्यान नदिएको देख्दा आफैंलाई लज्जा लागेर आउँछ। आज हाम्रो देशको प्रमुख समाचार पत्र गोरखापत्र (२०३६ फाल्गुन १२) सम्मले पनि बेलाबेलामा हिन्दी भाषाका माध्यमबाट विज्ञापन गरेर नेपाली भाषालाई होच्याएको छ। यसको साथसाथै हाम्रो देशको प्रमुख साहित्यिक पत्रिका "मधुपर्क" ले जेष्ठ २०३२ लेखकले लेखेका हिन्दी भाषालाई नेपालीमा अनुवाद नगरेर जस्ताको तस्तै छापेर भाषामा खिचडिपन ल्याएको छ। हामी फ्रेन्च, अङ्ग्रेजी भाषाका कति कुरा नेपाली भाषामा अनुवाद गर्न बाध्य हुन्छौं। यो सबैले बुझ्दैन आफ्नो डेग छाडेर लेख्नु वा प्रचार गर्नु भाषा विकासको दृष्टिले उचित ठहर्दैन। लेखकले त्यसै शब्द प्रयोग गरिहाले पनि सम्पादकले विचार गर्नुपर्छ तर हाम्रो देशका अन्य पत्रपत्रिकाले पनि भाषा विकासको नाममा नेपाली भाषालाई खिचडी बनाएको देख्ता अर्काको भाषा अगाडि आफ्नो भाषा मुनि परेको आत्मग्लानि हुन्छ।

यस कुराको पुष्टि भाषा शास्त्री बालकृष्ण पोखरेलको निम्न आशंकाले अझ यस कुरालाई नेपालका अधिकांश भागमा भारतीयको आवादीले गर्दा हिन्दी भाषा प्रचारले झन् ज्यादा प्रश्रय पाएको छ। साधारण बोलचालको भाषामा आवादीले धेर थोर प्रभावित तुल्याए तापनि नेपाली भाषाको प्रचारमा कमी हुनु लज्जास्पद हुन जान्छ। आज भारतको हिन्दी भाषाको विकास एवं प्रभावले गर्दा विश्वका २५

देशले भारतको नागपुरमा १६७५ जनवरी ११ देखि विश्व हिन्दी सम्मेलन गरायो। यस सम्मेलनले संयुक्त राष्ट्र संघमा छुट्टै भाषाको माध्यमका लागि मान्यताको अनुरोध गरेको छ। आज हिन्दी भाषाले विश्वका कैयौं देशमा प्रभाव जमाएको छ। जब कि हामी उही ठाउँमा उभिएका छौं।

यदी यस किसिमले देशमा भाषाको विकास गर्न तुरुन्त सुनियोजित वातावरण ल्याएमा एक दिन हामी पनि हाम्रो भाषाको माध्यमबाट शिर ठाडो पार्दै विश्वका अन्य विकसित भाषासँग तँछाड मछाड गर्न सक्नेछौं।

च्याब्रुङ वर्ष १ अङ्क

२०३२ धनकुटा

* * *

भारतमा नेपाली भाषाको मान्यताबारे चर्चा

भारतको उन्नतिशील भाषा हिन्दी, बङ्गाली, सिन्धीको तुलनामा नेपाली भाषाले पनि अति महत्त्वपूर्ण मान्यता राख्द छ । अझ संस्कृत भाषाबाट छुट्टिएका दुई दिदी बहिनी भाषाले दिदीको मान्यता पाएको कुरा ध्रुवसत्य छ । यसमा पनि हिन्दी भाषाको तुलनामा ज्यादै विकास गरिरहेछ । तर मान्यता क्रमको आधारमा हिन्दी भन्दा नेपाली पनि कम विकसित होइन । अझ भनौं भारतमा अङ्ग्रेजीको राज रहुञ्जेलसम्म अङ्ग्रेजी राष्ट्र भाषा थियो र हिन्दी राष्ट्र भाषाले राष्ट्र भाषाको रूप लिएको ३१ वर्ष मात्र हुँदै छ र पनि दक्षिण भारततिर हिन्दी भाषाको विरोधलाई लिएर आन्दोलन भइरहेछ । भारतमा अझ पनि अङ्ग्रेजी साम्राज्यको भाषाले उत्तिनै प्राथमिकता पाइरहेछ हिन्दीको दाँजो तर नेपालमा नेपाली भाषाले राजकाजको भाषाको मान्यता पाएर विकसित हुँदै गएको ६०० वर्षभन्दा बढी भइसकेको छ । भारतमा हिन्दी भाषाको अति छोटो अवधिमा नै संयुक्त राष्ट्र संघमा भारतले हिन्दी भाषाको अन्तर्राष्ट्रिय मान्यता दिलाउन प्रयत्न गरिरहेछ । यसरी हिन्दी भाषा भारतकै कतिपय ठाउँमा सीमित छ र पनि राष्ट्र संघमा पुग्न प्रयत्न गरी रहँदा आज भारतमा बसेका हिन्दी राष्ट्रभाषी भारतीय नेपालीले हिन्दीको दाँजोमा नभएता पनि अन्य बङ्गाली, पञ्जाबी, सिन्धी भाषा वा अरू सरह संविधानको आठौं अनुसूचीमा मान्यता दिलाउन प्रयत्न भइरहेछ । तर नेपाली भाषाको औचित्यलाई भारतीय प्रधानमन्त्री श्री देशाईज्यूले बुझ्दैनन्, बुझी भारतीय संविधानको आठौं अनुसूचीमा नेपाली भाषाले मान्यता पाउन विल्कुल अयोग्य घोषित गर्नुभएको भारतीय नेपालीले कहिल्यै पनि बिसर्न सक्दैनन् । एकातिर भारत हिन्दी भाषाको मान्यतालाई लिएर राष्ट्र संघका सबै सदस्य राष्ट्रसँग गुहार मागिरहेछ र विश्वमा हिन्दी भाषाले मान्यता पाउँभन्दा स्थान दिनुको सट्टा नेपाली भाषालाई भाषै होइनको उपाधि दिन पनि हिचकिचाउँदैन ।

जब भारत सरकार नै भाषा नीतिमा यसरी सङ्कीर्ण विचार राख्द छ भने अन्य देशका संयुक्त राष्ट्र संघ सदस्यले कसरी हिन्दी भाषाको मान्यता बारे समर्थन गरी देलान । अझ नेपाली भाषाले भारतमा बिना शर्त मान्यता पाइसकेको र भारतका महाविद्वान् सुनीतिकुमार चटर्जी एवं प्रभाकर माच्वे समेतले भारतीय एकेडेमीमा नेपाली भाषाले मान्यता पाउनुपर्ने औचित्यलाई सिद्ध गरी एकेडेमीमा मान्यता

दिइसकेकोमा र भारतले सिक्किम, दार्जिलिङ, आसाम, डुवर्स, मेघालय, उहाँर, उत्तर प्रदेश, महाराष्ट्र, मिजोरम आदि चारैतिर छरिएर रहेका नेपालीले नेपाली भाषाको मान्यता पाउनुपर्ने अधिकार भइसकेकोमा काङ्ग्रेस सरकारभन्दा बढी आफूलाई प्रगतिशील प्रजातान्त्रिक भन्ने प्रधानमन्त्री देशाईज्यू नेपाली भाषाको मान्यतालाई लिएर अति अगतिशील एवं अप्रजातान्त्रिक सङ्कुचित सङ्कीर्ण विचार पोखेर आफ्नो अहम देखाउनाले भारतीय नेपाली जातिले उनको यो अशिष्ट कहिल्यै पनि बिर्सन सक्ने छैनन । अझ नेपालीलाई सेनामा भर्ती गराएको छ भनी कृतज्ञ हुने मोतीरामजीको भारतमा सीमा सुरक्षा गरी दिने बहादुर जाति नेपाली नै छन् । अझ चीन, पाकिस्तानको लडाइँमा कैयौं नेपालीलाई भारत सरकारले पठाएर युद्ध गराएको छ र पनि नेपालीले बहादुरीका साथमा लडेर भारतको सुरक्षा गरी दिएको कुरा देशाईज्यूले बिर्सिसकेका रहेछन् क्यार । वीर तेञ्जिङले भारतको शीर राखिदिएको कुरा देशाइज्यूलाई थाहा रहेनछ क्यार ? यत्रो विशाल भारतका लागि मरिमेट्ने नेपालीले हाम्रो भाषाले पनि मान्यता पाओस् भन्दा उल्टै नेपाली भाषालाई होच्याएर देशाईज्यू सम्पूर्ण भारतीय नेपालीलाई धोकामा राखेका छन् । जसका लागि अब भारतीय नेपालीले भाषा आन्दोलनका लागि कम्मर कस्न परेको देखिन्छ ।

१. विन्दु त्रैमासिक लामडिङ असम वर्ष १९ मार्च १९७१

सम्पाक: के.बी. नेपाली

२. हिमालचुली साप्ताहिक : विराटनगर वर्ष १५ अङ्क ३९ सम्पादक/विपीनदेव ढुङ्गेल

* * *

वीपीको हिन्दी साहित्यमा प्रभाव

नेपाली साहित्यका मूर्धन्य साहित्यकार उपन्यासकार कथाकार डायरी लेखक कवि विश्वेश्वरप्रसाद कोइरालाका विषयमा धेरै लेखिए। नेपाली साहित्यमा उहाँलाई सूर्यविक्रम ज्ञावलीले सर्वप्रथम दोषी चश्मा प्रकाशित गरी कथाकारका रूपमा परिचित गराए।

वीपी कोइरालाको जन्म भारतमा, शिक्षा दीक्षा भारतमा, राजनीतिक दिशा ग्रहण भारतमै भएकोले उहाँको प्रारम्भिक रचना फाटफुट हिन्दीमा लेखिन थाल्यो। उहाँको जन्म १९१४ प्रथम विश्वयुद्धताका भएको थियो। यो गणनाअनुसार १९२७ तिर अर्थात् १३ वर्षका उमेरमा उहाँले भारतमा हिन्दी पाठ्यक्रम पढ्दाका कनिकुथी हिन्दीमा लेखन थाल्नुभयो फाटफुट रूपमा हिन्दी कथाबाट र त्यो भारतका इष्ट इन्डिया कम्पनीका विरुद्ध महात्मा गान्धीको स्वतन्त्रताको लहरले भारतीय जनतामा जागरण ल्याएको थियो। शहीद भगतसिंह शहीद भएपछि क्रान्तिको ज्वाला भट्कँदै थियो।

वीपी बनारसमा पढ्दा साहित्यप्रति आकर्षित हुने भएको वीपीले हिन्दीमा लेखेका साहित्य प्रस्फुटित हुन थाल्यो। फाट्टफुट्ट विस्तारै उहाँका फुटकर रचना प्रस्फुटित भई उहाँको हिन्दी साहित्यका मूर्धन्य साहित्यकार शान्तिप्रसाद द्विवेदीसँग परिचय भयो र उहाँ हिन्दी साहित्यप्रति आकर्षित हुनुभयो। त्यही ताका भारतका प्रख्यात उपन्यासकार, कथाकार, प्रेमचन्द्रले हंस पत्रिका प्रकाशित गर्थे, सम्पादन गर्थे। त्यो पत्रिका वीपीले पढ्ने गर्नुभयो त्यसमा छापिएका सामग्री हेरेर वीपीलाई यति त म पनि लेख्न सक्छु। त्यही आत्मबलले उहाँलाई हिन्दीमा लेख्न प्रेरणा मिल्यो र ऊर्जा दिए शान्तिप्रसाद द्विवेदीले र प्रेमचन्द्रले प्रोत्साहन गरे।

वीपीले नेपाली साहित्यमा पुऱ्याएको प्रभावबारे विगतदेखि नै चर्चा हुँदै आएको छ। उहाँका दोषी चश्मा कथासङ्ग्रह पछि वीपी राजनीतिमा ज्यादा व्यस्त भएकाले उहाँमा साहित्यिक शिथिलता रहन गयो। राजनीतिमा उहाँ प्रधानमन्त्री भएपछि २०१७ साल पौष १ गते प्रजातन्त्रको हत्या भएपछि उहाँ जेल

पर्नुभयो । फलस्वरूप उहाँका कालजयी रचना 'नरेन्द्रदाइ' (उपन्यास) 'मोदिआइन' (उपन्यास), 'सुम्निमा' (उपन्यास), 'हिटलर र यहुदी' (उपन्यास), 'तीन घुम्ती' (उपन्यास) 'भैरवी' कथासङ्ग्रह थुप्रै कविता, आत्मकथा, आत्मवृत्तान्त फेरि सुन्दरीजल, जेलजर्नल, जेलडायरी रहेका छन् । उहाँको जेलजीवन प्रजातन्त्र स्थापनाका लागि सङ्घर्ष थियो भने साहित्यका लागि वरदान । यहाँ यो लेखको उद्देश्य उहाँको प्रभावका बारेमा हिन्दी साहित्यको चर्चा माथि गरेको छु । यद्यपि उहाँका साहित्यिक धारणाका बारेमा मेरो पुस्तक वीपी कोइरालाका साहित्यिक विचारमा विस्तृत विचार विमर्श दिएको छ ।

यहाँ हिन्दी साहित्यको चर्चा गर्दा वीपीले विद्यार्थीकालमा हिन्दीमा लेख्न थालेको र उहाँले तत्कालीन सुप्रसिद्ध हिन्दी साहित्यका साहित्यकारसँग सानिध्य गर्न पाएकाले उहाँ हिन्दीमा सिद्धस्त हुनुभयो । तर उहाँलाई नेपाली भाषामा नै लेख्न सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइरालाले उत्साहित गरेकाले उहाँको हिन्दी भाषामा लेख्न विराम लाग्यो ।

तर उहाँका हिन्दी रचनाका बारे उहाँका जानकारीमा गराइएका बम्बई कविता, बम्बइ कथा फाट्टफुट बाहेक सबै अनभिज्ञ थिए ।

वीपीको साहित्यबारे शोध गर्ने दर्जनौं विद्वान्ले यो बाहेक थप अनुसन्धान गरेनन् । भारतमा नै नेपाली पढाउने विश्वविद्यालय बि.एच.यु, नर्थ बङ्गालमा पढाइ भयो र वीपीका उपन्यास र कथा अनुवाद गरे । यस्तै विदेशीले अङ्ग्रेजीमा गरेका थिए तर उहाँको हिन्दीमा योगदानमा कुनै स्वदेशी विद्वान्ले अनुसन्धान गर्ने जमर्को गरेनन् । यसै बीच सधैं खेलकुदमा मात्र लेख्ने गरेका नवीन अर्यालले २६ असोज २०७१ को नेपाल साप्ताहिकमा वीपीको हिन्दी साहित्यको कथा विधामा कलम चलाए । त्यो पनि एक जना विदेशी महिलालाई भेटेपछि ।

जसमा ती महिला फिनलैन्ड (फिनिस) रहिछन् जो भारतमा दक्षिण एसियाको स्कलरका रूपमा पी.एच.डीका लागि भारत जयपुरको सांस्कृतिक इतिहास माथि शोध गर्न आएकी थिइन् । यो दोषीचश्मा (कथासङ्ग्रह) बाबु आमा र छोरी (उपन्यास) भागलपुर वि.वि.का प्रोफेसर सुरेन्द्रप्रसाद सिंहले 'नरेन्द्र दाइ' नेपालीबाट हिन्दीमा अनुवाद गरे । भारतमा बस्दै गर्दा फिनिस नागरिक मिरिया मल्लिक ५५ वर्षले भारतमा आएपछि मात्र बस्दै गर्दा दक्षिण एसियाको राजनीतिको चर्चा गर्ने क्रममा उनले वीपी कोइराला साहित्यकार पनि हुन् भन्ने सुनेपछि उनलाई वीपीबारे जान्ने, बुझ्ने उत्कन्ठा लागेछ र भारतमा विद्वान्सँग सम्पर्क राखिन् चर्चा गरिन् ।

अनि वीपीले हिन्दीमा समेत लेखेका थाहा पाएपछि उनी वीपीको हिन्दी साहित्यमा योगदान बारे खोज्ने कम्मर कसिन । फलस्वरूप उनी बनारस हुँदै पछि वीपीकै नाताले नेपाल आइन् वीपीलाई बुझ्न ।

यसरी मिरिया मल्लिक नै पहिलो विदेशी विद्वान् भइन् जसले वीपीको हिन्दीमा प्रभाव चर्चा अनुसन्धान गर्न थालिन् । फिनिक्स अनुसन्धानकर्ता मिरियाले वीपीको हिन्दी साहित्यमा कथा विधाबारे खोज्दै उनले वीपीको सम्पर्कमा आएका विद्वान् बनारस, इलाहवाद, पटनादेखि काठमाडौंसम्म सम्पर्क बढाइन् ।

शोधकर्ता मिरियाले वीपीले हिन्दीमा लेखेका जम्मा छवटा कथा फेला पारिन् । ती सबै कथा प्राय छोटा रहेका छन् । ती मध्ये उनले वीपीको कथाबाट उहाँलाई इलाहावादमा फेला पारिन् । उनी यति प्रभावित भइन् कि उनले त्यो कथा विश्वकै उत्कृष्ट फुटकर कथा भन्न रुचाउँछिन् । उनले वीपीको यो कथा १६ वर्षको उमेरमा लेखेका बताएकी छन् । उनले विश्वमा वीपीको जस्तै कथा लेख्ने एक मात्र हेन्स हन्डर्सनले मात्र लेख्थे भनेकी छन् पत्रकार नवीनलाई । उनले १९८६ मा लेख्तै गर्दा, खोज्दै गर्दा वीपीका छ वटा कथा मात्र फेला पारिन् र उनले वीपीका हिन्दी कथा मात्र अङ्ग्रेजी, हिन्दी, फिनिक्स, नेपाली र स्वीडिस गरी पाँच भाषामा प्रकाशित गर्ने उद्देश्य बताइन् पत्रकार नवीनलाई । उनका दाबीमा वीपीले हिन्दीमा लेख्तै गर्दा बनारसबाट प्रेमचन्द्रको हंस पत्रिका बाहेक कलकत्ताबाट रामानन्द चटर्जीको सम्पादनमा प्रकाशित हुने मोडर्न रिभ्यु तथा नामै बनारसी दास चतुर्वेदीको सम्पादनमा प्रकाशित हुने विशाल भारतमा प्रकाशित गरेका थिए ।

वीपीले भारतको प्रवासकाल, विद्यार्थीकाल, जेल बसाइकालमा के कति हिन्दीमा फुटकर कविता कथा अन्य विषयवस्तु लेखे त्यो लेखाजोखा गर्ने मिरियाले अहिलेसम्म किताब प्रकाशित गरेको चर्चा सुनिएको छैन तर हिन्दी साहित्यमा वीपीको हिन्दी लेखनका शोध हाम्रा विज्ञ शोधकर्ताले खोजेको देखिँदैन र बाँकी भविष्यमा छाडिदिउँ तर वीपीको हिन्दी लेखनबारे हामीले मिरियालाई पछ्याउनु एक मात्र विकल्प रहेको छ किनकि उनले धेरै सामग्री सङ्ग्रह गरेकी छन् ।

मिरियाले वीपीलाई प्रोतसाहन गर्नेमा प्रेमचन्द्र, शान्तिप्रसाद द्विवेदी सबै प्रसङ्गमा आइसकेका छन् । त्यसमा थप गरेकी छन् । समपादक रामानन्द चटर्जी र अगाडि मिरियालाई उद्धृत गर्दै पत्रकार नवीन लेख्छन्- सानैदेखि दु:ख र

कष्टमा हुर्किएका कारण पनि वीपीको लेखनमा मनोवैज्ञानिकको प्रयोग हुन सक्ने मिरियाको ठम्याइ छ । उनी रुसी साहित्यकार एन्तोन चेखोवबाट प्रभावित भए पनि वीपीका लेखनमा 'तुर्गनेम' र 'मेक्सिम' जस्तै मिस्रित पाइने बताउछिन् । भन्छिन् प्रेमचन्द्र सबैभन्दा बढी प्रभावित मेक्सिम गोर्कीबाट थिए । त्यहीँबाट वीपीमा सरेको पनि हुन सक्छ । उनी वीपीको लेखनमा छोटो वाक्य मीठो भाषा त्यो पनि बोलचालको हुने हुँदा निकै सशक्त अनुभूत हुने बताउँछिन् ।

यस्तै नवीन अगाडि लेख्छन् -वीपीको कथामा टिप्पणी गर्दै भन्छिन् तर मान्नुपर्छ नेपाली समाजलाई ६०।७० वर्ष अगाडि वीपीले धर्मभिरु र यौन माथि चलाएको कलमलाई स्वीकार गरे । हिन्दीमा नै त्यो साहित्य प्रकाशित भएको भए सायद उनले हालत पनि तसलिमा र रुस्दी जस्दै हुन्थ्यो । वीपीका हिन्दी छोटा कथा माथि टिप्पणी गर्दै मिरियाले उल्लेख गरेको नवीनले बताएका छैनन । मिरिया वीपीले सत्र वर्षमा लेखेका हिन्दी कथा 'उहाँ' पढ्दै कथालाई यसरी भन्दै विट मार्छिन् ।

'एउटा सानो बच्चा आफ्नो आमालाई तारा के हो भनेर सोधिरहेछ । उ आमालाई मृत्युको विषयमा सोधिरहेको छ । उ मनोविज्ञानको कुरा गरिरहेको छ ।'

यसमा दार्शनिक चिन्तन पनि देखिन्छ र ऊ समाधान पनि दिन्छ, जब आमा सुत्छे अनि कसैलाई थाहा नदिई सुटुक्क प्वाँख लगाएर उडेर तारामा जान्छे । यस्तै वीपीको 'बम्बईप्रति' शीर्षक कथालाई मिरिया राजनीतिक दृष्टिकोणका रूपमा लिन्छिन् । वीपी प्रयोगकर्ता मात्र होइनन् त्यसको समाधान पनि दिन सक्ने साहित्यकार हुन् । अन्त्यमा मिरिया वीपीबारे निष्कर्ष सुनाउँदै नवीनलाई बताउँछिन् । -वीपीको हिन्दी लेखन जबर्जस्त थियो । उनले हिन्दीमै लेखिरहेकी भए उनी भारतमा कहलिएका लेखक हुन्थे । वीपीको बेजोड हिन्दी साहित्यमाथि टिप्पणी गर्थिन् ।

यसरी मिरियाको जस्तै कथन राख्ने हिन्दीका सुप्रसिद्ध कथाकार पनि प्रेमचन्द्र, जयशंकर प्रसाद द्विवेदी, चटर्जी थिए ।

यस्तै नेपालीमा धारणा राख्नेमा सूर्यविक्रम ज्ञवाली, धरणीधर लगायत हुनुहुन्थ्यो । तिनताका दार्जिलिङमा ज्ञवाली, धरणीधर कोइराला अध्यापन गराएर साहित्य सेवा गरिरहनु भएको थियो भने वीपी कलकत्ताबाट बी.एल. पास गरी दार्जिलिङमा वकालत गराइरहेका बेला वीपीलाई साहित्यमा खास गरेर कथाप्रति आकर्षित गर्ने ज्ञवाली थिए । जसले बराबर तपाई हिन्दीमा किन लेख्नुहुन्छ नेपालीमा लेख्नुहोस् । तपाईका कथा राम्रा छन् मनोवैज्ञानिक छन् भन्दै आकर्षित गरे फलस्वरूप वीपीले 'दोषी चश्मा' कथासङ्ग्रह (२००६) मार्फत नेपाली

साहित्यमा लेख्न शुरू गर्नुभयो र उहाँका प्रारम्भिक रचना बाहेक हिन्दी साहित्यमा थप लेखिएको देखिएन ।

यसरी नेपालीमा लेख्न भन्ने नेपाली लेखक र हिन्दीमा लेख्ने झन् छिटो प्रख्यात हुने लोभ देखाएका हिन्दी साहित्यकार त्यसपछि चुप लागे । यसै त वीपी साहित्यमा भन्दा बढी राजनीतिमा हेमिनु भएकाले हिन्दी त के कुरा नेपाली साहित्यले पनि सिपी भेट्न दश वर्ष कुर्नुपऱ्यो ।

वीपीलाई राजनीति र साहित्यका बारेमा परेका कुरा मैले आफ्नो पुस्तक वीपी कोइरालाका साहित्यिक विचार पहिलो/दोस्रो संस्करणमा उल्लेख गरिसकेको छु र पनि पाठकलाई मिरियासँग जोड्न पुनः दोहोऱ्याउछु । 'वीपीलाई हरेक साहित्यकारका प्रश्न हुन्थ्यो' किन बेकारमा राजनीतिमा लागेर साहित्यको अनदेखा गर्नुहुन्छ । तपाई साहित्यमा रहनुपर्छ अर्काथरी जसले वीपीको ईर्श्या गर्थे ती बराबर भन्ने गर्थे किन राजनीतिमा जानु हुन्न तपाईको क्षेत्र त राजनीति हो । यस्तै राजनीतिका सहकर्मीले तपाई बेकारमा राजनीतिमा नलाग्नुहोस् । तपाई साहित्यमा लेख्नुभयो भने नेपाली साहित्यले थप उन्नति गर्न सक्छ ।

तर वीपीले कसैका कुरा सुन्नु भएन उहाँले राजनीति र साहित्य दुवैमा बराबर हात हाल्नुभयो र साहित्य राजनीतिका विभेद छुट्याउनुभयो । वीपीले हिन्दीमा जे जति लेख्नुभयो । सबैलाई दश वर्ष समय दिएर मिरियाले भारतमा हिन्दी साहित्यका ठेली पत्रपत्रिका चहार्नुभयो ।

तर पनि उहाँले सोध गरेका वीपीका कथा बारेको पुस्तक बजारमा देखिएको छैन । उनका खोज अनुसन्धान पुस्तकका रूपमा बाहिर आएपछि मात्र नेपाली पाठक र समालोचक समीक्षक र अनुसन्धानकर्ता शोधकर्ताले लेखन अगाडि बढाउन सक्छन् । वीपीबाट भारतीय हिन्दी कथाकार उपन्यासकार, नेपाली क्रान्ति कथाका लेखक नेपालका प्रजातन्त्र सेनानी भारत विहारका फणीश्वनाथ रेणु, वीपी कोइराला निवासमा हिन्दीमा दीक्षित भएका हुन् । उनलाई वीपीले सानैदेखि कोइराला निवासमा ल्याउनुभयो । वीपीको हिन्दी साहित्यमा लेखिएका मिरियाको पुस्तक प्रतीक्षा गर्नु बाहेक केही छैन । शायद उनले भने बमोजिम त्यो अङ्ग्रेजी, हिन्दी, नेपालीमा के पहिला प्रकाशित हुन्छ । त्यो कुरा समयले बताउने छ । वीपीबाट भारतीय हिन्दी कथाकार उपन्यासकार नेपाली क्रान्ति कथा, लेख नेपालका प्रजातन्त्रका सेनानी भारतरका फणीश्वरनाथ रेणु कोइराला निवासमा हिन्दीमा दीक्षित भएका हुन् । उनलाई वीपीले सानैदेखि कोइराला निवासमा ल्याउनुभयो र उनी साहित्यकार तारिणीप्रसाद

कोइरालासँगै हुर्के तर उनले हिन्दीमा नै लेखे। उनका 'मैला आँचल' उपन्यासमा सप्तकोशी, विराटनगर, कोशी अस्पताल लगायतको वर्णन छ। वीपीको निधनमा उनले हिन्दीमा लेखेका आलेख यस पङ्क्तिका लेखकले नेपालीमा अनुवाद गरी वीपीका साहित्यिक विचारमा समावेश गरेको छ।

यस प्रसङ्गमा भन्नुपर्दा वीपीले हिन्दीमा लेख्नु मात्र भएन हिन्दी लेख सिद्धहस्त लेखक फणीश्वरनाथ रेणुमा प्रभाव राख्नुभयो। मध्यकालमा हिन्दीका कवि भारतेन्दु र नेपालका कवि मोतीराम पहिलो हिन्दी र नेपालीका सेतु भए भने वीपी दोस्रो उहाँ हिन्दी र नेपालीका सेतु हुनुहुन्थ्यो।

* * *

भारतीय वरिष्ठ साहित्यकार विष्णु प्रभाकरका केही पत्र

भारतीय साहित्यकार हिन्दीका मूर्धन्य लेखक विष्णु प्रभाकर अहिले ९० पार गर्दै दिल्लीमा वानप्रस्थ जीवनयापन गर्दै आउनुभएको छ । अझ उहाँकी धर्मपत्नीको निधन पछि त एकान्त जीवन जीउन बाध्य हुनुभएको छ । यी साहित्यकारले बङ्गाली प्रख्यात साहित्यकार शरच्चन्द्र चट्टोपाध्यायको जीवनको खोजी गर्न ३५ वर्ष लामो अनुसन्धान गरी 'आवारा मसिहा' नामक जीवनी लेखेपछि उहाँ ज्यादै चर्चामा आउनुभयो । हिन्दीको लेखन जगत्मा आवारा मसिहाले कथाकार लेखक शरच्चन्द्र चट्टोपाध्याको वास्तविक जिन्दगीलाई नजिकबाट नियाल्न मद्दत गरेको छ ।

नेपाली साहित्यका अतिरिक्त हिन्दी, बङ्गाली साहित्यका उपन्यास कथा तिनताका पढ्ने लहरै थियो । खास गरेर बङ्गाली साहित्यकार शरतचन्द्र चट्टोपाध्याको 'चरित्रहीन', रविन्द्रनाथ टैगोरको 'गोरा', 'डाँकघर' उपन्यास बंकिमचन्द्र चट्टोपाध्यायको 'कपाल कुण्डला' उपन्यास नेपाली भाषामा राजकीय प्रज्ञा प्रतिष्ठानले प्रकाशित गरेर नेपाली पाठकलाई बङ्गाली साहित्यको नजिक पुऱ्याइदिएको थियो । यसले गर्दा नेपालमा शरतचन्द्र, रवीन्द्र, बंकिमको अमीट छाप परेको छ । अझ चरित्रहीनको अनुवाद भनी नेपालका मूर्धन्य साहित्यकार भवानी भिक्षुको 'आगत' उपन्यासलाई चोरेर लेखेको भनी आरोप समेत लगाइयो ।

यिनै बङ्गाली मूर्धन्य साहित्यकारमध्ये शरतको जीवनी विष्णु प्रभाकरले आवारा मसिहामा उतारे । शरत प्रख्यात भएर पनि फक्कड यायावर दुःखी- हाम्रा कवि लक्ष्मीप्रसाद देवकोटा टाइपका थिए । शरतचन्द्रले आफ्ना रचनामा यथार्थता ल्याउन समाजका वास्तविक घटनालाई काल्पनिकताको जलप लगाएर लेखेका उनका उपन्यासले पाठकलाई वास्तविक जीवनसँग साक्षात्कार गराउँथ्यो । त्यसै भएर होला शरच्चन्द्रका वास्तविक पात्र साक्षात्कार गर्न जीवनी लेख्ने उद्देश्यले

विष्णु प्रभाकरले ३५ वर्ष भारतका विभिन्न गाउँ शहरमा वास्तविक पात्र खोज्दै उनीहरूसँग साक्षात्कार गर्दै शरच्चन्द्रको जीवनी 'आवारा मसिहा' मा उतारे, त्यसको नाम दिए 'आवारा मसिहा' । यो पुस्तक बजारमा आए पछि त्यसको व्यापक चर्चा भयो । त्यो पुस्तक मैले पोस्टल अर्डरबाट जोगबनीमा मगाएको थिएँ । त्यहाँबाट घर ल्याएर पढें ।

यस लेखका लेखकको पत्र प्राप्त गरेपछि भारतीय साहित्यकार विष्णु प्रभाकरले ४ अप्रिल १९८० मा प्रतिउत्तरमा लेख्नुभयो 'आप शरत साहित्य के आस्थावान् पाठक हैं और 'आवारा मसिहा' के प्रशंसक यह जानकर परम आनन्दित हुआ । कृतिकारका यही पारिश्रमिक है । धरान किस और है । काठमाडौं तो मै होता आया हूँ । पाटन, भक्तपुर भी देखा है पर तराई नहीं भारत व नेपाल तो एक ही संस्कृति की दो शाखायें हैं । धर्म एक ही है, दो राष्ट्र होकर भी आत्मा एक हैं ।'

यस्तै यस लेखकको प्रतिउत्तर प्राप्तिपछि अर्को पत्र पठाइयो जसको जवाफमा उहाँले २३ मई १९८० मा दोस्रो पत्र पठाउनु भयो जसमा भनिएको छ 'नेपाल में जनमत सङ्ग्रहका परिणाम तो आपके विरुद्ध गया आश्चर्य हमको भी हुआ । पर अब जो हुवा वह तो स्वीकार करना ही पडेगा और उसे अधिक से अधिक उपयोगी बनाना होगा । आपकी साहित्यिक गतिविधियों के बारे में जानकर बहुत हर्ष हुआ । देवकोटाजी के बारे में मैने पढा है । आप अपनी कुछ प्रतिनिधि रचनाओंका हिन्दी अनुवाद करिये या कराइये । भारत मे अच्छी चीजे अवश्य छपेगी । आप तो अच्छे पत्रों में लिखते ही रहते है । मैं अब अवश्य पडुंगा । धरान के बारे में जो जानकारी आपने दी उस से लगता है एक बार वहाँ जाना चाहिये । मैं तो काठमाडौं, भक्तपुर, पाटन ही देख सका हूँ । पटना से हवाइ जहाज से गया था ।

मैंने अभी अपना उपन्यास प्रेस में दिया है । एक नाटक हाथ में है । आपको कुछ भेजूँगा अभी काठमाडौं वि.वि.मे हिन्दी पढाने वाले राम दयाल राकेश मिल गये थे । नेपाल भारत में इतनी समानता है कि वो विदेश लगते ही नही पर राजनीति के कारण बीच बीच में टकराहट होती रहती है । भारत में ही क्या कम टकराहट हैं ।

काठमाडौं के तुलसी मेहर जी से हमारी बहुत अच्छी जानपहचान थी और आज इरान राजदूत हैं । श्री धूस्वाँ सायमी से भी खूव बातें की है । भारत में थे । 'कर्ज' उपन्यास हिन्दी में लिखे हैं । आवारा मसिहा की उन्हों नें भी बहुत प्रशंसा की थी ।'

यसैगरी २० मार्च १९८१ मा तेस्रो पत्रको प्रतिउत्तरमा उहाँले लेख्नुभयो ‘ इतनी दूर से स्नेही जनों का स्नेह कितना आनन्द दे जाता हैं । यह अनुभव करने की चीज है । जो मित्र ‘आवारा मसिहा’ पढ रहे हैं उनके उदारता सुनकर बहुत खुशी हुई । उह्नें मेरी शुभकामनाएँ हैं । और वहाँ क्या हालचाल है । यहाँ तो स्थिति ठिक नहीं है । देखे कब तक सुधरती है । कव तक हमें होश आता है ।

मेरा एक उपन्यास ‘कोइ तो ’ चार पाँच माह पूर्व प्रकाशित हुआ है। मध्यमवर्गीय नैतिकता के ढोंग की कहानी है। एक नाटक ‘सत्ताके आर पार ’ अभी आई है। जैन वाङमय में भारतकी कथा जिसका आधार है अर्थात सत्ता संघर्ष उसका विषय है ।

एक और नाटक अगले मास आ रहा है। नाम है ‘अब और नही’ । उसका विषय हैं। नारी का शोषण। आजकल खूब घूम रहा हूँ। अगले हप्ते निकलूँगा तो २५ अप्रेल तक ही लौटूँगा। देहरादून, औरगाबाद, जलना, हैदराबाद, चुरु और बिकानेर जाना हैं। अभी एक माह गुजरात में था फिर इलाहाबाद, जबलपुर, बदायु, चन्दौसी होता अभी लौटा हूँ। पत्नीकी मृत्यु के बाद दिल्ली में मन नहीं लगता ।

यसरी उहाँले यस लेखकलाई जुन पत्र पठाउनुभएको छ। सायद यसको महत्व अबको समयमा धेरै हुने छ। यसपछि यस लेखकको उहाँसँग सम्पर्क भएन। अहिले उहाँ असक्त भएर बस्नु भएको छ। तर उहाँले नेपाल, नेपाली साहित्य र यहाँका विद्वान्‌का बारेमा जे जो भन्नुभएको छ यो पनि नेपाल भारत सांस्कृतिक साहित्यिक सम्पर्कको सेतु भएको छ ।

(विष्णुप्रभाकरको सन् २००१ मा भारतको नयाँ दिल्लीमा निधन भयो । उहाँको जीवनकालमा न त मेरो भेट हुन सक्यो, न त उहाँले पत्रमा लेखे जस्तो धरान देख्न नै पाउनुभयो ।)

दिल्ली १९८१

४।४।

प्रिय भाइ

आपका पत्र पाकर बहुत खुशी मिली। आप शरत साहित्य के आस्थावान पाठक हैं और आवारा मसिहा के प्रशंसक यह जान कर बहुत आनन्दित हुआ। कृतिकार का यही पारिश्रमिक हैं ।

आप क्या लिखते हैं। आपको किसी कृतिका हिन्दी में अनुवाद मिला कि नहीं। धरान किस ओर हैं। काठमाडौं तो मैं आया हूँ। पाटन, भक्तपुर भी देखा है पर तराई नहीं जिसको भारतीय व नेपाली तो एक है संस्कृति की दो शाखायें है। धर्म एक ही है। दो राष्ट्र होकर भी आत्मा एक है। कभी दिल्ली आना हो तो मिलिये प्रसन्नता होगी। हार्दिक शुभकामनाएँ।

स्नेही विष्णु प्रभाकर

कलकत्ता हाईकोर्टका पूर्व जज भेटघाटको सन्दर्भमा रामकृष्ण शर्मा



२०३१ साल कार्तिक २२ गते साँझ धरान शर्मा टाइप हाउसमा म एक जना साहित्यिक मित्र भुवन कार्कीसँग नेपाली साहित्य सम्मेलनले मनाएको स्वर्ण जयन्तिको चर्चा गर्दै थिएँ । यसै क्रममा कार्कीजीले मलाई भन्नुभयो गिरिजी रामकृष्ण शर्माज्यूलाई स्वागत गर्न जाने होइन ? म त छक्क परेको रामकृष्ण शर्मा ? मैले हाम्रा वरिष्ट समालोचक, आलोचक लेखक रामकृष्ण शर्माज्यू धरान आउनुभएको छ भन्ने कल्पनै गरेको थिइनँ। त्यसैले मेरो प्रश्नप्रति अच्चम मान्दै कार्कीजीले भन्नुभयो क्या त्यही हाम्रा प्रवासी मैले पनि आदिवाक्य पूरा हुँदा नहुँदै ए । बल्ल बुझें के साँच्चिकै शर्माज्यू आउनुभएको हो । उहाँ धरान होटलमा सिट रिजर्भ गरेर श्री ५ बडामहारानीको शुभजन्मोत्सवको उपलक्ष्यमा आयोजित साहित्यिक कार्यक्रममा भाग लिन जानुभएको छ । उहाँबाट शर्माज्यूसँग भेटने प्रोग्राम मिलाई हामी छुटेउँ । अन्यत्रको कार्यक्रम सकिएर शर्माज्यू आउनुभयो । त्यहाँ हाम्रा प्रवासी साहित्यिक व्यक्तित्वलाई साक्षात्कार गर्ने मौका पाएँ । शर्माज्यूलाई नभेटुन्जेलसम्म मैले हृदयमा एउटा काल्पनिक आकृतिमा व्यक्ति चित्र खिचेको थिएँ तर उहाँसँग प्रत्यक्ष हुँदा मेरो कल्पनाले ठक्कर खायो । मलाई लाग्यो उहाँको आकृति बङ्गालीकै जस्तो भए तापनि हृदय चाहिँ शुद्ध हिमालयको पवित्र हिउँजस्तै स्वच्छ नेपालीको रहेछ । यसै क्रममा शर्माज्यूलाई हतार भएकाले होटलमा फेरि भेट्ने अनुरोध गर्दै म बिदा भएँ ।

धरानको छाता चौक र धरान बाहिरका व्यक्तिलाई भेट्ने एउटा गौंडा हो । यसै अखडामा नेपाल भारत मैत्री समाजका महामन्त्री, केदार श्रेष्ठज्यूसँग भेट गरी उहाँलाई पनि लिएर बेलुकी ८ बजे हामी शर्माज्यूसँग कुरा गर्न बस्यौं । कुराकै शिलशिलामा मैले सम्पादन गरेको ‘झलक’ समर्पित गरें । आजकल नेपालमा सामयिक सङ्कलन बन्द गरिएकाले हामीले हाम्रो पत्रिकाको विषयमा कुरा गर्ने त

कुरै आएन तापनि केदारनाथज्यूसँग सल्लाह गरी कल्पनाका लागि अन्तर्वार्ता त राजनीतिक व्यक्तिसँग पो लिइन्छ हामीसँग लिएर के हुने हो र त्यो पनि २०२० साल यता नेपाली साहित्यको विषयमा त्यति अध्ययन गर्ने मौका पाएकै छैन, फेरि अर्को कुरा प्रवासमा नेपालभित्र भएका कुरा थाहा पाइँदैन । हुन पनि हो नेपाल भित्रका कुरा बाहिरका लागि थाहा हुन मुस्किलै छ यो हाम्रो प्रचार र प्रसारको कमजोरीले गर्दा नै त हो क्यार । यहाँका कुरा यहीँ सीमित छ यहाँका साहित्यिक गुटबन्दी साहित्यिक स्वार्थले प्रवासी साहित्यलाई पर राखेको छ । हामीले उहाँसँग एउटा प्रश्न गऱ्यौं के यहाँले वीपी कोइरालाका उपन्यास पढ्नु भएको छ ? उहाँले भन्नुभयो मैले 'तीन घुम्ती' मात्र अध्ययन गर्ने मौका पाएको छु र बाँकीदेखि म टाढै छु । उहाँका विषयमा हात हाल्नु राजनीतिक वातावरणमा टहल्लिनुपर्छ जसदेखि म टाढै छु ।

कुराकै शिलशिलामा केदारज्यूले नेपाल भारत मैत्री समाजमा आइदिनु हुन अनुरोध गर्नुभयो । उहाँको अनुरोधलाई शर्माज्यूले स्वीकार्नु भएकाले करीब १० बजे हामी उहाँबाट सुकला गर्न बिदा भयौं ।

भोलिपल्ट साँझको ४ बजे उहाँ ने.भा. मैत्री समाजमा पाल्नुभयो । समाजको कार्यक्रमअनुसार उपस्थित व्यक्तिसँगै परिचय गरायौं । तत्पश्चात् सचिव केदारनाथज्यूले शर्माज्यूको व्यक्तित्वको परिचय दिँदै स्वागत भाषण गर्नुभयो र शर्माज्यूलाई नेपाली भाषा साहित्य र समालोचनामा आफूले पाएका अनुभव बताइदिनु हुन आग्रह गर्नुभयो । त्यसपछि सभापतिको कुर्सीबाट उठ्दै खुसियाली प्रकट गर्दै पहिले-२ आफू विद्यार्थी अवस्था हुँदा साहित्यप्रति गएको झुकाव तथा विद्यार्थी अवस्थामा आमाबाट पैसा ठगेर लुकीलुकी साहित्यिक कृति अध्ययन गरेको कुरा बडो मार्मिक तथा रोचक ढङ्गबाट पोख्नुभयो ।

क) त्यसपछि भाषाको क्रममा उहाँले भन्नुभयो नेपाली भाषामा केही प्रगति भएको छ तर जानवर भन्दा केही माथिल्लो स्तरमा मात्र बहेको छ । अहिले नै हाम्रो भाषा विकसित छ भनेर हामीले किटान गर्न सक्तैनौं हाल नेपाली भाषामा प्रशस्त कृति प्रकाशित भइसकेका छन् यसै क्रममा भाग लिने हो भने आजको सन् २००० मा पनि हाम्रो नाम मात्र उच्चारण भयो भने पनि हामीले अहोभाग्य हो भन्नुपर्छ । शर्माज्यूले आफू विद्यार्थी छँदा आफ्नै नेपाली पढाउने गुरुले नेपाली भाषाप्रति अवहेलना गरेकोमा बहुतै दुःख प्रकट गर्नुभयो ।

ख) त्यसपछि समलोचना बारेमा शर्माज्यूले भन्नुभयो-समालोचनाका एउटा गहन विषय हो यो एउटा किताबको खाँचो पर्छ । त्यो टार्न पुस्तकालय मात्र एउटा सहाय छ किनकि आजको महङ्गी तथा दिन प्रतिदिन किताबको सङ्ख्या समालोचनामा मैले प्रसिद्धि कमाएको सरल सरस लेखेर हो समालोचना सरल सबैले बुझ्न सक्ने हुनुपर्छ न कि डा. ईश्वर बरालको जस्तो शब्दजाल रची पाठकलाई रनभुल्लमा पारी उम्कन नदिने । हाल नेपालमा वासुदेव त्रिपाठीको समालोचनातर्फ हात बसेको छ तथा उहाँका केही नयाँनयाँ शब्द मिठासपूर्ण हुन्छन् ।

ग) त्यसपछि उहाँले भाषणका क्रममा पाठकको ध्यान नेपाली पत्रपत्रिकातर्फ खिच्नुभयो । पत्रपत्रिका ज्यादा निक्लेर मात्र साहित्यको विकास हुने होइन साहित्यको विकास त एउटा पत्रिकाबाट पनि हुन सक्छ, जसले नियमित रूपमा पाठकलाई मिठा-२ रचना तथा समान देखाओस् । उहाँले फेरि भन्नुभयो जमानामा एउटा शारदाले हामीलाई चिनायो तर अब त सयौं पत्रपत्रिका निक्लन्छ सयौं लेखक कवि तर त्यो दिगो रहन सक्तैन । आज शारदा छैन जसले एकैपल्ट देवकोटा, सम, भिक्षु, सिद्धिचरणको रचना दिन्थ्यो अब त ३।४ जनाको संयुक्त रचना पाउनु त कहाँ हो कहाँ एउटाको पनि रचना ३।४ महिनामा पढ्न पाउनु अहो भाग्य हो भन्नुपर्छ ।

घ) उहाँले आजको आधुनिक साहित्यको सन्दर्भमा बडो दिलचस्पी लिएर बोल्नुभयो । आज आधुनिक साहित्यकार जसलाई मान्ने लेखनाथलाई कि कोइराला या भूपीलाई ? आज यही कुरा नेपाली साहित्यमा विवादस्पद बन्न जाला भन्ने डर रहन गएको छ । कलकत्तामा एउटा दौरा सुरुवाल, टोपी, लगाएको नेपालीलाई आधुनिक नेपाली भन्ने कि आजका नेपालीलाई आधुनिक नेपाली मान्ने । तापनि आज आधुनिक साहित्य भनेर आधुनिकताको पोशाक ओडी केही लब्धप्रतिष्ठित साहित्यकार अपनाइएको देख्दा अचम्म लागेको छ ।

ङ) आजको साहित्य बारेमा श्रोतालाई दिशाबोध गराउँदै उहाँले बताउनुभयो साहित्यमा मर्मज्ञ पाठक त्यसलाई मात्र मान्न सकिन्छ जसले साहित्य बुझेर त्यसको र सुस्वादन लिन्छ जुन पाठकलाई साहित्य पढ्दा केही हुन्छ । त्यसले मात्र साहित्य बुझेको हुन्छ होइन भने त पत्रपत्रिकाको भाषा पढे जस्तै साहित्य पढेर नहुनेलाई सच्चा साहितियक पाठक मानिँदैन । त्यसैले साहित्य

बुझ्न अध्ययन मनन् चिन्तन हुनुपर्छ । साथै साहित्यकारले पनि साहित्य बुझ्नु भन्दा पहिले एउटा सिङ्गो मानिसको मनोविश्लेषण गर्न सक्नुपर्छ त्यसको सही स्थिति आकार खिच्न सक्नुपर्छ तब मात्र साहित्य ज्यादा समयसम्म टिक्न सक्छ । यसै क्रममा उहाँले बताउनुभयो 'मायालु मेरो मन' कवितासङ्ग्रह भर्खर प्रकाशित गराएको छ । यो २५ वर्षसम्म बाँचिदियो भने पनि मेरो अहोभाग्य हो मान्नुपर्छ किनकि नेपाली साहित्यको प्रगति दिन प्रतिदिन बढ्दैछ साथै दिशाबोध ।

च) शर्माज्यू जस्ता विशाल व्यक्तित्व भएका व्यक्तिको भाषण सुन्दा कुन चाहिँ श्रोताको हृदय फुलेन होला । उहाँले आफ्नो भाषणको दौरानमा आजका साहित्यिक र तिनीहरूको कृतिको भविष्य अन्योलमा पर्न सक्छ भन्नुभयो । आज एउटा संस्थाले जस जसको रचना छापिदियो त्यो मात्र साहित्यिकमा गनिने बाँकी नगनिने जस्ता स्वार्थ देखाउँदै छन् । त्यो सारै नराम्रो हो जसको परिणाम पछि गएर नेपाली साहित्यमा एउटा गुट वा अखाडाको केन्द्र मात्र बन्न जान्छ यस्ता कार्य बेलामा नै सुधार नभएमा साहित्यिक जगत्मा खिचडीपन आउने छ ।

यही नै शर्माज्यूले गरेको आंशिक रूपको भाषण उहाँले एक घण्टा १० मिनटसम्ममा जति कुरा बोल्नुभयो शायद अब हामीले यो कुरा उहाँका मुखबाट सुन्न गाह्रै पर्छ किनकि उहाँ प्रवासी हुनुहुन्छ । शर्माज्यूको भाषण सुनेर मैले घरमा सधैंको भन्दा डबल भात खाएँ होला जसको अनुभव अझ मलाई भइरहेको छ । यस्तो भाषण सुन्न पाएका यी मेरा दुइटा कान धन्य कृतज्ञ छन । जसले साहित्यको विषयमा अमृतको रसास्वादन लिन पायो ।

* * *

बुढासुब्बादेखि गोरखपुरसम्म

धरान विजयपुर स्थित प्रसिद्ध बुढासुब्बा भगवानको समाधि मन्दिर प्रसिद्ध छ । यस क्षेत्रमा दर्शन गर्न आउने धार्मिक तीर्थयात्रीले दन्तकाली मन्दिर, पिण्डेश्वर मन्दिरपछि बुढासुब्बा मन्दिरको दर्शन गरी पञ्चकन्या मन्दिरको दर्शन गर्छन् ।

यिनैमध्ये बुढासुब्बा मन्दिरको किंवदन्ती इतिहास रोचक रहेको छ । भगवान बुढासुब्बाको चर्चा प्रसिद्ध इतिहासकार ज्ञानमणि नेपालले जति 'नेपाल निरुक्त' भन्ने इतिहास बुढासुब्बाको तथ्यबारे कमैले चर्चा गरेका छन् । धार्मिक पुस्तकका लेखक लक्ष्मी आचार्यले विवरणात्मक परिचय मात्र लेखेका छन । मन्दिरमा धरान नगरपालिकाको आयोजनामा सानो परिचय साइनबोर्ड झुण्ड्याएका थिए । आजकल त्यो पढ्न पाइँदैन । धेरै पछि आएर धरान चतरालाइनका पुराना इञ्जिनियर सि.एम. देवानले 'विजयपुर बुद्धिकर्ण किरात' शीर्षकमा बुढासुब्बाको गाथा लेखेका छन् । यसपुस्तकमा मलाई पनि पनि दुई शब्द लेख्ने स्थान दिएका छन् । यो मेरो सौभाग्य हो कि उहाँका पुस्तकमा मेरा दुई शब्द वचन परेका छन् ।

बुढासुब्बा भगवानका बारेमा किंवदन्ती पढ्न पाइन्छ । भनिन्छ सेन वंशका राजा विजयसेनका नाममा विजयपुर स्थान नामाकरण हुन गयो । जहाँ बुढासुब्बाको परिचय यी इतिहासमा बुद्धिकर्ण राईका नामले परिचित रहेका छन् । यिनी विजयपुरका

अन्तिम राजा विजयसेनका प्रधानमन्त्री रहेका थिए। यिनको निधनपछि उनका शवको समाधि नै बुढासुब्बाको समाधि मन्दिर हो। कसै कसैको दाबीमा यहाँ मगर पुजारी रहेकाले बुढा मगरको नामले बुढासुब्बाको नामाकरण भएको भनिन्छ।

यो मन्दिरको महत्त्वका बारेमा बुढासुब्बा बुद्धिकर्णका बारेमा धेरै पढ्न पाइन्छ। तर यस लेखको उद्देश्य बुढासुब्बा समाधि मन्दिरको प्रसिद्धि गाथासम्म मात्र चर्चा गर्ने जमेको गरेको छ। किनकि कसै कसैले बुद्धिकर्ण विजयपुरका राजा पनि भए भन्ने दाबी रहेको छ भने बुढामगर यहाँको मन्दिरको पुजारी रहेकाले बुढासुब्बा भन्ने गरेको बुझाइ इतिहासकारको दाबीमा रहेको कुरा सि.एम. देवानको बुढासुब्बामा पढ्न पाइन्छ। यद्यपि यहाँ अहिले पनि मगर पुजारी रहेका छन्। यहाँ हाँस, कुखुराको बलि चढाउने गरेको छ, जसमा आर्जे पनि हेराइन्छ।

बुढासुब्बामा बाँसको टुप्पो हुँदैन, यहाँ मट्याङ्ग्रा खुब पाइन्छ। यी बासमा प्रेमी प्रेमिकाले नाम लेख्ने पनि गर्छन्, डोरो बाँध्ने गर्छन्। यद्यपि बुढासुब्बा वरपर विजयपुरमा शीत पर्दैन, काग आउँदैन भन्ने कथन पनि पढ्न पाइन्छ। यो लेखको उद्देश्य हो, यहाँ बुढासुब्बा समाधिको मन्दिर गोरखपुर रेल्वेस्टेशन बाहिर रहेको नीरप्रसाद कोइरालाले यस लेखकसँग बताएको कुरा ब्लाष्ट टाइम्सको २१ औं अङ्कमा प्रकाशित गरेको छ। जसमा उहाँले २०१३ सालमा काठमाडौंमा हुने अखिल नेपाल फेडरेसनको भेलामा भाग लिन जाँदा गोरखापुर रेल्वेस्टेशनमा ओर्लिनु भयो। त्यहाँ स्टेशन बाहिर घुमफिर गरिरहेको मौकामा उहाँको आँखा नेपालकै बुढासुब्बाको समाधि जस्तै ढिस्को समाधि अवस्थित छ। साहित्यकार कोइरालाका अनुसार विजयपुरका राजा विजयसेनको राज्य गोरखपुरसम्म फैलिएको थियो। गोरखपुरका बुढासुब्बा मन्दिर छेउमा नेपालकै बुढासुब्बा लेखिएको थियो।

धरानका बुढासुब्बाको समाधि जस्तै मन्दिर गोरखपुर स्टेशन छेउमा रहेका बारे नेपालका इतिहासकारले कहीँ कतै उल्लेख गरेक छैनन्। भारतका इतिहासकारले प्रकाश पारेका भए अवश्य पनि नेपालका इतिहासकारले यसबारे थप लेख्ने थिए।

किराँत इतिहासका ज्ञाता इमानसिंह चेम्जोङले पनि लेख्ने थिए। सन् २००३ मा विजयपुर बुद्धिकर्ण किरात पुस्तकका लेखक सि.एम. देवानका पुस्तकमा पनि बुढासुब्बाको गोरखपुर प्रवेशबारे लेख्ने थिए। किनकि यस पुस्तकमा लेखक सि.एम.ले बुढासुब्बाको उत्पत्तिबारे धेरै थरीका धेरै विचार पस्केको छन्। कसैले बुढासुब्बामा मगर पुजारी हुनुले बुढासुब्बा मगर थरका बुढा मगरको भएको ठाउँमा विद्वान्को कथन छ। अर्को कुरा बुद्धिकर्ण राई थरका हुन् कि लिम्बू थरका भन्ने पनि विवाद कायम छ। किनकि बुद्धिकर्ण राय भनी सेन राजाले गरेको पत्र आदान प्रदानमा बङ्गालका मुसलमान शासकका पत्रबाट थाहा हुन्छ।

तर जे होस् विद्यमान बुढासुब्बाको समाधि धरानबाट गोरखपुरसम्म कीर्ति फैलिनुले राजा विजयसेनका पालाका प्रधानमन्त्री बुद्धिकर्ण मृत्युपछिको समाधिलाई बुढासुब्बा नामाकरण गरी पुजाआजा गरी बलि दिने प्रथा शुरू भयो। जस्तो कि गोरखाका राजा राम शाहकी धर्मपत्नी मनकामनामा निधन भएपछि उनको समाधिलाई मनकामना देवीका रूपमा पुज्न शुरू गरिएको जस्तै हो। विजयपुरका प्रधानमन्त्री बुद्धिकर्णका वीरताको गाथाबाट विजयपुर प्रभावित भएकाले होला। उनको राज्यका पश्चिमी भागमा समेत धरानका बुढासुब्बा स्थापित गरे होलान्।

यति मात्र होइन, गोरखपुर र पृथ्वीनारायण शाहको गोरखा दरबारको के सम्बन्ध छ यस्तै जय गोरखनाथ भन्दै मुलुकभरि शंख फुक्ने योगीको शुरूवात गाथा पनि त सबैतिर फैलिएको छ। उनै गोरखनाथले पृथ्वीनारायण शाहलाई नेपाल राज्य एकीकरण पूरा हुने वरदान दिएका थिए। उनै बाबा गोरखनाथका अनुयायी जोगीले आज पनि जय बाबा गोरखनाथ भन्दै हाम्रा घर आँगनमा अलख जगाउँछन्। प्रसङ्ग हो बुढासुब्बाको कीर्ति फैलिएकाले गोरखपुरमा बुढासुब्बाको समाधि रह्यो। त्यहाँका भक्तजनको श्रद्धाले नै त्यहाँ बुढासुब्बाका कीर्ति भारत वर्षसम्म फैलिनु उहाँको धार्मिक पर्यटनका लागि धरान गोरखपुरसम्म धार्मिक पर्यटनको प्रचार प्रसार हुन जरुरी छ। आज त्यहाँ बुढासुब्बाको मन्दिर अब छ, छैन यसको खोजी गर्न पनि किरात विज्ञ, इतिहासकारले अनुसन्धान अघि बढाउनु जरुरी देखिन्छ।

* * *

बटुकप्रसाद भट्टराईबारे सम्झना

दुई /तीन वर्ष अगाडि पहिलोपल्ट युगवाणीका सम्पादक बटुकप्रसाद भट्टराईलाई मैले धरानमा देखेको थिए र म उहाँसँग भेट्न लालयित थिएँ। १९६६ मई महिनाको कुरा हो नवनीत हिन्दी डाइजेष्ट मई अङ्कमा भारतका लोकनायक जयप्रकाश नारायणजीलाई जनता पार्टीको विजयीमा खुशी हुँदै बधाइपत्र पठाएको थिए। बटुकदाइ चत्रघट्टीमा बस्नुहुन्थ्यो र बराबरी हिन्दी अङ्ग्रेजीका पत्रपत्रिका पनि हेर्ने गर्नुहुन्थ्यो, उहाँले जय प्रकाशजीका नाममा मेरो सन्देश नवनीतमा हेरेपछि चकर्घट्टीबाट साथी शालिग्राम दाहाल मार्फत बधाइ पठाउनुभयो। म त आश्चर्यमा रहें त्यत्रा विद्वान् व्यक्तिमा रत्ति पनि घमण्ड रहनेछ। म खुशीले पागल भए उहाँको मप्रतिको चाहनाले। त्यस्तै अचानक एकदिन उहाँ बिराटनगरबाट चकर्घट्टी घर फर्किंदा धरानमा चक्रघट्टी बसस्ट्याण्डमा मैले उहाँलाई भेटें। उहाँ धेरै साथीका बीचमा हुनुहुन्थ्यो मैले उहाँलाई चिने तर उहाँले मलाई चिन्नु भएन हाम्रो परिचय भयो मेरो नाम सुन्नसाथ बटुकदाइले हात मिलाएर पुन मलाई प्रशंसा गर्दा केही क्षण पछि विस्तारै सबै साथी उहाँबाट अलग हुँदै गए। अनि म र उहाँमात्र रह्यौं। उहाँले जमानामा 'युगवाणी' निकाल्दाका कुरा संस्मरण गर्न थाल्नुभयो देवकोटाका सम्बन्धमा धेरै चर्चा गर्नुभयो। देवकोटाका धेरै कृति हराएको र ती कृतिका सम्बन्धमा भट्टराई बन्धुलाई अनावश्यक फतुर लगाई आरोप लगाउने बारे उहाँले चर्चा गर्नुभयो अनि भवानी घिमिरेलाई यस सम्बन्धमा केही कुरा लेख्ने कुरा बताउनु हुँदै आफू र आफ्नो परिवार यस सम्बन्ध निर्दोष रहेको कुरा पनि प्रष्ट गर्नुभयो यसपछि उहाँले

होटलमा लानुभयो । त्यहाँ हाम्रो गफ फेरि हुन थाल्यो उहाँले चिया मगाउनुभयो । उहाँ धाराप्रवाह रूपमा घरी अङ्ग्रेजी, घरी हिन्दीमा बोल्नुहुन्थ्यो । एउटा धोती कमिज र टोपीमा रहने बटुकजी अङ्ग्रेजी शब्द फुट्दा होटलमा जम्मा भएका सबै मानिस हामीतर्फ नै हेरिरहन्थ्ये । उहाँ ज्यादै पान चवाइ रहने हुनाले उहाँका दाँत चाहिँ साह्रै खराब भएका रहेछन् । यसरी होटलमा करीब एक घण्टा जति गफ भएपछि उहाँले पुनः चिया मगाउनुभयो । उहाँले कुरा कुरामा बराबर हिन्दीका, नेपालीका र अङ्ग्रेजीका टुक्रा गजल निकाल्नुहुन्थ्यो । म त सुनेर ती दङ्ग पर्थे उहाँका कुरा ध्यान दिएर सुनिरहन्थे । उहाँ बोलिरहनु भएको थियो उहाँ एक पल्ट आफ्ना भाइ कृष्णप्रसाद भट्टराई (प्रतिबन्धित नेपाली काङ्ग्रेसका नेता) जी जेलमा नै हुनुहन्थ्यो, उहाँसँग एकपल्ट काठमाडौंमा भेटेर बनारसतर्फ पनि जाने कुरा गर्नु भएको थियो । मैले उहाँसँग एकपल्ट अन्तर्वार्ता समेत लिने र देवकोटाका सम्बन्धमा संस्मरण लेख्ने अनुरोध गर्दा उहाँले काठमाडौं र वाराणसीबाट फर्किएपछि मलाई चित्त बुझाउने निर्णय दिनुभयो । म पनि यति भएपछि ढुक्क भए, उहाँ कहिले काठमाडौं जानुभयो थाहा भएन न त वाराणसी नै गएको । पछि थाहा पाएँ भारतीय रेडियोबाट उहाँको निधन सन् १९७७ नोभेम्बर २२ मा क्यान्सर रोगबाट भएछ । बटुकदाइ मेरो संसर्ग आएको छ महीना भित्रमा नै जानुभयो । उहाँ स्वर्गे हुँदा हाम्रो देशको रेडियो र गोरखापत्रले एक शब्द बोलेन, लेखेनन् । हाम्रो देशमा ठूलठूला प्रतिभाशाली व्यक्तित्वको कदर कहिले भएको छ र ? हाम्रो देशका व्यक्तिको कदर विदेशले गरेपछि मात्र हामी थाहा पाउछौं उसको व्यक्तित्वको गरिमा । जनरल सुवर्णशमशेरको निधन हुँदा पनि हामीले विदेशबाट नै समाचार पाएका थियौं । बटुकादाइ जानुभयो, हामी सबैबाट तर उहाँबारे कोही बोलेनन्, लेखेनन् । उहाँ साधारण व्यक्ति त अवश्य हुनुहन्थ्यो । उहाँले बनारसमा छँदा युगवाणीको पहिले व्यवस्थापन अनि पछि २००६ सालतिर सम्पादन गर्नुभएको हो । तर जुन बेला उहाँले युगवाणी निकाल्नुभयो त्यो बेला उहाँका शिष्य प्रो.सि.के. प्रसाई (भारतबाबु) राष्ट्र पुकारमा लेख्नुहुन्छ : 'बटुकदाइ चना र सुराहीको चिसो पानीका भरमा युगवाणी निकाल्नुहुन्थ्यो । आफू हुनुहुन्थ्यो रुखमुनि तर सोध्नुहुन्थ्यो अर्काको परिवारको कुशल प्रेम । उहाँलाई न धन चाहिन्थ्यो न राम्रो लाउनुपर्थ्यो, न राम्रो खानुपर्थ्यो । यस्ता व्यक्तिले जीवनभर साहित्य र राजनीतिको तपस्यामा लीन हुँदा के पाए केवल झोडाको २।४ विगाहा जग्गा त्यो पनि उब्जा नहुने त्यसमा पनि मुद्दा मामिला जिल्लाका जाली फटाहा अन्डरमा उहाँले त्यहाँ गुजारा चलाउनुपर्‍यो,

बिताउनुपऱ्यो र पनि उहाँले त्यहाँ गुजारा चलाउनुपऱ्यो । उहाँले त देशको सर्वोच्च पदमा रहनुपर्ने । उहाँले कलम चलाउनु पर्नेमा ब्राह्मण भएर पनि हलो चलाउनु पऱ्यो । उहाँले जीवनभर साहित्य राजनीतिमा लाग्दा केवल दुई छाक पनि राम्रो खान पाउनु भएन न कुनै कुर्सीका लागि लोभ लालच नै गर्नुभयो । उहाँले आफ्ना स्वार्थका लागि चाहेको भए जे पनि गर्न सक्नुहुन्थ्यो धन प्रशस्त कमाउनुहुन्थ्यो तर उहाँले जीवनभर नेपाली जनता देशको सेवामा नै जीवन बिताउँदा पनि उहाँबारे कसैले चियो चर्चासम्म गर्न फुर्सद पाएनन् । ६७ वर्ष पुग्नु भएका बटुक (ठुल्दाइ) ज्यूको राजनीतिक जीवन २००५ सालतिर शुरू भएको हो । २००६ सालतिर उहाँ आफ्नो बहिनीको घर बारा जिल्लाको बारेवामा हुँदा त्यहीं राणाका फौजले उहाँलाई समाती जेल र हथकडी लगाइ काठमाडौं पुऱ्याएको कुरा उहाँका मामा नारायणबाबु अर्यालले मलाई बताउनुभयो । आफू यसरी गिरफ्तार हुँदा बटुकज्यूले कसुर सावित होस् या त रिहाइ पाउँ भनी आमरण अनसन गर्दा २२ दिनमा उहाँलाई राणा शासकले बाध्य भएर रिहाइ गरेका थिए । अङ्ग्रेजीमा म्याट्रिकसम्म गरेका बटुकप्रसादको देशप्रेम प्रजातन्त्र र स्वतन्त्रताप्रतिको अगाध नशा थियो । त्यसैले राणाका विरोधमा वाराणसीबाट अनेक लेख लेख्नुभयो राणा शासकका विरोधमा हिँड्नुभयो ।

यसैबीच कृष्णप्रसाद भट्टराई आफ्ना दाजुका बारे भन्छन् 'म नौ क्लासमा पुग्दा दोस्रो महायुद्ध प्रारम्भ भयो । नित्य अखबार पढ्ने हाम्रो परिवारको बानी हाम्रा सबभन्दा जेठा दाइ बटुकप्रसाद भट्टराईले हामीलाई सिकाइदिनुभएको हो । उहाँ धेरजसो कलकत्तामा नै बस्नुहुन्थ्यो । नौ क्लाससम्म मात्र अङ्ग्रेजी पढेको भएता पनि उहाँ अङ्ग्रेजी अखबार राम्रो गरी पढ्न र बुझ्न सक्नुहुन्थ्यो । एकपटक जुद्धशमशेर महाराज राजा भएकै वर्ष उहाँले एउटा पत्रमा सात सय रुपियाँमा एक व्यापार गर्न पाए मैले निकै आम्दानी गर्न सक्ने थिएँ र परिवारको पनि राम्रो गरी भरण-पोषण गर्ने थिएँ भनी लेखी पठाएकोमा मौसुफले सो रुपियाँ पठाइदिएकाले उहाँले 'आर्डर सप्लाई'को भट्टराई ब्रदर्स भन्ने नामको एउटा कम्पनी कलकत्तामा खोल्नुभयो । केही वर्षमै सो कम्पनी फेल भएर गयो । कारण के भने हाम्रा दाइ बटुकप्रसाद भट्टराईलाई प्रत्येक शनिबार 'रेस' नखेली नहुने । यसरी 'भट्टराई ब्रदर्सको सारा आम्दानी उहाँले 'रेस' खेलेर सिध्याउनुभयो र तीन-चार वर्षपछि पुनः काशीवासमै फर्कनुभयो ।

यसरी मेरा दाइ गोपालप्रसाद भट्टराई ब्रिटिस जेलमा तीन वर्ष कैदमा बसेका

हुन् । त्यस्तै, नेपालका राणा शासनअन्तर्गत पनि उनी तीन वर्ष नै जेल बसेका थिए । सोही समयमा हामी चार भाइमा सबभन्दा जेठा बटुकप्रसाद भट्टराईले पनि राणाकालमा एक वर्षजति जेल बस्नुपरेको थियो जहाँबाट फुत्कन उहाँले २८ दिन अनसन बस्नुपऱ्यो । कुरो के भयो भने- त्यसबखत हाम्रा हाल-चाल बुझ्न उहाँ रक्सोल आउनुभएको रहेछ । त्यसबेला पार्टीको कामले मेरो 'पोस्टिङ' सप्तरीमा भएको थियो र म भारतीय रेलको अन्तिम स्टेसन निर्मलीबाट पनि सात कोस भित्र कुनौली बजार भन्ने एक नेपाल-भारतको सीमाको गाउँमा अफिस खोली बस्दथे । रक्सौल आएर उहाँले मलाई खबर गर्नुभयो र म पनि रक्सौल पुगें ।

रक्सौलबाट म चाहिँ पुनः सप्तरीकै काममा फर्के, तर ठूल्दाइ बटुकप्रसाद भने म केही दिन यतै रमिता हेर्छु भनी त्यतै अड्किनुभएको थियो । त्यही समय भाइटीकाको चाड पनि नजिकिएकाले उहाँको इच्छा मेरी र गोपालजीकी दिदी तर उहाँकी बहिनी र वीरगन्जभन्दा पनि तीन कोसभित्र बरेवा भन्ने घर भएकी नानु दिदीका हातबाट टीका लाएर मात्र काशी फर्कने भएकाले उहाँ त्यहीं पुग्नुभएको रहेछ ।

त्यसबखत वीरगन्जका बडाहाकिम सोमशमशेर राणा थिए र मेरा दाइले केही वर्षअघि मात्र उनी काशी आउँदा त्यस समयका चलनअनुसार उनको ठूलो चाकडी बजाउनुभएको रहेछ। कारण के भने हाम्री एक दिदी दुर्गादेवीको विवाह विराटनगरनिवासी निकै हुनेखाने चन्द्रप्रसाद नेपालसँग मेरो जन्मभन्दाअघि नै भएको थियो। सोमशमशेरलाई तीर्थ गराउन काशी उहाँले ल्याउनुभएको थियो र सोही समयमा दाइको परिचय सोमशमशेरसँग भएको थियो । त्यसबेलासम्म नेपालमा काङ्ग्रेसी राजनीति प्रारम्भ हुन अझै केही वर्ष पर्खनुपर्ने अवस्था थियो ।

रक्सौलको काङ्ग्रेस अफिसमा सदैव राणाजीका गुप्तचरको चनाखो आँखा लागेकै हुन्थ्यो । अतएव त्यहाँ हाम्रा दाइलाई नदेखेपछि र उहाँ भारतीय रेल चढेर रक्सौलबाट अन्य कतै लागेको रिपोर्ट पनि नदेखिँदा उहाँ बरेवा नै पुगेको भनी एक दिनको जाँच मात्रले सोको पुष्टि भएपछि सोमशमशेरले आफैं सदलबलसहित गएर उहालाई दिदीको घरबाट समातेर काठमाडौं अड्डासार गरी पठाएका हुन् ।

रक्सौलबाट झन्डैझन्डै ६-७ माइल टाढाको हाम्रो दिदीको घर पचास-साठी जवान पल्टनका मानिसद्वारा घेर्न लगाएर हाम्रा दाइलाई गाडीमा राखी वीरगन्ज बडाहाकिम सोमशमशेरले ल्याउँदा दिदीतर्फ हेरेर एउटा सिद्धले जस्तै भविष्यवाणी गरेका थिए, 'बजै ! भाइलाई नेपालको प्रधानमन्त्री बनाउने तपाईंको सपना थियो

क्यार, त्यो पूरा भएन, मैले बिथोलिदिएँ ।' तर, उनले चाहिँ केही वर्ष मात्र फरकका दाजुलाई भाइ नै भन्ठानेका रहेछन् । नभन्दै २०४६ सालमा सो म सहोदर भाइलाई नै प्रधानमन्त्रीको पद प्राप्त भयो र यसरी सोमशमशेरको व्यङ्ग्य पनि भगवत् कृपाले सदर भएर गयो ।'

उहाँको आधाभन्दा बढी जीवन काशीमा बितेको र बुढेसकालमा दु:ख आउँदा फेरि उहाँ दु:ख बेसाउन भगवान विश्वनाथका समीपमा काशीमा स्वर्गे हुनुभयो । उहाँको निधनले नेपालको राजनीतिक साहित्यिक एवं पत्रकारिताको जगतमा एउटा महत्त्वपूर्ण देशभक्त कर्तव्यनिस्ट व्यक्तिलाई गुमाएको छ। उहाँप्रति कुनै चरित्र, कसैले सहानुभूतिसम्म व्यक्त गर्न सकेनन् । उहाँ नेपाली राजनीति साहित्य पत्रकारिताको इतिहासका एक सशक्तपुरुष नै हुनुहन्थ्यो तर दु:ख लाग्दो कुरा उहाँको निधन भएकोसम्म नेपाली जनताले राम्रोसँग थाहा पाउन सकेनन् । यदि यसरी नै देश सेवामा सदा समर्पित रहने व्यक्तिलाई भुल्दै जाने हो भने हामीले हाम्रो देशको संस्कृति, भाषा, इतिहास र समाजलाई पनि भुल्दै जान के बेर ? **(२०३४ फेवाबाट)**

* * *

२३ नोभेम्बर सत्यसाईको जन्म जयन्ती

तिरूपति/पुट्टपर्ती धार्मिक यात्रा प्रसङ्ग

त्यहाँ रुम रिजर्भ गर्न पात्र लेखेका रहेछन् त्यहाँ त्यो पत्र र नेपाली टोपीले गर्दा तुरुन्त हाम्रा लागि नार्थ ब्लक भवनको रुममा सीट प्राप्त भयो, प्रतिकोठा भा. रु. २००।- कादरले । त्यहाँ भारत र नेपालबाट जानेलाई जो जहाँको हो त्यहाँको नोर्थ, साउथ, वेस्टर्न ब्लकमा पठाउँदो रहेछ र भोजनको प्रबन्ध पनि त्यहीअनुसारको भोजनालयमा व्यवस्था रहेछ । त्यहाँ भोजनको व्यवस्था प्रत्येक आइटमको दरले उपलब्ध हुँदोरहेछ ।

पुट्टपर्तिमा हाम्रो गाँसबासको व्यवस्था मिलाएपछि हामी भोलिपल्ट बिहान फ्रेस भई चियानास्ता गरेपछि साई भगवानको समाधि दर्शन र भजनका लागि साई स्मृति भवन प्रशान्त निलयम पुग्यो । त्यहाँ पुग्दा जताततै सेता लुगा लगाएका, खाली खुट्टा हिँड्ने स्वयंसेवक भेट्यौं । त्यहाँ सभाभवनमा जानेबेला मोवाइल फोन लकरमा राखी टोकन लिनुपर्दा रहेछ। जुत्ता खानामा जुत्ता जम्मागरी टोकन लिएर हामी महिला पुरुष गेटमा पुग्यौं। अलगअलग गेटबाट। त्यहाँ गेटमा छिर्नेबेला सुरक्षा संयन्त्रले शरीर जाँच गरेपछि भित्र प्रवेश पाइँदोरहेछ। साई समाधिस्थल भवन प्रशान्त नियलम त्यही भवन हो जहाँ साईबाबा जीवित रहुन्जेल त्यहाँबाट आफ्ना भक्तलाई पाइलापिच्छे दर्शन दिनुहुँदोरहेछ र त्यहाँ कोही भक्तले आफ्ना गुनासा अपेक्षा चिट्ठीपत्रका रूपमा साईका करकमलमा सुम्पिँदा रहेछन्। चरणमा ढोग्दा रहेछन् र भक्तजनले भजन गायन गर्थे। तर अब त्यो स्थिति रहेन। अहिले जानेले भगवान् साईबाबाको समाधिको दर्शन गर्न पाउँदारहेछन् साई समाधि कक्षमा आधा घण्टा आरती गायन र आरती पूजापछि सभाकक्षमा लाइनबाट समाधि दर्शन गर्ने चलन रहेछ। साईबासस्थान कक्षको दर्शन अवलोकन पाउँदा रहेछन्। साईभगवान्को समाधिमा पालोमा फूल अर्पण गरेर ढोगेपछि आफ्नो पालोमा लाइनबाट साईकक्षमा पुगी दर्शन अवलोकन गरेपछि निक्लने बेलामा भोजनको कुपन दिँदा रहेछन्। निःशुल्क भोजन गर्न। त्यहाँ निःशुल्क भोजन सामूहिक दुई अढाइ सय जनाले एक पटकमा भोजन लिन पालोमा बस्नुपर्दोरहेछ । साई स्मृति प्रशान्त विलयन सभाकक्षमा बिहान बेलुका दिनचर्या एउटै रहेछ तर बेलुकाको भोजन आफैँले रोज छाडी गर्न पाइँदोरहेछ । यतातिर मःमःको ख्याति भएकाले त्यहाँ गेट अगाडि दार्जिलिङका एक दम्पतिले मःमः रेष्टुरेन्ट खोलेका रहेछन् त्यहाँ नेपालीपन भेटिँदो रहेछ ।

सत्यसाईबाबाले चौध वर्षको उमेरमा आफूलाई सत्यसाईबाबा घोषणा गर्दै घरपरिवार त्यागेका रहेछन् । उहाँले घर त्याग्दा म सत्यसाई हुँ, यो धर्तीमा म सनातन धर्मको रक्षाका लागि अहङ्कारको राक्षसद्वारा, अन्याय, अराजकता, पाप गर्ने अन्यायका विरुद्ध युद्ध गर्छौं भन्नु हुँदै, त्याग गर्दै प्रशान्त विलयन जहाँ सत्यसाई सधैं आफ्ना भक्तजनलाई उपदेश आशीर्वचन दिँदै नित्यकर्म शुरू गर्नुहुन्थ्यो । सत्य साईले पुट्टपर्तिमा नै आफ्नो बासस्थान, धर्मप्रचारमा लागि रोज्नुभयो । धेरैजना भक्तजनको पनि यही अपेक्षा थियो । आफू जन्मेको ठाउँले नै प्रसिद्धि पाओस् र साईबाबाले सो स्वीकार गर्नुभयो ।

शुरूमा उहाँबारे सर्वसाधारणलाई जानकारी थिएन, जसले उहाँलाई चिने, बुझे ती अनुयायी हुँदै गए । त्यही भएर उहाँले पत्रिका प्रकाशन गरी प्रचार प्रसार गर्न प्रोफेसर एन कस्तुरीलाई जिम्मा दिनुभयो । उहाँले आफैं पत्रिकाको नाम सनातनसारथी नामाकरण गर्नुभयो । त्यो पत्रिकाको प्रकाशन सम्पदान मैसुर विश्वविद्यालयका प्रोफेसर एक कस्तुरीलाई दिनुभयो । यो पत्रिका आज हिन्दी, मराठी, अङ्ग्रेजी, सिन्धी, बङ्गाली, कन्नड, उडिसा, तमिल, मलयालमा आजसम्म पनि प्रकाशित भइरहेको छ र नेपालमा काठमाडौँबाट नेपाली भाषामा प्रकाशित भइरहेको छ । यस पत्रिकाको पहिलो अङ्क १९५८ महाशिवरात्रीबाट शुरू भएको हो । यसरी साईबाबाका बारे अहिलेसम्म प्रकाशित भइरहेको यसले नित्य भक्तजन बढाइरहेको छ । साईबाबाले विभूति प्रकट गर्नुभएको र त्यो विभूतिबाट सयौं रोगी भक्तजन निको भएकाले साई विभूति साईकेन्द्र नेपालका शाखाबाट प्राप्त हुन्छ । सत्यसाईबाबालाई बुझ्ने भक्तजन एकपल्ट स्वयं प्रशान्त विलयन पुट्टपर्ति पुग्ने गर्छन् ।

साईबाबाले राहुकालमा कुनै शुभकार्य नगर्न, यात्रा साइतका बेला राहुकालमा नहिँड्नु भन्ने दिव्य सन्देश दिनुभएकाले राहुकालको समय तालिका प्रस्तुत गरेको छु ।

आइतबार ४:३० दिउँसोदेखि ७ बजेसम्म

सोमबार ७:३० बिहानदेखि ९ बजेसम्म

मंगलबार दिउँसो ३ बजेदेखि ४:३० बजेसम्म

बुधबार बिहान १२ बजेदेखि १:३० बजेसम्म

विहीबार दिउँसो १: ५० बजेदेखि ३ बजेसम्म

शुक्रबार बिहान १०:३० बजेदेखि १४ बजेसम्म

शनिबर बिहान ९ बजेदेखि १०:३० सम्म यसरी भगवान् सत्यसाईकोमा ५ दिनसम्म हामीले नित्य भजन, भोजन सम्पन्न गरी बिताएका थियौं। सत्यसाई पुट्टपर्तिमा गायत्री मन्दिर, हनुमानको विशाल मूर्ति, वटवृक्ष (कागजमा लेखेर इच्छा गरे मनोकामना पूरा हुँदोरहेछ भन्ने विश्वास रहेछ। माता रुकमिणीको मन्दिर, साई विश्वविद्यालय, साई टिचिङ हस्पिटल, साई सपिङकम्प्लेक्स, साई म्यूजियम, चैतन्य ज्योति म्युजियमको अवलोकन गर्ने प्रबन्ध रहेछ। त्यहाँको साई चैतन्यमा साईबाबाको जीवनमा आधारित बाल्यकालका तस्वीरसहित अन्य तस्वीर रहेका छन्। साई चैतन्य ज्योतिमा र म्यूजिएममा नेपालको पशुपतिनाथको मन्दिर, मुक्तिनाथ धामको मन्दिर र भगवान् बुद्धको जन्मस्थलको तस्वीर राखिएका छन्। यसबाट भगवान बुद्ध नेपालमा जन्मिएको थप प्रमाण मिल्छ।

सत्यसाईबाबा को वचन हो सर्वधर्म। त्यसकारण त्यहाँ मोहम्मद मक्का, मदिना, यशु क्राइष्ट, बुद्ध धर्म सबै धर्मको वर्णन गरिएका कुँदिएका शब्द पढ्न, हेर्न पाइन्छ, लुम्बिनी, मायादेवीको मन्दिर सबै हेर्न पाइन्छ। त्यहाँ बस्ने स्वयंसेवकको पनि पालो हुँदोरहेछ नेपालबाट जानेले पनि मन गर्दा स्वयंसेवक बस्न पाइँदो रहेछ। चैतन्य ज्योतिमा मैले टोपी लगाएकाले एक जना सेवकले नेपालीमा बोले ती अर्घाखाँचीका रहेछन् भक्त। पुट्टपर्तिमा जहींतहीं नेपाली बोलिरहेका भक्तजन भेटिन्छन् तर त्यहाँ पनि नेपाली टोपी लगाएको पाउदा मेरो खुशीको सीमा रहेन। त्यहाँ जाने भक्तजनलाई कृपया टोपी लगाउनुहोस् भनी सल्लाह दिन सकिन्छ। यसै क्रममा भारतीय योग गुरु रवीशंकर धरान आउँदा पब्लिक हाइस्कुलको मैदानमा बोल्दै नेपाली टोपी लगाउने गर्नुहोस् र वर्षमा एक पटक टोपी दिवस मनाउनुहोस् भन्ने कुरो सबैले हेक्का राख्नुपर्दछ।

पुट्टपर्तिमा भगवान साईले चौध वर्षको उमेरमा आफू सत्यसाई भएको आमा बुबालाई बताउँदै घर छाड्नु भएको रहेछ। सत्यसाईले म सनातन धर्मका लागि यो पृथ्वीमा आएको बताउँदै सिरडीका साई सत्यसाई हुँदै प्रेम साइका रूपमा जन्म लिने बताउनुहुन्थ्यो। साईबाबाले आफूलाई कहिले पनि भगवान् भन्नुभएन बरू राम, कृष्ण, दुर्गा, शिव, राधा, गणेश, हनुमानको भजन गाउन उत्प्रेरित गर्नुभयो। भक्तजनलाई पुट्टपर्तिको साई समाधिमा विदेशी भक्तजन पनि पुस्तक लिएर वाचन गरि।रहेको भेटिन्थे। एक विदेशीले मतिर इशारा गर्दै टोपी देखाउँदै भने फ्रम नेपाल।

त्यहाँ मैले सत्य साईबाबाको बारेमा यहाँका भक्तजनलाई बताइरहनुपर्दैन। त्यहाँ पुट्टपर्तिमा जस्तै धरान, काठमाडौं लगायतका स्थापना पनि सत्यसाईको

भक्तजनको मन्दिर रहेको छ। सबै विज्ञ हुनुहुन्छ। नेपालमा सत्यसाईका भक्त अनुयायी दिनप्रतिदिन बढिरहेका छन्। साईपथ भनेको सनातन धर्म प्रचार हो। आज सत्यसाईबाबा हामीबीच हुनुहुन्न तर उहाँसँग विस्तारै भक्तजनको आकर्षण बढ्दै गएको छ।

मृत्युपछि पनि उहाँका दिव्यवाणीले मानव जीवनलाई सत्य मार्गमा चल्न, मानव सेवा गर्न उत्प्रेरित गरिहेको छ। सत्य साईको वचनमा सेवा गर तर पहिले आफूलाई सेवा गर भन्नुभएको छ। आफू नबनी अरूको सेवामा कसरी जुट्न सकिन्छ र ? आखिर सबै धर्मले सेवा गर भन्छ। आफ्नो कमाइबाट गरिब दिन दुःखीको सेवा गर्न उतप्रेरित गर्ने दिव्यशक्ति भगवान्ले सत्य साईको अवतार लिएर आज पुट्टपर्तिमा सनातन धर्म रक्षा कवच भएको छ, हरेक जन्ममा कंश र रावणको जन्म हुन्छ, त्यहाँ सिरडी साई, सत्यसाई, प्रेम साईको अवतरण हुन्छ। यो सत्यसँग जसले आत्मसात गर्छ त्यसले मानव जीवन सार्थक पार्छ।

भगवान् साईको पट्टिपर्तिबाट बिदा भएपछि हामी पुट्टपर्तिबाट तीन घण्टामा राति बेङ्लोर पुग्यौँ। बेङ्लोर सिटीबाट टेम्पोमा बेङ्लोर गुहाटी एक्सप्रेस पकडियौँ। तीन दिनपछि पानीटंकी पुग्यौँ। जहाँ उिहाँन ६ बजे मात्र भारतीय कष्टम खुल्दोरहेछ। नत्र नेपालमा राति पस्न नपाइँदो रहेछ।

* * *

वीपीका कविताको कोशी कौशिकीमा यात्रा

नेपाली आकाशमा राजनीतिक तथा साहित्यका नक्षत्र विश्वेश्वरप्रसाद कोइराला राजनीतिमा पनि त्यत्तिकै सक्रिय । राजनीतिमा लागेकाले उहाँको प्रारम्भमा दोषी चस्मा कथासङ्ग्रह मात्र प्रकाशनमा आएको थियो । त्यसपछि राजनीतिमा सक्रिय रहेकाले शायद फुर्सद नभएर होला २०२० साल यता कुनै नयाँ कृति देखापरेन । उहाँ कथाकार भएकाले पाठकले उहाँबाट थप कथा आउने आशा मात्र गर्न सक्थे । यद्यपि उहाँले भारतमा अध्ययन गर्दा शुरूमा हिन्दीमा कविता बम्बै प्रकाशनमा ल्याउनु भएको थियो र कथा पनि लेख्नुभएको थियो ।

उहाँको यो कविता भारतका प्रख्यात साहित्यका, कथाकार, प्रेमचन्द्रको सम्पादनमा प्रकाशित हुने हंस साहित्यिक पत्रिकामा बम्बई कविता प्रकाशित भयो । उहाँले नेपालीमा इन्द्रवदन कथा लेख्नुभयो काठमाडौंबाट प्रकाशित हुने शारदा पत्रिकामा । यसरी कथाबाट साहित्यको शुरू भएको उहाँको थप रचना कम भएको राजनीतिक व्यस्तताले भएको हो र उहाँले आफ्नो आत्मवृत्तान्तमा व्यस्तताले लेख्न नपाएको स्वीकारोक्ति पनि गर्नुभएको छ ।

उहाँ प्रधानमन्त्रीमा निर्वाचित भएपछि पाँच वर्षका लागि चुनिएको पहिलो जननिर्वाचन प्रधानमन्त्री कोइराला १८ महिनामा नै राजा महेन्द्रले प्रजातन्त्रको २०१७ साल पुष १ गते हत्या गरे र वीपी लगायत मन्त्री, नेता, कार्यकर्ता सबै जेल परे ।

राजनीतिज्ञ वीपी कोइरालाको जेल प्रवेशमै नेपाली साहित्यमा..... एकान्तवासको फाइदा उठाउँदै उहाँबाट नयाँ सृजना देख्ने मौका पाए । जेलबाट कथाकार वीपी कोइराला अचानक उपन्यासकारका रूपमा अवतरित हुन पुगे र ती उपन्यास पनि छवटा लेखिए । ती थिए, सुम्निमा, तीनघुम्ती, नरेन्द्र दाइ, बाबुआमा र छोरा, मोदीआइन्, हिटलर र यहुदी यस बाहेक श्वेतभैरवी कथा सङ्ग्रह देखापरिरह्यो । यसबाहेक आत्मकथा, आत्मवृत्तान्त, जेलजर्नल, फेरि सुन्दरीजल जस्ता जेल डायरी प्रकाशमा आए । उहाँले एउटा कवितासङ्ग्रह प्रकाशमा आउन बाँकी भन्नुभएको छ । हिन्दीमा लेखेका पहिलेका कथा समेत प्रकाशमा आउन बाँकी रहेको छ । यहाँ भने वीपीको साहित्यबारे चर्चा गर्ने क्रममा छुट्टै कविता विधामा मात्र चर्चा गर्ने जमर्को गरेको छु ।

वीपीले जेलमा आठ वर्षको कारावासमा शुरूका २/३ वर्ष केही पनि नलेखी केवल पढ्ने काम गरेको उहाँले आफ्ना भाइ तारणीलाई लेखेका पत्रबाट थाहा हुन्छ । पछि आत्मवृत्तान्तमा पनि यो कुरा आएको छ ।

वीपीले जेलमा एउटा कवितासङ्ग्रह तयार गरेको बताउनुभएको छ तर त्यसमा के कति कविता अटाएका छन् ती कुरा बाहिर आएका छैनन् । उहाँले जेल अवधिमा २५० वटा कविता लेखेका उल्लेख गर्नुभएको छ । ती सबै कविता सङ्कलन नै एउटै सङ्ग्रहमा आउने हो कि के हो ? त्यो बताइएको छैन तर ती कविताले प्रत्येक सङ्ग्रहमा पचासवटाका दरले विभाजन गर्दा पनि पाँचवटा सङ्ग्रह बन्ने देखिन्छ । तर अब आउँदा एउटै सङ्ग्रहमा मोटो साइजका कवितासङ्ग्रह आउला अनुमान मात्र गरौं ।

वीपी कोइराला जेल परेपछि उहाँका त्यस अवधिमा नै जेलबाट प्रेषित जम्मा नौवटा मात्र कविता नेपाली पत्रिकामा प्रकाशित भएका थिए । हिन्दीको बम्बै बाहेक यिनै कवितालाई लिएर साझा प्रकाशनबाट वीपीबाट शोध गरेका डा. हरिप्रसाद पराजुलीले वीपीका यति कविता सम्पदान परी प्रकाशनमा ल्याए । तर वीपीका यति कवितालाई लिएर समग्र शोधग्रन्थ प्रकाशित भएका छैनन् ।

तसर्थ अहिले वीपीका त्यति कविताबाट मात्र चित्त बुझाउनु परेको छ । वीपीको त्यो उल्लेख गरिएको भनिएको कवितासङ्ग्रहको डायरी कोसँग छ ? अहिलेसम्म छापिनबाट बञ्चित भएको छ । यतिबेला वीपी शतवार्षिकी चलिरहँदा पनि ती कविताका बिटा देखानपर्नु विडम्बना नै मान्नुपर्ला, वीपीका ती नौवटा नेपाली कविता छुट्टाछुट्टै रूपमा छापिएका थिए । ती मध्ये केही प्रतिबन्धित कालमा जोखिम लिएर छापिन गए भने २०४७ सालपछि मात्र छापिए ।

वीपीका कवितामा धरानबाट फ्रेण्डस् क्लबको सभापति तथा कल्पना द्वैमासिकका सम्पादक केदारनाथ श्रेष्ठको सम्पादनमा मिति उल्लेख नगरिएको वर्ष ५ अङ्क ५/६ मा छोरी र छायाँ कविता छापिन गयो । यो शायद २०२२-०२३ सालतिरको कुरो हो । त्यसपछि धरानकै पिण्डेश्वर संस्कृत क्याम्पसका नेपाल विद्यार्थी संघका साथीले छापेको नेपाल पत्रिकामा २०२९ सालमा सम्पादन परशुराम तिमिल्सनाले वर्ष ११ अङ्क ११ मा प्रकाशमा ल्याए । यो कविताको शीर्षक थियो एउटा सन्धि एक सम्झौता तर यस अघि नै काठमाडौंबाट २०२६ सालमा सिउँडी साहित्यिक सङ्कलनका सम्पादन द्वय पुरुषोत्तम बस्नेत र भुवन ढुङ्गानाले बारीको कुरो कविता प्रकाशनमा ल्याउनुभयो । अर्को विटा पुष्प कविता ल्याए त्यही

फागुनको अङ्क ३ मा दुई जोर कविता एकै साथ । यसपछि काठमाडौंबाट प्रकाशित हुने बिहान नेपाली मासिकका सम्पादक कमलप्रसाद घिमिरेले २०२९ साल बैशाखको अङ्क ४ वर्ष मा नखिचिएको तस्वीर सुन्दर प्रकाशमा ल्याए ।

यस्तै वीपीको निधन २०३९ साल श्रावण ६ गते भएपछि काठमाडौंबाट पूजा वीपी विशेषाङ्कमा जयराज आचार्य र पुरुषोत्तम बस्नेतको सम्पदानमा कार्तिकमा अङ्क ९ मा पोखरा कविता छापिन गयो । प्रत्येक कविता रचेको समय वीपीले लेख पनि कुनै पत्रिकामा मिति रहेको छ भने कुनैमा छपाएको छैन ।

यस्तै बनारसबाट डा. तुलसी भट्टराईले २०३९ साल फागुन ७ गते वीपी कोइराला स्मारिका अङ्क २ मा बादल गोल गोल, कोमल कविता प्रकाशनमा ल्याए । त्यस्तै राजधानी साप्ताहिकको वीपी विशेषाङ्कमा २०४३ सालको वर्षले दृश्य कविता प्रकाशमा ल्याए। यी कविता २०३४ मा सुन्दरीजल जेलमा रचिएका हुन् ।

यसैगरी माथिको शीर्षक दिइएको कोशी कौशिकी कविता २०२३ साल श्रावण १४ गते रचिएका थिए र त्यो नेपाल पुकार काङ्ग्रेसको मुखपत्र २०३७ सालमा श्रावण १० गते छापिएको छ । अनि यी सबै कविता हिन्दीलाई पनि समेटेर एकैपल्ट काठमाडौंका जीवनचन्द्र कोइरालाको सम्पादन गरेको वीपीको कविता सम्झना कविको प्रकाशमा ल्याए । यसमा कवि वीपीबारे अन्य कविले निधनमा तिलाञ्जलिका रूपमा कवि वीपीलाई आफ्नो भावनाको सुन्दर अभिव्यक्ति उद्गारका रूपमा गुम्फन गरे क्यानभासको रङ्गमा मिथक र विम्बका सप्तरङ्गी तरङ्ग छरे । यसरी वीपीलाई मिथक र बिम्बका शब्दले विभिन्न कविले श्रद्धाञ्जलि छल्काए ।

जसमा भरतराज मन्थलीय, दैवज्ञराज न्यौपाने, हरि मञ्जुश्री, कलानिधि दाहाल, तीर्थराज अधिकारी, नारायण बाँस्कोटा, नवराज कट्टेल, मोहन कोइराला, तारिणीदत्त चटौत, शिव अधिकारी, गिरिराज आचार्य, वीपी गोर्खाली, लोकेश्वर ढकाल, सरुभक्त, अशेष मल्ल, सुश्री किरण पन्थी, भीष्म काफ्ले, प्रतिमा भट्टराई, शारदा आचार्य, शैलेन्द्रकुमार सिंह, यज्ञनिधि दाहाल, भुवन ढुङ्गाना, दुबसु क्षेत्री, शेखरचन्द्र थापा, नवीन श्रेष्ठ, 'मणि' रहेको थिए। यी कविता त्यो बेला वीपी साहित्यिक विशेषाङ्कबाट लिएर प्रस्तुत पुस्तिकामा समावेश गरिएको छ । कतिपय कविता त्यो बेला सम्पादक जीवनचन्द्र कोइरालाले प्रस्तुत कवितासङ्ग्रहको एउटै रोचक पक्ष के छ भने पोखराका कवि सरुभक्तले वीपीको निधनमा कविता लेख्दै शीर्षक दिए 'तिमीहरूको सान्दाइलाई मेरो रातो प्रणाम' भनेर यो कविता

काठमाडौंबाट प्रकाशित हुने जागरण साप्ताहिक वर्ष ९, अङ्क ५ मा २०३९ साल श्रावण १५ गते शुक्रबार छापिएको छ। अनि यस कविताका प्रतिउत्तरमा कवि अशेष मल्लले वीपीको निधनमा 'मेरो सान्दाजुलाई तिम्रो लालसलाम चाहिँदैन' भने यो कविता राजधानी साप्ताहिक वीपी विशेषाङ्क २०४१ वर्ष १ अङ्क २८ मा छापिएको छ। वीपीप्रतिका यी कविताका भावनाले साहित्यिक जगतमा एउटा तरङ्ग ल्यायो। वीपी कोइराला नेपालमा रहँदा आठ वर्ष जेलमा बस्ता बाहिरको साहित्यिक महौलबारे भाइ तारिणीलाई पत्र लेख्तै साहित्यिक चर्चा गर्थे। ती चर्चामा कविका बारे पनि हुने गर्थे।

१) तारिणीलाई लेखेको पहिलो पत्रमा .....पढाइ लेखाइमा भने बडो अल्छी भएको छ र चार महिनामा शायद ६/७ किताब पढेर १०० पेज लेखें, एउटा उपन्यासका आधा दर्जन जति कविता बनाएँ।

२) आत्मवृत्तान्तमा साहित्यको चर्चा गर्दै कविताको विषयमा वीपी यसो भन्नपुग्नुहुन्छ। 'भावप्रधान मानिस भएकाले तीब्रवेगका अभिव्यक्ति मात्र म प्रस्फुटित हुन सक्छु। कविताको लक्षण हो यो। र कविताका लागि मेरो संगीत र ध्वनिका प्रति चाहिने प्रवृत्ति र शिक्षा भएन।'

यसपछि वीपी जेलबाट मुक्त भएर भारत आठ वर्ष राजनीतिक निर्वासनमा बसे। त्यस लगत्तै २०३३ सालमा राष्ट्रिय एकता तथा मेलमिलापको नारा लिएर नेपाल फर्केपछि फेरि जेल परे। तर २०३६ सालको जनमतसङ्ग्रहमा जेलमुक्त भएपछि वीपी काठमाडौंको साहित्यिक माहौलमा भाग लिन गए। उनले महाकवि देवकोटाको प्रतिमा अनावरण गरे। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा कविता महोत्सवमा भाग लिए। २०३६ सालको बहुचर्चित सडक कविता आन्दोलनमा चासो दिँदै भानुको सम्पादक भवान घिमिरेले प्रकाशित गर्न लागेको सडक कविता क्रान्ति विशेषाङ्कलाई यस्तो शुभकामना मन्तव्य व्यक्त गरे जुन यस प्रकार रहेको छ : प्रजातान्त्रिक चेतना जोगाउन जुन चेतनालाई यता १९ वर्षदेखि कठोर दमनका साथ लुप्त गराउने प्रयत्न भयो कविको मण्डली गाउँ गाउँ घुम्दै छ भन्ने थाहा पाएकोमा मलाई बडो हर्ष लागेको छ। आँगनमा, खलिहानमा, खेतमा, सडकमा, चौतारीमा उभिएर लयका साथ भाखामय सन्देश दिँदै हिँड्ने कवि सबै प्रजातन्त्रको पुन:स्थापना लागि **पोइट्स अन द मुभ**को प्रयास झन् सराहनीय छ।

वीपी कोइरालाले आफू जेलको कालकोठरीमा भएका बेला भाइ तारिणीलाई साहित्यिक चिट्ठी लेखे उनीहरूबीच साहित्यिक हाल खबर आदान प्रदान हुने

गर्थ्यो । सोही चिट्ठी गिरिराज आचार्यको संलग्नतामा वीपी कोइरालाका साहित्यिक विचार (२०३९) प्रकाशित छ । त्यसमा वीपीले तारणीलाई पत्र लेख्दै चर्चा गरेका छन् । जसमा त्यो बेलाका जल्दाबल्दा कवि द्वारिका श्रेष्ठबारे चर्चा गरिएको छ । जेलमा वीपीलाई रूपरेखा, मुकुट जस्ता पत्रिका प्राप्त हुन्थे । ती पत्रिकाका रचनाबाट वीपीले तारिणीलाई लेखेका पत्रमा लेख्छन् हृदयको मर्म अवैज्ञानिक अभिव्यक्ति भयो भने त्यसलाई त्यसलाई वैज्ञानिक भाषामा अवचेतना या अन्तर चेतना भन्ने हुन्छ । के एउटा भक्कु कुसिफिकेसनको रङ्गशालामा द्वारिका श्रेष्ठको जीवनको अनुभूति छैन ? के त्यो कविताको हृदयको मर्ममा घट्यो र ? कि उनको त्यो एउटा बौद्धिक ओल्याई हो मात्र ? टि.एस. इलियटका सम्बन्धमा पनि म नीडर भएर त्यस्तै प्रश्न उठाउन सक्छु । आजकलका कवि नेपाली कवि इलियटका खुइलिन लागेका पहेँला कापी मात्र हुन् । यदि ओरिजिनलका सम्बन्धमा त मलाई लाग्छ कि त्यो त्यति उत्कृष्ट माल होइन भने त्यसका कापीका सम्बन्धमा त मैले भने कुरै रहेन (द्वारिकाको कविता राम्रो छ नि)

यस्तै वीपी कविताको चर्चा गर्दै लेख्नुहुन्छ : यदि जीवनमा दु:खै दु:ख छ भने पनि खोक्रा मानिस हौं इलियटको ध्वनि झोकेर मैले एउटा कविता लेखेको छ । लाग्छ त्यस्तामा कविता लेख्न त्यति असजिलो छैन । झन यदि सङ्गीत पंक्ति नचाइने र बुझ्न सकिने किसिमको भाव पनि नचाइने हुनाले आधुनिक पेन्टिङ जस्तो बायाँ हातको खेल हुन गएको छ । त्यसैले नेपाली साहित्यमा कविता बाढी आएको छ ।

यस्तै एउटा पत्र वीपीले दाजु धरणीधर कोइरालालाई लेख्नुभएको छ । यो पत्र दाजु धारणीधर कोइरालाले जेलमा पहिलोपल्ट पत्र पठाउनु भएको प्रत्युत्तरमा वीपीले १८ फेब्रुरी १९६१ मा लेख्नुभएको छ ५/६ पृष्टको यो पत्र अङ्ग्रेजीमा पहिलोपल्ट पठाउनुभयो जेलबाट यो पत्र अर्का भाइ दीर्घराज कोइराला मार्फत पठाउनुभयो । यो पत्र हरिहर विरहीको साप्ताहिक विमर्शमा छापियो नेपाली अनुवादमा सोही गिरिराज आचार्यको सम्पदानमा प्रकाशन साभार चान्द्रमसी मासिक २०४८ वर्ष ३ अङ्क २ फागुनबाट यहाँ साभार गरिएको छ पत्रको कविता अंश मात्र । जसमा वीपीले कवि दाजुलाई पत्र लेख्ने क्रममा साहित्यिक चर्चा गर्नुभएको छ जसमा कविता बारे केही अंश यस्ता छन् : शौभाग्यले मसँग यहाँ अङ्ग्रेजी कविताको सङ्ग्रह छ, जुन पढेर म आनन्दित हुन्छु । तर म संस्कृत क्लासिक्स कालिदासका कविता र नाटक र वाल्मीकि रामायण अध्ययन गर्न चाहन्छु भन्ने उल्लेख गरेबाट

वीपीले साहित्य लेखनसँगै अङ्ग्रेजी र संस्कृत कविता अध्ययन गरिरहेको थाहा हुन्छ । वीपीले जेलमा कुन अङ्ग्रेजी कवितासङ्ग्रह पढ्नुभयो ? त्यो थाहा भएन । तर वीपीले जेलमा पढ्दाका अङ्ग्रेजी कविताबारे हालै अध्येता प्रदीप गिरिले वीपीबारे लामो साहित्यिक विचार प्रकट गर्नुभएको छ ३ श्रावण २०७१ को कान्तिपुर कोसेलीमा । 'जसले जीवनको धारा मोडिदियो' भने लेख्नुभएको छ, जसमा वीपीले पढेका निम्न अङ्ग्रेजी कवि रहेका छन् । रोर्बट फर्स्ट, वाल्ट ह्वीटम्यान, इमली जिकसन, इङकमिङ्ससा बारेमा डायरीमा टिप्पणी गर्नुभएको छ तर ती प्रकाशित भएको छैन । भन्नुभएबाट वीपीले अङ्ग्रेजी कविबारे मात्र लेख्नु भएन । उहाँले जेलमा २५० वटा जति कविता लेख्नुभयो डायरीमा ।

यसैगरी कविताको चर्चाको क्रममा शतवार्षिकी समारोह चलिरहँदा उहाँको कविताको चर्चा जेलमा अङ्ग्रेजीमा पनि उहाँले कविता लेखेर डायरी भर्नुभएको थाहा भएको छ । उहाँले अङ्ग्रेजी कविताको चर्चा गर्न नेपालीमा भन्दा अङ्ग्रेजीमा बढी कविता लेख्न सहज हुने सङ्केत गर्नुभएको छ ।

वीपीले जेलमा पढेर अङ्ग्रेजी कवि र कविताबारे त के कुरा वीपी प्रधानमन्त्री भएका बेला उहाँले राजा महेन्द्रसँग दाङमा समारोह सकेर रात्रीको महफिलमा बस्ता राजा महेन्द्रको आग्रहमा अङ्ग्रेजीमा एउटा कविताको अंश कण्ठस्थ सुनाएको र अर्को एउटा लाइन मात्र सुनाएको प्रसङ्ग वीपीले आफ्नो आत्मवृत्तान्तमा यसरी प्रस्तुत गर्नुभएको छ । यो प्रसङ्गमा वीपीले अङ्ग्रेजी कवि शैलीको कविता कण्ठ सुनाउनु भयो । We look before a laughter and paying for what is not: of finest poems are those that are made of sad-dest thought यो कविता अंशबारे चर्चा गर्दै वीपी महेन्द्र साहित्यक विचार लेखेक गिरिराज आचार्य वीपी महेन्द्र साहित्यिक सम्बन्धमा चर्चा गर्दै लेख्न पुग्छन्, यी कविता सुनाएपछि वीपीले लगत्तै अर्को कविता सुनाउनुभयो । जो उहाँलाई स्कूले जीवनदेखि नै कण्ठस्थ थियो । त्यो कविताको पहिलो हरफ मात्र सुनाउनुभयो । त्यो हरफ मात्र सुनाउनुभयो । त्यो हरफका कवि खुलाएका छैनन् तर कविता वीपीलाई पछिसम्म सम्झना रहेछ । कविता यस्तो छ :

I Love to three my country वीपीको अङ्ग्रेजी कविता सुनेपछि राजा महेन्द्रले पनि वीपी बारे लेखेको आफ्नो कविता सुनाएछन् जो यस्तो पाराको छ ।

अब तिमी हामीलाई छाडेर जान्छौं
रमाइलो तिमीलाई होला हामीलाई त

यही नदी कन्दरा र चौतारीमा सुस्ताउँला
र तिमीलाई सम्झौला
र हामीहरू त तिमीलाई बिर्सन सक्तैनौं
जब थाकेर चौतारीमा पसिना पुछौँला
त्यस बखतमा म तिमीलाई सम्झौला

यस बाहेक वीपीले कहाँ कतै राजा महेन्द्रको चर्चा गर्दा उहाँको कविता मनपर्छ भन्नुभएको सन्दर्भ यहाँ उल्लेख गर्नु समुचित हुन्छ । यसरी चर्चा गर्दा वीपीले जेलमा लेखेका नेपाली कवितासङ्ग्रह डायरी कोसँग छ त्यो पत्ता लगाउन जरुरी छ ।

वीपीले कवि धरणीधरको निधनमा प्रतिक्रिया दिँदै उहाँलाई जागरणका प्रतीक भन्नुभएको छ भने महाकवि देवकोटालाई आधुनिक नेपालका पुनर्जागरणका प्रतीक भन्नुभएको छ । वीपीलाई नेपाली कविमा मन पर्ने महाकवि देवकोटा हुन् भने उनको मुनामदन खण्डकाव्यलाई उत्कृष्ट भन्नुभएको छ । वीपीले शुरूमा हिन्दीमा कविता थप लेखे पनि हिन्दीमा कविता थप लेख्नु भयो भएन त्यो कतै उल्लेख भएको पाइँदैन । तर पहिले भारतमा अध्ययन गर्दा खेरी लेखेका कविता, कथा खोजी हुन बाँकी रहेको छ ।

वीपीले विगतको साहित्यिक रुचिको चर्चा गर्दै लेख्नुभएको छ, 'मेरो साहित्यिक जीवनको शुभारम्भ र विकासको मूल प्रेरणास्थल आलोचक शान्तिप्रिय द्विवेदी थिए । यिनैको माध्यमबाट मलाई सुप्रसिद्ध हिन्दी कथा एवं उपन्यासकार प्रेमचन्द्र, न्यायिक कथाकार र कला सङ्ग्रहका रामकृष्ण दास, स्वदेशी आन्दोलनका जनप्रिय कवि मैथिलीशरण र जयशंकर आदिसँग सङ्गत गर्ने अवसर प्राप्त भयो । आदरणीय द्विवेदी अङ्ग्रेजीका कविता हिन्दीमा उल्था गरेर मलाई सुनाउन लगाउँथे । त्यहाँ मलाई ज्यादा अङ्ग्रेजी सिक्ने अवसर प्राप्त भयो । यसरी वीपीले अङ्ग्रेजी जान्दैनथे । अङ्ग्रेजीका कविता हिन्दीमा उल्था गरेर मलाई सुनाउन लगाउँथे । त्यहाँ मलाई ज्यादा अङ्ग्रेजी सिक्ने अवसर प्राप्त भयो । यसरी वीपीले अङ्ग्रेजी कविका कविता जे जति अध्ययन गर्ने अवसर प्राप्त गर्नुभयो तिनमा प्रभाव परेका र मनपराएको अङ्ग्रेजी कविको नाम माथि उल्लेख गरिएको छ । त्यसैले पनि होला उहाँले एक डायरीमा अङ्ग्रेजी कविता लेख्नुभयो जो माथि पनि चर्चा गरियो । उहाँले साहित्यको विधागत फाँटमा छिटो छरितो सबै कुरा भन्न सक्ने बुझाउन सक्ने माध्यम कवितालाई नै बनाएको प्रसङ्ग कोट्याउनु भएको छ तर आउन बाँकी छ । अनि अङ्ग्रेजीको कविता डायरी कता छ पत्ता छैन ।

वीपीले साहित्यको चर्चा गर्ने क्रममा सबभन्दा मनपर्ने अङ्ग्रेजी साहित्यबाट सेक्सपियर र लियोटाल्सटाय युद्ध र शान्तिको दर्शनसँग उहाँ सहमत हुनुहुन्न। उहाँले साहित्यमा मान्यताको चर्चा गर्दै भन्नुभएको छ : हाम्रा साहित्यकारको एउटा दुर्भाग्य के छ भने यो भाषामा बोलन पर्छ साहित्यकारले सङ्गीतकार जस्तो केवल ध्वनिको कन्ट्रोलबाट आफ्नो सृजनालाई ट्रान्सफर गर्न सक्दैन। साहित्यकारले शब्दको मार्फतबाट गर्नुपर्छ। शब्दबाट गर्दा त्यसलाई अप्ठ्यारो पर्छ किनभने त्यो शब्दबाट बाँधिन्छ। तर ठूलठूला लेखक कविका जस्तो व्यथितजी हुनु भयो, त्यस्तै हाम्रा महाकवि देवकोटाजी हुनुभयो। एउटा शब्दले त्यसका नयाँ अर्थभन्दा पनि नयाँ सृजना दिन समर्थ हुन्छन्। सर्वसाधारणले बोलिरहेको कुरालाई कविले त्यही शब्दमा भन्दाखेरी त्यो कताकता नयाँअर्थ त्यसमा आइरहेको हुन्छ। मलाई लेख्ताखेरी सजिलो हुँदैन जति पब्लिक मिटिङमा बोल्दा मलाई सजिलो हुन्छ म नोवेल लेख्छु त्यसमा कुनै अनावश्यक शब्द रहन पाउँदैन। मलाई मन पर्दा त्यो अप्ठेरो तपाई सबैलाई भएन होला, कविलाई झन् बढी हुन्छ। सिद्धिचरणजीलाई त्यो अनुभव होला।

उपरोक्त विचार वीपीले साहित्यिक पत्रकारसंघद्वारा उहाँको सम्मानमा दिएको अभिनन्दनको प्रत्युत्तरमा उहाँले लामो साहित्यिक मन्तव्य दिनुभयो। जो साहित्यका विभिन्न पाटा खोतल्न काफी रहेको छ। यसरी वीपी कोइरालाको साहित्यका कवितातर्फ उहाँबारे माथि केही चर्चा गरेपछि उहाँका प्रकाशित छ वटा कवितामध्ये एउटा कविता कोशी कौशिकीको प्रसङ्ग जसको शीर्षक यसै कविताबाट प्रमाणित भएकाले यसबारे चर्चा गर्दै यो क्रमलाई अगाडि बढाउँदछु।

कवि वीपी कोइरालाले सुन्दरी जल जेलमा बस्दा श्रावण १४ गते २०२३ सालमा रच्नु भयो। यो कविता एकै पटक २०४७ श्रावण १० गते छापिन पुगेको छ। यो कस्तो संयोग हो जुन बेला वीपीले कविता रच्नुभयो त्यो महिना वर्षको महिना थियो। भनिन्छ साउनका भेलले बगायो यस्तो बेला कोशीको बाढी आउने बेला हुन्छ त्यो बेला कोशीबाट पुग्ने क्षतिलाई कसरी अनुमान लगाउने कवि वीपीले त्यही कोशीका बारे कविता रच्नपुगे भने यो प्रकाशित त्यही श्रावण महिनामा यो महिना फेरि वीपीको स्मृति महिना पनि हो अर्थात् श्रावण ६ गते उहाँ परलोक हुनु भयो। उहाँको निधनमा यही कोशी तटको बगर यो धरान नगरी जसलाई हालै वीपी कोइराला नेपाल भारत फाउन्डेशनले सांस्कृतिक नगरी धरान भन्दै पोएमाण्डौ चलाएको प्रसङ्ग सामयिक छ।

यसै परिप्रेक्षमा वीपीले २०३६ सालमा सडक कविता आन्दोलनलाई दिएको शुभकामना सन्देशमा कविलाई गाउँमा गएर जनतालाई चेतना जगाउन आह्वान गरेको कुरा माथि चर्चा गरिएकै छ ।

यसै मेसोमा वीपीको कविता कोशी कौशिकीको विभीषिकाले एक दिन कविलाई त्यो तटमा गएर गाउँका जनतालाई तानाशाहीका विरुद्ध कलम तेज गर्न उत्प्रेरित गऱ्यो कोशी कौशिकीमा ... कोशी सप्तकोशी कौशिकी जसको किनारमा उभिएर स्वच्छ, शान्त निर्मल जल राशिबाट अजुली उठाएर । ......

वीपीले आफ्नो कविता, कथा, उपन्यासमा कोशी कौशिकीबाट साहित्यका मोतीका (उपन्यास) पुस्तक, कथा श्वेतभैरवी (कथा) मा उहाँले कोशीको महिमा यसको जलराशी तटमा सुम्निमा रच्नुभयो ।

यही कोशी तट धरानबाट धेरै टाढा छैन । अनि एक दिन धरानका कवि एकैपल्ट जुर्मुराए युवा साहित्यिक जमातका कविता टोलीमा कोशी तट जान यो कुरा जुरायो । सडक कविता आन्दोलनबाट थाकेका कवि एकैपल्ट उठे । २०४५ साल वीपी जयन्ती भाद्र २४ का उपलक्ष्यमा कौशिकी तटमा चौतारीको छहारीमा । यसरी वीपीको रचनागर्भमा जानेमा गिरिराज आचार्य, भीष्म काफ्ले, हर्ष सुब्बा, राजकुमार कार्की, गोपाल देवान, डा. गोपाल भण्डारी, रमेश के.सी., टंक घिमिरे, चन्द्र घिमिरे, नवीन सुब्बा, वेणु आचार्य, सविता श्रेष्ठ, बेहोसी, शारदा सुब्बा, देवलाल श्रेष्ठ र मान बज्राचार्य हुनुहन्थ्यो ।

यो कविता यात्राले गाउँमा गएर कविताबाट गाउँका जनतालाई तानाशाही विरुद्ध कलम चलाउन उत्प्रेरित गऱ्यो । २०४६ सालको जनआन्दोलनमा २०६२-२०६३ को जन आन्दोलनमा साहित्यबाट पनि वीपीले कविलाई दिएको सन्देशले मुलुकमा कविले खुला हावामा सास फेर्न पाएका छन् । तानाशाही विरुद्धको परिवर्तन यस पंक्तिकार गिरिराज आचार्य वीपी यो युगको हाँक कवितामा यसरी वीपीलाई सम्झिन पुग्छन् । "युगले नजन्माएको होइन धरती माताका सपुत धरती माताले यस्तो पुरुष विश्वमा जन्मायो

बुद्ध, गान्धी, लिंकन, लेनिन अब वीपी" (वीपीका कविता सम्झना कविताबाट) वीपीका कविता बारेको चर्चाका क्रम यहीँ टुङ्ग्याउँदछु ।

* * *

वीपी साहित्यका अराजकतावादी

नेपाली साहित्यकाशका एक नक्षत्र कथाकार, उपन्यासकार, कवि, निबन्धकार, डायरी लेखक, आत्मकथाकार, विश्वेश्वरप्रसाद कोइराला राजनीतिज्ञ समेत भएकाले उहाँले आफ्नो बहुआयामिक व्यक्तित्वको परिचय दिँदै भन्नुहुन्छ 'राजनीतिमा म समाजवादी हुँ भने साहित्यमा अराजकतावादी'। यसैगरी राजनीति र साहित्यका परिचयलाई अझ फराकिलो गर्दै उहाँ परिभाषित गर्नुहुन्छ राजनीतिको एउटा सानो मानिसलाई पनि पोशाक चाहिन्छ, साहित्यमा भने सम्राट् पनि निर्वस्त्र हुन्छ।'

यसरी वीपीले राजनीति र साहित्यको विभेद प्रष्टसँग प्रष्ट्याउनुहुन्छ। यसैगरी उहाँले राजनीति र साहित्यबारे तपाई कति नजिक ? भन्ने प्रश्नमा उहाँले म मूलत राजनीतिक भएकाले राजनीतिको नजिक पाउँछु। दुइटामा एउटा रोज्दा मेरो क्षेत्र त राजनीति हो भन्ने अभिव्यक्ति यदाकदा प्रसङ्ग चर्चा गर्ने गर्नुहुन्थ्यो। आज यो लेखाइको विषय हो, उहाँको साहित्यको चर्चा गर्ने क्रममा अराजकतवादी बारे थप चर्चा परिचर्चा गर्ने क्रममा भएको के छ भने वीपी कोइराला साहित्यमा अराजकताबारे चर्चा गरेकाले उहाँलाई प्रगतिवादी प्रगतिशील साहित्य लेख्ने जो मार्क्सवादी अवधारणाको घेरामा सीमित हुन पुग्छन्। ती आलोचक, समीक्षकका दृष्टिकोणमा वीपी फ्रायडवादी र अराजकतावादी भएकाले उहाँका कथा, उपन्यासमा छाडावाद छ्यास्छ्यास्ती पाइन्छ। यो कथन भाषण गर्दा होस् या वीपीको साहित्यबारे लेख्दा होस् यस्ता आरोप उहाँमाथि लाग्ने गर्छ र उहाँलाई अराजकतावादी साहित्यकार भन्न उनीहरू किञ्चित पनि हिचकिचाउँदैनन्।

यसो भनेर वीपीको अराजकतावादी दृष्टिकोणबारे नेपाली साहित्यमा थप प्रष्टसँग विचार विमर्श भएको छैन। यसै भएर होला यो पटक वीपी कोइरालाको जन्मशताब्दी मनाउने क्रममा वीपीको राजनीतिक सहकर्मी, अनुयायी, साहित्य

मर्मज्ञ, रसग्राही पाठक प्रदीप गिरिले वीपीका बारे एउटा लामै संवाद पत्रकारसँग गरेका छन् त्यो साहित्यिक कुराकानीबाट चिन्तक प्रदीप गिरि र वीपी कोइराला साहित्यिक कृति पर्गेल्न साहित्यिक वीपीलाई राम्रोसँग बुझ्न सफल हुनुभएको छ। कान्तिपुर ३ श्रावण २०७१। उहाँले वीपीको साहित्यिक धारण उधिन्दा अराजकतावादी बारेको धारणाको चर्चा गर्दै यसबारे अहिलेसम्म समालोचक, समीक्षक चुकेको अर्थात् यसबारे प्रष्टसँग केही धारणा बनाउन नसकेको बताउँदै भन्नुहुन्छ - "साहित्यप्रति वीपीको एउटा मुख्य दृष्टिकोणमा मेरो अहिले पनि असहमति छ। उहाँले म साहित्यमा अराजकतावादी हुँ राजनीतिमा समाजवादी भन्नुभयो। मेरो विचारमा वीपीको यो स्थापना नै त्रुटिपूर्ण छ। यो कसरी व्यावहारिक हुन्छ। ठूलो मान्छेले जे भने पनि हुने यो देशमा यत्रा उत्रा समीक्षक छन् यसमा कसैले कलम चलाएको देखेको छैन। यसबारे म त्यतिबेला वीपीसँग बहस गर्थे। साहित्यमा कोही कसरी अराजकतावादी हुन सक्छ ? के भाषा अराजकतावादी हुन्छ ? भाषाविना साहित्य लेखिन्छ ? भाषामा मनपरी गर्न पाइन्छ ? मेरो भनाइ के भने अरू त अरू चित्रकारले पनि आफ्नो चित्रकलामा धेरै अराजकता प्रयोग गर्न सक्दैन। एउटा कुरा के हो भने स्वतन्त्रताको अर्थमा भनेको भए ठीक छ। म यस अर्थमा वीपीलाई औचित्य दिन चाहन्छु, स्वतन्त्रता र अराजकतामा बडो झिनो सीमारेखा छ, यो मेरो मान्यता हो। स्वतन्त्र हुन चाहने मान्छेले कहीँकहीं अराजकता हुनैपर्छ। म अराजकतालाई त्यति नकारात्मक रूपमा लिन्नँ तर साहित्यको एउटा विधा पक्रेर लेख्ने राजकीय अनुशासन मान्नुपर्छ। वीपीको विचारमाथि पर्याप्त त परकै कुरा अलि अलि पनि विवेचना भएको छैन। (कान्तिपुर ३ श्रावण २०७१)।

यसरी वीपीसँग बनारसमा लामो संगत गरेका वीपीसँग साहित्यका विधागत आयामसँग छलफल गरेका र वीपीले अध्ययन गरेका र वीपीले अध्ययन गर्दै गरेका राष्ट्रि, अन्तर्राष्ट्रिय समकालीन धारणासँग छलफल गरेका साहित्यका सुधी पाठक प्रदीप गिरिले माथि वीपीको अराजकतावादी धारणासँग असहमत राख्दै गरेको टिप्पणी सटिक छ भन्न कर लाग्छ वास्तवमा वीपीको अराजकतावादी धारणाबारे नेपाली साहित्यका केस्राकेस्रा केलाउने काम भएको छैन। वीपीका विधागत साहित्यका उपन्यास, कथाबारे केस्राकेस्रा केलाएर विभिन्न विधाबाट डिग्री गर्ने डिग्रीधारी धेरै देखिए। तर उहाँका विधाको कुन कथा वा उपन्यासमा अराजकतावादी साहित्यको घेरा छ वा चर्चा गरिएको छ ? भन्दा त्यो पनि कतैकतै

पर्गेलिएको छैन । केवल कोरा नाराका रूपमा अराजकतावादी आरोप लगाएर उम्कने कोशिश भएको मात्र छ। अब यहाँ केवल वीपीको अराजकतावादी साहित्यको मापदण्डबारे केही चर्चा खोतल्न मात्र प्रयास गरिएको छ ।

अराजकतावादी शब्दको चर्चा वा व्याख्या गर्दा यो शब्दले राजनीति शास्त्रमा भने विशेष महत्त्व राख्दछ । अराजकता (एनर्किजमा) भनेको राष्ट्र वा समाज वा समुदाय रहने बस्ने बीच जङ्गली कानूनवा कविलातन्त्रबिना कानून शासनसत्ता बलले छिनेर जसको शक्ति उसको भक्ति जस्ता कुकृत्य मच्चाई समाजमा अशान्तिका बीच पनि बलको भरमा जनतामा अन्याय, अत्याचार गरी शासन व्यवस्था गर्ने बोध हुन्छ। एक शब्दमा भन्नुपर्दा कुनै नियम, कानून नमान्ने हुन्छ ।

साहित्यमा ठीक यही शब्दलाई अघि सार्दै राजनीक वीपी भन्नुहुन्छ राजनीतिमाा म समाजवादी हुँ भने साहित्यमा म अराजकतावादी हुँ अर्थात् राजनीतिको नियम कानुनमा रहेर म समाज निर्माणमा जनताका लागि नियम कानुनसम्मत उच्चतम स्वतन्त्रतासहितको आर्थिक सन्तुलन कायम राख्न चाहन्छु (वीपीका साहित्य विचार: गिरिराज आचार्य) तर साहित्यमा प्रवेश गर्दा भने म ती नियम कानून मान्दिन । म स्वतन्त्र भएर कुनै अङ्कुशरहित, बाधा बन्धनबाट उम्केर साहित्यबारे सोच्तछु। त्यहाँ राजनीतिको जस्तो नियम, कानून लागू हुँदैन, विल्कुल स्वतन्त्र विचारले साहित्य सिर्जना गर्दछु । विल्कुल अराजक भएर भन्ने वीपीको कथन हुन सक्छ। यसै कारणले वीपीको साहित्यको चर्चा गर्दा भन्न गर्नुहुन्छ, राजनीतिको सानो मानिसलाई पनि पोशाक चाहिन्छ छर साहित्यमा सम्राट् पनि निर्वस्त्र हुन्छ । अर्थात् वीपीको साहित्यिक मापदण्ड अराजकतावादबारे माथिको चर्चाको कम यथेष्ट हुन्छ । वीपीको साहित्य सृजनामा अराजकतावादी धारणाका बारे यहाँ तीन मापदण्डका आँखाले चियाउने प्रयत्न गरेको छु :

१) साहित्यमा व्याकरणको असहमति

२) यौन स्वच्छन्दतावाद

३) आध्यात्मिक पक्ष

वीपीको साहित्य सृजनामा अराजकतावादको चर्चा समग्र साहित्यको अध्ययन गर्दा उहाँले आफ्नो अराजकतावादी धारणालाई समालोचक वा टिप्पणीकर्ताका विचार पर्खनु भएको छैन। बरू उहाँले यदाकदा आफ्ना साहित्यिक विभिन्न पाटाको चर्चा गर्दा आफैंले विश्लेषण गर्नुभएको छ । तसर्थ

उहाँका अराजकतावादी धारणमा चर्चा गर्दा अब साहित्यको व्याकरणको चर्चा गर्दा उहाँले भन्ने गर्नुहुन्छ "म साहित्य लेख्न वस्ता व्याकरणको परिधिभित्र रहेर लेख्दिन अर्थात् साहित्यको लेखनमा म व्याकरणको नियम, कानून जान्दिन" भन्नुहुन्छ। यसोभन्दा व्याकरणाचार्यले उहाँलाई अराजकतावादी अर्थात् व्याकरणको नियम, कानूनन मान्ने, उल्लङ्घन गर्ने आरोपका रूपमा साहित्य मञ्जक देख्न सक्छन् । यस अर्थमा उहाँ व्याकरणका सवालमा अराजकतावादी नजिक पुगेको प्रतित हुन्छ ।

यसैगरी नियम (२) को यौन स्वच्छन्दतावादको चर्चा गर्दा समालोचकले वीपीलाई फ्रायडवादी मनोविश्लेषणका रूपमा यौनमा अराजक देख्न वा लेख्न वा आरोप लाउन सक्छन् भने आफूलाई प्रगतिवादी साहित्यकार भन्न रुचाउने जो मार्क्सवादको सूत्रबद्ध नियममा अटाउँछन् तिनले वीपीको साहित्यलाई यौन अराजकतावादीको कोटीमा राख्ने धृष्टता गर्दछन् र सिधै भन्छन् वीपीको साहित्य यौन छाडावादको पराकाष्ठा हो र नै ती वीपीलाई यौन छाडावादी अराजकतावादीका रूपमा लिने गर्छन् तर यथार्थमा भन्ने हो भने वीपीको साहित्यमा कहीँ पनि घटियास्तरको नाङ्गो आगोको प्रतिरूप छैन, त्यहाँ त उच्चकोटीको फ्रायडवादको यौनकुण्ठा उजागर भएको छ, त्यो पनि उच्चकोटीको शब्द विन्यासमा यौनमनोवैज्ञानिक साहित्य सर्जकका रूपमा त्यसैले यसबारे पनि वीपीले खुला बहस गर्नुभएको छ अथात् यौन अराकताका बारे स्वयं उहाँका विचारले थप प्रष्ट पार्नेछ जसको चर्चा क्रमैसँग हुँदै जानेछ ।

अब अर्को नियमलाई हेरौँ अर्थात् वीपीको साहित्यमा अध्यात्मक पक्षले कहीँ कतै धार्मिक विभेद वा अराजकता फैलिएको त छैन ? धर्ममा हामी सबै स्वतन्त्र छौं, चिन्तन गर्ने आआफ्नै व्याख्या हुन सक्छ। यहाँ वीपीको साहित्यमा हामीले उहाँको धर्मको विचारलाई अराजक चस्माले हेर्ने धृष्टता मात्र खोजेको हो। यसरी हेर्दा उहाँले आफ्नो 'मोदी आइन' उपन्यास र 'हिटलर यहुदी' अनि 'सुम्निमा' मा अध्यात्म पक्षसँग तादाम्य राख्दै त्यसको मिथकको प्रयोग गर्नुभएको छ। यी उपन्यासको प्रसङ्गमा गीता भगवत्मा अध्यात्म पक्षसँग प्रश्न गर्दै उहाँले केस्रा केलाउनु भएको छ। वीपी कोइराला अनिश्वरवादी हुनुहन्थ्यो अर्थात नास्तिक तर पनि उहाँ बराबर मन्दिर चाहर्नुहुन्थ्यो अनि मन्दिरमा देवतालाई पूजा, प्रार्थना नगरी फर्कंदा पनि उहाँलाई शान्ति मिल्थ्यो र उहाँ आध्यात्मिक पक्षलाई हेर्ने गीतालाई हेर्ने दृष्किोणबाट उहाँले आफ्नो साहित्यमार्फत कहीँ कतै अराकता मच्चाउनु भएको

छैन । तर उहाँले गीताबारे यस्तो धारणा राख्नुहुन्छ -"धार्मिक भावनाको पूर्वाधार नभएका व्यक्तिमाथि गीताले ठूलो प्रभाव पार्न सक्दैन र धार्मिक भावना भएकाका लागि सान्त्वनाका निम्ति गीताको तेसै आवश्यकता नै छैन । (वीपी कोइरालाका साहित्यिक विचारबाट गिरिराज आचार्य)

तसर्थ यो कोणबाट हेर्दा उहाँ कँही कतै अराजकतावादी देखिनु हुन्न तर पनि उहाँलई सुम्निामा अराजकता देख्नेले उहाँको कृति जलाएर आगो शान्त पार्न



सक्छन् । वीपीले कहीँ कतै नियम कानून तोड्नु भएको छैन । अब यहाँ वीपीको अराजकतावादी साहित्यको जहाँसम्म कुरा छ, माथि उल्लेख भएको व्याकरणका बारे उहाँलाई लाउने अराजकतावादी धारणालाई प्रष्ट पार्दै वीपी भन्नुहुन्छ- "लेखक भनेको व्याकरण पनि होइनन् । अरू लेखकका बारेमा के भनुँ म आफैँ लेखक भएर पनि व्याकरणका नियम जान्दिन । म लेख्न वस्ता कुनै नियम, कानूनजान्दिन भनेर त अघि नै पनि तपाईलाई भनिसकेको छु। मेरा लागि व्याकरण पनि राजनीति जतिकै अगाध चीज हो । लेख्न बस्ता म व्याकरण नजान्ने लेखक भएको हुँदा मेरो भाषा केही पनि शुद्ध छैन । भाषा अशुद्ध भएर पनि अभिव्यक्तिमा त्यसैले मलाई केही बाधा दिएको छैन ।

यसरी वीपीले व्याकरणको नियम कानून नमान्दा उहाँ व्याकरणाचार्यका अगाडि अराजकतावादी लाग्न सक्नुहुन्छ व्याकरणमा देखाएको नियम कानूननमान्ने अराजकता बारे । त्यतिमात्र होइन वीपी के भन्नुहुन्छ भने आम जनताको अवधारणालाई घेराबन्दी गरेर राख्ने प्रयास कसैले गर्न हुन्न (वीपी कोइरालाका साहित्यिक विचार : गिरिराज आचार्य)

अब चर्चा गरौँ वीपीको यौन मनोविश्लेषणलाई । छाडावाद यौनवादी भन्नेका बारेमा यसमा माथि चर्चा गरिएकैछ, अब वीपीकै भनाइलाई अघि सार्दछु । वीपी भन्नुहुन्छ-"मेरा कथामा यौनको अदम्यतालाई या यौन स्वतन्त्रताको पक्ष

या वकालत गरिएको छ भन्ने भनाइमा केही पक्षपात, केही पूर्वाग्रह छ जस्तो लाग्छ। वास्तवमा यौन स्वतन्त्रतासित यी कथाको कुनै सम्बन्ध छैन हो मनोवैज्ञानिक अवस्थाको चित्रण त्यहाँ छ मेरा कथालाई ....।"



अन्त्यमा के भन्न सकिन्छ भने वीपीले आफ्ना धारणा राजनीतिमा म समाजवादी हुँ भने साहित्यमा अराजकतावादी भन्नुले उहाँ अराजक साहित्य अर्थात् स्वतन्त्र अङ्कुशरहित कसैको नियम कानुनमा नबसी स्वच्छन्द भएर साहित्य सृजना गर्नसँग लिन सकिन्छ। यसबाहेक उहाँको साहित्यसँग कसैले अराजक प्रवृत्ति देख्न पुग्छ भने त्यो दृष्टिकोण वा अलोचना गर्नुहोस्, वीपीको अराजकतावादी साहित्यबारे खुला बहस अन्तरक्रिया गरौँ।

कोही कसैले उहाँलाई साहित्यमा साँच्चै अराजक देख्दछ भने देखावस् त्यो प्रवृत्ति यसले नेपाली साहित्यलाई अझ उज्जवल गर्नेछ न कि केवल फोस्रो आलोचनाको। यसको कुनै अर्थ राख्दैन।

* * *

परिच्छेद चार
पारिवारिक खण्ड

बासँगका केही संस्मरण

हाम्रा बा अर्थात् रामप्रसाद आचार्यको जन्म १९७६ साल असोज महिनामा धनकुटाको सिबुवा ताङ्खुवा गाविस वार्ड नं. ५ मा पिताजी कुलप्रसाद र आमा जनमायाका कोखबाट भएको हो । बाले चार कक्षासम्म काठमाडौंबाट पास गर्नुभयो । बाको विवाह पद्मकुमारी रिजालसँग भयो । हामी आमा बाका (हाम्री आमातिर) ५ भाइ छोरा र ४ बहिनी छोरी भयौं । जसमा जेठा टंकप्रसाद, तीर्थप्रसाद, गिरिराज, लक्ष्मण र गणेश । बहिनी गंगा तिवारी, लक्ष्मी उप्रेती, जमुना भेटवाल र कमला खरेल हुन् । यस्तै मेरी आमा पद्मकुमारीको निधन

२०२० सालमा भयो । त्यसपछि बाले २०२३ सालमा देवी पराजुलीसँग दोश्रो विवाह गर्नुभयो । उहाँका पनि २०४४ सालमा निधन भयो । कान्छीआमा पट्टिका ४ सन्तानमा छोरा राजन, रोशन र छोरी दीपा घिमिरे र सुष्मा घिमिरे हुन् । बाले २०४४ सालदेखि विधुर भएर जीवन बिताउनुभयो ।

बाका सबै छोराको अंशबण्डा भयो । उहाँका सात छोरामध्ये मसँग बस्ने निधो गरेर २०५६ सालमा मात्र अड्डामा गएर कागज गरिदिनुभयो ।

बाले त्यति छोरामध्ये मसँग नै किन बस्न रोज्नुभयो । यसबारे बाको कुरा यस्तो छ : म जन्मनुअघि सपनामा हात्तीको सपना देख्नुएको रहेछ ।

त्यसैले म दिउँसो जन्मँदा उहाँले ज्योतिषीले भने बमोजिम मलाई विशेष अवसरमा आफ्नो काम बनाउन लैजाने गर्नुहुन्थ्यो । बाबाट नै मैले चार कक्षासम्म घरमा पढें । आमाले पनि मलाई सँगै लैजानुहुन्थ्यो । त्यसैले गर्दा सबै छोरामध्ये बा मसँग नै बस्नुभएको कुरा रहेछ ।

बाले कुल २७ वर्ष सरकारी नोकरी गर्नुभयो र जीवनको अन्त्यमा प्रजातन्त्र प्राप्तिपछि २०४८ सालदेखि सरकारी पेन्सन खानुभयो । बाको पेन्सन रकम प्रतिमहिना रु. ज्ञघ५३४०/- थियो । यो रकम बा आफैं खर्च गर्नुहुन्थ्यो । वृद्धभत्ता पनि बाले असारसम्मको बुझ्नुभएको थियो । बाले २००१ सालमा फुस्रेबाट जागीर शुरू गर्नुभयो । बाको नोकरी उहाँका दाजु कालीकाप्रसाद आचार्य (९७ वर्ष) को कृपाले पाउनुभयो । कुरा २००१ सालको हो । राणाका पालामा फुस्रेमा एकजना सरकारी प्रतिनिधि चाहियो, खरदार दरबन्दीमा वन विभागमा काठमाडौंबाट आएका उच्च कर्मचारीले साइँला बुबा कालीकाप्रसादलाई जागीर खान अफर गऱ्यो तर साइँलाबाले बालाई जागीर दिलाई दिनुभयो । त्यहाँ बाको काम पहाडबाट आएका जडीबुटी बिक्री गर्ने लगत राख्ने रहेछ । फुस्रे बजारमा बाले राम साहु, गोकुलमान, हरिमान श्रेष्ठका मामालाई जडीबुटीको ठेकेदार बनाउनुभएको थियो । यसरी बाले घरपाइक धरानबाट जागीर शुरू गर्नुभयो । २०२० सालमा उहाँ वन विभाग बिराटनगरमा खरदार हुनुभयो । २०२३ सालतिर हात्तीसार हरैंचामा सरुवा हुनुभयो । पछि वन विभाग चन्द्रगढीमा सरुवा भयो । चन्द्रगढीबाट २०२७ सालमा बाको नोकरी अवधि पूरा भयो ।

बाको राजनीतिक जीवनमा बा शुद्ध कर्मचारी तर २०३८ सालमा बहुदलको हारपछि जननायक वीपी कोइरालाले आफ्ना कार्यकर्तालाई सुधारिएको पञ्चायतमा प्रवेश गर्न आह्वान गर्नुभयो अप्रत्यक्ष रूपमा भाग लिएर । त्यसपछि बाले भर्खर खुलेको प्रौढ सङ्गठनको जिल्ला सभापतिमा सुनसरीबाट लड्नुभयो । त्यस पदमा बा विजयी हुनुभयो । नेपाल प्रौढ सङ्गठनको सभापति पदेन जिल्ला विकास समिति सदस्य हुन्थ्यो र बाले दुई कार्यकाल नेपाल प्रौढ सङ्गठन र जिविस सुनसरीको सदश्य पदमा काम गर्नुभयो । बासँगै काङ्ग्रेसी कार्यकर्ता रामबहादुर बस्नेत, लक्ष्मण मेहता, भरत सुवेदी, विनोद राई, इन्द्रहाङ लिम्बू जिविसमा पुगेर यो टिमले जिविसमा काङ्ग्रेसका कुरा उठायो ।

बा नेविसंघको पर्चा काण्डमा पक्राऊ पर्नुभयो । २०४२ सालमा बाका नाममा राम प्रिन्टिङ प्रेस मैले आफ्नै घर चतरालाइन, धरान - १२ मा शुरू गरें । प्रेसको

मेनेजर र कार्यकारी सम्पादक हर्ष सुब्बा हुनुहुन्थ्यो । पूर्व-टाइम्स साप्ताहिक तिनताका मेरो सम्पादनमा राम प्रिन्टिङ प्रेसमा छापिएर प्रकाशित हुन्थ्यो । प्रेसमा पूर्व-टाइम्स वापत २०४५ सालमा पञ्चायतको खिल्ली उडाएको आरोपमा मलाई सिडियो कार्यालयबाट प्रजिअ रामकृष्ण पन्तले तारेखमा राख्नुभयो । त्यही बेला हाम्रो प्रेसमा नेविसंघको पर्चा छापियो । त्यो पर्चा लिक भएपछि प्रोपाइटरका नाताले वा पक्राउ पर्नुभयो । एकरात धरान थाना भोलिपल्ट कागज गरी बालाई छाडियो । यसरी बाले जनआन्दोलन भाग १ "मा जिविसमा काङ्ग्रेसको समर्थन र गीता मन्दिरमा काङ्ग्रेसी प्रार्थना सभामा भाग लिनुभयो । यसरी प्रजातन्त्र प्राप्तिका लागि वृद्ध भएर पनि भाग लिनु प्रजातन्त्रमा उहाँको योगदान अविस्मरणीय रहेको छ। बालाई हामीले ९२ वर्षको उमेरमा गुमायौं । यो स्वभाविक नै हो । बाले जसरी आफ्नो मृत्यु रोज्नु भयो त्यसरी नै एकै निमेषमा वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको आकस्मिक कक्षमा २०६८ साल असार २९ गते भानुजयन्तीका दिन वा यो नश्वर शरीर छाडेर परलोक हुनुभयो ।

बाको सामाजिक, धार्मिक योगदान :

बाले नेपाल प्रौढ सङ्गठन मार्फत बराहक्षेत्र विकास मितिको सभापति भएर चतरामा घाट नजिक लास कुरुवा घर निर्माण गर्नुभयो । त्यस्तै धरान-४ मा वरगाछीमा एउटा सानो मन्दिर बनाउनुभयो तर त्यहाँ मूर्ति नभएकाले त्यो अधुरो रहेको छ। यस्तै वा स्थानीय अरूणोदय धर्मशाला सञ्चालक समिति सदस्य हुनुहुन्थ्यो । विगत ३० वर्षदेखि बाले धार्मिक, सामाजिक क्षेत्रमा योगदान दिनुभयो ।

यसरी प्रजातन्त्र प्राप्तिमा बाको योगदान थियो । बाको निधनमा धरानमा ४ तारे झण्डा ओढाएर नेपाली काङ्ग्रेसले श्रद्धाञ्जलि अर्पण गऱ्यो । बाको सरल स्पष्ट व्यवहारले मलाई सदा अगाडि बढ्ने मार्गमा प्रेरणा प्रदान गरेको छ ।

* * *

टंकप्रसाद आचार्यको निधनमा शोक विज्ञप्ति

साहित्यसेवी टंकप्रसाद आचार्यको गत वैशाख २४ गते बुधबार ७१ वर्षको उमेरमा असामायिक निधन भएको सुन्दा स्तब्ध भएको छु। उहाँको केही समय अघिदेखि पक्षघातले थलिनु भएको थियो र उहाँको निधन विराटनगर आफ्नै निवासमा भयो ।

उहाँले मोतीस्मृति भवनको अधुरो निर्माण कार्यलाई पुरा गर्नुभएको र समय समयमा त्यस भवनका लागि मैले के सहयोग गर्नुपर्छ ? भनि सोधिरहनुहुन्थ्यो । साहित्यिक सेवाका लागि उहाँका सहायता र पवित्र भावनाको सदैव प्रशंसा हुनेछ साथै उहाँको योगदानको उच्च कदर हुनेछ ।

उहाँको निधनले साहित्यिक क्षेत्रमा अपुरणीय क्षति भएको महसूस गर्दै उहाँको आत्माले शान्ति पाओस् भनी भगवान् श्रीरामचन्द्रसँग प्रार्थना गर्दछु । शोकसन्तप्त परिवारमा यो दु:खद घडीमा धैर्य गर्ने शक्ति मिलोस् भनी भगवान्सँग प्रार्थना गर्दछु ।

श्रीमान गिरिराज आचार्य

धरान १२

विषयः सम्मान ग्रहणबारे

महोदय

राष्ट्रिय विभूति तथा युवाकवि मोतीराम भट्टको १४५ औं जन्मजयन्तीका उपलक्ष्यमा मोती वार्षिक मुखपत्र अङ्क ९ को लोकार्पण र सम्मान समारोहमा यही २०६७ अषोज १६ गते शनिवार दिनको ठिक २:३० बजे मोती स्मृति भवन (ध.न.पा.) मा लामो समयदेखि नेपाली भाषा र साहित्यको सेवा एक पत्रकारिता क्षेत्रका योगदान गरेवापत तपाईलाई मोतीराम भट्टले सम्मान गरिने सहर्ष जानकारी गराउँदै उक्त समारोहमा तपाईंको गरिमामय उपस्थितिका लागि सादर अनुरोध गर्दछु ।

बद्री पलिखे, अध्यक्ष

धरानमा उद्योगका प्रथम पाइनियर कुलप्रसाद



धरानको विकास कसरी भयो पहिले यो कस्तो थियो र अहिले यसको स्वरूप परिवर्तन तीव्र शहरीकरणमा लम्कँदै छ भन्ने बुझ्न आवश्यक रहेको छ धरान बजारको कुरा गर्दा धरानको विजयपुर पनि पहिले यसैभित्र पर्दछ । तर जुन बेला धरानको नामाकरण हुनुअघि यो जङ्गल थियो यहाँको प्राचीन बजार बनाउने वा जन समुदायको बसोबास विजयपुरमा थियो । विजयपुरको इतिहास त प्रसिद्ध नै छ । यहाँ सेन वंशका राजा मुकुन्द सेनका छोरा विजय सेनका नाममा विजयपुर रहेको किंवदन्ती त छँदै छ । विजयपुरमा सेन राजाका प्रधानमन्त्री बुद्धकर्ण राई थिए । जसको समाधि अहिले पनि बुढासुब्बाका नाममा प्रसिद्ध रहेको छ । विजयपुरमा दन्तकाली मन्दिर पिण्डेश्वर मन्दिरको पनि आफ्नै कथा छ । दन्तकालीमा खनाल पुजारी राखेको राजाकै ताम्रपत्रबाट थाहा हुन्छ । सतीदेवीको मृत्युपछि उनको शरीर बोकेर हिँडेका महादेवले यहाँ दाँत झरेको विश्वास गरिन्छ । सतीदेवीको दाँत झरेकाले दन्तकाली नाम रहन गएको हो । यस्तै समुद्र मन्थनमा देव र दानवसँगै युद्ध पर्दा महादेवले विष पिएको र समुद्र मन्थनको पिण्ड यहाँ झरेकाले पिण्डेश्वर शिव नामाकरण भएको किम्वदन्ती पनि छ । यसपछि धरानको चर्चा गर्दा यसको इतिहासका विकासक्रम १५० वर्षअघि भएको मान्न सकिन्छ । बसोबास गर्नेले जङ्गल फँडानी गरी रुख काट्ने गर्थे त्यो रुख काट्ने मेसिनलाई आरन करौंती जस्तै लामा दाँत भएको काट्ने वस्तु भनिन्थ्यो । आराका माध्यमबाट दुईतिर आधार बनाएर रुख राखिन्थ्यो रुख लाग्ने ठाउँलाई धरान भनिन्थ्यो अनि त्यसबाट लकडी चोरी गर्थे । कालान्तरमा आरा काट्ने धरानलाई धरान भन्दै जनजीवनमा पहाडबाट विजयपुरमा झर्दा वा बाहिरबाट आउने जानेले भन्दाभन्दै यस स्थानको नाम धरान रहन गयो र यही नामले परिचय हुँदै आएको छ । यसैले

धरानको चर्चा गर्दा वा धरानको विकास क्रममा यहाँका दुईवटा बजार राणा, प्रधानमन्त्रीका नाममा स्थापना भएका थिए । धरानको पुरानोबजारलाई राणा प्रधानमन्त्री चन्द्रशमशेर जबराले बसाएकाले यसको नाम चन्द्रपुर बजार रहन गयो । त्यसैगरी राणा प्रधानमन्त्री जुद्धशमशेर जबराले नयाँबजार बसाएकाले यसको नाम जुद्धसडक रहन गयो । यसलाई नयाँ बजार पनि भनिन्छ । यसरी बजारमा बिस्तारै साहु महाजन बस्न थाले र यहाँ मसला लत्ताकपडा चामल तेलको व्यापार हुन थाल्यो । पुरानो बजारका पुछारमा मुसलमान व्यापारीलाई व्यापार गर्न इजाजत प्राप्त भएको थियो र त्यहाँ मुसलमान व्यापारीले व्यापार गर्दथे जसका कारणले यहाँ अहिले पनि मस्जित रहेको छ । धरानमा बन्दव्यापार हुन थालेको बेला अक्षय राइस आयल एण्ड स मिल रहे । धरानबाट काठ मिलको अत्यन्त पुरानो काठ चिर्ने चलन धरानबाट मुडा चिर्ने आरावालाले अर्को आरावालालाई खुकुरीले मारेपछि मिल बन्द भयो । यो स मिल उद्योगपति मुकुलप्रसाद आचार्यको श्रावण महिनामा धरान बराहक्षेत्र मन्दिरमा प्राण गयो ।

त्यसबेला आवतजावत गर्ने साधन गाडीको बाटोघाटो थिएन । त्यस बखत घोडाबाट र गोरूगाडाबाट यहाँ व्यापारका सामान खाद्यान्न लत्ता कपडा ओसारिरहेका हुन्थे । यसरी धरान बजारमा पहिला व्यापार व्यवसाय शुरू भयो । बन्द व्यापारको प्रमुख थलोका रूपमा पुरानो बजार फुस्रे हुनगयो । कोशीबाट पूर्वी पहाडतिर फलफूल अलैंची अदुवा कुचो जडीबुटी लगायतको आयात गरिँदै आएको पाइन्छ । अझ साहु महाजनमा प्रमुख व्यापारी नेवार मारवाडी र मुसलमान थिए ।

यसैक्रममा धरानको व्यापार पछि विस्तारै उद्योगधन्दा स्थापित हुँदै आए यसैक्रममा धरानमा उद्योग धन्दाको रूपमा सर्वप्रथम प्रवेश २००४ सालमा भोजपुरबाट आएका हलवाई नेवारको **दन्तकाली राइस मिल** खुल्यो । त्यसपछि नेवार मारवाडी मुसलमान बाहेक पहिलोपटक आचार्य परिवारका मेरा हजुरबुबा कुलप्रसाद आचार्यले २००५ सालमा उद्योगका रूपमा धान तोरी आँटा पिस्ने मिल सहितको **अक्षय राइस आयल एन्ड स मिल** स्थापना गर्नुभयो । यो स मिल पहिलो उद्योग भयो । जसले धान पिस्नुका साथै तेल पिस्ने गहुँ पिस्ने आँटा निकाल्ने काम गर्थ्यो भने मुडा काठ चिरान गरी काठ स्थानीय बजारमा बेच्ने गर्थे । त्यही चिरान गरेका काठपात धरान बजारका बस्ती विस्तारसँग नयाँ घर बनाउन काठका घर बन्न थाले । पहिला काठका घर निर्माण हुने गर्थे । जसको

चिरान अक्षय मिल वनको नाम काठको धरानबाट मुडा चिर्ने काम गरेको पुरानो परम्परालाई आधुनिक आरा बनाइयो । यो उद्योग धरानको पहिलो ठूलो उद्योग थियो । यस उद्योगको अर्को विशेषता भनेको यहाँ तोरी पिस्ने घानी राखिएको थियो । तोरी पिस्ने आधुनिक घानी उद्योग मानिन्थ्यो । यो निकै महङ्गो पद्धति हो । यो तोरीको घानीमा नरिवल तेल आलस तेल पनि पिसानी हुन्थ्यो । धरानको ठूलो उद्योग अक्षय अर्थात कहिले नामेट नहुने राइस एन्ड स मिल धरान बजारको चतरालाइन धरान नगरपालिका रहेको स्थानमा थियो । यो मिल २०२६ सालमा धनपालाइ बिक्री गरिएको थियो । यसरी २००५ सालमा स्थापित भएर २०२६ सालमा बिक्री भएको मिल चाहिँ २०१७ सालदेखि बन्द हुँदै आयो । यो उद्योगको चर्चा गर्दा यसको कथा रोचक नै रहेको छ भने चल्तीमा रहेको यो मिल अचानक कसरी एकाएक बन्द भयो यो जान्न जोसुकै उद्योगी व्यापारी जान्न चाहन्छ र कसैले पनि चलिरहेको व्यापार रहरले बन्द गर्दैन तर यसरी २००५ सालमा सालदेखि २०१७ सालको १२ वर्षसम्म यो मीलले धरान बजारको आवश्यकता पूरा गर्दै रह्यो । अब यसको पृष्ठभूमि अर्थात् कसरी स्थापना भयो । त्यतातिर चर्चा गरौं मेरा बाजे उद्योगपति कुलप्रसाद आचार्यले धरानमा आधुनिक अक्षय मिल स्थापना गरेपछि पूर्वाञ्चलको मात्र नभएर मुलुककै अग्रणी विराटनगर जुट मिल, रघुपति जुट मिल र मोरङ hydro company हालको विद्युत् प्राधिकरण क्षेत्रीय कार्यालयमा सेयर लगानी गरेर मुलुकको उद्योगधन्दामा अग्रणी रहनुभयो ।

अक्षय मिलको क्षेत्रफल कुल १४ कट्ठा जमिनमा फैलिएको थियो । अक्षय मिलको मसिन बेलायती थियो । यो मेसिन कलकत्ताबाट पानीजहाज हुँदै मनिहारी घाटमा फ्याक्ट्री राखेर मिल ल्याउन केशवप्रसाद कलकत्ता जानुभयो । उहाँका अनुसार मिसिन बोक्न १५० जनाभन्दा बढी लेबर चाहिन्थ्यो । ज्यादै दिग्दारी महिनाभरी घाटमा भएको हामीलाई बताउनुहुन्थ्यो । उक्त मिल कलकत्ताबाट आएको मसिनमेन बङ्गाली बाबु थिए । यो मेसिन चलाउँदा लामो डोरी तान्नु पर्थ्यो । मिसिन चलाउन अघि जैले पनि मिल स्टार्ट गर्न १०/१५ जना मानिस चाहिन्थ्यो । अनि धान तेल पिसाउन आएकाले लाइन लागेर र डोरी तान्ने गर्थे अनि टुकटुक भएर मिल चल्न थाल्थ्यो । मिलको खडा भएको लामो पाइपको सिरभरि लोटा हन्थ्यो । यो मिलको पछाडिको भागमा रुखका मुडा चिरानका लागि राखिएको हुन्थ्यो । अनि गोलो आकारको चक्का भएको साविक तांखुवा गाविस वडा

नम्बर ५ हो 'उहाँले सरकारी जागीरमा मुख्य सामु नोकरी गरेकोले उहाँ कुलप्रसाद आचार्यका नाममा पछिसम्म प्रख्यात हुनुभयो । उहाँले धरानमा मिल खुल्नुअघि आफ्नो गाउँ धनकुटामा आधुनिक ५ धुरी भएको काठको घर बनाउनुभयो । यही ५ धुरे घरमा कलकत्ताबाट फलामका पाइप बोकेर ल्याउनुभयो । धनकुटामा लगी आफ्नो घर टिनको छानाबाट आउने पानी तलका सिमेन्टको ट्याङ्की बनाई त्यसमा जम्मा गरी घरमा वर्षदिनको पानीको आवश्यकता पूर्ति गर्नुहुन्थ्यो । नेपालमा यस्तो पद्धति विकास गर्ने पहिलो व्यक्ति कुलप्रसाद आचार्य नै रहेको लेख धनकुटाका प्रसिद्ध लेखक खगेन्द्रकुमार प्रधानाङ्गले कान्तिपुर दैनिकमा छपाउनुभयो । संस्कृतका विद्वान् भएकाले अमरकोष अनुवाद गरेका पण्डित टीकाप्रसाद वस्ती बताउनुहुन्थ्यो । यसैगरी तत्कालीन श्री ३ पदमशमशेर जबराले गठन गरेको भारदारी सभा २००३ संसदमा प्रतिनिधि हुनुहुन्थ्यो । उद्योगपति कुलप्रसाद आचार्यले धरानमा अक्षय मिल सपना गर्न आफ्नो नाममा रहेको मोरङ तरहरा पश्चिम बोकाका चापमा रहेको डेढ सय विगाहा जमीन बेची रु. ७० हजार कम्पनीमा लगाउनुपरेको थियो कुल पुँजी ७० हजार लगानीमा रहेको मिलमा २५% सेयर ४ आना शेयर पुरानो बजारका राधाकृष्ण ढकाललाई दिनुभएको थियो । यसरी मिलमा साझेदारी रहन गयो यो २००५ सालमा स्थापना हुनुअघि काठमाडौंबाट उद्योग विभागमा दर्ता गर्न मुकुलप्रसादका जेठा छोरा माधवप्रसाद जानुभयो । माइला छोरा केशवप्रसाद खट्नुभयो । यो मिलको दर्ता गर्न सरदार भीमबहादुर पाँडेसँग उहाँहरूको पुग्नु भएको बताउने गर्नुहुन्थ्यो । उद्योगपति कुलप्रसाद आचार्यका १० भाइ छोरामा कालीकाप्रसाद साइँला बाजे रामप्रसाद काइँला बाजे नेपाल प्रौढ सङ्गठन सुनसरीका जिल्ला सभापति एवं रामप्रसाद आधालाई मिलको पिताले चलाएपछि काठका साइजअनुसारको हुन्थ्यो र बजारमा बिक्री हुन्थ्यो यसरी चलिरहेको मिल २०१७ सालको कुन महिना हो एकदिन मिलमा मुडा चिर्ने ज्यादा गोलाकारका मुडा टुक्रा पार्न त्यहाँ बेग्लै धरान राखिएको थियो । त्यही धरानबाट मुडा चिर्ने आरावालाले अर्को आरावालालाई खुकुरीले मारेपछि मिलको अत्यन्त हुन पुग्यो र अचानक मिल बन्द भयो । यो साल मिल उद्योगपति कुलप्रसाद आचार्यको श्रावण महिनामा धरान बराक्षेत्र मन्दिरमा प्राणको अन्त्य हुन्छ । यहाँको धार्मिक मान्यता परलोक जाने काशी होइन आफ्नै तीर्थधाम बराहक्षेत्रमा पुण्य कमाउनुपर्छ भन्ने थियो । जसलाई आजभोलि पर्यटन व्यवसाय धार्मिक पर्यटनसँग बजार क्षेत्रलाई जोड्ने गरिन्छ । घरका मुलीको

अन्त्यसँगै मिलको पनि अन्त्य भयो २०१७ सालदेखि बन्द भएको अक्षय मिल २०२६ सालसम्म आइपुग्दा पनि बाबुको बिँडो थाम्न छोरा अग्रसर नभएपछि २०२६ सालमा मिल आफैं कथाव्यथाबाट धरान नगरपालिकालाई बेचियो। कलपुर्जा चाहिँ कवाडीलाई कवाडीको भाउमा बेचियो। मिलको आजको मोती स्मृति भवनले चर्चेको बाग अद्यावधि छँदैछ यसरी एउटा उद्योगधन्दाको अन्त्य हुन पुग्यो।

* * *

धनकुटा गौंडा राणाकालीन दौडाहासँग जो झुक्न मानेनन्

एक सय वर्ष अघिको यो तस्वीरमा कुर्सीमा बसेका साथमा काँधमा तलबार हातमा लट्ठी जेठा छोरा चिन्तामणि र पछाडि कान्छा लक्ष्मीकान्त आचार्य दायाँपटि लिएको बायाँपटि जेठा छोरा कुलप्रसाद राणा शासकका बेला उनीहरूको शासन व्यवस्था अति नै कडा थियो भन्ने कुरा हामी जो कोहीका बाजे बराजुका मुखबाट सुन्ने पनि गर्छौं । इतिहासमा राणा शासन ढाल्नका लागि भएका प्रजा परिषद् पार्टीका सङ्घर्ष, शहीद काण्ड, २००७ सालमा राणा शासन विरुद्ध नेपाली काङ्ग्रेसले उठाएको जनकान्ति र २००७ साल फागुन ७ गते हामीले प्रजातन्त्र प्राप्त गरेको इतिहास वीपी कोइरालाका आत्मवृत्तान्त गणेशमान सिंहका गाथाबाट झन् बुझ्न सकिन्छ ।

राणा शासनका बेला उनीहरूले मुलुकमा ठाउँ ठाउँ प्रशासनिक इलाका खडा गरेका थिए । यसैमध्ये धनकुटाको गौंडा विशेष चर्चित महत्त्वपूर्ण मानिन्छ । त्यो बेला पूर्वको प्रशासनिक कामकाज धनकुटाबाट चल्ने गर्थ्यो न कि अहिलेको जस्तो विराटनगरबाट । यहाँ पल्टन बस्तथे बडाहाकिम बस्थे, बेला बेला बडाहाकिमभन्दा पनि बढी शक्तिशाली दौडाहा आउथे कामकाज कस्तो भइरहेछ भन्ने नियाल्न । ती दौडाहाले राम्रो कामभन्दा पनि बढी धाक रवाफमा आफ्नो प्रभुत्व जमाउँथे । यही धनकुटामा श्री ३ जङ्गबहादुर राणाका पिताजी बालनरसिंह कुँवर पनि गौंडामा प्रधानमन्त्री भीमसेन थापाका पालामा खरिदार काम गर्न आएका कुरा हामी इतिहासमा पढ्न पाउँछौ ।

यहाँ शाह राजाका वंशज चौतारियाका खलक पनि बस्ने गर्थे जसमा शाह राजाका उत्तराधिकारी मानिने श्यामराजा आज पनि धनकुटामा बस्ने गर्छन् । राजा वीरेन्द्रको वंश नाशपछि राजा हुने रोलक्रममा उनको नाम पनि चलेको थियो । १९४२ सालमा श्री ३ राणा प्रधानमन्त्री रणोद्दीप शमशेर जबराको भतिजाबाट हत्या गरियो । यिनै भतिजापछि श्री ३ को रोलक्रममा बसे । जसमा श्री ३ वीरशमशेरपछि श्री ३ देवशमशेर राणा प्रधानमन्त्री बने । उनलाई आफ्नै भाइ रोलक्रममा रहेका श्री ३ चन्द्र शमशेरले पदच्यूत गरी धनकुटा धपाइए । धनकुटामा श्री ३ देवशमशेर राणा धेरै महिना बस्न पाएनन् । यिनी पछि धनकुटाबाट इलाम हुँदै दार्जिलिङ पलायन भए । नेपालमा राणा विरुद्ध क्रान्ति सङ्घर्ष शुरू भएपछि विराटनगर जुट मिल्सबाट मजदुर

हड्ताल भयो । मजदुर हड्तालबाट नेपाली काङ्ग्रेसका संस्थापक वीपी कोइराला गिरफ्तार भई धनकुटा चलान गरिनु भएको थियो हत्कडी लगाएर । यसरी धनकुटा राणाकालमा शिखरमा चर्चा हुनेगर्थ्यो । यहाँ आउन बडाहाकिम तछाड मछाड गर्थे । प्रसङ्ग हो धनकुटाको सेरोफेरोको । यहाँ सबैथरीका बासिन्दा बस्ने गर्थे । तिनमा राई लिम्बू मगर नेवार ब्राह्मण क्षेत्री यस्तै रिजाल आचार्य थापा कार्की बस्नेलगायत थरका बासिन्दा बस्दथे । यस लेखकका वंशज पनि धनकुटाबाटै धरान झरेका हुन् । धनकुटामा आचार्य परिवार थानसेन वीर्ताबाट बसाइँ सर्दै यता आएका थिए । तिनै आचार्यमध्येका एक परिवारका सन्तानमध्ये धनकुटा गौडाका खरदार नरपति आचार्य थिए । उनको नामको नरपतेश्वर महादेवको मन्दिर गुठी अहिले धनकुटामा ज्युँदो इतिहास बनिरहेको छ । शुरूमा आचार्य परिवार मरमसलाको व्यापार गर्न धनकुटाका लिम्बूसँग स्वीकृति लिएर बसेकारहेछन् । इतिहासकार भरत सुब्बाका अनुसार र उहाँका सबै कागजपत्र सुरक्षित रहेको छ । धनकुटा गौडाका खरदार नरपतिका सात भाइ छोरामध्ये अन्तरे मेरा जिजुबाजे लक्ष्मीकान्त अन्तरे छोरा हुनुहुन्थ्यो । कुरा उहाँकै हो जसले राणाका दौडाहाका अगाडि झुक्न मानेन । प्रसङ्ग मेरा साइँला बा । बडाबा कालीकाप्रसाद आचार्यले आफ्नो अध्यात्म तर्क विचार दीपिका पुस्तकमा, २०४४ मा उल्लेख गर्नुभएको छ ।

धनकुटामा जन्मेका लक्ष्मीकान्त आफ्नो वय उमेरमा घोडा चढेर चौबिसे गाउँमा आसामी ऋणी उठाउन हिँड्नुभएछ । एक आसामीले उहाँलाईलाई देखेपछि भागेछ । उ भाग्ने क्रममा बारीमा लगाएको बारेमा ठोक्किन पुग्दा ठहरै भएछ । यो देखेर गाउँलेले आफूलाई देखेको खण्डमा कुटपिट गर्लान् भनेर उहाँ बडाहाकिमकहाँ विवरण जाहेरी नै पुग्नुभएछ । त्यसको विवरण लेखक कालिकाप्रसाद यसरी लेख्नुहुन्छ उहाँलाई मुद्दा लागि स्थानीय बडाहाकिमले हप्काएछन् । यो सुनेर जिजुबाजे लक्ष्मीकान्तले तिमीले जो गर्नुपर्छ । गर भनेर डट्नु भएछ । त्यसपछि उहाँ हाकिमले यो बाहुनलाई ठुला नेल, हतकडी लगाउनु भनी लाउन लगाइ पेरुङ्गामा हाली काठमाडौं चलान गर्ने लाग्दा म निरपराधी हुँदा तिम्रै अगाडि सिन्दुर यात्रा गर्दै आउनेछु भन्नुभएछ । त्यसपछि उहाँलाई अड्डा सार गर्दैछ सात दिन पैदल भरियाले पेरुङ्गामा हालेर काठमाडौं पुऱ्याए । सो बखत बिहान भएकाले श्री ३ रणोद्दीप जबरा घोडामा घुम्न बाहिर निस्केका रहेछन् । एकाबिहानै भरियाले पेरुङ्गामा मान्छे बोकेर ल्याएको देखेपछि भनेछन् यो कहाँबाट ल्याएको कुन मुद्दा लागेको छ भनी जमदारलाई सोधेछन् । यो

प्रश्न गरेछन् ए बाहुन । तैले ज्यान मारेको हो, भनी सोधिँदा होइन भन्नुभएछ । यसपछि भोलिपल्ट महाराजको दरबारमा हुकुम भएछ। हिजो धनकुटाबाट ल्याएको कैदी यहाँ ल्याउन भन्नुभएछ । त्यसपछि ती बाहुनलाई मेरा सामु श्री ३ न्यायनिसाफका लागि महाराज रणोद्दीपले भनेछन् ए बाहुन । तैले ज्यान मारेको हो । जेल हतकडीमा जिजुबाजे लक्ष्मीकान्तले होइन भन्नुभएर जवाफ फर्काउनु भएछ । ठाडठाडै यो सुनेपछि यो बाहुन निर्दोष रहेछ यसको अनुहार अलिकति पनि डगेको छैन् । यो कसुरदार होइन यसलाई छाडी दिनु यी विवरण इतिहासकार भरत सुब्बासँग धनकुटा अमालको कागजपत्र सुरक्षित रहेको बताएका थिए । यो घटना भएको ३/ ४ दिनपछि श्री ३ महाराज रणोद्दीपले आफ्नो बैठक सभामा भनेछन् धनकुटाबाटै ल्याएको कैदी अहिले कहाँ छ । यहाँ छ भने भोली खोजेर ल्याउनु महाराजको हुकुम शिरोपर गर्दै प्रशासकले जिजुबाजे लक्ष्मीकान्त महाराजको दरबारमा हाजिर गराए। तब महाराजले भनेछन् ए बाहुनी नानी इलाम गोर्खे जगातमा भन्सार कर उठाउन अरूले सकेनन् । तिमीले जागीर पाए कर उठाउन सक्छौं । उहाँले जागीर पाए म उठाउन सक्छ भन्नुभएछ । त्यसोभए आजदेखि नै तिमी इलाम गोर्खे जगातको लेप्टन भयौ ।

नभन्दै जिजुबाजे लक्ष्मीकान्तले पनि तत्काल मोहर राखी सलामी गरेछन् महाराजसामु। धनकुटामा पक्रने बडाहाकिमका अगाडि उहाँ सिन्दुरयात्रा गर्दै आउनुभयो । यसरी उहाँलाई पक्रने बडाहाकिम हक्क न बक्क भए । यस्तो थियो महाराज रणेद्दीपको हत्या आफ्नै भतिजाबाट १९४२ सालमा निर्मम तरिकाले भयो । इलाम गोर्खे जगातमा केही वर्षे काम गरेपछि उहाँले जागीर छाडी धनकुटाको घर व्यवहारमा लाग्नुभएको रहेछ। उहाँलाई यसै बसेको देखेपछि धनकुटा गौँडाको नयाँ बडाहाकिम बमविक्रमले यसै काम नगरी किन बस्नुहुन्छ। लेप्टेन तपाई आजदेखि धनकुटा गौडामा लप्टन पदमा हाजिर हुनु भनेपछि उहाँले धनकुटा गौडामा फेरि हाजिर भएर काम गर्नुभएछ। यसै क्रममा धनकुटामा बोधविक्रम भन्ने दौडाहा भएर आएछन् । उनले लेप्टन लक्ष्मीकान्तलाई भनेछन् । ए तिमीले पिपालाई घरमा काम लगाएको अब तेरो जागीर खोसिन्छ ठाडो आदेश गरेछन् । त्यसपछि लक्ष्मीकान्तले भन्नुभएछ ।

तैंले मलाई तँ भन्ने लेखक कालिकाप्रसाद पूर्ववत् पुस्तकमा त्यसपछि नीज दौडाहाले यसलाई पक्र भनेर आदेश गरेछन् । डरले लक्ष्मीकान्त त्यहाँबाट उम्कनु भएछ । दौडाहाको पकडमा आउन सक्नुभएन् ।

त्यसपछि दौडाहा इलाम पुगेर पनि उसको रिस शान्त भएको रहनेछन् । उसले तत्काल २० २५ जना सिपाहीलाई धनकुटा पठाई त्यसको घरघेरी त्यहाँबाट पक्रेर ल्याउनु भनी आदेश गरेछन् । राति आफूलाई पक्रन सिपाही आएपछि लक्ष्मीकान्तले झ्यालबाट जमदार श्रीकान्त लामिछानेलाई बोलाई यो सबै कुरा गौडामा गई बडाहाकिम ज. बमविक्रमलाई जाहेरी गर्न भन्नुभएछ । जमदार श्रीकान्त लामिछानेले सबै कुरा बडाहाकिम ज. बमविक्रमलाई जाहेरी गरेपछि राती ११ बजे सैनिक ब्यारेकबाट बिगुल बजेछ । सब कर्मचारी गौंडामा बडाहाकिम सामु हाजिर भएपछि लेप्टेन लक्ष्मीकान्तको घर घेरी राखेका सिपाहीलाई तुरुन्त पक्रेर ल्याउनु भनी आदेश गरेछन् । सिपाही उल्टै पक्रन आएको देखी इलामबाट आएका सिपाही जथाभावी भागेछन् ।

उहाँ धनकुटा गौडामा रहँदा श्री ५ देवशमशेर प्रधानमन्त्रीबाट पदच्यूत भई धनकुटा खेदिए । खेदिएका देवशमशेरलाई लिन लप्टन लक्ष्मीकान्त तल मूलघाटसम्म झर्नुभयो । धनकुटामा देवशमशेरलाई गौडाका तर्फबाट खान बस्न प्रबन्ध गर्नुभयो । देवशमशेर केही महिना धनकुटामा बसेपछि आफूले जसरी काकाको हत्या गरेका थिए त्यसरी नै मेरो हत्या गर्ने हुन् कि भन्ने डरले भारत पलायन हुनलाई इलामको बाटो रोजेकाले लप्टन लक्ष्मीकान्तले श्री ३ देवशमशेरलाई इलाम जाने प्रबन्ध मिलाइदिएका थिए ।

यसरी धनकुटामा बसेर काम गरेका लप्टन लक्ष्मीकान्तको पछि गएर रङ्गेली वन जाँचमा सरुवा भएछ । राणाकालीन शासनमा दुनियाँदार रैती जागीरेलाई हप्काउने दौडाहा बोधविक्रमले लक्ष्मीकान्तले दौडाहा काटेको यो प्रसङ्गले उनीहरूको शासन व्यवस्थाको एउटा उदाहरण देख्न सकिन्छ । यसको जवाफ भन्ने निडर लक्ष्मीकान्त जो राणासँग दबेनन् ।

एउटा इमान्दार सच्चा राष्ट्रसेवक रहेर देशको नमुना सोझो गरे धनकुटाको यो ज्युदो उदाहरणलाई आज पनि पुराना बुढापाकाले लिने गर्छन् । पछि लक्ष्मीकान्त ६१ वर्षको उमेरमा वानप्रस्तको समय आयो भनी बनारस जानुभयो । उहाँलाई मूलघाटसम्म पुऱ्याउन धनकुटाका साहु महाजन आएका थिए भनी लेखक कालिकाप्रसादले आफ्नो पुस्तकमा आध्यात्मिक तर्क र विचार लेख्नुभएको छ ।

* * *

धनकुटादेखि पटनासम्मको पोके व्यापार

हाम्रो आचार्य परिवार पश्चिम नुवाकोट थाङसिङ विर्ताबाट पूर्वधनकुटा आएका हुन् । यही क्रममा हाम्रो वंश विस्तारको रूपमा संसारभर फैलँदो छ । यसरी फैलिने क्रममा अमेरिका, युरोप, क्यानडा, अस्ट्रेलियादेखि भारतसम्म फैलिने तेस्रो पिँढिको कथा लम्बिँदै छ ।

लमजुङबाट कान्तिपुरे राजाको विर्ता पाएर थाङसिङ (तामाङ भाषामा सल्लाको दाउरा भएको स्थान) मा आएर बस्न थाल्नुभयो, लक्ष्मीराज आचार्य । त्यसपछि वंश फैलिँदै सुकदेव आचार्यका चारभाइ छोरामा माइला देवऋषि आचार्य थाङसिङबाट धनकुटा आउनुभयो । जेठादाजु राधाकृष्ण पाँचथर जानुभयो । साइला भाइ बर्मातिर जानुभयो, कान्छा छोरा थाङसिङमै बस्नुभयो । यिनै धनकुटा आएका देवऋषि कुल वंशका गौरव हुन , यिनले थाङसिङबाट धनकुटा आउँदा सानोतिनो जागीर लिएर आएका थिए । धनकुटा गौंडामा, धनकुटामा आएपछि यिनले सर्वप्रथम लिम्बू जातिको अमालसँग सम्पर्क राखी धनकुटाको सिबुवा चौबिसे मौनाबुधुकमा बस्न थालेका थिए । यिनले धनकुटामा आएर लिम्बूको कचहरी (अमाल) सँग बन्दव्यापार गर्ने अनुमति लिएको देखिन्छ। धनकुटाको छथर बस्ने लिम्बूको अमालको अहिलेको पुस्ता भरत सुब्बासँग पुर्ख्यौली देवऋषिले १८७१ सालमा धर्मपत्र गछ पत्रमा सहीछाप गरेका थिए। भरत सुब्बा र प्रा.डा. गोविन्द सुब्बा (पूर्वप्रदेश प्रमुख)का वंशज लोकसु राई तुम्बाहाङका नाति सु-फंच राईको छोरा सु-तुम्याहाङ जित राई आट्ठोरीयको नाति एक कारवादी माहादालको छोरा ऐ.ऐ. बस्ने कारबारी बोलीहन्त लिम्बू, राई कृष्णध्वज लिम्बू एक लेखिएका जवानको बन्द व्यापारका लागि धनकुटाको ज्वानो, मेथीको व्यापार पटना नेपाल कोठीमा बेच्न अनुमति पाएका थिए । (हेर्नु धर्मपत्र, गछपत्र, अमाल कचहरीको मस्यौदाको फोटोकपी) यसको फोटोकपी भरत सुब्बाबाट धरान निवासी शेखप्रसाद आचार्यले प्राप्त गरेको फोटोकपी यस पुस्तकको परिशिष्टमा समावेश गरिएको छ ।

बराजु देवऋषिले पटनाबाट नुन जीरा, मरमसालालगायत खाद्यपदार्थ धनकुटाका गाउँघरमा कुम्लो बोकी चौबिसे मोनाबुधुक तेनुपाकुरुले डाँडाबजारमा

आफैं डुल्ने गर्नुहुन्थ्यो । उहाँको कुम्ले व्यापार धनकुटाको जडीबुटी मेथी, ज्वानो पटना नेपाल कोठी पुऱ्याउन यातायातको सडक साधन नहुँदा सप्तकोशी नदीको माध्यमबाट तमरमा डुङ्गा चढी बराहक्षेत्र, चतरा, व्यारेज हुँदै गंगाको मनिहारी कुर्सेलाघाटसम्म पुऱ्याउनुहुन्थ्यो । त्यसपछि त्यहाँबाट पटना घाट जाने स्टीमरमा चढी पटना नेपाल कोठी पुऱ्याउनुहुन्थ्यो । यो कुरा बुढापाकाबाट आफैंले सुनी आफ्नो पुस्तक अविर्भाव आख्यान नामक पुस्तकको १७५ पेजमा लेखक वेदनाथ आचार्यले उल्लेख गर्नुभएको छ ।

व्यापारको सामान ल्याउँदा धनकुटाको चौबिसे मौनाबुधुक छथरमा सामान जम्मा गर्ने गोदाम बनाउनु भएको थियो । यसरी आफ्नो जमानीको दिनमा बराजु गाउँगाउँमा पोकेव्यापार गर्दै हुनुहुन्थ्यो । यसरी व्यापार गर्दै जाँदा उहाँका साथी चौबिसे गाउँको एउटा घरमा पुग्नु भएछ । आफु पुगेको घर आगनमा उिहाँ उत्सव रहेछ र त्यो उिहाँ उत्सवमा घरपरिवारको मान्छे रोइरहेको भेट्नुभएछ र कुरो बुझ्दै जाँदा त्यो घरको छोरीको विवाहको लागि आउने बर (दुलाहा) जन्ती आउँदै गर्दा कता बेपत्ता भए छन् र यसपछि घरमा बेहुलीको विवाह नहुने चिन्ताले परिवारका सदस्य रुइरहेका थिए । यो कुरा थाहा पाएपछि गाउँले साथि भाइले बराजु देवऋषिलाई तिम्रो विवाह भएको छैन । अब तिमी नै यही जग्गेमा बसेर बेहुली कन्याको उद्धार गर भनेपछि बेहुली नर्वदासँग विवाह भयो । उनै बराजुनीको नाममा नरबदेश्वर मन्दिर धनकुटामा स्थापना भएको छ । उक्त मन्दिर जेठा छोरा नरपतिले आफ्नो बाबु देव ऋषि र आमा नर्वदाको नाममा नर्वदेश्वर मन्दिर स्थापना गरे । देवऋषिका तीन भाइ छोरामा जेठा नरपति, माइला ज्योतिखर, आसाम जानुभयो । कान्छा गजाघरका सन्तानमा अहिलेका पुस्ता राजेश्वर आचार्य, महेश आचार्य लगायत पर्नुहुन्छ भने बाँकी नरपतिका सन्तानमा धरान विराटनगरमा फैलिएका हामी सोनामधन्य आचार्य, आचार्य वंशावलीका पुस्तक लेखक न्यायाधीश पशुपति आचार्यले आफ्नो पुस्तक आचार्य वंशालीमा लेख्नुभएको छ ।

बराजु देवऋषिका जेठा छोरा नरपतिले धनकुटा गौंडामा जागीर खानुभयो । पुर्खाले बनाएको नरबर्देश्वर महादेव मन्दिरमा हरसाल महाशिवरात्रीमा आचार्य सन्तती जाने गर्छन् ।धनकुटा गौडाका खरदार नरपतिले राणा प्रधानमन्त्री श्री ३ जङ्गबहादुर राणा चीन भ्रमणमा जाँदा चीनका बादशाहले उपहारमा दिएको चियाको बिरुवा इलाममा लगेर हुर्काउनु भएको थियो । उक्त चियाको बोट श्री

३ चीन भ्रमणमा जाँदा चीनका बादशाहले उपहारमा दिएको चियाको बिरुवा इलाममा लगेर हुर्काउनु भएको थियो । उक्त चियाको बोट श्री ३ जङ्गबहादुरले आफ्नो ज्वाइँ गजराज थापालाई जिम्मा लगाइ यो चियाको बोट उपयुक्त स्थानको पहिचान गरि व्यवस्थापन गर्न अह्राए। त्यसपछि गजराजले उक्त बिरुवा इलाममा रोप्नका लागि जागीर खटाए खरदार नरपतिलाई यसपछि खरदार नरपतिले इलामको चिया बगान रेखदेख गर्ने जिम्मा पाउनुभएको थियो । त्यो बेलामा धनकुटा गौंडाको क्षेत्र इलामबाहेक पाँचथर, ताप्लेजुङ, तेह्रथुम, चैनपुर लगायतका क्षेत्र थिए ।

अब यिनै नरपतिका अन्तरे छोरा लप्टन लक्ष्मीकान्तले १७ वर्षसम्म धनकुटा गौडामा रहनुभयो भने आफ्नो पहिलो जागीर इलामको गोर्खे, जगत्को भन्सार र मोरङ रङ्गेलीको लप्टन भएर काम गर्नुभएको थियो । यस धनकुटा गौडाको कार्यक्षेत्र मोरङको जङ्गल फडानी भई दाताराम आचार्यसँग मिलि हालको सुनसरीको र मोरङको उत्तरपट्टिको जङ्गल फडानी गरी हाल आवादी गर्नुभएको थियो । यसका लागि उहाँले महोत्तरी र सप्तरीका बधुवा चौधरीलाई मोरङ्ग र सुनसरीको गाउँमा जग्गा कमाउन स्थानान्तरण गराउनु भएको कुरा इन्जिनियर वेदनाथ आचार्यको पुस्तक आविर्भाव आख्यानमा उल्लेख गरिएको छ। उक्त हाल आवादी जग्गा मध्येबाट आचार्यबन्धुले आफ्ना भाइ छोरालाई मालपोत तिरी अंशबण्डा गराउनु भएको थियो । लप्टन लक्ष्मीकान्तका बारेमा थप कुरा अर्को प्रसङ्गमा यसै पुस्तकमा चर्चा गरिएको छ । लप्टन लक्ष्मीकान्तका दुई भाइ छोरामा चिन्तामणि र कुलप्रसाद हुनुभयो । जेठा चिन्तामणिका छोरामध्येमा जेठा भैरवप्रसाद आचार्य झापा वीपीले आत्मवृत्तान्तमा लेखेको नाम भैरवप्रसाद आचार्य हुनुहुन्थ्यो । उहाँका कान्छा भाइ महेन्द्र मोरङ कलेजका अङ्ग्रेजीका प्रोफेसर हुनुहन्थ्यो । उहाँको बारेमा प्रोफेसर कृष्ण पोखरेलले भक्तराज आचार्यको स्मृतिमा पुस्तक सम्पादन गर्नुभएको छ । लक्ष्मी कान्तका कान्छाछोरा कुलप्रसाद बारेमा यसै पुस्तकमा दुईवटा आलेख समावेस छ । यसरी थाङसिङ विर्ताबाट एक्लै आउनुभएका हाम्रा पुर्खा देवऋषिका सन्तान दर सन्तानको फैलिने क्रम जारी छ जस सन्तती मध्ये मन्त्री डाक्टर इन्जिनियर राष्ट्रसेवक भएर नाम कमाइरहेका पाउँछौं ।

धनकुटाको रिजाल आचार्य सम्बन्ध, खोटाङ रावा खोलाबाट व्यापारी हरिप्रसाद रिजाल धनकुटा आए । यिनका छोरा दामोदर छोरी छवुमाया रहेछन् । उमेरदार छोरीको विवाह गर्न केटा खोजीमा लागे । काफ्ले थरको ज्योतिषीले

देवऋर्षि आचार्यका आयुष्मान छोरा विवाह गर्न योग्य छन् भनेछन् ।

अनि हरिप्रसादले भने त्यो देवऋषिको त भएन यिनी यस्ताको छोरासँग हुँदैन । काफ्लेले भनेछन नरपति लक्का जवान छन् राजयोग लिएर आएको छ, तपाईको छोरीले दु:ख पाउँदिनन् ।

यस्तै कुरा हुँदै जाँदा एक दिन आगनमामा नरपति ढुङ्गा सिरान लाएर लडेका रहेछन्, अनि काफ्ले बूढाले भनेछन् यी हेर्नू यिनको पाइतालामा चक्र रहेछ, यो राजयोग हुनेका लक्षण हो भनेछन् । त्यसपछि बूढाले निहुरिएर नरपतिको भुइँमा पसारेका पाइतालामा चक्र निसानी देखेछन् । हेर्दा केटा लक्मा जवान राम्रा देखेर हरिप्रसादले केटामा खोट भेटेनन् । अनि राजी भए छोरी छवुलाई दिन । उनै नरपति धनकुटा गौंडाका खरदार भए, इलाम सरकारी आदेश पालना गर्न चीनबाट ल्याएको चियाबगान १९१४ सालमा लगाए । बाबु देवऋषि र आमा नर्वदाका नाममा नर्वदेश्वर शिवालय धनकुटा बजारमा स्थापित गरे ।

त्यस पछि रिजाल आचार्यको वैवाहिक सम्बन्ध गर्न आज पर्यन्त जारी छ ।यो कुरा ई. वेदनाथ आचार्यको पुस्तक आविर्भाव आख्यानमा पढ्न पाइन्छ । यसै गरी नरपतिका छोरा मकरध्वजले १९६४ सालमा धरान २ धारेमा नरसिंह भगवानको मन्दिर गुठी राख्नुभयो । मन्दिरभित्र नरसिंह भगवानको पितलको मुर्ति राखिएको थियो र मन्दिर बाहिर घण्ट राखिएको थियो तर १९९० सालको भुइँचालोले मन्दिर भत्काएपछि मन्दिर व्यवस्थापन समितिले नयाँ मन्दिर बनाएको छ । मन्दिरको गुठी जग्गाले चर्चेको १ विघा १३ धुर रहेको छ । धरानको पानवारा बक्लौरी, एकम्बा लगायतका स्थानमा जम्मा ५ विघा जग्गा मकरध्वजले बनाएको नरसिंह मन्दिर व्यवस्थापन समितिका अध्यक्ष क्याम्पस चिफ टोमप्रसाद आचार्यले लेखकलाई बताउनुभयो ।

त्यसै गरी नरपतिका काइँला छोरा कृष्णलालको असमायिक निधनपछि उहाँको छोरा चन्द्रप्रसाद आचार्यलाई नरपतिका अन्तरे छोरा लप्टन, लक्ष्मीकान्तले आफ्ना दुई भाइ छोरा कुलप्रसादसँगै चन्द्रप्रसादलाई पनि हुर्काउनुभयो र तिन अंश पार्नु भयो । तिनै चन्द्रप्रसाद आचार्यले पछि सम्पत्ति बढाउनुभयो । उहाँका छोरा छोरी थिएनन् । त्यसपछि उहाँले आफ्नो सम्पत्ति धरानको विकासमा खर्च गर्नुभयो । उहाँले धरान तीनकुनेमा पहिलोपल्ट धरानको स्वागत गेट बनाउनुभयो । धरानको घोपामा पाइ लगाइ पानी वितरण गर्नुभयो । शेष सम्पत्ति उहाँले शिक्षा विकासमा लगाउनुभयो जसमा धरानको भगवति मा.वि. १६ नं.

वडा, बराहक्षेत्र औल्या मा.वि. मा जग्गा दान दिनुभयो । त्यसैगरी उहाँले चन्द्र संस्कृत विद्यालय धरान १६ को २०२१ सालमा स्थापना गर्नुभयो । चन्द्र संस्कृत वेद विद्यालयलाई भवन बनाउनुभयो । र उहाँले मधेश हाल सिङ्गिया, पिपरा ठाउँमा लगभग ७५ विघा जग्गा गुठी राखेर जानुभयो । उहाँको शेषपछि उहाँका २ श्रीमतीमा क्षेत्रिनी पट्टिका हजुरआमा आफ्नै भान्जासँग बस्नुभयो । यसै गरी चन्द्रप्रसादकी जेठी श्रीमती कुलप्रसाद आचार्यको कान्छीपट्टिका जेठाछोरा पशुपति आचार्यले हजुरआमा भनेर पाल्नुभयो ।

* * *

कवि कालिकाप्रसाद आचार्य-एक चिनारी

कवि कालिकाप्रसाद आचार्य-एक चिनारी

उहाँ अर्थात् हाम्रो साहिँलो ठूलो बुबा (अर्थात् बडिबा) कालिकाप्रसाद आचार्य हाम्रो परिवारका ज्येष्ठ सदस्य हुनुहुन्थ्यो भने नेपालका ज्येष्ठ कवि पनि । उहाँ ९७ वर्षको उमेरमा परमधाम हुनुभयो । उहाँ ९६-९७ को उमेरमा पनि सजिलैसँग लठ्ठीको सहारामा हिँड्डुल गर्न सक्नुहुन्थ्यो, पत्र पत्रिका, पुस्तक पढ्न सक्नुहुन्थ्यो । त्यसैले उहाँ प्रातः गीता, चण्डी पढ्नुहुन्थ्यो र दिउँसो एक टाइम धरानको लोकप्रिय पत्रिका 'ब्लाष्ट दैनिक' छाताचोकको पसलबाट, हातमा मुठी कस्दै च्यापेर एक्लै चतरालाइनको घरमा लुरुलुरु आउने जाने गर्नुहुन्थ्यो । तर, अहिले उहाँको ढाड अलि कुप्रिँदै गएको थियो । बिहान उहाँ धोतीमा टहल्न निस्कनुहुन्थ्यो भने दिउँसो कमिज सुरुवालमा । उहाँ धोती फेरेरै खाना खानुहुन्थ्यो । पहिले-पहिले पिर्कामा बस्ने बानी पछिल्लो समय टेबलमा खाना खाने गर्नुहुन्थ्यो । यो त भयो उहाँको दिनचर्या । तर पछिल्लो समय उहाँको स्मरण शक्तिमा कमी आएको थियो । उहाँ आफ्नो शरीरप्रति सजग हुनुहुन्थ्यो । त्यसैले प्रायः बिरामी हुँदा चिकित्सककहाँ लैजाओ भन्नुहुन्थ्यो ।

हाम्रो साहिँलो ठूलो बुबालाई हामी सबैले साहिँला वा भनेर सम्बोधन गर्थ्यौं । उहाँ समाजको ज्येष्ठ नागरिक भएकाले उहाँको सम्मान धेरैले गर्थे । कुरो सात वर्ष अघिको हो । तत्कालीन समयमा विश्वहिन्दू महासङ्घ पूर्वाञ्चलले पनि उहाँको सम्मानमा अभिनन्दन गरेको थियो । पिण्डेश्वर मन्दिरमा आयोजित धार्मिक उत्सवका अवसरमा नेपालका जगत्गुरु बालसन्त देवाचार्यबाट सम्मानित हुन शारीरिक अस्वस्तताका कारणबाट समारोहमा उपस्थित हुनसक्नुभएन । तर आयोजक महोदयले उहाँलाई घरैमा आएर सम्मानपत्र, दोसल्ला ओढाएका थिए । यसरी ज्येष्ठ नागरिकको सम्मान पाउनुभयो । उहाँलाई सम्मान गर्न पाएकोमा आयोजक समितिका अध्यक्ष देवराज अधिकारीले आफ्नो धेरै वर्षअघिको धोको पूरा भएकोमा सन्तोषको सास फेर्नुभयो । ज्येष्ठ नागरिक सम्मान आचार्य बन्धु सेवा समिति सुनसरीबाट समेत सम्मान पाउनुभएको छ, गत वर्ष दोसल्लाद्वारा सम्मान गरियो ।

वयोवृद्ध कवि कालिकाप्रसाद आचार्यको ९७ वर्षको उमेरमा ज्येष्ठ नागरिक अभिनन्दन गरियो । समाजमा ज्येष्ठ नागरिकका लागि सरकारले सामाजिक सुरक्षा

भत्ताको व्यवस्था गरेको छ र त्यसका लागि ७० वर्षको उमेर तोकेको छ जसअनुसार ७० वर्ष पुगेकाले मात्र सरकारी भत्ता पाउन सक्तछन् भने सरकारले जागिरको उमेरको हद ५८ वा ६० वर्ष तोकेको छ, न्याय सेवातर्फ ६५ वर्ष वा यस्तै व्यवस्था गरेको पाइन्छ । यसरी हेर्दा प्रौढ अर्थात् वृद्धको यकिन हुन नसकेको नै हो कि भन्ने कुरा पनि फरक उमेरले देखाउँदछ । सामान्यरूपबाट हेर्दा ५० वर्ष नाघेपछि मानिसमा स्वयं एक प्रकारको वृद्धावस्थाको सङ्केत शारीरिकरूपबाट नै हुने गर्दछ भन्नमा पनि अत्युक्ति नहोला । हाम्रो समाजमा जब भयो साठी हातमा लाठी, जब भयो सत्तरी हिँड्दाखेरी लत्तरी, जब पुग्यो असी कुनामा बसी, जब पुग्यो नब्बे हब्बे र कब्बे र जब पुग्यो सय यमराजको भए भन्ने भनाइ छ । यसरी समाजका वृद्धवृद्धालाई आजकल ज्येष्ठ नागरिकको सम्मानसहित विशेष कदर, स्वास्थ्य सुविधा, भत्ताको व्यवस्था गर्न थालिएको कुरा राम्रो पक्ष हो ।

कवि कालिकाप्रसाद आचार्य धरानमात्र नभएर देशकै ज्येष्ठ कवि हुनुहुन्छ । उहाँले २०४४ सालमा' अध्यात्मतर्फ विचार दीपिका' नामको पुस्तकमा कविता समेत राखी आफ्नो पारिवारिक परिचय, आफू जन्मेको ठाउँको परिचय, रहन सहन, रीतिरिवाजका बारेमा वर्णन सहितको पुराना कुरा संस्मरणका रूपमा लेख्नुभएको छ । यसोभन्दा उहाँको कृतिले धनकुटा जिल्लाको सिबुवा गाउँ र धनकुटाको परिचय समेटेको छ । यस्तै अर्को कृति 'मेरो फूलबारी' २०६७ साल भाद्रमा प्रकाशित भई प्राध्यापक टीकाप्रसाद शर्मा वस्तीज्यूबाट गीता भवनमा विमोचन भयो । यस कृतिमा धनकुटा जिल्लाको प्राकृतिक छटा, आफू जन्मेको गाउँ सिबुवाको प्राकृतिक वर्णन, बाल्यकाल पारिवारिक विवरणसहित छोटकरीमा सिबुवाली आचार्यको वंशावलीसमेत समेटिएको छ । यसरी हाम्रो अग्रज वयोवृद्ध ज्येष्ठ कवि कालिकाप्रसाद आचार्यज्यूका बारेमा केही लेख्न पाउँदा यस लेखकलाई अपार हर्ष बोध भएको छ ।

मेरो साइँला बुवा कालिकाप्रसाद आचार्यले २०४४ सालमा अध्यात्मतर्फका विचारपुस्तिका लेख्नुभयो । सो पुस्तिकामा आफ्नो जन्मस्थलको बयान गर्दै आफ्ना

बुवा, आमा, बाजेका कुरा लेख्नुभएको छ। जस्तो कि पुस्तकमा रहेका विभिन्न शीर्षकले नै भावभूमि बुझ्न सकिन्छ। पुस्तकमा गद्य, पद्य दुवै किसिमका विचार पोखिएका छन्। उहाँको विविध सङ्ग्रहको विषय सूचि हेरौं। १. ३ॐ सरस्वतीको वन्दना, २. हरि ऊँ, ३. भवानी भारती आमा, ४. षड्ऋतु, ५. कोष र ज्ञान, ६. जीवन र सन्तोष, ७. आशा र सङ्कल्प, ८. विद्या, ९. दन्तकालीको पूजा, १०. म को हुँ, ११. शिवपञ्चमी, १२. यो षड्सम्पति, १३. मनुष्यमा फरक के छ ?, १४. अधिकार र कर्तव्य, १५. शरीर र आत्माको भिन्नता। १६., माटो, १७. बोलेर पो हुन्छ के ?, १८. माया, १९. सुष्म आत्मा कस्तो छ ?, २० . विचार गर्नुपर्ने कुरा, २१. मनलाई अमन, २२. आत्माको शक्ति, २३. अभ्यास, २४, जन्म वा मुक्ति, २५. ब्रह्मको विचार, २६. शरीरको विचित्रता, २७. ब्रह्मस्तुति, २८.अरूका कामबाट फरक रहने विचार, २९. माया र शरीर, ३०. दुःखी नबन्नु. ३१. हाम्रो आचार्य थर भएको कारण, ३२. मेरो हजुरबुवा लक्ष्मीकान्तको संक्षिप्त जीवनी, ३३. पिताजीको संक्षिप्त जीवनी, ३४. माता जनमायाको संक्षिप्त जीवनी, ३५. बिमात्री आमातर्फका सन्तान, ३६. मेरो जन्म, ३७. आश्चर्य घटना, ३८. मेरो पठनपाठन, ३९. मेरो व्रतबन्ध र विवाह, ४०. म जागिरे भएको र गाँजा खाएको, ४१. म जगन्नाथ गएको, ४२. मेरो दोस्रो विवाह, ४३. छापामा जागिरे भएको र कुइँनेटाको रियाक्सन, ४४. मेरा पत्नी मन्धुधरीका सन्तान, ४५. एक बाबाजी सँगको भेट, ४६. म मथुरा गएको, ४७. म पटना गएको, ४८. मैले देखे जानेका केही ऐतिहासिक कुरा, ४९. हालका कार्यालय पहिलेका नाम र जागिरको चलन, ५०. जातीय प्रथा, ५१. विवाह वरिका उमेर, ५२. क्रस चिह्नका तमसुक, ५३. करिया प्रथा, ५४. भेष भुषा, ५५. तमाकु रचिया, ५६. रु र कमरुका चलन, ५७.दर भाउ, ५८. कपडा।

उहाँको पुस्तकबाट पारिवारिक विवरण र कवित्व शक्तिको उदाहरण रहेको छ। यस पुस्तकमा पनि छविलाल पोखरेलले दुई शब्द भन्दै लेख्नुभएको छ। खेलबाडमा समय बिताउने अथवा मदिरावादी अशान्ति मचाउने आफ्नो धन, समय, स्वास्थ्य बिगार्ने प्रवृत्ति बिगार्दै गएको समयमा यस्ता काममा साय बिताउनु कविको सौभाग्य हो लेख्नु भएको छ। यो कुरा अध्ययन गर्दा त्यो राणाकालमा जुवा मदिराको बढ्दो प्रयोगलाई मोतीराम भट्ट र पञ्चक प्रपन्चमा लेखेजस्तै कवि कालिकाप्रसादले पूर्वमा पनि त्यो कुरा अनुभव गर्नु भएको देखिन्छ। त्यस्तै साइँला बुवा कालिकाप्रसाद आचार्यले मेरो फूलबारी कवितासङ्ग्रहमा रचेका कविता र पद्यमा आचार्य वंशावलीले उहाँको कवित्वशक्ति उजागर हुन्छ। उहाँ शम्भुप्रसाद

ढुङ्गेलजस्तै आशु कवि हुनुहुन्छ। उहाँको कवित्व शक्तिले उजागर गर्छ। मेरो फूलबारी कवितासङ्ग्रहमा प्रा. टीकाप्रसाद वस्ती, प्रा.डा. गोपाल भण्डारी र प्रशासक कवि छोरा प्रदीप आचार्यले लेखेका छन्। मेरो फूलबारी कवितामा रहेका शीर्षक यस प्रकार रहेका छन् : १. आमा र उनको शिक्षा, २. गंगे, लेउ आज मेरो प्रणाम, ३. नेपाल स्वर्गभैंm, ४. धन, धान्य, ५. आँप बगैँचा, ६. फूलबारी, जन्मस्थल, ८. पानीको महत्त्व, ९. सन्तान नहुँदा दुःखी हुनेको बारे, १०. वन, वृक्ष, महिमा, ११. मनका तर्क, १२. ब्रह्म बीज, १३. धर्म सम्बन्धी विचार, १४. वैदिक हिन्दु धर्म, १५. बाबाजी सँगको भेट, १६. रजनी गन्धा गद्यकाव्य, १७. आचार्य वंशावली।

यो पुस्तकमा आमा शीर्षक कवितामा उहाँले धरानका एक मास्के थरको व्यक्तिले दिनरात आफ्नै आमालाई बिहान बेलुका डुलाएको वर्णन गर्दै कविले आफ्नी आमा जनमायाको सम्झना गर्नुहुन्छ। आमाको वास्यल्यताका बारे आमाले टेकेको भोजपुरको याकु गाउँको हजुरबुवा श्यामलाल पोखरेलकी श्रीमती चन्द्रमायाको आमाले टेकेको माटो उठाएर ल्याउनु उहाँका कान्छा भाइ राजेन्द्र सरले आफ्नै आमाको माटो उठाएर धनकुटा सिबुवामा आफ्ना सबै दाजु भाइलाई हालमा माटो दिएर सुँघ्न दिनुभएको वेदना सम्झँदा मलाई वीपी कोइरालाको एउटा उक्ति याद आउँछ। उहाँले आफूलाई सङ्कट परेको बेला कुनै निर्णय लिनु परो भने देशको एक मुट्ठी माटो आफ्नो हातमा लिएर सुँघ्नु र त्यसले जे भन्छ त्यहाँ आफ्नो विवेक प्रयोग गर्नु यसरी मेरो फूलबारी आमाको सम्झनाले मगमग बास्ना आइरहेको छ।

आमा र उनको शिक्षा
अड्तीस वर्षमा पुगेर
आठपुत्र, पुत्री दुइटी भएर
मोक्षै हुनू भो, जननी अघि अनि
उपकार क्यै गर्न सकिन केही पनि

यस पछि कविले मेरो फूलबारीको दोस्रो खण्डमा आफ्नो बडाजु नरपति आचार्यको सन्तानको आचार्य वंशावलीको नाम कविता पद्यमा दिनुभएको छ।

कवि कालिकाप्रसाद आचार्यको जन्म धनकुटा जिल्लाको तेलिया गाविस अन्तर्गत वडा नं. ५ सिबुवा भन्ने गाउँमा वि.सं. १९७१ साल भाद्र ३ गते पिता कुलप्रसाद आचार्य र माता जनमाया देवीका कोखबाट भएको हो। उहाँको बाल्यकाल आफ्नै गाउँमा हुर्कियो र उहाँकी माताजीको बाल्यकालमै मृत्यु भयो। उहाँकी आमाको मृत्युपछि बुबा कुलप्रसादले अधिकारीकी छोरी भीमकुमारीसँग

विवाह गर्नुभयो । उहाँहरू आफ्नी आमाका तर्फबाट आठ छोरा र दुई बहिनी छोरीमध्ये एक छोरा र एक छोरी सानै उमेरमा मृत्यु भएको र एक छोरी विवाहपश्चात् सन्तान नपाइकनै मृत्यु भयो भने बिमातृ आमाकातर्फबाट तीन छोरासहित ५ सन्तान भएका छन् । कवि कालिकाप्रसाद दश जना दाजुभाइमध्ये साइँला हुनुहुन्छ भने उहाँका दाजु माधवप्रसाद जेठा, डी. केशवप्रसाद माइला, यस्तै काइँला भाइ रामप्रसाद, अन्तरे भाइ च्यवनप्रसाद, जन्तरे भाइ शेषराज (आइ.ए.) र कान्छा राजेन्द्रप्रसाद (बी.ए. पब्लिक हाई स्कुलका (प्र.अ. २०२४-२०३०) हुनुभयो । यस्तै कान्छी आमापट्टिका पशुपति, दिनानाथ र शेखर तीन भाइ हुनुहुन्छ । यसैगरी कान्छी आमापट्टिका बहिनीमा सुशीला बाँस्तोला, ज्ञान्द्री पाठक, दुर्गा पराजुली, गीता आचार्य र अञ्जना ढकाल हुनुहुन्छ ।

कवि कालिकाप्रसादको पहिलो विवाह घिमिरेकी छोरी लक्ष्मीमायासँग १९८४ सालमा १३ वर्षको उमेरमा भयो । यस अघि १९७८ सालमा उहाँको व्रतबन्ध भयो । उहाँकी जेठी पत्नीका तर्फबाट एक छोरी सुभद्रदेवी हाल (सावित्री पोखरेल) को जन्म भयो । त्यसपछि उहाँकी पत्नी लक्ष्मीमायाको मृत्यु १९९४ सालमा भएपछि उहाँकी दोस्री पत्नी घिमिरेकी छोरी मन्दोदरीसँग त्यसैसाल विवाह भयो । उहाँका ३ छोरा र ५ छोरी कान्छीपट्टिबाट भएका छन् । उहाँका छोरामा जेठा विष्णुप्रसाद, माहिला प्रकाश र कान्छा प्रदीप रहेका छन् । यीमध्ये प्रदीपले बाबुको जस्तै साहित्यमा रुची राखेका छन् र यदाकदा कविता लेख्दै आएका छन् । यसै क्रममा गत साल प्रदीपले मनको बहाव कवितासङ्ग्रह ल्याएका छन् । यसैगरी उहाँको जना छोरीमा जेठी पत्नी लक्ष्मी मायाका दुई सन्तानमध्ये एक मात्र जीवित जेठी छोरी सुभद्रा नेपाली साहित्यमा प्रथम नाटक लेख्ने (२०१५) नारी हस्ताक्षर हुन् । यिनले कलङ्की समाज नाटक लेखेर आफ्नो ख्याती कमाइन् । यिनले दोस्रो संस्करण 'कलङ्की समाज' सावित्री पोखेल नामबाट प्रकाशित गरिन् । यिनको पछिल्लो कृति 'कुमारी गाथा' कवितासङ्ग्रह प्रकाशित छ । यसैगरी उहाँकी कान्छी पत्नी मन्दोदरीबाट ५ छोरी नूतन अधिकारी, इन्दु सञ्जेल, मीरा बिडारी, कृष्णा न्यौपाने र मेनका पोखरेल हुन् । उहाँकी कान्छी छोरी मेनकाले पनि गत वर्ष 'अनुभूतिका तरङ्गहरू' कवितासङ्ग्रह प्रकाशित गरेकी छन् । यस्तै उहाँका नाति नातिना, पनाति-पनातिनीसम्म शाखा सन्तान फैलिएको छ ।

आचार्य वंशमा ज्येष्ठ सदस्यमध्ये उहाँ दोस्रो हुनुहुन्छ । इटहरीमा उहाँभन्दा जेठा गणेशप्रसाद आचार्य हुनुहुन्छ । उहाँ पनि अहिलेसम्म हिँडडुल गर्दै हुनुहुन्छ ।

आचार्य वंशावलीअनुसार धनकुटाको नरपतेश्वर शिवालयका संस्थापक नरपति आचार्यका सात सन्तानमध्ये उहाँ अन्तरे लक्ष्मीकान्तका नाति हुनुहुन्छ । उहाँका हजुरबुबाले लक्ष्मीकान्त आचार्य धनकुटा, इलाम र मोरङसम्मका लेप्टन हुनुभयो । हजुरबुबाले लक्ष्मीकान्त वानप्रस्थ हुने बेलामा धनकुटाका बडाहाकिम डम्बरशमशेर (धीरशमशेरका छोरा बालकृष्ण समका हजुरबुबा)घुमाउने चौतारासम्म पुऱ्याउन आएका थिए । उहाँका बुबा मुकुलप्रसाद आचार्यले धरानमा अक्षाय राईस फ्लावर एण्ड स-मिल २००५ सालमा स्थापना गर्नभयो । अक्षाय राईस मिल हाल धरान नगरपालिकालाई बेचेको स्थान हो । यस अक्षाय राईस मिलका सञ्चालकमध्ये कवि कालिकाप्रसाद पनि हुनुहुन्छ । यसरी आचार्य कुल साहित्य रत्न कालिकाप्रसाद ९७ वर्षमा देख्नपाउनु हामी सबैका लागि सुखद अवसर हो ।

कवि कालिकाप्रसादको बाल्यकाल धनकुटामा बित्यो। उहाँको शिक्षादीक्षा सिबुवामा नै भयो । उहाँहरूलाई ख्यातिप्राप्त विद्वान् पं. छविलाल पोखरेलले छोटो समय पढाउनुभयो । उहाँले अमरकोश पढ्नुभयो र साक्षर हुनुभयो । आफू जागीरे हुँदा कृष्णप्रसाद घिमिरेलाई पनि जागीरमा लगाउनुभएको थियो । तिनै कृष्णप्रसाद घिमिरे पछि पदोन्नति हुँदै जाँदा नेपाल सरकारको एटर्नी जनरलसम्म हुनुभयो । राणाकालमा उहाँको जेठा दाजु लप्टन माधवप्रसादसँग झापा जिल्लामा तहबिलदारसम्मको जागिर खानुभयो । तर पछि जागीरमा मन नरमेपछि जागिर छाडेर खेतीपातीमा लाग्नुभयो । उहाँले भारतमा विभिन्न स्थानको भ्रमण गर्नुभयो तिनमा कलकत्ता, गया, जगन्नाथ, कुरुक्षेत्र, पटना वाराणसी आदिस्थल रहेका छन्। धार्मिक यात्रा साहित्यको पनि महत्त्व हुन्छ भन्ने कुरा साहित्यकार निर्मोही व्यासले लेख्न लाग्नू भएको धार्मिक यात्राको साहित्य पनि खोज गर्दै म कहाँ आउनुभयो र मैले उहाँलाई साइँलो बुवाको घरमा लिएर गए । आपसी परिचय आदान-प्रदान भएपछि निर्मोही व्यासले साइँलो बुवासँग धार्मिक यात्राको अन्तर्वार्ता लिन थाल्नुभयो र माथि उहाँले धार्मिक यात्रा गरेको कुरा निर्मोही व्यासलाई बताउनुभयो ।

उहाँका अनगिन्ती पुराना सम्झना छन् तर थाकेका कारण बिर्सँदै जानुभएको छ । केही वर्ष उहाँले पुराना कुरा कोट्याउँदाः तत्कालीन बडाहाकिम हिरण्य शमशेर (सुवर्ण शमशेरका बाबु) रातभर जागा भएर दिनमा सत्ये रे भन्ने गर्नुहुन्थ्यो ।

आज हामीबीच धरान धनकुटाकै गौरव नेपालकै ज्येष्ठ नागरिक कालिकाप्रसाद आचार्यको 'मेरो फूलबारी' कृति विमोचन हुँदा ९७ वर्षको उमेरमा प्रवेश गर्नुभएका

कविलाई उहाँकी पत्नी मन्दोदरी आचार्यसहित उपस्थित साहित्यप्रेमी एवम् समाजसेवीको भेलाले रातो टीका लगाई अभिनन्दन गरेका थिए । उहाँको सम्मान गर्ने क्रममा धनपाको महोत्सव २०६७ माघ १८ गते उहाँलाई ज्येष्ठ नागरिक सम्मानसहित प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासङ्घका सभापति कुशकुमार जोशीले अभिनन्दन पत्रसहित प्रमाण-पत्र दोसल्ला ओढाई सम्मान गर्नुभयो । यस्तै उहाँलाई मुलुककै ज्येष्ठ कविका रूपमा नेपाली शिक्षा परिषद् काठमाडौंले हिरक जयन्तीको उपलक्ष्यमा धरानमा आयोजित एक समारोहमा अभिनन्दन, दोसल्ला, फूलमाला र टोपीसहित सम्मान गर्यो । उक्त सम्मान पत्रमा राष्ट्रकवि माधव घिमिरेले अध्यक्षताको सही गर्नुभएको छ । सो प्रमाण-पत्र शिक्षा परिषद्की सदस्य सचिव रमा शर्माले कवि आचार्यलाई प्रदान गर्नुभयो । सो अवसरमा नेपाल सरकारका शिक्षा सचिव शङ्कर पाण्डे, वरिष्ठ साहित्यकार नित्यराज पाण्डे, डा. इन्दिरा शर्मा, जिल्ला शिक्षा अधिकारी हरिहर वस्ती, प्रमुख जिल्ला अधिकारी रामप्रसाद थपलिया, प्राध्यापक टीकाप्रसाद वस्ती, बद्रीविक्रम स्मृति प्रतिष्ठान काठमाडौंका किरण थापा, मोती संस्मरण समिति धरानका अध्यक्ष बद्री पलिखे, प्रा. डा. गोपाल भण्डारी भतिज गिरिराज आचार्यलगायतले सम्मान गर्नुभएको थियो । उक्त समारोह स्थानीय आयोजक लक्ष्मी वाचनालय धरानले गरेको थियो ।

कवि आचार्य प्रकृतिप्रेमी, आफ्नो जन्मस्थल एवम् मातृभूमिप्रति आस्थावान् एवम् धर्म सापेक्ष विचारधाराबाट प्रभावित व्यक्तित्व भन्नमा अत्युक्ति नहोला । उहाँको व्रतबन्धभएदेखि नै दैनिक रूपमा पद्मासनमा बसी गीता पाठ एवम् आवश्यकता अनुरूप चण्डी, शनिमृत्युञ्जय तथा हनुमान चालिसाजस्ता ग्रन्थ पाठ गर्दै आउनु भएको छ । उहाँको अन्तिम इच्छा १०० वर्ष बाँच्ने रहेको छ । सय वर्ष पुगेपछि फेरि यस पृथ्वीमा जन्म लिनु पर्दैन भन्ने मान्यता रहिआएको छ । अतः उहाँको सुस्वास्थ्यसहित हुनुहोस् भन्ने हाम्रो ईश्वरसँग प्रार्थना छ । तर २०६८ साल पौषमा उहाँको असमायिक निधन भयो । त्यो बेला उहाँ ९७ वर्षको उमेरमा परलोक जानु भयो ।

* * *

शंकर लामिछानेका बहिनी ज्वाइँ मेरो काका

मेरा नानीबुबा अर्थात् काका राजेन्द्रप्रसाद आचार्य पब्लिक हाईस्कुलमा २०२६ सालताका हेडमास्टर हुनुभयो । त्यसअघि उहाँ पब्लिककै शिक्षक हुनुहुन्थ्यो र उहाँले हामीलाई अङ्ग्रेजी र नेपाली विषय अध्यापन गराउनुहुन्थ्यो । उहाँको कक्षा आगमन हुनु पहिले हल्ला गुम भइसक्थ्यो । यस्तो थियो उहाँको व्यक्तित्व स्कुलमा रहँदा त्यसैले पनि होला नानीबुबासँग हामी डराउने गर्दथ्यौ ।

हाम्रा बुवा काका गरी जम्मा दश जना हुनुहुन्थ्यो भन्ने कुरा मैले पहिले पनि चर्चा गरेको छु । बुवा नानीबुवासित कुरा गर्दाखेरी पढेलेखेका भनेर इज्जत गर्नुहुन्थ्यो । पुराना कुरा जान्ने इच्छा भएर एकदिन मैले नानीबुवालाई सोधे तपाईलाई साइकल चढ्न आउँछ । अनि उहाँले रौसिँदै भन्नुभयो २००६ सालमा धरानमा दाजुले मिल घरको लागि कलकत्ताबाट ल्याउनु भएको त्यो साइकल धरानकै पहिलो साइकल थियो । एकदिन अन्तरे दाजु चेवनप्रसादले आफूलाई साइकलमा चढाएर फुस्रे पुऱ्याएर फेरी भानुचोक ल्याउनु भयो । यो सुन्दा उकालो ओरालोतिर ढुङ्गा बिच्छ्याएको सडकमा हुइँक्याएर ल्याएको साइकलमा चढ्दा डर लागेन भनेर सोधे मैले, अनि उहाँले भन्नुभयो, डर त लाग्यो तर बेस्कन साइकललाई समाएका थिए ।

नानीबुवा सानो छँदा धनकुटा सिबुवामा अध्ययन गर्दा पण्डित छविलाल पोखरेलले पढाउनु हुन्थ्यो । त्यसपछि धरान खोल्सापारीमा पब्लिक हाईस्कुलको पढाइ बाँस्तोलाको पुरानो घरमा पढ्ने गर्नुहुन्थ्यो । नानीबुवाले त्यहाँ पढ्नुभयो र पछि चतरालाइनको नयाँ भवनमा पढ्नुभयो । उहाँले पब्लिक हाईस्कुलबाट एस.एल.सी. पास गरे पछि उच्चशिक्षाका लागि बनारस पढ्न जानु भयो । बनारस पढ्दा खेरीका उहाँका साथीमा नगेन्द्रप्रसाद रिजाल, रवीन्द्रनाथ शर्मा, हरिहरराज

जोसी (साहित्यकार), ओमभक्त श्रेष्ठ (पूर्वप्रधानन्यायाधीश) हुनुहुन्थ्यो । पूर्वमन्त्री रवीन्द्र नाथ शर्मा रुम पार्टनर हुनुहुन्थ्यो । उहाँले चाहेका भए एक से एक सरकारी जागीर पाउनुहुन्थ्यो तर उहाँ धरानको पब्लिक हाईस्कुलमा नै अड्किनु भयो । यस लेखकले एकदिन कुरैकुरामा तपाईले किन एम.ए. पढ्नु भएन भनेर सोद्धा धरानका समाजसेवी जगदीश नेपाली र सतिश्चन्द्र गिरीले पढ्न जान दिएनन् किनभने त्यो बेला पढेलेखेका मान्छे थिएनन् । अनि पब्लिक हाईस्कुलमा पढाउने शिक्षकको अभाव थियो अब तपाईंले यही पब्लिक स्कुलमा पढाउनुपर्छ भनेर जान दिएनन् ।

नानीबुवाको विवाह काठमाडौं निवासी हरिहर लामिछाने कि छोरी अम्बिकादेवी (यज्ञकुमारी) सँग २००६ सालमा भएको थियो । कमाण्डर इन चिफ बबरशमसेरका हजुरिया सुब्बा हरिहर लामिछानेका जेठा छोरा प्रसिद्ध साहित्यकार शंकर लामिछानेपछि कि बहिनी हाम्री नानीआमा (काकी) हुन् । यसै गरी पहाडको कुरा कोट्याउने क्रममा आमाको प्रसङ्ग निकाल्दा उहाँले भन्नुभयो म दश महिनाको हुँदा आमाको निधन भयो । त्यसपछि मलाई ठुली फुवाले हुर्काउनुभयो । फुवा (फुपू) चै एउटी छोरी जन्मिएपछि फुपाजुका निधन भयो । त्यसपछि उहाँ हाम्रै घरमा बस्नुहुन्थ्यो । फुपाले मलाई कहिले पनि आमाको अभाव हुन दिनुभएन । भन्नुहुन्थ्यो । त्यसै क्रममा ठुलीभाउजु उमादेवी (१०६) वर्षको सान्निध्यमा हुर्किएँ । समय क्रमसँगै एकदिन बुवा कुलप्रसादले भाइ पशुपतिको विवाह गरेर बुहारी लिएर आउनु भनेर अराउनुभयो । भोजपुर याकुका अधिकारकी छोरी बिहे गरेर ल्याउनु पर्नेथियो । याकुको नाम सुन्दा म उत्साहित भए किन भने याकु मेरी आमाको माइती थियो । याकु पुरे सबभन्दा पहिला मैले त्यहाँको एक मुट्ठी माटो सुघें । अनि टाउकामा लगाए त्यसपछि एक पाथि माटो बोकेर बेहुली र जन्तीसँगै सिबुवा फर्कियौं । घरमा आएपछि दाजुलाई एकएक मुठी माटो दिँदै सबैलाई सुँघ्न लगाए अनि आमा जनमायालाई सम्झिएर भावविभोर भए भन्नुभयो । मेरा मावली पोखरेल हुन् भनेर नानीबुवा भन्नुहुन्थ्यो । आमा गुमाउँदा कस्तो पीडा हुन्छ भन्ने कुरा यस लेखकले पनि भोगेको छ । कुराकै शिलशिलामा सिबुवा पानधुरेको कुरा गर्दा नानीबुवाले पानधुरेमा कवि लेखनाथ पौडेलद्वारा लिखित नाटक (लक्ष्मीपूजा नाटक) का बारेमा जे कुरा भन्नुभयो त्यो सबै बेलिविस्तार मैले यसै पुस्तकको अर्को प्रतिलिपिमा नाटकको वर्णन गरेको कुरा पढ्न पाउनुहुनेछ ।

पुराना कुरा सम्झने क्रममा आफू त्रिचन्द्र कलेजमा पढ्दा उपन्यासकार रुद्रराज पाण्डेले पढाएको सम्झना गर्नुहुन्थ्यो । बनारसमा आइ.ए. पढ्दाताका चाहिँ

नानीबुवा भन्नुहुन्थ्यो । नर्गिसको सिनेमा भनेपछि हरिहर हुरुक्क भएर सर्ट समेत फिजाउन छोड्दैन थिए र मैले पनि नर्सिङलाई चिठी लेखेको थिए र अङ्ग्रेजीमा उनले चिट्ठीको जवाफ फर्काएँ भन्नुहुन्थ्यो ।

राजनीतिको कुरा गर्दा दाजु केशवप्रसाद गोर्खा परिषद् सभापति भएकाले गोर्खा परिषद्का नेता भरतशमसेर बेनीबहादुर काकी आफ्नो मिल घरमा आउँदा उहाँ नानीबुवाले सेवा सत्कार गर्नुहुन्थ्यो । धरान-१२ मा अक्षराइस मिल र धरान उपमहानगरपालिका क्षेत्रभित्र मिल घरमा बुवाहरू तीन परिवार बस्थे । त्यसमा मिल हेर्ने अन्तरे बुवा वच्चवन प्रसाद, बुवा रामप्रसाद अनि नानीबुवा राजेन्द्रप्रसाद अरू सम्झनाको क्रममा नानीबुवा राजेन्द्रप्रसादको कान्छा छोरा होमियोको डाक्टर दिनेशप्रसाद आचार्यले सङ्कलन गरेको बायोडाटा यस प्रकार छ:

नानीबुवा राजेन्द्रसँग धरानमा बस्न बराबर पुरानो बजारको मूल घरमा भू.पू प्र.म. नगेन्द्रप्रसाद रिजाल र शिवप्रसाद रिजाल धरान १२ मा रहेको धर्मशाला पछाडिको पुरानो घरमा बस्नुहुन्थ्यो र दिनहुँ ब्याडमिटन खेल्न काका राजेन्द्रसँग आउने गरेको बताउनुहुन्थ्यो र नगेन्द्रप्रसाद रिजाल प्राय काका राजेन्द्रलाई कोशी प्रोजेक्टको कोशी सम्पर्क तथा अधिकृत बताउनुभयो र गत वर्ष नगेन्द्रप्रसाद रिजालको स्मृतिग्रन्थ विमोचन हुँदा उहाँले त्यसमा संस्मरण लेख्नुभएको छ त्यसमा उहाँले बनारसमा पढ्दा रिजाल एक वर्ष सिनियर भएको लेख्नु भएको थियो ।

नाम : राजेन्द्रप्रसाद आचार्य

जन्म : १९८७ साल माघ १५ गते

जन्म स्थान : धनकुटा, सिबुवा

पिता : कुलप्रसाद आचार्य

माता : जनमाया

पत्नि : अम्बिकादेवी

स्वर्गारोहण : २०८१ साल भदौ २ गते, धरान-१२

शिक्षा : एस.एल.सी. वि.सं. २००७, प्राइमरी, मिडिल पब्लिक व्यावसायिक हाईस्कुल खोल्सा पारी बाँस्तोला परिवारको भवनमा अवस्थित थियो । त्यहाँ पढ्नुभयो र पछि नयाँभवन श्री पब्लिक हाईस्कुलमा पढन थाल्नुभयो । आदरणीय गुरु हरिहरप्रसाद बर्मा, गंगाधर शर्मा पोखरेलबाट शिक्षा हासिल गर्नुभएको हो ।

आई.ए. : १९५३ (बी.एच.यु.)

बी.ए. : १९५६ साल (पटना विश्वविद्यालय अन्तर्गत केन्द्र त्रिचन्द्र कलेज काठमाडौं)

शैक्षिक सेवातर्फः

केही वर्ष शारदा बालिका स्कुलमा अध्यापनको कार्यपछि श्री पब्लिक व्या.मा. वि. धरानमा वि.सं. २०१५ मा सहायक प्रधानाध्यापकमा प्रवेश र पछि प्रधानाध्यापकमा पदोन्नति हुनुभएको थियो ।

रात्रीकालीन अध्यापनको सेवा समेत गरी श्री पब्लिक व्या.मा.वि. धरानमा १६ वर्ष सेवा गरी राजनीतिक नियुक्तिमा वि.सं. २०३० मा विराटनगर स्थित कोशी योजनामा सम्पर्क तथा भू-आर्जन कार्यालयको प्रमुख (सम्पर्क अधिकृत) भै चार वर्ष कार्य गर्नुभएको ।

शारदा बालिका नमूना उच्च मा.वि.को विद्यालय सञ्चालक व्यवस्थापन समितिमा सदस्य र पछि वि.सं. २०४९ सालमा अध्यक्ष भै कार्य सम्पन्न गर्नु भएको थियो ।

सामाजिक सेवातर्फः

वि.सं. २००५ मा हाल धरान उपमहानगरपालिका भवन रहेको स्थानमा पिताश्री कुलप्रसाद आचार्यद्वारा स्थापित अक्षाय राइस, आयल, फ्लावर एण्ड स मिल अक्षाय मिल थियो त्यस मिलको बोर्ड अफ डाइरेक्टरमा सदस्य रहनुभएको थियो ।

बालककालमा कलाकारिता क्षेत्रमा धनकुटा सिबुवा पान धुरे घरमा पहिलो पटक कवि शिरोमणि लेखनाथ पौड्यालद्वारा रचित 'लक्ष्मीपूजा' नाटकमा महिलापात्र सखीको भूमिका गर्नुभएको थियो ।

वि.सं. २०४२ मा गुठी संस्थानको बोर्ड अफ डाइरेक्टरमा सदस्य ।

शहरी योजना (टाउन प्लानिङ) मा धरान नगर समितिमा सदस्य ।

सरकारबाट शिव टाकिज र गणेश टाकिजमा चलचित्र सेन्सर बोर्डको सदस्य हुनुभयो ।

वि.सं. २०४८ मा उपसभापति नेपाल परिवार नियोजन संघ धरान ।

हाल धरान १२ गीतामन्दिर स्थित अरूणा धर्मशालाको निवर्तमान सभापति एवं हाल प्रमुख सल्लाहकार ।

सम्मानितः

विद्यालय स्वर्ण जन्मोत्सव समिति २०५५ धरान-१२ वि.सं. २०५५

शारदा बालिका नमूना उच्चमा वि. धरान १६ वि.सं. २०५७

श्री पब्लिक उच्चमा वि. धरान १२ वि.सं. २०७१

नरपतेश्वर शिवालय मन्दिर, धनकुटा वि.सं. २०७२

पब्लिक हाईस्कुल एलमुनाई एशोसिएशन २०३१, धरान १२ वि.सं. २०७३ मा घण्टाघरको उद्घाटन ।

धरान जेष्ठनागरिक मिलन केन्द्र, धरान सुनसरी २०७३

कौडिण्य गोत्री आचार्य महिला समाज, धरान वि.सं. २०७५ द्वारा सम्मानित ।

बीसौँ छिमेकी साँझ २०७५ छिमेकी युवा समुह, धरान १२ वि.सं. २०७५ बाट सम्मानित ।

वडा नं. १२ वडा कार्यालय वि.सं. २०७५ बाट जेष्ठ नागरिक सम्मानित ।

श्री जेष्ठ नागरिक सरोकार समुह जि.का. समिति, सुनसरी वि.सं. २०७६ बाट सम्मानित ।

श्री चन्द्रप्रसाद श्रेष्ठ शिक्षा पुरस्कार २०७८ वि.सं. २०७८ ।

पारिवारिक सदस्यः

एक छोरी र तीन छोराः

१) रमोला खरेल

२) सरेशप्रसाद आचार्य

३) नरेशप्रसाद आचार्य

४) दिनेशप्रसाद आचार्य (होमियो) रहेका छन् ।

* * *

झापाका क्रान्तिकारी गभर्नर भैरवप्रसाद आचार्य



भैरवप्रसाद आचार्य मेरो बडिबा हुनुहुन्थ्यो। बोलाउँदा हामी सुब्बा बडिबा भन्थ्यौं। मेरा कुप्राबा लक्ष्मीकान्त आचार्यका दुई भाइ छोरा थिए। जेठा चिन्तामणि हजुरबाका ६ भाइ छोरा मध्ये जेठा भैरवप्रसाद हुनुहुन्थ्यो। माहिला भीमप्रसाद जेठी हजुरआमा लीलादेवी पट्टिका हुनुहुन्थ्यो। कान्छी हजुरआमा अप्सरा पट्टिका छोरा हृदयराज, लेखराज, राजेन्द्र र भक्तराज (अङ्ग्रेजी प्रोफेसर महेन्द्र मो.आ.ब. क्याम्पस विराटनगर) भैरवप्रसाद आचार्यका पाँच श्रीमती थिए। जसमा जेठी धर्मकुमारी, माइली देवकुमारी साइँली, गोमा काइँली, आमा कान्छी ध्रुवकन्या यी मध्येमा एक जना नेवारनी र एक जना सुनुवारनी थिए। छोरामा दक्षराज, देवराज, राजकुमार, लोकेन्द्र (लोकेन्द्र नेवारनी पट्टिको) चेतराज, छोरी राजेश्वरी रीजाल, विन्देश्वरी खरेल, कमला सिंह, इन्दु प्रसाईं, रेणु कुमाइ र ज्ञानु रहेका छन्। सुब्बा बडीबाको घरजग्गा जमीन भद्रपुर सतीघट्टा फूलबारीमा थियो भने बङ्गाल, सिलीगुडी, खर्साङ र कालीङपोङमा थिए। र काठमाडौं सिफलमा शहीद धर्मप्रसाद ढकालसँग सजिया घर थियो यी सबै घरमा बरोबर आउने जाने उठबस हुन्थ्यो। २००० सालमा बुवा चिन्तामणिको असामायिक निधन भयो। उहाँका बिमात्री आमा सहित भाइको बसोवास पहाडबाट झर्दा मधेसमा इटहरी उपमहानगरपालिका कुमरखेतमा थियो। उहाँको काका कुलप्रसाद र बुवाको आमने सामने टिनका घर थिए। उहाँका बुवाको निधनमा कान्छा भाइ महेन्द्र मोरङ कलेजका अङ्ग्रेजीका प्रोफेसर भक्तराज आचार्यले आफ्नो आत्मकथामा यस्तो लेख्नुभएको छ :

सङ्कटका बखत सबै व्यस्त थिए होलान्, म सानो बालक मेरो कुनै भूमिका नभएर अलमल्ल थिएँ। वातावरणको प्रभाव परेर नै होला म वास्तविकताबाट

अनभिज्ञ भए तापनि गम्भीर थिएँ । भोलि पर्सिका दिन म भऱ्याङको प्रथम खुड्किलोमा बसिरहेको थिएँ । मसँग कोही थिएन त्यसै बखत पर पूर्वतिरबाट एउटा अजङ्गको हात्ती आयो । त्यस हात्तीमाथि एकाएक त्यो मानिस हात्ती माथिबाटै हामफाल्यो र रुँदै हाम्रै घरतिर दौडियो । अनि ऊ मेरै खुट्टानेर घोप्टोपरि घ्वाँक्क घ्वाँक्क गरी रुन थाल्यो । केहीबेरपछि दुई तीन जनाले उसलाई उठाएर वरन्डाको बैठक कक्षमा लगे । त्यहाँ पनि ऊ घोप्टो परी धेरै समयसम्म लम्पसार परिनै रह्यो । सबै आ-आफ्ना जिम्मेवारीमा व्यस्त थिए म जिम्मेवारीविहीन एक्लै उही भऱ्याङको प्रथम खुट्किलोमा बसिनै रहेको थिएँ । लामो समय पछि रोदनको तुफान त्यस व्यक्तिमा शान्त भयो । उ उठेर बस्यो अनि मतिर हेरेर हातको सङ्केतले मलाई बोलायो । ऊ स्वयं उठेर आयो र मलाई बोकेर आफू बसेको ठाउँमा लग्यो । ती दिनमा हिजो आजका झोला वा व्याग हुँदैनथे । कुनै पनि सामान पोकामा बाँधेका हुन्थे । आफ्ना विरामी पिताका लागि ल्याएका सुन्तलाको पोको खोली ताछी मलाई काखमा राखी खुवाएको सम्झना हुन्छ । त्यो व्यक्ति अरू कोही नभएर हाम्रा बाका जेष्ठपुत्र हाम्रा जेष्ठभ्राता भैरवप्रसाद भएको पछि थाहा भयो । (स्मृतिमा भक्तराज आचार्य सम्पादक कृष्ण पोखेल प्रकाशक भक्तराज आचार्य स्मृति पुस्तक प्रकाशन समिति विराटनगर २०८१ साल असार)

हामी सबै नाबालक अभिभावक विहीन भएकाले हाम्रो हेरचाह कसले गर्ने भन्ने समस्या खडा भएछ । हाम्रा सानाबाले आफ्ना दाजुका नाबालक छोरा छोरीको हेरचाह गर्ने अभिभारा आफ्नो काँधमा परेको ठानी हाम्रो हेरचाह गर्ने जिम्मेवारी आफैले लिनु पर्ने भन्ने निष्कर्षमा पुग्नु भएछ । हाम्रा जेष्ठभ्रातालाई सानोबाको विचार अव्यावहारिक लागेछ र जिम्मेवारी आफ्नो भएको विचार राख्नुभएछ । यस विवादले सानोबा र ठुलदाजुका माझ सम्बन्ध अलिक दिन चिस्सिन गएछ । मेरा भ्राता यस्तो अवस्था हुन नदिने स्वभावको भएकाले अलिक दिनपछि उहाँकै सक्रियतामा हाम्रो सम्बन्ध पुनः न्यानो भएको मलाई बोध हुन्छ ।

बाको अचानक असमायिक निधनले हामी बिचल्लीमा परी केही वर्षका लागि घरबारविहीन भयौं । कुमरखतको घर खेती जहाँ न्याना हिउँदका दिन बित्ने गर्थे, रमाइलो धरान जहाँ आफन्तसँग केही खुशीका दिन गुजारिन्थ्यो सबै एकाएक अन्त भयो । शीतल पहाड, हरिया डाँडा, घर, आँगन, खेती बगैंचा कोठेबारी सबै सधैंका लागि छुटे । बाले, घाम पानी, रातदिन र सारो गारो केही नभनी कठोर मिहिनेत गरी आफ्ना सन्तानका लागि आफैंले कुँदेर रचेको स्वप्न

संसार सबै भताभुङ्ग भयो । हामी धनुषबाट छुटेको तीरझैं भई त्यहाँ कहिलै फर्किएर गएनौं । मलाई, आफ्नो प्राध्यापन पेशाबाट अवकाश पाएपछि, त्यहाँ फर्किने, बस्ने अनि बाका नाममा एउटा स्कूल सञ्चालन गर्ने धोको थियो तर अभाग्यवश देशको अशान्त परिस्थितिले त्यो सम्भव हुन सकेन । त्यहाँको सम्पूर्ण संरचना पूर्णरूपले ध्वस्त भैसकेको जानकारीले अत्यन्त पीडा दिन्छ । एक पटक त्यहाँ पुग्ने मन छ केही गर्नका लागि होइन (जीवनको यस उत्तरार्धमा केही गर्ने आँट छैन) त्यहाँको अवस्थाको अवलोकन गर्न र कल्पनामा डुब्न । केही दिनपछि नयाँ मोड लिएको हाम्रो कथाको प्रारम्भ पुनः हुन्छ । कुमरखतमा शायद तेरह दिने कार्य सम्पन्न हुन्छ अनि केही भाँडाकुँडा, ओड्ने ओछ्याउने र लगाउने लुगा बाहेक सबै पछि छाडी हाम्रो अनिश्चित र अन्योलपूर्ण गन्तव्यको लामो र कठिन यात्रा शुरू हुन्छ । शायद एकदिन भरिको यात्रा पछि मोरङको बाहुनी बनोल पुग्दछौं । बनोलमा शायद हामी केटाकेटीमा पहिलो पटक पुगेका थियौं । कुमरखत बनोलभन्दा धेरै सुविधा सम्पन्न थियो र पनि शायद सानोबासँग सम्बन्ध सुमधुर नभएकाले होला बाको वार्षिकी बनोलमा सम्पन्न गर्ने निधो ठूलदाजुले गर्नुभएको । बनोलको उब्जा राम्रो हुने भए तापनि कुमरखोदभन्दा यो रमाइलो थिएन । त्यहाँ केही दिनपछि कार्यरत कम्तियाका मेरै उमेरका छोरा गुनेश्वरसँग मित्रता भयो । मैले आफूसँग खेल्ने मित्र पाएकाले मेरा दिन त्यहाँ अलिक सहज भए । धान पाकेर काटिसकेपछि मुसा दुलामा धान भण्डारण गर्न व्यस्त हुन्थे । धान काटिसके पछि मुसाले बनाएका मध्ये एउटा दुलालाई छाडी सबै दुला परालको गुजुल्टाले बन्द गरिदिन्थ्यौं र नथुनेको दुलोनेर हातमा लट्ठी लिएर एक जना बस्दथ्यो र अर्कोले सबै दुलाका गुजल्टामा आगो लगाइ दिन्थ्यो । दुलाभित्र धुवाँले निसासिएर खुला दुलोबाट मुसा बाहिर भाग्न खोज्दा लट्ठीले प्रहार गरी मार्नेगर्थ्यौं । थारूमा मुसाको मासु खाने चलन हुँदोरहेछ । मारेका मुसा कम्तिनीको भान्सामा लैजान्थ्यौं । कम्तिनीले पकाएर आफ्ना छोरालाई चिउरासँग र मलाई हाँसको डिम्मा गोबरले छोपी पोलेर खान दिन्थिन् । गोबरले राम्रोसँग छोपेर पोलेको डिम्मा खाएको मेरो प्रथम अनुभव थियो । मुसा पनि खाइँदो रहेछ भन्ने पनि मेरो अनुभव प्रथम नै थियो ।

मलाई पनि बनोल सहज हुँदै गयो सहजताले दिन बितेको पत्तो भएन र बाको वार्षिकको तिथि पनि आयो र त्यो सम्पन्न पनि भयो । बनोलमा छँदै जेष्ट भ्राताको सुर अर्को रहेछ । वार्षिकी सम्पन्न भएकै केही दिन पछि उहाँले साइँली श्रीमती

अर्थात हाम्री तेस्री भाउजु भित्र्याउनुभयो । दाजुले जेठी र माइली भाउजुलाई विवाह गर्दा म जन्मेको थिएँ थिइनँ भन्न सक्तिन तर साइली भाउजूलाई भित्र्याएको मलाई राम्ररी नै सम्झना हुन्छ । कुनै पनि बालक वा बालिकामा चार वा पाँच वर्ष र अलिक अघि नयाँनयाँ कुरा सिक्ने गति अरू उमेरका भन्दा तीव्र हुन्छ अनि ती वर्षपछि सम्झना शक्तिमा पनि वृद्धि हुने हुँदा मलाई पनि त्यस पश्चात्का प्राय: सबै घटना सम्झना हुन्छन् अत: यहाँ उप्रान्तका घटना लेखी प्रस्तुत गर्दा होला अथवा हुनुपर्छ भनी लेखिरहनु पर्ने छैन ।

साइँली भाउजु भित्रिनु भएको केही दिन पश्चात हाम्रो पूर्वतिरको यात्रा पुन: शुरू हुन्छ । मोटर गाडीको आविष्कार भैसकेको भए तापनि त्यो सुविधा यहाँ नभैसकेकाले गोरु गाडामा यात्रा शुरू भयो । झापामा सुब्बाको ओहोदामा ठूल्दाजु कार्यरत हुनुहुन्थ्यो र त्यहाँको सरकारी निवासमा दिनभरि यात्रा गरी भोलिपल्ट साँझतिर मात्र पुग्यौं । जाल हालेर वा पानी सुकाएर माछा मारेको मैले देखेको थिएँ तर भाला, तीर वा बन्दुकले मारेको मैले देखेको थिइन । झापाको माइखोला पारी जाने सिलसिलामा हिउँदको सङ्लो पानीमा माछा देखाप¥यो । त्यसलाई पकड्ने र मार्ने तुरुन्तै अरू कुनै साधन नभएकाले बन्दुकैले गोली हानी मारेको सम्झना हुन्छ । त्यो पाँच छ किलो जतिको भएकाले सम्पूर्ण परिवारजनलाई पर्याप्त भएको हुनु पर्छ । झापामा हामी छँदा आफ्नो भाइलाई (दाजु श्री हृदयराज) तहबिलदार बनाइदिनु भएको मलाई राम्ररी सम्झना छ । उहाँको विचित्रको स्वभाव थियो । तहबिलदारको हेरचाह गर्नुको सट्टा बादरलाई डोरीले बाँधेर रुखको एउटा हाँगाबाट अर्को, अर्कोबाट अर्को हिँड्ने गर्नुहुन्थ्यो । झापामा हाम्रो बसोवास दाजुले मिलाउनुभयो । (सुब्बाको) कार्यालय ती दिनमा स्वास्थ्य सम्बन्धी चेतना बडै विकसित नभैसकेकाले सानातिना रोग अपरझट लाग्नु सामान्य थियो । म बिहान झिसमिसेमै पेट दुखेर बिउँझिएँ र आमालाई उठाएँ । बिहानपखको निद्रा सबैलाई प्यारो हुन्छ त्यसैले आमा रिसाउँदै उठ्नुभयो र 'लौ हिँड' भन्नुभयो । दिसा गर्ने कार्यबाट निवृत्त भएपछि हामी आमा छोरा फेरि ओछ्यानमा पल्टियौं । निद्राले आमालाई छाडेछ र आफूले देखेको सपना सुनाउन थाल्नुभयो । सुनाउँदै जाँदा आमाले मेरे सपना केही नबिराइ सुनाएकै मलाई लाग्यो अनि त्यसैले बिचैमा मैले भने, 'अनि हामी सबै डराउँदै मन्दिर छेउबाट उकालो लाग्यौं होइन ?' मैले त्यसो भन्ना साथ छक्क पर्दै आमाले, 'लौ हेर तैंले कसरी थाहा पाइस्', भनी सोध्नुभयो । मैले पनि त्यही आमाले देखेको सपना देखेको रहेछु र 'मैले पनि त्यही सपना देखें'

भनी भनें । हाम्रो उही रातको साजा सपनाले आमालाई त्यसबेला छक्क पाऱ्यो भने मलाई पछिपछि त्यो सपनाले सम्झना गर्दा छक्क पार्छ ।

ठूल्दाजुको कार्यकाल सकिएपछि हाम्रो पूर्वतिरको यात्रा फेरि पनि जारी हुन्छ । यसै शिलशिलामा हामी झापाको शनिश्चरेमा पुग्दछौं । ती दिनमा त्यसक्षेत्रमा हुटेल, लज वा पाहुनाघर थिएनन् । त्यसैले बास बस्नका लागि अपरिचितसँग पनि अनुरोध गर्नुपर्थ्यो । दाजुलाई त्यस क्षेत्रमा सबैले चिन्ने गरेकाले बास बस्नका लागि कुनै समस्या भएन । हामीले एउटा टिनको घरमा बास बस्ने मौका पायौं । त्यो सिङ्गै घर खाली भए जस्ती लाग्छ । साइँली भाउजुको अवस्थाले शायद त्यो घर अघि नै व्यवस्था गरिएको हुन सक्तछ । भाउजुलाई व्यथा लाग्छ अनि ठूलदाजुलाई पुत्र लाभ हुन्छ । दाजुका पछि समेतका गरी ५ छोरामा यो पुत्र (लोकेन्द्र) पाँचौं हो । शायद न्वारनपछि वा भाउजु अलिक तङ्ग्रिएपछि हाम्रो यात्रा फेरि शुरू हुन्छ र हामी भारतको नक्सलबाडी पुगेपछि फेरि स्थगित हुन्छ । खर्साङ हाम्रो गन्तव्य भएकाले र त्यहाँ बसोवासको प्रबन्ध मिलिनसकेकाले केही दिनका लागि हामी त्यहाँ रोकिएको हुन सक्छ । सन् १९७० को दशकतिर भारतको बङ्गालमा भएको कम्युनिस्टको सशस्त्र विद्रोहको केन्द्र नक्सलवाडी विगतमा एउटा सानो शान्त बजार थियो । त्यहाँ प्रसस्तै नेपाली मूलका मानिसको पनि बस्ती थियो । त्यहाँ हाम्रो बसोवास कति दिनको भयो म निश्चितका साथ भन्न असमर्थ छु । खर्साङमा बसोवासको चाँजो मिलाइसकेकाले होला हाम्रो अन्तिम यात्रा त्यहाँ पुग्नलाई शुरू हुन्छ । सिलगुडी सम्मका यात्रा गरी पहाडी नागबेली रेलको यात्रा गरी खर्साङ पुग्दछौं । सिलगडीबाट खर्साङ हुँदै दार्जिलिङसम्म पुग्ने रेलगाडीलाई ट्वाइ ट्रेन (खेलौना रेलगाडी) पनि भनिन्थ्यो । यसका डिब्बा (बोगी) समतल भूमिमा चल्ने अन्य डिब्बाभन्दा निकै साना हुन्छन् र पहाडीक्षेत्र भएकाले पाँच छ थान डिब्बा मात्र तान्न सक्ने क्षमताका इन्जन हुन्छन् । पेकिङ-ल्हासा रेलमार्गको निर्माण हुनुभन्दा अघि दार्जिलिङ पुग्नुभन्दा केही किलोमिटर ओरको घुम रेल्वेस्टेशन विश्वमा सबैभन्दा उचाइमा भएको स्टेशन मानिन्थ्यो ।

खर्साङ पुगेपछि हाम्रो बसोवास, सर्वप्रथम केही दिनका लागि स्टेशनदेखि रानीपुल हुँदै मास्तिर नजिकैको धर्मशालामा अनि पछि स्टेशनदेखि अलिक तल एउटा सिङ्गै भाडाको घरमा भयो । यस डेरामा हाम्रो बसाई कति महिनाको भयो म भन्न सक्तिन तर दशैंको चाड भने त्यही घरमा मनाएको मलाई राम्रो सम्झना छ । मारवाडी समाजका घरधनी भएकाले त्यहाँ मारकाट गर्न र मासुमाछा पकाएर खान

नमिल्ने हुँदा घरधनीलाई थाहा नै नदिई सिङ्गै खसी काटकुट गरी पकाई सबैले दशैं चाडलाई पूर्णता दिएको राम्ररी सम्झन्छु । अलिक दिनपछि पंखाबारी रोडमा स्थित एउटा घर ठूल्दाजुले खरिद गरेपछि त्यहाँ नै हामी सबै बस्न थाल्यौं । ठूलदाजुले फेरि काठमाडौंमा काँइली श्रीमती थपी खर्साङको घरमा भित्र्याएको सम्झन्छु । काइँली भाउजु नेवार परिवारकी भएकीले भाषाबाट स्पष्ट हुन्थ्यो । परिवारको आकार बढ्दै गएपछि त्यो घर साँघुरो हुन गएकाले आमा र सानी दिदीसहित हामी अर्कै भाडाको घरमा बस्यो । यही समयमा हुनुपर्छ जेठी भाउजुपट्टिबाट ठूलदाजुलाई (चेतराज) कान्छो पुत्र लाभ भयो । यिनै दिनमा विरामी परेर हो वा अन्य कुनै परिस्थितिले साँइली भाउजु मेरो चेतनाबाट ओझेल हुनुभयो । शायद स्वर्गारोहण भएकै हुनाले उहाँ मेरो चेतनाको दृश्यबाट विलीन हुन भएको हुनुपर्छ । हाम्रा माइला भ्राताकी श्रीमती हाम्री माइली भाउजु कि एक मात्र पुत्रीको स्वर्गारोहण पश्चात् आफ्नो कुनै जिम्मेवारी उहाँमा पर्न गयो । बालक लोकेन्द्रले ममतामयी माइलीकाकीको काख पायो । सन्तान नभएकाले साइँली भाउजुको एक मात्र पुत्र लोकेन्द्रको पालन पोषण गर्ने र उहाँकै यथोचित हेरचाहमा हुर्कियो । काका भक्तराज आचार्यले आफ्नो आत्मकथामा लेख्नुभएको छ ।

* * *

सुब्बा भैरवप्रसादमाथि धरानमा आक्रमण

सुब्बा बडीबाका पाँच दिदीबैनी जीवित थिए । संस्कृतको अमरकोशसम्मको पढाइ भएको कुरा मेरा बा बताउने गर्नुहुन्थ्यो । पहाडमा बस्दा सुब्बा दाइले खेतको आली आफैं लगाउने गर्नुहुन्थ्यो भन्ने कुरा कान्छा काका शेखर आचार्यले बताउनुभयो । यसैगरी पहाडमा सुब्बा बडीबा कसैसँग पनि नडराउने निडर र हक्की स्वभावको हुनुहुन्थ्यो भन्ने कुरा मेरा बाले बताउने गर्नुहुन्थ्यो । पहाडमा हुँदा हाम्रा बाउ बाजे सबैले कुनै न कुनै जागीर खाएकै हुन्थे । सुब्बा बडीबाले सुब्बाको जागीर खाएपछि झापा जानुभयो । झापामै गएर आफ्ना आयआर्जन घरजग्गा जमीन जायजेथा झापामै जोड्नुभयो ।

२००७ सालको जनक्रान्तिमा लाग्दा उहाँले सुब्बा भएको बेलामा मालपोत कार्यालय नै कब्जा गर्नुभएको कुरा क्रान्तिका पक्षमा थियो । उहाँले क्रान्तिकारी वीपी कोइराला, मातृकाप्रसाद कोइरालासँग नजिक भएर काम गर्नु भएकाले उहाँका बारेमा मातृकाप्रसाद कोइराला, वीपी कोइरालाले आफ्ना डायरीमा प्रशस्त लेख्नुभएको छ र उहाँ झापाको पहिलो मिलिट्री गर्भनर हुनुभयो । यसपछि उहाँको ख्याति झापा जिल्लामा झन् बढेर गयो ।

२०१३ /१४ सालतिरको घटना हुनसक्छ । अहिले धरान नगरपालिका रहेको स्थानमा हाम्रा हजुरबा कुलप्रसाद आचार्यले २००५ सालमा अक्षय राइस फ्लावर आयल एण्ड स मिल खोल्नु भएको थियो । त्यही मिल घरमा सुब्बा बडीबा भैरवप्रसाद आचार्य माथि राति सुतेको बेला मिलघरको बैठककोठामा अचानक सांघातिक हमला भयो । घटना विवरणअनुसार झापाबाट सुब्बा बडीबा आफ्नो जीपमा धरान आउनुभएको थियो र उहाँसँग जीपमा आफ्ना मान्छेबाहेक एक जना भारतीय व्यक्तिले लिफ्ट मागेछ । त्यसपछि जीपमा सवार अरू मान्छेले यो चिने जानेको मान्छे होइन यसलाई किन धरान लाने भनेर प्रतिकार गरे तापनि उहाँले त्यस नचिनेको मानिसलाई पनि धरान लिएर आउनुभयो । मिल घरको बैठककोठामा राति खाना खाएर काका बुवासँग भलाकुसारी गरेर सुतेपछि मध्यराति त्यस नयाँ आगन्तुकले सुब्बा बडीबामाथि छुरी प्रहार गऱ्यो । दैवसंयोगले बडीबा आफ्नो हातले छाती छोपेर सुत्नुभएको हुनाले त्यो छुरी पाखुरामा लागेछ र ऐय्या माऱ्यो भन्दै त्यो मान्छेलाई हुत्याइ दिनुभएछ । बडीबासँगै भुइँमा सुतेका अरू व्यक्ति

उठेछन् र त्यो मान्छेलाई च्याप्प पक्डेछन्, त्यसपछि घाइते हुनुभएको बडी बालाई राति नै डाक्टरलाई बोलाइयो र मलमपट्टी लगाइयो । छुरी हान्ने मान्छेलाई धरान थानामा जिम्मा लगाइयो । त्यो हमला गर्ने मान्छेको नाम के थियो कहाँबाट आएको थियो ? किन हमला गऱ्यो ? त्यो कुरा आजसम्म अनुत्तरित नै रह्यो । त्यो दिनको घटनाबाट हामी खुब डरायौं । त्यो दिन दिनभरजसो बडीबालाई हेर्न भेट्न मान्छे आइरहे ।

सुब्बा बडीबा दयालु हुनुहुन्थ्यो । आफ्नो र काकाको परिवार भनेर छुट्याउनु हुन्नथ्यो । उहाँले आफ्ना कान्छा भाइ भक्तराज आचार्यलाई खुब पढाउनुभयो । एक पटक झापाबाट आफ्ना छोरा देवराजलाई भाइ भक्तराजलाई बोलाएर ल्याउ भनेर हात्तीमा पठाउनुभयो । साथै बेलाबेलामा आफ्नो जङ्गलको ठेक्कामा भाइ भक्तराजलाई लिएर हिँड्नुहुन्थ्यो । तर पनि उहाँका साइँला भाइ हृदयराजसँग कुरा पट्दैनथ्यो । एक दिन सुब्बा बडीबा काका कुलप्रसादलाई भेट्न धरान आउनुभयो र काकासँग आवश्यक सरसल्लाह गर्दै हुनुहुन्थ्यो । अचानक साइँला भाइ हृदयराज टुप्लुक आएर काका र दाजुको बीचमा ड्याम्म भुइँमा छुरी गाड्नुभयो । अनि हजुरबाले यो गम्भीरता बुझेर त जा भनेर सुब्बा बडीबालाई त जा अब भनेर पठाउनुभयो र त्यो घटना सामसुम भएको आफ्नो अगाडि देखेको कुरा काका शेखरप्रसाद आचार्यले बताउनुभयो ।

काका शेखर आचार्यले यस्तै बताउने क्रममा धरानमा रहेको हालको आदर्श बोर्डिङ स्कुलको पुरानो घर गजराज थापा बनाएको घर पछि कर्नेल भक्तबहादुर बस्नेतको घरको भुइँ कोठामा सुब्बा बडीबा कहिले कहिले त्यहाँ पनि बस्ने गर्नुहुन्थ्यो अरे । काका शेखर आचार्यले आफूले सम्झिने कुरामा २०२० सालताका सुब्बा बडीबा शहीद धर्मप्रसाद ढकालसँग मिलेर काठमाडौं सिफलमा घर किन्नुभएको रहेछ । त्यो घरमा उहाँ बसेका बेला काका शेखरले कलेजको फि तिर्न रु. ५५ सापट माग्नुभएछ । र उहाँले बडीआमातर्फ देखाउँदै यसलाई रु. ५५ देउ भन्नुभएछ । र काकाले पछि पैसा फिर्ता गर्न जाँदा तैंले यो पैसा फिर्ता गर्नुपर्दैन लैजा भन्नु भएछ । सुब्बा बडीबाले गर्नुभएको राम्रो काममा हाम्रा जेठा बडीबाले माधवप्रसाद आचार्यको जेठी श्रीमती पट्टिका बालबच्चा परिवारलाई हेर्ने गर्नुभएको थियो र यस क्रममा हाम्रो बडीबाकी माइली छोरी पिङ्गलालाई कालिम्पोङको बस्नेत परिवारको छोरोसित विवाह गराई आफ्नै हातले कन्यादान गर्नुभयो र उहाँले बडीबा माधवप्रसाद आचार्यलाई राम्रो हावापानी भएको कालिम्पोङको

सेनेटरीयममा उपचार गराउनुभएको थियो । सुब्बा बडीबा २०२६ सालमा काम विशेषले धरान आउँदा बिहानको खाना हाम्रो घरमा खाएको मलाई राम्रोसँग याद छ । उहाँका दाँतमा क्रिम थियो र खाना खाएछि दाँत निकालेर सफा गरेर लगाउनु भएको मैले देखेको थिएँ । यसरी उहाँलाई सम्झिने क्रममा २०२१ सालमा बा रामप्रसाद आचार्य जागीरको शिलशिलामा राजा महेन्द्रलाई बिन्तीपत्र दिन चन्द्रगढी झापा जाँदा सुब्बा बडीबाको घर म पनि गएको थिएँ त्यस दिन हामी उहीँ बास बस्यौं तर सुब्बा बडीबा अन्तै जानुभएकाले उहाँसँग भेट भएन ।

सुब्बा बडीबाले झापाको जङ्गल फडानी गर्न जाँदा भक्तराज आचार्यको नाममा ठेक्का सदर ..लाई लिन विराटनगर जानु भएर त्यसपछि बडीबाले झापाको जङ्गल ठेक्का लिने क्रममा माह भक्तराजलाई काठमाडौं लानुभयो र त्यहाँबाट राष्ट्रिय पञ्चायतको चुनाव लड्न किसान संघको सदस्यता लिएर चुनाव लडेर हारेको कुरा काका भक्तराजले आत्मकथामा लेख्नुभएको छ ।

सुब्बा बडीबाले हाम्री ठुलीदिदी सुभद्रालाई २०२० सालमा साइँलाबा कालिकाप्रसादले बनारस पढ्न व्यवस्था गरेर पठाउनुभयो । ठुलदिदी बालविधवा भएकाले वानप्रस्थजस्तो भयो क्यार यो कुरा सुब्बा बडीबा भैरवप्रसाद आचार्यलाई मन परेन छ । उहाँले ठुलदिदी समुहलाई बनारसबाट काठमाडौंमा ल्याएर पढ्ने व्यवस्था गराउनुभएको कुरा बाले बताउनुभएको थियो । थप कुरा ठुली दिदी सुभद्राबारे उहाँको छुट्टै शीर्षकमा चर्चा गरिएको छ ।

यसैगरी बुवाको असमायिक निधनपछि आफूको विल्लीबाठ भएको र अब हामीलाई कसले पाल्छ कसले हेर्छ भन्ने प्रश्नमा काका कुलप्रसादले अब मेरो जिम्मेवारी भन्ने र झापाबाट बुवाको निधनमा कुमरखत आउनु भएका जेठादाजु भैरवप्रसादले अब आमा भाइलाई हेर्न मेरो जिम्मेवारी हो भनेर विवाद गर्नुभएछ । काका भतिजको मनोमालिन्य भयो भनेर कुमरखोदको घरजग्गा बेचेर सुब्बा दाजुले भाउजु र दाजुलाई लिएर झापा जानुभएको कुरा बुवा कुलप्रसादले भनेको कुरा काका शेखरप्रसाद आचार्यले यस लेखकलाई बताउनुभयो ।

* * *

राणाकालमा जनताका घरमा नाटक
धनकुटा सिभुवा पानधुरेको लक्ष्मीपूजा नाटक

धनकुटा जिल्ला ताङ्खुवा गाविस अन्तर्गत वडा न. ५ सिबुवा भन्ने एक गाउँ छ । यो त्यही गाउँ हो जहाँ हाल धरान विराटनगर बस्ने नाम चलेका सबै रिजाल र आचार्य बस्ने गर्छन् । सिबुवा गाउँको सीमानामा जन्मेका कवि कालिकाप्रसाद आचार्य (९७) ले फूलबारी नामक कवितासङ्ग्रहमा दिएका छन् ।

मेरो फूलबारी २०७६ अहिले त्यो स्थान झण्डै रित्तो अवस्थामा छ । एक समयमा त्यो गाउँ गुल्जार थियो । त्यही नजिक वनचरेका भरत सुब्बा हुनुहुन्छ । कुनै बेलाको समृद्धशाली त्यो गाउँ आज निर्जन छ । छ त केवल रिजाल आचार्यले छाडेका पाखाबारी । यो त्यही स्थान हो जहाँ कुनै बेला मु. कुलप्रसाद आचार्यको प्रसिद्धिका पाँचधुरे घरले एरियाकै प्रसिद्धिको शिखरमा रहेका थियो । त्यो टिनको छानो भएको घर पाँचवटा घर भएकाले यहाँ यो पाँचधुरे आचार्यका नामले आज कुलप्रसादका सन्तानले पहिचान बनाएका छन् । यो पाँचधुरे घरको विशेषता भनेको के भने यो घर बनाउन मेरा हजुरबा मु. कुलप्रसादले त्यो बेला १९९४/०९५ सालतिर कलकत्ताबाट फलामका खानेपानी पाइप सिमेन्ट झिकाइ यहाँ ठुलो तला दलाउ निर्माण गर्नुभयो र त्यहाँ ५ धुरे घरका छानाबाट वर्षात्मा पानी जम्मा गर्ने पहिलो पायोनिर कुलप्रसाद हुनुहुन्थ्यो नै हो आज विदेशीले यहा ल्याएको पानी सङ्कलन गर्ने पद्धति त्यो बेला कुलप्रसादले भित्र्याएका रहेछन् ।

त्यही पाँचधुरे घरबाट हो आज चर्चा हुन लागेको नेपालको एउटा सानो गाउँ जहाँ पहिलेपल्ट नेपाली साहित्यको नाटक विधाको रस्वासादन चाख्न गाउँबासीले पाए नेपाली साहित्यको नाटक विधाको एउटा प्रयोग थियो त्यो नाटक । त्यो नाटक खेलाएका साल नेपालकी प्रथम नाटक लेखिएका शुभद्रादेवी आचार्यको जन्म नेपालका प्रथम नाटक लेखिका सुभद्रादेवी आचार्यको जन्म भएको थियो । त्यो त्यही जन्मघर पाँचधुरेको आँगनमा बेलुकाबाट कवि लेखनाथ पौड्यालको नाटक लक्ष्मीपूजा मञ्चन गरियो । कवि लेखनाथ पौड्यालको नाम लक्ष्मीपूजा १९९४ सालमा पहिलो पटक प्रकाशित भयो । यो नाटक खेलाउने कलाकार मु.कुलप्रसादका छोरा थिए । धनकुटा सिबुवाको पानधुरे घरमा ग्रामाफोन रेकर्ड गीत बज्ने गर्दथ्यो ।

गीत बजाउनका लागि हार्मोनियम, पञ्चेबाजा यसरी धनकुटाको सिबुवा गाउँबाट तल झरेपछि पाँचधुरे घरका मुखिया कुलप्रसादले धरान चतरालाइनमा अक्षय राइस मिल हाल धरान नगरपालिका कार्यालय रहेका स्थानमा स्थापित गरी यहाँ उद्योग वाणिज्य क्षेत्रमा हात हाली २०१७ सालमा उहाँ बित्नुभयो ।

ग्रामोफोन र रेकर्ड मु. कुलप्रसादले कलकत्ताबाट खानेपानी पाइप झिकाउँदा नै सँगै लिएर आएका थिए । तर नाटक खेलाउन उस्ताद गवैया पर्दा मादल ढोल मुरली बैण्ड मादक ढोल इयाम्टा पञ्चबाजा मेन्टोल दरी लगायतका वेशभूषा धनकुटाबाट झिकाएका थिए । धनकुटा गौंडामा राणाकालमा बडाहाकिम बस्ने भएकाले त्यहाँ नाटकलाई चाहिने आवश्यक वस्तु पाइने गर्थ्यो । किनकि एक बडाहाकिमले मनोरन्जन गर्न केही साधन प्रयोग गरेका हुनुपर्छ ।

काठमाडौंको दरबारमा नाटक खेलाए जस्तै कवि लेखनाथको नाटक लक्ष्मीपूजा मञ्चन गर्न पानधुरे घरमा सम्पूर्ण तयारी पूरा भयो र धनकुटा त्यो बेलाका व्यापारी गणेशप्रसाद कर्माचार्यको नेतृत्वमा धनकुटका साहु महाजन दशकले सिबुवा तल झरे । धनकुटा बजारबाट एक डेढ घण्टा पैदल हिँडेर ।

अनि त्यस समयमा लक्ष्मीपूजाका दिन कवि लेखनाथ पौड्यालको नाटक लक्ष्मीपूजा मञ्चन गरियो । वरिपरि दर्शकको खचाखच भरिभराउ थियो । बार्दली आगनमा दर्शन भरिभराउ थियो । दर्शकलाई बस्नलाई राडी गुन्द्री कुर्सी बेन्च मुडा सजाएर राखिएको थियो । नाटकको मञ्च अगाडि वरिपरि सबै भीड थियो । मेन्टोलको उज्यालोले स्टेज जगमग भएको थियो । त्यो जमानामा मनोरञ्जनको साधन केही थिएन । त्यस्तो बेला सर्वसाधारण भेला भएर डबलीमा एक साथ नाटक हेर्न पाउनु गीत गाएका सुन्नु पाउनु ग्रामोफोन रेकर्ड हेर्ने सुन्न पाउनु । यी नाटकको निर्देशक कुलप्रसादका माइला छोरा केशवप्रसाद जो पछि मोरङका गोरखा परिषद्का सभापतिले गरे ।

नाटकको अन्य पात्रहरू कुलप्रसादका बाँकी छोरा रामप्रसाद जो पछि सुनसरीका प्रौढ सङ्गठन सभापति ०४०/०४६ मा च्यवनप्रसाद शेषराज जो पछि शारदा बालिका धरानका पुराना हेडमाष्टर ०२५/०३० रहेका थिए । यस बाहेक पूर्णप्रसाद भतिजा पर्ने दुर्गाप्रसाद रहेका थिए । यो नाटकमा सखीको भूमिकामा राजेन्द्रप्रसाद उलवसिंहको भूमिकामा च्यवनप्रसाद, चौपट सिंहको भूमिकामा खगेन्द्रप्रसाद पालेको भूमिकामा पूर्णप्रसाद महिलाको भूमिकामा सारी लाएर शेषराज राजेन्द्रप्रसाद पिताम्बर रहेका थिए ।

त्यो बेला मु. कुलप्रसाद ल्याएको ग्रामोफोन बज्ने गर्थ्यो ठुलैस्वरमा घन्केर त्यो ग्रामोफोनको पहिलोपल्ट देखेको छिमेकी भवानीशंकर ढुङ्गेल हाल धरान १६ निवासी ८२ वर्षीय यसरी वर्णन गर्छन् । जीवनमा पहाडको ठाउँमा केटाकेटी गाउँमै पहिलोपल्ट ग्रामोफोन देख्दा अचम्म लागेर आयो त्यहाँबाट आवाज निस्कँदै गीत बज्न थाल्यो ।

रातको बखत पुरै सिबुवा डाँडो घन्कियो मादल र पञ्चेबाजा थर्कियो रातभर हामीले लक्ष्मी पूजा नाटक हेऱ्यौ गीत गाउन थाले नाच्न थाले यस्तो रमाइलो नाटक जीवनमा पहिलो पल्ट पानधुरे घर आगनमा देख्न पाइयो । त्यो लक्ष्मीपूजा नाटक सँगैसँगै ग्रामोफोन घन्केको सिबुवाबासीले पहिलोपल्ट देख्न पाए । उहाँले त्यो पुस्तक काठमाडौँ जाँदा आफ्ना साथमा नै लिएर आउनुभएको थियो । यसरी धनकुटामा लक्ष्मीपूजा नाटक पहिलोपल्ट मञ्चन गरियो ।

यसरी कवि लेखनाथ पौड्यालको नाटक पछिल्लोपटक धनकुटामा खेलाइयो। यहाँको पहिलोपल्ट कुन थियो भनी यस पंक्तिकारले धनकुटाकै आधुनिक नाटककार अशेष मल्ललाई सोद्धा उनले थाहा छैन भने । यो विषयमा केही प्रकाश पारिदनु यस लेखकलाई घचघच्याउनुभयो । त्यसपछि सोधीखोजी हुन धरानमा बसोबास गर्ने पब्लिक हाइस्कुलका भू.पू. हेडमास्टर राजेन्द्रप्रसाद आचार्यले लक्ष्मीपूजा नाटकका बारेमा बेली विस्तार लगाउनु भएकाले धनकुटामा पाँचधुरे घरमा शिक्षा भाषासाहित्य धर्मसंस्कृतिको बारेमा चर्चा परिचर्चा हुन्थ्यो । त्यही घरमा मु. कुलप्रसादको साहिँला छोरा कालिकाप्रसाद आचार्यको जन्म भयो । जसले गत ०६७ सालमा ९७ वर्षको उमेरमा मेरो फूलबारी कवितासङ्ग्रह प्रकाशित गर्नुभयो । यस अघि २०४४ सालमा आध्यात्मिक तर्क विचार वीपीका पुस्तक लेख्नुभयो उहाँले उहाँका बुबा मु. कुलप्रसाद आचार्यले स्वाध्यायबाट अमरकोश पढ्नु भएको थियो ।

धार्मिक पुस्तक सङ्कलन गर्नुहुन्थ्यो । उहाँले मार्कण्डेय पुराणको पद्य अनुवाद पुस्तक लेख्नुभएको थियो । त्यो अप्रकाशित पुस्तक त्यो त्यही पानधुरे घर थियो । जसले नेपालकी प्रथम नाटक लेखिका कलङ्की समाज नाटकका लेखिका सुभद्रादेवी दंगाल बालविधवा उर्फ सावित्री पोखरेल हुनुहुन्छ हाल काठमाडौं उहाँको जन्म १९९६ सालमा पिता कालीकाप्रसाद र माता लक्ष्मीमायाको कोखबाट जन्मेकी सुभद्राले कलङ्की समाज नाटक लेख्नुभयो पछि कसलाई के थाहा जुन पाँचधुरे घरमा आमाको गर्भमा पालेकी सुभद्राले नाटक लेख्छिन् जसको गर्भमा लेखनाथको

लक्ष्मीपूजाले प्रेरणा भरिदिएको थियो पछि तिनै सुभद्रालाई धरान बसाइ क्रममा धरानको स्कुलमा नाटक खेलाउन दाजु वासुदेवले बोलाउनु हुन्थ्यो रे ।

यसरी धनकुटाको सिबुवा गाउँबाट तल झरेपछि पाँचधुरे घरका मुखिया कुलप्रसादले धरान चतरालाइनमा अक्षय राइस मिल हाल धरान नगरपालिका कार्यालय रहेको स्थानमा स्थापित गरी यहाँ उद्योग वाणिज्य क्षेत्रमा हात हाली २०१७ सालमा उहाँ बित्नुभयो । उहाँकला शिक्षा साहित्यका अनुरागी साहित्यकार छोरा कालीकाप्रसादका शब्दमा उहाँले अमरकोश पढ्नु भएको मेरो फूलबारी कवितामा यसरी लेख्नुहुन्छ कालीकाप्रसाद पुस्तक अमरकोष घरमै बसेर पढ्नुभएको छ त्यतिखेर ठुलठुला पुस्तक ल्याई ती संस्कृतिका त सबै मिलाई यिनै कुलप्रसादका एक छोरा कालीकाप्रसाद कवि सुभद्रादेवी तथा नाटककार गिरिराज आचार्यको जन्म भयो ।

यसरी पाँचधुरेबाट नाटक खेलेका मु. कुलप्रसादका सन्तानले धनकुटामा साहित्यिक पुनर्जागरण उत्थान गरेको भन्नुपर्छ । यो त्यही पाँचधुरे घर हो जसले पुरानो धनकुटा सिबुवा गाउँको वैभव परिचय बोकेको छ ।

* * *

कलङ्की समाज

हाम्री ठूलदिदी सुभद्रा/सावित्री एक चिनारी



हाम्रो परिवारको ठुली दिदी सुभद्रा बालविधवा हुनुहुन्थ्यो । बुवाको दशभाइका परिवारमा ठुलदाजु वासु दाइ हुनुहुन्थ्यो भने ठुलदिदी दोस्रो तर पहिलो हुनुहुन्थ्यो । मैले ठुलदिदीलाई केटाकेटीमा देखेकोले उहाँ बालविधवा हुनुहुन्थ्यो । ठुलो मुहार सुन्दर चेहराको छवी ठुलदिदी अरू बालविधवाभन्दा भिन्न यस कारणले हुनुहुन्थ्यो । अरू सेतो लुगा लगाएको मुडुलो टाउको निधारमा पहेलो टीका त्यस्तै पहिचान विधवाको हुन्थ्यो । तर हामी केटा केटी भएकाले त्यस्को वास्ता थिएन काका बनारसमा पढ्न बसेको वेला घरमा केटाकेटी पढाउन बनारसबाट फर्कंदा गुलावजी पाण्डेय (जो पछि शिक्षा निकेतन मा.वि.को शिक्षक रहनुभयो) गोरखपुर घर भएका सरलाई ल्याउनुभयो । सरले ठुलदिदी लगायत दाजुलाई पढाएको मलाइ सम्भना हुन्छ । ठुलदिदीसँग दाजुको सिनेमाको विषयमा गफ हुन्थ्यो । यस्तै म केटा केटी छँदा ठुलदिदीले दिलिपकुमारको आफ्नो फिल्मको राम्रा राम्रा रमाइला गफ गरेको सुन्न पाइन्थ्यो । ठुलदिदीको बारेमा घरमा कुरा हुँदा दिदी बाल विधवा हो भन्ने सुनेका थियौ । हामीहरू सबै मिलघरमा हुर्किएका हौ । मिलघरका बारेमा पहिला पनि धेरै चर्चा भइसकेको छ । ठुलदिदीले हामीलाई तिहारमा कतिपल्ट टीका लाउनुभयो होला । हेक्का भएन ठुलदिदी आमासँग पिकनिक वा वराहक्षेत्र जाँदा सँगै रमाइलो गर्दै जानुहुन्थ्यो । ठुलदिदीको हाम्रो परिवारमा राम्रो इज्जत थियो । म केटाकेटी हुँदा एकदिन ठुलदिदीले लेखेको पुस्तक कलङ्की समाज हात पऱ्यो । त्यो बेला शशी, दलान, लिपपोतजस्ता शब्द मेरा मनले केही बुझेको थिएन । केवल बुझेको थियो त्यही लेखिएका शब्द नाटक भनेको के हो त्यही बुझेको थिएन ।

हाम्रो परिवारमा नाटक लेखिकाको परिचय बनाएको ठुलदिदीको कलङ्की समाजको नाटक त कलेज गएका वेला देखिने बुझ्दै गएको हो । ठुलदिदी २०२०



सालतिर पढ्न बनारस जानुभयो दिदी साइँलाबुवा कालीकाप्रसादकी ठुली छोरी बनारस विधवा हजुरआमाको साथ लागेर जानुभयो । जसलाई हामी सबै जना आमै भन्दथ्यौं ।

कालान्तरमा बुझ्दै जाँदा मैले दिदीलाई प्रश्न गरेको थिएँ । तपाईले नाटक कसरी लेख्नुभयो अनि उहाँले फट्ट भन्नुभयो । ठुला दाजु वासु आचार्यले हरिश्चन्द्र नाटकका लागि खेलाउन स्कुल लैजानु भयो । त्यो बेला चन्द्रशेखर श्रेष्ठले नाटक खेलाउनुहुन्थ्यो । त्यसैबाट प्रभावित भएर कनिकुथी जानी नजानी कलङ्की समाज नाटक लेखे २०१४ सालतिर त्यो नाटक ज्वाइँ दाताराम रिजाल बडा वा माधवप्रसाद आचार्यकी छोरी राधा दिदीसँग विवाह गरेको हुनुहुन्थ्यो । तिनताका धरान प्रेस थिएन । दाताराम भिनाजुले भद्रपुरबाट २०१५ सालमा कलङ्की समाज छापेर ल्याउनुभयो । किनकि भिनाजुको घर भद्रपुर थियो ।

केटाकेटीमा त्यो पुस्तक कलङ्की समाज पल्टापल्टाइ मैले हेरे तर त्यो पुस्तक हाम्रो घरमा केही वर्षसम्म दराजमा थन्कियो पुस्तकमा शशी घरपोतेको दलान यस्तै शब्द पढ्दा मैले बुझ्केको थिएन । पछि ठुलो हुँदै गएपछि कलङ्की समाजको अर्थ बुझे । दोस्रो संस्करण पढेपछि नेपाली रुढीवादी समाजमा बालविधवा हुनुको पीडा नै सामाजिक कलङ्क रहेछ भन्ने बुझे । उहाँ साइँली आमा मन्दोदरीकी आमा सधैंका लागि छोरी ज्वाइँका घरमा नाति नातिनी हुर्काएर जीवन बिताउनुभयो । ठुलदिदी नौ वर्षको हुँदा उहाँको विवाह विराटनगरका तेजकृष्ण दंगालका भाइ विष्णुप्रसादसँग भयो । तर विवाह भएको नौ महिनामा नै लामो विरामी भएपछि उहाँको देहावसान भयो । अचानक हाम्रो परिवारमा आएको यो विपत्तीले ठुलो रुवावासी चलायो र विस्तारै ठुलीदिदी सुभद्रा माइती घर बस्न आउनुभयो । र पछि उहाँले पाउने अंशलाई लिएर जेठाजु तेजकृष्णसँग मुद्दा लडी आफ्नो अंश भराउनुभयो ।

सुभद्रा दिदीको कलङ्की समाजको चर्चा परिचर्चा साहित्यकार समालोचक प्रा.डा. गणेश भण्डारीले मधुपर्कमा प्रकासित गर्नुभयो । मधुपर्कमा सुभद्रा

दिदीबारे छापिएको लेख पढेपछि कलङ्की समाज नाटक मैले फेरि दोहोऱ्याएर पढें। मैले सानो छँदा कलङ्की समाज पढेको थियो। त्यसपछि डा. भण्डारीले मधुपर्कमा समालोचना लेखेर पहिलोपल्ट चर्चामा ल्याउनु भएकोथियो।



नेपाली साहित्यमा पहिलो नाटक लेख्नु सुभद्रादेवी दंगाल भनेर मेरो पुस्तक अन्तर्राष्ट्रिय नारी वर्ष र नेपाली नारी (१९७५) को नेपाली नारी साहित्यकारमा सुभद्रादेवी दंगाल हुनुहुन्छ भनेर लेखिएको छ। यसरी समय क्रममा समय बित्दै जाँदा सुभद्रादिदी बारे पहिलो समालोचना लेख्ने प्रा.डा. गणेश भण्डारीको २०५५ साल पौष १६ गते असामायिक निधन भयो। उहाँको अकल्पनीय निधनपछि श्रीमती सुशीला भण्डारीले पति वियोगमा दु:खदायी परिस्थितिको सामना गर्नु पऱ्यो। अनि उहाँले २०६६ सालमा पति वियोगको सम्झनामा गणेश भण्डारी नामक स्मृति पुस्तक सम्पादन गर्नुभयो। त्यस पुस्तकको १२८ पेजमा मैले यस्तो लेखेको थिए, "नेपाली साहित्यमा नारी या साहित्यकारको चर्चा नभएको बेला ओझेलमा परेर हराइ सकेकी प्रथम नेपाली नाटककार सुभद्रादेवी दंगालको परिचय सहित उनको कृतिबारे मधुपर्कमा डा. गणेश भण्डारीको समालोचना छापिए पछि हराएकी सुभद्रालाई पुन नेपाली साहित्य माझ स्थापित मात्र गराइ दिनुभएन उनको नाटक कलङ्की समाजको नारी पात्र शशी वास्तविक धरातलमा सुभद्राबाट सावित्रीमा चोलो फेरेको सुभद्राको मूल्याङ्कन गरेर विलुप्त नारी हस्ताक्षरलाई बिउँझाइ दिनुभयो। त्यसैले डा. भण्डारी नेपाली साहित्यका रत्न पत्ता लगाउने वास्तविक पारखी रहेको तथ्य प्रस्ट हुन्छ। हिराको मूल्य हिरा पारखीले मात्र बताउँछ। त्यसैले नेपाली साहित्यका हिरा पत्ता लगाउने डा. भण्डारी खप्पीस मानिन्छन्।"

डा. गणेश भण्डारीले यस नाटकका बारेमा मधुपर्कमा लेखेका छन् "यस नाटकका बारेमा मैले सबभन्दा पहिलो डा. तारानाथ शर्माको नेपाली साहित्यको इतिहास पल्टाए सुभद्रादेवी दंगालको नाम नै छैन। त्यसपछि मदन गौरव पल्टाएर... २०३५ सालसम्म पनि यस नाटकले मदन पुरस्कार पुस्तकालयमा पुग्न पाएको

रहेनछ । अन्त पनि कतै, यस नाटकको नामसम्म भेटिएन । अनि पो मलाई लाग्यो नेपाली वाङ्मय नाटकको विधामा रहेको पुरुषको एकाधिकारलाई सुभद्रादेवी दंगालले समाप्त पारेकी रहिछन र पो नेपाली साहित्यका पुरुष इतिहासकारले आफ्ना बलका एकाधिकारको साङ्लो चुडाल्ने नाटक लेखिकाको नामसम्म पनि उल्लेख नगरेर अन्याय गरिरहेको रहेछन् ।

समालोचक डा. भण्डारीले नेपाली साहित्यमा नारी नाटककार नभएको अवस्थामा दंगालको प्रयास अत्यन्त महत्त्व राख्छ । यिनका नाटकमा वर्ण विषय र सम्वादले स्वभाविकता प्राप्त गरेको छ । यिनको विषय सामाजिक छ । प्रस्तुति यथार्थ छ । परम्परागत मान्यता प्रतिको विद्रोह छ । दंगालले नारीप्रतिको नकरात्मकताको विरुद्धको क्रान्तिकारी आवाज उठाएकी छन् । यसैगरी डा. गणेश भण्डारीको स्मृति पुस्तकमा प्रा. रामनाथ बरालले गणेश भण्डारीका दृष्टिमा नारी लेखिका विषयक चर्चामा सुभद्रादेवी दंगालको कलङ्की समाज नाटकका बारेमा उपप्रा. कर्णाखर खतिवडा मेची क्याम्पस भद्रपुरले समालोचक गणेश भण्डारी शीर्षकमा उहाँको समालोचकीय खोजीमा सुभद्रादेवीका चर्चामा परिचर्चा गरेका छन् । अब यसरी नै कलङ्की समाजकी नाटककार सुभद्रादेवी दंगाललाई दोस्रो पटक नेपाली साहित्यकाश चुलीमा पुऱ्याउने काम नइ प्रकाशनले गरेको छ र यसरी कलङ्की समाजकी लेखिका सुभद्रा देवी दंगाललाई दोस्रो अवतार सावित्रि पोखरेलको नाममा चोली फेरिदिएका छन् । नइ प्रकाशनले नइ प्रकाशनका नरेन्द्रराज प्रसाईं र इन्दिरा प्रसाइले दिदी सुभद्रालाई भेटेर कलङ्की समाजको तेस्रो संस्करण प्रकाशित गर्ने स्वीकृति लिएर २०७४ सालमा नइ प्रकाशनमा पुनः प्रकाशित गरेका छन् । कलङ्की समाज नामक कृति प्रकाशन गर्न पाउनु नइ प्रकाशनका लागि एउटा विशेष गौरवको अवसर भएको लेखेका छन् । नइ प्रकाशनले यति मात्रै गरेन सुभद्रा दिदीको २०६५ सालमा पहिलो कवितासङ्ग्रह कुमारीगाथा त्यस्तै २०७४ सालमा वीर पुरुष कवितासङ्ग्रह प्रकाशित गरेर नइ प्रकाशनले सुभद्रा दिदीलाई झन् आकाशको चुलीमा पुऱ्याइदिएका छन् ।

कलङ्की समाजको नाटकको बारेमा आफ्नो नाटकीय मन्तव्यमा राष्ट्र कवि माधव घिमिरे लेख्नुहुन्छ– कलङ्की समाज नेपाली महिलाले लेखेको नेपाली साहित्यको पहिलो नाटक हो । त्यसैले यसको ऐतिहासिक महत्त्व छ । यस नाटककी लेखिका श्रीमती सावित्री पोख्रेललाई नेपाली साहित्यकी पहिलो महिला नाटकको लेखिकाको सम्मान प्राप्त छ । कलङ्की समाज नाटकले एक प्रश्न उपस्थित गर्छ समाज कलङ्की

हो कि व्यक्ति कलङ्की हो यसमा आकाशकी राशि र धर्तीकी राशि परस्पर तुलनीय छन् । पुराना दृष्टिले हेर्ने हो भने शशी (चन्द्रमा) कलङ्क देखिन्छ । आधुनिक दृष्टिले हेर्ने हो भने देखिने दाग ज्वालामुखी फुटेर उठेको पहाडको खाडलको कालिमा हो । चन्द्रबिम्बमा परेको कुनै कालिमा होइन । यस नाटककी नायिका शशीको चरित्रमा कुनै कलङ्क छैन । त्यो अन्धविश्वासमी समाजको आफ्नै दृष्टिको कालो छाया हो ।

यसै क्रममा कलङ्की समाजको तेस्रो संस्करण प्रकाशन गर्ने क्रममा लेखिका सावित्री पोखेललाई अझ उचाइमा पुऱ्याउन नइले डा. सत्यमोहन जोशी वाङ्मय शताब्दी पुरुषलाई समेत लेख्न प्रेरित गरेका छन् र वाङ्मय पुरुष मन्तव्यमा लेख्नु हुन्छ - प्रथम नारी नाटककार श्रीमती सावित्री पोखेलबाट लेखिएको नाटक कलङ्की समाज आगामी नेपाली साहित्य समाजको वर्गको उत्थानका लागि महत्त्वपूर्ण मानिन्छ । नेपालको तत्कालीन समाजका लागि नया चेतना र जागरण संवर्द्धनका निम्ति यो ज्यादै उपयोगी कृति हो ।

कलङ्की समाजको तेस्रो संस्करणमा आइपुग्दा सावित्री पोखेलले लेखकीयमा लेख्नुहुन्छ-उल्लिखित सम्पूर्ण कुरालाई मध्यनजर गर्दै दोस्रो संस्करणमा उमेर सच्याउनका साथै शब्द र भाषामा केही हेरफेर गरिएको थियो । अनि नाटकीयता प्रदान गर्ने उद्देश्य हो । केही संवाद थप गर्ने जमर्को समेत गरियो । यस कलङ्की समाजको आन्तरिक भावभूमि जस्ताको तस्तै सुरक्षित राखिएको छ । कलङ्की समाजले समाजको कलङ्कलाई हटाइदियोस् । उसको कलुसित देहलाई निर्मल, शान्त पवित्र पारी आफू नेपाली नाट्य जगत्मा चिरञ्जीवी र चीर स्थाइ बन्न सकोस भन्ने आशीष म यस नाटकलाई दिएर आशावादी हुन्छु ।

सुभद्रा दिदीका बारेमा पहिलोपल्ट महेन्द्र बहुमुखी क्याम्पस धरानकी विद्यार्थी दुर्गादेवी राईले २०६८ सालमा साहित्यकार सावित्रि पोखेलको जीवनी, व्यक्तित्व र कृतित्वको स्नातकोत्तर तहको दशौ पत्रमा कलङ्की समाज नाटकको शोध पत्र प्रस्तुत गरेको छ । जस्मा सावित्रि पोखेलले समसामयिक विषयमा समय समयमा रचेका कविताको सङ्कलन सङ्ग्रह कुमारी गाथालाई नइ प्रकाशन काठमाडौंले प्रकाशित गरेको छ । २०६५ सालमा त्यसपछि २०६८ सालमा शोधपत्र तयार गर्ने क्रममा कलङ्की समाज र कुमारी गाथाको बारेमा दुर्गा राईले अध्ययनको विषय बनाएको पाउँछौं ।

यसै गरी महेन्द्र क्याम्पस धरानको विद्यार्थी भवानी गुरागाईंले २०६७ सालमा धरानका नाट्य प्रतिभाको अध्ययन शीर्षकमा शोधपत्र लेखेका छन् जसमा तिनजना

नाट्क लेखिका भेटिन्छन् । जसमा सावित्री पोख्रेल कमला न्यौपाने, शारदा सुब्बा रहेका छन् । भने जन उदय ऐतिहासिक नाटकका लेखक गिरिराज आचार्य (२०४३) रहेका छन् ।

सुभद्रा दिदीको नयाँ मोड पछि अनेक आरोहअवरोह पार गरेपछि २०६५ नइको प्रयासमा पहिलोपल्ट कुमारी गाथा कवितासङ्ग्रह लिएर देखापर्नु भयो । आफ्नो कविता बारे रचयिता सावित्री पोख्रेलले लेख्नुभयो "पत्रपत्रिकामा फाट्टफुट्ट निस्केका पुराना कविता र पछि लेखिएका केही रचनालाई मैले समेटेकी छु । धेरै अध्ययन र निरन्तरको अभ्यासद्वारा नभई केवल मनमा उठेका भावका लहरलाई कविताको रूपदिने मैले प्रयास गरेको छु । दिदी सावित्रीले २०६४ साल चैत्र १ गते कुमारी गाथाको कविता गुन्जन नइ प्रशासनका उर्जावान नइ जोडीलाई सुम्पिनु भयो । जसले सुभद्रा दिदी सावित्री पोखरेललाई कविताबाट नयाँ अवतार कविका रूपमा साहित्यमा उतारो ।

कुमारी गाथा सङ्ग्रहमा उहाँले रचेका शीर्षक:

१. प्रेरणा, २. नारी, ३. खोइ आइत भाइ ?, ४. अनलाई विवश नबनाउ, ५. न्यायको मुख, ६. मायाको जन्म र मृत्यु होइ रहन्छ , ७. पतिबाट त्यागिएकी, ८.सामाजिक डर, ९. हाम्रो नेपाली टोपी, १०. जड्याहा हाकिम, ११. मेरो देश बनी रहोस्, १२. स्वाभीमानी छौ तिमी, १३. आफै उठेर हेर, १४. पत्नी, १५. भौतारि रहन्छु आश लि मरुभूमिका, १६. कुमारी गाथा, १७. दुध खान होइन लाउन मन लाग्यो, १८. नयाँ नेपाल, १९. आमा, २०. मेरी सानी छोरी, २१. मातापिता ती धर्म हुन्, २२. राष्ट्रियता

कुमारी गाथाको शेष परिचयमा यसका प्रेरणा स्रोत नरेन्द्रराज प्रसाईंले लेखे "उनले भनेको जीवनको परिभाषा आफैंले बनाइन । उनले रुँदारुँदै आशु पनि झारिन र खुशीले भरिएका मोतीका आशु कुमारी गाथालाई कवि ईश्वर बल्लभमा पुऱ्याए त्यसपछि, कवि बल्लभले कुमारी गाथामा यसो भने कवियत्री सावित्री पोखरेलको यो सृजनारत व्यक्तित्व निश्चय पनि नेपाली साहित्य जगतमा एउटा विशेष तथा आस्वस्त विम्ब प्रस्तुत गर्छ । उहाँको काव्यात्मक व्यक्तित्वको सङ्लो परिचय पनि यही हो ।" सावित्री पोख्रेलले कुमारी गाथामा निम्न शिर्षकमा कविता लेख्नु भएको छ । जसमा निम्न शीर्षकका कविता : ...

सावित्री पोखरेलको कविता यात्रा कुमारी गाथा पछि निरन्तर जारिरह्यो । आफ्ना पतिबाट पाएको अपार माया प्रेमले उहाँ मित्रका कवित्व जाग्दै जान्छ ।

कुमारी गाथाले दिएको उर्जाले उहाँले थप कविता बसिबियालोका रूपमा कोर्दै आउनुभयो । उहाँको मन छिटो अभिव्यक्ति दिने कविताको स्वस्फूर्त छरपष्ट भावना आउनथाले, बेला बेलामा कविता लेख्दै जाँदा नइले उहाँलाई थप उचाइमा पुऱ्याइदियो । जब दिदीले दोस्रो कवितासङ्ग्रह पुरुष रच्नु भयो र नइले वीर पुरुष कवितासङ्ग्रह प्रकाशित गऱ्यो ।

आफ्नो पुन: वैवाहिक जीवनपछि जीवनको यथार्थ भोगाइ आनन्दानुभूति र शृङ्खलामा पति प्रेम पाएर र सावित्रीले गदगद भएर बेला बेलामा पोखेलका यर्थाथपरक सिर्जनाको पोका खोल्दै जानुभयो यी शीर्षकका मार्फत शीर्षक...वीर पुरुष विषय सूची

विषय सूची

मेरो आफ्नै अनुभूति

१. उद्गार सावित्री पोखरेलको, २. नारीको रूप, ३. माता चामुण्डे, ४. श्री गणेशाय नम:, ५. भक्त, ६. तिमी फेरि आऊ, ७. बजायौ नि बाँसुरी, ८. दर्शन दिनोस्, ९. अलमल्ल परेँ म, १०. मेरा शिव नजरमा, ११. भोला, १२. सिर्फ माया जाल हो, १३. कलियुग, १४. नारीका समस्या र समाधान, १५. नारीका समस्या र समाधान, १६. कविता सुनिदिने नहुँदा, १७. न्यायकर्ता कहाँ छन् ?, १८. सागर, १९. मुक्तक, २०. भानुभक्त, २१. अस्मिता, २२. लोकतन्त्र, २३. लक्ष्मी वन्दना, २४. असारको पन्ध्र, २५. सम सम्मान, २६. बदनाम आमा, २७. ममता, २८. बुढेसकाल ।

यी कवितासङ्ग्रह प्रस्तुत गदै २०७४ सालमा नइले परिभाषा दियो । उनका कविता धर्म, संस्कृति, प्रेम, समर्पण, प्रकृति, जीवन र जगत्मा आधारित छन् । कवियत्री सावित्रीले समय बोधका यी कविता जे लेखे पनि आफ्नो जीवनको दोस्रो अवतार दिने उनै पति तेजलाई वीर पुरुषको विशेषण दिँदै उद्गार पोख्नुहुन्छ-

भत्कायो जग देवलेनी, घर बन्न नै नपाइकन,
उदास मन भयो भारी

यिनले वीर पुरुषलाई सम्झँदै यस्तो मर्मस्पर्शी भाव पोखिन ।

"सुभद्रा नाम थियो निर्बल उपेक्षित थिए समाजमालाई
ताज मिलाइ यिनले ल्याए धरानमा
थिएन कतै लगन गाँठो थिएन जग्गे अग्निको
आगे समाती पतिको दौरालाई फेरा विदेशको,

यसरी हेर्दा एक समय हाम्रो आजको जस्तो खुल्ला समाज थिएन। आज भन्दा ७५ वर्ष अघिको बन्द समाज आज खुल्ला आकाश भएको छ। त्यो बेला बाल विधवाले लक्ष्मणरेखा पार गर्दा अनेक लान्छना सहनुपर्थ्यो। सुभद्रा दिदी अघि बनारसमा विधवा सुष्मा अधिकारी आफ्नो ७-८ वर्षको बालक छोरा लिएर विधवा आश्रममा जीवन बिताइ रहेकी थिइन। बनारस गएका बेला काङ्ग्रेस नेता गिरिजाप्रसाद कोइरालाले सुष्मालाई देख्नुभएछ र पुनर्विवाह प्रस्ताव राख्नुभयो। अनि २००८ सालमा गिरिजाबाबुले सुष्मालाई सिन्दुर पोते गरेर दोस्रो पुनर्जीवन दिनुभयो र कोइराला निवास विराटनगर घरमा सुष्मा र बालक छोरा सुरेशलाई समेत भित्र्याउनु भयो र माता दिव्या कोइरालाले नवदम्पत्तिलाई घर भित्र्याउनुभयो।

यसरी विधवा विवाहलाई मान्यता दिनुभयो र सुजाता कोइरालाको जन्म भयो। यसरी विधवा विवाहलाई मान्यता दिने क्रान्तिकारी काम गिरिजाबाबुले गरेजस्तै सरकारी जागीरे तेजप्रसाद पोखे्रलको थर दिएर अर्को क्रान्तिकारी काम गरे। जसलाई समेत आज वीरपुरुषको गाथाबाट सुभद्रा उर्फ सावित्रीले वीर पुरुष रच्न पुगिन्।

आहा कत्ति विरह र कति प्रेम लुकेको र छ त यी कवियत्रीले नाटक लेखिएकाबाट कवितामा आएको भावतरङ्गले नेपाली साहित्य जगमगाएको छ। साहित्य जहिले पनि शास्वत छ। अनि सावित्रीले जीवन जगत्को भोगाइलाई कविताका रूपमा उनै वीर पुरुषले तेस्रोपटक सावित्री दिदी थप परिचय दिए र समाजबाट एकदिन यमलोकमा जानुभयो। यसरी सुभद्रा दिदीबाट नारी अस्तित्वको संघर्षले यत्र नारी पुज्यन्ते रमन्ते तत्र देवता भन्ने आह्वान लागु हुन्छ।

आजकल जीवनलाई फर्केर हेर्दा बीसको दशक अघिनै हाम्री घरकी ठुलदिदी घर कि अर्की आमाको आमा जसलाई हामी आमै भनेर बोलाउथ्यौ सँग काशीवास गएपछि शून्यता छाए पनि सबै कुरा विस्मृतिमा जाँदो रहेछ। अहिले म सोच्दै छु। मैले पहिले भेट्दा दिदीसँग यी प्रश्नको जवाफ किन खोजिन उहाँ बनारस गएपछि कुटीमा जीवन कसरी बिताउनु भएछ, अनि उहाँको जीवनीमा सुब्बा भैरवप्रसाद बडाबाले उद्दार गरेर काठमाडौं आफूसँगै ल्याउनुभएछ। र उहाँले आफ्नो संरक्षणमा राख्नु भएछ। र दिदीले त्यहीबाट आफ्नो जीवनको नयाँ अध्याय प्रारम्भ गर्नुभएछ र टाइपिस्ट सिक्दै साझा प्रकाशनमा टाइपिस्टको जागीर खानुभयो। यसरी सुभद्रा दिदीले कलेज अफ एजुकेशनबाट शिक्षक तालिमको प्रमाण पत्र लिनुभयो। त्यसपछि उहाँले शुक्र माध्यमिक विद्यालयमा अध्यापन गराउनुभयो। ल्याबोटरी स्कुल काठमाडौंबाट

स्काउट ट्रेनिङ पनि लिनुभयो । मानव सेवा गर्ने उद्देश्यले वीर हस्पिटलमा पनि स्वयम् सेवक बनेर काम गर्नुभयो । यसै क्रममा साझा प्रकाशनमा काम गरेका बेला बराबर आफूलाई हेर्ने उद्देश्य लिएर आइरहने सरकारी अफिसर तेजप्रसाद पोखरेलसँग आँखा चार भएर विवाह भयो ।

यहाँबाट सुभद्रा दिदीको पतिले दिएको नाम सावित्रीमा परिवर्तनमा भयो । साहित्यकार दिदीका संसर्गमा आएपछि भिनाजु तेजप्रसाद पोखरेल पनि लेखक कवि हुनुभयो । र भिनाजु तेजप्रसादले सिडियोदेखि सचिवसम्मका अनुभव लेख्नुभयो । अब भिनाजु तेजप्रसादको थप प्रेरणाले कलङ्की समाजको दोस्रो संस्करणबाट प्रकाशित उन्नयन प्रकाशनबाट प्रकाशित भयो । यसैगरी तेस्रो संस्करण नइको आँखामा पऱ्यो र नइले सुभद्रा दिदी उर्फ सावित्री पोखरेलले कलङ्की समाज प्रकाशन गर्नुभयो र कुमारी गाथा कवितासङ्ग्रह पनि नइ प्रकाशनले नै प्रकाशन गरिदियो । जसमा दिदीको जीवनको आरोहअवरोहको समय सापेक्ष कविता स्वतस्फूर्तरूपमा लिपिबद्ध हुनगयो ।

सावित्री दिदीले यसैगरी वीर पुरुष कवितासङ्ग्रह रच्नुभयो। वीर पुरुष कवितासङ्ग्रहको नायक उनका पति तेजप्रसाद पोखरेल हुनुभयो। सावित्री दिदीले भिनाजु तेजप्रसादसँग विभिन्न जिल्ला भ्रमण गर्नुभयो साथै विदेशमा भारत, सिङ्गापुर, जापान, हङकङ, थाइलेन्डको भ्रमण गर्नुभयो । दिदीले साहित्य सेवा गरेको मूल्य मान्यताको कदर गर्दै उहाँलाई त्रिमूर्ति निकेतनबाट देवकोटा शताब्दी सम्मान, बालकृष्ण सम पुरस्कार, विश्वनारी नेपाली साहित्य पदक नेपाल सरकारबाट भानुभक्त पुरस्कार प्राप्त गर्नुभयो। दिदीको जीवन आरोहअवरोहका बीच कहिलेकाही उहाँ बुवाआमालाई भेट्न भिनाजु तेजप्रसादसँग आउनुहुन्थ्यो । कलङ्की समाजकी लेखिका सुभद्रादेखि धरान आएको खबर पाएर पहिलोपल्ट मोती संस्मरण समितिका अध्यक्ष बद्री पलिखेले सूर्यसदन राम मन्दिर धरान ७ (सात) मा दिदी सावित्री र भिनाजु तेजप्रसाद पोखरेलको स्वागत सम्मान गर्नुभयो । उक्त स्वागत समारोहको सभापतित्व बद्री पलिखेले गर्नुभयो भने प्रमुख अतिथि सावित्री पोखरेल र विशिष्ट अतिथि तेजप्रसाद पोखरेल हुनुहुन्थ्यो । सो समारोहमा साहित्यकार बुद्धिजीवी कृष्ण प्र. श्रेष्ठ, प्रा. टीकाप्रसाद वस्ती, प्रा.डा. गोपाल भण्डारी र गिरिराज आचार्यले स्वागत मन्तव्य राख्नुभयो ।

दुई वर्षअघि हामी यी दिदीलाई भेट्न जोरपाटी काठमाडौं गयौं । साथमा श्रीमती नीरजा कान्छा ज्वाइँ इ. ज्योतिमणि भट्टराई र कान्छी छोरी इ. गृष्मा

आचार्य (भट्टराई) भेट्न गएका थियौं । घरमा असी पार गरेकी सावित्री दिदीलाई भेट गयौं । भिनाजु तेजप्रसाद पोखरेलको अभावमा दिदीलाई हामीले अलिक कमजोर भएको महसूस गऱ्यौं । उहाँ केही कान कम सुन्ने र आँखा पनि कम देख्ने हुन भएछ । केही क्षणपछि दिदीले भिनाजु तेजप्रसादले सजाएर राखेको वीपी कोइरालाको बडेमाको पेन्सिलचित्र मुहारको फ्रेम मेरो हातमा राख्दै अब तिमी यो तस्वीरले बैठक सजाउ भन्दै दिनुभयो । यसरी दिदीसँग छुट्टिने मन नलाग्दा नलाग्दा पनि छुट्टिएर हिँड्न विवस भयौ ।

अहिले त्यो कलङ्की समाज कुमारीगाथा र वीरपुरुष रच्ने स्रष्टा सावित्री जीवनको उत्तरार्धमा हुनुहुन्छ ।

* * *

मेरो सम्झनामा बुवा आमा

नीरजा कोइराला आचार्य

मेरो बुवा नीरप्रसाद कोइराला पेशाले शिक्षक हुनुहुन्थ्यो। उहाँ भगवती हाइस्कूल इनरुवामा पढाउनुहुन्थ्यो। भगवती हाइस्कूल पढाउनुभन्दा अगाडि विराटनगरको राधाकृष्ण विद्यालय र डाँडाबजार धनकुटाको विद्यालयमा पढाएको कुरा गर्नुहुन्थ्यो। भगवती मा.वि. बाट बुवाले रिटायरमेन्ट लिनु भएको हो। बुवाले आफ्नो बाल्यकालको बारेमा मलाई यसरी सुनाउनुभयो। बुवाको ५ वर्षको उमेरमा आमाको स्वर्गवास भएको र आमाको स्वर्गवास भएको बेला आफू बारीमा खेल्दै गरेको अनि कसैले भनेर हेर्न आउँदा आमालाई बासको चितामा राखेर लान लागेको देखेपछि आफू रोएको र आमा विहीन भएको कुरा गर्नुहुन्थ्यो। बुवाले मलाई आफ्नी आमाको नाम चण्डीका देवी हो भनेर भन्नु भएको थियो। आफु १२ वर्षको हुँदा आफ्नो बुवा पदमलाल कोइरालाको स्वर्गवास भएको र १२ वर्षको हुँदा नहुँदा बुवा आमा दुबै जना गुमाएर टुहुरो भएको कुरा गर्नुहुन्थ्यो। बुवाले आदर्श माध्यमिक विद्यालय विराटनगरबाट एस.एल.सी. पास गरेको कुरा गर्नु हुन्थ्यो र त्यतिबेला नेपाली पढाउने शिक्षक लक्ष्मण शास्त्री सर हुनुहुन्थ्यो भन्नुहुन्थ्यो। पछि म महेन्द्र मोरङ कलेज विराटनगर पढ्न जाँदा लक्ष्मण शास्त्री सरले मलाई पनि पढाउन भ्याउनुभयो। यसरी नै एकताका मेरा श्रीमान् गिरिराज आचार्यले विराटनगर आदर्श विद्यालय पढ्दा लक्ष्मण शास्त्री सरले पढाउनुभएको रहेछ। आज पनि घरमा कुरा गर्दा कहिले कहिले साहित्यकार लक्ष्मण शास्त्री सरको कुरा हुन्छ।

हाम्रो विवाहको प्रसङ्ग पनि रोचक नै छ। हाम्रो फूलमाला भैसकेपछि हाम्री ठूलीफुपू (टीकादेवी बजगाइँ) ले एउटा ऐतिहासिक कुरा सुनाउनुभयो। त्यो

कुरा के रहेछ भने मेरो श्रीमान्‌को हजुरबुवा कुलप्रसाद आचार्यसँग मेरो फुपूको दोस्रो विवाहका कुरा चलेको रहेछ कारणबस मेरो विवाह भएन तर मेरी भदैनीको विवाह उनैका नातिसँग हुन गयो भनेर प्रसन्नता व्यक्त गर्नुभयो । यसै गरी हाम्रो विवाह प्रसङ्गमा नै मेरा जेठाजु टंकप्रसाद आचार्यसँग खनार निवासी भूदेवप्रसाद बाँस्तोलाकी ठुली छोरी सीतासँग कुरा चलेको हुनाले सीता दिदीको ठुलेबुवा (भानुप्रसाद बाँस्तोला)ले मेरो बुवालाई बोलाएर भन्नुभयो "नीरप्रसादजी तपाईं शिक्षणमा धरान बसिरहनु भएको छ। त्यहाँ मेरी भतिजीको विवाहको कुरा रामप्रसाद आचार्यको जेठा छोरा टंकप्रसाद आचार्यसँग चल्दै छ तपाईले घर हेरेर आइदिनु भन्नुभएको थियो र संयोगले एकदिन उनै रामप्रसादका साइँला छोरा गिरिराजसँग मेरो विवाह हुन लेखेको रहेछ । र त्यही भएर होला घर पहिला नै देखेको रहेछ भनेर बुवाले हामीसँग भनेका कुरा आज सम्झनामा लेखेको हुँ ।

मेरी आमा किरणदेवी कोइरालालाई म जेठी छोरी भएकी हुनाले घरबाट धूमधामसँग विवाह गर्न मन थियो । तर मेरा श्रीमान् गिरिराज आचार्यले मन्दिरबाट सामान्य समाजवादी तरिकाले विवाह गर्न प्रस्ताव राख्नुभयो र आखिर आमाको मन नभैनभै पनि मन्दिरबाट विवाह गर्नु परेकोमा जहिले पनि विस्मात मान्नुहुन्थ्यो र समय क्रमसँगै केही वर्ष बुवासँगै म पढ्न जान थालेपछि संयोगले म त्यही भगवती मा.वि.मासँगै पढाउन जानेआउने गर्थे । बुवा आमाका हामी चार (४) सन्तान हो म जेठी छोरी नीरजा दोस्रो मेरी बहिनी निर्जला तेस्रो मेरो भाइ निर्मल र सबै भन्दा कान्छो भाइ निकेश हो । हामी चारै जना त्यही भगवती हाइस्कूलमा पढेर हुर्केका हौं । मेरो बुवा नीरप्रसाद कोइराला शिक्षक हुनाका साथसाथै साहित्यकार पनि हुनुहुन्थ्यो । हामीलाई पनि कविता लेख्न भन्नुहुन्थ्यो र आफू पनि कविता पढेर सुनाउने गर्नुहुन्थ्यो । बुवा साहित्यकार भएको हुनाले साहित्यिक व्यक्ति पनि आउने जाने गर्थे ।

त्यसमध्ये कवि मान बज्राचार्य दाइ पनि हो। उहाँ त हाम्रो घरमा बराबर आउनुहुन्थ्यो र बुवासँग साहित्यिक चर्चा गर्नुहुन्थ्यो। अनि बुवाका लेख लिएर जानुहुन्थ्यो । आफ्नो किताबमा छपाउनु हुन्थ्यो । शशीप्रसाद बजगाइँ हाम्रो बुवाको भान्जा हुनुहुन्छ, उहाँले साहित्यिक सौगत त्रैमासिक पत्रिका प्रकाशित गर्दैआउनु भएको छ। आफ्नो साहित्यिक सौगातमा बुवाले दक्षिण भारत तीर्थयात्रा गरेको यात्रा संस्मरण प्रकाशित भएको छ। यसरी नै बुवाले लेखेका समसामयिक लेख तथा रचना बेलाबेला छापिने गरेका थिए। त्यसलाई किताबको रूपादी बाँकी नै छ। यसै गरी बुवाले कोइराला वंशावली पनि तयार गर्दै हुनुहुन्थ्यो। साहित्यकार

काका गोपालप्रसाद कोइरालालाई हेर्न दिनुभएको थियो । बुवा बराबर धार्मिक ग्रन्थ, ज्योतिषग्रन्थ हेर्नुहुन्थ्यो र उहाँलाई ज्योतिष देखाउन वरपरका व्यक्ति आउनेजाने गर्थे । बुवालाई बङ्गाली, हिन्दी र संस्कृत शब्दको ज्ञान थियो । बङ्गाली भाषाको रामायण पढ्ने गर्नुहुन्थ्यो । मलाई लाग्छ बुवालाई जे कुरा सोद्धा पनि बुवाले त्यो कुराको हल गर्दिनु हुन्थ्यो । त्यही भएर मलाई बुवा त एउटा ज्ञानको कोश नै हुनुहुन्थ्यो जस्तो लाग्छ । बुवालाई हिन्दी संस्कृत र बङ्गाली साथै अङ्ग्रेजी पनि राम्रोसँग आउथ्यो ।

बुवा परमधाम जानुभन्दा १ महिना अगाडि धरान मेरो घर आउँदा मेरा देवर लक्ष्मणप्रसाद आचार्य पनि यहाँ मेरा घर आउनु भएको थियो । दुबै जना आमने सामने भएर एकछिन गफ गर्नुभयो अनि देवर उठेर जानुभयो त्यसको २/३ घण्टा पनि नबित्दै देवर खस्नुभयो भनेर खबर आयो अनि मेरो बुवा भोलिपल्ट बहिनी निर्जला बस्ने बरमझियामा बहिनीको छोरोले लग्यो । त्यसको दुई हप्ता वीपी पछि बिरामी भएर वीपीमा आइ.सि.यु खाली छैन भनेर फकाईयो र बिराट नर्सिङ होममा भर्ना गराइयो । नसिङ होममा इलाज हुँदै गर्दा बुवाको होस् पनि आयो अब बुवालाई निको भएछ भन्दाभन्दै बुवाको २०७५ असार १२ गते स्वर्गारोहण भयो ।

मेरो आमाको माइती सप्तरी हो । उहाँ दुलालकी छोरी हो हजुर बुवाको नाम फणीन्द्रप्रसाद दुलाल र हजुरआमाको नाम वसुन्धरा दुलाल हो । आमा बुवा भन्दा सात वर्ष कान्छी हुनुहुन्थ्यो र बुवाभन्दा आठ वर्ष अगाडि नै परमधाम जानुभयो । समय क्रमसँगै हामी हुर्कदै गयौं । हाम्री आमालाई बढेका छोरीसँगै चिन्ता बढ्न थाल्यो र स्वभाविक पनि हो । अब विवाहको प्रस्ताव आउनथाले आमाले ज्योतिषी पनि देखाउनुहुन्थ्यो । आमाको मनमा आचार्य थरकालाई छोरी दिन्न भन्ने थियो तर समय र परिस्थितिले जुराए पछि हाम्रो प्रस्ताव आयो र यो प्रस्तावमा एका एक आमाको अडान फेरियो र दैवसंयोगले हाम्रो विवाह जुरायो । शिवरात्रीमा फूलमाला भयो भने बैशाख अक्षायतृतीयमा म घर भित्रे ।

हाम्रो विवाह भएपछि बुवा आमा बराबर आउनेजाने गर्नुहुन्थ्यो । एकपल्ट बुवा आमा आउनुभएको बेला आमाको मुख हेर्ने दिन परेको थियो र आमालाई मैले यथासक्य सेवा गर्ने मौका पाए । यसैगरी आउने जाने क्रममा एउटा माघे संक्रान्तिमा हामी आमा छोरीले तिलको लड्डु बनायौ । यी कुरा जहिले पनि सम्झनामा आइरहन्छ । समयको हिसाबले ६९-७० वर्ष केही होइन तर मेरी आमा ६९ वर्षमा गुमाउनुपऱ्यो । बुवा र आमा वैष्णव हुनुहुन्थ्यो । त्यसैले कसैले छोएको खानुहुन्नथ्यो । आमा गुमाएर बुवा एक्लो हुनुभयो । बुवाले आफ्नो धार्मिक

यात्राको क्रममा जगन्नाथ यात्राको प्रसङ्गमा मैले तिमीहरूको आमालाई जगन्नाथ मन्दिरभित्र सेतो पहिरन देखेको छु भनेर हामीलाई भन्ने गर्नुहुन्थ्यो । सायद उहाँको दृष्टिको एउटा तरङ्ग थियो के हो हामीले बुझ्न सकेनौं ।

साहित्यकार नीरप्रसाद कोइराला एक संस्मरण

सुनसरी इनरुवा निवासी साहित्यकार, शिक्षा सेवी, शिक्षक, इतिहासका ज्ञाता नीरप्रसाद कोइरालाको जन्म १९९० भाद्र १६ मा पिताजी चन्द्रप्रसाद कोइराला, र माताजी कौशल्या कोइरालाका कोखबाट भएको हो। उहाँको जन्म सुनसरी सदरमुकाम इनरुवामा भएको थियो। उहाँले आदर्श विद्यालय विराटनगरबाट म्याट्रिक पास गरेपछि महेन्द्र मोरङ क्याम्पसमा अध्ययन गर्नुभयो । फेडेरेशनको छात्रा सम्मेलनमा काठमाडौं जाने क्रममा उहाँले महाकवि लक्ष्मीप्रसाद देवकोटासँग सङ्गत गर्ने मौका पाएको कुरा लक्ष्मी सडकका कविता पत्रिकाको हकमा लेख्नुभएको छ । उहाँले भगवती हाइस्कुल इनरुवामा पचास वर्ष अध्यापन गर्नुभयो ।

इनरुवालाई हिरण्यकश्यपको राजधानी बताउनुहुन्थ्यो । उहाँले २०१२ सालमा काठमाडौं जाने क्रममा त्यो बेला रेलबाट गोरखपुर हुँदै जानुपर्थ्यो । त्यही क्रममा उहाँले गोरखपुर स्टेशनमा नेपालको बुढासुब्बा लेखिएको साइनबोर्ड सहितको मन्दिर देख्नुभयो र दर्शन गर्नुभएको कुरा पुस्तकमा अन्यत्र लेखेको छु । उहाँका भनाइमा सेनको राज्य विजयपुरदेखि कालागोला कटियार विहारसम्म भएको बेला गोरखपुरमा धरानको बुढासुब्बाको समाधी स्थापना गरिएको बताउनुहुन्थ्यो । उहाँले पूर्व-टाइम्स, लक्ष्मी सडकका कविता, भगवती मुखपत्रलगायतमा लेख्नुहुन्थ्यो । उहाँ अहिले इनरुवाको इतिहास लेख्ने क्रममा हुनुहुन्थ्यो । उहाँको बुवासँग मेरो परिचय उहाँलाई मैले सुनसरी साहित्य प्रतिष्ठानबाट प्रकाशित मोतीराम भट्टका जीवनी सङ्ग्रहमा भेटेको थिए। जहाँ उहाँ र मैले एकैसाथ मोतीराम भट्टको जीवनी प्रकाशित गर्‍यौं । कालान्तर उहाँ संयोगले २०४६ साल बैशाख २५ गते उहाँकी छोरी नीरजासँग मेरो दाम्पत्य जीवनको सुरुवात भयो र उहाँ ससुरा बुवा हुन पुग्नुभयो । हाम्रो विवाह अघि मेरो ज्वाइँ गंगा र एकनाथ तिवारीको इनरुवा चोकमा रहेको ठुलो घरमा मलाई हेर्न आउनुभयो र मैले पनि सोही दिन नीर जालाई सडकमा हिँडिरहेको बेला देखेको हुँ । हाम्रो शुभविवाह पश्चात् मात्र थाहा भयो नीरजाले त मलाई विवाह घरभित्र्याएको दिन मात्र देखेको थियो तर आज त्यस्तो जमाना छैन । पहिला बुवा र आमाले कुरा छिनिदिनुहुन्थ्यो तर आज केटा र केटीको फोन वार्ता, फेसबुकमा च्याट लगायत क्याफेमा गेट-टुगेदर हुनेगर्छ ।

मेरो ज्यादै समय काङ्ग्रेसको राजनीतिमा बित्नेगर्थ्यो र मेरो इनरुवा जाँदा आउँदा ससुराली घरमा चिया खाएर फर्किने गर्थें । तर ससुराली आवातजावत भइरहँदा पनि बुवासँग गहिरिएर गफ हुँदैनथ्यो । उहाँभित्र रहेका ज्ञानका बारेमा बेला बेलामा आउजाउ गर्दा सामान्य ज्ञान हुँदै गयो । साहित्यकार बुवा भएकाले बेलाबेला म उहाँसँग पुरानो कुरा खोतल्न थाले । उहाँले इनरुवाको गाउँ बसेको इतिहास बताउनु थाल्नुभयो । इनरुवामा जङ्गली फँडानी गर्दा महाभारतकालीन इनार बताउने गर्नुहुन्थ्यो । उहाँले धरान आउँदा खत्रीधारा सुलिकोट, भत्ताभुङ्गे दरबार, सर्दु सेउतीको कुरा गर्नुहुन्थ्यो । उहाँले इनरुवाको कुरा गर्दा भारत स्वतन्त्र भए पछि पाकिस्तान हालको बङ्गलादेशको भागबाट केही परिवार इनरुवामा आएर बस्न थाल्नुभएको बताउनुभयो । तिनै बङ्गाली परिवारमा साने बावु दिलबहादुर श्रेष्ठको कान्छी श्रीमती बङ्गाली विवाह गरेका रहेछन् र स्कुलमा पढाउँदा पञ्चायतकालीन नेता रवीन्द्र चक्रवर्ती र हालका वरिष्ठ अधिवक्ता वकिल विपुलेन्द्र चक्रवर्तीलाई पठाएको कुरा गर्ने गर्नुहुन्थ्यो । बुवाको इनरुवा घरमा आफ्ना साहित्यका नाता गोला भतिजी डा. सुशीला भण्डारी, ज्वाइँ डा.गणेश भण्डारी, बहिनी ज्वाइँ मानन्धर लावण्य सापकोटा, भाइ गोपालप्रसाद कोइराला र भान्जा शशीप्रसाद बजगाइँ रहेका छन् ।

उहाँको जन्म हुँदा सरकारबाट नयाँ वनजङ्गल फडानी गरी गाउँ नगर बनाउने गरेका थिए, राणा शासकले । यसरी हालको इनरुवा नगरपालिका त्यो बेला भर्खर जंगल फडानीबाट बजारमा परिणत हुँदै थियो । त्यसै बेलादेखिका साक्षी कोइरालाले इनरुवाका विषयमा धेरै कुरा प्रकाश पार्न सक्नु हुन्थ्यो किनकि उहाँका बुवा भोजपुरबाट धरान पत्रुङ्बारीमा घरबारी गर्दै हुँदै पछि इनरुवा जङ्गल फँडानीको ठेक्का पाउनेहरू मध्येका एक अगुवा हुनुहुन्थ्यो । त्यसपछि उहाँले धनकुटाको डाँडाबजार हाइस्कुलमा अध्यापन गरी इनरुवा स्थित भगवती मा.वि.मा पचास वर्ष भन्दा बढी अध्यापन गर्नुभयो । उहाँको निधनमा भगवती मा.वि. एक दिन सार्वजनिक विदा गरियो । साहित्यकार कोइराला इतिहास, संस्कृति र धार्मिक पुस्तकका ज्ञाता हुनुहुन्थ्यो । उहाँले बराबर इतिहासका प्रसङ्ग कोट्याउँदा सप्तकोशी नदीको प्रसङ्ग उठाउनुहुन्थ्यो । उहाँका अनुसार त्यस समय सप्तकोशी नदी इटहरी, इनरुवा आसपासबाट बग्ने गर्थ्यो पछि नदीले धार परिवर्तन गर्दै लगेको हो । उहाँले भगवान राम सीता लक्ष्मणले यो ठाउँमा भ्रमण गर्नुभएको भगवान कृष्ण महाभारतका पाँच पाण्डवले समेत यहाँ बस्नुभएको बताउनुहुन्थ्यो ।

साहित्यकार नीरप्रसाद कोइरालाले २०१२ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाबारेको सम्झनामा लेख्नुभएको छ। उहाँले २०१२ सालमा विराटगरबाट काठमाडौंमा अखिल नेपाल विद्यार्थी फेडरेशनको पहिलो ऐतिहासिक सम्मेलनमा भाग लिन जाँदा महाकवि लक्ष्मीप्रसाद देवकोटालाई भेट्नु भएकोरहेछ त्यो बेला काठमाडौंमा हिँडिरहेको अवस्थामा विराटनगरका त्रि-चन्द्र क्याम्पसका बी.ए. का छात्र उपेन्द्रनारायणलाल दाससँग भेट हुँदा उहाँ क्याम्पस हिँडेको भन्दै सँगै जान भन्नुभयो र कक्षा कोठामा सँगै लानुभयो । त्यहीँ कक्षाकोठामा पढाउन महाकवि देवकोटाले पढाउन थाल्दै हुनुहुन्थ्यो, उहाँको धाराप्रवाह प्रवचन सुनेर आफू मन्त्रमुग्ध भएको उल्लेख गर्नुभएको छ । उहाँले त्यसपछि महाकविसँग घरमै गफ गर्नुभएको प्रसङ्ग सगौरव उल्लेख गर्नु भएको छ । उहाँले इनरुवाबाट शशीप्रसाद बजगाइँको सम्पादनमा प्रकाशित हुने साहित्य सौगातमा आफूले धार्मिक यात्रा लेख्नुभएको छ जसमा भगवान जगन्नाथको उडिसामा दर्शन गर्न जाँदा आफ्नी प्राणप्यारी श्रीमती किरणदेवीको मन्दिरभित्र सेता लुगा लगाएका अवस्थामा देख्नुभएको कुरा उल्लेख गर्नुभएको छ । त्यो स्वर्णिमआत्मा कसरी भगवान जगन्नाथसँगै देखिनुभयो त्यो उहाँको भ्रम थियो कि विपनामै सपना पो थियो ? उहाँले देखेको साक्षात प्रतिमा उहाँको आफ्नै विश्वासले बताउला । सर कोइरालासँग अनगिन्ती धार्मिक, सांस्कृतिक, इतिहासको अनुभव भएकाले आफ्नो जीवनको स्कुलबाट निवृत्त भएपछि पुस्तक लेख्ने गरेको बताउनुहुन्थ्यो । उहाँ ज्योतिषमा पनि दख्खल राख्ने भएकोले उहाँका घरमा हात देखाउने टिपन बनाउने, टिपन देखाउने जत्थाको भीड लाग्ने गर्थ्यो ।

उहाँ धार्मिक प्रवृत्तिको हुनुहुन्थ्यो । उहाँले इनरुवाको विकासमा योगदान दिन मानवीय सेवाका लागि नेपाल रेडक्रस सोसाइटी इनरुवाको ब्लडबैंक स्थापना गर्न ६५ हजार प्रदान गर्नुभएको थियो । उहाँले चतरामा मठमन्दिरको निर्माणमा रु. ५० हजार, सुनसरी दाहसंस्कार घाट निर्माणका लागि रु. ५ हजार प्रदान गर्नुभएको कुरा बताउनुहुन्थ्यो ।

नाताले उहाँ मेरो ससुरा भएकाले हाम्रो बराबर ससुराली घर जाँदा होस् या उहाँ छोरीका घरमा आउँदा सँगै साहित्यिक विचार विमर्श हुन्थ्यो । एक प्रसङ्गमा उहाँले सन् १९४७ मा भारत विभाजन हुँदा शरणार्थीको ठूलो संख्या सुनसरी इनरुवामा बस्न थालेको बताउनुहुन्थ्यो । बुवालाई श्वासप्रश्वासको कारणले निमोनिया भएको थियो । उहाँ ८५ वर्षको हुनुहुन्थ्यो । यस्ता नीरप्रसाद कोइराला हामीबीच रहनुभएन । उहाँको गत २०७५ असार १२ गते विराटनगर नर्सिङ होममा उपचारका क्रममा असामयिक निधन भयो ।

साँझको बेला

संस्मरण : १

म विद्यार्थी थिएँ । त्यसबेलाको कुरा हो, जुन बेला म आदर्श विद्यालय, विराटनगरमा कक्षा ६ मा पढ्दै थिएँ । एक दिनको कुरा हो, म विराटनगरबाट मेरो घर इनरुवा आउँदै थिएँ । हिडाइँ अबेलाको थियो । आधा दिन ढलिसकेको थियो । केहीबेरको हिँडाइपछि बुढी खोला तर्नु थियो । घाम अस्ताउन आँटेको थियो । सहसा म रोकिएँ । मैले फर्केर खोलालाई हेरेँ । त्यहाँ अनौठो दृश्य देखें । सूर्यले आफ्नो प्रज्ज्वलित किरणबाट त्यो खोलालाई यसरी रँगिलो बनायो कि त्यो लालसागरझैं देखिन लाग्यो । म त्यो दृश्य हेर्न केन्द्रित थिएँ ।

अकस्मात् मेरो दाहिनेपट्टि रहेको खोला किनाराको जङ्गलमा दुई किसिमका आवाज आएको सुनें, एउटा बाघको गुर्र आवाज, एउटा बँदेलको घुँक्कघुँक्कको आवाज । यी दुबै आवाज परिचित जन्तुका भएको र मतिर क्रमशः बढ्दै गएकोले मेरो सातो उड्यो र मैले भएभरका देवताको नाउँ लिएँ, बाँचुलाँ कि भनेर, पलभरमा मेरो छेउमा आएर बँदेल म भए भएको गाछीलाई आफ्नो दाह्रा घसाउँदै त्यसको बाहिरी बोक्रालाई चिर्दै अगाडि कुद्यौं, वीर आउने बाटो गाछीले अवरोध गरेकाले होला, उसले त्यसलाई सजाय गरेको मैले भन्ठाने, हेर्दाहेर्दै बँदेल खोलामा ड्वाम्म हाम फाल्यो र खोला पारिबाट राता आँखा पल्टाउँदै मतिर हेरेको जस्तो मलाई लाग्यो तर यो होइन, उसले आफ्नो वीरतामा गौरव गरेको रहेछ र शत्रुको पर्खाइमा रहेको रहेछ भनेर सम्झें । जब कि केही बेरपछि नै मेरो छेउमा बाघ गर्जिंदै आयो र बँदेलतिर घोरिएर हेऱ्यो र मलाई हेरेर एउटा ठूलो गर्जना गऱ्यो त्यसले मेरो मुटुको स्पन्दन केही बेरका लागि रोकिएझैं लाग्यो । त्यसपछि मैले के देखें भने ऊ खुशी भएर यो मानिरहेको थियो, अहो मेरो शिकार बँदेल यहाँ रहेछ, हेर्दाहेर्दै उसले पनि र बँदेलतिर जान त्यो रक्तिम खोलामा छलाङ लगायो एकछिनमै खोला गहिरो पानीभित्रको दलदलमा भाँसिदै थियो र आखिरमा ऊ मृत्युसँग अङ्कमाल गर्न पुग्यो । तर आफ्नो अन्तिम सास त्याग्नुभन्दा पूर्व उसले भन्यो, योभन्दा राम्रो मृत्यु मेरो भाग्यमा हुन्थ्यो कि हुँदैनथ्यो तर आज म मृगतृष्णामा फँसेर संसार छोडिरहेको छु । पारिबाट बँदेल यो दृश्य हेर्दै थियो । छिनभरमा माथि पानीमा पौडिएको बाघको निप्राण शरीरलाई उसले देख्यो दुःख वा पछुतोले होला बँदेल घुँक्क तीन चारपल्ट गयो र खोला किनारको दाहिनेतिर लागेर बाघ मेरो आँखाका ओझल भयो । मैले पनि ठूलै कुरा बुझें, भाग्यले म बाँचे र दाहिनेबाटेबाट खोला तरेर घरतिरको बाटो लागें, झमक्क साँझ परेको थियो ।

संस्मरण : २

एउटा गाउँको पूर्वतर्फ धेरै टाढासम्म फैलिएको धान खेत थियो । खेतीवालले आफ्नु आफ्नो खेत छुट्याउन पानी रोक्न गरा बिराएका थिए । कुनै एउटा खेतको कुनाको गराको पुवालमा एउटा विषालु साँप बस्थ्यो । ऊ आफ्नो शक्ति प्रयोग गरेर सफलता पाएकाले ऊ शक्तिका कारण शक्तिले नै पागल बनेको थियो ।

हिउँदको दिन थियो खेतभरि गाडा नै गाडा थिए । गाडावाल धानका नरुवा आ-आफ्ना गाडामा राख्न लागिरहेका थिए । त्यो सैतान साँपले आफू बसेको प्वालबाट यो दृश्य देख्यो । उसले आफ्नु मनमा सोच्यो "यी गाडा हिँडेपछि यिनलाई रोकेर पल्टाइ दिन पाए त आफ्नु पुरुषार्थको महत्त्वपूर्ण प्रयोग हुन्थ्यो । तर भारी गाडीलाई रोक्नु र पल्टाउनु त केटाकेटीको खेल होइन । उसले तत्काल एउटा उपाय निकाले । ऊ भ्यागुतासँग मद्दत माग्न गयो र भन्यो "मेरो एउटा ठुलो ट्याकटर यो मौन बनेर बसी पूरा हुँदैन यसैले तिमी जस्ता कुशल तबला बाधकलाई खोज्दै आएको हुँ । "केही बेला भ्यागुतो गम्भीर बन्यो, भ्यागुताको प्राकृतिक शत्रु साँप हो, यसले आहार बनाउने उपाय रचेको हो कि, भ्यागुतो चूप लागेको देखेर साँपले भन्यो "तिमी मेरो बीच जन्मजात शत्रुता छ, यसैले तिमी चूप लागेका हौला तर कुरो त्यो होइन आज मित्रता गाँस्ने र आफ्ना जातिमा यो भय मुक्त हुने सुनौलो अवसर आएको छ । यो सदा सदा मित्र बनिरहने समय नगुमाउ, म प्रतिज्ञा गर्छु मित्र बन्ने । साँपको यो कुरा सुनेर भ्यागुता सरक सर्क्यो । भ्यागुताले साँपलाई आफ्नु कामबारे सोध्यो । साँपले भन्यो जब यी गाडी नजिक आउँछन् तब तिमी आफ्नो बाजाको स्वर खोल, नभन्दै गाडी हिँडे भ्यागुतोले ठुलो स्वरमा आफ्नो बाजाको ताल खोल्यो ।

भ्यागुताको स्वरतालमा आफ्नो फँडा फिजाइ नुतान्त आनन्द विभोर भयो । आफ्नो काम र वचन दुबै बिर्स्यो र उसको फँडा माथिबाट गाडाको चक्का कुद्यो अनि साँप पर्लोक भयो । भ्यागुतोले शत्रुमाथि विजय पायो । गाडीवालको जीवन बाच्यो घमण्डीको घमण्ड चूर भयो ।

* * *


शुकदेव
पत्नी: गंगादेवी
राधाकृष्ण
पत्नी : तुलसादेवी
देउऋषि
पत्नी: नर्वदा
श्रीहर्ष
रामचन्द्र
नरपति
पत्नी: छविमायाँ
ज्योतिश्वर
पत्नी:चन्द्रकलादेवी
गजाधर
पत्नी: सुभद्रादेवी
मकरध्वज
पत्नी : (१) नर्वदा
(२) दीर्घमाया
गोपिलाल
पत्नी : लक्षिमा
गंगाधर
पत्नी:(१)भागीरथा
(२) वसुन्धरा
कृष्णलाल
पत्नी : शिवकुमारी
लक्ष्मीकान्त
पत्नी : छेत्रमाया
धनपति
पत्नी : जमुनादेवी
बलभद्र
पत्नी : कृष्णमायाँ
चिन्तामणी
(छविलाल)
कुलप्रसाद
चन्द्रकुमारी
इन्द्रकुमारी
वेदकुमारी
(क) लिलादेवी
(यसोदादेवी)
(ख) अम्बरादेवी
(क) कदलीमायाँ
दाहाल
(ख) जनमायाँ
पोखेल
(ग) भिमकुमारी
अधिकारी
भैरवप्रसाद
भीमप्रसाद
हृदयराज
लेखराज
राजेन्द्र (गङराम)
भक्तराज (रोहित)
यथानाम
(नाम पत्ता नलागेको)
भद्रशिला
गैनकुमारी
महेन्द्रकुमारी
यज्ञकुमारी
नन्दकुमारी
माधवप्रसाद
केशवप्रसाद
कालिकाप्रसाद
रामप्रसाद
च्यवनप्रसाद
शेषराज
राजेन्द्रप्रसाद
धनन्जयकुमारी
पशुपतिनाथ
दीनानाथ
शेखरप्रसाद
डम्बरकुमारी
(सुशिला)
शान्ता
दुर्गा
गीता
अंजना

परिच्छेद पाँच
प्रतिबन्धित साहित्य

जन-उदयलाई सरसर्ती हेर्दा

- प्रा.डा. दयाराम सम्भव

'जन-उदय' नाटक ऐतिहासिक विषयवस्तुमा आधारित छ । २००७ सालको क्रान्तिको नेपाली जीवनमा अनेक दृष्टिकोणबाट महत्त्वपूर्ण छ । प्रस्तुत नाटकले यस महत्त्वपूर्ण क्रान्तिको राजनीतिक पक्षको सजीव चित्रण गरेको छ । अतः यस नाटकको अध्ययनबाट हामी एकातिर २००७ सालको क्रान्तिको पृष्ठभूमि तथा प्रजातन्त्रको उदयका कारण स्पष्टसँग थाहा पाउन सक्तछौं भने अर्कातिर राणाकालमा नेपाली जनतामाथि भएको दमन र अत्याचारबारे यथार्थ कुरो थाहा पाउन सक्तछौं । अतः नेपालको राजनीतिक इतिहासको सेरोफेरोभित्र यो नाटक फैलिएको पाइन्छ र यही नै यस कृतिको मूल्य पनि हो ।

राणाकालीन नेपालको इतिहासले बताएझैं यस कृतिमा पनि आचार्यज्यूले के देखाउनु भएको छ भने राणाकालमा देशका प्रबुद्ध किंवा चेतनशील वर्गप्रति शासकवर्गले पाशविक व्यवहार गर्‍यो । यसै कुरालाई प्रमाणित गर्नका लागि उहाँले कृष्णप्रसाद कोइराला, तुलसीमान, कृष्णलाल गेहेन्द्र, तुलसी मेहर, चन्द्रमान मास्केजस्ता पात्रलाई सजीव रूपमा उभ्याउनु भएको छ । राणाकालीन पृष्ठभूमिमा मकैपर्व तथा लाइब्रेरीपर्वका कुराका प्रतीक थिए भन्ने तथ्यको जानकारी पनि प्रस्तुत नाटक पढेपछि स्पष्टसँग थाहा पाउन सकिन्छ । वास्तवमा राणाकालमा मध्यमवर्गीय चेतनाले जुन विद्रोहरूप लिइरहेको थियो, त्यसले राणातन्त्रको अन्त्य गर्नमा कुन भूमिका खेल्यो भन्ने ऐतिहासिक तथ्यको उद्घाटन यस नाटकमा सविस्तार गरिएको छ । साथै यस नाटकमा राष्ट्रपिता श्री ५ त्रिभुवन साथै जनआन्दोलनमा सक्रिय रूपले समर्पित नेताका महत्त्वपूर्ण कार्यमाथि प्रकाश पारेको छ । सम्बद्ध घटनालाई नाटकका रूप दिइएको हुँदा यो नाटक निकै रोचक, सरस र प्रभावकारी भएको छ ।

ऐतिहासिक नाटकका आफ्नै सीमा हुन्छन्- अनुशासन हुन्छन् । कल्पनाको प्रयोग यथेष्ट गर्ने प्रावधान नरहँदा नरहँदै पनि यस्ता कृतिमा कल्पनाको प्रयोग

गरिएकै हुन्छ । अन्यथा कृति इतिहासभैंm निरस बन्दछ । गिरिराज आचार्यज्यूले आफ्नो 'जन-उदय' नाटकलाई निरस हुनबाट जोगाएका छन् । किनकि यथास्थान कल्पनाको प्रयोग गर्न उहाँ चुक्नु भएको छैन । गोपालप्रसाद रिमाल कवितामा उद्धृतांशले गर्दा मात्र होइन यथास्थान ऐतिहासिक अभिलेखको पनि प्रयोग गरिएको यो नाटक निकै पठनीय भएको छ । दृश्यको जीवन्त चित्रण यसमा प्रशंसनीय छ । तर ठाउँ-ठाउँमा पाइने छोटा छोटा दृश्यले भने कहिले कता अपूर्णताको बोध गराउँछ । यसरी नै कहीँ कहीँ नाटकका आचार्यज्यू इतिहासप्रति वढी सचेत हुनु भएको अनुभव हुन्छ । तर यो कुरा अतिरिक्त पनि समग्रमा यो नाटक महत्त्वपूर्ण किन छ भने यसमा नेपालको इतिहासको एक पृष्ठलाई कलात्मक ढङ्गमा उतारिएको छ । नाटकको उत्साह प्रशंसनीय छ । म विषयमा उहाँको कलमले झन् कलात्मक तथा परिष्कृत उपलब्धि हासिल गरोस भन्ने शुभकानमा छ ।

* * *

जन-उदय नाटकका यी पक्ष

- अशेष मल्ल

'जन-उदय' पढ्दै जाँदा नाटकभन्दा ज्यादा एउटा इतिहास पढिरहेको अनुभव हुन्छ। यो पूर्णताः ऐतिहासिक नाटक हो। राजा त्रिभुवनको जन्मदेखि सातसालको क्रान्तिसम्मको समयावधिलाई 'जन-उदय' मा समेटिएको छ। यो लामो समय एउटा छोटो नाटकीय उपयुक्त छ छैन या हुनु ठीक हो होइन एउटा छलफलको विषय हुन जान्छ। नाटक खास गरी साहित्यका अन्य विधाभन्दा फरक किन हुन्छ भने यसमा पूर्णत कला हुन्छ। व्याख्या र वर्णन मात्रले नाटकको निर्माण हुँदैन, यसैले मलाई त के लाग्दछ भने नाटकलाई साहित्यकै मात्र विधा हो भन्नपनि हुँदैन यसको छुट्टै महत्त्व छ। जे होस 'जन-उदय' भित्र त्यो पक्ष छ कि छैन यस क्षणको मेरो चासो भएको छ। छलफल गरौं।

'जन-उदय' नाटक हो। यसमा सन्देह छैन। तर इतिहासको तथ्यलाई बढी महत्त्व दिइने क्रममा लेखकले कला पक्षलाई कुनै कुनै ठाउँमा केही कमजोर पारेका छन्। नाटकको आफ्नै ढङ्ग र आफ्नै सिद्धान्त हुन्छ। ठाउँ ठाउँमा त्यसलाई नाघेर इतिहासले आधिपत्य जमायन खोजेका अनुभव हुन्छ। एक दुईवटा उदाहरणः

पृष्ठ १६ मा दृश्य ५ को अन्त्यमा श्री ३ चन्द्र र राममणिका बीचमा रातभर गफ चलिरहन्छ भनिएको छ। त्यो रातभर के गफ चल्यो ? नाटकले दृश्य खोज्छ वर्णन होइन। यस्तै पृष्ठ २१ दृश्य ६ मा "... हुन पनि उनी बेलायतबाट आएपछि उनको दरबारी शान रहन सहनमा अङ्ग्रेजियत हुँदै गएको छ आफ्नो देशको राष्ट्रियता भुलाइ रहेछन्। हुन पनि राणा प्राइम मिनिस्टरमा सर्वप्रथम म्याट्रिक पास गर्ने यिनै हुन् र ...."। यहाँ पनि इहिासमा झैं वर्णन छ। यस्तै पृष्ठ ३३ दृश्य १ मा... श्री ५ महाराजधिराज त्रिभुवनकी दुइटी शाहज्यादी पनि स्वर्गे भएको चर्चा चल्न थालेको छ ....।' पृष्ठ ३६ दृश्य ५ मा राणा शासनलाई उन्मूलन गर्न

गठित समितिको वर्णन पृष्ठ ४६ मा श्री ३ जुद्ध चारधामतिर लागेको, पृष्ठ ६२ राणाशाहीको विरोधमा जहीं त्यही सभा र जुलुस भएको पृष्ठ ६६ श्री ५ हरू दिल्लीबाट काठमाडौं सवारी भएको आदि प्रसङ्गलाई दर्शकले कसरी बुझ्ने एउटा ठूलो कमजोरी मैले यसैलाई मानेको छु । यो यस्ता विषय हुन् जसलाई मञ्चमा देखाउन सकिँदैन । लेखकलाई नाटक लेख्न भन्दा इतिहासको तथ्य प्रस्ट्याउने बढी मोहले छोएको देखिन्छ । यस पक्षलाई छाड्ने हो भने धेरै कुरा अधुरो हुन जान्छ । कथा जुन रूपम बढ्दै गर्न सकिन्छ । दृश्य शुरू हुने हरेक ठाउँमा सुधारको प्रवेश गराएर उनको मुखबाट त्यो पक्षलाई बोलाउन सकिन्छ । नाटकमा सम्पादकको अति नै महत्त्व हुने भएकाले यस्ता कमजोरीलाई हटाउन अनिवार्य ठान्दछु ।

पाठ्य रूपमा 'जन-उदय' अत्यन्तै रोचक लाग्दो छ । पढ्न थालेपछि अन्त्य नगरी छोड्न मन मान्दैन । इतिहास पढ्दा लाग्ने झर्को यसमा छैन बरू उल्टो मीठास छ, पढिरहुँजस्तो ।

नाटकमा तीन कुराको अत्यन्तै महत्त्व हुन्छ (१) गति, (२) संयोजन, (३) चित्रात्मकता गति नाटकको ज्यान हो 'जन-उदय'मा गति बग्दो छ । तर माथि भनिएझैं ठाउँ ठाउँ मा व्याख्याा नभएर सम्वाद हुनुपर्ने हो । शुरूदेखि नै कथामा गति आइरहेकोछ, तर हरेक दृश्य छोटो छोटो भइदिएकाले मञ्चनको दृष्टिले केही कठिन लाग्दो छ ।

संयोजनको दृष्टिमा नाटक एकदमै सफल छ । नाटकको मूल ध्येयलाई संयोजित ढङ्गमा प्रस्तुत गरिएको छ । नाटकको संयोजनलाई बढी मजबूत र प्रभावशाली बनाउन लेखकले छोटो छोटो घटनालाई पनि समेट्ने प्रयास गरेका छन् । नाटकको मुटु या मूल कडीका रूपमा पृष्ठ ५६ दृश्य ६ को सिंह दरबार बेलायती बैठकमा विश्वेश्वर र श्री ३ मोहन बीचको सम्वाद अत्यन्तै प्रभावशाली छ । यसको संयोजन नै वास्तवमा नाटकको पूर्ण अध्ययलाई क्लाइमेक्सको रूपमा लिएको छ । यो दृश्य झिकिदिने हो भने नाटक लङ्गडोको हुन्छ, नाटकको गतिलाई यसको संयोजनले निकै टेवा दिएको छ ।

चित्रात्मकता भनेको दर्शक या पाठकले अनुभव गर्ने साङ्गो पाङ्गो स्थिति हो । पात्रको उपस्थिति, दृश्य संयोजनको प्रयोग, प्रकाश, ध्वनि र सङ्गीतको प्रयोग नै खासमा चित्रात्मकता हो । 'जन-उदय'मा नेपथ्यको प्रयोग गरेर केही गति दिन खोजिएको छ । र दृश्य संयोजनको दृष्टले क्षण क्षणमा धेरै दृश्य परिवर्तन गरिरहनुले मञ्चन पक्षमा केही कमजोरी आभास भएको छ । नाटक पढ्दा जति

रोचक लाग्दो छ मञ्चनमा आउँदा यही पक्षले गर्दा दर्शकलाई पट्यार लाग्न सक्तछ । त्यो चित्रात्मकता अझै कम्प्याक्ट हुनुपर्ने थियो ।

'जन-उदय' लाई नाटकमा भन्दा सिनेमा बनाउन बढी सजिलो देखिन्छ । किनभने नाटकको दृश्य संयोजन, गति र चित्रात्मकताभन्दा बढी सिनेमा स्क्रिप्टको यो नजिक पुगेको छ । यो पढ्दै जाँदा कुनै सिनेमाको स्क्रिप्ट पढिरहेको अनुभव भइरहन्छ । सिनेमा र नाटकमा के फरक हुन्छ भने नाटकको एउटै दृश्य लम्बिँदै गएको हुन्छ तर सिनेमामा 'कट सिस्टम' हुन्छ । यो 'कट सिस्टम' 'जन-उदय'को ठाउँ ठाउँमा पाइन्छ । मूभी क्यामेराको क्लोज अप, क्लोज सट, मिडियम सट,लाई प्रयोग गरिएको आभास पाइन्छ । नाटकमा क्यामेरा भन्नु नै दर्शकको आँखा हो त्यसको लेन्स मिलाउन मिल्दैन आँखाको हेराइ एउटै स्थितिमा अडेको हुन्छ भने सिनेमामा क्यामेराको लेन्सको आँखाको हेराइमा फरक फरक पर्दै गएको हुन्छ ।

'जन-उदय' मा हरेक चरित्र त्यतिकै महत्त्वपूर्ण छन् तर पनि केही चरित्रले मूल भूमिका खेलिरहेका छन् । त्रिभुवन, चन्द्रशमशेर, जुद्ध, विश्वेश्वर, मोहन आदि । त्रिभुवनको विशाल चरित्र नै नाटकको मूल चरित्र हो । बाल्यकालदेखि खास उमेरसम्मको उनको चरित्रलाई मञ्चमा देखाउन निकै समस्या देखापर्दछ । काल क्रमिकताको यो लामोपनलाई नाटकमा प्रस्तुत गर्न प्रकाश र ध्वनिको साहारा लिनु आवश्यक हुन्छ । नाटकमा कतिपय दृश्य अवम्भव नै छन् । रानीपोखरीमा हामफाल्नु, सिंहदरबारमा जुलुस आएर खुलामञ्चमा जम्मा हुनु बार्दली र कौसीमा मान्छे खचाखच देखिनु आदि तर यी पक्षलाई निर्देशन पक्षद्वारा प्रतिकात्मक रूपमा मञ्चित गर्न सकिन्छ ।

साहित्यका प्राय: सबै नै विधामा हात चलेका गिरिराज आचार्यको यो नाटकमा मञ्चन पक्षको हिसाबमा मैले कतिपय अप्ठ्यारा प्रसङ्ग उभ्याएँ तर गिरिराजले एउटा सिंगो र जाग्दो ऐतिहासलाई इतिहासकै रूपमा यो उपन्यासको रूपमा नढालेर नाटकका ढाल्ने जुन हिम्मत गर्नुभयो त्यो स्तुत्य छ । यसलाई इतिहास वा उपन्याासमा ढाल्न सजिलो पर्थ्यो तर नाटकमा सम्वादको साँगुरो घेरामा इतिहासको त्यो लामो विषयलाई अटाउनु सजिलो काम होइन । गिरिराजलाई यस दृष्टिले जति धन्यवाद दिए पनि कम हुन्छ । अहिलेसम्म नेपाली ऐतिहासिक नाटकको नाममा लेखिएको विषयभन्दा यो छुट्टै छ र यसको महत्त्व के भने इतिहासमा उल्लेख हुन नसकेका वा अल्मलिएका विषय पनि यसमा कलात्मक रूपमा चित्रित छ यस्तो कि चन्द्रमान मास्केको प्रसङ्ग , विश्वेश्वर र मोहन शमशेरको प्रसङ्ग आदि ।

अरू धेरै कुरा पछि कुनै बेला, अँ एउटा कुरा के भने यस नाटकमा निर्देशनको भूमिका अत्यन्तै प्रबल हुन सक्तछ र निर्देशनको निकै इम्याजिनेशनको आवश्यकता यस नाटकलाई पर्दछ ।

* * *

जन-उदय नाटकको विमोचनमा धरपकड

धरानको प्रसङ्ग मेरो जन-उदय नाटकको हो । २०४१ साल भदौ २४ गते वीपी जयन्तीका दिन धरान पब्लिक हाइस्कुलमा मेरो पुस्तक जन उदय नाटकको विमोचन पण्डित छविलाल पोखरेलबाट हुने तयारी थियो ।

पुलिसले स्कुल प्रवेशमा रोक लगायो, गेट बन्द गऱ्यौ । हामीले व्यानर गेटमा लगायौ । फोटो खिचायौं । व्यानरको छेउम सेतो कुर्तामा म उभिएको त्यहीबेला मलाई पुलिसले पक्राउ गऱ्यो । पुस्तकका प्रकाशक हरिनाथ बाँस्तोलाका बुबा दीनानाथ बाँस्तोला हुन् । पुस्तकको भूमिका डा. तुलसी भट्टराईले लेखेका हुन् । बाँकी कुरा डा. गोपाल भण्डारी मेरो हिजोको पोस्टमा लेख्छन्, 'हिजो मेरो भाइ रामचन्द्र भण्डारीले अमेरिकाबाट फोन गरेर गिरिराजको जन-उदय नाटकको विमोचन कार्यक्रममा भाग लिन पब्लिक हाइस्कुल अगाडि भेला हुँदा प्रहरीले आफू र भाइ गोकुल भण्डारीलाई लाठीचार्ज गर्न लाग्दा भागेर उम्किएको गिरिराज दाइलाई पक्राउ गरेको रोमान्चक संस्मरण सुनाए । हामी भाग्दै गरेको फोटो हर्ष दाइसँग होला पठाइदिनु भन्दा म झसङ्ग भएँ । करै लागेर मैले भनें-बाबु गिरिराजजीलाई अहिले वडाकै चुनावमा हराइदिए । हामी लाठीचार्ज, प्रहरी दमन खपेका मानिस अब काम नलाग्ने भयौं । डेट एक्स्पाएर भयौं भनेर जबाफ दिँदा मेचबाट खसेजस्तै भए । उनले भारी विवाद गर्न लागे । उनले भने धरानमा अब काङ्ग्रेस ओरालो लागेछ । गिरिराज दाइजस्तो क्रान्तिकारी, जुझारु र त्यागी नेतालाई नचिन्नु खास कुरा हो विरक्त लागेर उनले फोन काटिदिए । मैले वीपी कोइरालाका साहित्यिक विचारमा सबै कुरा समावेश गरेको छु ।

जय नेपाल । जय नेपाल । पञ्चायत कालमा वीपी साहित्य क्याम्पसमा पढाइहुन्थ्यो । तर वीपीको चर्चा गर्न प्रोफेसर डराउथे । त्यो बेला जन उदय नाटकको असली हिरो वीपी २००७ सालको जनक्रान्तिका नायक थिए ।

हो यही हो पञ्चायती विरुद्धको कलमको सिपाही मेरो उर्जा । नाटकका पात्र हिन्दीका लेखक फणीश्वरनाथ रेणु, कवि धरणीधर, कवि गोपालप्रसाद रिमाल । पुराण भन्ने कविप्रसाद गौतम गीतकार रानुदेवी रेडियो नेपालका संस्थापक तारिणीप्रसाद कोइराला लगायत हुनुहुन्थ्यो । तर प्रजातन्त्र आएपछि यो नाटकको लेखक गह्रायो, अहिलेसम्म ओझेलमा रहेको अमेरिकाबाट हिजोको रामचन्द्र भाइको पोस्टले मलाई फेरि उक्सायो ।

१३ अगस्त १९८९

* * *

प्रतिबन्धित साहित्य

गिरिराजजी, तपाईंकी रजनीलाई मैले यसरी चिनें

डा. दयाराम श्रेष्ठ
नेपाली विषय केन्द्रीय विभाग प्रमुख

प्रिय गिरिराजजी

तपाई आफ्नो कवितासङ्ग्रह 'मेरी रजनी' २०४३ साल पौष महिनामै प्रकाशित गरिसक्नु भएको रहेछ । तर यही साल वैशाख ३० गतेका दिन मात्र तपाईको त्यो कृति मेरा हातमा पऱ्यो । तपाई पत्याउनु हुन्छ ? त्यही दिन राति १२ बजेसम्ममा मैले तपाईको सबै कविता पढी सिध्याएको थिएँ । किन ? म मा एउटा उत्सुकता थियो । त्यो के भने समग्रमा तपाईभित्रको कवि कस्तो होला भन्ने जान्ने इच्छा थियो । कविता पढिसके पछि मैले मेरो स्मृतिपटमा टिपेका टिपोट यहाँ उल्लेख गर्दैछु । कृपया यो ठान्नु होस् यो समालोचना नभएर पाठक प्रतिक्रिया हो ।

सबभन्दा पहिलो कुरो त के भने आफ्ना धेरैजसो कवितामा तपाई राजनीतिक रूपले अति सचेत बौद्धिक कविका रूपमा देखिनु भएको मैले पाएँ । मलाई निश्चित रूपमा थाहा छ तपाई जेल पर्नु भएको अथवा पक्राउ पर्नु भएको कुरो मैले निकैपटक सुनेको छु । राजनीतिलाई नछाडिकन साहित्य निरन्तर लेखिरहन सक्ने तपाईको क्षमता साँच्चै नै प्रशंसनीय छ । मलाई थाहा छैन साहित्य र राजनीतिलाई तपाईले कसरी सम्बद्ध गरेर हेर्नु भएको छ तर तपाईका कवितामा पढ्दा चाहिँ तपाईले साहित्य र राजनीतिलाई एकदम सन्निकटमा राख्नुभएको लाग्यो । साहित्यबाट राजनीतिको कुरा गर्ने जुन सीप तपाईले अँगाल्नु भएको छ त्यो हेर्दा म त विस्मित नै भएँ । सम्भवतः तपाई आफूभित्रको राजनीतिक असन्तुष्टि र नैराश्यलाई कवितामा हालेर सन्तोषको लामो सास फेर्नु हुन्छ अथवा तपाईभित्र जुन कुण्ठाले पीडा दिएको छ त्यसलाई विद्रोहका रूपमा अभिव्यक्त गरेर सारा वातावरणलाई नै विद्रोहमय तुल्याउन खोज्नु हुन्छ । यसकारण यस्ता कवितामा तपाईका अनुभूति केवल तपाईका मात्र भएका छैनन् । सार्वजनिक भएर सबैका मन मस्तिष्कलाई हल्लाउन पुगेको मन

गिरिराजजी । तपाई कलाकार पो हुनुहुँदो रहेछ । तपाईसँग भावना र संवेग मात्र छैन, बौद्धिक चिन्तनको गहिराइ पनि रहेछ अतः मैले भने नि तपाईका कविता पढेर म साँच्चै नै विस्मित भएँ ।

जेलभित्र बसेर रचना गर्नुभएका कविता अत्यन्त मीठा छन् । 'पर्खाल' पढेर म कुन अनुभूतिसँग साटिन पुगे त्यो म खै कसरी व्यक्त गरुँ । 'बन्दीगृह'ले मारेको झट्कालाई पनि खै म कसरी व्यक्त गरुँ ? जेलभित्र थुप्रै कविता लेख्नुभएछ मैले त भानुभक्तलाई सम्झें । अँ साँच्चै त तपाईले 'भानु तिमीलाई मेरो बन्दी सलाम' मा साँच्चै नै कमाल लेख्नुभएको छ ।

गिरिराजजी तपाई व्यङ्ग्य हान्न निकै सिपालु हुनुहुँदो रहेछ। अरू पनि धेरै कवितामा तपाईले यो अव्यवस्थित स्थिति र सामाजिक तथा राजनीतिक कमजोरीप्रति गजबले व्यङ्ग्य हान्नु भएको छ। मान्छेलाई व्यङ्ग्य हान्नुपर्दा वरपरको सम्पूर्ण विकृत तथा हीन परिवेशलाई नै चित्रवत प्रस्तुत गर्ने तपाईको प्रवृत्ति रहेछ । यो तपाईको आफ्नो विशेषता हो भन्ने ठान्दछु म । यस प्रवृत्तिलाई तपाई अरू विकसित र सबल बनाउँदै लैजानुहोस् ।

तपाईले आफ्ना कवितामा वर्तमान जीवनलाई बडो राम्ररी अर्थ्याउनु भएको छ। तपाईको कवि जीवनको यो अर्को सबल पक्ष हो । तपाईले एक ठाउँमा भन्नु भएको मलाई साह्रै चित्त बुझ्यो । 'जिन्दगीको केही भरोसा छैन कही पनि बही बुझाउँन सकिन्छ । ' जीवनका पीडा र बाँच्नुको वेदनालाई साँच्चै नै यथार्थ रूपमा व्यक्त गर्नु भएका पढ्दा मलाई के लाग्यो भने वर्तमान जीवनका विसङ्गति र मूल्यहीन स्थितिलाई युगीन स्थितिमा राखेर अन्तनिरीक्षण विवशताको कुरा गर्नुहुन्छ, मृत्युको कुरा गर्नुहुन्छ र मूल्य विघटनको कुरा गर्नुहुन्छ। कुरा गर्न आडम्बरी नहुने वा नडराउने तपाईको बानीलाई यदि कसैले नराम्रो भन्छ वा आलोचना गर्छ भने त्यसलाई म शत्रु (मेरो तपाईको होइन) ठान्छु । कविले बोल्ने भाषा तपाईले बोल्नु भएको छ । बधाइ छ तपाईलाई । तपाईको सरलता मलाई मन पऱ्यो । बिम्ब निर्माण गर्ने तपाईको सीपलाई पनि मैले मन पराएँ । अझ, पूर्वप्रसङ्ग को जुन प्रयोग जसरी तपाईले गर्नुभएको छ त्यसको पहिलो प्रशंसक मलाई नै ठाने कसो होला ? तपाईले आफ्नो समय र युगलाई जुन रूपमा बुझ्नुभएको छ र बुझेर त्यसलाई कवितामा हाल्नुभएको छ। हालेर जुन प्रभावको सिर्जना गर्नुभएको छ, त्यो तपाईको सशक्तता हो । तर भोलिको निमित्त तपाईले केही केही कुरामा सचेतता अँगाल्नु जरुरी छ त्यो के हो भने आफ्नो फ्याङ्कनेसलाई केही

संयमित पार्नुहोस् । अनुभूति र विचारको केन्द्रलाई ध्यानमा राखेर वर्णन जतिलाई आफल्नुहोस् । साँच्चै तपाइले 'मेरी रजनी' प्रकाशित गर्नुभन्दा अघि सम्पादन गराउनु भएन ? गिरिराज जी ! सम्पादन गराउँदा फाइदा त पाठकलाई नै हुन्छ तैपनि तपाईकी रजनी सुन्दरी छ, हेरुँ हेरुँ छ । मैले हेर्दा त लाग्यो तपाईकी रजनी मूर्त रजनी होइन रहेछ कुनै अनिवार्यलाई व्यक्ताउन उपस्थित गराइएको अमूर्त रजनी पो रहिछ । त्यसलाई मैले पनि चिनेको रहेछु । हो ?

सामूहिक मंच, काठमाडौं

२०४४ जेठ १९

* * *

मेरी रजनीभित्र

तपाईले (डा. दयाराम श्रेष्ठ) साप्ताहिक मञ्चको साहित्यक विविध स्तम्भमा मलाई सम्बोधन गरी लेख्नुभएको पत्र पढेर (१९ जेठ २०४४) म (लेक) अवाक् भएँ। यस कारणले कि तपाईले मेरो नवीनतम कृति 'मेरी रजनी' (कवितासङ्ग्रह) एकै सिटिङ(राति १२ बजेसम्म) मा पढिसक्नुभएछ। एउटा लेखकलाई यहाँभन्दा बढी अरू के खुशी हुनसक्छ र यहाँ त नयाँ कृति प्रकाशित भए तापनि वर्षौं नपढिन सक्छन्। जस्तो मैले अहिलेसम्म धच गोतामेको चर्चित पुस्तक 'यहाँदेखि त्यहाँसम्म' पढ्न पाएको छैन। यस्तै समीक्षाको गताङ्कमा मदनमणि दीक्षितले मोदनाथ प्रश्रितको पुस्तक 'मानव' पढ्नमा सत्र वर्ष ढिलाइ गर्नुभएको स्वीकार्नु भएको छ। तसर्थ मजस्तो सानो मान्छेको पुस्तक तपाईले जुन वेगका साथ पढ्नुभयो त्यसबाट तपाईको मप्रतिको अनुराग किंवा सचेत पाठकका हैसियतले पाठकीय गुण लगाउनु भएकोमा मेरा हार्दिक साधुवाद।

तपाईले मेरी रजनीको प्रकाशन समयवाधिलाई लक्ष्य गरेर लेखेको प्रसङ्गमा मेरो यही भन्नु छ कि ? पौष २०४३ सालमा त्यो कृति प्रकाशित भए तापनि औपचारिक रूपमा त्यसलाई २०४४ साल वैशाखमा सडकमा उतारे त्यस परिस्थितिमा मेरा केही बाध्यता थिए। शायद त्यो बाध्यतालाई मैले अहिले नै खोज्नु पनि लक्ष्मण रेखा कोरिएको पाएको छु। मेरी रजनीका पृष्ठ पल्टाउँदै जादाँ तपाईले खास गरेर 'पर्खाल', 'बन्दीगृह', 'भानु', 'तिमीलाई बन्दी सलम', 'जिन्दा...मोफसल' मा आदिमा केन्द्रित भई मलाई चाहिने, नचाहिने विशेषणबाट विभूषित गरी मेरो नाक घिरौला जत्रो पारिदिनुभयो। (शायद त्यो पढेर कतिका नाक झऱ्यो पनि) तर म फुरुङ्ग भइन। त्यस प्रसङ्गमा तपाईले एउटा बौद्धिक चर्चा चलाउनु भएकाले त्यसमा म आकर्षित भएको हुँ। खास गरेर तपाईले मलाई साहित्य र राजनीतिको

सन्निकटमा रहेर कसरी कविता लेख्नुभयो भनी प्रश्न गर्नुभएको रहेछ। यो प्रश्न जटिल छ प्रगतिवादी साहित्यकारले साहित्यमा मिसावट गर्छन् तर म त्यस मान्यताको विपरीत छु यस प्रसङ्गमा तपाई जस्तो एउटा नोकरी (प्राध्यापक) मा रहेको सज्जनले बहसको मुद्दा बनाउँदा मलाई तपाईको बौद्धिक इमान्दारीप्रति अति श्रद्धा गर्न मन लाग्यो नत्र त नेपालमा अहिले बौद्धिक चर्चा चलाउनु बौद्धिकका अगाडि बौद्धिकहीनता ठहरिन्छ। अँ अब मेरो दृष्टिकोण बताउन चाहन्छु साहित्य र राजनीति बेग्लाबैग्लै धुरीका हुन्। म राजनीतिक प्राणी भएको मेरो परिवेशमा जे देख्छु त्यो क्रमबद्ध गर्छु। (तर वामपन्थी कवि मोदनाथका बेलौतीका बोटबाट तीर हान्दिन।) त्यसमा कतैकतै राजनीतिक वातावरणले प्रभाव ग्रहण गर्छ भने स्वस्थ्य साहित्यकै लागि गर्छ। कवि गोपालप्रसाद रिमालले, साहित्य र राजनीतिलाई आमाको सपनामा उतार्नु भयो। त्यो पूर्ण साहित्यिक कृति मानिन्छ। विख्यात साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाले साहित्यमा राजनीति गर्नु भएन तर यदाकता कुनै प्रसङ्गमा त्यो परिलक्षित छ। मोदिआइनमा त्यो कलात्मक तरिकाले महाभारतको प्रसङ्गमा उतारिको छ। म राजनीतिक प्रयोगका लागि साहित्यको प्रयोग नगरी साहित्यको माध्यमबाट बक्त्याउन चाहन्छु म रिमालबाट प्रभावित भएकाले आमाको सपनालाई मेरी रजनीमा मूर्तता दिन खोजेको छु। समीक्षक सापकोटाकोले मेरी रजनीलाई व्यक्त गरेको भाव गान्धी, राम र बुद्धले मन पराएको रजनीलाई ल्याउन कवि हतार मान्दछन्। हो म त्यही उत्सव मनाउने तयारीमा लागिरहेको छु हेरौं त्यो कसरी आउँछ तर मेरी रजनीलाई गरिमा (मासिक) ले प्रेम प्रसङ्गमा ढालेर आफ्नो प्रेमिकालाई ताजमहल बनाइदिने स्वप्न राखेका छन्। कविले भनी टिप्पणी गरेकोमा गरिमाको दृष्टिकोणपट्टि आँखा चिम्लन चाहन्छु अन्त्यमा तपाईले जोखिम उठाउनु भएकोमा हार्दिक साधुवाद।

गिरिराज आचार्य धरान

राष्ट्र पुकारबाट साभार २०४४ असार वर्ष १० अकं २३

* * *

मेरी रजनी कवितासङ्ग्रह पुस्तक परिचय

रजनीको खोजी गर्ने गिरिराज आचार्य अहिलेका युवा पुस्ताका सशक्त हस्ताक्षर हुन् । यिनको कविताको भाव भूमि वर्तमान अवस्था नै हो वर्तमान अवस्थाको स्केच नै कविताको घेरा हो । कल्पनामा कवि बाँचेका यिनको विचारमा द्वन्द्व छैन स्पष्टता झल्कन्छ अभिव्यक्तिले यो देखाउँछ । कवि कारागारमा बस्दाका अनुभूति धेरैजसो कवितामा इन्द्रेणीझैं देखा पर्छन् । ती रङ्गीन छटाले गर्दा कविता पढ्न पाठक उत्सुक हुन्छन् । कारागारमा बस्नुलाई उनले कष्ट मानेका छैनन् । स्वतन्त्रताको चाहना नै टडकारो भएर आएको छ । यो राम्रो लक्षण हो । कवितामा हुनु पर्ने गुण यही हो ।

वर्तमानलाई कवितामा उतार्नु ठुलो जोखिमको र चुनौतिपूर्ण काम हो । यसमा कविता सम-सामयिक भइदिन सक्छ र कवितामा हुनुपर्ने शास्वत मूल्य मर्न सक्छ । शास्वत मूल्य मसिकेपछि कविता कविता नभएर नेताको भाषण जस्तो मात्र हुन्छ । गिरिराजले कवितालाई भाषण बाजीबाट माथि उठाएका छन् । मानवीय पक्षलाई उनले छोडेका छैनन् । संवेदनशीलतालाई मर्न दिएका छैनन्

गिरिराज आचार्यले कवितालाई फुक्का छोडेका छन् । द. अफ्रिकी कवि वेजामिन मोलाइजाको मृत्युमा उनलाई कष्ट हुन्छ । त्यसैले त उनी कविता लेख्दछन् वेन्जामिनप्रति राष्ट्रियताको घेरामा मात्र कविता लेखिनुपर्छ भन्नु मूर्खता हो । कुनै दर्शनमा मात्र कविता डोरिनुपर्छ भन्नु पनि अस्वाभाविक हो र मानवीय अभिव्यक्ति जसरी पनि हुन सक्छ र मान्छेको मनमा हुने विह्नने खालको हुनु पर्छ कविता । गिरिराजले बेन्जामिनलाई गङ्गालाल र शुक्रराजसँग तुलना गरेको छन् । यो उनले ठीक गरेका हुन् । गान्धी, राम र बुद्धले मन पराएको रजनीलाई ल्याउन कवि हतार मान्दछन् । रजनी आगमनमा उत्सव मनाउन कवि तयार छन् ।

कवितामा मौलिक चिन्तन हुन जरुरी छ। अरूको जस्तै सामान्य कविता लेखेर स्थापित हुनु सकिदैन। भाषाशैली र विषयमा फरक र अलग नदेखिएसम्म कविताले पाठकको मन जित्न सक्दैन। गिरिराजका कवितामा मौलिक चिन्तनमा छटा यत्रतत्र देख्न सकिन्छ। लाग्छ यहाँ करिया मुक्ति त बाटो विराएको छ। यो त एउटा उदाहरण मात्र हो।

गिरिराजका कविता संप्रेषणीय छन् र स्तरीय पनि। भाषा सरल भैकन पनि तीक्ष्ण खालको प्रयोग भएको छ। यसैले त पाठक के यस रजनीलाई खुशीसाथ स्वीकार्ने छन् यसमा शङ्का छैन।

निराश अन्धकार हो र सीमा पनि आशा भने मान्छेलाई निरन्तर अगाडि धकेल्ने प्रेरक तत्त्व हो। आशावादीमा गिरिराजका कविताको विशिष्ट गुण हो। 'इतिहाससँग विलीन भएकासँग दाज्दै आफूलाई इतिहाससँग परिचित गराउन हर प्रयत्न गरिरहेको हुन्छु (हिजो आज र भोलि) जीवन त शास्वत त हो समयले एकपल्ट कोल्टे फेर्छ'(समयले एकपल्ट कोल्टे फेर्छ)

गिरिराज 'पलायन' कवि होइनन् राष्ट्रियता र स्वतन्त्रता गीत गाउन पछाडि पर्दैनन्। आक्रोश पनि भेट्टाउन सकिन्छ। उनी भन्दछन्। त्यसैले त अब फेरि तोडिदेऊ ती पुराना पर्खाल र नयाँ निर्माण गरौं। एउटा नयाँ पर्खाल। जहाँ तिमी पनि अटाउन सक्छौ म पनि अटाउन सक्छु।

आधुनिक चेतना भएका गिरिराज आचार्यलाई रजनी कवितासङ्ग्रह को प्रकाशनले धेरै माथि उठाएको छ। गिरिराजले कविता लामो र विशिष्ठ यात्रा गर्न सक्छन्। शुभकामना यही दिन सकिन्छ।

प्रकाशकः चान्द्रमसी

प्रकाशन, संस्करण प्रथम २०४३ मूल्य रु.१०

* * *

नेपालमा साहित्यकारको शोषण



नेपाली साहित्य र साहित्यकारको गत १८ वर्ष यता बडो भयावह सोचनीय अवस्था हुँदै आएको छ । २०१७ साल यता देखापरेको साहित्यिक ह्रासले बौद्धिक वर्गमा एउटा विषाक्त रेखाको सूत्रपात्र गरेको छ । २०१७ साल उता नेपाली साहित्यले गरेको प्रगति दाँज्ने हो भने त्यही अनुरूपमा यता विकास शून्य स्थितिमा पुगेको छ । नेपालका केही साहित्यकार चाकडीवाद, स्तुतिवाद र मौका परस्ततावादका पछि लागि आफ्नो दुनो सोझ्याउँदै लेखकीय स्वाबलम्बनको उपहास उडाइ रहेछन् । यिनीहरू हिजोसम्म राणा शासन छँदा राणाको जय जयकार गर्थे भने आज पञ्चायती व्यवस्थाको जय गान राणा शासनमा भन्दा उग्ररूपले गरिरहेछन् । यस कथित तथा कवि साहित्यिक वर्गभन्दा पृथक नेपालमा एउटा अर्को साहित्यिक वर्ग पनि छ । जो आफ्नो सृजनात्मक प्रतिभाको बलबाट आजसम्म आफ्नो कलमलाई थाक्न दिएको छैन । पहिलो स्थितिका कथित साहित्यकार कुर्सीको लोभमा मानपदवीको जमेर गरेर मोजमज्जा गर्दैछन् भने अर्को आफ्नो घुँडाको सुरुवाल टालेर भए पनि बाँचेका छन् । यथार्थमा हाल नेपालमा लेखकको दुई वर्ग छ पहिलो सामन्ती वर्ग र दोश्रो गरीब जनताको रोजी रोटी तथा स्वतन्त्र लेखन पेशामा कटिबद्ध, आज नेपालमा सही साहित्यकारको कस्तो दुर्दशा छ त्यसको यथार्थता साहित्यकार भवानी भिक्षुले फेवा त्रैमासिकका सम्पादक गिरिराज आचार्यलाई लेखेको पत्रबाट थाहा हुन सक्छ

‘तपाईको पत्र पाएको थिएँ । स्वास्थ्य ठिक नभएर समयमा नै उत्तर दिन सकिन । तपाई भनुँ नयाँपिँढीका तपाईहरू अब हाम्रा उत्तराधिकारी हुनुभयो । तपाईको सम्मान नगरे गर्ने कसको ? तपाईको ‘एप्रिसिएसन’ का लागि आभारी छु । अहिले एउटा लघु उपन्यास तथा एउटा कथासङ्ग्रह छाप्न गएको छ । अरू २/४ उपन्यास लेख्ने विचार थियो तर स्वास्थ्य धेरै कमजोर छ । गत अगस्त महिनामा दिल्ली गएँ दुई महिना बस्नुपर्‍यो । जटिल चिकित्सकले गर्दा बाँच्न सम्म

बाँचेर आएँ तर मेरो देशले र राजाले यतिसम्म पनि सोधेन तिमीलाई के भएको छ ? चिकित्सा व्यवसायका नाममा चार पैसा पनि मेरो देशले मेरा लागि सहेन । एउटा लेखक हुँ भिक्षा माग्न आत्मसम्मानले दिँदैन । कुनै तवरले यो जीवन धान्दै छु तर गुनासो छैन । हाम्रो देश र हाम्रो राज्य व्यवस्थाले अहिले लेखक होइन ठग र ठगी मात्रको अर्चना गरेको छ । यसैमा सफलता भएको छ भने मलाई पनि त्यहाँ सादर स्वीकार छ । दुःख लाग्छ लेखकको काम किन गरेको होला । कुनै बनियाँ, मारवाडी या ठग वकिलको काम सिके राम्ररी बाँच्न त बाँच्थे ।' यो आर्तनाद केवल भिक्षुको मात्र नभएर सम्पूर्ण इमान्दार नेपाली लेखकको हो ।

यसरी सृजनात्मक लेखनमा ५० वर्षदेखि दौडिने महान्‌लेखक पनि वर्तमान नेपालको सामन्ती पञ्चायती अराजकताबाट ग्रसित एवं त्रसित छ। यसमा .....हरूको संरक्षण गर्नु त कता हो कता लेखकीय शोषण नै सरकारको प्रमुख ध्येय रहेको छ । शंकर लामिछाने, गोपाल पाँडे 'असीम' गोपालप्रसाद रिमाल, हरिहर शास्त्रीजस्ता साहित्यकारको उपचार संरक्षण हुन सकेन । सरकारी कुप्रवृत्तिबाट तर्सिएर भैरव अर्यालले आत्महत्या गरे भने क्रान्तिकारी कवि गोपालप्रसाद रिमाल सपना साकार हुन नपाउँदै पागल गराइए । आज पारिजात र विजय वजिमय पनि आक्रान्त भएका छन् । यो त वर्तमान नेपालको जिउँदो जाग्दो उदाहरण हो । दिवङ्गत साहित्यकारको आत्माले पनि शान्ति पाउन सकेको छैन ।

यही १४ कार्तिक २०३५ को देवकोटा जयन्तीमा महाकविको प्रतिमा अनावरण महान्‌कथाकार विश्वेश्वरप्रसाद कोइरालाका बाहुलीबाट गर्नका लागि सरकारले कालो कानूनको प्रयोग गरी प्रतिबन्ध लगायो । प्रतिमा अनावरणका अवसरमा प्रयोग अमानवीय व्यवहारले सरकारी निरङ्‌कुशताले सीमा नाघेको पृष्टि गर्दछ । यस्ता महान् विभूतिको सरकारले नै संरक्षण गर्नुपर्नेमा आजसम्म पनि देवकोटा रिमाल र लेखनाथको मूर्तिसम्म स्थापना गर्न बाधा दिइरहेको छ । यदि अन्यत्र यी विभूति जन्मेका भए यिनको प्रतिमा मेमोरियल र कृतिको उचित संरक्षण हुन सक्थ्यो । तर नेपालका राजपरिवार बाहेक ख्याति प्राप्त विभूतिको संरक्षण आजसम्म हुन सकेको छैन । साहित्यको ठेकेदार, राजाको प्रोपोगाण्डाको गुठी, राजकीय प्रज्ञा प्रतिष्ठानले लेखकीय शोषणको परम्परा बसाएको छ । यस्तो पुष्टि झापाका साहित्यकार विजय खरेलले यस प्रकार गरेको छन् -

'नेपाली बुद्धि भुट्ने राजाको ..... गएको दशकभित्र आफ्नो प्रतिमा र बुद्धिलाई राजतन्त्रको खोरमा राम्ररी बन्धक राखेपछि पुराना सत्तासिन साहित्य र आयातित

साहित्यको मल्खुमा चामल र पीठो पार्न बाहेक अरू उल्लेखनीय काम भएको छैन ।' गएको वर्ष ने.रा.प्र. प्रतिष्ठानले देशव्यापी साहित्य भेला आयोजना गराएको थियो र सबै अञ्चलबाट स्थानीय प्रशासनको अनुमोदनमा २/२ जना प्रतिनिधि भेला भएका थिए । यस घृणित कार्यको भर्त्सना गर्दै स्वतन्त्रताको चुनौतीपूर्ण टिप्पणी उल्लेखनीय छ ।-१ हाल दार्जिलिङ १९७८

ने.रा.प्र. प्रतिष्ठानले शुरु गरेको परम्पराअनुसार अब कुनै पनि सडकमा हिँड्ने व्यक्तिलाई प्रशासनद्वारा साहित्यकार प्रमाणित गर्न सकिन्छ' । यो नेपाली साहित्यका लागि मात्र हैन विश्व साहित्य जगत्का लागि पनि नयाँ पाठ हो । यस्तो अर्को कुनै देशमा भएको थाहा छैन । हैन भने स्थानीय प्रशासन मार्फत साहित्यकार भित्र्याउने यो प्राज्ञ सुझबुझ हो भने प्रज्ञा प्रतिष्ठानको आवश्यकता किन ? त्यसभित्र पालिएका प्रमाणित समझदारको आवश्यकता किन ? यसरी प्रमाणित भएर आएका सबै व्यक्तिलाई साहित्यकार भन्ने कि चाटुकार ? देशको एउटा उच्च बौद्धिक संस्थाको यस्तो सुजबुझ र कार्यव्यापार माथि हाँसो हैन, करुण हुन मन लाग्छ । उपदेश दिन नपरोस कि कुनै पनि देशको साहित्यकारले अभिव्यक्तिको स्वतन्त्रता चाहन्छ । फाइवस्टार होटलको रमझम पार्टी हैन । यसरी साहित्यकार निम्त्याएर पार्टी ख्वाउने साहित्यकारलाई टपरे बनाउने लक्ष्य त राखिएको हैन ? त्यस भेलाले निम्न कुरा देखायो-

१) बौद्धिक उन्मूलन २) चम्चाको बुद्धि ३) व्यक्ति साहित्यकारमा पनि सेन्सरशिप लागु गर्नुपर्ने प्रशासनलाई बोध प्रदान ४) फोर्स र नाताद्वारा तथा कथित उच्चकोटीको साहित्यकार बन्न सकिने सुनौलो अवसर । यसरी प्रज्ञाले प्रशासन मार्फत 'गधालाई नुहाएर गाई बनाउन आँटेझैं' प्रशासनलाई नै साहित्यकार बनायो । आजकल नेपालमा प्रशासनले नै साहित्यकारको लेवल टाँसेको छ ।

राजाको दोश्रो स्तुति गान अर्धसरकारी प्रकाशन साझा प्रकाशन (पहिलेको नेपाली भाषा प्रकाशिनी समिति) पनि देशका एकाधिकारवादीका मार्फत आफ्नो गुठी कायम गरी तिनै चाकडी र चापलुसवाज हण्डिवाला साहित्यकारलाई मात्र प्रोत्साहन दिई बाँकी सृजनात्मक प्रतिभाको शोषण गरिरहेको छ । यस प्रकाशनको मनपरितन्त्रलाई लिएर स्वतन्त्रताले आफ्नो सम्पादकीयमा लेखेका छ ।

-स्वतन्त्रता सम्पादक किशोर नेपाल काठमाडौं

'अधिकांश लेखकको पुँजी लगानी भएको उक्त प्रकाशनबाट आज त्यहाँका कर्मचारीका नजिकका तथा उनीहरूको चाकडी गर्ने लेखक बाहेक अरू लेखकसँग

अति दुष्ट्याइपूर्ण कार्य भइरहेको कुरा लेखकले मात्र होइन हामीले नै अनुभव गरेका छौं। मन नपरेका लेखकको पुस्तक सकेसम्म त छापिँदैन यदि छापियो भने पनि प्रुफ बिगारी दिने कथा वा कवितासङ्ग्रहका एक दुई कथा कविता नै (लेखकको स्वीकृति बिना) हटाइ दिने र त्यस विषयमा प्रश्न गर्दा जिम्मेदार पदमा बसेका ती तथाकथित कर्मचारी खै केही थाहा नै भएन भनी जवाफ दिने गर्छन् ।' यसप्रकार साझा प्रकाशनले पनि लेखकीय शोषण गरेको छ । 'गोरखापत्र' र 'मधुपर्क' जस्ता सरकारी पत्रको धाँधलीले त पराकाष्ठा नै नाघेको कुरा एउटा साधारण भुलबाट अर्थात् राजा रानीको नाममा प्रुफको गल्ती भएको अपराधमा गोरखापत्रका सम्पादक गोपालप्रसाद भट्टराईलाई बेइज्जती गरी निकालियो ।

हाल नेपालमा सरकारी नियन्त्रणबाट नै संस्था र पत्रपत्रिकाले पुरस्कारको पनि घोषणा गर्ने गरेका छन् । 'प्रज्ञा पुरस्कार', 'मदन पुरस्कार' र 'साझा पुरस्कार' मा पनि एक तन्त्रवादले जरो गाडेको छ । विश्वेश्वरप्रसाद कोइरालाका र डायमण्ड शमशेरका जस्ता उच्चकोटीका पुस्तक त राजनीतिक रङ रोगनका आधारमा छानिँदैनन् भनौ तर इमान्दार लेखकका कृति पनि स्तुति नगरेको आरोपमा पन्साइन्छ । यस सन्दर्भमा साहित्यकार रमेश विकल लेख्नुहुन्छ 'पुरस्कार अधिकारी सिर्जना धर्मीमा पनि कतिपय इमान्दारी पूर्वकको सिर्जना धर्ममा दाताको असन्तुष्टि गर्ने रेसको टुँडिखेलमा आफ्नो घोडा पैला गराउने दौडमा प्रवृत देखिन थालेकाछन् । किनभने सृजनात्मक इमान्दारीभन्दा यस्तै-त्यस्तै गुण नै आज भोलि पुरस्कारको लायक मानिन थालेको छ। तर यो स्थिति पुरस्कारको पुनीत उद्देश्यका साथै नेपाली साहित्यको सिर्जनात्मक विकासका लागि पनि अवश्यै घातक ठहर्ने छ ।

-**स्वतन्त्रता ०६५**

नेपाली साहित्यको अभिवृद्धिका लागि सामयिक सङ्कलनले तानाशाही सरकारसँग बौद्धिक संघर्ष गरे । फलस्वरूप केही सम्पादक गिरफ्तार गरिए । तर पनि सामयिक सङ्कलन चुप्प लागेनन् । अन्त्यमा सरकारले सबै सामयिक सङ्कलन माथि बन्देज लगायो । युवा लेखकले लघु प्रयोगको रूपमा सरकारलाई चुनौती दिँदै साधारण डाकको 'हवाईपत्र' को माध्यमबाट प्रचार शुरू गरे । हवाईपत्र मार्फत धरानबाट गिरिराज आचार्य पोखराबाट विजय वजिमय तथा पाल्पाबाट विनयकुमार कराजु र विजय सागरले सरकारलाई चुनौती दिए। हवाईपत्र कवितासङ्ग्रहमा आचार्य लेख्छन् ।

* * *

तुलसा उपन्यासबारे चर्चा

डा. रामदयाल राकेश

कहते है उपन्यास भाषा के मार्फत जीवन से मुठभेड है । यह मुठभेड जितनी गहरी और भारी होती हैं जीवन के रूपका निखार बढता चला जाता है । जैसे कोइ लोहा आग मे तपकर लाल हो उठता है , उपन्यास की भट्टी से जीवन के कच्चे अनुभव भी इसी तरह के हो उठते हैं । इस दृष्टि से देखे तो उपन्साय एक ऐसी गुंजाइश है जिसमें होकर गुजरते हुए जीवन की अनेक ऐसी परतें खुलती जाति है जो तथ्य के रूप में पहले से तो मौजुद नहीं थी किन्तु कथा का संस्पर्श पाकर रोचक वर्णन का रूप ग्रहण कर लेती हैं । उपन्यास ही है जो ढेर सारे गूगें अनुभवों की उम्मीद बनकर उभरा है और उपन्यास ही है जिसने सारे लोगों को इस आत्म विश्वास से भर दिया है कि कविता भले ही चन्द प्रतिभा प्राप्त परंपराभिव लोगो का क्षेत्र हो किन्तु उपन्यास तो एक ऐसी जन विघा हैं जो सवकी अपनी हैं ।

विजयबहादुर सिंह स्मृतियों से मुठभेड है उपन्यास साक्षात्कार २१ जुलाई २००२

यस सन्दर्भमा कुरा गर्ने हो भने गिरिराज आचार्यद्वारा लिखित 'तुलसा' उपन्याससिका (Novel) पनि वेश्या जीवनको एउटा जीवन्त दस्तावेज हुन गएको छ । जहाँसम्म वेश्या जीवनसित सम्बन्धित उपन्यास(Novel), उपन्यासिका (Novele) र कथाको रचनाको कुरा छ नेपाली साहित्यमा यसको अभाव छ। एक दुईवटा उपन्यास र केही कथा अवश्य नै लेखिएका छन् तर वेश्याको जीवन्तको वर्णन कमै भएको पाइन्छ । यसका लागि वेश्यासित घुलमिल, वेश्यासँगको सहवास र उनीहरूको साक्षात्कारबाट उत्पन्न अनुभवको आवश्यकता टड्कारो रूपमा देखिन्छ। यसबाट नेपाली लेखकको नजिकको सम्बन्ध नगण्य छ। किनभने नेपालको कुनै पनि शहरमा 'रेडलाइट एरिया' वेश्याको बसोवास भनेर निर्धारित

गरिएको छैन । नेपालगन्जको 'गगनगन्ज' एउटा यस्तो रेडलाइट एरिया (Redlight Area) को रूपमा प्रसिद्ध छ र त्यो पनि अहिले आफ्नो अस्तित्व गुमाइसकेको छ । भारतको हरके शहर त्यो ठुलो होस् कि सानो जहाँ पनि 'वेश्याकोठी' अथवा 'रण्डीकोठी' सजिलैसित भेटाइन्छ । यहाँ यौनपिपासु र यौनअतृप्त मानिस निः सङ्कोच वेश्यावृत्तिमा संलग्न हुन्छन् । यहाँका वेश्या प्रमाणपत्र लिएर वेश्यावृतिको पेशामा लागेका हुन्छन् । जस्तो दिल्लीमा जी.बी.रोड, बनारसको दालमंडी, कोलकत्तामा सोनगाछी, मुम्बईमा पिलीकोठी र मुज्जफरपुरमा लालटेन बजार (चर्तुभुज स्थान) आदि

हिन्दी साहित्यका सुप्रसिद्ध साहित्यकार जानकी बल्लभ शास्त्रीको त निवास स्थान नै यसै चतुर्भुज स्थानमा अवस्थित छ । हिन्दी र मैथिली साहित्यका लब्ध प्रतिष्ठित साहित्यकार राजकमल चौधरीले त कोलकत्ताको वेश्याकोठीमा बसेर नै केही उत्कृष्ट कविता र कथा लेखेका छन् । प्रत्यक्ष अनुभव र साक्षात्कार गरेर लेखेका साहित्य कपोल कल्पित र काल्पनिक नभएर प्रमाणिक हुन्छ । यो त एउटा प्रमाणित सत्य कुरा हो कि शरणार्थी शिविरमा गएर बस्नु आवश्यक छ । त्यस्तै वेश्याको जीवनमा आधारित उपन्यास कथा र कविताको रचना गर्नु छ भने तिनीहरूको दैनन्दिन जीवनको कटु मधु अनुभव आवश्यक छ । अर्को शब्दमा भन्दा तिनीहरूसँगको बसोवास उठबस, सहवास एवं सम्भोगको अनुभव उनीहरूको आनीबानी र जीवनशैली सित परिचित हुनु आवश्यक छ ।

यसअर्थ र सन्दर्भमा गिरिराज आचार्यद्वारा लिखित उपन्यासिका तुलसा एउटा प्रमाणिक कथावस्तु रचिएको छ । जहाँसम्म यसको आकारको सम्बन्ध छ, त्यो लघु आकारको बारेमा कुरा गर्दा अचेल लघु उपन्यास (उपन्यासिका) विधाको बिगबिगी समयको खाँचो छ । अरूलाई ठूलठूला उपन्यास पढ्ने प्रशस्त समयको अभाव छ । आजकल मानिस बसमा रेलगाडीमा र विमानमा यस्ता यस्ता लघु आकारका रचना पढ्न रुचाउनु सर्वथा स्वभाविक हो । यस सन्दर्भमा नै लघु उपन्यास (उपन्यासिका) को रचना स्वीकृत हुँदै गएको छ । यसबाट साहित्यिक

रचनाको पाठक संख्यामा पनि आशातीत अभिवृद्धि हुने सम्भावना छ । पाठकको समस्या पनि अचेल चिन्ताको विषय हुन गएको स्थितिमा यस्ता लघु रचना स्वागत योग्य छन् । अतः प्रस्तुत उपन्यासिका तुलसा समयको माग हो र यस दृष्टिकोणबाट यो पुस्तक लोकप्रिय हुन सक्तछ । यस उपन्यासिकाबाट वेश्याको भित्री जिन्दगीको जीवन्त चित्र प्रस्तुत गरिएको छ ।

उपन्यासकार गिरिराज आचार्यले पनि केही वेश्याकोठीको अनुभव गरेको हुन सक्तछ र यसलाई फुर्सदको क्षणमा अर्थात बन्दी जीवनको बेलामा लिपिवद्ध गर्नुभएको छ । यसमा लज्जा अथवा अपराध बोधको कुनै पनि कुरा होइन । वेश्वाकोठीहरूको निरीक्षण गर्दैमा वेश्यासित सुत्नु नै पर्दछ भन्ने आवश्यक छैन । एक महिनाको नियमित निरीक्षण भ्रमणबाट पनि भरपुर सामग्रीको सङ्कलन अनुभवको आधारमा गर्न सकिन्छ र यसलाई पनि लिपिवद्ध गर्न सकिन्छ ।

प्रस्तुत उपन्यासिकामा गिरिराज आचार्यले नेपालबाट विदेशिएका वेश्याको साँचो जीवनको चित्रण गर्नुभएको छ । यिनीहरूको वास्तविक जीवनसित उपन्यासकार पूर्णरूपमा परिचित हुनुहुन्छ । यिनीहरूको संक्षिप्त जीवन परिचय पनि प्रस्तुत गर्नुभएको छ । उपन्यासकारले सबै वेश्या एउटै किसिमका हुन्छन् यस्तो सर्वमान्य र सजिलो निष्कर्ष निकाल्नु भएको छैन । किनभने यिनीहरूमा पनि आदर्श हुन्छ । यिनीहरू पनि क्रान्तिकारी हुन्छन् । यिनीहरू जस्तोसुकै स्थितिमा शरीर समर्पण गर्ने खालका हुँदैनन् । देहव्यापारमा संलग्न हुने बाध्यता र विवशताको वास्तविक चित्रण यहाँ गरिएको छ । पैसाको प्रलोभनले मात्र यिनीहरू प्रेरित एवं प्रभावित भएर देहव्यापारमा लागेका हुँदैनन् कति वेश्या आफ्ना पिता र मामा तथा अन्य नजिक नातेदारद्वारा ठगिएका, बेचिएका र धोखाधडीका शिकार भएर वेश्याकोठीमा बेचिएका हुनछन् ।

उपन्यासकार गिरिराज आचार्यले यस सम्बन्ध सूत्रको पोल खोलेर यिनलाई उदाङ्ग पार्नु भएको छ भने नाता गोताको नाङ्गो वर्णन पनि तर गाँठी कुरो जरुर नै आर्थिक अभाव हो । धन र यौनाङ्ग र मासुजस्तो घनिष्ट सम्बन्ध हुन्छ । अर्थात अर्को शब्दमा भन्दा चोली र दामनको सम्बन्ध हुन्छ । हाम्रो देशबाट बेचिएका वेश्या शतप्रतिशत चाँदीको चमकदम बाट अन्धा भएर नै वेश्याकोठीको अँध्यारो कोठामा कैद हुन पुग्छन् । एकचोटि सतीत्व नष्ट भएपछि यिनको जीवन वास्तवमा नाटकीय हुन पुग्दछ । धेरैजसो दलालको चंगुलमा फसेर नै यस्तो जीवन व्यतीत

गर्नका लागि अभिशप्त हुन्छन् । भारतजस्तो देशमा नेपाली केटीको माग धेरै हुन्छ । किनभने यिनीहरू हेर्नमा राम्रा हुन्छन् । गोरी र शारीरिक बनौट पनि आकर्षक भएकाले ग्राहक यिनीहरूलाई धेरै मन पराउँछन् भारतीय मात्र होइन विदेशी ग्राहक विशेष गरेर अरब देशका ग्राहक आफ्नो मोजमज्जाका लागि जति पनि पैसा तिर्न तयार हुन्छन् यसबाट वेश्याकोठीका सञ्चालक धेरै लाभान्वित हुन्छन् । विश्वबजारमा नै वेश्याको बिगबिगी बढ्दै गएको छ । किनभने आजको संसार नै कामुक हुँदै गएको छ । आजको युगलाई शृङ्गारिक अथवा सेक्सीभन्दा कुनै अतिशयोक्ति हुँदैन होला । एउटा भनाइ छ अरूकी श्रीमती र आफ्ना छोरा छोरी सबैलाई प्रिय लाग्दछन् । कोही पनि आफ्नी श्रीमतीसित सन्तुष्ट हुँदैनन् सबैका आँखामा अन्य आइमाई नै नाचिरहेको हुन्छ । यो आजको युग सत्य मात्र होइन । यो सृष्टिको उषाकालदेखि मानिसको चाहना रहँदै आएको छ । यसै अर्थमा कठिन र दमित विशेष गरेर यौनको क्षेत्रमा आफ्नो कुन्ठित ग्रन्थिलाई फुकाउनका लागि अरू आइमाईतिर आकर्षित हुन्छ । संसारमा लडाइँको इतिहासको स्रोत नै रहँदै आएको छ । राज्यसत्ता र नारीसत्ता राज्यप्रति र आफूले मन परोपकरी नारीप्रति नै सबै संघर्षको स्रोत रहदै आएको छ । वेश्यावृति त झन् सबैभन्दा प्राचीन पेशा हो । यसलाई व्यवस्थित त गर्न सकिन्छ तर यसलाई विनाश गर्न सकिँदैन । यो मानिसको आदिम इच्छा हो जसको परिपूर्ति आवश्यक छ यो जैवकीय जरुरत (Biological) हो । उपन्यासकार गिरिराज आचार्यले प्रस्तुत उपन्यासिकामा वेश्याको जीवन पनि आदर्शवादी हुन सक्तछ । यस आदर्शको अङ्क गरेर अभिनन्दनीय काम गर्नुभएको छ । सबै आइमाई पतित नै हुन्छन् भन्न सकिन्न । स्थिति र परिस्थतिको घात प्रतिघातबाट पनि कतिपय आदर्श चरित्रका महिला पनि वेश्या जीवन व्यतीत गर्नका लागि विवश हुन सक्तछन् तर उपर्युक्त अवसर पाएपछि उनीहरूको जीवनमा पनि स्वागत योग्य परिवर्तन आउन सक्तछ । यस उपन्यासिकामा आएका केही पात्र यस कथनको प्रमाणिक उदाहरण हुन् । अत: वेश्या सबै नराम्रो चरित्रका नै हुन्छन् भन्न सकिन्न ।

यस उपन्यासिकाको केन्द्रविन्दु तुलसा हो । उसलाई यसकी नायिका पनि भन्न सकिन्छ । किनभने उसले अन्य वेश्याको उद्दारका लागि आफ्नो जीवन बलिदान गरेकी छिन् । ऊ चाहिँ रूपमाया, धनमती, नारी, देवकला र रेवालाई बचाउनका लागि शहीद भइन् । उसले आफ्नो जीवनको अन्तिम क्षणसम्म वेश्याकोठी सञ्चालिका उर्मिलासँग पनि संघर्ष गर्दै रहिन् । अन्त्यमा विरङ्गनाजस्तो होइन

विरङ्गनाले जस्तो आफ्नो जीवनलाई बलिदान गरिन् । यो एउटा उदाहरणीय र अनुकरणीय तथा अनुसरणीय काम हो जसबाट अरू वेश्याका लागि सक्त प्रेरणा प्राप्त हुन सक्तछ ।

उपन्यासकार गिरिराज आचार्यको भाषाशैली सरल सोझो र संप्रेषणीय छ । यो उपन्यासका पढ्न शुरु गरेपछि अन्त्य नगरुञ्जेलसम्म पाठक यसमा आत्मविभोर हुन सक्तछन् । कहीं कहीं उहाँको भाषाशैली प्रभावोत्पादक र संवेदनशील छाप छोड्न पनि सफल भएको छ । उहाँले यी वेश्याको चरित्र चित्रण गर्दा अथवा यिनीहरूको दयनीय अवस्थाको चित्रण गर्दा के लाग्छ भने 'आँखादेखाइ हाल' प्रस्तुत गरिरहनु भएको छ । उहाँको वर्णनमा काल्पनिकता होइन वास्तविकता भेटिन्छ । ठाउँ ठाउँमा मार्मिक भाषाशैलीमा उहाँले मर्मस्पर्शी चित्रण गरेर पाठकलाई चमत्कृत गर्नुहुन्छ । कहीं कहीं आफ्नो भाषाशैलीमा उखानतुक्काको सफल प्रयोग गर्न पनि पछाडि पर्नु भएको छैन । यस सन्दर्भमा एउटा उदाहरण प्रस्तुत छ 'तिमीले कुनै अपराध गरेकी छैनौं, तिमीलाई वेश्या बनाउने अपराधी हुन्, अपराधीको पाप घुरीबाट कराउँछ । 'जस्तो बीउ रोप्यो त्यस्तै फल लाग्छ ।'

यस प्रकारको सजिलोसँग भन्न सकिन्छ भने यस उपन्यासीकाको नेपाली साहित्यमा अवश्य नै स्वागत हुनेछ ।

* * *

जन-उदय नाटकको भूमिका

डा. तुलसी भट्टराई

कुनै व्यक्तिका व्यक्तित्व र कृतित्वबारे बारे रेस्टुराँ अथवा दुई चार जनाका बीच बसेर मुखले गुड्डी हाँक्न सजिलो छ : ए... त्यो फलानो... अँ त्यसको त्यो... पुस्तक रचना...। त्यस्तो थियो यस्तो भएछ के पो लेखेको छ र ...। त्यसलाई ... नचिनेको हो र ...। हो लेख्ने रहर गरेछ ... जब लेख्नुपर्ने अवस्था आउँछ कसैका बारेमा कुनै कृतिका बारेमा त्यो निकै अप्ठ्यारो स्थिति हुन जान्छ। यसैले होला सय बोल, एक लेखन अनुभवीले भनेको।

चर्चित साहित्यकार श्री गिरिराज आचार्यको 'जन-उदय' नाटकका सम्बन्धमा केही लेख्ने प्रयास गरिरहेछु। नाटककै सम्बन्धमा त के भन्नु पर्ने हो र लेखककै भनाइ पर्याप्त छ। वस्तुतः मैले यस नाटकको पाण्डुलिपि पढ्दा (मेरो योग्यताले) जति बुझ्न सकें त्यही यहाँ राख्दै छु।

'जन-उदय' नामबाट नै नाटकमा वर्णन गरिने विषयको अन्दाज गर्न सकिन्छ। जनचेतनासँग सम्बन्धित कुनै घटनाको चित्रण होला भन्ने आभास दिन्छ। वस्तुतः यो ऐतिहासिक नाटक हो। यसमा राणाकालीन नेपालको बीभत्स चित्र अङ्कित भएको छ। नाटकभित्र वर्णित घटनासँग ठोक्किनु अघि नाटकमा शुरु गरिएको ऐतिहासिक घटना क्रमलाई केही परसम्म तान्न आवश्यक ठान्दछु।

श्री ५ बडामहाराज पृथ्वीनारायण शाहद्वारा नेपालको एकीकरण भएपछि नेपाल एउटा पूर्ण राष्ट्रको रूपमा विकसित हुन थाल्यो। नायव बहादुर शाहबाट पनि आफ्ना पिताको उद्देश्यमा सघाउ पुगेको हो। आफ्ना पुर्खाले आर्जन गरेर छोडेको कुरालाई संरक्षण दिने र त्यसलाई बढाउँदै लैजाने काम भावी सन्तानको हो। परन्तु नेपाली जनताको दुर्भाग्य बाजेले आर्जिएको वीरता राष्ट्रियतामा नाति रणबहादुरकै पालादेखि घुन पुतली लाग्न थाल्यो। श्री ५ सुरेन्द्रका पालामा पुग्दासम्म षडयन्त्रकारी तत्त्वहरू दरबारभित्र दरबार बाहिर छापछाप्ती भइसकेका हुँदा यस्तै एउटा समूहका हातमा राज्यको बागडोर पुग्न गयो। 'राणा' उपनामले चलाउन विख्यात यो षड्यन्त्रकारी समूह १०४ वर्षसम्म बर्बर निरङ्कुश शासन चलाउन सफल भयो। यति लामो अवधिसम्म एउटा पारिवारिक शासन टिक्न सक्नुमा राणाहरूको के कस्तो नीति थियो भन्ने कुरा यस नाटकले दर्शाएको छ। यद्यपि यस नाटकले सम्पूर्ण राणा शासन अवधिलाई चर्चित गरेको छैन तापनि

आधा शताब्दी भन्दा बढी भएको चन्द्रशमशेरदेखि मोहनसम्शेरसम्मको शासन समयको बर्बरता, क्रूरता, जनदमनको चित्रण हुनुले सम्पूर्ण राणा वर्गकै नाङ्गो नाच उपस्थित गर्न यो नाटक सफल भएको छ ।

यथार्थ र समसामयिक घटना, प्रेम प्रसङ्ग आदिमा आधारित नाटक लेखिने यस जमानामा विगत इतिहासका आधारमा नाटक लेखेर के फाइदा । इतिहासबाटै थाहा पाइहालिन्छ कि भन्न अप्ठ्यारो नलाग्ला कतिपय पाठकहरूलाई हो पनि साधारण घटनाक्रमलाई आधार मानेर कल्पित पात्र पात्राको चित्रण गरेर नाटकको आकृति उभ्याउन सजिलो छ । परन्तु यसरी इतिहास प्रसिद्ध विषय वस्तु र इतिहासमा चर्चित भइसकेका व्यक्तिहरूलाई नाटकमा पात्रको रूपमा उभ्याउनु उनीहरूकै वेशभूषा, चरित्र, कार्य आदिको अभिनय गर्दै नाटक तयार पार्नु लर्तरो कुरो छैन । पानीमा डुबेरै मात्र पौडी खेल्न जानिन्छ । यस्ता संवेदनशील विषयमा नाटक लेख्न कत्तिको कठिन छ त्यो नाटककारले मात्रै अनुभव गरेको हुन्छ !

नेपालमा प्रथमपल्ट प्रजातन्त्रको घोषण गर्ने श्री ५ त्रिभुवनको जन्म समयको वातावरण तथा महाराजाधिराज पृथ्वी वीर विक्रमद्वारा आफ्ना पूर्वज वडा महाराजा पृथ्वी नारायणको उद्देश्य बताइनु आफूले केही गर्न नसक्नु र नवजात शिशु (त्रिभुवन) बाट पछि नेपाल र नेपालीको कल्याणको कामना गर्नु आदि पहिलो दृश्यमा भएका वर्णनले प्रस्तावना आमुख आदि पूर्वसुचना विषय नराखिए तापनि पछिको लक्ष्य उद्घाटित भएको छ ।

महाराजाधिराज पृथ्वी वीर विक्रमको असामयिक मृत्युपछि महाराजाधिराज बनाइएका सात वर्षे श्री ५ त्रिभुवनलाई ढाल बनाइ नेपाली जनतामाथि रावणीय शासन गर्ने श्री ३ चन्द्रशमशेरका चरित्रको वर्णन राम्ररी भएको छ । नेपाली जनताको वास्तविक स्थिति बोध गराउने उद्देश्यले एउटा ढाकेका कपडारूपी भत्ता र बोधपत्र समेत पठाउने राष्ट्रभक्त श्री कृष्णप्रसाद कोइरालालाई अंश सर्वस्व गरी देश निकाला गर्ने पछि पुनः जेलमा सडाई मार्ने चन्द्र शमशेरको सिंहदरबारी ठाँटबाटँ भोगविलास/ बालक महाराजाधिराज श्री ५ त्रिभुवनलाई सुरा र सुन्दरीमा भुलाउने सर सामाग्रीको रचना 'मकैको खेती' पुस्तक लेख्ने निर्दोष कृष्णलाल र उनका सहयोगीलाई काल कोठरीमा सडाउने प्रक्रियाबाट त्यस बेलाका लेखकहरूको स्थिति वैज्ञानिक गेहेन्द्र समसेरलाई दिइएको यातनाबाट वैज्ञानिक कलाकारहरूको स्थिति महाराजाधिराज श्री ५ त्रिभुवनका शिक्षक तुलसीमानलाई दिइएको दण्डबाट शिक्षकहरूको स्थिति चर्खा प्रचार गरी घरेलु उद्योगको विकास गर्ने तुलसी मेहर तथा लाइब्रेरी खोल्ने लक्ष्मी प्रसाद देवकोटा शङ्करदेव पन्त आदि समाज सुधारकले पाएको यातना नेपाल र नेपालीको कल्याण गर्ने पवित्र भावना लिई जनजागृतिमा लागेका धर्म भक्त, गङ्गालाल दशरथ, चन्द्र शुक्रराज जस्ता सपुतलाई दिइएको फाँसी नेपाल माताका

वीर पुत्र, प्रजातन्त्रका महान् योद्धा वी.पी. कोइरालाले पाएको यातना । नेपाली जनताको उद्धारको निम्ति गद्दी समेत त्याग गर्ने प्रजातन्त्र प्रेमी महाराजाधिराज श्री ५ त्रिभुवनको साहसिक कार्य आदि जस्ता महानता कार्यहरूको वर्णनको साथै पं. हेमराज जस्ता असङ्ख्य चाटुकार चापलुसहरूको समेत वर्णन भएको यो लघुकायं जन उदय नाटक आधा शताब्दी भन्दा बढी राणाकालीन बर्बर क्रूरतम शासनको दस्ताबेज हो भन्दा अत्युक्ति हुने छैन । पाँच अङ्कमा विभाजित यस नाटकलाई वीर रस प्रधान तथा सुखान्त भन्दा अप्ठ्यारो पर्दैन । नाटकको मध्य भाग अत्याचार यातना दमन र वीर सपुतलाई दिइएको फाँसीको वर्णनले दु:खपूर्ण स्थितिले भरिएको छ तर नेपालमा प्रजातन्त्र कसरी आयो भन्ने कुरा दर्साउन नाटकको ध्येय रहेको र अन्त्यमा महाराजाधिराज त्रिभुवनबाट प्रजातन्त्रको घोषणा गराइएको (नेपालीले प्रजातन्त्ररूपी सूर्य उदाएको) देख्न पाएका हुँदा नै यो नाटक सुखान्त हो ।

पात्र हल यस नाटकमा कुनै पात्रको पनि योगदान (सकारात्मक - नकारात्मक) कम महत्त्वको छैन । यसमा देखापरेका पात्रमा राणा पात्रहरू तत्कालीन नेपालका निरङ्कुशताका प्रतीक हुन् भने अरू पात्र आ-आफ्ना विषयका नेपाली जनताका प्रतिनिधि हुन् । विशेषत: श्री ५ त्रिभुवन, श्री ३ चन्द्र शम्शेर र जननेता वी.पी. कोइराला त्रिमूर्ति अरू पात्रको तुलनामा अगाडि देखिन्छन् । वी.पी. कोइरालालाई नाटकको मुख्य पात्र बनाउने लक्ष्य नाटककारको अन्तर कुन्तरमा लुकेको भए पनि एक नायक नाटक भने प्रस्तुत 'जन-उदय' लाई मान्न मिल्दैन । सर्वसाधारणले बुझ्ने ठेट भाषा प्रयोग गरी सरल शैली र प्रवाहपूर्ण विचार अभिव्यक्ति हुनुले नाटककारको लेखनी समर्थ प्रतीत हुन्छ । तत्सम शब्द भण्डार भरेर क्लिष्ट शैलीमा लेख्नु नै सफल लेखक बन्नु हो भन्ने सोचाइलाई यसले उल्टाएको छ ।

कथा, उपन्यास, कविता, निबन्ध, पत्रकारिता आदि विभिन्न विधामा चर्चित भइसक्नु भएका श्री गिरिराज आचार्य प्रस्तुत नाटक 'जन-उदय' लिएर नाटक क्षेत्रमा पनि उदाउनु भएको छ । नेपाली नाटक साहित्य भण्डारमा एउटा । नाटकरत्नता थपियो नै । यसका साथै यस्ता इतिहास प्रसिद्ध तर नाटकीयतामा अङ्कित गरी उदयबाट मध्यान्हतिर लगिदिएको देख्न चाहनु र नाटककारसँग न अस्ताउने ध्रुव भइदिने आशा गर्नु निश्चय अर्घेलो हुने छैन ।

* * *

हवाईपत्र कवितासङ्ग्रह

–रमेश वतरा सारिका साथिक १९७७ बम्वई, भारत

'यहाँ योजना बन्छ
हरेक रात रक्सि भट्टिमा
पिउनले काकताली मिलाई दिन्छ
हाकिमले सहिछाप ठोकी दिन्छ
जिन्सी खातामा ।।'

अन्तर्देशीय पर छपा हवाई पत्र नेपाल प्रशासनकी नजर से छुपाकर जारी किया गया है । इसमे सङ्कलित गिरिराज आचार्यको लघु कविताएँ 'प्रज्ञा' की और से तानाशी के खिलाफ की गयी सतत् कार्वाही है । लेखको पर अङ्कुश रखने वाला राजा पुरे देश के लिए घातक होता है । सारिका भारत के समस्त लेखको की और से अपिल करती है की नेपाल मे प्रेस की आजादी बहाल होना चाहिए ।

यस पछि विस्फोट कवितासङ्ग्रहले नेपाली साहित्यको चाकडी चाप्लुसी तथा स्तुतिवादको विरोधमा क्रान्तिकारी कविताद्वारा नेपालमा लेखकको मुक्तिका लागि आह्वान गरेको पाइन्छ । फेवा त्रैमासिक, कल्पना द्वैमासिक, मुकुट मासिक, काँचुली सामयिक सङ्कलन को योगदान कम महत्त्वपूर्ण रहेन ।

उपरोक्त तथ्याङ्कबाट नेपाली साहित्य र साहित्यकारको शोषणले सीमा नाघेको कुरा स्पष्ट हुन्छ । यस प्रसङ्गमा रेडियो नेपालको एउटा सानो प्रसङ्गलाई पनि चर्चा गर्नु आवश्यक छ । रेडियो नेपालमार्फत अच्युतरमण अधिकारीद्वारा वीपी कोइरालाको उपन्यासको समालोचना प्रसारण हुँदा रेडियो नेपालका कर्मचारीले जागीरबाट हातधुनु पर्‍यो । यसरी आज नेपालमा लेखकलाई सरकारले बलात्कार गरेको छ । श्री ३ भीमशमशेरका पालामा महाकवि देवकोटा, चित्तधरहृदय लगायत अन्य व्यक्तिलाई साधारण पुस्तकालय खोले वापत सरकारी निरकुङ्शताले दण्डको भागी हुनुपरेको थियो । आज त्यही परम्परा दोहोरिएको छ । श्री ३ का पालामा जसरी कवि कलाकार सताइन्थे आज श्री ५ का पालामा पनि सताउन कुनै कसर बाँकी राखेको छैन । राणाका पालामा जसरी रिमाल तथा धरणीधरले क्रान्तिकारी

गीत गाउनु भएको थियो त्यसरी नै नेपालका तमाम युवा साहित्यकारले प्रजातान्त्रिक सङ्घर्षका लागि क्रान्ति गीत गाउनुपरेको छ। तरुण नेपाली काङ्ग्रेसको मुखपत्र बुलेटिन १७ मार्च २०३५ चैत्र/वैशाख

विगतको साहित्यिक अभिलेखबाट



* * *

गिरिराज आचार्य बायो डाटा

गिरिराज आचार्य

जन्मः १९५१ अप्रेल १६, (०८ वैशाख २)

जन्मस्थानः धरान वडा नं.१, पुरानोबजार (चन्द्रपुर)

ठेगानाः अन्नपूर्ण लाइन, धरान-१२,४

सम्पर्क नं.:०२५-५२०४३८

माता-ः रामप्रसाद आचार्य, पद्मकुमारी

शिक्षाः बी.ए., त्रि.वि

परिवार : पत्नी नीरजा, छोरीः गरिमा र गृष्मा

रुचि : साहित्य, राजनीति र पत्रकारिता

१. साहित्यतर्फ संलग्नता

पहिलो कविता अधिकार र कर्तव्य 'पियुष' मुखपत्र पब्लिक हाईस्कूल धरान-१२

प्रकाशित पुस्तक

क) साहित्यिक पुस्तकः

१. नेपाली भाषा र साहित्यका केही समस्या

२.अन्तर्राष्ट्रिय नारी वर्ष र नेपाली नारी (१९७५)

३.भानुभक्त र नेपाली भाषाको विकास (२०३२)

४. विस्थापित यौवन उपन्यास (२०३८) भूमिका कथाकार जीतमान राई यो कृति विमोचना उपन्यासकार लीलबहादुर क्षेत्रीबाट २०४० धरान

५.तुलसा (उपन्यास) २०६२, भूमिका डा. रामदयाल राकेश

६. हवाईपत्र कविता सङ्कलन (२०३३) भारत बम्बईको हिन्दी पाक्षिक पत्रिका सारिकाले परिचयमा भनेको छ।-'नेपालको तानाशाही के खिलाफ आजदीका आवाज'

७.मेरी रजनी(कवितासङ्ग्रह) २०४३, भूमिका, डा. तारानाथ शर्मा, परिचय प्रा.डा. दयाराम श्रेष्ठ

८. सानीको सपना (कथा सङ्ग्रह) २०४५

९. जन-उदय नाटक २०४१, भूमिका (डा. तुलसी भट्टराई) विमोचनामा लेखक पक्राउ

१०. नव लेखन किन ? पुस्तिका २०३२ हर्ष सुब्बा

११. बन्दी यातना शिविरबाट फर्कंदा

१२. आम निर्वाचन बहिष्कार गरौं (२०३८) पुस्तिका

१३.बिर्सेका बन्दीहरू पुस्तिका १९७५

१४. वीपी कोइराला र राष्ट्रिय मेलमिलाप नीति (२०६५)

१५. नेपाली काङ्ग्रेसमा राई, लिम्बू र गुरुङको योगदान

१६. महानायक गणेशमान(२०५३)

ग) सम्पादन कृति

१. महाकवि लक्ष्मीप्रसाद देवकोटा राजनीतिक मीमासा (२०३६)

२.वी.पी. कोइरालाका साहित्यिक विचार(२०३९) पहिलो संस्करण दोश्रो संस्करण (२०५८)

३. जगदीश नेपालीका लघु कथा (२०३९)

४.सडक कविता क्रान्ति २०३६ बुकलेट

५. विष्फोट (कवितासङ्ग्रह) २०३२ हर्ष सुब्बा

६. प्रजातान्त्रिक योद्धा बमबहादुर राई स्मृति विशेषाङ्क

घ) फुटकर लेखन

१. हिन्दी पत्रपत्रिका दिनमान, धर्मयुग, सरिका, सरिता, मुक्ता, नवनितमा रचना प्रकाशित

२. सारिकामा फणीश्वरनाथ रेणु, धर्मयुगमा मोतीराम चर्चा

३. यस्तै दि टाइम्स अफ इण्डियामा चिठ्ठी १९७७ नोभेम्बर १

४.नौलो प्रतिज्ञा (२०३१)

५. निलिमा (२०५३)

६. फेवा(२०३४-०३५)

७. चान्द्रमसी मासिक (शोधार्थीः कृष्णप्रसाद भट्टराई ०६३-०६५) त्रि.वि.

ङ) पुरस्कार

क) नेपाल पत्रकार महासंघ सुनसरी

ख) चन्द्र लक्ष्मी पत्रकारिता पुस्तक रु. ११,०००।-इटहरी

ग) तारानिधि धनमाया-दिनानाथ नारायणीदेवी पौडेल स्मृति पुरस्कार रु.२५,०००।-

घ) धरान प्रज्ञा प्रतिष्ठान श्रष्टा सम्मान एवं अभिनन्दन २०७८-रु. २०,०००।-

ङ) गणेशमान फाउण्डेसन २०७९ काठमाडौं

च) प्रजातान्त्रिक योद्धा सम्मान रु. २५,०००।-

छ) नइ कीर्तिरत्न सम्मान २०८० काठमाडौं

ज) दिव्यरोशनी साप्ताहिकबाट रु. ५,००१।-

झ) श्यामकृष्ण पत्रकारिता पुरस्कार झापा २०८० असार रु.७,०००।-

ञ) नेपाली लेखक संघ मकवानपुर हेटौंडा योगमाया विद्यापति स्मृति सम्मान २०६३

चान्द्रमसी मासिकका विशेषाङ्कमा

क) कविता विशेषाङ्क २०४० मार्ग

ख) कथा विशेषाङ्क २०४० कार्तिक

ग) वीपी कोइराला विशेषाङ्क २०४० श्रावण

घ) तारिणीप्रसाद कोइराला विशेषाङ्क २०५३

ङ) महाकवि देवकोटा विशेषाङ्क २०४१ असोज

च) लेखनाथ शतबार्षिकी विशेषाङ्क २०४१ आषाढ

छ) लघुकथाकार जगदीश नेपाली विशेषाङ्क २०४० मार्ग

ज) जनउदय नाटक चर्चा विशेषाङ्क २०४२ वैशाख

झ) भूकम्प विशेषाङ्क २०४५

ञ) नेतात्रयको वयान विशेषाङ्क -अदालतमा गणेशमान, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी धरान (२०४६)

मुख्य साहित्यिक गोष्ठीमा सहभागिताः

१. सृजनशील साहित्य समाज काठमाडौंमा धरानका १० कविका कविता वाचन(२०४६)

२. सिराहा कविता गोष्ठी २०४४

३. वीपी जयन्तीमा बराहक्षेत्रमा कविता गोष्ठी ०४४-०४५

४. वीपी कोइराला नेपाल भारत फाउण्डेसन काडमाडौं धरान २०७१

साहित्य पत्रकारिता र राजनीति संघसंस्थाबाट सम्मानित/पुरस्कृतः

१) गणेश पत्रकारिता सम्मान, विराटनगर (२०४७) रु. ५००।००

२) महानन्द सम्मान धरान (२०४८)

३) शनिवासरीय साहित्य सम्मानबाट जन आन्दोलन २०४५ बाट अभिनन्दन (२०४७) प्रमुख अतिथि मनमोहन अधिकारीबाट

४) स्वामी प्रपन्नाचार्य चतुर्भुज पुरस्कार रु. ५०००।००

५) रिपोटर्स क्लब सुनसरी धरान (२०४८)

६) नेपाली साहित्य समाज उर्लाबारी मोरङ (२०४८)

७) मोती संस्मरण मिति, धरान (२०६७)

८) लक्ष्मी वाचनालय देवकोटा सम्मान(२०६७)

९) तारानिधि धनमाया पत्रकारिता पुरस्कार, इटहरी रु. ११,०००।००

१०) नेपाल प्रेस युनियन, पूर्वाञ्जल शाखा इटहरीबाट सम्मान

११) कवि शिरोमणि साहित्य साधना समाज धरान-१६ बाट सम्मान(२०७१)

१२) नइ प्रकाशनको नइ भाजपा पुरस्कार, काठमाडौंबाट सम्मानित (२०६७)रु.२०,०००।००

१३) पत्रकारितातर्फ धरान नगरपालिका स्वर्णमहोत्सव (०६७) बाट विशेष सम्मान पत्र ।

१४) क्रान्तिकारी पत्रकार संघ सुनसरी (२०६६) इटहरीबाट अभिनन्दन पत्र

१५) लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठान विराटनगरबाट साहित्य, राष्ट्रसेवा, पत्रकारिता सम्मान पुरस्कार

१६) जीवन स्मृति प्रतिष्ठान दमक, झापा, साहित्य, पत्रकारिता एवं वाङ्मयको जीवन स्मृति प्रतिभा पुरस्कार (२०६७) बाट रु. १५,०००।०० बाट पुरस्कृत

१७) बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.बाट इन्द्र बराह स्मृति पत्रकारिता पुरस्कार (२०७५) बाट रु.१५,५००।००

१८) नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, भानुभक्त आचार्य द्विशत वार्षिकी समारोह समिति प्रशस्ती पत्र (२०७१ असार २९ गते)

१९) वीपी चिन्तन प्रतिष्ठान धरानबाट सम्मान तथा अभिनन्दन (२०६७)

२०) पं. छविलाल पोखरेल नेपाल प्रेस युनियन स्मृति पत्रकारिता सम्मान पुरस्कार रु. ११,०००।०० बाट ।

२१) शिक्षा सदन माध्यमिक विद्यालयको स्वर्णमहोत्सव समारोह(२०६२) व्यवस्थापन समिति अध्यक्ष (४१-५१) सम्मान ।

२२) धरान साहित्य महोत्सव समारोह समिति (२०७१) बाट सम्मानित व्यक्तित्व कृतित्वबारे शोध ।

१. गिरिराज आचार्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

शोधार्थी महानन्द तिमिल्सिना (२०५९-०६१) त्रि.वि.वि.

२. साहित्यकार संघसंसथामा आवद्धता

....

१. मोती संस्मरण समिति धरान, सल्लाहकार

२. लक्ष्मी वाचनालय धरान, सल्लाहकार

३. अध्यक्ष युवा साहित्यिक समाज २०४०

४. बालकृष्ण फाउण्डेशन (२०६०) काठमाडौं

५. नेपाल लेखक संघ, केन्द्रीय सदस्य (२०६६)

साहित्यिक पत्र प्राप्त ।

भवानी भिक्षु/मदनमणि दीक्षित/कमल दीक्षित/ डा. दयाराम सम्भव/ शिवकुमार राई (खरसाङ)/ अशेष मल्ल /विजय वजिमय/ भवानी घिमिरे/जयप्रकाश आनन्द/जीवन नामदुङ्ग (दार्जिलिङ)/चन्द्रेश्वर दुवे (इम्फाल)/मणिपुर के.वी. नेपाली (लामडिङ, आसाम)/जनकलाल शर्मा (काठमाडौं)

भारतबाट प्राप्त पत्र

गिरिराज किशोर/भरत यायाबर/विष्णु प्रभाकर/आशारानी बोहरा/वंशी माहेश्वरी (कवि एवं सम्पादक तनाव म.प्र. पिपरिया भारत)/डा. प्रा. गिरिश्चन्द्र (भारतेन्दुका पनाति), भारतेन्दु भवन चौखम्बा वाराणसी), रमेश वतरा (बम्बई), सारिका पाक्षिक

उल्लेखनीय साहित्यिक कार्यमा

१. प्रसिद्ध विद्वान् पं.छविलाल पोखरेलका पुस्तकमा दुई शब्द लेख्ने शौभाग्य

क) आधुनिक दृष्टिमा वाल्मीकि रामायण

ख) वेदको सोमरस तथा जाँडरक्सीको इतिहास

२. लेखकका मुखमा कालोपट्टी जुलुसको नेतृत्व गरेको २०६३ धरान

३. वीपीको गाउँमा कविता/पाएमाण्डु/सिसास

उल्लेखनीय प्रतिनिधि कविताको विवरण

१. समकालीन कवि र कविता, सम्पादकः विनय रावल २०४८ काठमाडौं

२. नेपाली समकालीन कविता, सम्पादनः कृष्ण प्रसाईं २०५१ काठमाडौं

३. मुकुट/कविता विशेषाङ्क , सम्पादनः विनय रावल २०५१ काठमाडौं

४.मुकुट/तियानमेन चौक कविता विशेषाङ्क विनय रावल, काठमाडौं

५. वीपीका कविता सम्झना कविका (कवितासङ्ग्रह) सम्पादकः जीवनचन्द्र कोइराला (२०४९ भाद्र २४ काठमाडौं)

६. गरिमा/कविता विशेषाङ्क , सम्पादक, गोपाल पराजुली २०५८ पौष काठमाडौं

७.जनमत कविता विशेषाङ्क खण्ड १ सम्पादक, मोहन दुवाल २०५४(बनेपा काभ्रे)

८. कविका आँखामा धरान कविता सँगालो

सम्पादकः कृष्ण बजगाइँ (२०५४) धरान

९. लक्ष्मी सडकका कविता/कविता विशेषाङ्कका विभिन्न अङ्क

सम्पादक मदन ढकाल/डा. गोपाल भण्डारी (२०५७-०६७) धरान

१०. मोती कविता विशेषाङ्क सम्पादकः बद्री पलिखे धरान

११. सुनसरी कवितासङ्ग्रह सम्पादक : शशीप्रसाद बजगाइँ (२०४५) इनरुवा

अन्य विभिन्न पत्रपत्रिकामा फुटकर कविता

१२. मुक्तक विशेषाङ्क आस्था कार्तिक २०३७ काठमाडौं

पहिलो कविता २०२६ अधिकार र कर्तव्य

पब्लिक हाईस्कुलको मुखपत्र पियुष

* * *

वेश्यालयकी तुलसाले दिएका सामाजिक सन्देश

दधिराज सुवेदी

वेश्यालयकी चित्रण गर्दा पनि नारी अस्मिता जोगाउने प्रयत्न गर्नु अथवा नारीको नग्नता र यौन सम्पर्कको खुला दृश्य नदेखाउनु लेखकको भद्रता हो । वेश्यालय घुमेर गति र मतिलाई स्थिर राख्नसक्नु पनि लेखकको असल चरित्र मानिन्छ ।

उपन्यास सुन्दर साहित्य विधाभित्र पर्दछ । असल उपन्यासले पाठकलाई आनन्द प्रदान गर्दै समाज सुधारका निमित्त भगीरथ प्रयत्न गरेको हुन्छ । तुलसा, हसिनावाई र उनीहरूका अभिभावक नसुध्रिएसम्म समाजमा सुधार आउँदैन, चेलीबेटी बेचबिखन बन्द हुदैंन । यी र यस्तै सामाजिक विषयवस्तुको दस्तावेज हो । 'तुलसा' जसले वेश्यावृत्तिका क्षेत्रमा सामाजिक क्रान्ति ल्याउने प्रयत्न गरेको छ ।

'तुलसा' साहित्यकार गिरिराज आचार्यको दोश्रो उपन्यास हो । उनले योभन्दा पहिले 'विस्थापित यौवन' उपन्यास लेखरे लोकप्रियता ग्रहण गरिसकेका थिए, राजनीतिक र साहित्यिक विषयमा समानरूपले कलम चलाउने यी लेखकले डेढदर्जन जति ग्रन्थ पाठकलाई पढाइसकेका छन् । प्रजातान्त्रिक मूल्यमान्यताप्रति आस्थावान् रहनु र मानव अधिकारका निमित्त संघर्षरत रहनु यिनको जीवन आदर्श हो । यिनी जननायक विश्वेश्वरप्रसाद कोइरालालाई प्रेरणापुरुष मान्दछन् । प्रस्तुत उपन्यासमा पनि उनले नारी अस्मिताको रक्षार्थ संघर्ष गरेका छन् । वेश्यालयका वेश्याको उद्धार गरेर सामाजिक मर्यादा दिलाएका छन् ।

२०४२ सालको सत्यागह्रको सन्दर्भमा विराटनगर जेलमा थुनिएका गिरिराजले 'जेलमा लाखी नबस्नु' भन्ने विश्वेश्वरप्रसाद कोइरालाको उपदेश मानेर यो उपन्यास लेखेका थिए । लेखककै आत्मस्वीकृति अनुसार उपन्यासकी नायिका तुलसा वास्तविकता पात्र हो । ऊ बम्बईको कमाटिपुरा स्थित नारकीय जीवन बिताइ मातृभूमिको काखमा प्राण उत्सर्ग गर्ने इच्छाले काठमाडौं आएर वीर अस्पतालको शय्यामा वेदनाले चिच्याइरहेकी छ भन्ने

समाचार सुनेर उलाई हेर्न गएका थिए । त्यो क्षण उनले भोगेको पीडा देखेर उनी स्वयं मर्माहित बनेका थिए ।

उक्त घटनापछि लेखकलाई बम्बईका कोठी निरीक्षण गरेर नेपाली चेलीले भोग्नुपरेको नारकीय जीवनको यथार्थ अनुभव गर्ने इच्छा भयो। उनी बम्बई गएर बाबु, दाजुभाइ, लोग्ने, भिनाजु र आफन्त भनाउँदा नराधर्मबाट वेश्यालयमा बेचिएका, दैनिक १५ जनासम्म ग्राहकलाई यौन सन्तुष्टि दिलाउन विवश बनेकी काठमाडौंकी तुलसा, पोखराकी रूपमाया, गोरखाकी चमेली, धनकुटाकी धनमति, इलामकी लक्ष्मी, पाल्पाकी नीरा, महेन्द्रनगरकी सुधा, सुनसरीकी सरस्वती कुनै अनाथाश्रमकी पार्वतीजस्ता नामुद वेश्याको अध्ययन गरे। सोही अध्ययन र अनुभवका आधारमा उनले यो उपन्यास तयार पारेका हुन् । त्यसैले यसमा विपन्न ग्रामीण समाजको वास्तविकता समेटिएको पाइन्छ। यो उपन्यासका पाठकलाई कल्पनाको लवलेश पनि अनुभूति हुँदैन। भोगाइपछिको लेखाइ भन्ने अनुभूति हुन्छ । पाठकलाई यथार्थको अनुभूति दिलाउनु नै लेखकको सफलता हो । यसमा उपन्यासकार अति सफल पाइन्छन् । यस्तो सफलता 'रूपमति' का रुद्रराज पाँडे र 'स्वास्नीमान्छे'का हृदयचन्द्रसिंह प्रधानले पहिले नै प्राप्त गरिसकेको थिए । अठार वर्षे बैसालु तुलसाले बम्बईको बेगम हसिनावाइका कोठीमा आएर वेश्यावृति गर्न थालेको तीन महिना मात्र भएको छ । ऊ हिन्दी भाषा पनि राम्रोसँग जान्दिन । ऊ अविकसित जिल्ला रसुवाकी तामाङनी हो । उसलाई आफ्नै लोग्नेले अँगालाभित्रैबाट पन्ध्र हजार भारुमा बेचेर भागेको थियो । उसले दैनिक १५/१६ जनासँग सुतेर नारकीय जीवन भोग्ने विवशता व्यहोरेकी थिई ।

एक दिन सोह्रौं व्यक्तिले यौनक्रीडा गर्दागर्दै तुलसा अचेत भई । उसलाई स्थानीय अस्पतालमा पुर्‍याइयो । उसले दोहोर्‍याएर त्यो नारकीय जीवन भोग्न हसिना वाईको कोठीमा जाने इच्छा गरिनन् । नारी समाज सुधार संघले मराठी युवक दत्ता कोठीसँग सौहार्द वातावरणले उसको दोश्रो विवाह गरिदियो । तुलसाका लागि त्यो युवक देउतासरह मानियो ।

दाम्पत्य सुखको चरम आनन्दमा डुबेकी तुलसाको एक महिनापछि त्यो कोठारी पनि वेश्याकै दलाल रहेछ भन्ने कुरा थाहा पाई । उसको सुनौलो सपना चकनाचुर भयो । ऊ पुन: दलाल मार्फत हसिनावाईकै कोठीमा आइपुगी ।

मन नहुदाँहुँदै पनि शरीर बेच्न बाध्य तुलसा भित्रभित्रै वेश्या उन्मूलन आन्दोलनमा अग्रसर बनी। उसको अग्रसरितालाई अरू वेश्याले साथ दिए। बम्बई नेपाली

जनसम्पर्क समितिका महासचिव राकेशउहाँदुर विष्टले यो कुरा थाहा पाएर सम्पर्कमा गए । उनी कुनै मिलमा काम गर्ने दरवान थिए । त्यहाँ वेश्या र दरवानको कुनै इज्जत थिएन । त्यसैले उनको मन पनि आन्दोलित थियो ।

तुलसाहरू क्रमशः सङ्गठित हुँदै गए। नेपाली जनसम्पर्क समितिको कार्यालयमा भेला भएर बम्बई वेश्या संघ गठन गरे । राकेश र तुलसा नेपाली चेलीलाई कोठीबाट मुक्त गर्न र नेपालबाट चेली बेच्ने व्यवस्था विरुद्ध उत्रिए । सावित्रीले नेपाल र नेपाली जातिमाथिको अपमान सहन नसकेर अरवियन गुण्डाको हत्या गरे । हसिनावाइको कोठीमा भएको यो पहिलो हत्या थियो । जसले नेपाली वेश्याको नाक ठाडो गरेको थियो ।

यस घटनापछि क्रूर हसिनावाइमा पनि सकारात्मक सोच आउन थाल्यो । उसले क्रमशः आफ्नो धन्दा बन्द गर्दै कोठीका सबै वेश्यालाई मुक्त गरिदिई । उमेर ढल्केपछि मात्र उसले सुन्दर संसार देखी । अब बम्बई शहरका कोठीमा मुक्तिका सन्देश फैलिन थाले । नेपाली चेली आत्मसम्मानका साथ स्वतन्त्र भएर घुम्न थाले । भारतीय वेश्याले भने उनीहरूलाई साथ दिएनन् ।

अब 'बम्बे वेश्या संघ' लाई सरकार, अभिभावक, सामाजिक संघसंस्था, बुद्धिजीविवर्ग र प्रेसले साथ दिनथाले । भारतीय वेश्यामा नारकीय जीवन भोग्न विवश बनेका ७० हजारभन्दा पनि बढी नेपाली वेश्यामा प्राण सञ्चार हुनथाल्यो । कतिले नेपाल आएर चेली बेच्न जाने दलाल नियन्त्रणका निमित्त सामाजक संस्था खोलेर काम गर्न थाले । कतिले हुस्नवाइजस्ता कोठी सञ्चालकको हत्या गरेर जेलभित्रको स्वतन्त्र जीवन वरण गरे । उर्मिला जस्ती तुच्छ दलालको कुदृष्टिका कारण रूपमाया र धनमति सराजुलका गुण्डाबाट अपहरित भए । नेपालका दलाल र गुण्डा जेल गए । राकेश र तुलसा नेपाल फर्किएर दाम्पत्यको बन्धनमा बाँधिने सुन्दर सपना देख्न थाले ।

उपन्यासको अन्त्य सराजुल र उसका मतियारले तुलसामाथि आक्रमण गरेपछि प्रतिकार गर्दा तुलसाको पेस्तोलले उर्मिलाको जीवनलीला समाप्त भयो । तुलसा पनि नेपाली चेलीको उद्धारका क्रममा शहीद भई । राकेश, रूपमाया, धनमति आदिलाई साथमा लिएर नेपाल फर्किए । तुलसा मरी तर उसको विचार मरेको छैन । ऊ वीराङ्गनाका रूपमा बाँचेर नेपाली समाजमा सङ्घर्ष गरिरहेकी छ । 'तुलसा' नेपाली समाजको कारुणिक कथा र व्यथा अटाएको सामाजिक शैलीको लघु उपन्यास हो । यसले भारतीय वेश्यालमा आफन्तबाटै बेचिएर

नारकीय जीवन यापन गर्न विवश बनेका नेपाली नारीको मुक्तिका निमित्त संघर्ष गरेको छ ।

यस लघु उपन्यासलाई भूमिकाकार रामदयाल राकेशले उपन्यासिकाका सञ्ज्ञा दिएका छन् । उपन्यास अत्यन्तै सरल र आफ्नो उद्देश्यमा स्पष्ट छ । व्यस्त जीवना पाठकलाई यस्तै लघुकार्य उपन्यासले छोटो समयमा मीठा आनन्दको अनुभूति दिलाउन सक्तछ । वेश्यालयमा बेचिएका वेश्यामा पनि आदर्श जीवन हुन्छ । उनीहरू समाज सुधारका निमित्त सधैंसधैं प्रयत्नरत रहन्छन् । धनभन्दा मानमर्यादा र प्रतिष्ठा ठूलो भन्ने सन्देश तुलसाका चरित्रले चित्रण गरेको छ ।

वेश्यालयका वेश्या निर्दोष हुन्छन् । यौन व्यापार उनीहरूको बाध्यता र विवशता हो । उनीहरूलाई लालाइफकाइ भुक्याएर वेश्यालयमा लगेर बेच्ने कुकर्मी र पापलाई सचेत गर्नु यस उपन्यासको उद्देश्य हो । यस उद्देश्यका निमित्त उपन्यासकार सफल छन् ।

वेश्या सबै कर्तव्यविमुख हुँदैनन् । उनीहरू अवसर पाउनासाथ सत्मार्गमा अग्रसर हुन्छन् । तसर्थ उनलाई अवसर प्रदान गरेर असल आमा बनाउन र समाजसेवामा समर्पित गर्न सक्नुपर्दछ भन्ने पवित्र सन्देश यस उपन्यासले दिएको छ ।

तुलसाको चरित्र सुधारवादी छ । ऊ सामाजिक क्रान्तिकै क्रममा वीरगति प्राप्त गर्ने वीरङ्गना पनि हो । उसको प्रभाव र प्रेरणाले वेश्याकोठीका सञ्चालक र वेश्या सुधारमार्गतर्फ अभिमुखी बनेका छन । हसिनावाइले आफ्नो कोठी बन्द गरेर सबै वेश्यालाई मुक्त गर्दै आफू पनि नारी जागरणतर्फ अग्रसर हुनु यसका लागि सफलता हो ।

महिला मुक्तिका लागि 'विस्थापित यौवन' उपन्यास लेखेर सङ्घर्षको मैदानमा उत्रिएका उपन्यासकार गिरिराज आचार्य पुरुषले जस्तै महिलाले पनि पुनर्विवाहको हक पाउनु पर्दछ भन्ने न्यायोचित माग राख्न र सफल परिणाम दिन सफल भएका छन् । उनी परम्परागत रुढीवादीसँग बिल्कुलै डराउँदैनन् ।

यो नारीवादी सामाजिक उपन्यास हो । यसले नारीमा आदर्श जीवन प्रतिस्थापित गर्ने उद्देश्य बोकेको छ । अशिक्षित र उपेक्षित ग्रामीण समाजबाट विस्थापित भएका नेपाली नारीमा अन्तर्हृदयको सूक्ष्म आवाज केलाउने क्रममा यसले सफलता प्राप्त गरेको छ ।

उपन्यास पात्रको वास्तविक परिस्थिति बताउने यथार्थशैलीको, आफ्नै सामाजिक परिवेशमा तयार पारिएको नेपाली चेलीको समसामयिक साझा कथामा आधारित बन्न पुगेको छ ।

वेश्यालयको चित्रण गर्दा पनि नारी अस्मिता जोगाउने प्रयत्न गर्नु अथवा नारीको नंग्नता र यौन सम्पर्कको खुला दृश्य नदेखाउनु लेखकको भद्रता हो । वेश्यालय घुमेर गति र मतिलाई स्थिर राख्न सक्नु पनि लेखकको असल चरित्र मानिन्छ ।

नेपाली जातिको जातीय गौरव राष्ट्रिय स्वाभिमान, देशभक्ति, समाज, नारी अस्मिता, मानवीय चेतना सामाजिक संघ संस्थाको महत्त्व, सज्जनको संरक्षण र दृष्टिकोण विनाशको जस्तो सार्वभौम विषयमाथि उपन्यास सचेत र समर्पित छ ।

'तुलसा' बीस/बाइस वर्ष अगाडि लेखिएको नेपाली चेलीको समसामयिक साझा कथा हो । त्यो पीडा, परिवेश र परिस्थितिले उनीहरूलाई आज पनि छाडेको छैन । प्रतिवर्ष हजारौं हाम्रा चेली तुलसाको नियति भोग्न विवश छन् । मानवताविहीन कसाईबाट भारतीय सुगन्धित कोठीमा बेचिएर सुन्दर जीवन समाप्त गर्न बाध्य छन् ।

वेश्याका अन्तजीवनको गम्भीर अध्ययन, चिन्तन र मनन गरिएको यस उपन्यास भित्र धेरै तुलसाको यथार्थ कथा र व्यथा छ । नेपालमा वेश्यावृतिको कानुनी वैधता नरहेकाले यस विषयवस्तुको ज्ञान गर्न हामीलाई त्यति सजिलो छैन जति सजिलो दिल्लीको जी.वि.रोड बनारसको दालमण्डी, कलकत्ताको सुनगाछी, बम्बईको पलीकोठे र मुजफ्फरपुरको लालटेन बजारमा पसेर भोग्न र जान्न सकिन्छ । तर पनि उपन्यासकार गिरिराज आचार्यले जानेर वा भोगेर यो दर्दनाक दृश्य हामीलाई देखाइदिए ।

बर्सेनी हजारौं अशिक्षित, उपेक्षित ग्रामीण समाजबाट विस्थापित नेपाली नारीका अन्तर्हृदयको सूक्ष्म आवाज बनेर प्रस्तुत भएको यस उपन्यासले लाखौं नेपाली नारीको उद्धारका निमित्त बुलन्द आवाज उठाएको छ । तुलसा चाहन्छे सबै नारी आदर्श आमा बनेर मर्यादित जीवन जिउन सकुन् । कसैले पनि कलकत्ता, बम्बई जस्ता दुर्गन्धित शहरमा पुगेर आफ्नो यौवनको पसल थाप्न नपरोस् ।

* * *

नारी जागरणका दिशामा तुलसा

प्रा.डा. गोपालप्रसाद भण्डारी

धरानको साहित्यिक क्षितिजमा साहित्यकार गिरिराज आचार्यको नाउँ नयाँ होइन र साहित्यकार आचार्यले धेरै पुस्तक लेखिसक्नु भएको छ । उहाँ निरन्तर लेखिरहनु हुन्छ र पुस्तक पनि प्रकाशित गरिरहनु हुन्छ । उहाँका पुस्तक र लेख रचना प्रशस्तै छन् । ती सबै एकीकृत पार्ने हो भने गिरिराजजीको योगदान स्पष्ट हुनेछ । वास्तवमा उहाँले धेरै लेख्नुभएको छ र साहित्यको उत्तम साधना गर्नुभएको छ ।

गिरिराजजीले 'विस्थापित यौवन' नामक सामाजिक उपन्यास प्रकाशित गर्नु भएपछि त्यसले निकै लोकप्रियता पायो । त्यस उपन्यासमा महिला मुक्तिका लागि परम्परातग रुढीका विरुद्ध महिलाले पनि पुनःविवाह गर्ने साहस गर्नुपर्छ भन्ने सन्देश दिइएको छ । उपन्यासले दोस्रो संस्करण समेत लिइसकेको छ । यसै क्रममा गिरिराजजीले अर्को उपन्यास लेख्नुभएको छ । जसको नाम हो-'तुलसा' ।

'तुलसा' वर्तमान समयमा देखिएको महिलावर्गका समस्यासँग सम्बन्धित लघु उपन्यास हो । यो उपन्यास लेखकको आग्रहअनुसार मैले आद्योपान्त पढें । नेपालका ग्रामीण क्षेत्रबाट वर्षेनी हजारौं नवयुवती भारतका कलकत्ता, बम्बई र अन्य शहरमा वेश्यावृतिका लागि धपाइन्छन् । ती नवयुवतीलाई दलालले जागीर खुवाउने उहाँनामा त्यहाँ पुऱ्याइ भारु. पाँच हजारदेखि पचास हजारसम्ममा बेचिदिन्छन् । त्यसरी बेचिएका चेली त्यहाँ नाटकीय जीवन बिताउन बाध्य हुन्छन् । उनीहरूमध्ये कति त्यहाँबाट मुक्त हुन असमर्थ भएपछि त्यहीकै वातावरणमा बानी पर्दछन् र कुनै चाहिँ अनेकौं यन्त्रणा खपेर वा कसैको सहयोग लिएर त्यहाँबाट उम्कन सफल हुन्छन् र उम्केर स्वदेश आउनेहरू पनि समुचित संरक्षण वा सम्मान नपाउँदा निराश बन्न सक्तछन् । यसरी कुण्ठित जीवन बिताउन समेत उनीहरू विवश हुन्छन् । यो एकप्रकारको अमानवीय, अशोभनीय र अवाञ्छनीय समस्या हो । नेपाली नारीलाई आफ्नै पति, पिता, माता, दाजु, मामा, देवर, भिनाजु आदि नाताका व्यक्तिले समेत

भुक्याई, फकाई, धोका दिई दलालका हातमा सुम्पिदिएका थुप्रै घटना सुनिएका छन । यस्ता घृणित, पतित र मानवता विरोधी दुष्कार्य गर्नेलाई समाज र सरकारका तर्फबाट समेत कडा दण्ड दिनुपर्नेमा त्यसो हुन सकेको छैन । यही समस्यालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

भारतको मुम्बई (बम्बई) लाई मूलथलो बनाइ त्यहाँका कोठीमा देहव्यापार गर्न विवश नेपाली चेलीको कथा-व्यथा समेटिएको यस लघु उपन्यासमा उनीहरूलाई त्यहाँबाट मुक्त बनाउन प्रयत्नशील तुलसा र राकेशबहादुर विष्टको साहसिक र परोपकारी चरित्रको चित्रण पनि छ । एउटा कोठीबाट मुक्त नारीलाई अर्को कोठीमा गुण्डाले अपहरण गरेर लगेको घटना यहाँ ज्यादै मर्मस्पर्शी रूपमा प्रस्तुत गरिएको छ भने पुनः तिनीहरूलाई छुटाउन खोज्दा उत्पन्न मुठभेडमा तुलसाको मृत्यु भएको देखाइएको छ। उपन्यासमा तुलसा, रूपमाया, चमेली, धनमती, लक्ष्मी, नीरा, सुधा, सरस्वती, सावित्री, पार्वती, दुर्गा, फूलकुमारी, तारा, रेवा देहव्यापारमा संलग्न नेपाली युवतीमा पीडा र व्यथाको वर्णन गरिएको छ ।

देहव्यापारको शृङ्खला धेरै पुरानो हो भन्ने कुरा पौराणिक साहित्यले पनि उल्लेख गरेको छ। मानव सभ्यताको थालनी सँगसँगै यो प्रथा विकसित भएको हुनसक्छ। यसो भए तापनि शिष्ट समाजले यस प्रथालाई नियन्त्रण गर्नै पर्छ र नारीवर्गलाई पसलका माल वा वस्तुका रूपमा बेचबिखन गर्ने कुत्सित प्रणालीको अन्त्य गर्नैपर्छ भन्ने नारीवादी लेखनको एउटा सशक्त आवाजसँग यस उपन्यासले आफ्नो स्वर मिसाएको देखिन्छ। प्रसिद्ध लेखिएका तसलिमा नसरिनले नारी जातिको चेतना विस्तारका लागि 'औरत के हक में' लेखेकी छन्। त्यसैगरी विश्वसाहित्यमा पनि बीसौं शताब्दीमा नारी जागरणका दिशामा अनेकौं आख्यान रचिएको पाइन्छन्। युरोप, अमेरिका, अष्ट्रेलिया र एसियाका केयौं मुलुकमा नारीलाई देहव्यापार गर्न पुरुषवर्गबाट विवश बनाइएका घटना चर्चित भएका छन् भने कैयौं स्वेच्छाचारिणी नारी स्वयम् नै यस्तो पेशामा रमाइरहेका पाइन्छन्। नारीलाई यस्तो पेशाबाट मुक्त बनाई सम्मनित पेशामा आकर्षित पार्नु एउटा चुनौति

कै विषय भएको छ । यस कार्यमा समाज, संघ संस्था र सरकारको भूमिका प्रभावकारी हुनुपर्छ । तिनीहरूको ध्यानाकर्षण गराउन यस्तै कृतिको आवश्यकता पर्ने हुँदा उपन्यासकार गिरिराज आचार्यको यो प्रयास सार्थक बन्नेछ भन्ने मलाई पूर्ण विश्वास छ । नारी मुक्तिका लागि नारी लेखिका मात्र नभई पुरुष लेखक पनि चिन्तित छन् भन्ने कुरा समेत यस उपन्यासले प्रमाणित गरेको छ । नेपाली उपन्यास लेखनको एक शताब्दी पुगेको अवसरमा यो उपन्यास प्रकाशित हुन लागेकोमा प्रसन्नता व्यक्त गर्दछु ।

अन्त्यमा छोटो, छरितो र चिटिक्क परेको यस उपन्यासले पाठकवर्गमा अनुकूल प्रभाव पर्नेछ भन्ने विश्वासका साथ उपन्यासकार गिरिराज आचार्य प्रति हार्दिक बधाई ज्ञापन गर्दै उहाँको लेखकीय उत्साह अझ समृद्ध होस भन्ने कामना गर्दछु ।

* * *

विस्थापित यौवनको भूमिका

जीतमान राई

भूमिका

गिरिराज आचार्यको लेखन विधातिर पहिलो प्रयास हुँदाहुँदै पनि यो उपन्यास असाध्यै रसिलो छ । पात्रको छनौट, घटनाक्रम र कथानक सबै मिलेर गरेको छ । उपन्यास पढ्दा पाठकलाई कहीँ पनि 'बोर' हुनुपर्ने स्थल पाइन्न । धरान अस्पताल र डाक्टरी पेशालाई पृष्ठभूमि बनाएर लेखिएको यस उपन्यासमा प्रत्येक 'डाक्टर हुँ' भन्ने व्यक्तिको निम्ति एउटा नयाँ सन्देश निहित छ ।

उपन्यासको एउटा पात्र 'मनोरमा'जस्ता हजारौं युवती नेपालका ठुलठुला शहर बजारमा जीवनको अमूल्य मोती गुमाएर नीरासा खल्ला दिन व्यतीत गरिरहेका छन् । मनोरमाजस्ता हाम्रा दिदी बहिनीका निमित यस उपन्यासमा सञ्जीवनी बुटी लुकेको छ । मनोरमाको जीवनले प्रत्येक पथ भ्रष्टा, समाजद्वारा तिरस्कृत नारीलाई नौलो क्षितिजतिर डोऱ्याएको पाउँछौं । हाम्रो समाजका उच्च वर्गका शिक्षित युवकका निम्ति शेखरले कर्मक्षेत्र फराकिलो पारिदिएको छ । यस उपन्यासलाई पढ्दा मलाई अङ्ग्रेजी कवि अल्फ्रेड टेनिसनको 'युलिसिस' नामक कवितामा व्यक्त भएको जीवनप्रतिको एउटा आस्था र नवजीवनको कुञ्जी पाएझैं लाग्यो । जेहोस् प्रत्येक लेखकको आफ्नो एउटा पृथक व्यक्तित्व हुन्छ । उसको कृतिमा उसैको व्यक्तित्वको छाप लागेको पाइन्छ । त्यस्तै यस उपन्यासमा पनि गिरिराजज्यूको ....पाइन्छ भन्नु अत्युक्ति नहोला ।

गिरिराजज्यूको भाषा सरल र सुबोध छ । हिजोआज शिक्षितवर्गले बोल्दा बीचबीचमा अङ्ग्रेजी शब्दको प्रयोग गर्दछन् । त्यस्तै गिरिराजले पात्र बोल्दा ठाउँ ठाउँमा अङ्ग्रेजी शब्दको प्रयोग गरेको पाइन्छ । जुन चाहिँ स्वभाविक हो ।

‘विस्थापित यौवन’ एउटा सुखान्त कथानकमा आधारित उपन्यास हो । यसमा उपन्यासकारले पात्रको मनोविश्लेषण र मनोवैज्ञानिक वर्णनले झन् उपन्यासलाई रसिलो र स्वादिलो बनाइदिएको छ । मलाई यो उपन्यास अङ्ग्रेजी उपन्यास ‘जेन एअर’ सँग तुलना गर्न मनपर्‍यो । ‘चार्लटी ब्राण्टी’ नामकी उपन्यास लेखेकाले यस्तै प्रणयमा आधारित ‘जेन एअर’ उपन्यास एकदिन ‘चार्लटी ब्राण्टी’ को उपन्यास ‘जेल एअर’ जस्तो म होइन ‘एमिल ब्राण्टी’ (चार्लटी बैनी) को उपन्यास ‘बुदरिङ हाइट’ (........) जस्ता अद्वितीय र अनौठो उपन्यास लेख्न सक्तैनन् भन्न गाह्रो छ ।



यस उपन्यासका जोडी, शेखर र नीला अनि मनोरमा र दिनेशले साँच्चै नै अलपत्रिएका युवक युवतीलाई मार्गदर्शन र जीवनगति प्रदान गरेका छन् । साँच्चै नै ती जोडी आशाका लहरमा विस्तारित हुँदै जान्छन् एउटा चम्किलो आस्थाका क्षण बोकेर दूर क्षितिजमा..... ।

उपन्यासका सम्बन्धमा

उपन्यास साहित्यको एउटा यस्तो विधा हो जसको माध्यमद्वारा उपन्यासकारले दिन खोजेको सम्पूर्ण कुरा व्यक्त्याउन सकिन्छ । फेरि उपन्यास पाठकलाई मनोरञ्जन दिने साहित्यको एउटा सफल विधा पनि हो । उपन्यासद्वारा मनोरञ्जनात्मक तरिकाबाट समाजका कुरीति, कुसंस्कार एवं विसङ्गतिलाई औंल्याउन सकिन्छ भने वर्तमानको देश काल र परिस्थितिको पनि सही चित्र उतार्न सकिन्छ । यसै कुरालाई हृदयङ्गम गरी पाठकलाई मनोरञ्जन पनि दिने र सामाजिक परिस्थितिलाई उजागर गराउन प्रस्तुत उपन्यास सरल तरिकाबाट तयार गरेको छु । उपन्यास के, कति हदसम्म सफलछ त्यो कुरा पाठककै जिम्मा छाडेको छु । उपन्यास पढ्न जति सजिलो छ लेख्न त्यति नै गाह्रो पनि शुरूमा उपन्यास गाह्रो लागे तापनि जेनतेन पाठक समक्ष आफ्नो पहिलो प्रयास राखेको छु । उपन्यासका सम्बन्धमा पाठकको राय बुझेपछि मात्र औपन्यासिक सफलता वा असफलता प्रबुद्ध पाठकवर्गले नै औल्याइदिने जिम्मामा छोड्दा मलाई यस विधाप्रति न्याय हुन जाला भनी आफ्नो

कमजोरी लुकाउनु भन्दा पनि पाठकबीच राख्नु नै हार्दिक इच्छा लागेको छ । प्रिय पाठक बन्धुलाई यसका सम्बन्धमा आफ्नो राय दिन अनुरोध गर्दछु । किनकि कुनै रचनाको निर्णायक पाठक हुन्छन् न कि समालोचक वा आलोचक । त्यसैले मेरो उपन्यासका सम्बन्धमा पाठकवर्ग नै पहिलो सफलताका कडी हुन् जसको माध्यमद्वारा लेखकलाई भविष्यका बाटो तय गर्न अझ मार्ग प्रशस्त हुनेछ । यो भनेर मैले कुनै समालोचनका बन्धुलाई होच्याउन कोशिश पनि गरौं होइन । अतः मैले जे जति भन्नुपर्ने उपन्यासमै राखिसकेकोले यहाँ लामो गन्थन गर्नुको साटो त्यो प्रबुद्ध पाठक वर्गकै हातमा छोड्छु ।

अन्त्यमा प्रस्तु उपन्यासबारे भूमिका लेखिदिने कथाकार जीतमान राईलाई धन्वाद ज्ञापन गर्दछु ।

* * *

गिरिराज आचार्यका कृतिको अध्ययन

डा. महानन्द तिम्सिना

४.१ गिरिराज आचार्यका उपन्यासको अध्ययन

नेपाली साहित्यका विविध विधामध्ये उपन्यास एउटा नयाँ विधा हो । उपन्यासको उद्‌भावकालदेखि आजसम्मको इतिहासको हेर्दा यो समय सुहाउँदो परिवर्तन हुने गतिशील विधाका रूपमा परिचित छ । नेपाली साहित्यमा वि.सं. १८३१ देखि उपन्यास लेखिने चेस्टा हुन थाले । विस्तारै कृतिमा औपन्यासिकता देखिँदै गयो । यसैक्रममा वि.सं. १९५० मा स्वस्थानी व्रतकथा देखियो । यसपछि वि.सं. १९५८ मा गिरिशवल्लभ जोशीको वीरचरित्र देखापर्‍यो । यसरी क्रमशः परिवर्तित उपन्यासले काल्पनिक जासुसी र उडन्ते विषयवस्तुलाई त्याग गर्दै सामाजिक यथार्थताको चित्रणमा जोड दिन थालेको पाइन्छ । वि.सं. १९९१ मा रुद्राराज पाँडेद्वारा लेखिएको रूपमती उपन्यासले सामाजिक विषयवस्तुको यथार्थ चित्रण गरी आधुनिक काललाई निम्याएको पाइन्छ । यसपछि लैनसिंह वाङ्‌देल, हृदयचन्द्रसिंह प्रधान, गोविन्दबहादुर गोठाले, विजय मल्ल, इन्द्रबहादुर राई, पारिजात, वीपी कोइरालाजस्ता उपन्यासकारले विविध किसिमका उपन्यास लेख्दै औपन्यासिक क्षेत्रलाई अघि बढाएको देखिन्छ । उपन्यास गतिशील विधाको रूपमा विकसित हुँदै आउँदा यसमा आदर्शवादी, यथार्थवादी, स्वच्छन्दतावादी, अस्तित्व विसङ्गतिवादी, मनोविश्लेषणवादी, अतियथार्थवादी, प्रकृतिवादी र उत्तरआधुनिकतावादी प्रवृत्ति देखापरेका छन् । उपन्यास बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समयस्थानभित्र विस्तारित भएको कला सौन्दर्यमुक्त कथात्मक गद्य हो । गिरिराज आचार्यका उपन्यास पनि यसै सेरोफेरोभित्र समाविष्ट

छन् । उनका हालसम्म दुईवटा उपन्यास प्रकाशित छन् । वि.सं. २०३७ मा लेखिएर २०३८ मा प्रकाशित उनको पहिलो उपन्यास विस्थापित यौवन हो भने वि.सं. २०४२ मा लेखिएर २०६२ मा प्रकाशित उनको दोश्रो उपन्यास तुलसा हो । सामाजिक विषयवस्तुमा आधारित यी उपन्यासमा समाजका विकृति विसङ्गति निर्मूल पार्ने प्रयत्न गरिएको छ । आचार्यका उपन्यासको सामान्य अध्ययन तल प्रस्तुत छ ।

४.१.१ 'विस्थापित यौवन' उपन्यासको अध्ययन

४.१.१.१ रचनाकाल, प्रकाशन, प्रेरणा र प्रभाव

विस्थापित यौवन उपन्यासको रचना २०३७ र प्रकाशन २०३८ वि.सं. मा भएको हो । उपन्यासकार लीलबहादुर क्षेत्रीद्वारा विमोचित प्रस्तुत कृतिमा वीपी कोइरालाको प्रेरणा पाइन्छ भने आचार्यले गरेको विभिन्न क्षेत्रको भ्रमण र नेपाली युवतीले पाएको दुःखकष्ट र युवती बेचविखनमा संलग्न दलालको प्रत्यक्ष एवं अप्रत्यक्ष अवलोकन नै प्रभावको रूपमा रहेको देखिन्छ ।

४.१.१.२ कथावस्तु

विस्थापित यौवन उपन्यास विभिन्न घटनाको युक्त १७ साङ्केतिक अध्यायमा विभाजित छ । यसको कथावस्तु यस प्रकार छः

शेखर र दिनेश लण्डनमा पढ्दछन् । बालसखा नीलाबाट छुट्टिएको १२ वर्षपछि शेखरले अतीतका घटना सम्झन्छ । नीलाले भनेका कुरा नीलाका बारे डायरीमा लेखिएका कुरा सम्झँदै र हेर्दै शेखर साथी दिनेशका पुग्छ । दिनेशले चर्चित गायिका नीलाको अन्तर्वार्ता छापिएको अङ्ग्रेजी पत्रिका देखाउँछ । शेखरले तुरुन्त नीलालाई पत्र लेख्छ । ऊ डाक्टर बनेर धरान आई नीलाका बारेमा बुझ्दा उनी काठमाडौंको केटासँग विवाह गरी गएका थाहा पाउँछ । उता नीलाको दाम्पत्यजीवन असफल हुन्छ र माइत फर्किएकी नीला शेखरको पत्र पाई पश्चात्तापमा पर्छिन् । शेखर र दिनेश दुवै जना डाक्टरको धरानमै पोस्टिङ हुन्छ । एकदिन शेखरले बेहोस बनेकी मनोरमालाई बचाउँछ । साथीकामा ट्युसन पढाउन जाँदा एउटा केटाले चियामा बेहोस हुने औषधि खुवाई बेहोस पारी मोजमस्ती गरेको र आफू त्यसै केटासँग बस्दै आएकी तर आफू गर्भवती भएको थाहा पाएर केटो भागेको अनि पुनः बेहोस बनेका शेखरले मनोरमाबाट थाहा पाउँछ । अर्कातिर नीलाले पूजा गर्न दन्तकाली मन्दिर जाँदा बाटामा शेखरलाई भेट्छिन् र केही क्षणको रमाइलो कुराकानीपछि छुट्टिन्छन् । शेखर नीलाप्रति आकर्षित हुन्छ र नीलाको

फर्माइस सो मा सङ्केत ऊ जान्छ र बधाइ दिन्छ । उता मनोरमा पनि निको हुन्छिन् । उनको बच्चा बिग्रन्छ । त्यसपछि शेखरले मनोरमालाई त्यहीं नर्स बनाइदिन्छ साथै बहिनी सम्झिएर आफूले विवाह गरिदिने पनि बताउँछ । यसैक्रममा दिनेश दुर्घटनामा परी घाइते हुन्छ । उसको सेवामा शेखरले नर्स मनोरमालाई खटाउँछ । मनोरमाको त्यागप्रति दिनेश प्रभावित हुन्छ र उनीप्रति मोहित हुन्छ । यता शेखर र नीलाको प्रेमप्रसङ्ग विकसित हुँदै जान्छ तर नीलाको पूर्वपति योगेशले नीलालाई छोडपत्र गर्न भने मान्दैन । नीलालाई विवाह गरी योगेशले लगेकै रात एक जना आई निर्वस्त्र पारी बलात्कार गरेको थियो । त्यसैसमय रक्सीमा गह्नाएको र मान्छे अलि मोटो पनि भई शंका लागेर पन्सिँदा त्यो योगेश आफू दलाल रहेको कुरा भन्छ र रु. ५०,०००।- योगेशलाई विवाह खर्च दिएको बताउँछ साथै योगेश साधनमात्र भएको जनाउँछ । त्यसैरात आफू माइत फर्किएकी नीला बताउँछिन् । शेखरले सहानुभूति प्रकट गर्दछ । दिनेशको खुट्टाको प्लाष्टर खोल्ने दिन चारैजना जम्मा हुन्छन् र शेखरले दिनेशको हातमा मनोरमालाई सुम्पन्छ साथै नीलालाई लिन आएको योगेशलाई गाली गरेर फर्काइ शेखरले नीलालाई सिन्दुर लगाइदिन्छ । यसरी कथावस्तुको अन्त्य हुन्छ ।

यस उपन्यासको प्रारम्भदेखि अन्त्यसम्म नै उपन्यासकार सर्वद्रष्टा बनेर कथावस्तुको वर्णन गरेका छन्। उपन्यासको कथावस्तु रैखिक ढाँचामा अगाडि बढेको छ । एउटा अध्यायमा शेखर र नीलाको घटना साथै अर्को अध्यायमा दिनेश र मनोरमाको घटना वर्णन गर्ने क्रमले कथानकले गति लिएको छ। उपन्यासमा शेखर र दिनेश लण्डनमा रहँदाको घटनालाई आदि अवस्था, धरानमा आएर नीला र मनोरमासँगको उठ बस् एवं सुषुप्त प्रेमको अवस्थालाई मध्य अवस्था र उनीहरूका बीचमा भएको विवाहलाई कथावस्तुको अन्त्यावस्था मान्न सकिन्छ। उपन्यासमा शेखर र नीलाको घटना प्रमुख हो भने दिनेश र मनोरमाको प्रसङ्ग सहायक देखिन्छ ।

४.१.१.३ चरित्र र चरित्रचित्रण

विस्थापित यौवन चरित्रप्रधान उपन्यास हो। चरित्रचचित्रणका निमित्त घटनाको पनि उत्तिकै महत्त्व रहेको हुन्छ । यस उपन्यासमा शेखर र नीला प्रमुख पात्रका रूपमा रहेका छन् भने दिनेश र मनोरमा सहायकपात्र देखिन्छ। अन्य गौणपात्रमा योगेश, रुक्मिणी, बिजुली छन् । प्रमुख र सहायक पात्र मञ्चीय हुन् भने अन्य नेपथ्यीय रहेका छन्। गौणपात्र मुक्त चरित्रका छन् भने अन्य बद्ध देखिन्छन् ।

उपन्यासको प्रमुख पात्र शेखर सहयोगी र उदार देखिन्छ। अर्काले विवाह गरिसकेकी र गुन्डा वा दलालबाट नारी अस्मिता गुमाइसकेकी नीलालाई शेखरले सहानुभूतिपूर्वक हेरी विचल्लीमा पर्न लागेकी नीलालाई बाल्यकालीन साथी सम्भिएर साथै मानवको दृष्टिले सहर्ष आत्मसात् गरेको छ । आफ्नी पत्नी भनेर लिन आउने योगेशलाई समेत उसले भ्फाँको भ्फारी फकाइदिएको छ । शेखरले दीनहीन बेसहारा बनेकी अबलालाई विवाह गरी सामाजिक परिवर्तनको आवाजको बुलन्द बनाएको छ। पुरुषद्वारा उपभोग गरेर छोडिएकी एवं विचल्लीमा परेकी नारीलाई छिःछिः दुर्दुर गर्नका सट्टा आफूले खुशीसाथ विवाह गरी शेखरले उदाहरणीय काम गरेको छ । त्यस्तै नीलाजस्तै बिचल्लीमा परेकी मनोरमालाई नर्सको जागीरमा लगाइ दिनेशका साथ विवाह गरेर अभिभावकीय दायित्व पूरा गरेको छ। अतः शेखर सामाजिक परिवर्तनकारी, कर्तव्यनिष्ठ, परोपकारी, भावुक र आदर्श हो चरित्र भन्न सकिन्छ । दिनेश अर्को अनुकरणीय चरित्र हो । पेसाले ऊ डाक्टर हो । दुर्घटनामा परी घाइते भएपछि मनोरमासँग उसको गहिरो सम्बन्ध गाँसिन पुग्छ । अर्काको बच्चा तुहाएकी मनोरमालाई विवाह गर्ने दिनेश पनि सामाजिक कुसंस्कार र बेथितिको विरोध गरी आदर्श समाज निर्माण गर्न चाहने साहसी व्यक्तित्वका रूपमा चिनिन्छ । नीला र मनोरमा एकै किसिमका समस्याबाट पीडित नारी हुन् । पुरुषद्वारा उपभोग गरी छाडिएका किंकर्तव्यविमुढ भएका यी नारीले विदेशमा बेचिन लागेका र नेपालमै पनि यौनशोषण गरी छाडिएका हजारौं नेपाली नारीको प्रतिनिधित्व गरेका छन् ।

४.१.१.४ देश-काल-वातावरण

'विस्थापित यौवन' उपन्यासको सेरोफेरो बेलायतदेखि धरान, विजयपुरसम्म रहेको छ । छोटो समय बेलायतमा बसी नेपाल फर्किएका एक जोडी डाक्टरको जीवनचर्या धरानको आसपास वितेको पाइन्छ र उपन्यासको स्थान पनि धरानकै विभिन्न स्थान रहेका छन् । घोपाक्याम्प, विजयपुर, दन्तकाली, पिण्डेश्वर, शारदा बालिका स्कुल, गणेश टाकिज स्थानको वर्णन उपन्यासमा रहेको पाइन्छ । . २०३६ सालतिर लेखिएको यस उपन्यासको तत्कालीन धरानको स्पष्ट चित्रण गरेको छ । यस उपन्यासको भौगोलिक क्षेत्र निश्चित देखिनाले यसमा आञ्चलिकताको भावना समेत भ्फल्कन्छ । उपन्यासमा सामाजिक वातावरणको चित्रण पाइन्छ । खराब स्वभावका पुरुषद्वारा प्रताडित निरीह नारीको करुण क्रन्दन प्रस्तुत गरी

उदार स्वभावका डा. द्वयले देखाएको परोपकारी भावनालाई उपन्यासले समेटेको छ । सामाजिक दृष्टिमा निम्नवर्गका र कलङ्कित मानिएका जोडी युवतीलाई उच्च वर्गका डा. पेशा अपनाउने निष्कलङ्कित कुमार जोडीले सहर्ष स्वीकार गर्नु सामाजिक नीतिचेतनामा आमूल परिवर्तनको घटना हो । उपन्यासले प्रमुख घटनालाई अगाडि बढाउँदै धरानका विभिन्न धार्मिक क्षेत्रको परिचय, त्यससँग सम्बन्धित आख्यान र लोकोक्ति एवं त्यहाँ देखिएका सानातिना समस्यालाई समेत उजागर गरेका छ ।

४.१.१.५ भाषाशैली

भाषा उपन्यासकारको घटना प्रस्तुत गर्ने माध्यम हो र शैली यसलाई प्रस्तुत गर्ने तरिका हो । 'विस्थापित यौवन' उपन्यासको भाषा सरल र सुबोध छ । पात्र बोल्दा ठाउँठाउँमा अङ्ग्रेजी शब्दको प्रयोग गरेको पाइन्छ । जुन चाहिँ स्वाभाविक लाग्छ । प्रस्तुत उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ । कतै कतै नाटकमा जस्तो संवादात्मक पाइन्छ । हिन्दी भाषाको प्रयोग पनि अधिक छ । भुँडी बोक्नु, राँडीजस्ता शब्द प्रयोग कथ्य भाषा झल्किएको छ भने उपन्यासमा भाषिक अश्लीलताले बौद्धिक पाठकलाई विमुख बनाउने अवस्था पनि सृजना गरेको छ । भाषिक अशुद्धि प्रशस्त रहेका छन् । समष्टिमा उपन्यासको भाषाशैली सरल र सहज र अन्तरसंगीतात्मक रहेको छ ।

४.१.१.६ उद्देश्य

उद्देश्य उपन्यास लेखनको प्रयोजन हो । उपन्यासमा पाठकलाई मनोरञ्जन दिने एउटा सफल विधा भएकाले र मनोरञ्जनात्मक तरिकाबाट समाजका कुरीति, कुसंस्कार एवं विसङ्गतिलाई औँल्याउनका लागि लेखकको लेखनी 'विस्थापित यौवनमा' दौडिएको पाइन्छ । देशमा देखिएको नारी समस्याको उल्लेख गरी महिलामुक्तका लागि समाजमा शेखर र दिनेशजस्ता सत्पात्र हुनुपर्ने उपन्यासकारको विचार छ । उपन्यासमा वर्णित युगले जोडीले अन्य वेसहरा भएका विस्थापित यौवनका धनीलाई जीवतनगति प्रदान गर्ने प्रेरणा दिन सकून् भन्नु उपन्यास लेखनको महत्त्वपूर्ण उद्देश्य रहेको छ । समाजमा देखिएका विकृति, विसङ्गतिको अन्त्य गरी सभ्य र आदर्श समाज निर्माण गर्ने लेखकीय चाहना उपन्यासमा व्यक्त भएको पाइन्छ । धरानका धार्मिकस्थलको चिनारी एवं महत्त्व र धरानका अन्य स्थानको परिचय साथै त्यहाँका समस्या र समाधानको उपाय बताउनु उपन्यासको गौण उद्देश्य रहेको छ ।

४.१.१.७ विविध

उपन्यासको कथावस्तु कौतहुल प्रशस्त पाइन्छ । ती युवतीको जीवन कसरी बित्ला बिहे हुन्छ हुँदैन योगेशले नीलालाई लैजान्छ कि भने कौतुहल पाठकमा उब्जन्छ । त्यस्तै उपन्यास संवादमा दृष्टिले पनि सबल छ । शेखर र दिनेश, शेखर र नीला, दिनेश र मनोरमाबीचको संवाद महत्त्वपूर्ण छ । यसैगरी यस उपन्यासमा स्वयं उपन्यासकारमार्फत घटनाको वर्णन गरिएकाले बाह्य तथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । त्यस्त नीला र मनोरमाको यौवन जर्बजस्ती अर्काले हरण गरेको हुनाले उनीहरूको यौवन विस्थापित भएको छ । त्यसैले उपन्यासको शीर्षक सार्थक छ । यसरी विविध दृष्टिकोणबाट उपन्यास सफल रहेको पाइन्छ ।

४.१.२ 'तुलसा' उपन्यासको अध्ययन

४.१.२.१ रचनाकाल, प्रकाशन, प्रेरणा र प्रभाव

गिरिराज आचार्यको 'तुलसा' उपन्यास वि.सं. २०४२ मा लेखिएर बीस वर्ष पछाडि अर्थात् २०६२ मा प्रकाशित भएको पाइन्छ । " जेलमा खाली बस्नु हुँदैन, बाहिर केही ल्याउनुपर्छ" भन्ने वीपी कोइरालाको प्रेरणाबाट उनले वि.सं. २०४२ को सत्याग्रह आनेलनमा विराटनगरमा जेल परेको अवस्थामा यस कृतिको रचना गरेका हुन् । लेखकको केही समयको बम्बई बसाइको अनुभव तथा पत्रपत्रिका प्रकाशित चेलीबेटीको कारुणिक घटना नै उपन्यास लेखनको प्रभाव एवं पृष्ठभूमिका रूपमा रहेका छन् ।

४.१.२.२ कथावस्तु

आफ्नै लोग्ने धने तामाङबााट पाँच हजारमा बेचिएकी १८ बर्षीया तुलसा मुम्बई स्थित बेगम हसिनावाईको कोठीमा यौन पिपासुको सिकार बन्न पुग्छन् । यौन यातनाबाट बेहोस बनेकी तुलसा अस्पतालमा ब्युँभिन्छन् । पुलिससमेत त्यहाँ जान्छन् र समाज सुधारसँगको संरक्षणमा दत्ता कोठारी नामक केटासँग उनको विवाह हुन्छ । ऊ पनि वेगमकै दलाल रहेको हुन्छ र तुलसा पुनः वेगमकै कोठीमा फर्काइदिन्छन् । त्यसपछि बेचिएर वेश्यालय पुगेका चमेली, चनमती, लक्ष्मी, पार्वतीले आफू वेश्यावृत्ति गर्न बाध्य भएको कारण बताउँछन् र तुलसाको नेतृत्वमा वेश्यावृत्ति संस्था खोलिन्छन् । मुम्बई नेपाली जनसम्पर्क समितिका महासचिव राहेशले पनि सो अभियानको स्वागत गर्छन् । वेगमले वेश्यावृत्ति चलाएको मा पश्चात्ताप गरी कोठी चलाउन छाड्छे । तुलसा अभियानमा सक्रिय हुन्छिन् ।

सावित्रीले एउटी दलाल केटीलाई मार्छिन् । मुम्बईबाटै कलकत्ता गएकै पार्वती पनि अनाथालयलाई सहयोग गर्न थालिन्छन् । त्यसपछि पार्वती गाउँ गएर नारी उद्धारमा लाग्न्छिन् । तुलसाले बेचिएर मुम्बई आएका केटीलाई नेपाल फर्काउँछिन् । उता दुर्गाले हुस्नवाई कोठारीलाई मार्छिन् । राकेशले पनि युवती उद्धार गर्न तुलसालाई साथ दिँदै जान्छन् । तुलसा र राकेशले मुम्बईका कोठीमा रहेका केटीलाई उद्धार गरी काठमाडौँ जान लागेको थाहा पाई वेश्यावृत्तिको पक्षधर उर्मिला एवं सराजुल लगायत गुण्डा काठमाडौं जानबाट आउँछन् । तुलसा र राकेशको काठमाडौं गई बिहे गर्ने निधो भएको हुन्छ । काठमाडौं जान अवरोध सिर्जना गर्ने उर्मिलालाई तुलसाले गोली हानि मार्छिन् तत्कालै सराजुलले पेस्तोल खोसी तुलसालाई गोली हानी मार्छ । गुण भाग्छन् भने राकेश युवती लिएर काठमाडौंतिर लाग्छन् । तुलसाको हत्या भए पनि उसको आत्माले ‘मुम्बईमा कोही पनि नेपाली दिदी बहिनीलाई वेश्या बन्न दिन्न’ भनिरहेको छ भन्ने लेखकीय विचारसाथ उपन्यासको अन्त्य भएको छ ।

४.१.२.३ चरित्र र चरित्रचित्रण

सामाजिक यथार्थवादी उपन्यासका गिरिराज आचार्यको ‘तुलसा’ उपन्यास सानो आकारको भएपछि प्रशस्तै पात्रले भरिएको छ । यस उपन्यासको प्रमुख पात्र ‘तुलसा’ को सेरोफेरोमा उपन्यास घुमेको छ अत: उपन्यासको प्रमुख पात्र तुलसा नै हो र उसैको नामका आधारमा उपन्यासको शीर्षक पनि राखिएको छ । लेखकले बम्बई जाँदा रेडलाइट एरिया घुमेको, देखेका, पत्रपत्रिका पढेको र तुलसाको कारुणिक कथा, व्यथा सुनेकोबाट द्रविभूत भएर उपन्यासको रचना गरेका छन् । उपन्यासकी प्रमुख पात्र तुलसा आफ्नै पहिलो लोग्नेबाट रु. ५ हजारमा बेचिएकी वेश्या हुन् । यौनपिपासुको यातनाबाट बेहोस बनेकी तुलसा अस्पतालमा ब्युँझिएर आफूजस्तै नारकीय जीवन विताउन बाध्य नारीको मुक्तिका लागि सङ्घर्ष गर्छिन् । उनी वेश्यावृत्ति विरुद्ध संस्था खोली आन्दोलन गर्ने क्रान्तिकारी पात्र हुन् । वेश्यावृत्ति विरुद्धको संघकी अध्यक्ष बनेकी तुलसाले नेपालबाट बेचिएर आएका दुईवटी युवतीलाई नेपाल फर्काएकी छन । मुम्बई नेपाली जनसम्पर्क समितिका महासचिव राकेशबहादुर विष्टको साथ पाएर उनले थुप्रै चेलीको उद्धार गरेकी छन् । उनी नेपाली चेलीको उद्धार कार्यमा शहीद बन्ने साहसी, पराक्रमी, परिवर्तनशील, उपकारी, समाजसुधारक र आदर्शपात्रका रूपमा चिनिएकी छन् ।

यस उपन्यासमा वेश्यावृत्तिका लागि बम्बईमा कोठी खोल्ने क्रूर पात्रका यातना दिने हसिनावाई राक्षसी प्रवृत्तीकी पात्र हो । ऊ निर्दयी, क्रूर र पैसामुखी पात्र हो । तुलसाको महिलामुक्त अभियानबाट प्रेरित भएर हसिनावाई समेत अन्तमा अनुकूल र परिवर्तशील पात्रका रूपमा देखापरेकी छ। उपन्यासमा राकेशबहादुर विष्ट तुलसाका सहयोगी पात्र हुन्। नेपालीचेलीका मुक्तिका लागि उनले तुलसालाई ठूलो सहयोग पुऱ्याएका छन्। उनको र तुलसाको प्रेम हुन्छ र विवाहको कुरा पनि चल्छ । राकेश परिवर्तनगामी र सकारात्मक सोच भएका सहयोगी पुरुष पात्र हुन् । यसै गरी पार्वती यस उपन्यासकी अर्की सहायक पात्र हुन् । उनी वेश्यावृत्ति विरुद्ध र समाजसेवीको कार्यमा सक्रिय छन्। पहिले आफू वेश्यावृत्ति गर्न बाध्य भए पनि पछि उनी सचेत बनेर यस विरुद्ध लागेकी छन् । उनी मुम्बईबाट कलकत्ता गएर अनाथालयलाई सहयोग गर्न थाल्छिन् भने पछि गाउँ गएर नारी उद्धार समितिको सभापति हुन्छिन् र जोगमनी काँकडभिट्टा र वीरगन्जबाट केटी बेच्ने दलाल पक्राउँछिन् । यसरी उनी उपन्यासमा सक्रिय, मुक्तगामी, नारीवादी सहायक पात्रका रूपमा देखापरेकी छन्। त्यस्तै आफन्त भनाउँदा नराधमबाट वेश्यालयमा बेचिएकी दैनिक पन्ध्रजनासम्म ग्राहकलाई यौनसन्तुष्टि दिलाउन विवश बनेका काठमाडौंकी तुलसा, पोखराकी रूपमाया, गोरखाकी चमेली, धनकुटाकी धनमती, इलामकी लक्ष्मी, पाल्पाकी नीरा, महेन्द्रनगरकी सुधा, सुनसरीकी सरस्वती जस्ता पात्रको दर्दनाक चित्रण उपन्यासमा गरिएको छ । नारी पात्रको बाहुल्य रहेको प्रस्तुत उपन्यासमा उनीहरूले वेश्यालयको कालकोठीमा भोग्नुपरेको नारकीय यातनाको चित्रण गरिएको छ । यसैगरी ती नारी आफूमाथि भएको अत्याचारको विरुद्ध जुर्मुराएर उठी वेश्यावृत्तिलाई उन्मूलन गर्न तम्सिएको देखाएको छ ।

४.१.२.४ देश–काल–वातावरण

उपन्यासमा चरित्रचित्रण र कथावस्तुलाई सहज तथा जीवन्त बनाउन परिवेश चित्रणको महत्त्वपूर्ण भूमिका हुन्छ। जुनसुकै घटना कुनै न कुनै स्थान, समय र वातावरणमा घटित हुन्छन्। गिरिराज आचार्यको तुलसा उपन्यास बम्बईको कमाठीपुरा स्थित नेपाली रेडलाइट एरियाको सेरोफेरोमा लेखिएको छ । दलालका माध्यमबाट बेचिएर बम्बई पुगेका नेपाली चेलीको कारुणिकताको यथार्थ चित्रणका लागि लेखक आफैँ त्यस क्षेत्रमा गई त्यहाँको नारकीय जीवनको वास्तविकता पत्ता लगाइ उपन्यास तयार गरेको हुनाले उपन्यासको परिवेशमा सजीवता पाइन्छ।

वि.सं. २०४२ को सत्याग्रहमा लेखक जेल पर्दाखेरि यो उपन्यास लेखिएको हो । बम्बईमा नारकीय जीवन शुरू गरेर अन्त्यतिर काठमाडौंको वीरअस्पतालको वेडमा छटपटाइरहेकी नेपाली चेली तुलसा नेपालबाट भारत र पुनः भारतबाट नेपाल फर्किएकी हुनाले यस उपन्यासको देश फराकिलो रहेको पाइन्छ । वि.सं. २०३८ मा लेखक कामविशेषले बम्बई जाँदा त्यहाँको कमाठीपूरा स्थित नेपाली रेडलाइट एरिया चहारेर प्रत्यक्ष देखेका आधारमा उनले स्थानको स्पष्ट चित्रण गरेका छन् । यसैगरी कलकत्ता, जोगमनी, काकँडभिट्टा, वीरगन्ज, पोखरा, गोरखा, धनकुटा, इलाम सुनसरी, महेन्द्रनगर आदि उपन्यासका स्थानीय परिवेश हुन् । उपन्यासमा वेश्या बन्न बाध्य बनाएका चेलीको दैनिक जीवनचर्यामार्फत मुम्बईको रेडलाइट एरियाजस्ता वेश्यालयलाई प्रत्यक्ष परिवेशको चित्रण गरिएको छ । उपन्यासमा नारीलाई केवल भोग्याको रूपमा ठान्ने र वेश्यालाई हेलाको दृष्टिले हेर्ने .....आमसमाजको मनोवृत्तिलाई परिवेशका रूपमा यथार्थ चित्रण गरिएको छ । नेपाली चेलीको वास्तविक परिस्थिति केलाउन प्रस्तुत उपन्यासमा सामाजिक वातावरण तयार पारिएको छ । उपन्यासमा वेगम हसिनावाई दत्ताकोठारी, उर्मिला, सराजलजस्ता खराब पात्रको दुष्प्रवृत्ति र तुलसा, पार्वती, राकेशजस्ता असल पात्रको मानसिक सोच र आन्तरिक तथा सद्विचारलाई समाजिक परिवेशमा प्रयोग गरिएको छ ।

४.१.२.५ भाषाशैली

नारीवादी सामाजिक उपन्यास 'तुलसा' को भाषाशैली सरल र सहज छ । उपन्यास पढ्न शुरू गरेदेखि अन्त्य नभइन्जेलसम्म पाठक यसमा आत्मविभोर हुन् सक्तछन् । कतैकतै उनको शैली प्रभावोत्पादक र संवेनशील देखिन्छ । वेश्याको दयनीय अवस्थाको वर्णन गर्दा प्रत्यक्ष रूपमा ऐना जत्तिकै छर्लङ्ग बनाएका छन् । उनको वर्णनमा काल्पनिकता होइन वास्तविकता रहेको पाइन्छ । कतै कतै आफ्नो भाषाशैलीमा तुक्काको सफल प्रयोग भएको पाइन्छ । जस्तै : नरकमा पर्नु, गौना उतार्नु, शरीर चङ्गा हुनु, सुनमा सुगन्ध आदि । उपन्यासमा पात्रानुकूल भाषाशैलीको प्रयोग छ । भारतमूलका पात्रले बढी हिन्दी शब्दको प्रयोग गरेका छन् । लेखक आफैंले वर्णन गर्दा पनि हिन्दी भाषाका शब्दको प्रयोग भएको देखिन्छ । उपन्यासले संवादात्मक शैलीलाई अबलम्बन गरेको छ । जस्तै : नारी-हामीले पनि विद्रोह गर्नुपर्छ । सारा मुम्बई शहरका नेपालीले वेश्याको सङ्गठन खोली त्यसमार्फत विद्रोह गर्नुपर्छ अब चुप लाग्नु हुँदैन ।

सुधा-अहिलेसम्म हामी जति बिग्रियौँ तर अब एउटी पनि अबलालाई यहाँ आउनबाट जोगाउनुपर्छ । उपन्यासमा संवादको आधिक्य देखिनाले साहित्यकार बद्री पलिखे यसलाई नाटकको संज्ञा दिन रुचाउँछन् उनी भन्छन्-"यो उपन्यासमा पात्रको संख्या बढी छ र यसमा धेरै र दृश्य छन् । पढ्दा उपन्यास पढे जस्तो लाग्दैन । नाटक हेरेजस्तो लाग्छ । यसमा पाठकले नाटकको स्वाद पाउनेछ ।"

उपन्यासले पत्रात्मक शैलीलाई पनि स्थान दिएको छ। कलकत्तामा रहेकी पार्वती र मुम्बईमा रहेकी तुलसाबीच पत्रका माध्यमबाट विचार आदानप्रदान भएको छ। त्यस्तै नेपालमा रहेका चम्पा र फूलकुमारीका साथ तुलसाको पत्रव्यवहार देखाइएको छ ।

कतै वर्णनात्मक, कतै संवादात्मक र कतै पत्रात्मक शैलीले उपन्यासलाई पढौँ पढौँ लाग्ने बनाएको छ । सरल भाषाशैलीको सहज प्रयोगले उपन्यास सर्वजनसंवेद्य रहेको छ। वेश्यालयको चित्रण गर्दा नारीको नग्नता र यौनसम्पर्कको खुला दृश्य नदेखाई शिष्ट शैलीलाई अपनाइएको छ । उपन्यासमा प्रशस्तै आगन्तुक शब्द रहेका छन्, छोटा वाक्यको प्रयोग भएको छ । आचार्यको प्रस्तुत उपन्यासमा वर्णविन्यासगत केही त्रुटि देखिए पनि भाषाशैलीका अन्य पक्ष सबल नै छन् ।

४.१.२.६ उद्देश्य

गिरिराज आचार्यको 'तुलसा' उपन्यासले वेश्या बन्न विवश नारीको कारुणिक चित्रण गरेको छ। वेश्यालयका वेश्या निर्दोष हुन्छन्। यौन व्यापार उनीहरूको बाध्यता र विवशता हो । उनीहरूलाई ललाई फकाई झुकयाएर वेश्यालयमा लगेर बेच्ने कुकर्मी र पापीलाई सचेत गर्नु यस उपन्यासको उद्देश्य हो। वेश्यालाई अवसर प्रदान गरेर असल आमा बनाउन र समाजसेवामा समर्पित गर्न सक्नु पर्दछ भन्ने सन्देश उपन्यासले दिएको छ। वेश्यामा पनि आदर्श जीवन हुन्छ अवसर पाउँदा उनीहरू पनि समाज सुधारका लागि अघि बढ्न सक्छन् । धनसम्पत्तिभन्दा मानमर्यादालाई महत्त्वपूर्ण देखाइनु पनि उपन्यासको उद्देश्य हो। यो नारीवादी सामाजिक उपन्यास भएकाले नारीमा आदर्श जीवन प्रतिष्ठापित गर्ने उद्देश्य उपन्यासले बोकेको छ । उपन्यासमा नेपाली चेली आफन्तबाटै वेश्यालयमा बेचिएर नारकीय जीवन भोग्न विवश बनेका वास्तविक दृश्य देखाइएको छ । यस्तो संघर्ष गर्नुपर्ने बताएको छ। प्रेम भनेको मनसँग हुन्छ, शरीरसँग होइन। मान्छेको तन जूठो हुनसक्छ तर मन चोखो छ भने त्यो स्वीकार्य हुनुपर्छ भन्ने कुरा तुलसा र राकेशको प्रेम र विवाह प्रस्तावले प्रष्ट्याएको छ । विविध कारणले वेश्यावृत्ति गर्न

विवश चेलीको कारुणिक दृश्य प्रस्तुत गरी यस विरुद्ध सबै पक्षको ध्यान जानु जरुरी छ भन्नु उपन्यासको उद्देश्य रहेको छ । उपन्यास पढ्दा पुरुषप्रति नै धेरैपटक भित्रैबाट घृणा जागेर आउँछ । आफ्नै देशकी नारीलाई पैसाको लोभमा भारतमा बेच्ने पुरुष र बेचिनबाट रोक्न प्रभावकरी कानुनसमेत बनाउन नसक्ने सरकारसँग त भनै के भन्नु कोही रहरले, कोही बाध्यताले, कोही सोखले, कोही सेक्स भोगले वेश्या बन्छन् । आचार्यको पात्र तुलसा वेश्या भएर पनि शहीद बन्न पुगेकी छन् ।

समष्टिमा गिरिराज आचार्यको 'तुलसा' उपन्यास नारीमुक्तिका सन्दर्भमा गरिमामय अभियान हो । नारीमुक्तिका लागि बङ्गलादेशी साहित्यकार तसलिमा नसरिने संघर्ष गरेझैं आचार्यले पनि साहसिलो प्रयन्त गरेका छन् । वेश्याको अन्तर्जीवनको गम्भीर अध्ययन र मनन गरिएको यस उपन्यासभित्र थुप्रै नेपाली चेलीबेटी किनबेच गर्ने आफन्त भनाउँदा र दलालप्रति उपन्यासले कडा झापड प्रहार गरेको छ । यस उपन्यासले समाजमा नारीलाई भोग्यवस्तु सम्झिने पुरुष तथा सामन्ती संस्कारप्रति घोर विरोध गरेको छ । नारीप्रति रुढीवादी र सामन्तीवादी पुरुषप्रधान समाजबाट गरिने दुर्व्यवहारलाई उपन्यासले प्रष्ट्याएको छ । सुधारवादी दृष्टिकोण अगाँलेर लेखिएको यस उपन्यासले नारीलाई वस्तुसरह किनबेच गर्न रोकेर उनीहरूलाई मर्यादित जीवन बाँच्न दिनुपर्छ भन्ने प्रेरणा दिएको छ ।

४.२ गिरिराज आचार्यको 'जन-उदय' नाटकको अध्ययन

४.२.१ रचनाकाल, प्रकाशन, प्रेरणा र प्रभाव

गिरिराजा आचार्यको 'जन-उदय' नाटक वि.सं. २०२९ मा लेखन प्रारम्भ गरी वि.सं. २०३२ मा समापन गरिएको बुझिन्छ । यसको प्रकाशन ७० औं वीपी जयन्तीको उपलक्ष्यमा २०४२ भाद्र २४ गते गरिएको हो । नाटककारले आफ्ना बडावा कालिकाप्रसादकी छोरी सुभद्रादेवीले २०१५ मा 'कलङ्की समाज' नामक सामाजिक नाटक लेखेपछि गिरिराज आचार्यमा नाटक लेख्ने प्रेरणा प्राप्त भएको हो । ऐतिहासिक नाटक 'जन-उदय' ले १०४ वर्षे जहानियाँ राणाशासनको क्रममा पछिल्ला ४५ वर्षको समयावधिलाई आत्मासाथ गरेको छ । नाटकमा राणाकालीन अन्याय, दमन, शोषण र पशुवत् व्यवहारबाट लेखकमा परेको नकारात्मक प्रभावबाट नाटकको जन्म भएको देखिन्छ । निरङ्कुश शासनको मारमा परेर छट्पटिएका जनता एकत्रित भएर राणा विरोधी अभियान चलाई देशमा प्रजातन्त्रको स्थापना भएको यथार्थतालाई नाटकले अङ्गीकार गरेको छ ।

जन उदय पाँच अङ्कमा विभाजित नाटक हो । पहिलो अङ्कमा ४ दृश्य, दोश्रोमा १० दृश्य, तेश्रोमा ५ दृश्य, चौथोमा १० दृश्य र पाँचौ अङ्कमा ९ दृश्य रहेका छन् । नाटक काठमाडौं उपत्यकाको सेरोफेरोमा घुमेका छ । श्री ५ त्रिभुवनको जन्मसमयदेखि लिएर वि.सं. २००७ सालमा प्रजातन्त्रको उदयसम्म नाटक लम्बिएको छ । यस समयावधिबीचमा राणाप्रधानमन्त्रीबाट भए गरेका अन्यायपूर्ण र क्रूरतम व्यवहारलाई नाटककारले यथार्थ अङ्कन गरेका छन् । इतिहासलाई तोडमोड नगरी वास्तविकतालाई कलात्मक ढङ्गले नाटकमा प्रस्तुत गरिएको छ ।

४.२.२ कथावस्तु

गिरिराज आचार्यको 'जन-उदय' नाटकको कथावस्तु ऐतिहासिक घटनासँग सम्बद्ध छ । राणाले गरेको शोषण र अन्यायलाई चित्रण गर्दै उनीहरूको पतनलाई पनि नाटकले कथावस्तुका रूपमा अँगालेको छ । ५ अङ्कमा विभक्त प्रस्तुत यो नाटकको पहिलो अङ्कमा शुरूवात वि.सं. १९६३ असार १७ मा नारायणहिटी राजदरबारमा श्री ५ पृथ्वी वीरविक्रम शाहदेव र दिव्येश्वरीबाट श्री ५ त्रिभुवनको जन्मबाट भएको छ । यस अङ्कमा त्रिभुवनको जन्मका कारण मातापितामा भएको हर्षोत्सव र जनतामा देखिएको खुसियालीको चित्रण गरिएको छ । त्यस्तै असार २७ गते युवराज त्रिभुवनको वैदिक विविधमुताविक न्वारन सम्पन्न हुन्छ । वि.सं. १९६८ मंसिर २५ गते राजा पृथ्वी वीरविक्रम शाहदेवको निधन हुन्छ, राजपरिवार र सारा जनता शोकमग्न हुन्छन् ।

दोश्रो अङ्कमा राणा प्रधानमन्त्री चन्द्रशमशेरको समयावधिमा उनीबाट गरिएका अन्यापूर्ण कार्यको चित्रण गरिएको छ । राजा पृथ्वी वीरविक्रमको निधनपछि नाबालक त्रिभुवन राजाका रूपमा रहन्छन् । बालक त्रिभुवनमा कुनै शक्ति नहुनाले आफ्नै हातमा राज्यको बागडोर आएको सम्झी चन्द्रशमशेर सन्तुष्ट रहनछन् । आफ्नो शक्ति र प्रभुत्व बढाउनका लागि चन्द्रशमशेर र भीमशमशेरबीचमा बारम्बार सरसल्लाह भइरहन्छ । विदेशबाट हतियार भित्र्याएर आफू शक्ति सम्पन्न हुन सकिने कुरा उनीहरू गर्दछन् । यसैबीच त्रिभुवन विदेश गएर पढ्ने अभिलाषा प्रकट गर्दछन् तर विदेश गएर पढेमा उनी चतुर भई राणालाई टिक्न नदिने आशङ्काले चन्द्रशमशेरले बेलायतबाट विद्वान् झिकाइ नेपालमै पढाउनै विचार राख्दछन् । त्रिभुवनले अध्ययन गर्ने क्रममा शिक्षक तुलसीमानले राजनीतिक विषय पनि सिकाएको भन्ने निहुँमा तुलसीमानले खुब गाली खानु परेको छ । उता कृष्णप्रसाद कोइरालाले नेपाली जनताका वास्तविक स्थिति बोध गराउने उद्देश्यले एउटा ढाकेको

भत्ता कपडा र बोधपत्र चन्द्रशमशेरलाई पठाएको हुनाले अंश सर्वस्वहरणगरी देश निकाला गर्ने निर्णय सुनाइन्छ । आफूले जस्तो पछिका भीमशमशेर, जुद्धशमशेर, मोहनशमशेर, बबरशमशेर, केशरशमशेर कसैले पनि राज्य तलाउन सक्दैनन् भनी उनी अभिमान देखाउँछन् । राजा त्रिभुवनका अङ्गरक्षकले उनलाई राणाको जगजगी बढ्दै गएको जानकारी गराउँछन् र त्रिभुवन पनि यसका नियन्त्रणका लागि केही गर्नुपर्छ भन्ने अभिप्राय प्रकट गदर्छन । यसैबीच चन्द्रशमशेरले 'मकैको खेती' पुस्तक लेख्ने निर्दोष सुब्ब कृष्णलाललाई थुन्ने निर्णय सुनाउँछन् । उता राजा त्रिभुवनबाट देशमा परिवर्तनका लागि जनताको साथ चाहिएको कुरा टुँडिखेलमा सम्बोधन गरिन्छ । प्रधानमन्त्री चन्द्रशमशेर भने दमनतर्फ लागिरहनछन् । उनले गेहेन्द्र शमशेरलाई समेत वैज्ञानिक आविष्कार गरेको निहुँमा जेल चलान गर्दछन् । अन्त्यमा चन्द्रशमशेरको मृत्यु देखाइएको छ ।

तेश्रो अङ्कको शुरूमा राणाको अत्याचारविरुद्ध जनता नारा लगाउँछन् । भीमशमशेर पनि चन्द्रशमशेरजस्तै क्रुर देखिन्छन् । चर्खा प्रचार गरी घरेलु उद्योगको विकास गर्ने तुलसीमेहरलाई उनले कोर्रा लगाउँछन् । त्यस्तै लाइब्रेरी खोल्नाले जोगवीर सिंह, जीतेन्द्रबहादुर, लक्ष्मीप्रसाद देवकोटाजस्ता समाज सुधारकले यातना पाउँछन् । उता जनता भने आक्रोशित हुँदै जान्छन उनीहरू साङ्गठनिक रूपमा अगाडि बढ्न थाल्छन् तर भीमशमशेर लाई यो पच्दैन र सङ्गठन गरेवापत प्रचण्ड गोरखाका सदस्यलाई कारवाही गर्छन् ।

चौथो अङ्कमा जुद्धशमशेरको चर्तिकला देखाइएको छ । १९९० सालमा गएको भुइँचालोले देशमा राजनीतिक परिवर्तन हुने संकेत गरेको आशंका गरिन्छ । जनता उठे भने प्रजापरिषद् सक्रिय रहेको र जनता आन्दोलित भएको जानकारी गराउँदै जान्छन् । आन्दोलकै क्रममा शुक्रराज शास्त्रीको अध्यक्षतामा नागरिक अधिकार समिति गठन हुन्छ र राणा विरोधी कार्यक्रम सक्रिय रूपमा अघि बढ्न थाल्छ । राणाले प्रजापरिषद्लाई समाप्त पार्न चाहन्छन् । यसै क्रममा धर्मभक्त, दशरथचन्द, गंगालाल, शुक्रराजलाई मृत्युदण्ड दिइन्छ ।

पाँचौं अङ्कमा राणाको शक्ति क्षीण भई प्रजातन्त्रको उदय भएको देखाइएको छ । जनता राणा विरुद्ध विविध कार्यक्रममार्फत लगिरहन्छन् । वीपी कोइराला २९ दिनसम्म अनसन बसेका हुन्छन् । उता जनता पनि नाराबाजी र आन्दोलन गरिहन्छन् । प्रजातन्त्र रेडियो मार्फत आन्दोलनमा घिउ थप्ने काम हुन्छ । राजा

त्रिभुवन प्रजातन्त्रप्रेमी हुनाले भारतमा गई बस्छन् र अन्त्यमा राणाको केही चल्दैन, उनीहरू हतोत्साहित हुन्छन् । अनि राजा, काङ्ग्रेस र नेताबीच त्रिपक्षीय सम्झौता भई २००७ साल फागुन ७ गते देशमा प्रजातन्त्रको उदय हुन्छ । यसरी प्रस्तुत नाटकको कथावस्तु समाप्त हुन्छ ।

कथावस्तुको प्रारम्भिक भागमा पहिलो अङ्कमा समाविष्ट घटना पर्दछन् । त्रिभुवनको जन्म, न्वारन, पृथवीवीरविक्रमको मृत्यु र त्रिभुवनको राज्याभिषेकले कथावस्तुको बीजको काम गरेको छ । द्वितीय, तृतीय र चतुर्थ अङ्कमा क्रमशः चन्द्रशमशेर, भीमशमशेर र जुद्धशमशेरको जनताप्रतिको अन्याय, अत्याचार र दमनलाई देखाइएको छ । राणाको उग्र स्वरूपलाई यी अङ्कमा प्रस्तुत गरिएकाले यसलाई कथावस्तुको मध्यावस्था वा विकास मान्न सकिन्छ । त्यस्तै प्रजातन्त्रप्रेमी देशभक्त व्यक्तिलाई मृत्युदण्ड दिनु दमनको उत्कर्षता हो । पाँचौं अङ्कमा जनताको आन्दोलनप्रति दमन गर्ने क्षमता राणाहरूमा कम हुँदै जान्छ । आन्दोलनको उत्कर्षता प्राप्त गरी जनताको जीत हुन्छ । यसलाई अन्त्यअवस्था वा उपसंहार मान्न सकिन्छ । चौथो अङ्कको पहिलो दृश्यमा १९९० सालको भैंचालाको चित्रण गरिएको छ । यसलाई नाटकमा पताकाको रूपमा लिन सकिन्छ । समष्टिमा नाटकको कथावस्तु सलल बगेको छ । बीचमा कतै पनि गज्मजिएको पाइदैँन । उद्देश्यपूर्तिका लागि कथावस्तु सहज रूपमा प्रवाहित भएको छ ।

४.२.३ चरित्रचित्रण

गिरिराज आचार्यको 'जन-उदय' नाटकमा चरित्र रहेका छन् । इतिहासको एक कालखण्डमा देखिएका सम्पूर्ण प्रमुख व्यक्तित्व नै नाटकका पात्र छन् । राजा पात्रमा श्री ५ पृथ्वी वीर विक्रम र त्रिभुवन वीरविक्रम छन् भने रानी पात्रमा लक्ष्मी दिव्येश्वरी शाह छन् । त्यस्तै महेन्द्र वीरविक्रम युवराधिराज पात्र हुन् । यसै गरी राणाप्रधानमन्त्रीमा चन्द्रशमशेर, भीमशमशेर, जुद्धशमशेर, पद्मशमशेर र मोहनशमशेर रहेका छन् । त्यस्तै अन्य पात्रमा 'मकैको खेती' का लेखक सुब्ब कृष्णलाल अधिकारी, वैज्ञानिक गेहेन्द्रशमशेर त्रिभुवनका शिक्षक तुलसीमान, सरकारी खरदार कृष्णप्रसाद कोइराला, चर्खाप्रचारक तुलसी मेहर, लाइब्रेरी पर्वका संस्थापक जोगवीर र अन्य साथी समाविष्ट छन् । यसैगरी आन्दोलनका सक्रिय पात्रमा धर्मभक्त, दशरथचन्द, गंगालाल, दशरथचन्द पर्दछन् । त्यस्तै परिवर्तनगामी अनय पात्रमा पं. हेमराज, नेता वीपी कोइराला, कलाकार चन्द्रमान सिंह मास्के, रेडियो संचालन तारिणीप्रसाद कोइराला, कवि गोपालप्रसाद रिमाल, पुराणवाचक

पं. मुरलीधर र प्रचण्ड गोरखाका सदस्य एवं नागरिक समितिका सदस्य एवं नागरिक समितिका सदस्य रहेका छन् । यसै क्रममा भाइभारदार, कमाण्डर-इन-चिफ, दासदासी हजुरिया, अङ्गरक्षक, आठपहरिया, पहिलो, दोश्रो, तेश्रो, चौथो, पाँचौं व्यक्ति पनि पात्रका रुमा रहेका छन् ।

प्रस्तुत नाटकमा धेरै पात्र रहेका छन् तापनि प्रमुख पात्रका रूपमा श्री ५ त्रिभुवन, श्री ३ चन्द्रशमशेर, भीमशमशेर, जुद्धशमशेर, पद्मशमशेर र मोहनशमशेर, वी.पी. कोइराला र शहीदलाई लिइन्छ । त्रिभुवन प्रजातन्त्रप्रेमी, देशभक्त, परिवर्तनगामी सच्चरित्र हुन् । राणाको जगजगीको समयमा पनि उनी धैर्य गरी जनताको पक्षमा उभिएका छन् । राणाले दबाउन र हेप्न खोजे पनि त्यसलाई प्रतिकार गर्न क्षमता त्रिभुवनमा छ । सानै उमेरमा राजा बनेका उनमा साहस, पराक्रम, कुशलनेतृत्व र प्रजावत्सलजस्ता विशेषता रहेका छन् । उनी जस्तोसुकै विपत्तिमा पनि नआत्तिई अगाडि बढ्ने धैर्यशील पात्र हुन् । उनमा त्यागीपन र मिलनसारिताजस्ता गुण पनि रहेका छन् । उनको भूमिका नाटकको प्रारम्भदेखि नाटकको अन्तसम्म नै रहेको छ । अतः त्रिभुवनलाई यस नाटकको नायकको रूपमा लिन सकिन्छ । पूर्वीय साहित्य सिद्धान्तमा बताइएका नायकमा हुनुपर्ने लक्षण त्यागी, प्रख्यात, कुलीन, रूपवान् युवा उत्साही, दक्ष, लोकरञ्जक, तेजस्वी, चतुरता उनमा रहेको पाइन्छ । यस नाटकमा नायिकको रूपमा कोही उपस्थित छैनन् । एक मात्र नारी पात्र दिव्येश्वरीको भूमिका नाटकमा गौण रहेको छ ।

नाटकमा असत् चरित्रमा रूपमा चन्द्रशमशेर, भीमशमशेर, जुद्धशमशेर, पद्ममशमशेर र मोशनशमशेर रहेका छन् । यी पात्रको भूमिका र स्वभावमा समानता रहेको छ । यी सबै नेपालका राणा प्रधानमन्त्री हुन् । यिनीहरूमा जनतालाई दमन गरेर मोजमस्ती गर्ने आदत छ । अन्याय, अत्याचार, शोषण , दमन र निरङ्कुशताका प्रतिमूर्ति रूपमा उनीहरू अंकित छन् । जनता थुनेर र जनता मारेर मोज गर्न रमाउने यी पात्रमा दया, माया, क्षमा, त्याग, उदारता केही छैन । जनताले जति बढी दुःखको अनुभव गर्छन् यति उनीहरू प्रसन्न रहन्छन् । शिक्षा, स्वास्थ्य, रोजगारका क्षेत्रमा जनता अघिबढेमा आफ्नो शासनसत्ता नै गुम्छ कि भन्ने आशंकाले सधै उनीहरू चिन्तित छन् । त्यसैले यी पात्र नाटकको कथानक विकासमा प्रमुख पात्र हुन् तर प्रगतिमा खलपात्रका रूपमा चिनिन्छन् । नाटकका अर्थ महत्त्वपूर्ण प्रमुख पात्र विश्वेश्वरप्रसाद कोइराला हुन् । उनी राणाशासन विरोधी, प्रजातन्त्रप्रेमी, त्यागी, साहसी र क्रान्तिकारी चरित्र भएका देखिन्छन् ।

उनी प्रजातन्त्रका निम्ति एकैपटक उनन्तीस दिनसम्म अनसन बस्ने त्यागी व्यक्तित्व र जोश एवं जागरले भरिएको भाषण गर्न कुशल नेता हुन् । उनमा नेतृत्वगर्न सक्ने क्षमता देखिन्छ । विश्वेश्वरप्रसाद कोइराला पनि नाटकमा नायककै हाराहारीमा आउने पात्र हुन् । यसै गरी नाटकमा थुप्रै पात्रको भिड लागेको छ । ती अन्य पात्र नाटकमा सहायक पात्रका रूपमा देखापरेका छ साथै ती पात्रको पनि ऐतिहासिक घटनाक्रममा उल्लेख्य महत्त्व रहेको छ ।

४.२.४ संवाद

आचार्यको जन उदय नाटकमा संवादले कथानकलाई जीवन्त कनाएको छ । नाटकमा पहिलो अङ्कमा अलि लामा संवाद छन् । संवाद कतै पत्रात्मक, कतै कवितात्मक, कतै गीतमय र कतै भाषणात्मक देखिएका छन् । संवाद सरलशैलीमा प्रस्तुत गरिएका छन् अतः सजिलैसँग बुझ्न सकिने छन् नाटककारले पात्रको स्तरअनुसारको संवादको सृजना गरेका छन् राणाको बोलीमा कठोरता र सन्कीपनलाई भरेर उनले कुशलता प्रस्तुत गरेका छन् । प्रस्तुत नाटक संवादका दृष्टिले मञ्चनयोग्य देखिन्छ । किनकि यहाँका संवाद छोटा, छरिता र बोलचालको भाषामा लेखिएका छन् । नेपथ्यबाट आएको आवाजलाई पनि लेखकले ठाउँ ठाउँमा स्थान दिएको पाइन्छ । ऐतिहासिक घटनालाई चित्रण गर्ने क्रममा पात्रका बीचको कुराकानी सहज र स्वाभाविक देखिन्छ । यस नाटकमा प्रयोग भएको केही संवादको नमुनालाई निम्नानुसार देखाउन सकिन्छ :

श्री मोहन : (बस्ने संकेत गर्दै) यता बस यहाँ नेर ।

विश्वेश्वर : (मेचमा बस्दै) श्री ३ महाराजले आज सम्झनु भएकोमा मलाई खुशी लाग्यो ।

श्री ३ मोहन :(गम्भीर भएर) तिमीहरू जस्ता नेताले गर्दा मैले नसम्झिई धरै पाइनँ । धेरै दुःख दियौ ।

विश्वेश्वर : (मसिनो स्वरमा) महाराजले हामीलाई त धेरै कष्ट दिइरहनु भएकै छ । हाम्रा धेरै साथी शहीद भए, कतिपय अझ पनि जेलमा नै छन् । कतिले मार खाए । तर हाम्रो संघर्ष जारी रहनेछ तर जतिसुकै सास्ती पाए तापनि हामी पछि हट्ने छैनौ ।

४.२.५ द्वन्द्वविधान

नाटकमा द्वन्द्वको उल्लेख्य स्थान रहन्छ । यस नाटकमा पनि ठाउँ ठाउँमा द्वन्द्व देखिएका छन् । नाटककारले सृजना गरेको द्वन्द्व नभएर सहज रूपमा परेका

द्वन्द्व नाटकमा प्रशस्त छन् । नाटकको प्रराम्भमा नै नाबालक राजा त्रिभुवनले कसरी राज्य सञ्चालन गर्लान् र राणाको स्थान कस्तो रहला भन्ने द्वन्द्व देखिएको छ । यसैगरी राणा प्र.म. चन्द्रशमशेरका साथ शिक्षक तुलसीमान, लेखक कृष्णलाल आविष्कारक गेहेन्द्रशमशेरको वार्तालापमा प्रशस्त द्वन्द्वको स्थिति रहेको छ । त्यस्तै गंगालाल, धर्मभक्तलाई फाँसीको सजाय सुनाएपछि अब के हुन्छ भन्ने कौतुहुल सबै दर्शक, पाठकमा रहन्छ । देशमा राणाविरोधी आन्दोलन चर्किरहँदा अब राणा टिक्ने हुन् होइनन् ? प्रजातन्त्र आउँछ कि आउँदैन ? वीपीको अनसनले सफलता पाउँछ कि पाउँदैन ? भन्नेजस्ता मनोद्वन्द्व सर्वत्र छरिएका छन् । त्यस्तै त्रिभुवन भारत गएपछि चारवर्षे नाति ज्ञानेन्द्रलाई राजा बनाउँदा देशमा कस्ता सङ्कट आउने हुन् भन्ने आशंका सबैमा रहन्छ । यसैगरी राजा, काङ्ग्रेस र नेताका बीचको त्रिपक्षीय सम्झौताले कस्तो मोड लिने हो भन्ने दर्शकको मानसिक द्वन्द्व अन्तसम्म नै रहेको छ । अतः प्रस्तुत नाटक द्वन्द्वविधानका दृष्टिले सफल छ भन्न सकिन्छ ।

४.२.६ देश, काल, वातावरण

जन-उदय नाटकमा वर्णित देशको सेरोफेरो साँगुरो छ । काठमाडौं शहरकै आसपासमा यो नाटक घुमेको छ । उपत्यकाबाट बाहिर निस्सासिएर पाचौ अङ्कको सातौं दृश्य विराटनगर पुगेको छ, नत्र नाटकले काठमाडौं उपत्यका छाड्न सकेको छैन । नाटकमा दृश्यमा वर्णन गरिएका स्थानमा नारायणहिटी दरबार, हनुमान ढोका, सिंहदरबार, पशुपतिनाथ मन्दिर, टुँडिखेल, पाटनको कृष्ण मन्दिर, वसन्तपुर दरबार, असन गणेशस्थान, डिल्लीबजारको एक क्रान्तिकारी घर, काठमाडौं शहर, जुद्धसडक पीपलको बोट र विराटनगर रहेका छन् । नाटकको दृश्यमा प्रस्तुत स्थानलाई चिनाउन त्यहाँको वस्तुस्थितिको बोध गराउन र तदनुरूप कथावस्तुको संयोजन गर्न लेखक सबल देखिन्छन् ।

यस नाटकमा वर्णन गरिएको समय वि.सं. १९६३ असार १७ गतेदेखि वि.सं. २००७ फागुन ७ गतेसम्मको रहेको छ । वि.सं. १९६३ मा त्रिभुवनको जन्मदेखि २००७ को त्रिभुवनको शाही घोषणामा नाटकको अन्त हुन्छ । यस बीचमा नाटकमा वर्णित समयमा १९६३ असार २७ मा त्रिभुवनको न्वारन, १९६८ मंसिर २५ मा पृथ्वीवीरविक्रमको मृत्यु, १९६९ फागुन ८ मा त्रिभुवनको राज्याभिषेक, १९९० को भुइँचालो छन् । मूलतः नाटकले जहानियाँ राणशासनको पछिल्लो ४५ वर्षे समयलाई लिएको छ । नाटकमा उल्लेख गरिएको वातावरण राणाकालीन वर्वरतापूर्ण स्थितिको

सङ्क्रमणकालीन समय हो । यहाँ एकथरि मान्छे सत्य र न्यायको पक्षमा छन् भने अर्काथरि त्यसलाई दबाउन सकेसम्म प्रयास गरिहेका छन् ।

७. भाषाशैली

जन-उदय नाटकको भाषाशैली सरल छ र सर्वसाधारणले बुझ्न ठेट भाषाको प्रयोग गरी सरल शैली र प्रवाहपूर्ण विचार अभिव्यक्त हुनुले नाटककारको लेखनी शैली सामर्थ्य प्रतीत हुन्छ । उनले नेपाली मौलिक शब्दको प्रयोगगरी भाषालाई सरल बनाएका छन् । भाषाशैलीमा अन्तर्साङ्गीतिकता भने कम पाइन्छ । कतैकतै ऐतिहासिक घटनाले साहित्यिक भाषालाई थिचेको देखिन्छ । उनको लेखनकलाका विषयमा लेख्दै नलेख्नुभन्दा लेख्नु राम्रो हो भनी टिप्पणी गरिएको पाइन्छ । छोटो, छरिता संवाद, गीत, कविता, चिठ्ठी र नाराले समेत नाटकको शैली नवीनता झल्काएको पाइन्छ ।

८. उद्देश्य

राणाकालीन तानाशाही प्रवृत्तिलाई प्रस्तुत गरी प्रजातन्त्र प्राप्तिमा जनताले देखाएको त्यागलाई देखाउनु यस नाटकको प्रमुख उद्देश्य हो । इतिहासमा सीमित हुन लागेको राणाशासनको कुकृत्यलाई उदाङ्गो बनाउँदै प्रजातन्त्र प्राप्तिमा नेपाली जनताले गरेको त्याग र तपस्याको कथालाई नाटकले प्रस्तुत गरेको छ । नाटकमा राणाशासनमा नेपाली जनताले भोग्नुपरेको दयनीय अवस्था एवं राणाको भोगविलास, अन्याय र अत्याचार, फाँसी र वर्वरजस्ता विषयलाई प्रस्तुत गरिएको छ । राणा प्रधानमन्त्रीद्वारा कवि, कथाकार, वैज्ञानिक एवं देशभक्तप्रति देखाएको क्रुर र पाशविक व्यवहारलाई नाटकले स्पष्ट पारेको छ साथै प्रस्तुत नाटक क्रान्ति, प्रजातन्त्र र जनचेतनाबीचका संयोजकको रूपमा देखिएको छ । प्रजातन्त्र प्राप्तिपूर्वको देशको कारुणिक अवस्थाको चित्रण प्रजातन्त्रका लागि जनताले देखाएको जागरुकता एवं शहीदको त्याग र बलिदानलाई प्रस्तुत गर्नु यस नाटकको मूलभूत उद्देश्य हो ।

९. अभिनय

नाटक दृश्य काव्य हुनाले यसमा अभिनय हुनु जरुरी छ । रङ्गमञ्चमा नाटक प्रदर्शन गर्नका लागि सम्भव हुने किसिमको स्थान र परिवेश हुनुपर्दछ । यस

नाटकलाई अभिनयका दृष्टिले सफल नै मान्न सकिन्छ । यसमा विभिन्न दरबार, टुँडिखेल मन्दिर, शहरका दृश्य रहेका छन् । मञ्चनका लागि यस्तो वातावरण जुटाउन केही खर्चिलो हुनसक्छ तर असम्भव छैन । स्थानलाई जीवन्त बनाउन चित्रण गरिएको परिवेश पनि सहज छ । अधिकांश संवाद छोटा, छरिता छन् । पात्रका हाउभाउ स्वाभाविक छन् । कतै कतै संवाद लामो हुनाले पात्रले प्रस्तुत गर्न केही कसरत गर्नुपर्ने हुन्छ तर प्रस्तुत गर्नै नसकिने भने पाइँदैन ।

४.३ 'मेरी रजनी' कवितासङ्ग्रहको अध्ययन

४.३.१ परिचय

गिरिराज आचार्यको मेरी रजनी २०३४ सालमा प्रकाशित भएको फुटकर कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहमा विभिन्न समयमा रचिएका ५९ वटा गद्यालयका कविता मझौला खालका नौदेखि ५५ पङ्क्तिसम्मका आयाममा संरचित देखिन्छन् ।

मेरी रजनी कवितासङ्ग्रहमा जीवनका विभिन्न पक्षलाई कवितात्मक रूप दिइएको छ। वि.सं. २०२० सालदेखि विभिन्न पत्रिकामा प्रकाशित कविता एवं वि.सं. २०४२ को सत्याग्रहमा बिराटनगर कारागारमा रहँदा लेखिएका १४ वटा कवितालाई यस सङ्ग्रहभित्र सङ्गृहीत गरिएको छ। वर्तमान जीवनलाई अर्थ्याइएको छ । त्यस्तै जीवनका विसङ्गगति र मूल्यहीन स्थितिलाई युगीन स्थितिमा राखेर निरीक्षण गरिएको पाइन्छ। यहाँ सङ्ग्रहभित्रका कवितालाई विषयवस्तु, लयविधान, अलङ्करण प्रविधि र भाषाशैलीका आधारमा परिचयात्मक रूपमा अध्ययन गरिएको छ ।

४.३.२ विषयवस्तु

यस सङ्ग्रहका विविध विषयवस्तुसँग सम्बन्धित कविता समावेश गरिएको देखिन्छ । तिनलाई निम्न किसिमले वर्गीकरण गरी अध्ययन गरिएको छ ।

क. जेलजीवन र परिवर्तनसँग सम्बद्ध कविता

प्रस्तुत सङ्ग्रहका जेलको चार दिवालभित्र, आसथा, केद र मुक्ति, शहीदप्रति, समयले एकपल्ट फेर्छ कोल्टे, कैदको सीमाभित्र, पर्खाल, बन्दीगृह, अनन्त अन्त माइलको पदचाप, ग्यास च्याम्बरको मृत्यु, सडककविता क्रान्ति, हामी हतार नगरौं, स्मृतिशेष, जेल गएका दाजुलाई बहिनीको पत्र, कोरा पागल बनाइरहेछ, किल्लाबन्दीको मोर्चामा एउटा सत्याग्रहजस्ता कवितालाई यस वर्गमा राख्न

सकिन्छ । प्रजातान्त्रिक आन्दोलनका क्रममा जेलजीवन बिताउँदा कविका अनुभव यी कवितामा पाउन सकिन्छ । गतिहीन राजनीतिक अवस्थाको विरोध गर्नु, प्रजातन्त्र विरोधीप्रति आक्रोश प्रकट गर्नु, पञ्चायती शासकले प्रजातन्त्रवादीलाई दिएको यातनाको चित्रण गर्नु जस्ता विचार यस वर्गका कवितामा पाउन सकिन्छ ।

ख. प्रकृति र प्रेमसँग सम्बन्धित कविता

प्रकृति र प्रेमसँग सम्बन्धित कविता र यस कवितासङ्ग्रह भित्रका मेरी रजनी, शून्यताको परिधिभित्र प्रेमको एउटा आस्वाद, सुध्रिएको दिन, प्रियतमासँग एउटा प्रश्न, प्रेम, चित्रलेखा, मौसम बेमौसम जिन्दगीको पहर जसता कवितालाई यस वर्गभित्र राख्न सकिन्छ । मेरी रजनीमा कविले प्रेमिका रजनीलाई पाएर आफू धन्य भएको बताएका छन् । सुध्रिएका दिनमा पृथ्वी, आकाश र चन्द्रको मलीन चित्रण गरी समाजको दीनहीन अवस्था दर्साइएको छ । प्रेमको नसा रक्सीको नसाभन्दा कडा हुने भएकाले प्रेमिकालाई भुल्न नसकिने कुरा प्रेम कवितामा प्रकट गरिएको छ ।

ग. जीवनचिन्तन र समस्यासँग सम्बन्धित कविता

यस सङ्ग्रहभित्रका विश्वासमा सङ्कट, जिन्दगीको बहिखाता कोरिदिनु मोफसलमा, यहाँको कति सत्य छ र ?, हाय जिन्दगी, जीवनको ओरालीमा, जीवनगीत, मोजमज्जा त जिनदगीको खेल हो ?, आफ्नै लास, व्यथित जिन्दगी बाँच्ने रहरजस्ता कवितामा जीवनमा बारेमा चिन्तन गरिएको पाइन्छ । महङ्गी, चोट, दासमोचन मुक्त करिया, हाय गरिबी, सुकुम्बासीको आँसुमा भिजेको एक चोक्ता जमिन जस्ता कवितामा समाजमा विद्यमान समस्याप्रति सङ्केत गरिएको छ । तिनीहरूमा विसङ्गत जीवनको चित्रण गरी निरासाभित्रै जिन्दगी जिउनु पर्ने बाध्यतालाई यस वर्गका कवितामा व्यक्त गरिएको छ ।

घ. स्मृतिमूलक कविता

यस सङ्ग्रहका बेजामिनप्रति, शुभविजया, भानु तिमीलाई मेरो बन्दी सलाम, ग्यास च्याम्बरको मृत्यु, वीपी अवतार तिमी जस्ता कविता महत्त्वपूर्ण दिन, घटना र व्यक्तित्वको सम्झनामा लेखिएका छन् ।

समग्रमा यस सङ्ग्रहभित्रका कवितामा नेपालको प्रजातान्त्रिक अभियानका प्रयासहरू सामाजिक-आर्थिक विसमता, विसङ्गत जीवनबाट जन्मिएको निराशावादिता, निर्मल प्रेमको पुकार राष्ट्रियता, जीवनयात्राका विभिन्न सन्दर्भ तथा विषादका क्षण एवं जीवनचिन्तनका पक्षलाई समावेश गरिएको पाइन्छ ।

४.३.३ लय विधान

'मेरी रजनी' कवितासङ्ग्रहमा सङ्गृहीत ५९ वटा कविता नै गद्य लयमा रचना गरिएका छन् । यस सङ्ग्रहका अधिकांश कवितामा भाव अनुरूप वर्णको संयोजन भएको हुनाले र निश्चित क्रममा गति, यति मिलाउनका साथै अनुप्रासको योजना पनि गरिएकाले आन्तरिक रूपमा साङ्गीतिक गुञ्जन व्याप्त भएको देखिन्छ । जस्तै-

म हुँ माव भन्दै ललकार्दै छ
समता, भातृत्व हराउँदै छ
मावनको मानतामाथि खिन्नता हुँदैछ
अन्धविश्वासको प्रादुर्भाव हुँदैछ' (हाय गरिबी, पृ, ४७)

'वीपी अवतार तिमी,' 'स्थितिबोधको सीमारेखाभित्र,' 'बाँच्ने रहर' कवितामा बुत्यनुप्रासको संयोजनले गर्दा साङ्गीतिक श्रुतिररम्यता झल्किएको पाइन्छ, जस्तै -

'सम्झँदा नयनबाट आँसु बग्न थाल्छन्
कठै ! तिमी बितेको पनि तीन वर्ष बितिसकेछ
आँखाबाट आँसु सेलाइसकेका छैनन्
तिम्रै विरहमा यो बन्दीगृह हामीलाई बिर्सिदिन्छ ।" (वीपी अवतार तिमी? पृ.६३) यहाँ 'स', 'न', 'त', 'ब' वर्ण अनेक पटक आवृत्त हुनाले अन्तसाङ्गीतिक श्रुतिरसम्यता प्रकट भएको छ ।

समष्टिमा गद्यालयका मझौला पङ्क्तिमा प्रवाहित भएका आचार्यका कविता भावानुकूल वर्णसंयोजनले श्रुतिमधुर रहेका छन् । कतिपय कवितामा अनुप्रासको अभाव, लामा पङ्क्ति र कठोर वर्णको प्रयोगले गति, यति, लयमा शिथिलता पैदा भएको आभास हुन्छ ।

४.३.४ बिम्बविधान र अलङ्करण प्रविधि

'मेरी रजनी' कवितासङ्ग्रह भित्रका कवितामा कवि गिरिराज आचार्यले सामाजिक, पौराणिक, ऐतिहासिक आदि स्रोतका विम्बको प्रयोग गरेका छन् । यिनै बिम्बको प्रयोगले गर्दा यस सङ्ग्रह भित्रका कविता बढी आस्वाद्य बनेका छन् । यस सङ्ग्रहभित्र प्रस्तुत केही विम्बमय पङ्क्तिलाई तल प्रस्तुत गरिन्छ :

प्रत्येक दिन रगतले मातेका मान्छेको रगतको रोजनाम्चा
चित्रगुप्तको बहिखातामा सिरियल नम्बर शिलशिलाबद्ध लेखिरहेछ
महाभारतको युद्ध हुँदा कौरव र पाण्डवको व्यक्तिगत झगडाले लाखौं निर्दोष मारिए,

यो इतिहास ज्यँदै आलै भएर नगरा बजाइरहेछ

फिलिस्तिनीले राज्य पाउनु त कहाँ छ कहाँ उल्टै राज्य बिहीन भएर भागम् भाग ।

(रगतले मातेका मान्छेको रगतको रोजनाम्चा, पृ.२५)

वर्षा याममा घाम पानी स्यालको बिहे कुकुर जन्ती बिरालो बाहुन

हुटिट्याउले पानी सोहोऱ्याउँदैछ बगरमा पानी सुकिसक्यो

बेमौसममा पानीको नदी पनि अब रिसाइसक्यो ।

(मौसम बेमोसम जिनदगीको पहर, पृ.७२)

यस सङ्ग्रहभित्रका कवितामा अर्थालङ्कारको राम्रो संयोजन भएको देखिन्छ । खासगरी यस सङ्ग्रहभित्रका कवितामा उपमा, उत्प्रेक्षा, रूपक, अप्रस्तुत प्रशंसाजस्ता अलङ्कारको प्रयोग गरिएको पाइन्छ। उदाहरणका रूपमा केही पङ्क्तिलाई निम्नानुसार देखाउन सकिन्छ :

उपमा : आजको दिन सुन्निएको छ

एउटी गर्भवतीको पेट सुन्निएझैं (सुन्निएको दिन, पृ.१६)

उत्प्रेक्षा : सबै प्रयास विफल भए

कहीँ कतै पनि अब उज्यालो बाँकी छैन

मात्र अन्धकारको चुक घोप्टे झैं टाटो। (समयले एकपल्ट फेर्छ कोल्टे, पृ.२९)

रूपक : तिमी साच्चैकी स्वर्गको उर्वशी हो । (चित्ररेखा, पृ.५५)

अपहुनति : मच्छर हाम्रो जीवनखाने यमराज भएको छ ।

(भानु तिमीलाई मेरो बन्दी सलाम, पृ.५४)

अप्रस्तुत प्रशंसा : सूर्यको टहमा देखिएको प्रतिविम्ब

चन्द्रमाको टहकसँग लाप्पा खेल्न आइपुग्छ। (भीषण बाध्यताको मौनता, पृ.४५)

४.३.५ भाषाशैली

भाषाशैलीका दृष्टिले प्रस्तुत मेरी रजनी कवितासङ्ग्रह भित्रका कविताको अध्ययन गर्दा भावअनुसार भाषिक रूपको छनौट भएको देखिन्छ । शब्दप्रयोगका सन्दर्भमा आगन्तुक र नेपाली झर्रा शब्द बढी पाइन्छन् । उखान टुक्काको प्रयोग प्रशस्त मात्रामा पाइन्छ। कविले ऐतिहासिक, पौराणिक मिथकलाई बढी जोड्न खोजेको देखिन्छ। पदकोटिका तहमा हेर्दा नाम, विशेषण क्रियाविशेषण र

क्रियापदको ज्यादा प्रयोग छ भने वाक्योजनाका दृष्टिमा धेरैजसो सरल र संयुक्त वाक्यको प्रयोग भएको छ । समष्टिमा भन्दा सरल, सहज र सुबोध भाषाको प्रयोग गरी यस सङग्रहभित्रका कवितालाई आस्वाद्य बनाइएको छ ।

४.३.६ निष्कर्ष र मूल्याङ्कन

मेरी रजनी कवितासङग्रह गिरिराज आचार्यको एक मात्र प्रकाशित कवितासङ्ग्रह हो। यस सङ्ग्रहमा सङ्कलित कविताबाहेक पनि विभिन्न पत्रिकामा उनका कविता प्रकाशित रहेका छन्। अधिकार र कर्तव्य २०२६ मा पीयूष पत्रिकामा प्रकाशित उनको पहिलो कविता हो। त्यस्तै एकटुक्रा, दुई छेस्का, चार मसिना कविता, दुई टुक्रा उच्छ्वास जस्ता संक्षिप्त कविता मेरी रजनी कवितासङ्ग्रहमा सङ्कलित छैनन्। यसैगरी उनले हिन्दी भाषामा लेखेका रेणुजी की स्मृति मे कविता पनि सङ्ग्रह बाहिर रहेको छ। यी सम्पूर्ण कवितामा कविले जीवनजगत्का विविध पक्षलाई विषयवस्तुका रूपमा उपस्थान गरी मुक्त लयको सांगीतिक मिठासमा आस्वाद्य बनाएका छन्। विविध स्रोतका बिम्बको प्रयोग, अर्गालंकारको उपयुक्त संयोजन, सरल सहज भाषाशैली कविताका उल्लेख्य विषय हुन् । ती, शून्यता, मृत्यु एवं पलायनवादिताको सीमाभित्र आजको मान्छे जकडिएर पनि अनेकौं विवशता र बाध्यतावश जिजीविषाको भावना पिएर कसरी हिँडिरहेको छ भन्ने विसङ्गतिवादी दृष्टिले जीवनलाई हेर्नु, जीवनलाई भाग्य र मृत्युको दासको रूपमा उभिएको चित्रका रूपमा प्रस्तुत गर्नु र बाह्य दृष्टिले सभयताको पराकाष्ठमा पुगेको आजको विश्वको मान्छे आन्तरिक रूपमा त्यति नै असभ्य र घृणित छ भन्ने कुरालाई आणविक अतियारको निर्माण र युद्धबाट हुने ध्वंसात्मकतालाई उदाहरण दिएर भाव अभिव्यक्त गर्नु कवि आचार्यका कवितात्मक विषयगत प्रवृत्ति हुन् । त्यस्तै सङ्कीर्णता, सङ्कोच र सुकुम्बासीत्वबाट हिरिक्कएको हाम्रो समाजलाई धार्मिक उदारता, वैयक्तिक स्वतन्त्रता र वासस्थानको सुविधाजस्ता मानवीय उदात्त गुणद्वारा सिँगार्नु खोज्नु नै गिरिराज आचार्यको कवित्वको वैशिष्ट्य हो ।

निष्कर्षमा भन्दा उनका कवितामा राजनीतिक विचार कतै न कतै झल्कन्छ । देशको प्रजातान्त्रिक आन्दोलन सम्बन्धका सम्पूर्ण झलक साङ्केतिक हुन् वा स्पष्टता जुनसुकै रूपमा भए पनि प्रस्तुत हुन्छन्। कविताको भावभूमि वर्तमानअवस्था रहेको छ। विचारमा द्वन्द्व छैन स्पष्ट झल्कन्छ। कविले कारागारमा बस्नुलाई कष्ट मानेका छैनन्। यहाँ स्वतन्त्रताको चाहना टड्कारो भएर आएको छ। कवितामा मानवीय पक्ष, संवेदनशील एवं मौलिक चिन्तनका घटना यत्र तत्र

छन् । आचार्यका कविता विचारमा उच्च भएपनि भाषिक दृष्टिले भने परिष्कृत र परिमार्जित हुनसकेका छैनन् । मूलभूतरूपमा आचार्यका यस सङ्ग्रह भित्रका कविताले आशावादिता, स्वतन्त्रता, स्पष्टता, राष्ट्रियता, देश प्रेम, सामाजिक विसङ्गति र आर्थिक विसमतालाई कलात्मकता साथ देखाएका छन् ।

४.४ 'सानीको सपना' कथासङ्ग्रहको अध्ययन

४.४.१ पृष्ठभूमि

गिरिराज आचार्यको सानीका सपना एकमात्र प्रकाशित कथासङ्ग्रह हो । वि.सं. २०४५ मा प्रकाशित यस सङ्ग्रह मा वि.सं. २०३४ देखि २०४३ सम्म विभिन्न पत्रिकामा प्रकाशित कथालाई समावेश गरिएको छ । यस कथासङ्ग्रह मा जम्मा २० कथा सङ्कलित छन् र ती कथा ८० पृष्ठका आयाममा विस्तारित छन् । यी मध्ये सबैभन्दा लामो कथा ६ पृष्ठमा फैलिएको छ भने सबभन्दा छोटो कथा दुई पृष्ठमा समाविष्ट छ ।

सानीको सपना कथासङ्ग्रह भित्रका कथाले जीवन भोगाइका विविध पक्षलाई प्रकट गरेको छ । कथाकारमा देखिएको राजनीतिक चिन्तन एवं सामाजिक जीवनबोधका विषय यहाँका कथामा छरपस्टिएका छन् । यहाँ यस सङ्ग्रह भित्रका कथालाई कथावस्तु, चरित्रचित्रण, संवाद, देशकालवातावरण, परिस्थित भाषाशैली र उद्देश्यका आधारमा परिचात्मक रूपमा अध्ययन गरिएको छ ।

४.४.२ कथावस्तु

गिरिराज आचार्यको सानीको सपना कथासङ्ग्रह भित्रका कथालाई सामाजिक, मनोवैज्ञानिक र राजनीतिक आधारमा वर्गीकरण गरेर देखाउन सकिन्छ ।

क. सामाजिक विषयवस्तुमा आधारित कथा

गिरिराज आचार्यको समाजमा घटेका र घट्नसक्ने घटनालाई समावेश गरी कथा लेखेका छन् । समाजका देखिएका विकृति-विसङ्गतिको उनको कडा शब्दमा भण्डाफोर गरेका छन् । सानीको सपना कथामा लाहुरे पत्नीहरूले रक्सी पार्ने पेसा अपनाएको र छोराछोरीको पठन पाठनमा कम चासो राख्ने गरेको वास्तविकतालाई देखाएका छन् । टाइपिस्टमा आर्थिक अभावले धेरै पढ्न नसकी टाइपिस्ट भएर जीवन बिताउन बाध्य नारीको अवस्था चित्रित छ । यसैगरी पेन्सन पाएको दिनमा पेन्सन पाउनासाथ जाडँरक्सी पिएर अचेत हुने भू.पू. सैनिकको विकृतिमूलक जीवनलाई व्यक्त गरिएको छ । त्यस्तै गन्तव्य कथामा समाजसेवाको गन्तव्यमा

पुग्न चाहने व्यक्तिको हत्या गरी सामाजिक पछौटेपनको चित्रण गरिएको छ। त्यस्तै अनायस शहर बोल्छ बीच रात्रिको कोलाहमा र एउटी वेश्याको डायरी कथामा कथाकारले आर्थिक अभावले देहव्यापार गर्न बाध्य नारीको कारुणक जीवन भोगाइलाई केलाएका छन्। यसैगरी मायालुको पछ्यौरीमा कथामा कम उमेरको केटाले पनि आफूभन्दा धेरै जेठी केटीसँग विवाह गर्न हुने कुरा जनाई सामाजिक अवधारणामा परिवर्तन हुनुपर्ने बताएका छन्। त्यस्तै श्रीमती अध्ययन गर्न केही वर्ष विदेश जादैँमा अर्को विवाह गर्ने लोग्नेले पश्चताप गरेको विषयलाई तिरस्कार कथाले स्पष्ट पारेको छ।

ख. मनोवैज्ञानिक विषयवस्तुमा आधारित कथा

गिरिराज आचार्यले मानवमनको गहिराइमा पसेर उनीहरूको मनोभावना बुझ्ने प्रयत्न गरेका छन्। मूलतः उनले यौनमनोविश्लेषणसम्बन्धी कथा लेखेका छन्। यी मध्येका तिरस्कार र वेश्याको डायरी कथाले यौनपछिको विकृतिलाई उजागर गरेका छन्। छोरो जन्माउने रहरमा आफ्नो पतिबाट सन्तान नभएर परपुरुषको सम्पर्कबाट भए पनि सन्तान जन्माउनै पर्ने नारीवर्गको मनोविज्ञानलाई यहाँ विश्लेषण गरिएको छ। यसैगरी बाटोको सफरमा कथामा गाडीको सिटमा केटीसँग बसी अतृप्त वासनाको पूर्ति गर्ने केटाको दमित बासनाको चित्रण गरिएको छ। यसै क्रममा विहे गर्दा केटाकेटीका बीचको उमेर नमिल्दा हुने समस्यालाई रामदासको बिहा कथामा र यौन अतृप्तिका कारण सृजना भएको विकृतिलाई अस्तित्वबोध कथामा देखाइएको छ। यस्तै मनस्थिति र रङ्गको खेल कथामा पनि नरनारीको मनोविश्लेषण गरिएको छ।

ग. राजनीतिक विषयवस्तुमा आधारित कथा

गिरिराज आचार्यको राजनीतिक जीवनको प्रभाव उनका कथामा प्रत्यक्ष रूपमा परेको पाइन्छ। खासगरी जेलजीवनका घटनालाई उनले कथामा स्थान दिएका छन्। सुचेस्ट, इजलास, परिवर्तन, यसै विषयसँग सम्बन्धित कथा हुन्। यसै 'समाचार' कथाले विश्वभरि फैलिएको हत्या, हिंसा, दमन एवं नेपालको राजनीतिक परिवेशलाई चित्रण गरेको छ। त्यस्तै कथाकारले वि.सं. २०४२ मा जेलजीवन बिताउँदाका अनुभव समेटी 'घरैया' 'सत्याग्रह' कथा रचना गरेका छन्।

४.४.३ चरित्र तथा चरित्रचित्रण

'सानीको सपना' कथासङ्ग्रह भित्र अनेक किसिमका पात्रको समायोजना गरिएको पाइन्छ। यहाँ पुरुष महिला, प्रमुख सहायक, सम्पन्न विपन्न, वर्गगत

व्यक्तिगत, बद्ध मुक्तजस्ता विविध वर्ग र स्वभावका पात्र रहेका छन् । अधिकांश कथामा प्रथम पुरुषीय 'म' पात्र घटना द्रष्टाको रूपमा उपस्थित भएको छ । 'सानीको सपना' कथाकी सानी सम्पन्न लाहुरे परिवारकी भएर पनि पुर्ख्यौली रक्सीपार्ने पेशामा आकृष्ट छ । सानीले वर्गीय प्रतिनिधित्व पनि गरेकी छे । 'छोरो जन्माउने रहर' की बन्दना प्रमुख पात्र हो र ऊ मातृत्व अभावले छट्पटिएर परपुरुष उमेशलाई पुकार्न पुग्छे । 'टाइपिस्ट' कथाको टाइपिस्ट आर्थिकरूपले विपन्न वर्गकी पात्र हो । 'पेन्सिल पाएको दिन' कथाको जँड्याहा बूढो सामाजिक विकृति भित्र्याउने वर्गीय पात्र हो भने 'रामदासको उहाँ' को 'रामदास' उमेर नमिल्ने श्रीमती ल्याएर मानसिक छट्पटिमा परेको हो । 'मनस्थिति' कथाको कान्तिले अर्कैसँग विहे गरेपछि प्रेमी वेहोश अवस्थामा पुग्छ । कथाको 'ऊ' वा प्रेमी प्रेमीकाको धोकाबाट रन्थनिएको विक्षिप्त पात्र बनेको छ । 'सुचेष्ट' कथाको प्रमुख पात्र सुचेष्ट नै हो र ऊ राजनीतिक कारणले जेलमा परेको वर्गीय चरित्र हो । 'इजलास' कथाको प्रमुख पात्र दिनेश प्रजातन्त्रप्रेमी पात्र हो, ऊ उदार स्वभावको र देशको हित चाहने अनुकूल पात्र हो । त्यस्तै 'परिवर्तन' कथाको विसन थुप्रै पत्रपत्रिका पढ्ने र देश विदेशका घटनाको बारेमा जिज्ञासु पात्र हो साथै ऊ संसारको सन्त्रस्त जीवनबाट त्रसित देखिन्छ । अनायास शहर बोल्छ, बीच रात्रीको कोलाहलमा र एउटी वेश्याको डायरी कथाका वेश्या आर्थिक विपन्नताले पिल्सिएर वेश्याजीवन बिताउन बाध्य भएका निरीह तथा अशिक्षित पात्र हुन् । मायालुको पछ्यौरीमा कथाकी सुनबुढी यौवन भइन्जेल आफ्नो सुन्दरताको घमण्डले कुनै केटा मन नपराउने र अन्त्यमा उमेर ढल्केपछि पश्चात्तापको भुँमरीमा परेकी पीडित पात्र हो । त्यस्तै 'घरैया' र 'सत्याग्रह' कथाका सोहन, मीना र रमेश राजनीतिक पृष्ठभूमिका उच्च र शिक्षित वर्गका पात्र हुन् ।

४.४.४ संवाद

यस कथा सङ्ग्रहभित्रका कथामा प्रशस्तमात्रामा संवादको प्रयोग भएको पाइन्छ । यिनै संवादले कथालाई जीवन्तता प्रदान गरेका छन् । साथै कथामा नाटकीयता ल्याउन र रोचक एवं मनोरञ्जन बनाउन सहयोग गरेका छन् । कथामा प्रयोग भएका संवाद छोटा छोटा, पात्र अनुकूल हुनाका साथै सरल र स्पष्ट भाषामा बोलिएका छन् । कथामा प्रयोग भएका केही संवादको उदाहरण तल दिइन्छः

तिम्री आमा खोइ सानी ?

मेरी आमा रक्सी पार्नु जानुभएको छ ।

कसको रक्सी पार्नुहुन्छ ?

अर्काको रक्सी पार्नुहुन्छ, ज्याला कमाउनुहुन्छ....(सानीको सपना , पृ १)

दाइलाई मैले आजसम्म यस्तो मुडमा सिरियस देखेको थिइनन् ।

हो म आज मुड अफ भएको छु, बिल कति भयो ? चाँडो ल्याऊ ।

ठीक छ दाइ पैसा पछि दिए पनि भइहाल्छ । (मनस्थिति पृ ३२)

दिदी तपाईको उमेर यत्रो भइसक्यो,

तपाईं दिनप्रतिदिन सोह्र वर्षभैंm देखिनुहुन्छ, किन ?

विवाह गर्न मन छैन कि कसो ?

विवाह, कस्तो विवाह ? अरूले गरेजस्तो विवाह म गर्दिनँ,

मेरो विवाहको तिमीलाई के चिन्ता ?

के मसँग नै विवाह गर्ने विचार कस्यौ कि कसो ? (मायालुको पछ्यौरीमा पृ ५७)

४.४.५ देशकाल परिस्थिति

यस कथासङ्ग्रह का कथामा विविभन्न स्थानको उल्लेख गरिएको छ । सानीको सपना कथा धरानको सेरोफेरोमा लेखिएको हो । यसमा धरानको पुतलीबजार, किराँतचोक, नारायण चोक। रत्नरोड र घोपाको सन्दर्भ जोडिएको छ । बाटोको सफरमा कथा विराटनगरदेखि गाडीमा धरान आउँदाको प्रसङ्गमा लेखिएको छ भने पेन्सिन पाकेको दिन कथा धरानबाट गाडीमा कानेपोखरी जाँदाको सन्दर्भमा रहेको छ । त्यस्तै सुचेस्ट र घरैया कथा जेलको परिवेशमा रचिएका छन् भने अनायस शहर बोल्छ बीच रात्रिको कोलाहलमा र एउटी वेश्याको डायरी वेश्यालयको परिवेशमा लेखिएका छन् । यस सङ्ग्रह भित्रका कथा वि.सं. २०३४-२०४३ बीच रचिएका हुन् । कथाकार राजनीतिक कार्यकर्ता भएका कारण पनि उनका कथा राजनीतिक परिवर्तनका पक्षमा देखिन्छन् । उनका कथामा तत्कालीन पञ्चायती शासनको दमन, सामाजिक विसङ्गति, प्रेम र अनमेल विवाहजस्ता विषय समाविष्ट छन् ।

४.४.६ भाषाशैली

यस कथासङ्ग्रह भित्रका कथाको भाषाशैली सरल र सुबोध छ । आगन्तुक शब्दअन्तर्गत हिन्दी र अङ्ग्रेजी भाषाका शब्दका ठाउँ ठाउँमा प्रयोग पाइन्छ । साथै वर्णनात्मक र संवादात्मक शैलीको समायोजन भएको पाइन्छ । आचार्यको बोलीचालीमा प्रयोग हुने शब्द, उखानटुक्का, निपात र कतैकतै अश्लीलता

झल्कने शब्दको पनि प्रयोग गरेका छन् । उनका राजनीतिक कथामा नाराको स्वर घन्किएको अनुभूति हुन्छ । अधिकांश कथामा सर्वद्रष्टा तृतीयपुरुष दृष्टिविन्दुमा वर्णनात्मक शैलीको प्रयोग भएको पाइन्छ । कथासङ्ग्रहको प्रारम्भदेखि अन्त्यसम्म नै वर्णविनयासगत त्रुटि भने प्रशस्त छन् ।

४.४.७ उद्देश्य

बिना उद्देश्य कुनै पनि साहित्यिक सिर्जना हुँदैन । सानीको सपना कथासङ्ग्रह भित्र रहेका प्रत्येक कथाका भिन्नाभिन्नै उद्देश्य रहेका छन् । सामान्य रूपमा कथाको उद्देश्य पाठकलाई मनोरञ्जन प्रदान गर्नु हो तर यतिमा मात्रै उद्देश्यपूर्ति नभएर विशेष उद्देश्य पनि रहेको पाइन्छ । यस सङ्ग्रह भित्रका कथाले सामाजिक सुधार, स्वच्छ प्रेमसम्बन्ध, अनमेल विवाह, आर्थिक विपन्नताको परिणति पञ्चायती व्यवस्थाप्रतिको आक्रोश, प्रजातन्त्रप्राप्तिको कामना, नेपाली चेली बेटीको दुर्दशाजस्ता विषयवस्तुको उद्‌घाटन गरी सम्बन्धित क्षेत्रमा सुधारको खाँचो औंल्याएका छन् ।

मूलतः कथाकारले कथामा मानवमूल्यको कुण्डा र सन्त्रासलाई यथेष्ट मात्रामा उजागर गरेका छन् । त्यसैगरी जेलमा परेका राजनीतिज्ञको पारिवारिक मनोदशाको चित्रणका साथै मानिसका यावत् पीडा, वेदना र समाजिक कुरीति व्यक्त भएका छन् । आचार्यका कथामा लाहुरेका परिवारको व्यथा, सन्तान नहुनाको त्रासदी, स्वास्नीमान्छेप्रतिको लोग्नेमान्छेको दृष्टिकोण, युद्धमा अपाङ्ग भएर फर्किनाको पीडा, अनमेल विवाहको परिणति, देशप्रेमजस्ता विषय समावेश छन् तर बहुसंख्यक कथा यथार्थमा कथा हुन सकेका छैनन् । सिकारूपन प्रष्टिनेमात्र होइन कथा भन्नै हिच्किचाउनु पर्ने कथा पनि छन् । चाहे जेहोस् आचार्यका कथाले सामाजिक विकृति, विसङ्गतिको चित्रण गर्नाका साथै राजनीतिक परिवर्तन र प्रजातन्त्रप्रतिको कामना गरेका छन् ।

४.५ आचार्यका समालोचनात्मक कृतिको अध्ययन

४.५.१ 'नेपाली भाषा र साहित्यका केही समस्या' को अध्ययन

गिरिराज आचार्यको नेपाली भाषा र साहित्यका केही समस्याको प्रकाशन वि.सं. २०३३ मा भएको हो । नेपाली भाषा र साहित्यका विकासका अवरोधकका रूपमा रहेका समस्यालाई लेखकको यहाँ प्रस्तुत गरेका छन् । जम्मा ३४ पृष्ठको लघुआकारमा संरचित यस पुस्तकमा भाषा र साहित्यको प्रगति नहुनाका कारकतत्त्वलाई लेखकले

बुदाँगत आधारमा सविस्तार वर्णन गरेका छन् । पहिलो अध्ययमा नेपाली भाषा र साहित्यका विष्यमा आठ जना समालोचकको विचारलाई समावेश गरेका छन् साथै नेपाली भाषा र साहित्यका एक दर्जन समस्यालाई बुँदागत रूपमा विश्लेषण गरेका छन् । दोश्रो खण्डमा लेखकले नेपाली भाषा र साहित्यका थप केही समस्या भनी छब्बीस वटा समस्याको विश्लेषण गरेकाछन् ।

गिरिराज आचार्य नेपाली भाषा र साहित्यका सच्चा सेवक हुन् । उनी सधैँ नेपाली भाषा र साहित्यको विकास भएको हेर्न चाहन्छन् । भाषा साहित्यका क्षेत्रमा चित्तबुझ्दो प्रगति नभएकाले यसका अवरोधक तत्त्व पत्ता लगाइ निराकरण गर्नु पर्ने उनको मुख्य उद्देश्य रहेको छ । भाषिक र साहित्यिक विकासमा बाधा पुऱ्याउने तत्त्वलाई उनले पालैपालो केलाएका छन् साथै यी समस्याको निराकरण गर्न सम्बन्धित पक्षले ध्यान पुऱ्याउनुपर्छ भन्ने उनको मौन अभिव्यक्ति रहेको छ । भाषा र साहित्य राष्ट्रको मौलिकताको परिचायक र सार्वभौमिकताको संरक्षण भएकाले यसको संवर्द्धन सबै क्षेत्रबाट हुनुपर्छ भन्ने लेखकको विचार छ । नेपाली भाषा र साहित्यको जति विकास हुनुपर्ने हो त्यति विकास भएको छैन भन्ने कुरालाई प्रकाश लेखकले धरणीधर कोइरालादेखि देवकुमारी थापासम्मका आठ जना लेखकको विचारलाई प्रस्तुत गरेका छन् । लेखकले नेपाली भाषा र साहित्यका समस्यालाई निम्नानुसार देखाएका छन् : पत्रपत्रिकाका बृहत् टिपोट नहुनु, पुस्तकको टिपोट नहुनु, कवि लेखकको टिपोट नहुनु विभिन्न विषयका पत्रपत्रिका नहुनु, नेपाली भाषाको शब्दकोशको कमी, पेशेवर लेखक नहुनु, पुस्तकालयको कमी, गोष्ठी सम्मेलनको कमी, विदेशी भाषाको शब्दकोशको अत्याधिक प्रभाव, व्यवहारमा भाषाको प्रचार नहुनु, भाषाविकासमा साधनको कमी, यसैगरी लेखकले नेपाली भाषा र साहित्यका थप केही समस्या भनेर अन्य विविध समस्या औँल्याएका छन् यसअन्तर्गत प्रकाशकको कमी, मुद्रणको विविध कठिनाइ, वितरणको अव्यवस्था, पाठकको कमी, नयाँ लेखकप्रति बेवास्ता, प्रबुद्ध साहित्यकारको निस्क्रियता, प्रवासमा नेपाली भाषाको मान्यताप्रति भारत सरकारको संकुचित दृष्टिकोण रहेका छन् ।

लेखक आचार्यले नेपाली भाषा र साहित्यका समस्यालाई गहन र विस्तृत रूपमा राखेका छन् तर त्यसको कुनै ठोस र व्यावहारिक समाधानको संकेत भने पाइँदैन । वैचारिक शिथिलता एवं जडतालाई तोडेर साहित्यिक स्थितिमाथि चिन्तन गर्ने लेखकको उत्साहको कदर गर्नुपर्दछ । लेखकले भाषा र साहित्यमा

देखिएका विकृति र विसङ्गतिलाई लेखकले केस्रा केस्रा केलाएर छर्लङ्ग बनादिएका छन् । लेखकले भाषा र साहित्यका प्रगतिको वर्णन गर्नुभन्दा समस्यालाई नै पहिले केलाउनुपर्ने आवश्यकता महसूस गरेका छन् । यस्ता समस्या हटाउनु पर्ने लेखकको मौन अभिव्यक्ति पाइन्छ । लेखकले नेपालको राष्ट्रभाषाप्रति अगाध मोह प्रकट गरेका छन् । भाषिक विकृतिले लेखकमा ठूलो चोट पुगेको छ । नेपाली भाषाप्रतिको मोह र भाषाको विकासबिना राष्ट्रप्रति ममता र विकासको भावना जागृत हुन सक्तैन भन्ने लेखकको विचार छ । नेपाली भाषा र साहित्य विश्व साहित्यको दाँजोमा पुगेको अर्थ लगाउने समालोचकलाई आचार्य मूर्ख, स्तुतिवादी, चाकडीवादी र स्वार्थीको संज्ञा दिन पुग्दछन् । नेपालमा नेपाली भाषा र साहित्यको स्थिति दयनीय छ । अतः लेखकले उठाएका समस्यामा मनन चिन्तन गर्न हतारिनु परेको छ । हाम्रो देशका धनीले पनि अरू देशका धनीको देखासिकी गरी भाषा र साहित्यका सेवकलाई सक्दो सघाउ गर्न अघि सर्नु परेको छ । निष्कर्षमा भन्नुपर्दा लेखकले नेपाली भाषा र साहित्यप्रति अगाध माया प्रकट गरेका छन् । पैसाको पछि लागेको दुनियाँमा भाषा र साहित्यको वेवास्ता हुँदा लेखक चिन्तित देखिएका छन् । नेपाली भाषा र साहित्यको श्रीवृद्धिका क्रममा देखापर्ने विविध समस्यालाई उनले औँल्याएका छन् । ती समस्यालाई सम्बन्धित व्यक्तिले चिन्तन मनन गरी निराकरण गरेमा अवश्य पनि नेपाली भाषा र साहित्य सम्पन र आदर्श बन्न सक्छ भन्ने लेखकको गूढ अभिप्राय रहेको छ ।

४.५.२ 'भानुभक्त र नेपाली भाषाको विकास' को अध्ययन

गिरिराज आचार्यको 'भानुभक्त र नेपाली भाषाको विकास' वि.सं. २०३९ पौष १६ मा प्रकाशित समालोचनात्मक कृति हो । राष्ट्रिय मेलमिलाप दिवसको अवसरमा विविध प्रकाशन विराटनगरले यसको प्रकाशन गरेको पाइन्छ । ७७ पृष्ठको लमाइमा विस्तारित यस कृतिमा समाजसेवी छविलाल पोखे्रलले भूमिका लेखेका छन् । यसका शीर्षकलाई नौ भागमा विभाजित गरिएको छ । यस पुस्तकमा भानुभक्त र नेपाली भाषाको विकास, भानुभक्त आचार्यको आदिकवित्वमाथिको विश्लेषण र उनको जीवनीका विषयमा चर्चा गर्नका साथै रामायण, वधूशिक्षा, भक्तमाला, प्रश्नोत्तर, रामगीता र विवादस्पद कविताजस्ता शीर्षकमा छुट्टाछुट्टै रूपमा भानुभक्तको व्यक्तित्व र कृतित्वका बारेमा विशद विवेचन गरिएको छ ।

भानुभक्त र नेपाली भाषाको विकास नामक पहिलो अध्यायमा श्री ५ पृथ्वीनारायण शाहपछि नेपाली भाषाले फस्टाउने मौका पाएको बताइएको

छ। नेपाली भाषा र राष्ट्रभाषाको रूपमा चार वर्ण छत्तीस जातलाई एकताको सूत्रमा बाँधेको कुरा जनाइएको छ। नेपाली भाषामा १८८४ देखि मात्र इन्दिरस, विद्यारण्यकेशरी, गुमानी पन्त, सुवानन्ददासबाट साहित्य लेखिन थालिएको आचार्यको ठहर छ। यसपछि भानुभक्त आचार्यले रामायणको रचना गरेपछि नेपाली भाषले फस्टाउने मौका पायो र सर्वसाधारणको घर घरमा समेत नेपाली भाषाले समानरूपमा समृद्धता हासिल गर्यो भन्ने लेखकीय ठहर रहेको छ। उनले रघुनाथको रामायण र भानुभक्तको रामायणका श्लोकको तुलनात्मक अध्ययन गरी भानुको रामायणमा नै अपेक्षाकृत सरलता, सरसता, मौलिकता एवं भाषिक एकता र सांस्कृतिक एकताको सुत्रमा उन्न सक्ने गुण रहेको जनाएका छन्।

दोश्रो शीर्षकमा आदिकवि भानुभक्तको आदिकवित्वको एक विश्लेषणात्मक अध्ययन रहेको छ। यसमा उनले भानुभक्तको आदिकवित्वमाथि विभिन्न व्यक्तिले शङ्का गरिहेको अवस्थामा शङ्का निवारण गर्न खोजेकाछन्। यहाँ उनले भानुभक्तलाई आदिकवि मान्ने र नमान्ने लेखकका विचार प्रस्तुत गरेकाछन्। यहाँ उनले भानुभक्तलाई आदिकवि हुन् भन्ने पक्षमा मोतीराम भट्ट, पारसमणि प्रधान र बाबुराम आचार्यको भनाइलाई उल्लेख गरेका छन् भने भानुभक्तलाई आदिकवि नमान्ने व्यक्तिमा दीननाथ सापकोटा, हृदयचन्द्र सिंह प्रधान र ताना शर्माको नाम उल्लेख गरेकाछन्। उनीहरूले क्रमशः रघुनाथ पोख्रेल, वसन्त शर्मा र सुवानन्द दासलाई आदिकवि स्वीकारेकाछन्। आचार्यले यस विषयमा मोतीराम भट्टको खोजअनुसन्धान र विश्लेषणलाई आधार मानी भानुभक्त नै आदिकवि हुन् भनी ठोकुवा गरेकाछन्। भानुभक्तलाई आदिकवि सिद्ध गर्नमा उनले महानन्द सापकोटा र धरणीधर कोइरालाको विचार पनि पुस्तुत गरेकाछन्। यसरी आचार्यले विभिन्न अनुसन्धानका आधारमा भानुभक्तलाई आदिकविकै रूपमा स्थापित गराउन गरेको प्रयास प्रशंसनीय मान्नुपर्छ।

आचार्यको तेश्रो लेख 'भानुभक्तको जीवनी कति सत्य कति तथ्य !' रहेको छ। यसमा उनले मोतीराम भट्टले लेखेका भानुभक्तको जीवनीलाई नै प्रामाणित ठानेकाछन्। मोतीरामले भानुभक्तका साथी धर्मदत्त र भतिजा रामदत्तसँगै भेटेर सोधखोज गरी लेखेका हुँदा यसलाई प्रामाणित मान्नुपर्छ भन्ने उनको राय रहेको छ। यसमा उनले भानुभक्त आचार्यको जीवन र उनको लेखनकलाको विश्लेषण गरेका छन् यसपछि रामायण, बधूशिक्षा, भक्तमाला, प्रश्नोत्तर र ामगीता शीर्षकका फरक फरक अध्याय रहेकाछन्। रामायण शीर्षकमा उनले

भानुभक्तीय रामायणको विश्लेषण गरेकाछन् । कृष्णभक्तिको समयमा आचार्यले रामको कथा लेखी जनमानसलाई रामभक्तितर्फ आकर्षित गरेको बताइएको छ । रामायणले नेपाली भाषाको विकासका साथै धार्मिक, सांस्कृतिक चेतना फैलाउने काम समेत गरेको लेखकले बताएका छन् । यसैगरी भानुभक्तको अर्को कृति बधूशिक्षाले नारीलाई सदुपयोग दिएको बताइएको छ । तत्कालीन परिवेशअनुसार भानुभक्तले लेखेको बधूशिक्षाका कतिपय कुरा हाल अव्यावहारिक हुने ठानी लेखकले यसका सकारात्मक पक्ष र नकारात्मक पक्ष भनी विश्लेषण गरेकाछन् । साथै उनले बधूशिक्षाका विषयमा आएको विवादलाई पनि टुङ्ग्याउने प्रयास गरेका छन् । भानुभक्तको भक्तमालाको चर्चा लेखकले अर्को अध्यायमा गरेको देखिन्छ । यसमार्फत भानुभक्तले धार्मिक आध्यात्मिक चेतना फैलाउने कार्यमा उल्लेख्य योगदान दिएको कुरा लेखेका छन् । साथै लेखकले यस कृतिका विषयमा देखिएका मतभिन्नतालाई पनि निवारण गर्न खोजेका छन् । साथै लेखकले यस कृतिका विषयमा देखिएका मतभिन्नतालाई पनि निवारण गर्न खोजेका छन् । भानुभक्तको प्रश्नोत्तरमालामा सरल तरिकाबाट भक्तिमार्गमा लाग्न उत्प्रेरित गरिएको तथ्य आचार्यले बताएका छन् । शंकाराचार्यको अद्वैतवेदान्तदर्शनलाई भानुभक्तले सहज ढङ्गले नेपालीमा अनुवाद गरी मानवलाई सन्मार्गमा लाग्न र मोक्षको बाटो तय गर्न प्रेरणा दिएको लेखकले जनाएका छन् । भानुभक्तले रामगीता मृत्युशइयामा पुगेर लेखेका बताइएको छ । उत्तरकाण्ड रामायणको कथानकलाई लिएर लेखिएको यस कृतिले रामभक्तिलाई महत्त्व दिएको लेखकले उल्लेख गरेका छन् । यसरी गिरिराज आचार्यले यहाँ भानुभक्तका पुस्तकाकार कृतिको विश्लेषण गर्नका साथै विवादस्पद विषयको सन्देश निवारण गरेका छन् ।

गिरिराज आचार्यको यस पुस्तकको अन्तिम लेख वा अध्यायमा विवादस्पद कविता रहेका छन् । बाबुराम आचार्यको भानुभक्तका केही कवितामाथि शंका उठाएका छन् तर गिरिराज आचार्यले मोतीराम भट्टको विचारलाई आधार मानी ती फुटबर कविता भानुभक्तकै हुन् भनी सिद्ध गरेका छन् । भानुभक्तले घाँसीबाट प्रेरणा लिएर कविता लेखेका भन्ने विषयमा देखिएको विवादलाई पनि लेखकले मोतीरामकै भनाइका आधारमा खण्डन गरेका छन् । यस विषयमा लेखक खोजी अनुसन्धानतर्फ नलक्एिको भान हुन्छ ।

गिरिराज आचार्यको भानुभक्त र नेपाली भाषाको विकास पुस्तक आदिकवि भानुभक्त आचार्यको काव्यविशेषतामा केन्द्रित रहेको देखिन्छ । भानुभक्तलाई

आदिकवि सिद्ध गर्न र उनका विशेषताको विश्लेषण गर्न लेखकले प्रशस्त मिहिनेत गरेका छन् । पुस्तकको विषयवस्तु भानुभक्तमै केन्द्रित हुनाले नेपाली भाषाको विकासतर्फ त्यति धेरै चर्चा गरिएको देखिँदैन । "वैज्ञानिक कर्ता र विश्लेषणको अभाव एवं भावनात्मक उडानमा बढी आश्रित भएकाले लेखकको भनाइमा सहमति जनाउनु अत्यन्तै कठिन छ । जेहोस् प्रस्तुत कृतिले भानुभक्त आचार्यलाई आदिकविकै मुकुट लगाइदिन एवं वर्तमान अवस्थामा झैँ स्थापित कविकै रूपमा चिनाउनका साथै उनका माध्यमबाट नेपाली भाषाको उल्लेख विकास देखाउन दह्रो टेवा पुऱ्याएको पाइन्छ ।

४.५.३ 'अन्तर्राष्ट्रिय नारीवर्ष र नेपाली नारी' को अध्ययन

गिरिराज आचार्यको अन्तर्राष्ट्रिय नारीवर्ष र नेपाली नारी विचारप्रधान लेखसङ्ग्रह हो । यसमा १३ वटा लेख सङ्कलित छन् । अन्तर्राष्ट्रिय नारी वर्ष १९७५ को अवसरमा लेखिएर सोही साल वा २०३२ सालमा यो कृति प्रकाशित भएको बुझिन्छ । २०३२ मा संयुक्त राष्ट्र संघले अन्तरराष्ट्रिय नारी दशक वर्षको घोषणा गरेको अवसरमा लेखक प्रभावित भई यसै प्रेरणाबाट प्रस्तुत कृतिको सृजना गरेको पाइन्छ । यो कृति जम्मा ९४ पृष्ठले लमाइमा फैलिएको छ । यसमा तत्कालीन नेपालभारत युवा मैत्री समाजका मन्त्री केदारनाथ श्रेष्ठले भूमिका लेखेका छन् । यस सङ्ग्रह मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नारीको भूमिका लेखेका छन् । यस सङ्ग्रह मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नारीको विषयवस्तुलाई सँगालिएको छ । यसलाई नारी विषयको बहुपक्षीय निबन्धसङ्ग्रह मान्न सकिन्छ । यसमा निवन्धका निजात्मक र परात्मक दुवै गुण रहेको पाइन्छ ।

गिरिराज आचार्यको यस पुस्तकमा नारीवर्ष परिचयदेखि लिएर यसप्रति सुझावसमेत दिएका छन् । नारीवर्ष मनाउन नारा र झ्याली पिटेर मात्र सफल भइँदैन जबसम्म व्यावहारिक रूपमा समाजको तल्लो तहदेखि नारी शिक्षाको प्रचार भई भावनात्मक परिवर्तन आउँदैन । नेपालमा पनि नारीवर्ष मनाउने जमर्का भएका छन् तर ती नाराबाजीमा मात्र सीमित रहेको लेखकको विचार छ । यस लेखसङ्ग्रह मा भएका लेखको संक्षिप्त चिनारी निम्नानुसार छ ।

क. अन्तर्राष्ट्रिय नारीवर्ष १९७५

यस लेखमा विश्वका नारीको समानता विकास एवं शान्तिका लागि परस्पर एकता सद्भावना र सहयोगका लागि संयुक्त राष्ट्रसंघबाट १९७५

विश्व नारीवर्ष घोषित भएको जानकारी गराइएको छ । यस्ता घोषणा हुनका प्रमुख लक्ष्यमा पुरुष र नारीलाई बराबर दर्जा दिनु, विकास कार्यमा नारीको योगदान एवं नारी जातिको विकास, विश्वशान्तिका लागि सहयोग प्राप्त गर्नु आदि रहेका छन् ।

ख. अन्तर्राष्ट्रिय नारीवर्ष र नेपाल

यस लेखमा नेपालमा अन्तर्राष्ट्रिय नारी वर्ष समितिका मुख्य लक्ष्य, अन्तर्राष्ट्रिय नारीवर्ष समिति नेपाललाई नारी विकास सम्बन्धी सुझाव, नेपालमा नारी सम्बन्धी तथ्याङ्क, उपन्यासकार नारी र अन्य विविध क्षेत्रमा चर्चित नारीको नामावली प्रस्तुत गरिएको छ ।

ग. नारीका आधार

यसमा पुरुष-नारीबीच समानतालाई नारीको मुख्य आधार मानिएको छ । पारिवारिक समस्या समाधान गर्नु नारीको परम कर्तव्य रहन्छ । सामाजिक कर्तव्यतिर पनि नारीले ध्यान दिनुपर्ने लेखकको विचार छ । नारी विकसित हुने आधारमा निम्न अधिकार आवश्यक रहने कुरा लेखकले बताएका छन् । व्यक्तिगत अधिकार, धार्मिक, सांस्कृतिक, मनोरञ्जन, आर्थिक, राजनीतिक, सामाजिक र पारिवारिक अधिकार ।

घ. नेपाली नारीका केही समस्या

यस लेखमा लेखकले हाम्रो देशका नारी विकसित देशका नारीका तुलनामा पुग्न नसकेको बताएका छन् । नेपालका नारीले थुप्रै समस्या झेल्नु परेकाले उनीहरू पछाडि परेका हुन् । बालविवाह, बहुविवाह, अनमेलविवाह, अशिक्षा, वेश्यावृत्ति, घरायसी कामको चापजस्ता समस्याले नेपाली नारी माथि उठ्न नसकेको लेखकको ठहर छ ।

ङ. नेपाली साहित्यमा नारीको स्थान

यसमा प्रारम्भिक कालदेखि आधुनिक युगसम्म नेपाली साहित्यमा नेपाली नारीको के कस्तो स्थान रह्यो ? भन्ने विषयको चर्चा गरिएको छ । यसमा लेखकले नेपाली साहित्यमा योगदान दिने सयभन्दा बढी नारीको नाम उल्लेख गरेका छन् ।

च. हाम्रा अभागी नारी

यसमा नेपाली नारीले विगतमा भोग्नुपरेका पीडा र कष्टको चर्चा गरिएको छ । पुरुषको अत्याचार, बुहार्तन, सतीप्रथा, बालविवाह, बहुविवाहजस्ता समस्याबाट पहिलेका हाम्रा अभागी नारी पीडित हुनुपरेको कुरा लेखकले बताएका छन् ।

छ. नेपालमा नारी मुक्ति आन्दोलन एक चर्चा

यसमा आचार्यले नारीले आफ्नो कर्तव्य र उत्तरदायित्व बहन गर्नु पर्ने बताएका छन् । साथै नेपालमा नारीमुक्ति आन्दोलनमा सरिक वीराङ्गनाको नामसमेत उल्लेख गरेका छन् । नेपालमा नारीमुक्ति आन्दोलन गर्नु पूर्व नारीलाई शिक्षित बनाउनुपर्ने लेखकको ठहर छ ।

यसमा लेखकले नेपालका त्यागी, साहसी, शान्तिप्रिय, तपस्वी, इमान्दार तथा देशभक्त नारीको चर्चा गरेका छन् । यस्ता महान् विभूतिबाट आजका नारीले पाठ सिक्नुपर्छ भन्ने आचार्यको धारणा छ । नारीमा सीता, भृकुटी, राज्यवती, राजेन्द्रलक्ष्मी, राजराजेश्वरी, चारुमतिको नाम उल्लेख गरिएको छ ।

झ. अन्तर्राष्ट्रिय नारी दिवस

यसमा लेखकले सगरमाथा आरोही जापानी जुन्को तावेइको व्यापक चर्चा गरेका छन् ।

ट. नारीमुक्तिकी अग्रणी

यसमा नारीमुक्तिका लागि लड्ने प्रसिद्ध अमेरिकी नारी बेट्टी फ्रायडनको चर्चा गरिएको छ ।

ठ. विश्व नोवेल पुरस्कार विजेता नारी

यस लेखमा दि गुड अर्थ पुस्तकमार्फत सन् १९३८ को नोवेल पुरस्कार प्राप्त गर्ने अमेरिकी नारी पर्ल एस वकका बारेमा व्यापक चर्चा गरिएको छ ।

ड. नारीमा चारित्रिक नैतिकताको विकास

यसमा नारीमा हुनुपर्ने चारित्रिक विशेषताको चर्चा छ । नारीमा प्रेम, संयम, सन्तोष, वीरता, सहिष्णुता, दया, अनुशासन विनय, कोमलताजस्ता चारित्रिक गुण विकसित हुनुपर्ने कुरा लेखकले लेखमा बताएका छन् ।

समष्मिा गिरिराज आचार्य नारीवादी हुन् । उनको प्रस्तुत कृति नारीको वास्तविकता, जनाउन र उनीहरूको भलाइको अभिप्रायले लेखिएको लेखसङ्ग्रह हो । यहाँ लेखकले नारी विषयक घटनालाई तथ्याङ्कका आधारमा प्रस्तुत गरेका छन् । नेपालका पिछडिएका नारीलाई विदेशी विकसित नारीको तुलनामा पुऱ्याउन आचार्यले विभिन्न सुझाव दिएर महिलामुक्तिका क्षेत्रमा उल्लेखनीय काम गरेको मान्नुपर्छ । पुरुषभन्दा तल्लो दर्जामा नारी रहनुपर्ने तत्कालीन सामाजिक धारणाप्रति आचार्यले यस पुस्तकमार्फत दह्रो झटारो हानेका छन् ।

४.६ आचार्यद्वारा सङ्कलित र सम्पादित कृतिको अध्ययन

४.६.१ विस्फोट कवितासङ्ग्रह मा सङ्गृहीत आचार्यको कविता

विस्फोट कवितासङ्ग्रह गिरिराज आचार्य र हर्ष सुब्बाद्वारा समपादन गरिएको २८ पृष्ठको लघु पुस्तकाकार कृति हो। यसको प्रकाशन वि.सं. २०३२ मा भएको हो। यसमा १३ जना कविका कविता सङ्कलित छन्। जसमध्ये एउटा कविता गिरिराज आचार्यको र अर्को कविता सहसम्पादक हर्ष सुब्बाको रहेको छ। यो सङ्ग्रह कोशी अञ्चलका नुवयुवा लेखकको सशक्त विद्रोही विचारधाराको साहित्यिक विस्फोट हो। तत्कालीन विभिन्न साहित्यिक आन्दोलनका क्रममा विस्फोटले पनि ठूलै हलचल मच्चाएको देखिन्छ। "नवलेखन भन्दै जाँडको छोक्रा, रक्सीको बोतल र रण्डीको तिघ्रा जपेर सस्तो नाउँका निम्ति भौतारिएका कतिपय नवलेखनवादीलाई विस्फोटले एउटा बज्रमुक्का कसेको छ। विचार र दृष्टिकोणप्रति अघाउँदो अनास्था, छाडावाद किंवा अराजकताबाट मुक्ति युवा लेखनको आवश्यकता हो, अन्यथा धेरैजसो युवालेखकको आफूमा भएको धेरथोर प्रतिभा व्यर्थैमा खेर जान सक्छ। त्यस स्तिथिमा समाज त्यसबाट लाभान्वित हुन सक्दैन त्यसैले विस्फोटले तत्कालीन परिवेशमा प्रशस्त चेतना फैलाएको मान्नुपर्छ। यसमा मानवका व्यथा, वेदना, उकुस मुकुस, हुङ्कार, विद्रोश र छटपटी अभिव्यक्त भएको पाइन्छ। कुण्डा निरासा र दमित भावना एकदिन ज्वालामुखीको रूपमा पड्किन्छ भन्ने भावना यहाँ प्रकट भएको छ। वर्तमान जनजीवनको यथार्थ छाया, युगको धड्कन, बाँच्ने स्वतन्त्र अधिकारको खोजी, अतृप्ति र निराशाका परिणाम विस्फोटमा व्यक्त भएका छन्।

यस कवितासङ्ग्रह भित्र राजेन्द्र बज्रगाई प्रेमी, विनोद अश्रुमाली, महेश प्रसाईँ, केदार शाक्य, शिवशंकर थापा, अशेष मल्ल। गिरिराज आचार्य, बद्री पलिखे, भुवन कार्की, विश्व पागल, विश्वविमोहन श्रेष्ठ प्रदीप उप्रेती र हर्ष सुब्बाका १३ वटा कविता छन्। गिरिराज आचार्यको सहसम्पादनमा प्रकाशित यस सङ्ग्रहमा उनको स्थितिबोधको सीमारेखाभित्र कविता प्रकाशित छ। यो कविता मेरी रजनी कवितासङ्ग्रहमा पनि सङ्कलित छ। यसमा कविले अन्याय, अत्याचार, दमन, शोषण र पलायनले ग्रस्त नेपाली समाजको स्थितिको चित्रण गरेका छन्। प्रस्तुत गद्य कविता तीन अनुच्छेदमा विभाजित छ। कवितामा विसङ्गतिपूर्ण जनजीवनबाट अस्तित्वको खोजी गर्नुपर्ने कुरा औल्याइएको छ। दास भएर जीवनयापन गर्नुपर्ने सर्वसाधारण नेपालीको चित्रण यसप्रकार गरेका छन् :

दासत्वबोधको निर्मम सीमारेखाभित्र
लक्ष्मणरेखाको
भीषण अग्निज्वालाभित्र
कैद भएका हामी
हाम्रा भाग्यका
शोषित कमाराहरू

यस कवितासङ्ग्रह भित्र पञ्चायतकालीन निर्दलीय व्यवस्थाबाट आक्रान्त सामाजिक स्वर गुञ्जिएका छन् । देशका स्वतन्त्रता र सुव्यवस्थाका लागि युवा साहित्यकारको लेखनीबाट विचार कविताका रूपमा विस्फोट भएका छन् । समसामयिक वातावरणमा हुर्किएका उकुसमुकुसका हुँकारले कवितामार्फत समाजको यथार्थस्थितिको चित्रण गरेका छन् । लघु आकारको प्रस्तुत कृति तत्कालीन शासकसमक्ष अणुबमका रूपमा विस्फोट भएको छ ।

४.६.२ 'नवलेखन किन ?' को अध्यय

गिरिजा आचार्यको नवलेखन किन ? वि.सं. २०३२ मा प्रकाशित रचना हो । यस कृतिमा आचार्यको नवलेखन किन ? र हर्ष सुब्बाको नवलेखन के र किन ? गरी दुई लेख समावेश गरिएका साहित्यसमिति कोशी अञ्चलले यसको प्रकाशन गरेको देखिन्छ । साहित्यलेखनको प्रारम्भकालमा उत्साह र जोशका कारण लेखकले एउटा लेखमात्र भएर पनि पुस्तकाकार रूप दिएका छन् ।

देशको तत्कालीन निरंकुशताबाट जनता तथा लेखकवर्गमा देखिएको नैराश्य, कुण्डा, जटिलता र असन्तोषको विद्रोही आवाज नै नवलेखका रूपमा प्रकट भएको पाइन्छ । लेखकले लेखमा तत्कालीन सरकारले अभिव्यक्ति स्वतन्त्रतामा रोक लगाएकामा खूब विरोधी गरेको देखिन्छ । समाजमा विषम परिस्थिति सिर्जना भएमा लेखकले कलमका माध्यमबाट र जनताले तरवारको माध्यमबाट विद्रोह गर्छन् भन्ने आचार्यको परिवर्तनगामी विचार यस लेखमा पाइन्छ । सामाजिक सुधारका निम्ति लेख लेख्दैमा र सुधारवादी काम गर्दैमा अलेक्जेण्डर, सुब्बा, कृष्णलाल, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमालजस्ता व्यक्तित्वले दमनका विरुद्ध जनताको साहित्यिक अभियानका बारेमा आचार्य लेख्छन् । आजको वर्तमान स्तिथिको परम्परावादी, कामडवादी, नारावादी, स्वार्थवादी साहित्यलाई समाप्त पार्न आजको वर्तमान स्थित व्यंग्य गर्दै २८ सितम्बर सन् १९७४ का दिन

काठमाडौंमा केही युवा साहित्यकारले सार्वजनिक रूपमा नयाँ सडकको पेटीमा बसेर जनताको जुत्तालाई पालिस गरेर वर्तमान नेपालको प्रकाशन जगत्मा मोसोको मसला प्रयोग गरे । वास्तवमा साहित्यिक असन्तुष्टिका क्रममा जनतामा देखिएको विद्रोही आवाज नै नवलेखन हो । नवलेखन सचेत बौद्धिक वर्गको माध्यम रहेको आचार्यको धारणा छ । परम्परावादी चाकडीवादी लेखनविरुद्ध समाजलाई दिशाबोध गराउन र सरकारलाई सचेत गराउन नवलेखन अपरिहार्य रहेको उनी बताउँछन् । 'नवलेखनको नाउँमा प्रतिगामी, पतिक्रियावादी, परम्परावादी लेखन स्वीकार्य हुँदैन, साथसाथै युवकले लेख्नेबित्तिकै युवालेखन हुँदैन, त्यस्तै नयाँ लेखकले लेख्दैमा नवलेखन हुँदैन" भन्ने भवानी घिमिरेको विचारलाई पनि लेखकले समावेश गरको देखिन्छ । श्रुतिगान, चाकडी र चाप्लुसी गरी आजको साहित्य रचिन हुन्न, साहित्यमा स्वतन्त्रत भावना र अनुभूतिको अभिव्यक्ति हुनुपर्छ ठोस सामाजिक मूल्यभन्दा अराजनीतिक आडम्बर, नैतिक अवमूल्यकन विरुद्ध नवलेखन शुरू भएको पाइन्छ ।

आचार्यले परम्परावादी स्तुतिपरकमताभन्दा सुधारवादी लेखनको आवश्यकता रहेको महसूस गरेका छन् । एकदलीय पञ्चायती शासनमा उकुसमुकु भएका जनतालाई कलमका माध्यमबाट सास फेर्न प्रेरणा दिएको पाइन्छ । एउटा सानो लेखलाई पुस्तकाकार रूपमा प्रकाशित गर्दा अस्वाभाविक देखिए पनि लेखको भाव प्रभावकारी रहेको देखिन्छ । आचार्यले नवलेखन किन ? को उत्तर लेखमा दिएका छन् । अतः शीर्षक सार्थक र उपयुक्त देखिन्छ ।

४.६.३ गिरिराज आचार्यको 'हवाइपत्र' (कवितासङ्ग्रह) को अध्ययन

गिरिजा आचार्यको हवाइपत्र कवितासङ्ग्रहको प्रकाशन वि.सं. २०३३ फागुनमा भएको हो । यसका लेखक आचार्य हुन् भने सम्पादक एवं प्रकाशक चि.भ.खु. बाँस्तोला रहेका छन् । कविताको पार्श्वभागमा अमूर्त चित्र कोर्ने काम मुकेश मल्लले गरेका छन् । हवाइपत्रका चार पृष्ठमध्ये पहिलोमा पत्रको खाम दोश्रोमा लेखकको परिचय र भूमिका एवं तेश्रो र चौथो पृष्ठमा कविताका छोटा छोटा आठ टुक्रा रहेका छन् । यो रचना जम्मा ५०० प्रति प्रकाशन भएको देखिन्छ । पञ्चायती कालमा जनताको दमित र कुण्ठित आवाज कवितामार्फत प्रकट गर्ने साहस आचार्यले गरेका छन् । सरकारको विरुद्धमा स्वतन्त्ररूपले बोल्न र लेख्न नपाइने अवस्थामा यिनले यो रचना प्रकाहन गर्नु आँटिलो कार्य मानिएको बुझिन्छ ।

आचार्यको यस कवितासङ्ग्रहमा क्रान्तिकारी स्वर पाइन्छ। उनले आफ्नो कविताको वेवास्ता भएपनि चुप लागेर नवस्ने विचार यस सङ्ग्रहको भूमिकामा जनाएका छन् "हामी जुन ठाउँमा बाच्छौँ हाम्रो परिवेश त्यही ठाउँको बोल्छ हामी जुन ठाउँमा लेख्छौँ पढ्छौँ हाम्रो आत्माले त्यहीको कुरा बोल्छ। यहाँ कति कविता लेखिन्छन् मेटिन्छन् इतिहासका पानामा बिलाएर पनि जान्छन् तर पनि यहाँ कविता लेखिन्छ। निरन्तर लेखिरहने छ हामी बिलाउने छौं हाम्रो कविता पनि भेटिने छ तर हामी चुप छैनौँ किनकि हामीमा चेत छ।" आचार्य यस सङ्ग्रहमा जुझारु र प्रगतिगामी कविका रूपमा देखिएका छन्। उनले पहिलो टुक्रा कवितामार्फत विसङ्गत व्यवस्थामार्फत अस्तित्वविहीन बन्न पुगेको मानवमूल्यको विश्लेषण गरेका छन्।

अब त लाग्छ मलाई
हामी केही होइनौँ
केवल अस्थिपञ्जर पुत्ला हौँ
जो हरेक उत्सवमा जलाइनछ
जो हरेक प्रोसेसनमा अघि लाइन्छ
केवल समारोह र उत्सवमा
गाईजात्राको प्रदर्शन गर्न ।।

दोश्रो टुक्रा कवितामा उनले देशमा बोल्नै नपाइने स्थिति रहेको बताएका छन्। तेश्रो टुक्रामा यहाँ मर्नभन्दा जिउन गाह्रो भएको देखाइएको छ :

मरेर जिउने भएदेखि यहाँ
सबैले एकैपटक जीउ छाड्ने थिए
तर साथी यहाँ जीउन साह्रो छ
मर्न त के गाह्रो छ

चौथो टुक्रामा देशमा गरिबीको भीड लागेको सन्दर्भ उठाइएको छ भने पाँचौंमा इलम गर्न सके नरक पनि स्वर्ग बन्ने र मौन रहेमा आफ्नै अस्तित्व लिलाम हुने बताएका छन्। छैटौंमा आत्मप्रशंसा गर्नेप्रति झटारो हानिएको छ भने सातौँमा आर्थिक अभावको पीडा चित्रित छ। त्यस्तै आठौँ टुक्रामा कविले अस्तव्यस्त प्रशासनिक क्षेत्रको चित्रण गरेका छन्।

पञ्चायती शासनको विरोध गर्नासाथ जेल चलान हुने अवस्थामा उनले कवितामार्फत प्रशंसा भएको बुझिन्छ। "साहित्यिक पत्रपत्रिका बन्द भएदेखि नयाँ लेखकका रचना पढ्न मुस्किल परिहेको अवसमा आचार्यको मूल्यबिनाको

हवाइपत्र कवितासङ्ग्रहले हाम्रो नेपाली साहित्यमा छुट्टै स्थान ओगटेको छ। सरल भाषाका यी आठ टुक्रा कवितामा जिन्दगीका घात प्रतिघात देखाउन कवि सफल भएका छन्।" समष्टिमा विसङ्गति, कुण्ठा, स्वतन्त्रतामाथिको प्रतिबन्ध, गरिबी, अशिक्षा, सङ्घर्षभित्रको जिजीविषा आचार्यका यस सङ्ग्रहभित्र रहेका कवितात्मक प्रवृत्ति हुन्।

४.६.४ 'सडक कविता क्रान्ति २०३६' को अध्ययन

गिरिराज आचार्यद्वारा सम्पादन गरिएे सडककविता क्रान्ति २०३६ पाँच पृष्ठको लघुआकारको कवितासङ्ग्रह हो। यसमा पञ्चायती शासनकालमा शोषित, पीडित भएका जनताको आवाज गुन्जिएको पाइन्छ। जनतामा निहित उकुसमुकुसको भावना यहाँ कवितामार्फत विस्फोट भएको देखिन्छ। पञ्चायती व्यवस्थामा रहेको अभाव, अशिक्षा, पीडा र शोषणका कारण कचल्टिएका जनताको दर्दनाक स्थितिबाट प्रेरित भएर आचार्यले सडक कविता क्रान्तिको अभियान सञ्चालन गरेको बुझिन्छ। तत्कालीन युवाकविको जोश, जाँगर र हौसलाबाट आचार्यले प्रस्तुत कवितासङ्ग्रह सम्पादन गरी प्रकाशन गरेका छन्। यस सङ्ग्रह अर्न्तगत जम्मा आठ जना कविहरूको कविता सङ्कलन गरिएको पाइन्छ।

प्रजातन्त्रप्रतिका लागि युवा लेखकको यो एउटा महत्त्वपूर्ण कदमका रूपमा देखिएको छ। यस कवितासङ्ग्रह बारे भनिएको छ -"विगत उन्नाइस वर्षको शोषित, पीडित रक्तिम इतिहासमा गुन्जिएको आवाज हो सडक कविताक्रान्ति सडकमा कविताको क्रन्दन पोखेको कवितााद्वारा क्रान्तिको विस्फोट हो सडक कविता क्रान्ति। सडकमा आजाव घन्किरहेछ, गोलीको छर्राझैं पड्किरहेको सडक कविता क्रान्ति। तमाम शहीदको आवाज हो। नेपाली जनताको भविष्य रेखाङ्कन गर्ने ज्यामितीय गणित हो। राजनीतिको मूलमन्त्र हो। आऊ साथी हो बिछिऊ सडकमा र क्रान्तिका गीत गाऊ, विगुल फुकौँ, बहुदलको स्वरमा स्वर मिलाउने सडककविता क्रान्ति" यस आधारमा पनि शहीदको सपना साकार पार्न र नेपाल आमालाई सिँगार्न प्रजातन्त्रको खाँचो रहेको बुझिन्छ।

प्रस्तुत कवितासङ्ग्रह भित्र गिरिराज आचार्यको एउटा कविता रहेको देखिन्छ। उनले यस कवितामा आफूलाई अभावै अभावले ग्रस्त निरीह नागरिक प्रतिनिधि स्वीकारेको पाइन्छ। उनी लेख्छन् -

"म सडकको आवाज हुँ, दिन र रात सडकमा सिता टिप्ने
अहिले के खाऊँ भरे के खाऊँ, कुनै भविष्य नभएको एउटा अदना रैती ।"

यसरी आफू अदना भए पनि उनमा देश परिवर्तनका लागि जोश जाँगर रहेको देखिन्छ :

"उठौँ, दाजु भाइ उठौँ, भोर भयो, कम्मर कसौँ,
एक हौँ देशमा बहुदल ल्याउन ।"

बहुदलले नै देशमा विद्यमान अशिक्षा, अभाव र दु:ख पीडा विनाश गर्ने हुनाले यसको आवश्यकता रहेको उनको विचार छ:

बहुदल हाम्रो क्रन्दन, बहुदल हाम्रो हथौडा,
बहुदल हाम्रो हातमुख जोर्ने, एकमात्र जनताको साधन ।"

यस कवितासङ्ग्रहमा कविता समावेश गर्ने अन्य कविमा अशेष मल्ल, बिम्ब प्रसाईं, हर्ष सुब्बा, ओम आचार्य, प्रकाश राई, उमाकान्त भट्टराई र राजकुमार बज्राचार्य रहेका छन् ।

वास्तवमा सडककविता क्रान्ति जनमतसङ्ग्रह को पूर्वसन्ध्यामा बहुदलपक्षको विजयको निम्ति दिइएको एउटा धक्का हो । जनतामा रहेको प्रजातान्त्रिक भावना र स्वतन्त्रताको पक्षको आवाज सर्वत्र गुञ्जायमान बनाउनका लागि आचार्यले कविताक्रान्ति मार्फत नौलो अभियान चलाएको देखिन्छ । जनता अन्याय, अत्याचार, शोषण र दमनबाट पीडित भएर चिच्याएको आवाज डिक कविताक्रान्तिमा सुनिन्छ । अत: आचार्यले जनताको मुक्ति वा बहुदल अपरिहार्य रहेको विचार कवितामार्फत प्रकट गरेको देखिन्छ ।

४.६.५ 'महाकवि लक्ष्मीप्रसाद देवकोटाको पञ्चतन्त्र' को अध्ययन

गिरिराज आचार्यले महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेको 'पञ्चतन्त्र'को सम्पादन गरेका छन् । यस कृतिको प्रकाशन वि.सं. २०३६ सालमा भएको थियो । देवकोटाले प्रस्तुत रचना वि.सं. २००३-४ सालतिर युगवाणी समपादन गर्दा लेखेका हुन् भन्ने बुझिएको छ । यस कृतिलाई राजनीतिक मीमांसाको रूपमा लिइएको छ । आचार्यले राष्ट्रिय जनमतसङ्ग्रह मा बहुदलको विजयका लागि यो कृति समर्पण गरेका छन् । यसका संरचना जम्मा २१ पृष्ठको लम्बाइमा विस्तारित रहेको छ । यसमा गिरिराज आचार्य स्वंयले भूमिका लेखेका छन् । यसमा देवकोटाले राजतन्त्र, प्रजातन्त्र, साम्यवाद, अराजकता, साधुवृतिजस्ता राजनीतिक विषयका बारेमा चर्चा गरेका छन् ।

साहित्यिक कृति लेखनमा ख्याति पाएका देवकोटाले राजनीतिक कृतिलेखनमा पनि कलम चलाएको यस रचनाबाट पृष्टि हुन्छ । नेपाल निरङ्कुश राणाशासनमा फसेको अवस्थामा देवकोटा भारतमा रही राणाविरोधी अभियानमा सक्रिय रहँदा उनले यस कृतिको रचना गरेको बुझिन्छ। नेपालमा राजतन्त्र र प्रजातन्त्रका विषयमा देवकोटाले यसमा व्यापक विश्लेषण गरेका छन्। उनले हिन्दुधर्म र राजतन्त्रको अन्योन्याश्रित सम्बन्ध रहेको जनाएका छन् । राजाले गद्दी छोडेमा देश र जनता विग्रने कुरा देवकोटा बताउँछन् :

"कट्टरान्ध राजा धर्मचेतले बिग्रिनासाथ राष्ट्र प्रलयनिकटवर्ती मात्र होइन प्रकृत परिणामको रूपमा सम्भावित हुन्छ। त्यस्तै देवराज राजाका प्रतिबिम्बस्वरूपमा समरेखी क्रियामा प्रजाध्वंसक हुन्छन् । जुन धर्मधारक सम्झिन्थ्यो, सोही ध्वसंक हुन जान्छ । मेरो जन्माधिकार र कुलको देवाधिकार नमाने म प्रजाध्वंस गर्दछु भन्ने राजक्रोध र कट्टरान्ध देवराजको दाण्डिक, आच्छन्न, ध्वंसवादी, क्रुर अध्यात्मबाट सुधा प्रजाले बच्ने उपाय राजतान्त्रिक राष्ट्रमा देखिँदै देखिन्न । देवकोटाले राजाले गल्ती काम गरेमा सशक्त प्रतिकार गर्नुपर्दछ र जनताका लागि हित हुने काम गरेमा उनको समर्थन गर्नुपर्छ भन्ने विचार यस कृतिमा व्यक्त गरेका छन्। राजतन्त्रको पक्ष र विपक्षमा रहने प्रमुखवर्गका रूपमा बाह्मणको चर्चा उनले सर्वत्र गरेका छन्। विना कारण राजाविरोधी हुनुहुँदैन भनी उनी भन्छन राजविरोध गर्दै हुदैँन भन्ने कुरो होइन सत्यका लागि र धर्मका लागि तर सत्य धर्मको चेत नभै राजविरोध संरक्षकत्व प्रजातान्त्रिक वा आत्माघाती क्रिया हुन जान्छ" बाह्मण (जनता) प्रजातान्त्रिक वा साम्यवादी भए भन्दैमा राजाले ध्वंस गर्न खोज्नु नहुने देवकोटाको ठहर छ। जनता शिक्षित र समझदारी भए साम्यवाद र सनातन स्थितिमा केही अन्तर नहुने देवकोटाको विचार छ। मानवता, भ्रातृत्वभावना र साधुवृत्ति देशमा रहे जस्तोसुकै वादका आधारमा राज्य सञ्चालन गरे पनि देश राम्रो हुन्छ भनी उनले बताएका छन् ।

गिरिराज आचार्यले देवकोटाको यो महत्त्वपूर्ण कृतिको प्रकाशन गर्ने अवसर पाएका हुन् । यस आधारमा आचार्य एक खोज अनुसन्धानताका रूपमा चिनिन्छन्। मक्किएर खेर जान लागेको अवस्थामा पाण्डुलिपि फेला पारी देवकोटाको राजनीतिक उपदेश प्रकट गरिदिनु अनुकरणीय कार्य हो। वर्तमान नेपालको राजनीतिक परिवेशमा सन्दर्भमा राजतन्त्र, प्रजातन्त्र र गणतन्त्रकाबारे बहस चलिरहँदा यस कृतिबाट पनि प्रशस्त मात्रामा उपदेश लिन सकिने देखिन्छ।

यस्तो महत्त्वपूर्ण कृतिले जति ख्याति पाउनुपर्ने हो त्यति मात्रामा पाउन नसकेको महसूस हुन्छ । जे होस् इतिहासका पानामा देखा नपरेको कृतिलाई आचार्यले सम्पादन गरी सबै सामु समपर्ण गरेका छन् यो नै उनको अविस्मरणीय देन हो ।

४.६.६ 'जगदीश नेपालीका केही लघुकथाहरू' को अध्ययन

गिरिराज आचार्यले जगदीश नेपालीका छरिएर रहेका लघुकथालाई खोज, अनुसन्धानपूर्वक सङ्कलन गरेका छन् । सङ्कलित कथालाई महानन्द प्रकाशन धरानले प्रकाशन गरेको छ । आचार्यले जगदीशका लघुकथा सङ्कलन गरी जगदीश नेपालीका केही लघुकथा शीर्षक राखेका छन् । यस कृतिको प्रकाशन वि.सं. २०३९ पौषमा भएको थियो । प्रस्तुत लघुकथासङ्ग्रह मा २९ वटा लघुकथा सङ्कलित छन् । यो जम्मा ३२ पृष्ठको आकारगत आयाममा फैलिएको छ । नेपाली साहित्यमा ओझेलमा परेका प्रतिभा जगदीश नेपालीका कथा सङ्कलनमा रुचि राखी सफलता प्राप्त गरेर नेपालीप्रति आचार्यले ठूलो गुन लगाएका छन् । अझ भनौं नेपाली साहित्यमा नै कम मात्रामा लघुकथा लेखिएको र देखिएको अवस्थामा आचार्यको काम सह्रानीय मान्नुपर्छ । भाषाशास्त्री महानन्द सापकोटाका जेठा छोरा जगदीश नेपाली जीवनभरि लघुकथाका क्षेत्रमा लागे तापनि पुस्तक प्रकाशन नहुँदै वि.सं. २०३८ मा उनको निधन भयो । निधनपछि पनि गिरिराज आचार्यको सक्रियतामा विभिन्न पुस्तक, पत्रपत्रिका र पाण्डुलिपिका रूपमा रहेका उनका लघुकथाको खोज गरी प्रकाशन कार्य सम्पन्न भएको बुझिन्छ ।

यस सङ्ग्रहमा प्रकाशित लघुकथा २०२१ सालदेखि २०३६ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका पाइन्छन् । जगदीश लघुकथा सङ्कलन पूर्व काफल, साहित्यलोक, विकुल, पीपल फूलबारी, नयाँचेतना, कल्पना, माया, काँचुली, पारिजात, पानको पात (कथासङ्ग्रह) जस्ता पत्रिका र पुस्तकमा प्रकाशित भएका देखिन्छन् । यस सङ्ग्रहमा सङ्कलित उनका लघुकथामा वंशपरम्परा जाला र ? चोर गोठालो, म, दुई भाइको मतो, मलाई मात्र बाँच्न देऊ, सान्त्वना, विज्ञापन, सम्झना, समारोह, प्रपञ्च, दशैँको जुहारीमा चिता, कस्तो लेखिस्, सुशीलको सपना, के खोज्छन् कानो आँखा, प्रतिष्ठाको होड, गुलियोले नै मर्छ भने विषको प्रयोग किन ? जस्ता छन् । त्यस्तै नासो तर कसको, को-कस्तो, सम्झना, अपराधी को ? गोष्ठी, मेसिन, मि. डेभिटको आस्तिकता, जहाँ कङ्गाल

उहीँ चण्डाल लघुकथा रहेका छन् । यी लघुकथामा सामाजिक विसङ्गति, कुरीति तथा अन्याय र अत्याचार विरुद्ध आवाज उठाइएको छ ।

गिरिराज आचार्यले नेपाली साहित्यमा नदेखिई लुकेका रचनालाई भेला गरी प्रकाशनका लागि उपयुक्त वातावरण मिलाउने काम गरेका छन् । यसै क्रममा उनले जगदीश नेपालीलाई पनि नेपाली साहित्यमा प्रकाशित गर्ने जमर्को गरेका छन् । जगदीशका लघुकथा अनेकौं पत्रपत्रिकामा छरपस्टिएका थिए । उनका रचना प्रकाशित भएका ती सम्पूर्ण पत्रपत्रिकाको खोज अनुसन्धान गरी रचना भेला गरी नेपालीको साहित्यिक व्यक्तित्व चम्काउन आचार्य कटिबद्ध भए । जगदीश नेपालीका सबै जसो कथा त्यसै वरिपरिका पत्रपत्रिकामा प्रकाशित भइसकेका र कतिपय कथाले त्यसक्षेत्रमा चर्चा पनि पाएका हुन् तर तिनीहरूको व्यापकता भने पाठकीय दृष्टिले सीमित छ, उनको व्यक्तित्व र कृतित्वको लेखाजोखा राष्ट्रिय स्तरमा हुन सकेन । अपितु उहाँ राष्ट्रिय स्तरका लेखक हुनसक्ने कुराको आभास प्रस्तुत कथासङ्ग्रह का कथामा पाइन्छ । समष्टिमा आचार्यले जगदीश नेपालीको व्यक्तित्व प्रकाशित गर्नाका साथै उनका लघुकथा साहित्यसंसारमा प्रस्तुत गरी नेपाली साहित्य जगत्लाई सम्पन्न बनाउने काम गरेका छन् ।

४.६.७ 'वीपी कोइरालाका साहित्यिक विचार' को अध्ययन

गिरिराज आचार्यको 'वीपी कोइरालाका साहित्यिक विचारहरू' वि.सं. २०३९ मा प्रकाशित विचारसङ्ग्रह हो । उनले यस सङ्ग्रह अन्तर्गत वीपी कोइरालाको विभिन्न वयक्तित्वका साथ भएको भेट र भेटका सन्दर्भमा प्रस्तुत गरेका विचार एवं जीवनका अनेकौं साहित्यिक क्षणलाई सङ्कलन गरेका छन् । यस कृतिमा दुई खण्ड छन् । साथै परिशिष्टभाग छुट्टै रहेको छ । प्रस्तुत कृति ९० पृष्ठको आकारमा फैलिएको छ । आचार्य वीपी कोइरालाकै प्रेरणा र प्रभावमा आएर राजनीतिक एवं साहित्यिक क्षेत्रमा लागेका हुन् । साथै उनमा वीपीका बारेमा प्रशस्त ज्ञान थियो । अतः पाठकवर्गको वीपीको साहित्यिक क्रियाकलापबारे जानकारी भएको कृतिको अपेक्षा गरेर आफूलाई बारम्बार घच्घच्याएकाले प्रस्तुत कृतिको जन्म भएको कुरा उनी बताउँछन् । यस कृतिमा लेखकले नै भूमिकाका सन्दर्भमा शीर्षक राखी भूमिका लेखेका छन् तर अरू कसैले पनि कृतिको प्रारम्भमा भूमिका लेखेका छैनन् । यस कृतिका दुई खण्डमध्ये पहिलो खण्डमा १९ शीर्षक रहेका छन् भने दोश्रो खण्डमा ८ शीर्षक छन् । यसपछि परिशिष्ट भाग र सन्दर्भग्रन्थसूची समेत रहेको छ ।

लेखक आचार्यले पहिलो खण्डको प्रारम्भमा सान्दाजु (वीपी कोइराला) को संस्मरण अन्तर्गत 'रेणु र म' शीर्षक दिएका छन्। यसमा हिन्दी कथाकार एवं उपन्यासकार फणीश्वरनाथ रेणुको मृत्युपछि उनकै सम्झनामा वीपीले लेखेका संस्मरणात्मक लेखलाई आचार्यले हिन्दीबाट नेपालीमा अनुवाद गरी समावेश गरेका छन्। यसपछि आचार्यले पारिजातको 'शिरीषको फूल' उपन्यासका सम्बन्धमा वीपीले लेखेका टिप्पणीलाई प्रस्तुत गरेका छन्। त्यस्तै 'मृत्युका मुखमा छट्पटाइरहेका साहित्यकार भवानी भिक्षुसँग सान्दाजुको अन्तिम भेट' भनी अर्को शीर्षक राखेका छन्। यसपछि आचार्यले बानेश्वरको रत्न पुस्तकालयले वीपीका बाहुलीबाट वि.सं. २०३६ मा कवि देवकोटाको प्रतिमाको अनावरण गरेका सन्दर्भलाई जोडेका छन्। यसै गरी वीपीले आफ्नो साहित्यिक विचारका बारेमा विभिन्न पत्रपत्रिकालाई दिएको अन्तर्वार्तालाई लेखकले यहाँ समेट्ने प्रयास गरेको छन्। यस सन्दर्भमा आचार्यले वीपीको अन्तर्वार्ताअन्तर्गत साहित्यमा प्रवेश, प्रोत्साहन, प्रभावित, साहित्यकार र कृति, प्रचारवादी प्रगतिशील साहित्य, साहित्यमा नयाँ प्रयोग, साहित्यका कृति, साहित्यमा आयाम र वादको प्रभाव, साहित्य र व्याकरण, समाज, साहित्य र राजनीतिजस्ता विषय समावेश गरेका छन्। यसपछि लेखकले वीपीले श्रीमद्‌भागवतगीताको आध्यात्मिक भावनाबाट प्रेरित भएर 'मोदिआइन' उपन्यास लेखेको सन्दर्भलाई अतिसंक्षिप्त रूपमा प्रस्तुत गरेका छन्। गीताको निष्काम कर्मयोगका विचारबाट प्रभावित भएर जेलबसाइको समय सदुपयोग गर्दै मोदिआइन उपन्यास लेखेको वीपीका विचारलाई आचार्यले अर्को शीर्षकमा प्रस्तुत गरेका छन्।

यसैगरी वि.सं. २०३६ मा कविता विशेषाङ्कका रूपमा प्रकाशित 'सडक कविता क्रान्ति'का लागि वीपीले दिएको मन्तव्यलाई पनि लेखकले जस्ताको तस्तै समावेश गरेको पाइन्छ। त्यस्तै उनले अर्को लेखका रूपमा वीपीले 'पुनर्जागरण' मासिक साहित्यिक पत्रिकाको विमोचना गरेको विषयमा चर्चा गरेका छन्। यसपछि नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०३६ को कविता महोत्सवमा वीपीलाई गरिएको निमन्त्रणा बारेमा लेखकले संक्षिप्त जानकारी गराएका छन्।

यसैगरी यस खण्डमा रहेका अन्य लेखकका शीर्षक निम्नानुसार छन्: सान्दाजुको प्रतिक्रिया, सान्दाजुको कट्टेल सरको चोटपटक उपन्यासका सम्बन्धमा व्यक्त विचार, सान्दाजुद्वारा कवि धरणीधरप्रति श्रद्धाञ्जलि, सान्दाजुको चिट्ठी साहित्यकार भाइ तारिणीप्रसाद कोइरालाका नाममा साहित्यिक पत्रकार संघद्वारा

आयोजित अभिनन्दनपत्र समारोहमा सान्दाजुको प्रत्युत्तर भाषण, सान्दाजुद्वारा एकेडेमीको उपकुलतपति पद लिन अस्वीकार । यसैगरी आचार्यले यस खण्डमा वीपीका साथ अन्य व्यक्तिसँगको भेट, कुनै पुस्तकका बारे वीपीका विचार, शुभकामना, प्रतिक्रिया साथै भाषण, चिठ्ठी, समारोहमा सहभागिताजस्ता विषयलाई लघुरेखाका रूपमा समावेश गरेका छन् ।

यस पुस्तकको दोश्रो खण्डमा गिरिराज आचार्यले वीपीका बारे आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । सर्वप्रथम उनले 'सान्दाजुको मोदिआइन मेरो दृष्टिमा' शीर्षक दिई मोदिआइन उपन्यासको विभिन्न कोणबाट संक्षिप्त अध्ययन गरेका छन् । यसपछि वीपीको सुम्निमा आलोचकको अन्तर्विरोध' मा सुम्निमा उपन्यासबारे आर्य र अनार्य जातिबीच देखिएको मतभिन्नतालाई देखाउने प्रयास गरेका छन् । यसैगरी आचार्यले वीपी कोइराला र ओस्कार पुरस्कार विजेता फिल्मी क्षेत्रका संस्कृतिकर्मी सत्यजीत कलाका समान पारखी हुन् भन्ने विचार प्रस्तुत गरेका छन् । यसपछि उनले 'वीपी भित्रका साहित्यिक जुगुप्साहरू' शीर्षक राखेका छन् । यसमा वीपीको जेलजीवन, लेखन रुचि, पुस्तकपठन आदिका बारे उनकै आत्मवृत्तान्त र जेल जर्नल पुस्तकलाई आधार मानी चर्चा गरेका छन् । साथै उनले वीपीका श्वेतभैरवी, बाबु, आमा र छोरा, सुम्निमा, मोदिआइन, हिटलर, यहुदी कृतिका बारेमा पनि संक्षिप्त चर्चा गरेका छन् । यसै उनले वीपीको साहित्यबारे शोध शीर्षकमा वीपीका बारेमा भए गरेका अध्ययन, अनुसन्धान तथा शोधकर्ता र कृतिको विश्लेषण गरेका छन् । यसै क्रममा आचार्यले कवि राजा महेन्द्र र वीपीको सम्बन्धमा नजिकको रहेको बताएका छन् ।

त्यस्तै वीपी कोइरालाजस्तै तारिणीप्रसाद कोइराला पनि साहित्य, सङ्गीत, पत्रकारिता र राजनीतिक्षेत्रमा सक्रिय रहेका तर वीपीको व्यक्तित्वले उनलाई ओझेलमा पारेको आचार्यको ठहर छ । त्यसपछि पुस्तकको अन्तमा आचार्यले कोइरालाका साहित्यिक कृतिको चर्चा गरेका छन् साथै वीपीलाई साहित्यिक पत्रकार संघले समर्पण गरेको अभिनन्दनपत्र समावेश गरेका छन् ।

गिरिराज आचार्यले प्रस्तुत कृतिमा वीपी कोइरालाका हरेक क्रियाकलाप र अभिव्यक्तिलाई समावेश गर्ने गरेको बुझिन्छ । टाढै रहेर पनि वीपीका बारे सूक्ष्म अध्ययन गर्न सक्नु लेखकको खूवी हो । वीपी कोइरालाको पारिवारिक पृष्ठभूमिदेखि लिएर उनको अध्ययन, राजनीति, साहित्य, अन्य व्यक्तित्वसँगको

भेटवार्ता, कार्यक्रममा सहभागिता, शुभकामना, श्रद्धाञ्जलि, प्रतिमा अनावरण, भाषणजस्ता बृहद् विषयलाई आचार्यले संक्षेपमा समावेश गरेका छन् ।

यसैगरी आचार्यले वीपी कोइरालाका कृतिका विषयमा आफ्नो मूल्याङ्कनलाई पनि स्थान दिएका छन् । आचार्यले वीपी कोइरालाको साहित्यिक व्यक्तित्वलाई उजिल्याउन सकेसम्म प्रयास गरेको पाइन्छ । कोइरालाका विषयमा रहेको सूक्ष्म घटनालाई पनि उनले पृष्ठभूमिका साथ एउटा लेख सृजना गरेका छन् । वीपीको साहित्यिक विचार प्रस्तुत गर्ने क्रममा आचार्यले वीपीको आत्मवृत्तान्तलाई नै प्रकट गरेका छन् जसका कारण वीपीको साहित्यिक विचार भने ओझेलमा परी खोज्नुपर्ने स्थिति सृजना भएको पाइन्छ । उनले वीपीका केही कृतिको पनि संक्षिप्त विश्लेषण गरी प्रस्तुत गर्नाले जिज्ञासु अनुसन्धानकर्तालाई ठूलो सहयोग पुगेको छ । समष्टिमा भन्नुपर्दा वीपी कोइरालाका साहित्यिक मूल्य र मान्यतालाई एकै ठाउँमा सङ्कलन गरेर पाठक समक्ष प्रदान गर्नु आचार्यको प्रशंसनीय कार्य हो ।

४.७ आचार्यका राजनीतिक कृतिको अध्ययन

४.७.१ 'बिर्सेका बन्दीहरू-१९७८' को अध्ययन

बिर्सेका १९७८ गिरिराज आचार्यले मानव अधिकार दिवसको सन्दर्भमा लेखेका समाचारमूलक तथा खेलमूलक लेख हो । आचार्यले यसै लेखलाई नै पुस्तकाकार स्वरूप प्रदान गरेको देखिन्छ । यो जम्मा चार पृष्ठमा फैलिएको पाइन्छ । साथै यसलाई पत्रिकाको आकारमा प्रकाशन गरिएको देखिन्छ । यस रचनाको लामो शीर्षक रहेको छ । संयुक्त राष्ट्रसंघ मानव अधिकारको सन्दर्भमा नेपालमा ३० औं मानव अधिकार दिवस एवं बिर्सेका बन्दीहरू १९७८ यसको शीर्षक हो । मानव अधिकार दिवस मनाइए पनि नेपालमा विभिन्न ढङ्गबाट मानव अधिकार हनन भएको प्रसङ्गलाई लेखकले सङ्केत गरेको देखिन्छ । यस रचनाको प्रकाशन सन् १९७८ डिसेम्बरमा धरानबाटै भएको बुझिन्छ ।

यस लेखभित्र आचार्यले 'नेपाल मानव अधिकार' उपशीर्षक दिएका छन् । जसअन्तर्गत उनले संयुक्त राष्ट्रसंघबाट ३० औं मानव अधिकार दिवस मनाएको सन्दर्भलाई उठाएका छन् । यस कार्यक्रममा विभिन्न वक्ताले बोलेको विषयलाई पनि उनले समाचारमूलक ढङ्गले प्रकट गरेको देखिन्छ । त्यसैगरी उक्त समारोहले मानव अधिकारसम्बन्धी छ वटा माग सरकारसमक्ष प्रस्तुत गरेको बताइएको छ । त्यस्तै यसै अवसरमा छात्रले र्‍याली निकाल्दा प्रशासनले दु:ख दिएको

विषयलाई पनि समावेश गरिएको छ। जनतालाई आवागमनमा रोक लगाउनु, विमान ओराल्नु नदिनु मानव अधिकार बुलेटिन बाँड्दा धम्क्याउनुजस्ता घटनाले नेपालमा मानव अधिकार नभएको कुरा लेखकले जनाएको पाइन्छ। यसपछि अर्को उपशीर्षअन्तर्गत अन्त:स्करण बिर्सेका बन्दी सप्ताह १९७८ रहेको छ। यसमा आचार्यले एम्नेस्टी इन्टरनेसनलको प्रशंसा गर्दै यसले आयोजना गरेको अन्त:करण बिर्सेका बन्दी सप्ताह १९७८ रहेको छ। उक्त कार्यक्रम मनाउनु पर्ने कारणमा मृत्युदण्ड, गैरकानुनी थुनाको विरोध गर्न मानव अधिकारसम्बन्धी, मानव अधिकारसम्बन्धी कार्यक्रममा भाग लिन सबैलाई बन्दीबारे जानकारी दिन, बन्दीपरिवारप्रति सहानुभूति दिन संयुक्त राष्ट्रसंघको वडापत्र बमोजिम कार्य गर्न आदि रहेको देखिन्छ। बन्दीको यथार्थ जानकारी नपाइएको विषयमा आचार्य लेख्छन् कति कैदीको आजसम्म रेकर्ड नै छैन। कति गिरफ्तार हुनासाथ गायव गरिएका छन् मारिएका छन् र तिनीहरूको परिवार नराम्रो आर्थिक अवस्थाबाट गुज्रिरहेको छ। कतिलाई आफ्नो परिवारबारे केही थाहा छैन। तसथै तिनै निरपराध बिर्सेका कैदीको सम्झनामा एम्नेस्टीले सप्ताहव्यापी रूपमा बिर्सेका कैदी दिवस मनाएको हो। नेपालमा राणाशासनको समयमा धेरै वीरलाई मारिएको र बेपत्ता पारिएको घटना लेखकले उठाएको पाइन्छ। पञ्चायती कालमा पनि अनेकौं कैदीलाई बेपत्ता पारिएका घटना आचार्यले स्मरण गराएका छन्। गिरिराज आचार्य मानवधिकारको संरक्षणका लागि चिन्तनशील व्यक्तित्वमा रूपमा देखिएका उनको बिर्सेका बन्दीहरू १९७८ ले सर्वत्र मानव अधिकारको रक्षाका लागि उद्घोष गरेको छ। नेपालमा विभिन्न माध्यमबाट मानव अधिकार हनन भइरहेको अवस्थामा यस क्षेत्रमा सरकार लगाउत सबैले उत्तिकै ध्यान दिनपर्ने लेखकको धारणा रहेको छ। जेहोस् मानव अधिकार दिवसका सन्दर्भमा आचार्यको उक्त रचनाले ठूलै महत्त्व राखेको देखिन्छ।

४.७.२ 'आगामी आमचुनाव बहिष्कार गरौँ'को अध्ययन

आगामी आम चुनाव बहिष्कार गरौँ वि.सं. २०३८ बैशाखमा प्रकाशित बुकलेट हो। पचास पैसा मूल्य रहेको प्रस्तुत रचना पाँच पृष्ठमा विस्तारित रहेको छ। यस रचनामा वि.सं. २०३८ वैशाख २ गते हुने भनिएको देशव्यापी आमचुनावमा नलाग्न प्रजातन्त्रप्रेमीसँग आग्रह गरिएको छ। पञ्चायतकालमा बहुदल र निर्दलबीच जनमतसङ्ग्रह हुँदा बहुदल अल्पमतमा परेकाले मतगणनाका क्रममा व्यापक धाँधली भएको लेखकको ठहर छ। यसपछि बन्ने अन्तरिम

सरकारमा अल्पमतको प्रतिनिधित्व भएमा आमचुनावमा भाग नलिने निश्चय गर्न देशभरका कार्यकर्ता साथीसँग राय बुझ्न वीपी कोइराला निस्किएको अवस्थामा थापा मन्त्रिमण्डलले बेइमानी गरेको लेखकको अभिप्राय बुझिन्छ। उक्त मन्त्रिमण्डलले अप्रत्याशित रूपमा निर्वाचनको मिति तोक्नुभन्दा पहिले नै राष्ट्रिय पञ्चायत सदस्यको नामाङ्कनपत्र दाखिल गर्ने म्याद कटाए पछि मात्र तिथि तोकिनुले नेपाली जनताको उपेक्षा गरी बहुदलको उपहास गरेको भन्ने लेखकको धारणा रहेको छ। यसै असन्तुष्टिको प्रतिक्रियास्वरूप उनले यो बुकलेट लेखी प्रकाशन तथा वितरण गरेको बुझिन्छ।

नेपाली काङ्ग्रेसका सक्रिय कार्यकर्ता आचार्यले पञ्चायती शासकको आडमा हुनलागेको आम चुनाव बहिष्कार गर्न ठूलै प्रयत्न गरेको देखिन्छ। राष्ट्र, राष्ट्रियता र प्रजातन्त्र खतरामा भएको बेलामा चुनाव बहिष्कार गर्ने सन्दर्भमा उनले तत्कालीन संविधानलाई पनि त्रुटिपूर्ण देखाएका छन्। बालिग मताधिकारको आधारमा हुने चुनाव कहीँ प्रदेश वा जिल्लालाई आधारमा नगराएर जनघनत्वका आधारमा गराइन्छ र सबैलाई मौका दिइन्छ तर यो चुनाव जिल्लालाई क्षेत्र बनाएर हुन लागेकाले अव्यवहारिक र अवैज्ञानिक रहेको आचार्यको धारणा प्रस्तुत कृतिमा पाइन्छ। यसै गरी संविधान संशोधनले एक दलीय शासनपद्धतिको सूत्रपात गरी सङ्कीर्ण जातीयताको जग बलियो भएको लेखकीय धारणा देखिन्छ। यसै गरी उनले राष्ट्रि पञ्चायतको बहुमतले प्रधानमन्त्री रोज्न पाउनुपर्नेमा जनप्रतिनिधिलाई शक्तिसन्तुलनमा राख्ने निहुमा अप्रत्यक्ष शक्तिको केन्द्रीकरण भई मन्त्रिमण्डल नाममात्र हुन गएको नेपालीको आकांक्षामाथि खेलवाड गरेको लेखकको धारणा छ। यसैगरी आचार्यले जनमतसङ्ग्रह निष्पक्ष नभएको विषयलाई लएर 'वर्तमान चुनावमा व्यापक धाँधली' शीर्षक यसअन्तर्गत राखेका छन्। यसमा चुनाव प्रचारमा प्रधानमन्त्री थापाले हेलिकप्टर प्रयोग गरेको एवं थापाले आफ्ना आसेपासेलाई चुनाव लडाउन लागेको कुरा खुलाएका छन्।

त्यस्तै आचार्यले पञ्चायती शासन प्रारम्भ भएपछि राष्ट्र, राष्ट्रियता सङ्कटमा परेको विषयलाई 'राष्ट्रियता खतरामा, के देश विकास भएको छ ? भन्ने शीर्षक दिएका छन्। यसमा २० वर्षमा पञ्चले विकास गर्न नसकेको अब चुनाव जिती पाँच वर्षमा विकास गर्छन् भन्नु अज्ञानता हुनजाने विचार लेखकले प्रस्तुत गरेका छन्। यिनै कारण चुनाव बष्किार गर्नुपर्ने उनको अभिप्राय रहेको पाइन्छ। त्यस्तै चुनाव बहिष्कार गर्ने क्रममा ध्यान दिनुपर्ने कुरा पनि उनले बताएका छन्।

जसअन्तर्गत चुनावप्रचार प्रसारमा नलाग्ने, मतदाना नजाने, जागीर बचाउन मत दिन गएपनि मतपत्र रद्द हुनेगरी छाप लगाउने आदि रहेको पाइन्छ ।

आचार्यले पञ्चायती शासनपद्धतिको खुलेर विरोध गरी प्रजातान्त्रिक मूल्य र मान्यताप्रति दृढ आस्था प्रकट गरेको देखिन्छ। जनमतसङ्ग्रह को नाटक देखाई पञ्चायती सत्तालाई नै टिकाउने शासकवर्गप्रति सानै भएपनि प्रस्तुत कृतिले बज्रमुक्का प्रहार गरेको छ। राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रका पक्षधर लेखकले तत्कालीन चुनावी माहोललाई निष्क्रिय पार्न कृति प्रकाशित गरी अश्रुग्यास फैलाएको मानिन्छ। जनआकांक्षा विपरीत हुन लागेको चुनावलाई निरस्त पार्न आचार्यले गरेको प्रयासलाई प्रशंसनीय मान्नुपर्छ ।

४.७.३ आचार्यको 'जनमतसङ्ग्रह दर्पण' को अध्ययन

गिरिराज आचार्यको जनसङ्ग्रह दर्पण ऐतिहासिक राजनीतिक ग्रन्थ हो । यो वि.सं.२०३६ मा पञ्चायती शासनकालमा भएको जनमतसङ्ग्रहको राजनीतिक घटनाको शृङ्खलावद्ध प्रस्तुति हो। वि.सं. २०३७ माघदेखि लेखनकार्य शुरू भएका २०३८ को अन्त्यमा यसको लेखन समाप्त भएको बुझिन्छ। यसको प्रकाशन वि.सं. २०४२ मा भएको देखिन्छ। यसमा तुलसीप्रसाद भट्टराईले भूमिका लेखेका छन् भने यसका प्रकाशकका रूपमा इन्द्रनाथ बाँस्तोला रहेका छन् । आचार्यका अन्य कृतिको आकारगत लमाइका आधारमा यो सबैभन्दा ठूलो ग्रन्थलाई ठूलो महत्त्वका दृष्टिले हेरिएको बुझिन्छ । यस ग्रन्थ लेखनको प्रेरणाका रूपमा पञ्चायत पक्षको जीत र बहुदल पक्षको हार र त्यसको ताप सहन नसकेर केही गर्ने जमर्को लेखकको मनमा उब्जिएको र त्यसको फलस्वरूप पुस्तक तयार भएको देखिन्छ । यस ग्रन्थमा जनमतसङ्ग्रहको घोषणाको परिस्थिति एवं यसको पृष्ठभूमि र जनतमत सङ्ग्रहसम्बन्धी यावत घटनालाई समावेश गरिएको पाइन्छ ।

जनमतसङ्ग्रह दर्पणमा जम्मा सूत्र अध्याय रहेका छन्, साथै ती प्रत्येकका उपशीर्षकसमेत रहेका छन्। यसमा छात्रहड्तालबाट शुरू भएर जनमतसङ्ग्रह को घोषणा, जनमतलाई लिलएर सरकार गठन एवं निर्दलीय गतिविधि गरिएको विषयलाई फरक फरक शीर्षकमा राखिएको देखिन्छ । त्यस्तै जनमतसङ्ग्रह बारे विभिन्न नेता संस्थाका अपिल वक्तत्व, हड्ताल आन्दोलन बहुदल पक्ष र निर्दलीय पक्षद्वारा गरिएका आमसभा साथै बहुदलीय पक्षमा पञ्च रहेको विषयलाई पनि मूल्य शीर्षकमा स्थान दिइएको छ। यसै क्रममा अन्तर्वार्ता, पत्रकार सम्मेलन

र विचारगोष्ठी साथै आममाफी, सडक कविता क्रान्ति जस्ता उल्लेख्य विषय यस ग्रन्थमा समाविष्ट छन् । यसपछि जनमतसङ्ग्रह प्रचार, जनमतसङ्ग्रह धोका हो भनेर अन्तर्राष्ट्रिय गतिविधि गर्ने, जनमत, जनमतसङ्ग्रह पछिका विभिन्न गतिविधि, जनमतसङ्ग्रह काण्डै काण्डको इतिहास, जनमतसङ्ग्रह को परिणामपछिका विभिन्न शीर्षकका सत्र अध्यायमा प्रस्तुत ग्रन्थ विभाजित भएको पाइन्छ ।

त्यसैगरी सत्र भागका प्रत्येकका उपशीर्षक राखी आचार्यले राजनीतिक विश्लेषण गरेका छन् । उनले जनमतसङ्ग्रह को सेरोफेरोमा भएका सम्बन्धित साना साना घटनालाई पनि टिपोट गरी विवेचना गरेको देखिन्छ । उनले पहिलो अध्यायमा छात्र हड्ताल २०३६, किसान आन्दोलन आन्दोलनबारे नेताको वक्तत्व, आन्दोलनमा गृहमन्त्री हटाइएका शाही आयोगद्वारा श्री ५ चढाएको प्रतिवेदनजस्ता चौध उपशीर्षक राखेको पाइन्छ । त्यस्तै दोश्रो अध्यायमा जनमतसङ्ग्रह को पृष्ठभूमि, घोषणाको स्वागत र प्रतिक्रिया, भारतीय पत्रिकाको विचार दश उपशीर्षक छन् । यसै क्रममा तेश्रो अध्यायमा घोषणापछि प्रधानमन्त्रीद्वारा खुलेआम निर्दलको प्रचारजस्ता उपशीर्षक छन् । त्यस्तै चौथोमा जनमतसङ्ग्रह बारे विभिन्न नेता, संस्थाको अपिल, वक्तव्य र टिप्पणी भन्ने एउटै उपशीर्षक रहेको देखिन्छ भने पाँचौ अध्यायमा पनि जनमतसङ्ग्रह र हड्ताल, आन्दोलन, शिक्षक हड्ताल, छात्रहड्ताल, मजदूर हड्ताल, कर्मचारी हड्ताल भन्ने एउटै उपशीर्षक पाइन्छ । त्यस्तै छैटौं भागमा विभिन्न आमसभाका विषयवस्तुलाई अठार खण्डमा विभाजन गरिएको देखिन्छ । यसै क्रममा सातौं अध्यायमा राष्ट्रिय पञ्चायतका सदस्यदेखि वार्डसम्म बहुदलीय व्यवस्थाको पक्षमा रहेको विषयलाई एउटै उपशीर्षकमार्फत प्रस्तुत गरेको पाइन्छ भने आठौं अध्यायका छ शीर्षकमा अन्तर्वार्ता, विचारगगोष्ठी आदि नेताबाट भएको पत्रकारसम्मेलन, निर्दल बहुदलका नेतासँग लिइएको अन्तर्वार्ता, विचारगोष्ठी जस्ता विषय समाविष्ट छन् । नवौं अध्यायको एकै

उपशीर्षमा चुनाव आयोगको गठन, नेताद्वारा स्वागत चुनाव आयोगद्वारा बनाइएका विभिन्न नियम उपनियम रहेको पाइन्छ । साथै दशौं अध्यायमा निष्पक्ष चुनावका लागि आन्दोलन पुस २२ को विरोध दिवस पत्रपत्रिकाका सम्पादकीय, आमसभा, कम्युनिष्ट आन्दोलन आदि छ उपशीर्षकमा विषयवस्तु विस्तारित भएका छन् । एघारौं अध्यायका सात शीर्षकअन्तर्गत श्री ५ बाट आममाफीको घोषणा, माफीबारे नेताको स्वागत सडक कविताक्रान्ति, सडकदिवस ७ आदि विषय विद्यमान छन् । बाह्रौंमा आरोपप्रयारोपको नारा, बहुदलनिर्दल पक्षका पत्रपत्रिकाको वर्गीकरण, जनमतप्रचारका रोचक माध्यम जस्ता छ शीर्षकमा यस अध्यायका विषयवस्तु बाँधिएका छन् । त्यस्तै तेहौं अधयायका तीन शीर्षकअन्तर्गत जनमतसङ्ग्रह बहिष्कार गरौँ, प्र.ने.क(मा) ले को आह्वान, जनमतसङ्ग्रहको बहिष्कारबाट पञ्चायत पक्षको मद्दत आतङ्कवादी घटनाजस्ता तीन उपशीर्षक देखिन्छन् । चौधौँ अध्यायका छ उपशीर्षक अन्तर्गत श्री ५ को सन्देश, २०३७ बैशाख २० गते जनमतसङ्ग्रह नेताको प्रतिक्रिया, परिमाण घोषण, निर्दल बहुदलपक्षका मत जस्ता घटनाक्रमलाई समावेश गरिएको देखिन्छ साथैँ सात शीर्षक भएको पन्ध्रौं अध्यायमा डा. के आई.सिंहले आपत्तिजनक बोलेकोमा अदालतमा रिट ३८ समूहमा सुर्यप्रसाद उपाध्यायको विलय, जनमतसङ्ग्रहमा राष्ट्रिय अर्थतन्त्रको दुरूपयोग नेपाली काङ्ग्रेसको महाधिवेशन नेताको पुनर्मिलन समारोह जस्ता विषय समावेश भएका पाइन्छन् । सौह्रौं अध्याय पच्चीस शीर्षकमा विभक्त छ । यसमा जनमतसङ्ग्रह काण्डै काण्डको इतिहास भनी स्याङ्जा, जलेश्वर, बनेपा, साँखु, गोर्खा, रिडी, गछिया, केर्खा, ताप्लेजुङ, पाँचथर आदि क्षेत्रमा भएका काण्डलाई वर्णन गरेको देखिन्छ । यसै गरी सत्रौँ वा अन्तिम अध्यायामा जनमतमा सुधारिएको पञ्चायतको विजयमा पञ्चद्वारा खुसियाली, पराजयमा बजार हड्ताल, वीपी निवासमा उग्रवादी तत्त्वको आक्रमण परिणाम प्रति प्रतिक्रिया राष्ट्रिय पञ्चायतका सदस्यप्रति घातकप्रहार, बहुदल समर्थकमाथि दमन काठमाडौंमा गिरफ्तारी, बहुदलवादीको सरुवा खोसुवा, चुनाव आयोगका सदस्यलाई विभूषणपदक जस्ता विषयवस्तु रहेका छन् ।

गिरिराज आचार्यले यस ग्रन्थमा अनेकौं उत्कर्ष अपकर्षबाट जनमतसङ्ग्रह भएको कुरा बताएका छन् । नेता र जनताको इच्छा र भावना विपरीत जनमत निर्दलीयतातिर जानु अनौठो भएको उनको विचार छ । सारा जनता बहुदलवादी भएको अवस्थामा बहुदलवादी ती मत कता गए भन्ने जनगुनासोलाई आचार्यले

उपयुक्त ढङ्गले स्थान दिएको पाइन्छ । त्यस्तै चुनावी परिणामप्रति धाँधली भयो, अन्याय भयो भन्ने जनताका आक्रोशका स्वर पनि यहाँ पाइन्छन् । जनमतसङ्ग्रह एउटा भुइँचालोकै रूपमा आएर जनताको बहुदलीय सपना चकनाचुर पारेर गएको तथ्यलाई लेखकले बताएका छन् । यस ग्रन्थदे जनमतसङ्ग्रह अवधि वा एक वर्षभरिका नेपाल र नेपालीका इच्छा, आकांक्षा, व्यथा, दुःख प्रकट गरेको छ । जनताका वीसवर्षसम्म गुम्सिएर रहेका विचार जनमतसङ्ग्रह मा कसरी पोखिए भन्ने यहाँ देखाइएको छ । नेपाली जनताको सारा मनको वहलाई ग्रन्थले समेटेको छ । जनमतसङ्ग्रहसँग सम्बन्धित यावत् घटनालाई यहाँ ऐनामा जस्तै छर्लङ्ग पारिएको हुनाले जनमतसङ्ग्रह दर्पण शीर्षक औचित्यपूर्ण देखिएको छ । आचार्यले जनमतसङ्ग्रह का सूक्ष्म घटनाको गम्भीर अध्ययन, पत्रपत्रिकाको विषयवस्तु र देश विदेशका टीकाटीप्पणी समावेश गरी ग्रन्थलाई विशालकाय प्रदान गरेका छन् । पक्षविपक्ष नछुट्याई सबैलाई जनमतसङ्ग्रहका कठघरामा उभ्याउन सक्ने गिरिराज आचार्यले राजनीति जगत्का निम्ति अमूल्य ग्रन्थ दिएको विषयमा दुई मत नहोला । जनताले बेला बेला राष्ट्रव्यवस्था र अन्य विविध विषयमा सही जानकारी यस्तै निर्भीक र निष्पक्ष लेखकबाट मात्र प्राप्त गर्न सम्भव छ ।

समष्टिमा गिरिराज आचार्यको जनमतसङ्ग्रह दर्पण राजनीतिक रूपमा महत्त्वपूर्ण ग्रन्थ सावित भएको देखिन्छ । जनमतसङ्ग्रह मा भएका सम्पूर्ण घटनालाई ग्रन्थका रूपमा परिणत गर्ने लेखकको साहस प्रशंसनीय मान्नुपर्छ । करिब डेढ वर्षको समय दिएर लेखकले तयार पारेको यस ग्रन्थबाट राजनीतिक व्यक्तित्वका लागि ठूलो खुराकी प्राप्त हुने देखिन्छ । ऐतिहासिक घटनालाई यथातथ्य समावेश गरी इतिहास मोडिनबाट बचाउन लेखकले औधि कसरत गरेको पाइन्छ । जे होस् आचार्यको जनमतसङ्ग्रह दर्पणले सामाजिक, राजनीतिक एवं ऐतिहासिक विषयमा अद्वितीय योगदान दिएको मान्नुपर्छ ।

४.७.४ 'नेपाली काङ्ग्रेसमा राई-लिम्बू-गुरुङको योगदान'को सामान्य अध्ययन

गिरिराज आचार्यको 'नेपाली काङ्ग्रेसमा राई लिम्बू गुरुङको योगदान' वि.सं. २०५३ भाद्रमा प्रकाशित कृति हो । यसलाई आचार्यले ऐतिहासिक, राजनीतिक दस्ताबेज स्वीकारेका छन् । यसको लेखनकाल पनि २०५२/०५३ नै रहेको बुझिन्छ । यस कृतिका प्रकाशक पदमकेशर कार्की र मणिराज भट्टराई रहेको देखिन्छ । प्रस्तुत कृति ८६ पृष्ठको मध्यम आकारमा विस्तारित छ । लेखकले

यसमा नेपालीकाङ्ग्रेसमा योगदान दिने राई लिम्बू र गुरुङका विषयमा प्रकाश पार्ने उद्देश्यले लेखेका हुन् । यस पुस्तक लेखनको प्रेर(ाका रूपमा प्रा. गोवर्द्धन राणा रहेका छन् । उनले नेपाली काङ्ग्रेसमा मंगोलको योगदान लेखेपछि लेखकमा यस्तो पुस्तक लेख्ने प्रेरणा जागरित भएको पाइन्छ । आचार्यले यस कृतिमा राई, लिम्बू, गुरुङमध्ये नेपाली काङ्ग्रेसमा संलग्न रहेर प्रजातान्त्रिक अभियान सञ्चालन गर्ने वीरहरूको चर्चा गरेका छन् । लेखकले २०१८ को सशस्त्र क्रान्तिपछि पुस्तक प्रकाशन अवधिसम्म नेपाली काङ्ग्रेसमा रहेर कार्य गरेका राजनीतिक नेता तथा कार्यकर्ताहरूको खोजी गर्ने प्रयास गरेका छन् । यी जातिका वीरहरू ज्यादा शहीद भएकाले र यो समुदाय अति पिछडिएको जनजातिसमूह भएकाले लेखकले यस्तो पुस्तकलेखनको आवश्यकता स्वीकारेका हुन् ।

आचार्यले यस कृतिलाई विभिन्न शीर्षकका आधारमा विभाजित गरेका छन् । यसमा जम्मा १५ शीर्षक रहेका छन् । तर अन्त्यका चार शीर्षहरू उपसंहार, परिशिष्ट, जेलको चिट्ठी, सच्याइएको तथा सन्दर्भस्रोत भनेर दिएका छन् । यसबाहेक ११ शीर्षक पुस्तकको नाम अनुकूल सान्दर्भिक छन् । सर्वप्रथम नेपाली काङ्ग्रेसमा राई, लिम्बू र गुरुङको योगदान शीर्षक रहेको छ । त्यसपछि क्रमश: शहीदहरू, ओखलढुङ्गा काण्ड (२०३१), आममाफी पाएका जेल र प्रवास एवं आर्थिक सहयोगप्राप्त राजनीतिज्ञहरू रहेका छन् । त्यस्तै नेपाली काङ्ग्रेसका उम्मेदवारहरू, नेपालीकाङ्ग्रेसबाट मन्त्री भएकाहरू महाधिवेशन प्रतिनिधिहरू र महासमिति सदस्यहरू, नेपाली काङ्ग्रेसमा प्रवेश र काङ्ग्रेसमा भु.पु सैनिकको स्थान नामक शीर्षकहरू रहेका देखिन्छन् ।

'नेपाली काङ्ग्रेसमा राई लिम्बू गुरुङको योगदान' मा लेखकले प्रजातन्त्रप्राप्तिमा यी जातिको अविस्मरणीय योगदान रहेको चर्चा गरेका छन् । वीपी कोइरालाले २००७ मा जनक्रान्तिको आहुवान गर्दा भू.पु. सैनिकको बलमा नै गरेको बताइएको छ । यी जातिको योगदानको चर्चा गर्दा गिरिराज आचार्य प्रा. गोवर्द्धन राणाको विचार राख्दछन् । राष्ट्रनिर्माणमा लगनशीलता, इमान्दारिता तथा अनुशासनको अपरिहार्यतालाई हृदयङ्गम गरी सैनिक जीवनमा सीमित यी मङ्गोलहरूलाई राजनीतिमा सक्रिय सहभागिता गराउने प्रथम पार्टी नेपाली काङ्ग्रेस र पहिला व्यक्तित्व वीपी नै थिए । २०१८ सालमा पञ्चायतका विरुद्ध सशस्त्र संघर्ष चल्दा खोटाङ, इलाम, पाँचथर क्षेत्रका राई, लिम्बूहरू नै सक्रिय रहेको बताइएको छ । २०३१ सालको क्रान्तिमा भाग लिने अधिकांश युवामध्ये किराँत जातिकै पाइएको

लेखक बताउँछन् । नेपाली काङ्ग्रेस मा राई, लिम्बू, गुरुङले जति योगदान गरेका छन् त्यति अन्य कुनै जातिले गरेको छैन तापनि नेपाली काङ्ग्रेसमा यी जाति नै पछाछि परेको लेखकको धारणा छ । जुनसुकै आन्दोलनमा पनि अग्रपङ्क्तिमा देखाएका तर पिछडिएका यी जातिको नेपाली काङ्ग्रेसले उचित सम्मान गर्नुपर्ने लेखकको विचार रहेको छ । दोश्रो अध्याय वा शीर्षक शहीद रहेका छ । यसमा नेपाली काङ्ग्रेसले २०१७/०१८ सालमा सशस्त्र सङ्घर्ष गर्दा शहीद बत्रनेका राई, लिम्बू र गुरुङ जातिका वीर कार्यकर्ताको नामावली प्रस्तुत गरिएको छ । जसमा २००७ मा शहीद भएका पाँच जना र २०१७/०१८ मा विभिन्न स्थानमा सहादत प्राप्त गरेका ५६ जनाको नामावली र शहीद भएको ठाउँ उल्लेख गरिएको छ । ओखलढुङ्गा काण्ड (२०३१) अन्तर्गत २०३१ मा पञ्चायती शासकद्वारा ओखलढुङ्गामा शहीद बनाइएका १५ जना राई लिम्बू वीर व्यक्तित्वको नामावली दिइएको छ । त्यस्तै 'आममाफी पाएका' शीर्षकमा राजनीतिक कारणले भारतमा निर्वासित जीवनयापन गरिरहेका राजनीतिक व्यक्तित्वलाई राजाबाट भएको आममाफीको चर्चा गरिएको छ । विभिन्न समयमा आममाफी पाउने राई, लिम्बू, गुरुङको नाम लेखकले यहाँ उल्लेख गरेका छन् । जसमध्ये २०१८ मा आममाफी पाउनेमा ३० जनाको नाम उल्लेख गरिएको छ । त्यस्तै २०२५ मा आममाफी पाउनेमा ३० जनाको नाम उल्लेख गरिएको छ । त्यस्तै २०२५ मा आममाफी पाउनेमा १५१ जना व्यक्तिको नाम र स्थानसमेत खुलाइएको छ । यसैगरी २०३२ मा पाँच जना, २०३४ मा दुई जना, २०३५ मा ११ जना, २०६६ मा १४ जना र २०३७ को आममाफीमा भारतबाट घर फर्कनेमा १५ जनाको नाम उल्लेख गरिएको छ । यसपछि 'जेल र प्रवास' शीर्षकमा विभिन समयमा जेलजीवन बिताउने र प्रवासमा बस्ने राई, लिम्बू र गुरुङका नाम समावेश गरिएका छन् । उनले कुन जिल्लाका व्यक्ति हुन् र कति वर्ष जेल तथा प्रवास बसे भन्ने कुरालाई समेत खुलस्त पारेका छन् । यहाँ लेखकले डेढसयभन्दा बढीको नामावली तयार गरेका छन् । त्यस्तै 'आर्थिक सहयोगप्राप्त राजनीतिज्ञ शीर्षकमा २०४६ को आन्दोलनमा शहीद बन्ने, लामो समयसम्म जेल बस्ने र प्रवासमा बसेका नेपालीलाई सरकारले आर्थिक सहयोग गर्दा राई, लिम्बू र गुरुङबाट को को परे? भन्ने विषयलाई प्रस्तुत गरिएको छ । यसरी आर्थिक सहयोग प्राप्त गर्ने राजनीतिज्ञमा १६९ जनाको नाम लेखकले बताएका छन् । यसैगरी 'नेपाली काङ्ग्रेसमा उम्मेदवार' भन्ने शीर्षकमा राई, लिम्बू र गुरुङका तर्फबाट २०१५,२०४८ र २०५१ सालमा संसद उम्मेदवार

बन्ने व्यक्तिको नामावली रहेको पाइन्छ । त्यस्तै 'नेपाली काङ्ग्रेसमा मन्त्रीहरू' शीर्षकमा विभिन्न समयमा मन्त्री बन्ने राई, लिम्बू र गुरुङको नाम दिइएको छ । यसमा अत्यन्त न्यून संख्या देखिन्छ । यसैगरी 'महाधिवेशन महासमितिका सदस्य शीर्षकमा नेपाली काङ्ग्रेसको महाधिवेशनमा कुन क्षेत्रबाट गएको हो? भन्ने पनि खुलाइएको छ । यसैक्रममा विभिन्न पार्टीबाट नेपाली काङ्ग्रेसमा प्रवेश गरेका यी जातिको नामावली 'नेपाल काङ्ग्रेसमा प्रवेश' शीर्षकमा प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै नेपाली काङ्ग्रेसले नेतृत्व गरेको विभिन्न क्रान्तिमा भू.पू. सैनिकको भूमिका रहेको विषयलाई 'काङ्ग्रेसमा भू.पू. सैनिकको स्थान'ले स्पष्ट पारेको छ ।

गिरिराज आचार्यको प्रस्तुत कृति राजनीतिक घटनाको सङ्ग्रह हो । उनले राई, लिम्बू, गुरुङको नेपाली काङ्ग्रेस पार्टीप्रतिको योगदानको प्रशंसा यस कृतिमार्फत गरेका छन् । जतिसुकै योगदान गरे पनि पर्दामा देखिन नसकेका यस्ता व्यक्तित्वप्रति आचार्य नतमस्तक छन् । विभिन्न आन्दोलनमा शहीद बनेका, जेल र प्रवास गएका, माफी पाएका, सहयोग आचार्यले खुबी मान्नुपर्छ । राई लिम्बूकै समुदायमा हुर्किएका र उनीहरूसँगै व्यवहार गर्दै आएका आचार्यले प्रस्तुत कृति लेखी राई, लिम्बू एवं गुरुङ समुदायको खुब गुणमान गाएका छन् । साथै ऐतिहासिक घटनालाई समेत हुबहु प्रस्तुत गरेका छन् । प्रस्तुत कृतिका आधारमा आचार्य जातीय समानताका पक्षपाती, सम्मान र सहअस्तित्वका हिमायती, ऐतिहासिकता पृष्ठपोषक, नीरक्षीरविवेकी राजनीतिज्ञ हुन् भन्न सकिन्छ ।

४.७.५ 'महानायक गणेशमान' को अध्ययन

गिरिराज आचार्यले 'महानायक गणेशमान' पुस्तकको लेखन तथा प्रकाशन कार्य गरेका छन् । यसमा उनले नेता गणेशमान सिंह श्रेष्ठको जीवनी प्रस्तुत गरेका छन् । यसको प्रकाशन वि.सं. २०५४ मा भएको छ । यसको प्रकाशकमा श्रीमती नीरजा आचार्य र पदमकेशर कार्की रहेका छन् । गणेशमानको निधनपछि साथी हर्ष सुब्बाले कान्तिपुर पत्रकिाको गणेशमान स्मृति अङ्कका लागि केही लेख्न अनुरोध गरेपछि र आफूमा पनि लेख्न अभिरुचि जागेपछि लेख्दै जाँदा उनको पूरा जीवनी नै तयार भएको आचार्य बताउँछन् । प्रस्तुत कृति १२९ पृष्ठको आयाममा फैलिएको छ । यसमा गणेशमान सिंह विषयका दशवटा शीर्ष रहेका छन् । आचार्यले गणेशमान सिंहको जीवन वृत्तान्त प्रकट गर्नुका साथै उनलाई राजनीतिक शिखर पुरुष, जनक्रान्तिका महानायक, प्रजातन्त्रका पिता र लौह पुरुषका रूपमा चित्रण गरेका छन् ।

आचार्यले गणेशमान शीर्षकमा नै उनको जीवनीलाई विस्तृतरूपमा वर्णन गरेका छन् । यस अन्तर्गत उनले गणेशमान सिंहको जन्म, पारिवारिक पृष्ठभूमि, बाल्यावस्था, शिक्षा आदिबारे बताएका छन् । त्यस्तै उनको नेतृत्वमा राणाविरुद्ध लाग्न र प्रजातन्त्रको स्थापनार्थ नेपाल प्रजापरिषद्को स्थापना, उनको जेलजीवन र मुक्ति वीपीसँगको भेट र सहकार्य साथै २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा गणेशमानको सक्रियताको विश्लेषण आचार्यले गरेका छन् । यसपछि २०१७ साल पछिको पञ्चायती व्यवस्थाविरुद्ध उनी सशक्त ढङ्गले लागिपरेको बताइएको छ । त्यस्तै २०४६ सालको प्रजातन्त्र प्राप्तिमा गणेशमानसिंहको अविस्मरणीय योगदान रहेको आचार्यले बताएका छन् । यसपछि गणेशमानसिंहले पाएका सम्मान तथा पुरस्कार उनका रुचि एवं उनको पारिवारिक अवस्थाका नेतृत्व प्रदान गरी साठी वर्षसम्म लगातार संघर्ष गर्ने एवं प्रधानमन्त्री पद पाउँदा पनि लोभ नगरी अस्वीकार गर्ने गणेशमान सिंहको आचार्यले खुलेर प्रशंसा गरेका छन् । साथै उनले देखाएर गएको प्रजातन्त्रको बाटोमा निरन्तर लाग्न सकियोस् भन्ने कामना पनि आचार्यले गरेका छन् ।

'गणेशमान र जनआन्दोलन' शीर्षकमा गणेशमानले २००७ सालको क्रान्तिमा र २०४६ सालको आन्दोलनमा पनि नेतृत्व गरेको विषय उल्लेख गरिएको छ । गणेशमान नभएको भए २०४६ को जनआन्दोलन सफल हुने थिएन भनिएको छ । वीपी कोइरालाको निधनपछि नेपाली काङ्ग्रेसलाई सफलताको बाटो हिँडाउनमा गणेशमानकै भूमिका रहेको लेखमा बताइएको छ। २०४६ को ऐतिहासिक जनआन्दोलन घोषणा गर्न र नेतृत्व गर्ने कार्यमा गणेशमानको अद्वितीय भूमिका पाइन्छ । जनआन्दोलन पश्चात सत्तापक्षबाट भएका आर्थिक भ्रष्टचार, अनैतिकता र अप्रजातान्त्रिक क्रियाकलापबाट उनी मर्माहत भएको विचार यहाँ प्रस्तुत गरिएको छ। यसैगरी राजा र गणेशमानमा गणेशमानको तीनपुस्ताका राजासँग सम्पर्क रहेको बताइएको छ । २००७ सालमा गणेशमानले राजा त्रिभुवनबाट मन्त्रीपदको शपथ खाएका थिए भने २०१६ मा राजा महेन्द्रसमक्ष मन्त्रीपदको शपथ खाएका थिए। यसैगरी २०४६ को आन्दोलनपछि आफू प्रधानमन्त्री नबनी कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्री बनाउन राजा वीरेन्द्रसमक्ष प्रस्ताव राखेको कुरा यस लेखमा बताइएको छ । त्यस्तै राजाको अनैतिक क्रियकलापप्रति प्रतिकार गर्दा उनले मुद्दा लड्नु परेको पनि जनाइएको छ । यसबाट गणेशमान सक्रिय राजतन्त्र विरुद्ध लड्ने व्यक्तित्व हुन् भन्ने बुझिन्छ। आचार्यको यस पुस्तक भित्रको अर्को लेख वीपी

र गणेशमान रहेको छ। यसमा वीपी र गणेशमानबीच राम र लक्ष्मणको जस्तो सुमधुर सम्बन्ध रहेको जनाइएको छ। यी दुई नेताबीच समयसमयमा आपसी मतभिन्नता देखापरे तापनि सल्लाह र सहमतिका आधारमा टुङ्गो लाग्थ्यो र एक अर्कामा प्रगाढ मित्रताको भावना विस्तार हुनाले यी दुई एकअर्काका पूरक रहेको बताइएको छ। यसैगरी सर्वमान्य नेता गणेशमान र मेलमिलाप लेखमा वीपी कोइरालाको मेलमिलापको नीति ल्याइए पनि गणेशमानले समर्थन गरी २०३३ सालमा भारतबाट राष्ट्रिय एकता र मेलमिलाप नीति लिई दुवै नेपाल फर्किएको विषयलाई अघि सारेको पाइन्छ। वीपीको मेलमिलाप नीतिको विरुद्ध गणेशमा रहेको भन्ने कुरा निराधार भएको आचार्यको ठहर छ। यसपछि गणेशमानको अन्तर्राष्ट्रिय व्यक्तित्वमा गणेशमानको प्रजातन्त्रप्रतिको दृढ विश्वास र यसका लागि उनले गरेको संघर्षलाई गणेशमानलाई अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा चिनाएको चर्चा गरिएको छ। वीपीको निधनपछि नेपालको प्रजातान्त्रिक आन्दोलनको नेतृत्व तथा जनआन्दोलनको कमान्डर भएर नेतृत्वप्रदान गरेपछि गणेशमानले विदेशमा पनि चर्चा प्राप्त गरेको बताइएको छ। यसैगरी गणेशमानको मुलुक भ्रमण लेखमा नेपाली काङ्ग्रेस पार्टीलाई सबल बनाउनका लागि उनले देशका विभिन्न ागमा घुमेको विषय उठाएको छ। स्थानीय तहका सबै स्तरका व्यक्तिसँग सम्पर्क राख्न उनले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थुप्रै ठाउँ घुमेको बताइएको छ। त्यस्तै गणेशमानको विद्रोहमा २०४६ सालपछि नेपाली काङ्ग्रेसको झापामा भएको आठौँ महाधिवेशनमा आफ्ना कार्यकर्तामाझ असन्तुष्टि प्रकट गरेको विषय एवं आफू काङ्ग्रेसबाट टाढा हुन चाहेको विषय पनि समावेश गरिएको छ। गणेशमान सिंहले खासगरी गिरिजाप्रसाद कोइरालाको कार्यकौशलप्रति असहमति जनाई आक्रोश प्रकट गरेको जनाइएको छ। पार्टी छोड्न बाध्य भए तापनि काङ्ग्रेसपार्टीप्रति उनको सदिच्छा र शुभचिन्तन भने रहिरहेको आचार्य बताउँछन्। गणेशमानसँग मेरो पहिलो भेट लेखमा गिरिराजले गणेशमानसँग आफ्नो भेट २०३६ सालमा धरानमा भएको जनाएका छन्। यसैगरी अन्य विविध समयमा गणेशमानसँगको भेटको सन्दर्भलाई लेखकले जोडेका छन्। त्यस्तै मङ्गला भाउजु र गणेशमानमा गणेशमानकी पत्नी मङ्गलादेवी सिंहलाई आचार्यले आमा, भाउजु एवं संघर्षशील क्रान्तिकारी योद्धाका रूपमा लिएका छन्। मङ्गलादेखि गणेशमानकी कर्तवयपरायण श्रीमती, आदर्श नारी एवं साहस र वीरताकी प्रतिमूर्ति हुन् भनिएको छ।

गिरिराज आचार्यले यस पुस्तकमा गणेशमान सिंहलाई राजनीतिका शिखर पुरुष जनक्रान्तिका महानायक, प्रजातन्त्रका पिता मानेका छन् । यसमा गणेशमान सिंहको मात्र जीवनीको ज्ञान हुने होइन वीपी, भाउजु मङ्गलादेवीलाई समेत राम्रोसँग चिन्न सकिन्छ बुझ्न सकिन्छ। वास्तवमा गिरिराज आचार्यले गणेशमानको व्यक्तित्वलाई छर्लङ्ग्याउन जीवनका प्रशस्त घटना बताइएका छन् । आचार्यले गणेशमानलाई संघर्षशील, साहसी, प्रजातन्त्रप्रेमी र स्वतन्त्रताप्रेमी नेताका रूपमा चिनाएका छन् उनले गणेशमानलाई चिनाउने सन्दर्भमा राणाकालीन समयदेखि २०४६ को प्रजातन्त्रप्राप्तिपछि सम्मको नेपालको राजनीतिक इतिहासलाई समेत प्रष्टाएका छन् । प्रजातन्त्रप्रेमी संघर्षशील सर्वमान्यनेता गणेशमान सिंहको प्रत्येक पाइला पाइलाका घटनाक्रमलाई जान्न र सम्भिmन सक्ने आचार्यको क्षमताको कदर गर्नैपर्छ ।

४.७.६ 'बन्दी यातना शिविरबाट फर्कंदा' को अध्ययन

गिरिराज आचार्यको बन्दी यातना शिविरबाट फर्कंदा' कृति वि.सं. २०५७ मा प्रकाशित भएको देखिन्छ । यो आचार्य जेल पर्दाका समयमा लेखिएको जेलडायरी हो । गिरिराज आचार्य राजनीतिक कारणले २०३६, २०४२ र २०४६ मा जेलजीवन बिताउन बाध्य भएको बुझिन्छ । यसै समयमा जेलको कष्टकर समय बिताउन उनले प्रत्येक दिनको दैनिकी लेखेका पाइन्छ । यिनै जेलजीवनमा लेखिएका दैनिकीलाई यस सङ्ग्रहभित्र समावेश गरिएको देखिन्छ । यस कृतिमा जम्मा तीन भाग रहेका छन् साथै ती भाग जम्मा १५७ पृष्ठको आकारको लमाइमा विस्तारित भएका छन् । यसमा पहिलो भाग 'सत्याग्रह', दोश्रो भाग 'जनआन्दोलन-२०४६' र तेश्रो भाग छात्र आन्दोलन २०३६' रहेका छन् । प्रस्तुत कृतिलाई आचार्यले जेल डायरी स्वीकारेको पाइन्छ । आचार्यले जेल बस्नेक्रममा नै कविता, कथा, नाटक, उपन्यास आदि लेखेका थाहा हुन्छ । जेलमा लेख्नु पर्ने कारणका बारेमा उनले समय कटाउन, मन बहलाउन, मन एकाग्र गर्न र अल्छीपन हटाउन भन्ने जनाएको पाइन्छ । आचार्य २०३६ सालको ऐतिहासिक छात्र आन्दोलनमा नौ दिन, २०४२ सालको सत्यग्रहमा छ महिना र ऐतिहासिक जनआन्दोलन २०४६ मा दुई महिना जेल बसेको बुझिन्छ । यिनै जेलजीवनका घटना र अनुभवलाई आचार्यले कृतिमा समावेश गरेको पाइन्छ । आचार्यले जनआन्दोलन सन्दर्भलाई 'पूर्व-टाइम्स' पत्रिकामा प्रकाशित गर्दै जाँदा साहित्यकार कमलमणि दीक्षितले पुस्तकको रूपमा प्रकाशन गर्न सल्लाह दिएपछि प्रस्तुत कृतिको प्रकाशन भएको उनले जनाएका

छन् । प्रस्तुत कृति राजनीतिक व्यक्तित्वका लागि अति उपयोगी रहेको बुझिन्छ । वर्तमानको ह्रासोन्मुख राजनीतिक चरित्र र विकृत विसङ्गत बन्दै गएको सामाजिक परिवेशमा प्रजातन्त्रका लागि निर्भीक निडर भएर लड्ने योद्धाको विगत कस्तो थियो र वर्तमान समाजले कस्तो नैतिक, व्यवहारिक आचरण अवलमबन गर्नुपर्छ भन्ने कुरा यस पुस्तकका सामग्रीले देखाउँछ लेखकले यहाँ आफू जेलमा रहँदा साथीले पठाएका पत्रलाई पनि समावेश गरेका छन् जसकारण तत्कालीन परिस्थिति र जेलबाहिरको वातावरण पनि छर्लङ्गिएको छ ।

गिरिराज आचार्यले यस कृतिमा पहिलो भागमा सत्याग्रह शीर्षक राखेका छन् । यसमा उनले पञ्चायती शासन विरुद्ध चलाएको सत्याग्रहका सन्दर्भमा २०४२ साल जेष्ठ ९ गतेदेखि कार्तिक २७ गतेसम्म करिब छ महिनाको जेलजीवनको दैनिकीलाई समावेश गरेको पाइन्छ । सत्याग्रहमा भाग लिन जाँदा काठमाडौँमा पक्राउ परेका उनले इटहरी थाना हुँदै जिल्ला कारागार मोरङमा थन्किन पुगेको कष्टकर क्षणलाई यस शीर्षकमा उठाएका छन् । यस क्रममा उनले कुन कुन जिल्लाबाट को को साथीहरू कसको नेतृत्वमा पक्राउ परेका हुन् भन्ने विषय छर्लङ्ग बताएको देखिन्छ । यहाँ उनले जेलमा दिइने खाना, सुत्ने व्यवस्था, खेल पत्रपत्रिका, आफन्तभेट, पढाइ आदिका बारे अनेक किसिमले टिप्पणी गरेका छन् । आचार्यले जेलमा आफूलाई भेट्न आउने सम्पूर्ण व्यक्तिको नाम उल्लेख गरेको देखिन्छ । यसैगरी दैनिकी लेखनका क्रममा पत्रपत्रिकामा पढेका समाचार एवं रेडियोबाट सुनेका समाचारलाई पनि यहाँ उल्लेख गरिएको पाइन्छ । त्यस्तै कृतिमा जेलभित्र भएको असह्य गर्मी उकुसमुकुस वातावरण एवं अव्यवस्थित बसाइको कारुणिक चित्रण भेटिन्छ। आफूले पढेका पुस्तकको चर्चा एवं समाचार माध्यमबाट आएका समाचारका सन्दर्भमा साथीसँग भएको छलफललाई उनले दैनिकीमा स्थान दिएको पाइन्छ । दशैं जस्तो महान् चाडमा पनि बन्दीलाई नछोडेकोमा उनले सरकारप्रति गुासो प्रकट गरेका छन् २०४७।०७।०७ शुभ विजया दशमी आज शुभविजया दशमी हाम्रा निदार खाली एउटै सत्याग्रहको क्रममा गिरफ्तार भएर पनि सरकारले केहीलाई छाड्ने र केहीलाई राख्ने गरेर शुभविजयाबाट हामीलाई बञ्चित गऱ्यो । आचार्यले जेलमा अनेकौँ कष्ट भोगी १७५ दिनको लामो जेलबसाइपछि कार्तिक २७ गते मुक्त भएको बताएका छन् ।

आचार्यले दोश्रो भाग जनआन्दोलन २०४६ मा प्रजातन्त्र पुनर्स्थापनाका लागि आन्दोलन गर्ने क्रममा आफू जेल परेका विषयलाई उल्लेख गरेका छन् । पञ्चायती व्यवस्था विरुद्ध राष्ट्रिय जनआन्दोलनका सिलसलामा २०४६ माघ २२ गते घरैबाट

पक्राउ परेका आचार्य दुई महिनासम्म जेलको कष्टकर जीवन निर्वाह गर्नुपरेको बताएका छन् । यसमा आचार्यले जेल बस्नु परेको दुई महिना अवधिभित्रका प्रत्येक दिन देखेका, सुनेका, अनुभव गरेका विषयलाई दैनिकीको रूप दिएका छन् ।दिन प्रतिदिन साथीको बढ्दो गिरफ्तारी एवं ती प्रत्येक साथीको नाम, पार्टी र ठाउँसमेत उल्लेख गरिएको देखिन्छ । आन्दोलनका क्रममा भएका तोडफोड एवं क्षतिको विषयलाई पनि उनले सुनेको समाचारका आधारमा बताएका छन् । त्यस्तै अन्तर्राष्ट्रिय मुलुकबाट आन्दोलनको सफलताको शुभकामना आएको खबरलाई पनि जनाएका छन् । आन्दोलनमा पक्राउ परेका राजनीतिक कार्यकर्ता वकिल, शिक्षक, विद्यार्थी एवं सर्वसाधारण जनतालाई पञ्चायती यातना शिविरमा राखी प्रहरीद्वारा पाशविक यातना दिएको विषय पनि उल्लेख गरिएको छ । यसरी दुई महिनासम्म जेलमा रहँदाका घटना समावेश गरी आचार्यले जेलडायरीको रूप दिएको पाइन्छ ।

उनले तेश्रो भागमा बैशाख ३० गते गिरफ्तारीमा परेका आचार्य छन् । २०३६ सालमा छात्र आन्दोलनका शिलशिलामा वैशाख ३० गते गिरफ्तारीमा परेका आचार्य नौ दिनपछि रिहा भएको देखिन्छ । यस नौ दिनको जेलजीवनका दु:खद घटनालाई पनि यहाँ प्रस्तुत गरिएको छ । यसपछि उनले आफू जेलमा रहँदा र अरू समयमा साथीले पठाएका केही चिट्ठीलाई यहाँ समावेश गरेका छन् । यस क्रममा त्रि.वि. स्ववियू महासचिव जयप्रकाश आनन्दले २०४२ मा पठाएको पत्र यहाँ समावेश गरिएको देखिन्छ । त्यस्तै २०४६ मा पिण्डेश्वर विद्यापीठका प्राध्यापक रघुनाथप्रसाद वर्मा, २०४६ मै थलकुमार लिंखा, शुक्रराज संयोगको पत्रलाई कृतिको अन्तमा राखिएको छ । यसैगरी २०४१ मा विजयकुमार गच्छेदार र २०३६ मा युवराज अधिकारीले पठाएको पत्र समावेश गरिएको देखिन्छ । त्यस्तै प्र.जि.अ. ले समयसमयमा आचार्यलाई नजरवन्द राख्न र मुक्त गर्न पठाएका पत्र पनि समावेश छन् ।

गिरिराज आचार्यको राजनीतिक संघर्ष यस कृतिमा झल्किएको छ । चाहे २०३६ को छात्र आन्दोलन होस् अथवा २०४६ को जनआन्दोलन नै किन नहोस् आचार्यको सक्रियता र नेतृत्वपन एवंसाहस र निर्भीकता सर्वत्र घनीभूत भएको देखिन्छ । पञ्चायती शासनले कुँजिएको जनतालाई स्वतन्त्र बनाई देश विकासमा जागरुक बन्न प्रेरित गरी जुनसुकै अभियानमा पनि उनले आफ्नो सक्रियता र सद्भावना प्रस्तुत गरेको पाइन्छ । आन्दोलनका क्रममा जेलमा बस्नुपर्दा उनले जेललाई यातनाशिविर मानेका

छन् । बन्दी यातना शिविरबाट फर्किंदाको स्थितिलाई जोड दिइए पनि पुस्तकमा बन्दी यातना शिविरमा रहँदाका यावत् घटना समावेश भएका देखिन्छन् । अतः बन्दी यातना शिविरमा रहँदा शीर्षक हुँदा विषयवस्तुसँग तालमेल मिल्ने देखिन्छ । जेहोस् गिरिराज आचार्यको राजनीतिक संघर्षले हामी सबैलाई धैर्य साहस र पराक्रमका साथ समस्याको सामना गर्न प्रेरणा प्रदान गरेको छ ।

४.८ आचार्यद्वारा सम्पादित पत्रिकाको अध्ययन

४.८.१ पूर्व टाइम्स पत्रिकाको अध्ययन

गिरिराज आचार्यद्वारा प्रकाशित पूर्व टाइम्स पत्रिकाको प्रकाशन २०४० असार २४ गते शुक्रबारबाट भएको पाइन्छ । यो प्रत्येक शुक्रबार प्रकाशित हुने साप्ताहिक पत्रिका हो । यसका सम्पादक तथा प्रकाशक गिरिराज आचार्य रहेका छन भने अतिथि सम्पादक हर्ष सुब्बा र कार्यकारी सम्पादक नीरजा आचार्य छिन् । यसका सल्लाहकारमा हरिनाथ बाँस्तोला रहेका छन् । पूर्व-टाइम्स पञ्चायती शासनकालमा जन्मिएको पत्रिका हो । यसले पञ्चायती व्यवस्थाको विरुद्धमा आवाज उठाई बहुदलीय व्यवस्था स्थापनार्थ ठूलो भूमिका खेलेको देखिन्छन । तत्कालन प्रतिबन्धित नेपाली काङ्ग्रेस पार्टीमा आवद्ध आचार्य काङ्ग्रेसका हरेक क्रिकयाकलापमा भाग लिने र आफ्नो सक्रियता देखाउने गर्दछन् । उनले उक्त प्रतिबन्धित पार्टीमा रही शासकीय दमनको विरोध गर्ने माध्यमको रूपमा पूर्व-टाइम्स प्रकाशन गर्न थालेको थाहा हुन्छ । वीपी कोइरालाका अनुयायी नेपाली काङ्ग्रेसका नेता आचार्य एवं अन्य काङ्ग्रेसका कार्यकर्तालाई पञ्चायती व्यवस्था पक्षधर प्रहरी प्रशासनले बारम्वार पक्रिएर दुःख दिने गरेको देखिन्छ । यसरी कहिले पक्रिएर तारेखमा राख्ने र कहिले नजरबन्दमा राख्ने अवान्छित क्रियाकलापका विरुद्धमा प्रतिबन्धित नेपाली काङ्ग्रेसको आवाज बुलन्दरूपमा यस पत्रिकामा प्रकाशित भएको पाइन्छ । अतः त्यसअवस्थामा पूर्व-टाइम्स प्रतिबन्धित पार्टीको मुखपत्रका रूपमा प्रकाशित भएको देखिन्छ ।

यस पत्रिकाका शीर्षस्थलमा राष्ट्रिय मेलमिलापप्रति समर्पित साप्ताहिक लेखिएको पाइन्छ । यस मूलवाक्यांशबाट वीपी कोइरालाको राष्ट्रिय मेलमलाप नीति सधैं सान्दर्भिक छ भन्ने देखाउन खोजेको बुझिन्छ । यसको मूल उद्देश्य बहुदल प्राप्ति रहेको देखिन्छ । वि.सं. २०४६ को जनआन्दोलनले सो उद्देश्य पुरा गरे तापनि प्राप्त बहुदलीयताको संरक्षण संवर्द्धनमा पत्रिकालाई व्यावसायिकताको ढाँचामा परिवर्तन गरी निरन्तरता दिएको बुझिन्छ । यसमा समाचार, विचार

लेख, अन्तर्वार्ता, कथा, समावेश गरिएको देखिन्छ । त्यस्तै यसमा पुस्तकपरिचय दस्तावेज, कार्यपत्रजस्ता महत्त्वपूर्ण विषयलाई समावेश गरिएको पाइन्छ । यसैगरी यहाँ विभिन्न व्यक्तित्वको रोचक प्रसङ्गलाई धारावाहिक रूपमा पनि लेख्दै आएको देखिन्छ । वि.सं. २०६३। ६४ को जनआन्दोलनका समयमा पनि यसले आन्दोलनलाई समर्थन गर्ने किसिमका लेख, रचना, समाचार, एवं आन्दोलनका प्रत्यक्ष दृश्यका तस्विर समावेश गरी लोकतान्त्रिक अभियान सफल पार्न उल्लेख्य काम गरेको देखिन्छ ।

पूर्व-टाइम्स हाल चौबीसौं वर्षमा कुदिरहेको थाहा हुन्छ भने निकट भविष्यमा नै प्रकाशनको पच्चीस वर्षमा रजतमहोत्सव मनाउने तयारी रहेको छ । यस पत्रिकाको दर्ता नं. सुनसरी जिल्ला प्रशासन कार्यालयमा १०।०३९।४० र कोशी अञ्चल हुलाक कार्यालयमा ३४।०३९।४० रहेको देखिन्छ । हाल यसको कार्यालय धरान १२ मोतीमार्गमा रहेको छ । यस कम्प्युटरले आउटमा एस एम पोखे्रल र मुद्रकमा हारती माँ अपसेट प्रेस रहेका छन् पूर्व-टाइम्स १३" र १७" को साइजमा प्रकाशित भएको बुझिन्छ । यसको पहिलो अङ्कमा १२ सय प्रत प्रकाशित भएको र हाल र १४ सय प्रति प्रकाशित हुँदै आएको थाहा हुन्छ । पत्रिकाको स्तरका आधारमा ग श्रेणीमा रहेको बुझिन्छ । साथै यसले मासिक रूपा प्रकाशक सहयोग ६ हजारर रकम पाउने गरेको पनि थाहा हुन्छ । पूर्व-टाइम्सको पहिलो अङ्क आठ पृष्ठको रहेको देखिन्छ र त्यसपछि सामान्यतया ६ पृष्ठको आकारगत विस्तारमा पत्रिका प्रकाशित भएको पाइन्छ । यस पत्रिकाको प्रकाशन शुरू हुँदा मूल्य रु. १।- रहेको थयो भने हाल यसको मूल्य रु. ३।- रहेको छ । पूर्व-टाइम्स साप्ताहिक पत्रिका पूर्वाञ्चलका अधिकांश जिल्लामा पुगेको बुझिन्छ भने नेपालबाहिर भारतका दार्जिलिङ, आसाम, देहरादुन, बनारस आदि ठाउँमा पनि पुग्ने गरेको थाहा हुन्छ । पूर्व-टाइम्स पत्रिकाका बारेमा स्नातकतहका विद्यार्थीले पनि सामान्य अध्ययन गरेको देखिन्छ । यस क्रममा महेन्द्र बहुमुखी क्याम्पस धरानबाट स्नातक तृतीय वर्षको नेपाली पत्रकारिताको प्रयोजनका लागि प्रेस अध्ययन प्रतिवेदन अन्तर्गत यस पत्रिकाको अध्ययन गरेको देखिन्छ । जसमा २०६१ मा पुनम नेपाल र २०६३ मा लालुमाया कार्की एवं पुनम सुवेदीले अध्ययन गरेको पाइन्छ ।

गिरिराज आचार्यको पूर्व-टाइम्स पत्रिकाले निर्दलीय पञ्चायती व्यवस्थाको विरोध गरी प्रजातान्त्रिक व्यवस्था कायम गर्न र यसको संवर्द्धनका निम्ति ठूलो त्याग गरेको पाइन्छ । सत्ता विरोधी समाचार नछाप्न शासकले दिएको

चेतावनी, धम्की एवं यातनाको समेत वेवास्ता गरी आचार्य प्रजातान्त्रिक मूल्य र मान्यता स्थापित गर्न सघाउने समाचार छाप्न नचुकेका देखिन्छन् । प्रारम्भमा प्रतिबन्धित नेपाली काङ्ग्रेसका सत्ता विरोधी गतिविधि प्रकाशित गरी पञ्चायती शासकलाई यस पत्रिकाले चुनौती दिएको पाइन्छ । साथै लोकतन्त्र स्थापनार्थ पनि यसको योगदान विर्सिनुसक्नु देखिन्छ । देश, विदेशका ताजा खबर प्रकाशित गरी स्वदेश एवं विदेशी पाठकलाई समेत यसले जानकारी तथा ज्ञान प्रदान गरेको पाइन्छ । पूर्व-टाइम्स सस्तो लोकप्रियताको पछि नलागी सिद्धान्तनिष्ठ र वास्तविकतामा केन्द्रीत भई कछुवा गतिमा अघि बढिरहेको देखिन्छ । आशा गरौं भविष्यमा अझ प्रगतिपथमा लम्किइ यस पत्रिकाले पाठकको मन जित्न सकोस् ।

४.८.२ झलक पत्रिकाको अध्यय

गिरिराज आचार्य नेता, साहित्यकार मात्र नभएर पत्रकार पनि हुन् । उनले झलक, चान्द्रमसी र पूर्व-टाइम्सजस्ता पत्रिकाको सम्पादन तथा प्रकाशन गरेका छन् । झलक पत्रिका वि.सं. २०२९ सालदेखि प्रकाशित थालेको देखिन्छ । यो मूलतः साहित्यिक पत्रिका हो । यसमा जम्मा नौ अङ्क प्रकाशित भई प्रकाशन बन्द भएको बुझिन्छ । यसको पहिलो प्रकाशन गोजिकाको रूपमा भएको देखिन्छ । देशको अवस्था हेरेर पत्रपत्रिकाको सक्दो विकास गर्ने अभिप्रायले झलक सामयिक सङ्कलन गोजी प्रकाशन गर्न थालेको बुझिन्छ । यस अङ्कमा विभिन्न साहित्यकारहरूका कथा, कविता प्रकाशित भएका छन् साथै टुक्रे कविता पनि यसमा समावेश गरिएको देखिन्छ । त्यस्तै नेपालका राजा प्रत्येकको नाम क्रमसँगै प्रस्तुत गरिएको छ । यसैगरी सामान्य ज्ञान र केही व्यवहारपयोगी उपदेश पनि यसमा राखिएको देखिन्छ । यसैगरी झलक पत्रिकाको दोश्रो झल्को २०२९ कै भानु जयन्तीका अवसरमा प्रकाशित भएका छन् । त्यस्तै पाठकलाई मनोरञ्जन प्रदान गर्न चुट्किला, निबन्ध र कथाहरू प्रकाशित भएको देखिन्छ । यसैगरी यसको तेश्रो झल्को त्यसै साल कार्तिक महिनामा प्रकाशित भएको थियो । यस अङ्कभित्र बाबुराम आचार्यको जीवनी, दसैं तिहारको चिनारी मोतीरामसम्बन्धी ज्ञान एवंमुक्तक कथा, कविता, हास्यव्यङ्ग्य जस्ता साहित्यिक विधालाई समावेश गरिएको पाइन्छ । यसै क्रममा यसको चौथो झल्को माघ महिनामा प्रकाशित भएको देखिन्छ । यस अङ्कमा विगतका अङ्कको मूल्याङ्कन गरिएको छ । त्यस्तै इन्द्रबहादुर राईले २००८ सालमा लेखनाथ पौड्यालसँग भारती पत्रिकाका लागि लिइएको अन्तर्वार्ता यस अङ्कमा उल्लेख गरिएको छ । यसैगरी

डा. गोपाल भण्डारी, चन्द्रमणि अधिकारी, महेश प्रसाई, लोकमान मास्केका लेख रचना पनि यसै अङ्कमा समाविष्ट छन् । तयसपछि झलकको पाँचौं झल्को चैत्र महिनामा प्रकाशित भएको पाइन्छ । यसमा स्थानेश्वर अधिकारी, गोपाल वैरागी, गोपालप्रसाद खनाल, प्रह्लाद आचार्य, के.वी नेपाली, हरिहर आचार्य, माधवप्रसाद पोख्रेल, हेमन्त अर्याल, महेश प्रसाईँ आदि लेखकका लेखरचना प्रकाशित भएका देखिन्छन् । यो पत्रिका ६१ पृष्ठको आकारमा विस्तारित भएको पाइन्छ । यसै क्रममा झलकको छैटौं झल्को २०३० जेठमा प्रकाशित भएको बुझिन्छ । यस अङ्कमा कविता, कथा, लेख, निबन्ध, पुस्तिक विवेचना, अनुवाद, पुरानो पातो, पाठक पातो, अन्य सम्पादकीय, प्रकाशकीय, शब्दज्ञान, कवि लेखकका कृति, अमर सन्देश जस्ता विषयवस्तु समाविष्ट छन् । यसका लेखकमा कुन्ता शर्मा, रमेशप्रसाद राज भण्डारी, जयबहादुर भट्टराई, चेतनाथ काफ्ले, छविलाल पोख्रेल रहेका छन् । त्यस्तै झकको सातौँ झल्कोमा कथा, कविता, लेख निबन्धका साथै हास्य यात्रा संस्मरण आदि विषय समाविष्ट छन् ।

यसका लेखमा महानन्द सापकोटा, रघुनाथप्रसाद वर्मा, प्रेम राई, नरपति पोख्रेल, अशेष मल्ल, हरि शर्मा, डमरूप्रसाद दाहाल, मदन अकेला रहेको देखिन्छ । त्यस्तै आठौँ झल्कोमा सुधा सापकोटा कविता, रत्नध्वज जोशीसँगको अन्तर्वार्ता ज्ञान उदासको कविता, देवलाल श्रेष्ठको कविता, लक्ष्मी आचार्य र चिरञ्जीवी दत्तको लेख, खगेन्द्र के.सी.को कथा एवं केदारनाथ श्रेष्ठ, विश्वदेव पोख्रेल, भुवन कार्की, हरिहर पागल, पारिजात आदिका रचना रहेको पाइन्छ । यस अङ्कमा महानन्द सापकोटाको मनो व्यथा, महेश प्रसाईको जब शहरमा भूकम्प आइदिन्छ, विश्व पागलको अब त थाकिसकें, लोकमान मास्केको यस्तै लाग्छ, हर्ष सुब्बाको विधिको कस्तो विधान आदि कविता प्रकाशित भएका छन् । त्यस्तै केदार शाक्यको बौद्ध धर्ममा प्रजातान्त्रिक पक्ष, ए.पी. रिजालको आधुनिकता, गिरिराज आचार्यको समाज र प्रजातन्त्र, चिरञ्जीवी दत्तको साहित्यमा पनि विकासको मूल फुटाउन बाँकी छ, राजेन्द्र प्रेमीको जेलको आत्मकथा एक प्रतिक्रिया लेख पनि यस अङ्कमा रहेको पाइन्छ । यसरी प्रस्तुत नवौँ अङ्क नै झलक पत्रिकाको अन्तिम अङ्क भएको देखिन्छ ।

झलक समसामयिक पत्रिकाले नेपाली साहित्यका विविध विधालाई समावेश गरी साहित्यिक जगत्लाई उन्नत बनाउन तत्कालीन परिस्थितिमा सक्दो प्रयास गरेको बुझिन्छ । विचार सम्प्रेषणका लागि स्थानीय क्षेत्रमा पत्रपधिकाको अभाव अड्किएको बेलामा झलक पत्रिका प्रकाशन गरी आचार्यले महत्त्वपूर्ण अभियान

सञ्चालन गरेको देखिन्छ । अत्यन्त लघु आकारबाट प्रकाशन शुरू गरी मझौला पुस्तकाकार स्वरूपसम्म यो पत्रिका विस्तारित भएको थाहा हुन्छ । यस पत्रिकाका सहायताले नयाँ साहित्यकारले झुल्किने अवसर पाएको देखिन्छ भने युवा साहित्यकारले चम्किने अवसर प्राप्त गरेको पाइन्छ । नेपाली साहित्यका कथा, कविता, निबन्ध एवं लेखका माध्यमबाट समाजको चित्र उतार्न पत्रिका सफल भएको मानिन्छ । समाजमा विद्यमान आर्थिक विसमताका कारण सृजित समस्या, सामाजिक विकृति विसङ्गति, मानवीय पीडा र वेदना एवं ऐतिहासिक घटना, रोचक प्रसङ्ग र सामान्य ज्ञानसँग सम्बन्धित विषयवस्तु समावेश गरी पाठकलाई अनन्त ज्ञान, विवेक र मोरञ्जन प्रदान गर्न पत्रिकाले उल्लेख्य योगदान दिएको पाइन्छ । करिब डेढ वर्षको दौडानमा थुप्रै साहित्यकारका रचनालाई समावेश गरी यसले पत्रकारिता जगत्लाई धनी बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । नौं अङ्कसम्म प्रकाशित भएपछि यसका अन्य अङ्क विविध कठिनाइ गर्दा प्रकाशन गर्न नसकिएको बुझिएको छ । यसमा जे जति सामग्री प्रकाशित भएका छन् तिनलाई उच्च महत्त्वका दृष्टिले हेर्नु नै हितकार हुन्छ ।

४.८.३ 'चान्द्रमसी' पत्रिकाको अध्ययन

गिरिराज आचार्यको विचारप्रधान एवं साहित्यिक पत्रिका 'चान्द्रमसी' वि.सं. २०४० सालदेखि प्रकाशन हुन थालेको देखिन्छ । मासिक रूपमा प्रकाशन गर्ने भनी प्रारम्भ गरिएको यो पत्रिका कुनै समयमा धेरै महिनाको संयुक्ताङ्कका रूपमा प्रकाशन भएको देखिन्छ। यो पत्रिका २०५४ पुससम्म प्रकाशित भई पन्ध्र वर्षको दौडानमा जम्म बीस अङ्क प्रकाशित भएको छ । कुनै व्यक्ति, पुस्तक एवं समसामयिक विषयलाई प्राथमिकता दिई विशेषाङ्कको रूपमा चान्द्रमसी प्रकाशित भएको पाइन्छ। यस पत्रिकाका बीस अङ्क प्रकाशन भएको बुझिए पनि हाल १९ अङ्क प्राप्त भएका छन्। २०४७ सालमा एक अङ्क प्रकाशित भई विश्राम लिएर पुनः २०५४ मा अर्को अङ्क प्राप्त भएको छ र यसपछि कुनै अङ्क प्रकाशित भएको पाइँदैन। चान्द्रमसीका प्रकाशित अङ्कमा 'युवा कविता अङ्क' 'वीपी स्मृति विशेषाङ्क', 'युसाज (युवा साहित्यिक जमात) का केही कथा अङ्क, 'कवि शिरोमणि लेखनाथ शतवार्षिकी अङ्क, महाकवि देवकोटा स्मृति अङ्क जन-उदय नाटक परिचर्चा अङ्क जेलडायरी अङ्क एवं महानायक गणेशमान स्मृति जीवनी अङ्क रहेका छन् । चान्द्रमसीले राजनीतिक एवं साहित्यिक व्यक्तित्वको प्रतिभालाई उजागर गरी बाहिर ल्याउने काम गरेको देखिन्छ। पञ्चायती समयका जनताका

क्रन्दनयुक्त स्वर पत्रिकामा मुखरित भएको पाइन्छ । स्वतन्त्रता र प्रजातन्त्रका निमित्त जनताका मनमस्तिष्कबाट प्रस्फुटित भएका विचारलाई पत्रिकाले स्थान दिएको छ एवं अनुकरणीय व्यक्तिको जीवनी प्रस्तुत गरी पत्रिकाले उल्लेखनीय काम गरेको छ ।

चान्द्रमसीको पहिलो अङ्क वि.सं. २०४० असारमा प्रकाशित भएको पाइन्छ । पुस्तकाकार रूपमा प्रकाशित यो जम्मा २६ पृष्ठको आयतनमा विस्तारित छ । 'युवा कविता अङ्क' नाम दिई यसमा स्थानीय युवा कविका परिवर्तनकारी विचार भएका कविता समावेश गरिएका छन् । पत्रिकाको प्रारम्भमा वीपीको निधनमा धरानमा आयोजित शोकसभाको फोटोलाई समावेश गरिएका छन् । यस अङ्कमा अधिकांश कविता छन् भने लेख एवं पुस्तक र पत्रपत्रिका परिचय पनि प्रस्तुत गरिएको छ । यहाँ प्रस्तुत कवितामा भीष्म काफ्लेको 'यात्रामा ऊ बिहान खोजिरहेछ' ओम आचार्यको 'मेरो समाज' राजकुमार बज्राचार्यको 'सुन सूर्य उदायो', गङ्गा रेग्मीको 'तीन मुक्तक' , हर्ष सुब्बाको 'बैंसको तन्ना', गिरिराज आचार्यको 'केही छोटा कविता', रमेश गिरीको 'एक अँजुली उज्यालो खोजिरहन्छु', दिनेशकुमार पोखेलको 'कस्ले छुन सक्छ', महेश प्रसाईको 'सन्दर्भ अनागत थिएन' र 'गीतहरू जिउँछन्', चन्द्र अधिकारीको 'लात्ते भकुण्डो' रहेका छन् । त्यस्तै यसमा गोपालप्रसाद भण्डारीको निराशावादी नेपाली बविताको आशावादी भविष्य लेख प्रकाशित भएको छ ।

चान्द्रमसीको दोश्रो अङ्क २०४०, साउनदेखि कात्तिक सम्मको संयुक्तांक वीपी स्मृति विशेषाङ्क का नाममा प्रकाशित भएको पाइन्छ । वीपीको ६९ औँ जन्मजयन्तीका अवसरमा प्रकाशित यस अङ्कमा सिद्धिचरण श्रेष्ठले वीपी स्मृति विशेषाङ्क लाई दिएको शुभकाना, वीपीका सम्झनामा प्रकाशित केही पुस्तक तथा पत्रपत्रिकाको नामावली, साथै वीपीसँग सम्बन्धित लेखरचना प्रकाशित छन् । यसमा तुलसीप्रसाद भट्टराई, देवेन्द्र प्रसाद सिंह, पं. छविलाल पोख्रेल, दधिराम सुवेदी, जीतमान राई, माधवप्रसाद पोख्रेल, इनद्रबहादुर अधिकारी, प्रा. केशवप्रसाद उपाध्याय, गिरिराज आचार्य, हरिनाथ बाँस्तोला, गोपालप्रसाद भण्डारी, प्रकाश कोइराला, महेश प्रसाई, मुक्तिप्रसाद चापागाई, चन्द्रमणि अधिकारी, सुवास ढकाल, फणीश्वरनाथ रेणु, गणेशमान श्रेष्ठ, भीष्म काफ्ले चिरञ्जीवी वाग्ले, उमाकान्त भट्टराई रचना रहेका छन् । त्यस्तै वीपीका बारेमा गिरिराजबाबु र सुशील कोइरालासँग लिइएका अन्तर्वार्ता पनि समावेश गरिएको छ । चान्द्रमसीको तेश्रो अङ्क २०४० मंसीर, पुस र माघ महिनाको संयुक्ताङ्क

प्रकाशित भएको छ। यो लघुकथाकार जगदीश नेपाली स्मृति अङ्कका रूपमा रहेको देखिन्छ। यसमा जगदीश नेपालीलाई विभिन्न लेखकले आँटका धनी, विर्सन नसकिने साथी, जगदीश सर, जगदीश दाइ, एक सौम्य व्यक्ति भनी चिनाइएको पाइन्छ। त्यस्तै यहाँ उनका कथा र उनको शैक्षिकक योगदानको बारेमा चर्चा गरिएको देखिन्छ। यसैगरी चौथो अङ्क २०४० फागुन-चैत्रमा युसाज (युवा साहित्यिक जमात) का केही कथा अङ्कका रूपमा प्रकाशित भएको पाइन्छ। यसमा जीतमान राईको 'एल-डोराडो', इन्द्रबहादुर अधिकारीको 'टम्बोइ र सिसि' गिरिराज आचार्यको 'एउटा वेश्याको डायरी', 'भीष्म काफ्लेको 'फाटेको आकाश', 'हर्ष सुब्बाको 'राजकुमारी कहाँ गई तँ ?' सुरेश पुजारीको 'नेपालको मान्छे' र ओम आचार्यको 'विश्वास नहुँदा नहुँदै पनि' जस्ता कथा प्रकाशित भएका छन्। यसै शिलशिलामा चान्द्रमसीको पाँचौं अङ्क २०४१ भदौमा तुलसीप्रसाद भट्टराई, हरिनाथ बाँस्तोला भीष्म काफ्ले, गिरिराज आचार्य , जीतमान राई आदि लेखकले लेखनाथ पौड्यालको विभिन्न कोणबाट अध्ययन गरेका छन्। यसको छैटौं अङ्क महाकवि देवकोटा स्मृति अङ्कका रूपमा २०४१ फागुनमा प्रकाशित देखिन्छ। यसमा रमेश भट्टराई, उमाकान्त भट्टराई, अम्बिकादेवी रिमाल, सरिता सापकोटा, इन्द्रबहादुर अधिकारी, नारयणप्रसाद अर्याल, मीरा सुस्मिता, हर्ष सुब्बा, भीष्म काफ्ले व्यक्तिले देवकोटाले नेपाली साहित्यका क्षेत्रमा दिएको योगदानको चर्चा गरेको पाइन्छ। यहाँ 'प्रजातन्त्र दिवस-जननायक वीपीको आँखामा' 'वीपी कोइरालाको अप्रकाशित चिट्ठी' भीष्म काफ्लेको जेलडायरी-१ हरिनाथ बाँस्तोलाको सत्याग्रहको अनुभव' जयप्रकाश आनन्दको 'सोसलिष्ट इन्टरनेशनले एक परिचय' रचना रहेका छन्।

चान्द्रमसीको नवौँ अङ्क २०४३ बैशाखमा प्रकाशित भएको पाइन्छ। यसको सम्पादकिय निर्वाचन केवल पञ्चका लागि मात्र भनिएको छ। यसमा भीष्म काफ्लेको 'जेल डायरी-२' गिरिराज आचार्यको भाग नलिने निर्णय लिन बाध्य भयौं र हरिहर शर्मा, वीरेन्द्र कार्की, जयप्रकाश, आनन्द आदिका विविध विषयमा लेख प्रकाशित छन्। यसको दशौं अङ्क २०४३ पुसमा प्रकाशित भएको देखिन्छ। यसमा 'गोर्खाली सेनाद्वारा ब्रिटेनकी महारानी एलिजावेथ द्वितीय सरकारमा चढाएको बिन्तीपत्र पं छविलाल पोखेल समाजसेवी रामशरण दर्नालको 'ट्रमपेट' भीष्म काफ्लेको जेल डायरी-३ गणेशमान सिंहको राजतन्त्र र प्रजातान्त्रिक शक्तिबीच षड्यन्त्ररत तत्त्व कृष्णप्रसाद भट्टराईको आलोक र हाम्रो प्रतिज्ञा जस्ता लेख प्रकाशित

छन् । त्यस्तै २०४४ कात्तिकमा प्रकाशित एघारौँ अङ्कमा उमाकान्त भट्टराईको धर्म ईश्वर नियतिमा वीपीको विचार गणेशमान आचार्यको सत्याग्रहमा भाग लिने तयारी आदि लेख प्रकाशित छन् । यसैगरी प्रकाशित बाह्रौं अङ्कमा २०४५भदौमा आएको महाभूकम्पको बारेमा उल्लेख गरिएको छ । त्यस्तै तेह्रौ अङ्क २०४५ कात्तिकमा प्रकाशित हुन्छ । यसमा रमेन्द्र प्रधानाङ्गको 'नक्कली हस्तलिपि कसरी चिन्ने' गिरिराज आचार्यको 'मेरो जेल डायरी' (२०४२/२/९ देखि २०४२/३/२४ सम्म) प्रकाशित छन् । त्यस्तै गरी २०४५ पुसमा प्रकाशित चौधौँ अङ्कमा आइ.पी.एस. को 'तेश्रो विश्व कसिङ्गगर मिल्काउने थलो' र आचार्यको 'जेलडायरी' को भाग प्रकाशित छ । २०४६ कार्त्तिकमा प्रकाशित पन्ध्रौं अङ्कमा जेलडायरीको तेश्रो भाग छ भने २०४६ पुसमा प्रकाशित सोह्रौं अङ्कमा जेलडायरीको चौथो भाग प्रकाशित छ । त्यस्तै २०४७ कार्तिकमा प्रकाशित सत्रौं अङ्कमा जेलडायरीको पाँचौं भाग रहेको छ । यसैगरी २०४८ कार्तिकमा प्रकाशित अठारौँ अङ्कमा नेतात्रयको वयान उल्लेख गरिएको छ । यसमा २०४६ को आन्दोलन हुनु अघि नेताको भाषण एवं भ्रमणका क्रममा पञ्चायती शासकले न्यायालयमा उभ्याई गणेशमान सिंह, गिरिराजप्रसाद कोइराला र मनमोहन अधिकारीसँग लिएको बयान प्रस्तुत गरिएको छ । त्यस्तै २०५४ पुसमा प्रकाशनको पन्ध्रौं वर्ष एवं वीसौँ अङ्कमा महानायक गणेशमान स्मृति जीवी अङ्क प्रकाशित भएको पाइन्छ । यसमा आचार्यले गणेशमान सिंहको जीवनी उल्लेख गर्नाका साथै उनीसँग सम्बन्धित सम्झना क्षण बताएका छन् । यसरी आचार्यद्वारा सम्पादित चान्द्रमसीका जम्म उन्नाइस अङ्क प्राप्त भएका छन् ।

४.८.४ गिरिराज आचार्यद्वारा सम्पादित अन्य पत्रिका

गिरिराज आचार्यले झलक, चान्द्रमसी र पूर्व-टाइम्स बाहेक अन्य पत्रपत्रिकाको पनि सम्पादन गरेका छन् । उनले नौलो प्रतिज्ञा, फेवा, मैत्री र बुलेटिनसमेत सम्पादन गरेको देखिन्छ । यी पत्रिकाको संक्षिप्त चिनारी तल दिइन्छ ।

क. नौलो प्रतिज्ञा

नौलो प्रतिज्ञा २०३१ साल फागुन १२ मा अधिर विरही र गिरिराज आचार्यद्वारा सम्पादित साहित्यिक पत्रिका हो । आचार्यले यस पत्रिकाको यही एक अङ्क मात्र सम्पादन गरेको बुझिन्छ । श्री ५ वीरेन्द्रको शुभराज्यभिषेकका सन्दर्भमा शुभकामना प्रदान गर्दै यो पत्रिका प्रकाशन भएको देखिन्छ । यसको प्रकाशन राष्ट्रिय संस्कृति विकास केन्द्र धरान रहेको छ । यसमा धरानका साहित्यिक गतिविधिलाई समावेश

गरिएको पाइन्छ । यस अङ्कमा कोशीका दुई युवा साहित्यकार विनोद अश्रुमाली र केदारनाथ श्रेष्ठसँगको भेटवार्ता प्रस्तुत गरिएको छ । त्यस्तै यसमा शारदाप्रसाद रिजालको राजा र राज्याभिषेक, गिरिराज आचार्यको राजपरम्पराको इतिहासमा राजा त्रिभुवनको देन जस्ता लेख रहेका छन् । यसैगरी शशीप्रसाद बजगाईंको मन, तुलसीबहादुर क्षेत्रीको बार र फूल, अशेष मल्लको दुई टुक्का, चित्तरञ्जन, नेपालीको करवीर मसान, हर्ष सुब्बाको वर्तमानबाट एउटा पत्र युगको नाममा, शिवशंकर थापाको दुई मुक्तक, अम्बिका सुवेदीको कविता कोर्न कल्पनालाई आह्वान, रोलेंद इस्कार्दोको 'मृत्यु' जस्ता शीर्षकका मुक्तक तथा कविता प्रकाशित देखिन्छन् । त्यस्तै यस अङ्कमा विष्णुकुमार सिंहको आविष्कार र आविष्कार सङ्कलन एवं जयबहादुर भट्टराई घोपालीको मायालुको चिता कथा र रमेश नेपालीको आत्महत्या लघुकथा प्रकाशित भएका छन् । यस अङ्कले राज्याभिषेकको समसामयिक सन्दर्भलाई उल्लेख गरेको छ भने युवा साहित्यकारसँगको अन्तर्वार्तालाई पनि स्थान दिएको छ । त्यस्तै नेपाली साहित्यका लोकप्रिय विधा कविता, कथालई पनि यहाँ समावेश गरी साहित्यिक जगत्लाई सम्पन्न बनाउन पत्रिकाले सहयोग गरेको बुझिन्छ ।

ख. फेवा

फेवा त्रैमासिक साहित्यिक पत्रिकाका सम्पादक गिरिराज आचार्य रहेको देखिन्छ । यस पत्रिकाको संस्थापक सम्पादक रमेश भट्टराई र प्रबन्ध सम्पादक हर्ष सुब्बा रहेको पाइन्छ । आचार्यले यस पत्रिकाको दुई अङ्क सम्पादन गरेको बुझिन्छ । फेवाको २०३४ मा प्रकाशित छैटौं र सातौं अङ्क यिनको सम्पादकत्वमा निस्किएको देखिन्छ । यी अङ्कमा समसमायिक लेख र साहित्यिक रचना प्रकाशित भएको पाइन्छ । छैटौं अङ्कको सम्पादकीय बटुकप्रसाद भट्टराईको बारेमा लेखिएको छ । त्यस्तै यसमा लक्ष्मीप्रसाद देवकोटाको पहिलोपल्ट प्रकाशित कथा भनी एउटा कथा राखिएको छ । यसैगरी महानन्द सापकोटाको नेपाली कथाको परिवेश, गिरिराज आचार्यको मानव अधिकार दिवस, छविलाल पोखे्रलको समाजवाद, सूर्यप्रसाद उपाध्यायको दिवानसिंह राईको निर्दोष हत्या उपन्यासको विश्लेषण जस्ता लेख रहेका छन् । त्यस्तै यसै अङ्कमा आचार्यलाई साहित्यकार भवानी भिक्षु र जनकलाल शर्माले पठाएको पत्र, भारतीय प्रधानमन्त्री मोरारजी देसाईसितको वार्तालाप एवं फणीश्वरनाथ रेणुको डायरीमा अंशसमेत समावेश गरिएको छ । यसैगरी फेवाको सातौं अङ्कमा गिरिराज आचार्यले फागुन ७ लाई सम्झेर लेखेको लेख, उनकै विश्वबन्दी विमोचन एक विश्लेषण लेख एवं श्री ५ त्रिभुवनको

शाही घोषणासम्बन्धी विषयलाई स्थान दिएको पाइन्छ । यसै क्रममा गोविन्दप्रसाद उपाध्यायको शहीद दशरथसँग नेपालगन्जमा, छविलाल पोखेलको जनरल सुर्वण शमशेर जबरा एक स्मृति, महात्मा गान्धीको के छात्रले राजनीतिमा भाग लिन होला ? जस्ता लेख र रोहिणी भट्टराई, जय श्रेष्ठका कविता पनि प्रकाशनमा उल्लेख योगदान दिएको देखिन्छ । यस पत्रिकाको बारेमा टिप्पणीकर्ता जयराज आचार्य लेख्छन्: "यसको कथा, चिट्ठी, लेख कविता, डायरी, अन्तर्वार्ता, समाचार आदि अनेकौं स्तम्भ अटाएका छन् र लेखकको छनौटका दृष्टिले पनि फेवामा निकै व्यापक प्रतिनिधित्व भएको छ । देशको सीमा भित्र र बाहिरसमेत ठूलासाना विभिन्न जातका रङ्गीचङ्गी माछाजस्ता लेखकले फेवाभित्र पौडिन पाएका छन् तर त्यहाँ मत्स्यन्याय छैन, त्यही मजा छ । साँच्चै नै फेवा पत्रिकाले साहित्यको प्रत्येक अङ्गलाई जागरुक बनाएको पाइन्छ । त्यस्तै स्थानीय लेखकलाई केन्द्रीय स्तरसम्म पुऱ्याउन पनि सहयोग गरेको देखिन्छ ।

ग. मैत्री

मैत्री विचारप्रधान पत्रिका हो। यसका सम्पादक द्वय केदार श्रेष्ठ र गिरिराज आचार्य एवं प्रकाशक केदार श्रेष्ठ रहेका छन्। नेपालभारत युवक मैत्री समाजको संलग्नतामा यो पत्रिका प्रकाशित भएको बुझिन्छ। यसको यही एक अङ्क मात्र प्रकाशित भएको पाइन्छ। यसले नेपालीभाषा, साहित्य, धर्म, संस्कृति र नेपाल भारतबीच सुमधुर सम्बन्धको संरक्षण एवं अभिवृद्धि गर्ने उद्देश्य लिएको देखिन्छ। यसको उद्देश्यका सम्बन्धमा पत्रिकाको सम्पादकीय पनि संकेत गरिएको पाइन्छ। 'यस मैत्रीमा नेपाल भारतका विद्वान्, लेखक, विचारको आफ्नो विचार पोखून् र जुन विचारबाट भारत र नेपालको सम्बन्ध अझ पुष्ट होस्। हाम्रो इच्छा छ मैत्री विचारको माध्यम बनोस्। विचारको अभिव्यक्तिबाट नै हामी निर्माणमा पुग्न सक्छौ। सामाजिक परिवर्तन, आर्थिक परिवर्तन हामीलाई चाहिएको छ जुन परिवर्तनले हाम्रो सामाजिक ढाँचा सुधारोस्। जुन परिवर्तनले हाम्रो आर्थिक ढाँचालाई सुधारेर अगाडि बढाओस् र हाम्रो राष्ट्रिय आकाङ्क्षालाई पूर्ण गराओस्।" मैत्रीले नेपाल भारतबीच मैत्री सम्बन्ध विस्तार गरी दुवै देशमा सामाजिक, आर्थिक सुधारको कामना गरेको पाइन्छ। यसमा नेपाल र भारतका विशिष्ट लेखकको विचारलाई समावेश गरी मित्रताको बीजारोपण गर्न चाहेको बुझिन्छ। यस पत्रिकामा विभिन्न लेखकका लेख समाविष्ट भएका छन्। जसमध्ये बाबुराम दाहालको नमो बुद्धाय, पं. छविलाल पोखेलको आचार र अनाचार,

गिरिराज आचार्यको रुढीवादी अन्धविश्वासजस्ता लेख प्रकाशित छन् । त्यस्तै माधवप्रसाद पोखेलको शाकुन्तल महाकाव्य प्राप्ति, कृष्ण वस्तीको पूर्वाञ्चलका केही तीर्थस्थल र मूर्तिकला साथै केदारनाथ श्रेष्ठको नेपालभारत युवक मैत्रीसमाज धरानको रिपोर्ट यस अङ्कमा समाविष्ट छन् । यसैगरी आचार्यद्वारा सम्पादित प्रस्तुत पत्रिकाले वसुधैव कुटुम्बकम्को भावना प्रसारण गरेको पाइन्छ । छिमेकी मुलुक नेपालभारतबीच हरेका क्रियाकलापमा सामञ्जस्य कायम गर्नुपर्ने सन्देश यसले दिएको छ । यसैगरी भाषिक एवं साहित्यिक विकासमा समेत मैत्रीको योगदान अविस्मरणीय रहेको छ ।

घ. बुलेटिन

वुलेटिन जनमतसङ्ग्रह का सन्दर्भमा गिरिराज आचार्यद्वारा समपादित बहुदलीय पक्षको प्रचार पत्रिका हो । यसको प्रकाशक जिल्ला जनमतसङ्ग्रह अभियान समिति सुनसरी धरान रहेको छ । वि.सं. २०३६ को जनमतसङ्ग्रह हुनुअघि प्रतिबन्धित नेपाली काङ्ग्रेस, सुनसरी बहुदलीय जनमतसङ्ग्रह अभियान समिति गठन गरी यसको मुखपत्रको रूपमा यस बुलेटिनलाई प्रकाशन गरेको पाइन्छ । प्रस्तुत प्रचार पत्रिका बुलेटिनका चार अङ्क प्रकाशित भएको देखिन्छ । निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य गरी बहुदलीय व्यवस्था कायम गर्न र जनतालाई स्वतन्त्रता प्रदान गरी सुशासन तय गर्ने अभिलाषाले यस बुलेटिनले जनतालाई बहुदलीय व्यवस्थाप्रति जागरुक बनाउन प्रेरित गरेको देखिन्छ । जनमतसङ्ग्रहलाई निष्पक्ष र धाँधलीरहित बनाउन र प्रतिगामी तत्त्वलाई हतोत्साहिक गर्ने बुलेटिनको उद्देश्य रहेको देखिन्छ । यसको पहिलो अङ्क वा बुलेटिन नं.१ विसं. २०३६ भाद्र ३० गते प्रकाशित गरिएको पाइन्छ । पर्चाको अङ्कको सम्पादकीयमा यसको उद्देश्यमाथि प्रकाश पारिएको देखिन्छ । त्यहाँ लेखिएको “निर्दलीयवादीले हाम्रो देशको भावी राजनीतिका संरचित ढाँचाका लागि, स्थिरताका लागि जनमतसङ्ग्रह को ऐतिहासिक महत्त्वलाई बुझ्नुपर्छ । बहुदल वा निर्दल दुवैको प्राणसञ्चार गर्ने माध्यम जनमतसङ्ग्रह भएकाले दुवैतर्फबाट यसको सफलताका लागि तयारी रहनुपर्दछ । अतः जनमतसङ्ग्रह विरोधी, मानव अधिकार विरोधी सम्पूर्ण प्रतिगामी तत्त्वलाई जनमतसङ्ग्रहको सफलताले हाँक दिनेछ ।” यस अङ्कमा बहुदलीय कार्यायलको गठन र उद्घाटन सम्बन्धी समाचार समावेश गरिएको देखिन्छ । यसैगरी बुलेटिन नं. २, २०३६ असोज २३ गते प्रकाशित भएको देखिन्छ । यसको सम्पादकीय वीपी माथि गोलीप्रहारको विषयमा लेखिएको छ ।

त्यस्तै जिल्लाको वर्तमान वस्तुस्थिति, नेपालको सच्चा मित्र जयप्रकाश नारायणको निधन जस्ता समसामयिक घटनालाई यसमा समावेश गरिएको देखिन्छ। यसै क्रममा बुलेटिन नं. ३, २०३६ कात्तिक १६ गते प्रकाशित गरिएको पाइन्छ। यस अङ्कमा जननायक वीपी कोइरालाको अपीलका बारे सम्पादकीय लेखिएको देखिन्छ साथै प्रजातन्त्रवादी लक्ष्मीप्रसाद श्रेष्ठको एक संस्मरण, बहुदल समितिको गठन, उद्घाटन र समारोहजस्ता समाचार एवं विषयवस्तु समाविष्ट छन्। त्यस्तै यसको चौथो अङ्क माघ १० मा प्रकाशित हुन्छ। यसमा विरोध दिवस, सुनसरीमा विशाल विरोध प्रर्दशन, निर्दलीयताको प्रचारमा प्रशासन जस्ता समाचार समावेश गरिएका छन्। यसरी आचार्यद्वारा सम्पादित यस बुलेटिनले बहुदलीय पक्षमा जनमत सृजना गर्न सक्दो प्रयास गरेको छ। प्रस्तुत बुलेटिन जनमतसङ्ग्रह पछि प्रकाशित नभएको बुझिन्छ।

(डा. महानन्द तिल्मिसिनाद्वारा २०६४ मा त्रिवि, डिग्री क्याम्पसमा बुझाइएको शोधपत्र)

* * *

परिच्छेद छ
चिट्ठीपत्र



सारिका

कहानियों और कथा-जगत की संपूर्ण पत्रिका

● टाइम्स ऑफ़ इंडिया बिल्डिंग, बम्बई-१ ● टेलीफोन: २६८२७१/२७८ ● तार: इंडियाना

प्रिय भाई गिरिराज जी।

आपके द्वारा प्रेषित परिपत्र मिला। इस आयोजन पर आपकी भरपूर सफलता के लिए सारिका परिवार की हार्दिक शुभकामनाएँ.

सानंद होंगे.

आपका, 14.3.77

भारतेन्दुका पनाति प्रो. गिरिश्चन्द्रका पत्र



प्रिय आचार्य जी

सप्रेम नमस्कार

बहुत दिनों से कोई समाचार न पाकर चिन्तित हूँ। भट्टजी की प्रतिमा का क्या हुआ ? कोई कारवाई की सूचना नहीं। मैंने भारतेन्दु एवं भट्टजी के सम्बन्धों को लेकर एक लेख लिखा था जो संलग्न पत्रिका में छपा हैं। आशा है आपको पसन्द आएगा। पत्रिका .....

मान्य आचार्यजी,

सादर नमस्कार

आपकी दि. ६/५ का कृपापत्र एवं संरक्षण की प्रति तथा महाकवि मोतीराम भट्ट की जीवनी प्राप्त हुई। खेद है इसके पूर्व मुझे कोइ सामग्री नहीं प्राप्त हुई जैसा कि आपने संकेत दिया है। मैं सम्पत्ति भुगर्भशास्त्र में काशी हिन्दु विश्वविद्यालय में प्राध्यापन कर रहा हूँ। उसी विषय में एक शोध प्रवन्ध भी लिखने में व्यस्त हूँ। अतः भट्टजी एवं अपने पूर्वज भारतेन्दु जी के सम्बन्ध का शोध केवल मस्तिष्क में घुम रहा है। ठोस कार्य करने हेतु मुझे भारतेन्दु संपादित पत्र-पत्रिकाएँ देखनी होगी। ध्यान में सदैव रहता है। शीघ्र प्रति शीघ्र प्राप्त सूचना भेजूँगा। मुझे पूर्व में कोई पुस्तक न प्राप्त होने से कोई पत्र देने का अवसर न आया। कृपया सम्पर्क रक्खें। आपके अनुग्रह से।

पुन : पुन : धन्यवाद सहित

आपका गिरिश्चन्द्र

प्रिय आचार्यजी

सप्रेम नमस्कार

बहुत दिनों से कोई समाचार न पाकर चिन्तित हूँ। भट्टजी की प्रतिमा का क्या हुआ ? मैंने भारतेन्दु एवं भट्टजी के सम्बन्धों को लेकर एक लेख लिया था

जो संलग्न पत्रिका में छपा है। आशा है आपको पसन्द आयेगा, पत्रिका अनेक उत्साहित जनों के प्रयास का फल है।

समाचार ..... कीजिए विश्वास हैं प्रसन्न हैं। नववर्ष का शुभाभिनंदन स्वीकार कीजिएगा।

सप्रेम गिरिश्चन्द्र

प्रियवर गिरिराज जी सप्रेम नमस्कार

आपका पत्र श्री मोतीराम की मूर्ति के पास अपने चित्र सहित प्राप्त हुई। आपने मुझे इस सुन्दर चित्र को भेज अतः बहुत बहुत धन्यवाद। मुझे आपका चित्र प्राप्त कर बडा आनन्द हुआ। फेवा को पाकर भी अच्छा लगा। आपने मेरा पत्र छापा है। इसमें नेपाल को लोगों को लाभ होगा। मैंने उसके पाने की सूचना भेजी थी, मिली होगी। आपके गुरु श्री हरिभक्त जी से आपकी मुलाकात हुई कि नहीं ? मैंने उनके साथ बहुत बात सीखी है। उनसे मिलकर मुझे भट्टजी के विषय में बहुत बात पता चली। कृपया मेरा नमस्कार उनसे कहिएगा। आपके प्रेम के लिए बहुत आभार एवं धन्यवाद देता हूँ। कभी-कभी स्नेह से भरी चिठ्ठी पाकर चित्त बहुत ही गौरव को प्राप्त होता है।

आपका गिरिश्चन्द्र

मान्यवर आचार्यजी

सादर नमस्कार

आपका दि. २७/५ का पत्र यथा समय प्राप्त हुआ था। मैं कुछ अपने शोधकार्य में व्यस्त था अतः यह उत्तर देने में देर हुई, क्षमा कीजिएगा। आपको पत्र लिखने हेतु मैं अच्छी प्रकार से चाहता हूँ। अतः आनन्ददायक क्षण में लिखता हूँ न कि व्यस्त समय में। आपकी भेजी सामग्री का अनुगृहीत हूँ। 'मोती-भारतेन्दु हिन्दी परिषद्' की स्थापना की तीव्र इच्छा है। इस परिषद् में, मै चाहता हूँ कि हिन्दी भाषा के साहित्य का नेपाली में प्रचार हो एवं नेपाली का हिन्दी में प्रचार एवं प्रसार हो। इस्से एक दूसरे देश की जनता को निकट लाने में सहायता होगी।

यह केन्द्र एक काशी के मेरे ऐतिहासिक भारतेन्दु भवन में एवं एक नेपाल में हो -मोती-स्मारक के रूप में। इसका विकास अच्छा होगा। आप कभी पधारें

अथवा कोई छात्र आये तो भारतेन्दु की समग्रियों में मैं मोतीराम भट्ट की सामग्री ढूँढक्ने का प्रयत्न करूँगा। मैं स्वयं भी चेष्टा करता हूँ। क्या आपको मेरा भेजा हुआ भारतेन्दु का स्मारक डाक टिकट प्राप्त हुआ था या नहीं ? पत्र पाकर अत्यन्त प्रसन्नता की अनुभूति होती है। अत: कभी-कभी कृपा किया करें। आशा हैं आप अच्छे होंगे। पुन: धन्यवाद सहित

आपका गिरिश्चन्द्र

मान्य आचार्यजी

आपका ता. की १२ का पत्र आज प्राप्त हुआ, अनेक धन्यवाद। आपका लेख मैंने देखा था तथा वह धर्मयुग भी खरीद कर रख लिया है। मोतीरामजी एवं भारतेन्दु के सम्बन्धों के विषय में मैं बराबर इस खोज में हूँ कि कोइ पत्रादि जैसा आपने लिखा है, मिले। अगर मिला तो भेजूँगा। भारतेन्दु के भी पत्रादि शायद नेपाल में मिले। आप भी देखिएगा। भारतेन्दु के प्रति आपने ऐसे भाव प्रकट किये। हम परिवार की शुभ कामनाएँ एवं आभार स्वीकार कीजिएगा। कभी-कभी आवें तो दर्शन दें। नेपाल में हिन्दी की क्या स्थिति है ?

सादर

श्री गिरिश्चन्द्र

प्रियवर गिरिश्चन्द्रजी

सप्रेम नमस्कार

आपक १२ मार्च का पत्र एवं साथ में 'मोती' विशेषांक प्राप्त कर बहुत प्रसन्नता हुई। आपने अपने लेख में मेरा भी परिचय दिया है। और तो मुझे नेपाली भाषा का ज्ञान नही हैं। पत्रिका की साज-सज्जा अच्छी लगी। इस हेतु आपको बधाई एवं धन्यवाद।

आपका सन्देश होली पर प्राप्त कर और भी आनन्द हुआ। मेरा नववर्ष बधाई सन्देश आपको पहुँचा। मैं उसे खो जाने की सोच रहा था। आज प्रो.हरिभक्त नवपानीयजी का समाचार नहीं है अत: चिन्ता है। उनका हाल समाचार अगर हो तो देंगे। मेरे योग्य कार्य लिखें एवं समय-समय पर पत्र दिया करें। सम्पर्क से प्रेम में और आनन्द होता है।

आपका गिरिश्चन्द्र

प्रियवर गिरिराज

सप्रेम नमस्कार

क्या ही सुखद अनुभव हुआ आपका मार्ग ...... १५ सं. २०६१ का पत्र पाकर । बहुत धन्यवाद कि आपने पत्र भेजा । यह बहुत प्रशंसनीय है । आपको बारबार आशीष, मुझे भी स्मरण करते हैं । यह जानकर बहुत आभारी हूँ । परमात्मा काशी पिण्डेश्वर एवं भगवान पशुपतिनाथ यह सम्बन्ध बनाये रखें, यही प्राथर्ना है । आप पूर्व टाइम्स पत्र का सम्पादन कर रहे हैं । यह जानकर और भी प्रसन्नता हुई है । स्व. मोतीराम भट्टजी की आत्मा का मेरी भारतेन्दु की आत्मा का मिलन हुआ है । ईश्वर की कृपा है कि दो प्रेमियों के आत्माओं का मिलन हो पाया है । आप भट्टजी पर काफी कार्य कर रहे हैं । उनका भवन एवं कार्यकर्ताओ की फोटो देख आश्चर्य हुआ । आपको पशुपतिनाथ इतनी शक्ति दें कि आप और भी कार्य करते रहें । कभी काशी आवें । आपसे पूरी बातचीत हो । मेरा मन आपसे मिलने को हो रहा है । आप अन्य क्या व्यवसाय करते हैं ? लिखें, बहुत दिन पूर्व में हरिभक्त नवपानी आये थे जो आपको जानते हैं । अपने साथ फोटो कराये थे । अनेक बात हुई । उनकी पत्नी एम.पी. थी नेपाल में । नववर्ष की शुभकामनाएँ । सम्पर्क रखें । धन्यवाद ।

आपका गिरिश्चन्द्र

भारतेन्दु के पनाति विएचयु के प्रा. कुमुदचन्द्र

भारतेन्दु भवन

चौखम्मा, वाराणसी

दि. २६।१२।७७

प्रिय आचार्य जी

सप्रेम नमस्कार ।

बहुत दिन से कोई समचार न पाकर चिन्तित हूँ । भट्टजी की प्रतिमा का क्या हुआ ? कोई कारवाई की सूचना नहीं । मैंने भारतेन्दु एवं भट्टजी के सम्बन्ध को लेकर एक लेख लिखा था जो संलग्न पत्रिका में छपा है । आशा है, आपको पसन्द आएगा । पत्रिका अनेक उत्साहीजनों के प्रयास का फल है । समाचार देते रहा किजिए ....आशा है, आप प्रसन्न हैं ।

नव वर्ष का शुभाभिनन्दन स्वीकार कीजिएगा।

सप्रेम

गिरिश्चन्द्र।

दिल्ली ११०००६

२०.३.९

प्रिय भाई आचार्यजी,

आशा करता हूँ आप कुशल से होंगे। होली के पुनित अवसर पर मेरी हार्दिक शुभकामनाएँ व स्नेह है।

सम्मान के लिए आपको बधाई। मुझे इतनी दूर से स्नेहीजनों का सनेस मिलता है, कितना आनन्द दे जाता है। यह अनुभव करने की चीज है।

जिन मित्रों ने पढक्कर अपना उद्‌गार भेजा। उनके उद्‌गाार सुनकर बहुत खुशी हुयी। उन्हें मेरी शुभकामनाएँ हैँ। और उहाँ क्या हालचल है ? यहाँ तो स्थिति ठीक नही है। देखें। कब तक सुधरती है। कब तक हमें ... आता है।

मेरा एक उपन्यास चार-पाँच माह पूर्व प्रकाशित हुआ है। इसमें मध्यमवर्गिय, नैतिकता के ढोंग की कहानी है। एक नाटक 'सत्ता के आर-पार' अभी आया है। जैन वाङमय में भरत गठवाली की कथा उसका आधार है अर्थात् सत्ता संघर्ष उसका विषय है।

एक और नाटक अगले मास आ रहा है। नाम दें अब और नही। उसका विषय है - नारी का शेषण। आजकल खूब घूम रहा हूँ। अगले हप्ते निकलूँगा तो २५ अप्रेल तक ही लौटूँगा। देहरादुन, औरंगावाद, जालना, देहरादुन, चुरु, विकानेर जाना है। अभी एक माह गुजरात में था फिर इलाहावाद, जबलपुर, ...होता हुआ अभी लौटा हूँ। पत्नी की मृत्यु के बाद दिल्ली में मन नहीं लगता। और सब ठीक है।

स्नेही

* * *

कमलमणि दीक्षितको पत्र

प्रिय गिरिराज आचार्यज्यू

एकै छिन भए पनि भेट हुन सकेकोमा आनन्द लागेको छ । काठमाडौं आएका बेला भेट अवश्य दिनुहोला ।

"समीक्षा" मा (आजै २ पृष्ठ) तपाईको 'रजनी'बारे राम्रो समीक्षा छापिएको रहेछ ।...गिरिराज आचार्यलाई रजनी कवितासङ्ग्रहले धेरै माथि उठाएको छ ।" भनेको रहेछ धेरै बधाइ छ । तपाईको कलम यस्तै उन्नतीका नयाँचुली चढ्दै जाओस् भन्ने शुभकामना गर्दै

महाकवि

....

२०४४।०२।२५।६

सन्दर्भ : चक्रपाणि शतवार्षिकी (हाम्रा साहित्यिक समीक्षकबाट)

धरानमा मनाइएको राष्ट्र कवि चक्रपाणि चालिसेको शतवार्षिकीको समापन समारोह जुन रूपमा युवा साहित्यिक जमातले मनायो त्यो रूपमा भने स्थानीय बुद्धिजीविको उपेक्षाको भने यसपाला सबैतिर व्यापक चर्चाको विषय हुनपुग्यो । राष्ट्रगानका गीतकार चक्रपाणिको शतवार्षिकी सम्बन्धमा धरानमा भएको बृहत् कार्यक्रमलाई एकाध पत्रपत्रिका लगायत गोरखापत्रसम्मले उपहास मनायो । गोरखापत्रमा त पुस्तक विमोचना र कवि गोष्ठीबारे समाचारमा सेन्सर गरियो । काठमाडौंमा प्राय: हुने कवि गोष्ठीलाई प्रमुखता दिने गोरखापत्रले बाहिर हुने साहित्य संस्कृति सम्बन्धी समाचारलाई महत्त्व नदिनु काठमाडौं वादको सङ्कीर्णताको घेरामा साँगुरिएको आम साहित्यिकले महसूस गरे ।

चक्रपाणि शतवार्षिकीमा उपप्राध्यापक नरेन्द्र चापागाई र उपप्राध्यापक गोपाल भण्डारीले लामो प्रवचन दिनुभयो । गिरिराज आचार्यको उपन्यास विस्थापित यौवनको पुस्तक विमोचना प्रसिद्ध उपन्यासकार लीलबहादुर क्षेत्रीले मोती स्मृति भवनमा गर्नुभयो । गोष्ठीमा केही युवा कविले पनि कविता पाठ गरे । उपन्यासका सम्बन्धमा

महेश प्रसाई र उपप्राध्यापक माधव पोखरेलले टिप्पणी गर्नुभयो ।

गोष्ठीको आयोजनाबारे युसाजका सदस्य हर्ष सुब्बाले साहित्यमा काठमाडौं वादको तीव्र भर्त्सना गर्नुभयो । सभापतिको आसनबाट लीलबहादुर क्षेत्रीले सभा विसर्जन गर्नुभयो भने युसाजाका तर्फबाट संयोजक भीष्म काफ्लेले धन्यवाद ज्ञापन गर्नुभयो ।

बहस साप्ताहिक वर्ष १ अङ्क २०४० वैशाख, विराटनगर

चन्द्रेश्वर दुबेको पत्र

श्री गिरिराज आचार्य

४/१३५ धरान, नेपाल

भाया.पो. विराटनगर

P.O. Jogbani, Purniya

गिरिराज आचार्य

प्रियवर मित्र

पत्र प्राप्त भयो । मुरीमुरी धन्यवाद । तपाईको लेखक परिचय, वक्तव्य र कविताको नमूना हेर्ने सुअवसर पाएँ । हार्दिक प्रसन्नता भयो । धरानको साहित्यिक गतिविधिको परिचय अर्थात् त्यहाँबाट प्रकाशित हुने कुनै साहित्यिक पत्रिका पाए अझ खुशी पाउने थिए । समय समयमा लेख्दै रहनु होला ।

झिझो नमान्नु होला । एउटा 'काम' दिइरहेछु । के तपाई श्री कृष्णकुमार पोखरेलज्यूलाई जान्नुहुन्छ ? उहाँ नेपाल बैंकमा कतै काम गर्नुहुन्छ । दमौलीबाट सरुवा (शायद बढुवा पनि) भए पछि मेरा लागि उनी बेपत्ता भएछन् । उहाँको घरको पोस्टल एड्रेस (पता ठेगाना) मलाई चाहियो । कष्ट दिएकोमा क्षमा प्रार्थनाका साथ ।

चन्द्रेश्वर दुबे
प्रोफेसर क्वाटर
डी.एम. कालेज कालनी
पो ३ .... ७९५००१ भारत
सेवामा
श्रीमान् गिरिराज आचार्यज्यू
धरान १२ , नेपाल, भाया । जोगबनी

* * *

टीकाराम उपाध्यायको पत्र

जिल्ला पूर्णिया (डिहाँर)

प्रेरक: प्रा. श्री टीकाराम उपाध्याय 'निर्भीक'

हिन्दी विभाबी कलेज

पा. बुढीगंगा (चाराली) ७८४/७६

जि. दरंग (असम) (भारत)

आदरणीय मित्र

सादर बन्दे

हजुरले पठाउनु भएको दिनाङ्क अं. ४/८/८० को पत्र पाएँ। पढी अत खुशी भए।

हजुरले उल्लेख गरेअनुसार हजुरका रचना सबै नै मलाई पठाइदिनु भए खुशी मान्नु छु। अर्को कुरा महानन्द सापकोटाको जीवनी र उहाँका पुस्तकमध्ये मन लहरी, अपुँगो, आँटि, जनजिब्रो, नारी शिक्षा तथा अरू पनि अति शीघ्र नै पढाइदिनु भए अति खुशी हुनेछु। महानन्द विशेषाङ्क भानुले निकाल्न लागेको कुरा सुनेर अति खुशी लाग्यो। हजुरले लेख्नुभएको लेख छापिएपछि उक्त संख्या पनि मलाई कसैगरेर पठाइ दिनुहुनेछ।

महान् विशेषाङ्क भानु निकाल्न लागेको कुरा सुनेर अति खुशी लाग्यो। हजुरले लेख्नु भएको लेख छापिएपछि उक्त संख्या पनि मलाई कसै गरेर पठाइ दिनुहुनेछ।

आसाम तिरको साहित्यिक चहलपहल त्यति राम्रो छैन किन भने केही गर्ने बारेमा एउटा कुनै ठोस सल्लाह नभएकाले कुनै काम सफल भएर जाँदैन। मैले त आसामी भाषामा पनि दुई चार थान पुस्तक लेखि सकेको छु। यहाँले आसामी जानु भए पठाइ पनि दिने थिएँ।

नेपालको साहित्यिक गतिविधिका सम्बन्धमा कार्तिक महीनामा कति जना साहित्यिक महारथीलाई रथ यात्रा गराउने कुरा सुन्दा खुशी लाग्यो। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले त्यस्तो महान् काम गर्न लागेकोमा म आसामबासीको भए कुलपति श्रीयुत बाङदेललाई धन्यवाद ज्ञापन गर्दैछु। त्यो मौकामा शायद प्रज्ञा प्रतिष्ठानले प्रशस्त मात्रा आउने जाने खर्च दिएर भारतका साहित्यिकलाई (दार्जिलिङ र आसाममा) बोलाउने छ। कृपा गरेर हजुरले मेरो नाम पनि प्रज्ञा

प्रतिष्ठानलाई दिनुभए अथवा मैले पनि प्रज्ञा प्रतिष्ठानबाट निम्तो पाउनसके अवश्य नै जान तयार छु ।

प्रवासमा बसेको छोपिएको साहित्यिक बन्धुका निम्ति हजुरले अवश्य नै बढी प्रयन गरेर भए पनि मेरो नाम र ठेगाना पठाइदिनु हुनेछ अथवा पुऱ्याइ दिनुहुनेछ ।

'बिन्दु' का सम्पदान के.बी. नेपालीसँग म अवश्य नै जानेछु तथा पञ्चतन्त्र माग्ने छु । धन्यवाद । जय भारत, जय नेपाल ,

बि.द्र. : नेपालमा नै राष्ट्रिय कवि

श्री हरिभक्त कटुवालको निधन

अ. ता.: १५।८।८० को दिवस

दिब्रुगड मेडिकल अस्पतालमा भएको दु:खद समाचार पठाइरहेको छु ।

भवदीय

श्री टीकाराम उपाध्याय 'निर्भीक'

२०।८०।२५दिनाङ्क १०।११।८०

सेवामा,

श्रीमान गिरिराज आचार्यज्यू

सदस्य नेपाल पत्रकार संघ, कोशी शाखा

धरान, नेपाल १२

प्रेरक- प्रो. श्री टीकाराम उपाध्याय निर्भीक

हिन्दी विभाग

एस.बि. आरबी कलेज

पो. बुढीगंगा (चाराली) ७८४१७६

जि. दरङ (आसाम) भारत

बन्धुवर आचार्यज्यू,

सादर बन्दे

हजुरले प्रेषण गरेको पाना आजै हात लाग्यो । मैले पठाएको पत्र पाइकन हजुरले प्रत्युत्तर यति छिट्टै दिनु भएकोमा हजुलाई धेरैधेरै धन्यवाद ज्ञापन गरिरहेको छु । यहाँले पक्षमा उल्लेख गरेका महानन्द सापकोटाज्यूका पुस्तक पाएपछि म अवश्य नै प्राप्ति स्वीकारको पत्र दिन त्रुटि गर्ने छुइनँ । तर ती पुस्तकको रजिष्ट्री अहिलेसम्म हुलाकमा आइपुगेका छैनन् ।

काठमाडौंका साहित्यिक महारथीलाई रथयात्रा गराउने जुन समिति हो त्यस समितिका सचिवको नाम बिना पत्र प्रेरण गर्ने हो ?

अतः सचिवको नाम अवश्य नै पठाइ दिनुहोला र भाषाशास्त्री महानन्द सापकोटाको संक्षिप्त जीवनी र एउटा कोटाको सारै आवश्यक थियो । यदि उपलब्ध हुन्छ भने अवश्य नै पठाइ दिनुहुने अनुरोध गरिरहेको छु ।

साहित्यिक महारथीको रथ यात्राको शुभ समयमा अवश्य नै काठमाडौंमा साहित्य गोष्ठी अथवा कवि गोष्ठी हुन्छन् नै यस्तो शुभचाडमा प्रवासबाट पनि निश्चय नै केही साहित्यकार अथवा कविलाई निमन्त्रण पठाइन्छ । र त्यो निमन्त्रण हजुरद्वारा मैले पाउन सके ठूलो उपकार हुने थियो ।

म साहित्यिक महारथीको रथ यात्रामा आउने परें भने निश्चय नै हाम्रो भेटघाट काठमाडौंमा हुनेछ । यसमा केही सन्देश छैन ।

पत्रोत्तर अवश्य नै दिनुहोला । आजलाई यति नै तपाईको मित्र

श्री टीकाराम....

* * *

भवानी भिक्षुका पत्र



प्रिय भाइ गिरिराज, स्नेश..................

६।२१ बत्तीस पुतली

काठमाडौं : नेपाल :

शिवरात्री पर्व

प्रिय बन्धु, स्नेह अभिवादन ।

तपाईको ....पत्र पाएँ । 'आगत' मन पऱ्यो, आफ्ना भावना व्यक्त गर्नु भो, अभार प्रकट गर्दैछु ।

अहिले विरामी भएर दिल्ली जानुपऱ्यो, दुई पटक दिल्ली पुगें । पहिलो पटक दुई महिना बस्नुपऱ्यो, दोस्रोपटक पन्ध्र दिन लाग्यो । मप्रति मेरो देश र शासनको कुनै सहानुभूति यो अवस्थासम्म पनि पाइएन । तर ......अहिले एउटा लघु उपन्यास 'पाइप नम्बर दुई' तथा एउटा कथासङ्ग्रह 'अवान्तर' छापिन लागेको छ । लेख्ने धेरै इच्छा थियो ममा.स्वास्थ्य. पनि ठिकै थियो । तर के भनुँ ।

पुनः आभार व्यक्त गर्दैछु । योग्य सेवाको सूचना पाउँदै गर्नेछु भन्ने आशय छ । धन्यवाद ।

शुभार्थी

भवानी भिक्षु

६।२१ बत्तीसपुतली

काठमाडौं: नेपाल:

वैशाख १६, ०३४

प्रिय गिरिराज आचार्यज्यू नमस्कार ।

अवश्य छ, स्वस्थ हुनुहोला । तपाईको दोस्रो पत्र २ फागुन ०३३ मा लेखिएको .... को उत्तर पठाएको झन्डै १।२ महिनामा भयो । उत्तर नपाउँदा दु:ख मान्नु परेको स्व.........भए पनि धैर्यसम्म बसेको थिएँ । हिजो राति यस्सै संमुना......शंका भयो 'मेरो पत्रै पुगेन कि ?' अनि यो पत्र लेख्नेछु । कृपा गरी आफ्नो स्वास्थ्य समाचार लेख पढका साहित्यिक समाचारसँगै यो पनि जरुर लेख्नुस् 'मेरो पात्र पाउनुभयो अथवा पाउनु भएन ?'

शेष उत्तम छ । मेरो स्वास्थ्य यथावत छ । जम्मै समाचार लेख्नै परे अवश्य लेख्नुस् मेरो पत्र पाउनु भएन कि ?

सधैं भलो चिताउने

भवानी भिक्षु ।
६।२१ बत्तीसपुतली
महाशिवरात्री पर्व)
२४, फागुन, ०३४

प्रिय गिरिराजज्यू, स्नेह अभिवादन ।

तपाईको स्वास्थ्य कामना गर्दैछु । कृपा गरी 'फेवा' को प्रथमप्रति पठाउने ....आभारी छु । एउटा कुरा भन्नु छ । 'फेवामा' मैले आफ्नो पत्र पढैं । जो मैले तपाईलाई लेखेको थिएँ । पत्र प्रकाशित गर्नु भएको छ । त्यो गर्नुपर्ने थिएन । तपाईलाई मैले व्यक्तिगत पत्र लेखेको थिएँ । त्यसलाई सार्वजनिक बनाउनु पर्दैन थियो । कममा कम एक पटक मसित पनि सोध्नुपर्ने थियो । जे होस् । अबदेखि त्यस्तो पुनरावृत्ति नहोस् । एउटा साहित्य ... नाताले तपाई सित मेरो स्नेश सम्बन्ध छ र पत्राचार हुन्छ । पत्रहरूको यतिकै उपयोग हुन्छन् । प्रकाशित गरिने पत्र बेग्लै खाल्का हुन्छन् । अवश्य छ भविष्यको ध्यान राख्नुहोला ।

'फेवा' प्रकाशित भएको मा खुशी लाथ्यो । समयानुसार मैले केही पठाउने छु । अहिले मेरो स्वास्थय ठीक छैन उत्तर पाउँ ।

स्नेही बन्धु
भवानी भिक्षु
६।२१ बत्तीसपुतली
काठमाडौं, नेपाल, १९ चैत्र २०३३

प्रिय गिरिराजज्यू, नमस्कार

तपाईका पत्र पाएको थिएँ । स्वास्थ्य ठीक नभए समयमा नै उत्तर दिन सकिन क्षमा गर्नुहोला । तपाईं भनुँ, नयाँ पिँढीका तपाईहरू अब हाम्रो उत्तराधिकारी हुनुभयो । तपाईंको सम्मान नगरे गर्ने कसको ?

तपाईं को 'ए............ का लागि आभारी छु । अहिले एउटा लघु उपन्यास तथा एउटा कथासङ्ग्रह छाप्न गएको छ । अरु २।४ उपन्यास लेख्ने बिचार यो

...........कमजोर छ । गत अगस्त महिनामा दिल्ली गए, दुई महिनासम्म बाँचे । आए । तर मेरो देशको हाम्रो राज्य र राजाले यतिसम्म पनि सोधेन तिमीलाई के भएको छ ? चिकित्सा व्ययको नाउँमा ..पैसा पनि मेरो देशले मेरा लागि सकेन । एउटा लेखक हुँ । भिक्षा माग्न आत्मसम्मानले दिँदैन । कुनै तवरले यो जीवन धान्दैछु तर गुनासो छैन । हाम्रो देश, हाम्रो राज्य व्यवस्थाको अहिले लेखक होइन लेखाइ होइन । ठग र ठगी मात्रको अर्चना गरेको छ, यसैमा सफलता मानेको छ । .... मलाई पनि त्यही सादर ....छ । दु:ख लाग्छ लेखकको काम किन गरेको हुँ , कुनै बनियाँ, मारवाडी, ठग, वकिलको काम सिके राम्ररी बाँच्न त बाँच्थे । यत्तिकै शेष उत्तम छ ।

शुभार्थी भवानी भिक्षु ।

P 20 new Medical Enelave

Banaras Hindu University

Varanasasi-5

Phone : 311637

श्री गिरिराज आचार्य

धरान ४/१३५

धरान (नेपाल)

६।२१ बत्तीस पुतली

काठमाडौं, नेपाल : ११, ७, ०३४

प्रिय भाइ गिरिराज, स्वस्थ हुनुहोला । तपाईंको पत्रको उत्तर दिने अवसर भएन क्षमा गर्नुहोला ।

मेरो आगमनबारे तपाईंको जो आलोचना (आराप) सम्बन्धी कुरा गर्नुभयो त्यसप्रति आभारी छु । भिक्षु आ..............................

'फेवा' कार्यालय

प्राप्तकर्ता

श्री भवानी भिक्षु

६।२१ बत्तीसपुतली

काठमाडौं, नेपाल ११, ७, ०३४

श्री गिरिराज आचार्यजी

विजया दशमीको हार्दिक शुभकामना। तपाईंको चिट्ठी १० दिन अघि जस्तो पाएँ। तारिणी बाबुको साहित्यसम्बन्धी रचना पठाएकी छु। तपाइाले सं. गर्नु भएको 'वी.पी.का साहित्यिक विचार मैले पढेकी छु' र त्यही नाउँको तपाई नै हुनु पर्ने हो भन्ने लागेको छ। मैले सान्दाजुका नारीको मनोवैज्ञानिक चित्रण गरी लेखेको किताब 'किनेर पढी चिट्ठी समेत लेख्नु भएकोमा' धेरै धन्यवाद छ। मेरो त्यही मात्र हो किताब प्रकाशित भएको। रचना सिक्किम र दिल्लीबाट निस्कने पत्रिकामा र केही किताबमा छापिएका छन्। यो एउटा किताब छापेर किताब मात्रै ठाउँठाउँमा बिक्री वितरणलाई पठाउँदैमा मनले हरेस खाइसक्यो। कतैबाट पैसा आएको छैन। म त नोकरी गरेर खाने मान्छे हुँ। किताब राम्रो छपाउने भएर धेरै खर्च पऱ्यो। नेपालमा जसलाई चिट्ठी पठाएका पनि जबाफ पाइँदैन चाहे त्यो मन्त्री होस् चाहे आफन्त। रचना पठाएको Acknowledgement पाइँदैन। म हत्तपत्त बनारस छोड्न पाउँदिन। "वी.पी. कोइरालाकी मानसपुत्री इन्द्रमाया" भनी मैले लेखेको रचना झण्डै चार वर्षजस्तो भयो, किताबमा च्भाभचभलअभ पनि दिएकी छु, खेमराज बन्धुले फोन गरी "तुरुन्तै पठाइ दिनु पऱ्यो तपाईंको रचना नभई हुँदैन" भन्दा पठाएको तर त्यो उहाँले के गर्नुभयो पत्तो छैन। एक वर्षभन्दा बढी भयो, काठमाडौं जाँदा सोधेकी थिएँ फोनमा, छापिँदैछ नै भन्नुभयो। यो रचना सर्पदंशको असाधारण बालक कम्मुका सम्बन्धमा लेखेर पठाएकी छु पाएको खबर बेलामा दिनुभएमा मलाई ढुक्क लाग्नेछ। अन्तमा मेरो किताब मन पराउनु भएकोमा धेरैधेरै धन्यवाद।

पुनश्च : श्री ऋषिकेश शाहजीले कान्तिपुर दैनिकमा लेख्नुभएको मेरो किताब सम्बन्धी खबर लेख्नु भएकोमा धन्यवाद। योभन्दा पहिले गोरखापत्रमा पनि कसैले लेखेको थियो भन्ने सुने तर मैले कुनै पनि देख्न पाएक छुइन। तपाईंको चिट्ठी पाएपछि शाहजीलाई चिट्ठी लेखेकी छु।

* * *

मदनमणि दीक्षितका पत्र

मित्रवर,



१२ वैशाखको पत्र हिजो मात्र मेरो हातमा पर्‍यो । मले नयाँ कार्यभार स्वीकारेकोमा बधाइ दिनुभयो । हार्दिक धन्यवाद छ । बधाइ दिने उद्देश्य केही भए पनि सके १०-१२ वर्षपछि सम्झना राखेर लेख्नुभयो, मित्रतामा न्यानो थप्नुभयो । मलाई कति आत्मसन्तुष्टि भयो होला आफैं अनुमान गर्नुस् ।

मेरा बारे स्वादिला र तृप्तिदायी शब्द प्रयोग गर्नुभयो फेरि धन्यवाद । म तपाईंजस्तो कवि होइन खस्रा कुरा मात्र लेख्न जानेको छु । तैपनि हृदयभित्र भने ममा सधैं तपाईंप्रति सौहार्द र समानता रहँदै आयो । थप के भनूँ । मैले लिएको जिम्मालाई फलदायी र सफल तुल्याउने अभिभारा तपाईमाथि छ भन्ने सम्झना गराउँछु ।

सदा स्नेही

मदनमणि दीक्षित

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

गिरिराज आचार्य

नेपालको पत्रकारिताका र साहित्यका एक मूर्धन्य नक्षत्र मदनमणि दीक्षितज्यू हामीबीच रहनुभएन । तर, उहाँले छाडेर गएका असङ्ख्य स्मृतिका पानामा समेटिएका छन् । उहाँले आफ्नो जीवनकालमा मलाई ५/६ वटा पत्र लेख्नुभयो । उहाँले मलाई विभिन्न वर्ष र मितिमा पत्र लेख्नुभयो । मेरो पत्रको प्रत्युत्तरमा एउटा पत्र २०५१/२/३ मा लेख्नुभयो र अर्को २०४३ तिर पठाउनुभयो । उहाँले माधवी उपन्यास प्रकाशित गरेपछि त्यो उपन्यास मैले आद्योपान्त पढें । त्यसैको प्रतिक्रियामा मैले उहाँको उपन्यास प्राचीन मिथकको बढी प्रयोगले क्लिष्ट बन्न गएको प्रतिक्रिया लेखें । अर्को कुरा उहाँको उपन्यासमा हिन्दीका उपन्यासकार भगवती चरण वर्माको चित्रलेखासँग तुलना गरेको थिएँ । त्यसको प्रत्युत्तरमा उहाँको पत्रमा उल्लेख रहेको छ ।

अन्त्यमा उहाँका अमूल्य विचार प्रस्तुत गरेर उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछु । साथै पत्रको आदान प्रदानको क्रममा विषयगत प्रसङ्ग तलमाथि परेको हुन सक्छ, सोहीअनुसार ग्रहण गर्नु हुन पाठकलाई अनुरोध गर्दछु ।

पत्र नं. १

श्री गिरिराज आचार्य

प्रिय मित्र,

२८ जेठ २०४० को पत्र निम्ति धन्यवाद छ । उपन्यासमा धेरै पात्र ।। हुनु रुसी साहित्य मात्रको विशेषता नभई विश्वमा ठूलठूला त्यस्ता सबै रचनामा पाइने लक्षण हुन् । १९३६ मा प्रकाशित मिचेल मार्गरिटको home with the wind (USA) मा एउटा उदाहरण दिन सकिन्छ । उपन्यासले विशाल भूभाग र फराकिलो सामाजिक विस्तारलाई अँगाल्यो भने थोरै वा नाउँ नभएका पात्रद्वारा कसरी कथालाई प्रस्तुत गर्ने ?

हो चरित्र प्रधान रचनामा धेरै पात्र नाम हुनुहुँदैन । माधवीमा दुई पात्रमा म प्रधान छन्, बाँकी चै वातावरणको सृष्टि निम्ति मात्र । माधवीलाई भगवती बाबु वा चतुरसेनका रचनासित दाँज्न मिल्दै मिल्दैन । चित्रलेखामा किञ्चित ऐतिहासिकता छ । यद्यपि उक्त रचनामा मुख्यत: आधुनिक सामाजिक मूल्यकै विवेचना छ । मध्ययुगीय सामाजिक परिवेशअन्तर्गत आजका समस्याको समाधान खोज्ने जस्तो गैर-समाजशास्त्रीय भए पनि त्यो प्रयास असम्भव छैन ।

चतुरसेन भने ठीक K.M. Munshi लेझैं आफ्नो भाषाको लालित्यमा पौराणिक नाउँ उनेर तथा पौराणिक कथालाई पुरातत्वप्रति उक्त रचनामा अतिचारपूर्ण उदासिनता र उपेक्षामय भाव लिँदै मनपरी तवरमा प्रस्तुत गर्छन् र पुराणमा बीज रूपमा फेला पर्ने इतिहासलाई सुबोध्य गराउनु सट्टा उल्टो बङ्ग्याउन र पाठकमा अज्ञान र भ्रमको मात्रालाई बढाउन पुग्छन् । चतुरसेनलाई पौराणिक क्षेत्रका गुलशन नन्दा भन्नु अत्युक्ति होइन ।

भगवती चरण र चतुरसेनका ती कुनै आभाष र भुँमरीबाट माधवीलाई मुक्त र पृथक राख्नेमा म सावधान थिए । माधवीको क्लिष्टता पौराणिक जीवनको पुरातात्विक र समाजको ऐतिहासिक विकासमा आधारित विश्लेषण पद्धति फेला पार्न सकिन्छ । शब्द कठिन अनुभव हुँदा तुरुन्तै कोश पल्टाए भइहाल्छ नि । माधवीमा तत्कालीन उत्तर भारतको समाजका सम्बन्धमा केही आधार सिद्धान्तको

प्रतिपादन गर्न खोजिएको छ। औपचारिक विधाद्वारा पुरातत्वमा आधारित समाजशास्त्रीय विवेचना गर्न खोजिएको छ। अथवा

यही उद्देश्यले शब्दलाई "क्लिष्ट" तुल्याएको हो, अथवा तुक्का नै समेत परेको हो। "विवाह" पनि संस्कृत नै हो। तर, त्यो पनि प्रयोग नगरी "दाह क्रिया" भन्नुपर्ने कारण युग चरित्रलाई एउटा शब्दद्वारा प्रष्ट तुल्याउन खोज्नु हो। पृथुलाई शिवीकी "भार्या" र माधवीलाई हर्षाश्वकी .... अथवा दिवोदासकी "भार्या र पत्नी" भन्नुमा शब्दको होइन कि अर्थको क्लिष्टता अवश्य छ। यसो नगरेको भए मैले यो विधालाई छोडेर डा. राघेय राघवको "महायात्रा" जस्तो रचना गर्नुपर्थ्यो। "महायात्रा" महाग्रन्थ हो र उत्तिकै रोचक छ। माधवी त्यसबाट समेत अवश्य प्रभावित छ तर त्योभन्दा आधारभूत रूपमा पृथक् रचना हो।

त्यसैले "धेरै पात्र र क्लिष्ट शब्द चाहिँ तपाईंले आयातित गर्नुभएको भन्दा अतिशयोक्ति नहोला" भन्नुहुँदा तपाईंले रचनालाई माथिबाट मात्र हेरेर तत्काल हलुका धारणा बनाइहाल्नेतिर लाग्नु भएको मैले पाएँ।

प्रश्न हो, त्यो प्राचीन समाजलाई आफ्नो सम्पूर्ण भौतिक र वैचारिक परिवेशमा ज्यूँदो पार्न सकिएको छ कि छैन र प्राचीन भारतबारे आधुनिक वैज्ञानिक अध्येताले प्रस्तुत गरेका सम्भावित चित्रणको कति नजिक पुऱ्याउन सकिएको छ। माधवीमा मैले यी दुवै कोशिश गरेको छु। चतुरसेन र भगवतीले आफ्नो यी दुवै कुराभन्दा औपचारिकतामाथि बढी ध्यान दिएका हुन्।

अन्य शब्दद्वारा माधवीबारे जे जति भन्नुभयो ती सबै निम्ति मेरो हार्दिक धन्यवाद छ। सुस्वास्थ्य निम्ति कामना गर्छु।

पुनश्च :

एउटा सानो कष्ट दिऊँ। त्यहाँको "कल्पना साप्ताहिकले मेरा केही लेखबारे छविलाल पोखेलज्यूका टिप्पणी प्रकाशित गरेको थियो। सो बारे मैले २७ मार्ग २०३९ मा केदारज्यूलाई एउटा पत्र लेखेको थिएँ। (नक्कल जस्तो सायद)। तर आजसम्म कुनै प्रतिक्रिया थाहा पाउन सकिन। के भएछ ? बुझेर मलाई खबर गर्ने कष्ट गरिदिनु हुन्छ कि ?

काठमाडौं, सदा स्नेही

४ असार २०४० मदनमणि दीक्षित

* * *

हिन्दी साहित्यका गिरिश्चन्द्रका पत्र



श्री गिरिराज आचार्य
१२ धरान
संचारक जनमत दर्पण
धरान (नेपाल)
विष्णु प्रभाकर ९।९ कण्डेवालान
.... दिल्ली ११०००६ भारत
भारतेन्दु भवन
चौखम्भा वाराणसी
दि. १३।५,७७
मान्य आचार्य जी,
सादर नमस्कार ।

आपका दि. ६।५।७७ मा कृपा-पत्र एवं संरक्षक की प्रति तथा कवि मोतीराम भट्ट की जीवनी प्राप्त हुई । खेद है, इसके पूर्व मुझे कोई सामग्री नहीं प्राप्त हुई जैसा कि आपने संकेत दिया हैं । मैं सम्प्रत्ति काशी हिन्दू विश्वविद्यालय में प्राध्यापन कर रहा हूँ । उसी विषय में एक शोध प्रबन्ध भी लिखने में व्यस्त हूँ । अतः भट्टजी एवं अपने पूर्वज भारतेन्दु जी के सम्बन्ध का शोध केवल मस्तिष्क में घूम रहा है । ठोस कार्य करने हेतु मुझे भारतेन्दु संपादित पत्र-पत्रिकाएँ देखनी हगी, ध्यान में सदैव रहता है । शीघ्रता शीघ्र प्राप्ति की सूचना भेजूँगा । मुझे पूर्व में कोई पुस्तक न प्राप्त होने से कोई पत्र देने का अवसर नहीं मिला । कृपया सम्पर्क रखें । आपके अनुग्रह से दबा हूँ ।

पुनः पुनः धन्यवाद सहित

आपका गिरिश्चन्द्र

पुनश्चः 'नेपाली हिन्दी' सभा का सर्जक कवि १ कैसा रहेगा विचार लिखें
गिरिराज आचार्य
अरय कुमुदचन्द्र
भारतेन्दु भवन
चौखम्मा, वाराणसी

दि. २६।१२।७७

प्रिय आचार्यजी

सप्रेम नमस्कार

बहुत दिनों से कोई समाचार न पाकर चिन्तित हूँ। भट्टजी की प्रतिमाका क्या हुआ ? कोई कारवाई की सूचना नहीं है। मैंने भारतेन्दु एवंभट्टजी के सम्बन्धों को लेकर एक लेख लिखा था जो संलग्न पत्रिका में छपा है। आशा है आपको पसन्द आएगा। पत्रिका अनेक उत्साहीजनों के प्रयास से छपा है। समाचार देते रहा कीजिए। सकुशलपूर्वक प्रसन्न रहें। नव वर्ष का शुभाभिनन्दन स्वीकार कीजिएगा।

सप्रेम

गिरिश्चन्द्र

दिल्ली ११०००६

२३.५.१०

प्रिय भाई

पत्र मिला था। बहुत आभारी हूँ।

नेपाल में जनमत सङ्ग्रह का परिणाम तो आपके विरुद्ध गया। आश्चर्य हमको भी हुआ। पराजय जो हुआ, वह तो स्वीकार करना पडेगा और उसे अधिक से अधिक उपयोगी बनाना होगा।

आपकी साहित्यिक गतिविधियों के बारे में जानकर बहुत हर्ष हुआ। देवकोटाजी के बारे में मैंने पढा है। आप अपनी कुछ प्रतिनिधि रचना का हिन्दी अनुवाद करिये या करा लें। भारत में अच्छी चीजें अवश्य छपेंगी। आप तो अच्छे पत्र में लिखते ही रहते हैं। मैं अब पढूँगा।

धरान के बारे में जो जानकारी आपने दी जिससे लगता है कि एक बार उहाँ जाना चाहिए। मैं तो काठमांडू, भक्तपुर, पाटनादि ही देख सका हूँ। पटना से हवाई जहाज से गया था। अब कभी सडक्क से जाऊँगा।

मैं अभी अपना उपन्यास प्रेस को दिया है। एक नाटक हाथ में है। ३०।४० पुस्तकें बाजार में हैं। कुछ छोटी कुछ रकम नहीं है। आपको कुछ भेभूँगा। ....प्रेस में है नाटक अधिक हैं।

अभी काठमांडू में हिन्दी पढ्काने बसे डा. रामदयाल राकेश है । नेपाल भारत में इतनी समानता है कि दो देश लगते ही नहीं । सीमा अलग होकर भी एक हैं । संस्कृति से ऊपर राजनीति के कारण बीच में टकराहट होती रहती है । भारत को ये टकराहट है ।

काठमांडू के श्री तुलसी मेहरजी से हमारी बहुत अच्छी जान-पहचान हैं । और आज ईरान के दूत है शायद न भी हों । मन्त्री भी रहे हैं । २० वर्ष जिला में भी रहे हैं । धुस्वाँ सायमि से खूब बातें की है । यहाँ दूतावास में भी कुछ उपन्यास हिन्दी में लिखे हैं । 'आवारा मंसिहा' को इन्होंने खस्ब प्रशंसा की थी ।

और सब ठीक ही है ।

आप सानन्द होंगं ।
गिरिराज आचार्य
पोष्ट धरान-८, नेपाल
स्नेही प्रभाकर
९।९। कण्डेवालन्त्र
अजमेरी गेट दिल्ली ११००६
श्री गिरिराज आचार्य इम्फाल

प्रियवर मित्र २३.२.७७

पत्र प्राप्त भयो । मुरीमुरी धन्यवाद । तपाईंको लेखक परिचय, वक्तव्य र कविताले नमूना हेर्ने सुअवसर पाएँ । हार्दिक प्रसन्नता भयो । धरानको साहित्यिक गतिविधिको परिचय अर्थाते त्यहाँबाट प्रकाशित हुने कुनै साहित्यिक पत्रिका पाएँ । अझ खुशी पाउने थिएँ । समय समयमा लेख्दै रहनुहोला ।

झिझो नठान्नु होला । एउटा काम दिइरहेछु । के तपाई श्री कृष्णकुमार पोखे्रलज्यूलाई चिन्नुहुन्छ ? उहाँ नेपाल बैंकमा कतै काम गर्नुहुन्छ । त्यहाँबाट सरुवा (शायद बढुवा पनि) भएपछि मेरा लागि बेपत्ता हुनुभएछ । उहाँको घरको पोष्टल एड्रेस (पत्ता ठेगाना) मलाई चाहियो । कष्ट दिएकोमा क्षमाप्रार्थनाका साथ

चन्द्रेश्वर दुबे
श्री गिरिराज आचार्य
प्रोफेसर क्वाटर ४।१३५ धरान, नेपाल
डी.एम.कलेज कालनीमा.पो.विराटनगर
पो. इम्फाल १९५०० भारत

दिल्ली ११०००६, ४.४.१०

प्रिय भाई

आपका २९ ता.का पत्र पाकर बहुत खुशी हुई । आप साहित्य के आस्थावान पाठक हैं और 'आवारा मसीहा' के प्रंशसक, यह जानकर मन आनन्दित हुआ । कृतिकार का यही पारिश्रमिक है ।

आप क्या लिखते हैं ? आपकी किसी कृति का हिन्दी में अनुवाद हुआ कि नही ?

धरान किस और है ? काठमांडू तो मैं हो आया हूँ । पाटन, भक्तपुर भी देखा है पर तराई नही गया हूँ ।

भारतीय व नेपाली तो एक ही संस्कृति की दो शाखाये हैं । धर्म एक ही है । दो राष्ट्र होकर भी आत्मा एक है । कभी दिल्ली आना हो तो मिलें । प्रसन्न होंगे ।

हार्दिक शुभकामनाएँ एवंस्नेह

विष्णु प्रभाकर

श्री गिरिराज आचार्य

धरान १२, नेपाल प्रेषक

विष्णु प्रभाकर

१।१ भण्डेवालन अजमेरी गेट

दिल्ली ११०००६

गिरिश्चन्द्र भारतेन्दु भवन

कुमुदचन्द्र चौखम्बा भवन

दि. ९।१२।७६

मान्य आचार्यजी

आपका ता. १।१२ का पत्र आज प्राप्त हुआ । अनेक धन्यवाद । आपका लेख मैंने देखा था तथा यह धर्मयुग भी खरीद कर रख लिया है । मोतीरामजी एवंभारतेन्दु के सम्बन्धों के विषय में मुझे पूर्व में केवल कुछ सूचनाएँ थीं । तब से मैं बराबर इस खोज में हूँ कि कोई पत्रादि जैसा आपने लिखा है मिले । अगर मिला तो भेजूँगा । भारतेन्दु के भी पत्रादि शायद नेपाल में मिले । आप भी देखिएगा । भारतेन्दु के प्रति, आपने ऐसे भाव प्रकट किये । हम परिवार की शुभकामनाएँ एवंआभार स्वीकार कीजिए । कभी काशी आवें तो दर्शन दें । नेपाल

में हिन्दी की क्या स्थिति हैं ? सादर

श्री गिरिराज आचार्य

चतरा लाइन ४।१३५

धरान, नेपाल

आपका गिरिश्चन्द्र

पुनश्य : भारतेन्दु पर सरकार ने गत ९।९।७६ को जो डाक टिकट निकाला था आपको भेज रहा हूँ।

भारतेन्दु भवन

कुमुदचन्द्र चौखम्बा भवन

दि. ९।१२।७६

मान्यवर आचार्य जी,

सादर नमस्कार

आपका दि. २७।५ का पत्र यथा समय प्राप्त हुआ था। मैं कुछ अपने शोध कार्य में व्यस्त था। अतः यह उत्तर में देर हुई क्षमा कीजिएगा। आपको लिखने हेतु मैं अच्छी प्रकार से चाहता हूँ। अतः आनन्ददायक क्षणों में लिखता हूँ कि व्यस्त समय में। आपकी भेजी सामग्री का अनुगृहीत हूँ। मोती भारतेन्दु हिन्दी परिषद् की स्थापना की तीब्र इच्छा है। इस परिषद् में मैं चाहता हूँ कि हिन्दी भाषा के साहित्य का नेपाली में प्रचार एवं नेपाली का हिन्दी में प्रचार एवं प्रसार हो। इससे एक दूसरे देश की जनता को निकट जाने का प्रयन्त होगा। यह केन्द्र एक काशी के मेरे ऐतिहासिक भारतेन्दु भवन में एवं एक नेपाल में हो। मोती स्मारक के रूप में होकर विकास अच्छा होगा। आप कभी पधारें अथवा कोई छात्र आवे तो भारतेन्दु की सामग्रियाँ भेजूँगा। मैं मोतीराम भट्ट की सामग्री ढूँढ ने का प्रयत्न करूँगा।

मैं स्वयं भी चेष्टा करता हूँ। क्या आपको मेरा भेजा भारतेन्दु का स्मारक डाक टिकट प्राप्त हुआ या नहीं। पत्र पाकर अत्यन्त प्रसन्नता की अनुभूति होती है अतः कभी-कभी कृपा किया करें।

आशा है आप अच्छे होंगे।

पुनः धन्यवाद सहित

आपका गिरिश्चन्द्र

भारतेन्दु भवन

काशी

ता. १२.३.७८

प्रिय गिरिराज जी

सप्रेम नमस्कार

आपका भेजा 'फेवा' का अङ्क ६ प्राप्त कर अत्यन्त प्रसन्नता हुई । आपने मेरे लेख का सन्दर्भ छापा आभारी हूँ । प्रो. श्री हरिभक्त नवपानीजी से मुलाकात कर बहुत खुशी हुई । बहुत सी नवीनता का आदान-प्रदान हुआ । श्री मोतीरामजी के सम्बन्ध में बहुत नयी खोज हम दोंनो ने मिलकर काशी में की हैं । आप उनसे पूछिएगा बडक्का आनन्द ....। अनेक विषयों की चर्चा रही । उनसे मुझे बडक्का ज्ञान प्राप्त हुआ ।

आप लोगों के प्रेम स्नेह को पाकर मैं अत्यन्त विभोर हो रहा हूँ । आशा है यह बन्धन चलता रहेगा । कभी काशी पधारें । मेरे योग्य सेवा लिखें ।

आपका स्नेही, गिरिश्चन्द्र

काशी हिन्दु विश्वविद्यालय

वाराणसी-२२१००५

BANARAS HINDU UNIVERSITY VARANASI-221005

DATE : 23/3/79

भारतेन्दु भवन

चौखम्बा, काशी

प्रियवर गिरिराज जी

सप्रेम नमस्कार ।

आपका १२ मार्च का पत्र एवं'मोती' विशेषांक प्राप्त कर बहुत प्रसन्नता हुई । आपने अपने लेख में मेरा भी परिचय दिया है । और तो मुझे नेपाली भाषा का ज्ञान न होने से समझ न पाए पर पत्रिका कि साज-सज्जा अच्छी लगी । इस हेतु आपको बधाइ एवं धन्यवाद । आपका सन्देश होली पर प्राप्त कर और भी आनन्द हुआ । मेरा नव वर्ष बधाइ सन्देश आपको पहँचे । प्रो. हरिभक्त नेउपाने

जी का समाचार नही है अतः चिन्ता है । उनका हाल समाचार अगर हो तो देंगे । मेरे योग्य कार्य लिखें एवंसमय-समय पर पत्र दिया करें । सम्पर्क से प्रेम में और भी आनन्द होता है ।

आपका

गिरिश्चन्द्र

गिरिश्चन्द्र चौधरी भारतेन्दु भवन

प्रोफेसर भू-विज्ञान विभाग (अ.प्रा.)चौखम्भा

काशी हिन्दु विश्वविद्यालय, वाराणसी २२१००५ वाराणसी २२७००७

फोन : ३०७३११ फोन : ३२०२५७ (निवास)

प्रबन्धक : श्री हरिश्चन्द्र इन्टर कलेज, वाराणसी २४२०२५७

फोन : ३३३८१० दिनाङ्क : ७०-१२-०४

प्रियवर गिरिराज जी,

सप्रेम नमस्कार

क्या ही सुखद अनुभव हुआ आपका मार्ग शी. १५ सं. २०५१ का पत्र पाकर । बहुत धन्यवाद कि आपने पत्र पर हिन्दु सम्वत् की तारीख दी न कि अङ्ग्रेजी, आप मेरे पूर्वजों के प्रति इतनी श्रद्धा रखते हैं यह बहुत प्रशंसनीय है । मोतीराम भट्टजी की आत्मा का मेरे भारतेन्दु की आत्मा का मिलन हुआ है । ईश्वर की कृपा दो प्रेमियों को अवश्य मिलाती है । उनका भक्त एवं कार्यकर्ताओ के फोटो देखकर आश्चर्य हुआ । आपको पशुपतिनाथ इतनी शक्ति दें कि आप और भी कार्य करते रहें । कभी काशी आवें तो आपसे पूरी बातचीत हो । मेरा मन आपसे मिलने को हो रहा है । आप अन्य क्या व्यवसाय करते हैं लिखें । बहुत दिन पूर्व में हरिभक्त नेउपाने आये थे जो आपको जानते हैं । अपने साथ फोटो कराये थे अनेक बातें हुईं । उनकी पत्नी एम.पी.थी नेपाल में । नव वर्ष की शुभकामनाओं के साथ । सम्पर्क रक्खें । पुनः पुनः पत्र हेतु धन्यवाद ।

आपका गिरिश्चन्द्र

* * *

डा. शर्माका नारी पात्रको मनोविज्ञान तथा अस्तीत्ववादको सन्दर्भमा

विश्वेश्वर प्रसाद कोइरालाको साहित्य

प्रा.डा विष्णुकुमारी शर्मा उपरोक्त शीर्षकको लेखिका डा. विष्णुकुमारी शर्मा हुनु हुन्छ। यो पुस्तक १९९२ मा छापिएको थियो। पुस्तकको मुल्य नेरु. १९८।- म.स. १२०।- रहेको छ। पुस्तक सयपत्री प्रकाशन वाराणसीले जोहरी प्रिन्टर्स ४१ शिवाजी नगर महपुरगंज, वाराणसीमा छपाएको थियो। त्यस यता यो पुस्तकको दोस्रो संस्करण छाएिको छैन। लेखिका डा. (श्रीमती) विष्णुकुमारी शर्मा एम.ए. (एम.ए. मनोवैज्ञानिक) काशी हिन्दु विश्व विद्यालय एम.ए. नेपाली त्रि.वि.वि., पी.एच.डी. पुस्तकको उत्तरबंगाल विश्व विद्यालय, प्राध्यापिका नेपाल अध्ययन केन्द्र सामाजिक विज्ञान संकाय काशी हिन्दु विश्व विद्यालय वाराणसी २२१००५ रहेको छ। वहाँको पारिवारिक परिचयको खण्डमा वहाँ शहिद धर्म प्रसाद ढकालकी माइली सुपुत्री हुनुहुन्छ।

लेखिका डा. शर्माले वीपी जीउँदै हुँदा वनारसमा वीपीसँग भेट गरेर वहाँको साहित्यमा विद्यावारिधि पी.एच.डी. गर्ने जानकारी दिनुभयो। प्रतिउत्तरमा वीपीले हाँस्दै आफू अमेरिकाबाट उपचार गरेर फर्के पछि डा. विष्णुसँग साहित्यिक विचार बारे व्यापक विचार विमर्श गर्ने बताउनु भएछ। तर त्यस्को ४ महिना पछि वीपीको असामयिक निधनले मर्माहत हुन भए छ वहाँको मनमा वीपी फर्केर आएपछि वहाँले लेख्न लागेको प्रस्तुत पुस्तकमा वीपीको साहित्यमा पाइने नारी मनोविज्ञान बारे चासो राख्ने वहाँका नारीपात्रहरू १) कर्नेल्नी ,२) चन्द्रवदन, ३) पवित्रा, ४) पदमा, ५) चन्द्रकुमारी, ६) मैया, ७) सान्नानी, ८) मोहीनी, ९) फगुनी, १०) इन्द्रमाया, ११) गौरी, १२) मुनरीया, १३) सुम्नीमा, १४) पुलमा, १५) उमा रहेका छन्। लेखिका डा. शर्माले यी नारी पात्रहरूको मनोविज्ञान व्यथाको बारेमा लेखक वीपीले कसरी व्याख्या गर्नुहुन्छ। त्यो जिज्ञासा मेट्न नपाएकोमा आफ्नो

नारी मनोविज्ञानमा व्यथामा हृदय स्पर्शी अनुत्तरित प्रश्नहरूको व्यथा कुरेद्नु भएको छ । जस्तोकी वहाँले वीपीसँग गरेको संवादको पृष्ठभूमि यस्तो रहेको छ ।

मेरो भन्नु

सन् १९६८ अक्टोबर (२०२५ साल अशोज) मा वीपी कोइराला स्वनिर्वासमा बनारस आउनु भएको बेला वहाँलाई पहिलो पल्ट देख्ने र भेट्ने सौभाग्य मलाई प्राप्त भयो । मेरो सपरिवार बसाइ बनारसमा नै भएकोले राष्ट्रिय मेलमिलापको आव्हान गरेर वहाँ सन् १९७६ दिसम्बर ३० डिसेम्बर (२०३३ साल पुष १६ गते) मा नेपाल नफर्कुञ्जेलसम्म बेलावखत भेटघाट भइरह्यो । सरल हृदयी र स्नेहालु स्वभावको हुनु भएकोले अस्वस्थ र अति व्यस्त हुँदा पनि वहाँ हँसिलो उज्यालो अनुहारले बडो आत्मीयतासित भेटघाट र बातचित गर्नु हुन्थ्यो । अमेरिकाबाट स्वास्थोपचार गरी फर्कदा सन् १९८२ मार्च (२०३९ साल चैत्र) मा बनारस आएको बेला मैले वहाँका कथा र उपन्यासका नारी चरित्रहरू माथि पी.एच. डि. गर्दै छु भन्दा बढो उत्सुकता देखाएर मुसुक हाँस्दै पी.एच.डी. सिध्याएपछि तपाईंसित चर्चा गरुलाँ भन्नु भएको थियो तर त्यसको चार महिना पछि नै वहाँकोनिधनको दु:खद घटना घट्यो । पी.एच.डि. सिध्याएर वहाँसित लामो अर्न्तवार्ता लिन्छु भन्ने मेरो मनको ठूलो धोको रह्यो । वहाँकी चन्द्रवदन, पवित्रा, कर्नेल्नी, इन्द्रमाया, मुनरिया र सुम्निमा एवं अरू नारी पात्रहरूको सम्बन्धमा मेरा मनमा अनगिन्ती प्रश्नहरूको के जवाफ हुन्थ्यो होला भन्ने मेरो जिज्ञासा पुरा हुन पाएन । जति म ती नारीहरूको चरित्रको विश्लेषण गर्न खोज्छु उक्त मलाई ती नारीहरू मैले खोदल्न नसकेका अनेक पत्रैपत्रा भएको मानसिकता राख्ने जस्ता प्रतीत हुन्छन् । उनीहरूको भित्री मर्मलाई बुझ्ने मेरो कुतूहल झन् तीव्र भएर जान्छ । नर्थ बंगाल युनिभर्सिटिले प्राध्यापकलाई स्वनिर्देशनमा पी.एच.डी. गर्न दिने सुविधा दिएकोले निर्देशन बेगर (Self guidance without supervisor) नै आफ्नो विषय ज्ञानको भरमा मैले विश्वेश्वर प्रसाद कोइरालाका कथा र उपन्यासमा नारी चरित्र विषयमा सन् १९८६ मा पी.एच.डि.को उपाधि प्राप्त गरें । वहाँका नारी पात्रहरूको सम्बन्धमा अझै धेरै लेख्नु पर्ने कुरा बाँकी नै रहेको मलाई लागिरहेकोले पी.एच.डि. गरेपछि वहाँका नारी पात्रहरूको चरित्रलाई अरू विस्तृती दिएर, मनोविज्ञान र साहित्यको सम्बन्धमा पाएको शिक्षा र अस्तित्ववाद सम्बन्धि मेरो ज्ञानको आधारमा मैले सकेसम्म गहिन्याइमा गएर यस किताबमा चित्रण गर्ने प्रयत्न गरेकी छु । यी नारीहरूको सम्बन्धमा सृजनकर्ता लेखक स्वयंको

कस्तो विचारधारा र दृष्टिकोण थियो होला सो वहाँकै मुखबाट सुन्न नपाएको असन्तुष्टि भने मलाई सधैं भइरहन्छ तथापि वहाँका पात्रहरूमाथि मैले उचित न्याय गर्न सकें होला भन्ने विश्वास मलाई लागेको छ ।

राजनैतिक परिवारमा जन्मनु भएको र राजनैतिक वातावरणमा नै संघर्ष गर्दै हुर्किनु भएको वीपीको साहित्यमा राजनीतिको गन्ध पनि नहुनुले नेपाली साहित्यलाई वहाँ एउटा नवीन स्वतन्त्र दिशा दिन चाहनु हुन्थ्यो भन्ने स्पष्ट हुन्छ । समाजवादी राजनीतिज्ञ वीपी साहित्यमा व्यक्तिवादी धारणाको पुष्ठपोषक भएकोले वहाँका यी दुई राजनैतिक र साहित्यिक व्यक्तिहरूको कहिल्यै जम्काभेट भएको देखिँदैन । दक्षिण एशियाली देशहरूमा स्वतन्त्रता तथा प्रजातान्त्र प्राप्तिको निम्ति जीवन समर्पित गर्ने अग्रणी नेताहरूमध्ये वीपी कोइरालाले जीवनमा सबैभन्दा बढी दुःख झेल्नु परेको थियो । वहाँको पिताजी कृष्ण प्रसाद कोइरालाले तत्कालीन निरकंश जनविरोधी राणा शासनको विरोध गर्दा स्वदेश छोड्नु परेकाले वीपीले बाल्यावस्थादेखि नै वासस्थानको अनिश्चितता र महा आर्थिक संकटले गर्दा खान, लगाउन र पढाइको निमित्त समेत निरन्तर कष्ट झेल्नु पर्‍यो ।

आफ्नो राजनैतिक जीवनमा पटक पटक गरी १४-१५ वर्षसम्म कठोर जेल यातना भोग्नु परेको, ३२ वर्षको उमेरदेखि नै घाँटीको क्यान्सरले पीडित हुनु परेको स्थितिमा पनि वीपीले साहित्यलाई न राजनीतिको माध्यम बनाउनु भयो न आफ्नो साहित्यमा कुनै प्रकारको कटुता एवम् व्यक्तिगत कष्टलाई अभिव्यक्ति दिनु भयो । वहाँले आफ्नो साहित्यमा व्यक्ति मनको सहज प्रवृत्ति, प्रेम र मानवीयताकै स्वाभाविक चित्रण गर्नु भयो ।

राजनीतिमा प्रजातन्त्र र समावादका निम्ति समर्पित वीपी ले नेपाली साहित्यमा मनोविज्ञान र अस्तित्ववाद भित्र्याएर नयाँ आयाम दिनु भयो । कुनै प्रकारका सीमित घेरामा नबाँधिएका वीपी सर्वत्र प्रिय हुनु हुन्थ्यो । वहाँका कथा र उपन्यासका पात्रहरू वरपरबाटै टिपेका भए तापनि उनीहरूको मानसिकताले सर्वकालिकता, सार्वभौमिकता र मानवीयतालाई अँगालेको छ । पुरुष स्त्री सम्बन्ध, पति पत्नि सम्बन्ध, प्रेमी प्रेमिकाको मानसिकता आदि माथि प्रकाश पार्दा जुन वर्गको जुन ठाउँको र जुन अवस्थाको भए पनि त्यस क्षणलाई साहसपूर्वक पूर्ण ईमान्दारीसित उघारो पार्दा तिनीहरूको मानसिकता त्यस्तै जस्तो मात्र हुन सक्थ्यो भन्ने हामीलाई लाग्छ । वीपी का धेरैजसो नारी पात्रहरूको मानसिकतालाई केलाउँदा यस्तो गहिरो आन्तरिक दुनियाँमा पुगिन्छ जहाँ गोता लगाउँदा यति मात्रै भेटिन्छ भन्ने सीमाकन

गर्न कठिन हुन्छ ।

राजनीतिको सम्बन्ध समाज, नीति, नियम, कानून आदिसित हुन्छ तर साहित्यको सम्बन्ध मानवको नितान्त निजी व्यक्तिगत भावनासित हुन्छ भन्ने दृढ धारणा राख्ने फ्रायड एडलर मनोविज्ञानबाट प्रभावित हुनु भएका कोइराला व्यक्तिका अत्यन्त गुप्त एवम् वैयक्तिक क्षणहरूलाई साहित्यको रूप दिने महान् शिल्पी हुनु हुन्छ । वहाँ मानव मनको विशेष भित्री तहलाई चिरफार गरेर हेर्दा त्यसको रूप जस्तो देखिन्छ त्यस सत्यलाई नलुकाइ प्रकाशमा ल्याउनु हुन्छ । विश्वका ख्यातिप्राप्त साहित्यिकहरूको साहित्य एवम् विभिन्न सिद्धान्तद्वारा प्रभावित हुनु भएको भए तापनि कोइरालाको साहित्यमा आफ्नोपन पाइन्छ । वहाँका सबै उपन्यास एवं कथाहरू सर्वथा मौलिक कृतिहरू हुन् ।

लेखिका डा. विष्णु शर्मासँग मैले वहाँको पुस्तकमा मेरो कृतिबारे वीपीको व्यापक साहित्यिक विचारबारे जतातती अध्यापनको विषय बनाइएकोमा लेखिका डा. शर्मालाई मैले पत्र लेखे, प्रतिउत्तरमा वहाँले मलाई लेखेका पत्रमा उल्लेखित विचारहरू बारे मेरो जिज्ञासा मेटाउनु भयो । वहाँले मलाई लेखेका पत्रमा वहाँले वीपीका भाइ तारणी बारे लेखेका समालोचना संर्पदश प्रकाशित चान्द्रमसी मासिक पत्रिका २०५२ पौष वर्ष १३ अंक १ मा प्रकाशित गर्न पाउँदा यस लेखकलाई औधी खुसी लागेको थियो । त्यो लेख मैले सम्पादन गरेको चान्द्रमसी मासिक तारिणी प्रसाद कोइराला विशेषाङ्कमा प्रकाशित गरेको छु भन्ने हेक्का अहिले भइरहेछ ।

वास्तवमा बितेको ४० वर्ष यता वीपी कोइरालाको साहित्यिक पक्ष बारे त्रि.वि.को नेपाली विषयबाट विधावारिधि गर्न विद्वान महानुभावहरूले वीपी कोइरालाका साहित्यिक विचार २०३९ पहिलो संस्करण तथा दोस्रो संस्करण तथा डा. विष्णु शर्माको नारी मनोविज्ञान तथा अस्तित्ववादको सन्दर्भमा विश्वेश्वर प्रसाद कोइरालाको साहित्य वारे अध्ययनको विषय नबनाउनु भएकोमा नेपाली साहित्यमा आएको तदर्थवाद होकी जसरी पनि काम चलाइ रहेकी अध्ययन अनुसन्धानको पाटोमा आएको बौद्धिक दरिद्रता रूपमा लिएको छु ।

वास्तवमा भन्ने हो भने वीपीको साहित्य नारी मनोविज्ञान प्रधान भएकोले वहाँको पात्रहरूबारे डा. विष्णुको कृति मानक मान्नुपर्छ । तर के गर्ने विधावारिधि गर्नेहरूमा वीपीको कथा साहित्यबारे पहिलो पटक डा. हरिप्रसाद पराजुली हुनुहन्छ । वहाँले वीपी हुँदै वीपीसँग व्यापक अन्तरक्रिया गरी विधावारिधि गर्ने श्रेय लिनु

भएको छ। पञ्चायतकालमा अछुत रहेको वीपी बारे कमसेकम अरूले दिएको सन्दर्भ स्रोतबाट मात्र पनि कृति हेरेर त्यहाँसम्म लेखकको पहुँचसम्म पुग्नु नेपाली साहित्यले मंगल मनाउने थियो। अहिले प्रकाशित हुन लागेको प्रस्तुत पुस्तकमा वीपीको साहित्यबारे वीपीसँग साक्षात्कार गरेकी अध्येता प्रा.डा. विष्णु शर्माको कृति वीपी मनोविज्ञान चीरफार गर्न सफल हुनु भएको छ।

अन्त्यमा इ. १९९३ यता नेपाली साहित्यमा गुमनाम रहनु भएको डा. विष्णु शर्माको तस्वीर मलाई उपलब्ध गराइ दिएकोमा वहाँकी बहिनी अमृता आचार्य काकीलाई धन्यवाद दिन चाहन्छु।

* * *

सी.के. प्रसाईंको चिट्ठी

प्रिय गिरिराजज्यू,

एकै छिन भएपनि भेट हुन सकेकोमा आनन्द लागेको छ । काठमाडौं आएका बेला भेट अवश्य दिनु होला ।

"समीक्षा" मा (आजै, २९ जेठ) तपाईकी 'रजनी' बारे राम्रो समीक्षा छापिएको रहेछन्.... ।

गिरिराज आचार्यलाई रजनी कविता संग्रहले धेरै माथि उठाएको छ । भनेको रहेछ । धेरै बधाई छ ।

तपाईको कलम यस्तै अनन्तको नयाँ चुली चढ्दै जाहोस्। भन्ने शुभकामना गर्दै

२०...

तपाईको ....

प्रिय गिरिराज जी, नमस्कार

तपाईले पठाउनु भएको सम्झना पत्र पाएँ, साह्रै खुशी लाग्यो । तपाईलाई के ही दिन आराम रहेनछ । सुन्दा दु:ख लाग्यो । खबर पाइँन । नत्र त्यस बेला म अवश्य आउने थिएँ ।

तपाईको लेखाई मलाई बडा मन पर्छ । जहाँसम्म मेरो लेखाईको प्रश्न छ, तपाईहरूको तारिफ पाउँदा म गौरव अनुभव गर्छु । अर्काको प्रशंसा गर्ने सद्गुण हाम्रो जमातमा थोरै सँग छ । अर्काको दुर्गुणको चाँही हामी झयाली प्रचार गर्छौं । उहाँहरु भन्नुहुन्छ । यहाँ राजनीति हो। हुन पनि सक्छ ।

म राजनैतिको खलिफा होइन । म अनभिज्ञ हुँ । अन्यथा आज मेरो यो दुर ावस्था हुने थिएन ।

आनन्दजीलाई मेरो नमस्कार ज्ञापन गरिदिनु होला । २।३ महीनादेखि म बडो दु:खित हु ।

झापाका बास्तोलाजीले किन हो कुनी मेरो विरोधी अभियान शुरु गर्नु भएको छ । म रोगी भएँ, बढो भए, निधन भए, कुमाई (जाली) भए, भनने उहाँको आरो प छ तर ई कुराहरु मेरा वशका होइनन्। म के गरुँ ७३ हो पनि म ५० नाघे, धन

पनि सकियो रोग पनि लाग्यो । अब उहाँहरु अघि सरे नजिकै छ ।

तर त्यसका निमित्त जातीयताको नाराको कुनै आवश्यकता थिएन । यो कुरो आफैमा सीमित राख्नुहोला । अरू पछि ।

सदाको हितैषी
सी.के. प्रसाई


सी. के. प्रसाई (भरत बाबू)
भू० पू० स्नातकोत्तर प्राध्यापक
उत्तर बंगाल विश्वविद्यालय

देवी बस्ती,
बिर्ता मोड, झापा
३५ मार्ग ९४.

प्रिय गिरिराजजी, नमस्कार

तपाईंले पठाउनु भएको संक्षिप्त
पत्र पाएँ, साह्रै खुशी लाग्यो । तपाईं-
लाई केही दिन आराम भएनछ, सुन्दा
दुःख लाग्यो । खबर पाइनँ । नत्र त्यस
बेला म अवश्य आउने थिएँ ।

तपाईंको लेखाइ मलाई बडा
मन पर्छ । जहाँसम्म मेरो लेखाइको प्रश्न
छ, तपाईंहरूको तारिफ पाउँदा म
गौरव अनुभव गर्छु । अर्काको प्रशंसा गर्ने
सद्गुण हाम्रो जमातमा थोरै रहेछ ।
अर्काको दुर्गुणको बाहेक हामी भ्याली पिटेर
प्रचार गर्छौं । उदाहरण अनुकुन्द, यही राजनीति
हो । कुन मार्ग सबै । म राजनीतिको
खेलाडी होइन । म अनभिज्ञ छु । अन्यथा
आज मेरो यो दुरावस्था हुने थिएन ।

सुनसरीको पहिलो कांग्रेस संगठन

गिरिराज आचार्य
प्रजातन्त्र सेनानी

नेपाली राजनीतिका शिखर पुरुष, नेपाली कांग्रेसका पूर्व सभापति, अन्तरिम सरकारका राष्ट्रध्यक्ष एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजनीतिक क्षेत्र हो- सुनसरी । उहाँको स्थायी घर मोरङको विराटनगर भए पनि उहाँले राजनीति गरेको, निर्वाचन लडेको, प्रधानमन्त्री भएको जिल्ला सुनसरी हो। यसरी गिरिजाप्रसाद कोइराला र सुनसरी जिल्लाका राजनीतिक साइनो गाँसिएको छ । सुनसरी जिल्लाका दक्षिणी भेग हरिनगरा, भुटाहा, साहेबगन्ज, देवानगन्ज गिरिजाबाबुले धुलो उडाएको क्षेत्र हो । उहाँले युवा अवस्थामा २००७ सालको जनक्रान्तिका साइकलमा र पैदल हिंडेर धुलो उडाएको क्षेत्र हो सुनसरी ।

यसैगरी २००७ सालको जनक्रान्तिमा गिरिजाबाबुले सुनसरी क्षेत्रको मोर्चा सम्हाल्नुभएको थियो । यही कमानबाट जहाँ मुस्लिम बहुल क्षेत्रका डा. खलिल अजाद, सुलेमान अन्सारी, नच्छेदी मेहता, वंशी मेहता, बेखबहादुर नेपाली उहँका बालसखा हुने गर्थे । यसरी सुनसरी जिल्ला नेपालका दुईजना प्रधानमन्त्री जन्माउने जिल्ला हो । यसै क्षेत्र र मोरङ मिसाएर १०१५ सालमा वीपी कोइराला यस क्षेत्रबाट / २ प्रतिनिधिसभाको चुनाव लडेर विजयी हुनुभएको थियो । वीपी कोइरालालाई यस क्षेत्रमा चुनावमा जिताउने कमाण्डर गिरिजाप्रसाद कोइराला नै हुनुहुन्थ्यो, जो विराटनगरस्थित कोइराला निवासबाट साइकलमा बुगडगरी केशलिया खोलापश्चिमको गाउँ हुँदै छिटहा, राजगन्ज, चिमडी, हरिनगरा पुग्नु हुन्थ्यो, चुनाव प्रचारका लागि । यसरी गिरिजाबाबुले नुन र प्याजसँग चिउरा खाएर मितेरी गाँसेको सुनसरीका यी गाउँसँग गिरिजाबाबुका अनगन्ती सम्झना छन् ।

सुनसरी जिल्लासँग गिरिजाबाबुको यो साइनो गाँसिए पनि २०१५ सालको आम चुनावमा यो गाउँ, यो ठाउँ स्थानको पहिचान मोरङ हुने गर्थ्यो अनि यही मोरङको निर्वाचन क्षेत्र नं. १५ बाट वीपी कोइराला र आम चुनावमा ज्ञानचन्द्र चौधरीले चुनाव जिते । त्यसताका नेपालमा राजनीतिक भौगोलिक पहिचान भएका कुल ३५ जिल्ला हुने गर्थ्यो जसमा अहिलेको सुनसरी मोरङ जिल्लामा पर्थ्यो भने सुनसरीका लौकही, हरिपुर, कुसाहा, मधुवनसम्म सप्तरी जिल्ला पर्थ्यो

तर पञ्चायती व्यवस्था सुरु भएपछि २०१९ सालमा नेपाल अधिराज्यलाई ७५ जिल्लामा बाँडियो । मोरङबाट र सप्तरीबाट मिसाएर सुनसरी जिल्ला बनेको हो । सुनसरी जिल्लाको नाम पश्चिममा बग्ने सुनसरी खोलाको नामबाट राखिएको हो । यसको अर्को परिचय यहाँ सुनबराबर फसल उब्जने भएकोले पनि सुनसरी भएको हो ।

पञ्चायती व्यवस्थापछि सुनसरीको क्रान्तिकारी परिचयको ठाउँमा पञ्चायतले लियो तर अहिले प्रजातन्त्रसम्म आइपुग्दा सुनसरीको राजनीतिक परिचय बहुदलीय परिचयका साथ अघि बढ्को छ ।

सुनसरी जिल्लाको राजनीतिक अस्तित्व कांग्रेसको उर्वर भूमि २०१७ सालमा प्रजातन्त्रको हत्यापछि र पञ्चायती व्यवस्थाको प्रारम्भ भएपछि काङ्ग्रेसको संगठन ध्वस्त भएको थियो। पहिलेका कार्यकर्ता को, कता, कहाँ पुगेर काङ्ग्रेसका सारा नेताहरू जेलमा हालिए । यसबाट प्रतिनिधित्व गर्ने प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइराला, गिरिजाबाबु जेल हालिनु भयो । त्यसपछि कति स्थानीय नेताहरू भूमिगत भए, कति चुप लागेर बसे तर सुनसरीको धरान क्षेत्रको भने बेग्लै पहिचान छ ।

सुनसरीको धरानमा २००७ सालको जनक्रान्तिमा पं छविलाल पोखरेल, गणेशमान श्रेष्ठ, भागवतगोविन्द लाखे, विष्णुगोविन्द लाखे हर्कबहादर श्रेष्ठ आदि सक्रिय रहुनुभयो तर २०१७ सालपछि हरायो । यसै स्थानबाट २००८ सालमा राजा त्रिभुवनलाई कालो झण्डा देखाएर यहाँका युवाले आफू कम्युनिष्ट भएको परिचय दिए । धरानको वडा नं. ३ को एउटा चौक चिनियाँ चौक रहन गयो ।

सुनसरीको धरान शैक्षिक केन्द्र हो । यहाँ २००८ सालमा पिण्डेश्वर संस्कृत विद्यालय (हाल क्याम्पस) र २०१२ सालमा महेन्द्र क्याम्पस खुले । यी क्याम्पसहरू । क्याम्पस सबै विद्यार्थी पञ्चायत व्यवस्थाका विरोधी निक्ले । यिनैबाट केही कांग्रेस समर्थक भए त कोही कम्युनिष्ट समर्थक भए । यहीँबाट युवा विद्यार्थीले पञ्चाय विरुद्ध भेला गर्ने, पर्चा निकाल्ने, गोष्ठी गर्ने, व्यवस्थाको विरोध गर्ने गर्थे । यही भूमिबाट नेविसंघका नाममा युवाहरू जुर्मुराउन थाले ।

सुनसरीको राजनीतिको मुख्य केन्द्र धरान रहेको र कांग्रेसका कार्यकर्ता उत्पादन गर्ने नेविसंघ रहेको थियो । यस्तै धरानमा फ्रेण्डस्स क्लवमार्फत् यहाँको काङ्ग्रेसी राजनीति सञ्चालन हुन्थ्यो । त्यसको नेतृत्व यसका सभापति केदारनाथ श्रेष्ठ थिए भने काङ्ग्रेसको अर्का गुटको नेतृत्व भक्तगोविन्द श्रेष्ठले गरेका थिए ।

धरानबाट बराबर वनारसमा गएर त्यहाँ निर्वासनमा बसेका जननायक वीपी कोइराला, गणेशमान सिंह, गिरिजाप्रसाद कोइरालासँग फ्रेण्ड्स क्लबका सभापति केदारनाथ श्रेष्ठ, राजेन्द्र बजगाईंले सम्पर्क राख्थे भने नेपालभित्र भक्तगोविन्द श्रेष्ठले सूर्यप्रसाद उपाध्यायसँग सम्पर्क राख्थे । उनी काठमाडौंमा अध्ययन गर्दा-गर्दै त्रिविविका पहिला स्ववियू महासचिव थिए। यिनी काठमाडौंमा पक्राउ परेका थिए यिनै नेताहरूले २०२१ सालको डीआइजी नारायण सिंह काण्डमा धरानमा विद्यार्थी आन्दोलनका अग्रणी थिए । जननायक वीपी कोइराला जेलबाट २०२५ सालमा छुटेर आउँदा धरान पनि भ्रमणमा आउनु भयो । उहाँको भ्रमणलगायत् पब्लिक हाईस्कूलमा आमसभाको संयोजक केदारनाथ श्रेष्ठले गरेका थिए ।

वी.पी यहाँ एक दिन बस्नुभयो । वहाँको साथमा माता दिव्या कोइराला, नोना कोइरालाहरू आउनु भयो । वी.पी.विष्णुकुटीमा बस्नु भयो । वहाँ वडा नं. २ को घरमा

यसैगरी २०२७ सालमा धरानमा काङ्ग्रेसले पर्चा छाप्यो । त्यो पर्चा छरेवापत हरिहर दाहाल, टङ्क न्यौपाने र विश्वराज शर्मा जेल हालिए, दुई वर्षका लागि विराटनगरमा । यस काण्डमा भूतपूर्व वडाहाकिम गणेशमान श्रेष्ठ, केदारनाथ श्रेष्ठ, ठगेन्द्र आचार्यका घरमा खानतलासी गरियो । त्यहाँ यी नेताहरूबाहेक बद्रीनाथ श्रेष्ठ भूमिगत भए । धरानमा काङ्ग्रेसी राजनीतिको उद्गम पिण्डेश्वर क्याम्पस र महेन्द्र क्याम्पस भएकाले त्यसका नेविसंघका विद्यार्थीहरूले बराबर सक्रियता देखाउँथे । क्याम्पसहरूमा विद्यार्थी राजनीति बढाउन २०२७ सालमा नेपाल विद्यार्थी संघ गठन भयो । त्यसका प्रथम सभापति राजेन्द्र बजगाईं भए । त्यसपछि ०४६ सालसम्म क्रमशः शम्भु आचार्य, प्रह्लाद आचार्य, गिरिराज आचार्य, पूर्ण सुवेदी, आत्मा राम दाहाल, वीरेन्द्र कार्की, आनी सिटौला, धनश्याम, विनय नन्द सिग्देल हुनुहुन्थ्यो । थलकुमार लिखा, मुकेश वास्तोलाले नेतृत्व (०४६) गरे । यसै क्रममा विद्यार्थी राजनीतिबाहेक साहित्यिक कार्यले समेत पञ्चायतमा भुइँचालो ल्यायो । जसमा पिण्डेश्वर क्याम्पसका छात्रहरू तेजनाथ भण्डारी, चन्द्रमणी अधिकारी, बासुदेव भण्डारीले 'काँचुली' पत्रिका निकाले । यसमा वनारसमा रहेका प्रसिद्ध कथाकार तथा शीर्ष नेता विश्वेश्वर प्र. कोइरालाको कथासहित आवरण फोटो छापिएको अपराधमा 'काँचुली' लाई प्रतिबन्ध लगाइयो भने यसका सम्पादक तेजनाथ भण्डारी दुई वर्षका लागि जेल गए। उहाँका सहयोगी चन्द्रमणी अधिकारी र बासुदेब भण्डारी भूमिगत भए । यसैगरी फ्रेण्ड्स क्लबको मुखपत्र 'कल्पना' का

सम्पादक केदारनाथ श्रेष्ठ (०२२) थिए ....। 'कल्पना'मा बराबर वीपीका इन्द्र कथा, कविता छापिएकामा केही अंक प्रशासनले जफत गयो । यो पत्रिका विराटनगरबाट साहित्यिक दर्ता थियो । त्यसताका अञ्चलाधिश अफिसबाट मात्र पत्रिका दर्ता हुन्थ्यो । यसैगरी धरानबाट गिरिराज आचार्यको सम्पादनमा निक्लेको 'फेवा' त्रैमासिक (०३५) को एक अंक सहिद (रामलक्ष्मण) र रामको कथा 'दिदीआमा' छापिएकोमा जिप्रका सुनसरीले प्रहरी थाना धरान च.नं. १८४४ मिति ०३५ जेठ २५ मा सम्पादक गिरिराज आचार्यलाई गिरफ्तार गरेर बयान लियो र पत्रिकाबाट प्रकाशक रमेश भट्टराईलाई हटाउन भन्यो । यता धरानमा २०२८ साल फागुन ७ गतेका दिन प्रजातन्त्र दिवस मनाउँदा भक्तगोविन्द श्रेष्ठ, सतिशचन्द्र गिरी, गोविन्दकृष्ण पलिखे, लक्ष्मणमोहन श्रेष्ठ, विष्णु दाहाल, राजेश्वर आचार्य, फणिन्द्र नेपाल, गिरिराज आचार्य, उमानाथ भण्डारी र टङ्कनाथ बाँस्तोलालाई गिरफ्तार गरी एसपी अफिसमा थुनियो । त्यसको भोलिपल्ट सतिशचन्द्र, गोविन्द कृष्ण र गिरिराजलाई तारेखमा राखेर बाँकीलाई विराटनगर जेल हालियो ।

धरानमा कांग्रेस राजनीतिले विस्तारै संगठनको सक्रियता बढाउँदै लगेको थियो । यसैगरी १९७१ को बंगलादेश स्वतन्त्रताका लागि धरानमा नेविसंघ र फ्रेण्डस क्लबले सडकमा बट्टा घुमाउदै अर्थ संकलन गरे । त्यसमा केदारनाथ श्रेष्ठ, राजेन्द्र बजगाईँ, गिरिराज आचार्य, माधव, गोविन्द श्रेष्ठ, सुनिलचन्द्र श्रेष्ठ, महेश मोहन पलिखे थिए ।

यता २०२९ सालमा सुनसरीको हरिपुर प्रहरी थाना कब्जा काण्ड हुँदा लालवीर लिम्बु, देवेन्द्र लिम्बु, कृष्ण राई, नरप्रसाद... (धरान) पक्राउ परेर ६ वर्षका लागि जेल हालिए भने धरान एसपी अफिसमा लम राखिएको आरोपमा प्रहरी पक्राउ गरी जेल हालियो, ६ वर्षका लागि । यसको मुद्दा वीपीलाई लाग्यो ।

यता धरानमा कांग्रेसको प्रचार गर्दा गर्दै महेशमोहन पलिखे र शत्रुधन अन्सारी पक्राउ परी केही दिन धरान थानामा थुनामा रहे । यस्तै धरानका आनन्द आचार्य काठमाडौंको पाटन क्याम्पसमा अध्ययन गर्दा गर्दै पक्राउ परी जेल हालिए । नेविसंघको राजनीतिमा यिनी पनि पटक पटक जेल हालिए ।

धरानमा कांग्रेस राजनीतिको यही सेरोफेरोमा २०३६ साल पुष १६ गते वीपी कोइराला र गणेशमान सिंह राष्ट्रियता र प्रजातन्त्रका लागि भन्दै स्वदेश आउनुभयो । उहाँहरू स्वदेश आउनु दुई दिनअधि वीपीको देशवासीको नाममा अपील पर्चा धरानमा छर्नका लागि फ्रेण्डस् क्लब, नेविसंघका कार्यकर्ताहरू लगायत

केदारनाथ श्रेष्ठ, राजेन्द्र बजगाईं, गिरिराज आचार्य सक्रिय रहे । वीपी कोइरालाको स्वदेश आगमनसँगै शिखर पुरुष क्रान्तिकारी नेता गिरिजाप्रसाद कोइराला भारतमा संगठनका लागि बस्नुभयो र उहाँ त्यहाँ लाग्नाले नै २०३४ सालमा सुनसरी नेपाली कांग्रेसका पहिलो कमिटि गठन गर्नुभयो । यो कमिटि मोरङबाट टुक्रिएर बनेको ०१७ सालपछि ऐतिहासिक कमिटि बन्न पुग्यो । यही कमिटि मार्फत् २०३६ सालको विद्यार्थी आन्दोलन, जनमत संग्रह, सत्याग्रह, जनजागरण २०४६ सालको जनआन्दोलन सञ्चालन भयो । यसको विस्तार पछि हुने नै छ । यसै पृष्ठभूमिका साथ नेपाली कांग्रेसका तत्कालिन महामन्त्री गिरिजाप्रसाद कोइरालाले भारतको फारविसगन्जमा आफु बसेको बंगाली टोलमा निम्न लिखित नेपाली कांग्रेसको २१ सदस्यीय पहिलो सुनसरी जिल्ला समिति गठन गर्नुभयो । पहिलो सभापति हरिनाथ बास्तोला र सचिव हरि सापकोटा थिए । यसैगरी सदस्यहरू बेखबहादुर नेपाली, डा. खलिल आजाद, नुच्छेदी, वंशी मेहता (निर्वासित), प्रकाशको हसला, शिव नारायण बस्नेत (निर्वासित), विजय गच्छादा (निर्वासित), वीरनारायण चौधरी (निर्वासित), भद्रलाल उराँव (निर्वासित), नगेन्द्र ढुंगेल (निर्वासित), सतिशचन्द्र गिरी (निर्वासित) भक्तगोविन्द श्रेष्ठ (निर्वासित), जीवनाथ बाँस्तोला (निर्वासित), गिरिराज आचार्य (निर्वासित), भीमबहादु कटुवाल (निर्वासित), नारायणप्रसाद अर्याल (निर्वासित), जयहरि शर्मा, जयनारायण श्रेष्ठ, दशीलाल चौधरी थिए ।

यसै समितिमार्फत् २०३६ सालको जनमत संग्रहमा यस समितिले संगठन निर्माण गर्यो र सफलताका साथ गाउँ-गाउँमा उहाँहरूको प्रचार गर्यो । जसै गर्दा सुनसरीमा उहाँहरूलै विजय प्राप्त गरेको स्मरणीय रहेको छ ।

यसै पृष्ठभूमिमा २०३४ देखि अहिलेसम्म नेपाली काङ्गेसको पहिलो सुनसरी जिल्ला संगठनको विशेष महत्व रहन गएको छ ।

नेपाली काङ्ग्रेस सुनसरीको संगठन निर्माणताका २०३९-०४० सालतिर नेपाली काङ्गेसको पहिलो काठमाडौं सम्मेलनपछि नेपाली काङ्ग्रेसले अधिवेशन नभएको अवस्थामा व्यापक कार्यकर्ता परिचालन गर्न अञ्चल र केन्द्रीय स्तरमा दुईटा थप पिरामिडको निर्माण गयो, जसलाई नाम दिइयो नेपाली काङ्ग्रेस अञ्चल सम्पर्क समिति र नेपाली काङ्ग्रेस केन्द्रीय परामर्श समिति । यो समितिहरूमा देशभरका अगुवा कार्यकर्ताहरू समावेश भए, जसमा सुनसरीबाट पनि कार्यकर्ताहरू चयन भए । यी समितिहरूको कोशी अञ्चल सम्पर्क समितिको पहिलो बैठक विराटनगरमा

बस्यो भने केन्द्रीय व्यवस्थापन समितिको बैठक काठमाडौंमा बस्यो । त्यसपति यो समिति नेपाली काङ्ग्रेसको आठौं महाधिवेबन झापाको कलबडीमा विघटन गरियो ।

यसरी सुनसरी जिल्लमा काङ्ग्रेसको राजनीतिले विस्तार पायो । संगठन निर्माण गर्दा गिरिजाबाबुले कार्यकर्तामाझ बराबर भन्ने गर्नुहुन्थ्यो- आज सुनसरी-मोरङले जे सोंच्छ, त्यो भोलि नेपालले सोँच्छ । यही भनाइका योद्धा गिरिजाप्रसाद कोइराला सुनसरी काङ्ग्रेसको इतिहासमा अमर हुनुहुन्छ ।

सुनसरी जिल्लाको संगठन निर्माण तथा आन्दोलन तथा अन्य काण्डबारे विस्तृत प्रजातन्त्र सेनानी संघको पुस्तकमा समेटिएको छ । यहाँ केवल प्रारम्भिक रिपोर्ट मात्र तयार गरिएको हो ।

* * *

खानेपानीमा कुलप्रसाद सिद्धान्त

खगेन्द्र कुमार प्रधानाङ्ग

पानी भई भई पनि काठमाण्डौं सधैं प्यासी छ । पानीको लागि पैसो नभएको होइन, ऋृण नकाढेको होइन, र पनि किन त पानी पुगेन ? प्राविधिकको प्रविधि काम लागेन कि नेताको उखर्माउलो हो कि कर्मचारीतन्त्रको खाँडो जागेको हो ? भन्न ता सबैले भन्देलान् सजिलो शब्द “भ्रष्टाचा” । त्यो मात्र त पक्कापनि होइन । भ्रष्टाचार गर्नेले पनि काम केही होस् र कराउने मेलो नआओस् भनेर सोचेकै हुन्छ र पनि गनायो । यसको यौटै जवाफ आउँछ “बुद्धि पुगेन” । साधारण बुद्धि । देख्नु भएन ? यहाँ जुजुधौको सट्टा “चीज” को प्रचार हुन्छ, टिकनबजीको सट्टा “पाउरोटी” को कारखाना चल्छ ।

कांग्रेसी नेता विद्वान अर्थमन्त्री महेश आचार्यको पुर्ख्यौली गाउँ धनकुटाको “सिभुवा” डाँडो काकाकुले पाखो हो । नेपाल अधिराज्यभरि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म कति छन् कति यस्ता पिउने पानीको दुःख भएका गाउँ । नावा खोलामाथि थाम डाँडामा उहिले २००४/५ सालतिर “छोरीको पेवा पानी” एक लोटालाई मैले चाराना (२५ पैसा) तिरेर खाएथें । त्यो गाउँ पनि सिभुवा गाउँको ठीकपारि पर्छ तमरनदी, पारि धनकुटा जिल्ला ।

विक्रम सम्वत् १९९८ साल माघ महिनामा म दार्जिलिङ्गबाट स्कूलको जाडो छुट्टिमा घर आएको थिएँ । मेरा बाजे साहु भीमबहादुर प्रधानाङ्गले यौटा मानिस साथ लगाएर मलाई पैसा उठाउन सिभुवा गाउँ पठाउनुभयो ।

त्यसबेलाको चलन अनुसार पुछार घर भएपनि जेठोपाको भनी मानी भू.पू. प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजालका बाजे बलभद्र रिजालको दर्शन गर्न पुगेँ पहिले त्यत्रा धन थुप्रैको घर, भात खाने चुला नै गोबरै गोबर को थुप्रो पनि थुप्रेको देखें । उहाँको धनले आफ्नै लागि पानी ओसार्न लाएको देखें । गाउँलेको काम नआएको रहेछ । उहाँको धन, त्यहाँ भात खान नमानी म गएँ महेश आचार्यजीको पुख्यौली घर उहाँका पिताजी गणेशप्रसाद आचार्यकहाँ । बीचको घर, सुग्घर सफा ढाँचा ढङ्ग पुगेको घर । उहाँका पिताजी पनि राम्रो भएर बस्नुपर्ने, उहाँकी फुपु झन् पुरै लोग्ने मानिसजस्तै सजिएर रहनुपर्ने, पुगिसरी आएको । तर पनि गाउँ समाजका लागि त्यहाँपनि बुद्धि नपलाएको । सिरान घर दर्शन गर्न बाँकी नै थियो, म त्यहाँ

पनि भात खान मानिन । बिहान भात खाने बेलामा म आखिरमा पुगेँ सिरान घर कुलप्रसाद आचार्यको थलो । त्यहाँ पस्नेवित्तिकै वरिपरि बाग-बगैंचा र पित्तलका टुटी लगाएका तीन चारवटा धारा लहरे देख्दा म छक्क परें । त्यस्ता पानी नहुने ठाउँमा यी के को स्वाङ् होला जस्तो लाग्दैथियो, ए ! को हो त्यहाँ भन्दै बुढा झरे । ए, नानी आएका ? आऊ आऊ यता आऊ के हेरेको त्यता ? ए ! ती धारा ल, यता आऊ त, म देखाउँछु तिमीलाई ।

अर्थमन्त्री युवा कांग्रेसी नेताका बडाबाबु कुलप्रसाद आचार्य बूढाले मलाई वरिपरि लगेर देखाउनुभयो । उहाँको घरमा सिमेण्टको विशाल टैङ्की । बाहिरपट्टिका दुईचार धारा गाउँका लागि, भित्रपट्टिका आफ्ना लागि । पानी आउँछ कहाँबाट ? मैले सोधें । यहाँमात्र पानी कहाँबाट आयो ? तल्ला घरहरूमा त छैन त धारो ? उहाँहरूले बनाएनन् उहाँहरूकै थुप्रा सम्पत्ति छन् । बाकसमा कुहेका । उहाँहरूको भन्दा मेरो कम छ तर बाकसमा ढुसी परेर बस्दैनन्, यी यसरी नै काममा आउँछन् ।

माथिल्लो छानाबाट, तल्ला छानाबाट चारैतिरबाट वर्षामा परेको पानी त्यो टंकीमा आएर खस्दोरहेछ । त्यही पानी हिउँदमा मानिस, बस्तुका लागि काम आउँदो रहेछ । तिम्रा बाबु गजेन्द्रबहादुर प्रधानाङ्गले केटाकेटीका लागि स्कूल खोले धर्म गरे, त्यत्रो गोकर्णेश्वर स्कूल खोले दुई दुई गोटा, केटाका लागि केटीका लागि भनेर । त्यस्तै मैले मेरा गाउँलेका लागि पिउने पानी खुवाएर धर्म गरेको नानी, भन्नुभयो बूढाले । मैले देखेको भन्दा धेरै बर्षअघि नै बनेको त्यो पानीको व्यवस्था । उन्नाइसौं असी/ नब्बेको दशकमा बनेको । त्यो जमानामा कसरी बुद्धि आयो होला ? त्यस्तो कहाँबाट ल्याए होलान् सिमेण्ट, पाइप धारा इत्यादि । कलाकत्ता नपुगी बीचमा त्यस्ता बजार थिएनन् । त्यस्तो पानी खाएर आएका भू.पू. प्रधानमन्त्री नगेन्द्रप्रसाद रिजाललाई पनि त्यसरी पानी नभएको ठाउँमा पानी पुऱ्याईदिऊँ भन्ने बुद्धि पलाएन ।

देशको बजेट पनि बनाएका, देश विदेशका कुरा हाँक्ने, मन्त्री भैसकेका महेश आचार्यलाई आफ्नो घरको त्यसरी पानी खाएको कुरा मनमा फुरेन, सके पुख्यौली थलो नै टेकेका छैनन् कि ? बिचरा राष्ट्रका नेता । त्यस्तै सिंभुवा डाँडाको "कुलप्रसाद आचार्य सिद्धान्त" काठमाण्डौंमा लागू गरिने हो भने नहोला त पानीको पौल ? मेलम्चीको पानी ल्याउँछु भनिरहनुपर्ला ?

मैले कृष्णप्रसाद भट्टराईलाई भेटेर यस्तै कुरा गर्न निक्कैपल्ट झम्टें, प्रधानमन्त्री हुँदा । नहुँदा भेट दिनुभएन । त्यसपछि जाँदा पनि गइन । अनि उहाँ धाक लगाउनुहुन्छ मेलम्चीको पानी दुईवर्षमा ल्याउने । हरे शिव प्रविधिको बृद्धि हो

त यो ? काठमाण्डौं ललितपुरमा हरघरले पानीको खेती किन नगर्ने ? पानीको बाली घरघरैमा किन नभित्र्याउने ? यत्रायत्रा आइएनजीओ छन्, एनजीओ छन्, समाजकल्याण परिषद् छ, सरकारै छ, कसैको दिमागमा किन यो कुरा आएन, धेरैलाई बिन्ती भाउ गरें कसैले सुनेन, र यो लेख लेख्दैछु । काठमाण्डौं र पाटनका प्रत्येक घरमा परेको पानी बटुल्ने व्यवस्था गरिनु पर्छ । नयाँ बन्ने घरलाई यो व्यवस्था नगरे ढलसुविधा नदिने नियम कानून बनाउनुपर्छ । खानेपानीको नाला नजोडिने भन्न सक्नुपर्छ । यो कुनै विशेषज्ञ भएर भनेको कुरो होइन, किनभने यस्ता कुरा प्राविधिक र खानेपानी विशेषज्ञ सबैले दिनभरि जानेको कुरा हो। केपनि भनिदो रहेछ भने यो चारखाल्डोभरि परेको एक बर्षाको पानीले देशभरिका मानिसलाई खान पुगेर खेरवारलाई पनि पुग्छ पानी पटाउन त्यसै हो भने के को साइत हेरिरहनु पऱ्यो त परेको पानीको बाली भित्र्याउने खेती गर्न ?

"रेन वाटर हार्भेष्ट" भनेर पानीको यस्तो परिबन्द मिलाएर संसारका धेरै ठाउँमा काम गरिआएको हामी सुन्छौं, पढ्छौं । महेश आचार्यलाई म आव्हान गर्छु उनले खानेपानी विशेषज्ञ र प्राविधिकको टोली लिएर हेर्न जाऊन, उनको पुख्यौली घर सिंभुवा डाँडो र नापतौल गरुन् आफ्ना बडाबाबुको घरको पानी प्रबन्ध । ताकि हिसाब किताबका साथ काठमाण्डौं मात्र होइन देशैभरि लागू गरुन् "कुलप्रसाद आचार्यको खानेपानी सिद्धान्त" । होइन, फुर्सद छैन भने एउटा गतिलो आएएनजीओका प्रतिनिधि पठाऊन् का मकहाँ म परिबन्द मिलाइदिउँला । उनले दा राजनीति खेल्नु भन्दा यो साह्रै ठूलो काम हुनेछ यो देशको लागि ।

कतै "ड्रिप सिस्टम" भनेर, कतै भारतभरि थुप्रै ठाउँमा यो काम सफलताकासाथ भइरहेछ। कतै खानेपानीको लागि, कतै खेतीपातीको लागि । अझ यहाँ काठमाण्डौं खाल्डोको स्वरुप हेर्दा एउटा बटुको जस्तो छ। चारैतिरको पानी बटुलिने भाँडो जस्तो । वरिपरिका पाखा पखेरामा थुप्रै पानीका मुहान छन् । तिनलाई बटुलेर त्यताहुँदीको आवश्यकता र बाँकी राजधानी आउने सुव्यवस्थाको जोह हुन नसक्ने कुरै छैन । हेर्न जाऊन् मिजोरम, औज्वाल, चेन्नाई, भारतभा कि महाराष्ट्र ।

विज्ञान र वातावरण मन्त्रालय खुले, विभाग छन् विशेषज्ञ छन्, यस्ता मन्त्रालय, यस्ता विभागले अरू ठाउँमा के गरे भन्ने ? मात्र हेरेर नक्कलसम्म गरे पनि ता आधा काम हुँदो हो, थुप्रै थुप्रै आइएनजीओ र एनजीओ छन् देशैभरि । तिनका कान समातेर पानीको समस्या तिनका टाउकामा हालिदिऊन् त कर लगाएर कल्याण परिषद्ले ! आफूमात्र अर्काले दिएको पैसा ओगटेर नबसोस् बूढो गोरुले गाई

ओगठेको जस्तो। देशको पानीको समस्या एकैचोटी सुल्भिन्छ । किन खानेपानीले भ्रष्टाचार गर्छ, जनतालाई दु:ख दिन्छ दु:ख दिन्छ भनिरहनु पऱ्यो ? उसलाई अभ डलरले पुगेको छैन। अस्तिमात्र गुनासो गरेको होइन, विश्व बैंकले डलर दिएन भनेर ? नदिएको बेस भयो । पानी खान फोहोर सोर्न पनि डलरै चाहिने ?

कान्तिपुर २०५६ साउन * * *

गिरिराज आचार्यका जीवनका
महत्त्वपूर्ण स्मरणहरूको अभिलेख

बा रामप्रसाद र आमा पद्मकुमारी

नेपाली कांग्रेस सभापति एवम् भु.पू. प्रधानमन्त्री शेरबहादुर देउवासँग म

धनकुट्टा सिंभुवा निवासी मुखिया कुलप्रसाद आचार्य एवंम (क) कदलीमायाँ (ख) जनमायाँ (ग) भिमकुमारी आचार्यका १० भाइ पुत्रहरु :

(1) (ख) लेप्टेन माधबप्रसाद आचार्य (२) (ख) डिट्ठा केशबप्रसाद आचार्य (३) (ख) तबिल्दार कालिकाप्रसाद आचार्य (४) (ख खरदार / नेपाल पौढ संगठन सुनसरी जिल्ला सभापति रामप्रसाद आचार्य (५) (ख) च्यवनप्रसाद आचार्य (६)) (ख) शिक्षक / स. प्र. अधिकृत शेषराज आचार्य (७) (ख) प्र. अ. / सम्पर्क अधिकृत / नेपाल परिवार नियोजन संघ सुनसरी धरान उप सभापति राजेन्द्रप्रसाद आचार्य (८) (ग) पशुपतिनाथ आचार्य (९) (ग) दीनानाथ आचार्य (१०) (ग) शेखरप्रसाद आचार्य



तस्वीर आफैं बोल्छ (०३९)

तस्वीर आफैं बोल्छ

सुब्बा बडिबा भैरवप्रसाद आचार्यसँग धरानमा उहाँको फुपू फुपा, काकी भीमकुमारी र श्रीमति कान्छी सुनवार्नीसँग धरानमा

२००७ सालका जनक्रान्तिका योद्धा फणीश्वरनाथ रेणु रिभल्भरसहित कुसाहाघाट (सुनसरी)

तस्वीर आफैं बोल्छ (उक्त पुरस्कारको स्थापना २०७८ मा
मेयर तिलक राईले गरेका थिए)

तस्वीर आफैं बोल्छ

गिरिराज आचार्य सिर्जनशील पत्रकारिता पुरस्कार वितरण तथा मेरो पुस्तक वीपी कोइरालाका साहित्यिक विचारहरू विमोचन गर्दै काङ्ग्रेस सभापति शेरबहादुर देउवा



पार्टी सभापति तथा प्र.म. (०७४) सुशील कोइरालासँग कोइराला निवास विराटनगर, घरमा तस्वीर

मेरो पुस्तक जनमत संग्रह दर्पण धरानमा विमोचना गर्दै डा. शशांक कोइराला साथमा महेश आचार्य, राजीव कोइराला, सुजेन्द्र तामाङ, शंकर तिवारी, केदार भण्डारी

नेपाल प्रेस युनियन सुनसरीबाट गिरिराज आचार्य सिर्जनशील पत्रकारिता पुरस्कार अर्जुन सुवेदीलाई



नेपाल प्रेस युनियन सुनसरीबाट गिरिराज आचार्य सिर्जनशील पत्रकारिता पुरस्कार अर्जुन सुवेदीलाई



तस्वीर आफैं बोल्छ

तस्वीर आफैं बोल्छ

डा. तुलसी भट्टराई जन-उदय नाटकको भूमिका लेखक

जन-उदय नाटकका टिप्पणीकार अशेष मल्ल

गिरिराज आचार्य व्यक्तित्व र कृतित्वको त्रि.वि. शोधपत्रकर्ता डा. महानन्द तिमिल्सिना (२०६१) को शोधपत्र

ब्रिटिश लाइब्रेरी मदन पुस्तकालय अर्काइभमा मेरो छाँयाचित्र

सिर्जनशील कविहरू बीचमा झुसेदारीमा (०४७)

सर्वमान्य नेता गणेशमान सिंह ०३६ सालमा धरानमा साथमा

सर्वमान्य नेता गणेशमान सिंह, गिरिजाप्रसाद कोइरालालाई २०४७ सालमा धरानमा स्वागत गर्दै हामी



सर्वमान्य नेता गणेशमान सिंह धरान पब्लिकमा बोल्दै (०४२)
(पछाडि म) र सूर्यमान गुरुङ)



किसुनजीसँग म कोइराला निवास बिराटनगरमा (०४०)

क्षेत्रपाटी चाक्सीबारीमा सर्वमान्य नेता गणेशमान सिंहको निवासमा म बोल्दै (२०३९ माघ) पछाडि नेता किसुनजी र नेता गणेशमान सिंह

पूर्व टाइम्स

सुनसरीबाट नियमित निस्किरहेको एकमात्र साप्ताहिक

४० औं वर्षमा

वर्ष ४०, अंक ०१ २०७९ श्रावण ०६ गते शुक्रबार (22 July, 2022)

पूर्व टाइम्स साप्ताहिकलाई फर्केर हेर्दा

उपेन्द्र पोखरेल

धरानकै जेठो अखबार पूर्व टाइम्स साप्ताहिक प्रकाशनको ४० वर्ष लागेको छ।

उक्त साप्ताहिक १ साउन ०४० सालदेखि प्रकाशन हुन थालेको हो। पहिलो अंकमा स्वर्गीय गणेशमान सिंहको शुभकामना सन्देश प्रकाशित भएको थियो। यसरी बहुदलीय व्यवस्थाका पक्षमा यो साप्ताहिकले पञ्चायतकालमा निरन्तर वकालत गरेको थियो सोही कारण बहुदलीय व्यवस्थाका पक्षधरबीच यसको अलग्गै उचाइ थियो।

बहुदलीय व्यवस्थाको पक्ष पोषण गरेको आरोप लगाउँदै २०४२ सालसम्म पूर्व टाइम्सका प्रकाशक-सम्पादक गिरिराज आचार्यलाई पञ्चायती व्यवस्थाले जेलमा राख्यो। सोही कारण दुई वर्ष पूर्व टाइम्सका केही अङ्क मात्र प्रकाशन भए।

जेलबाट छुटेपछि भने सम्पादक आचार्यले रामधुनी प्रेस स्थापना गरे। र, पूर्व टाइम्स २०४३ सालदेखि नियमित र व्यवस्थित रूपमा प्रकाशित हुन थाल्यो।

भानु जयन्तीमा भानुचौकको इतिहास सम्झँदै

धरान (पूर्व टाइम्स)

खुलेका थिए। मोटर गाडिका व्यवसायसँग भाषा/साहित्यको कुनै साइनो हुने कुरा पनि भएन।

विशेष सम्पादकीय

पूर्व टाइम्स चार दशकमा प्रवेश

सुनसरी जिल्ला धरानबाट पूर्व टाइम्स साप्ताहिक शुरु भएको चार दशकमा प्रवेश गरेको छ। यो अंकदेखि वर्ष : ४०,

सम्पादक प्रकाशक गिरिराज रहेको पूर्व टाइम्स तस्वीर आफैं बोल्छ

विराटनगर जेलमा हामी २०४२ साथीसँग

नेपाली जनसम्पर्क समिति (०३८) बम्बईमा नेता गिरिजाघप्रसाद कोइरालासँग बसेको धर्के सर्टमा गिरिराज आचार्य छेउमा विनोद अर्याल, शैलजा, प्रकाश कोइराला

वीपीसँग पटनामा गिरिराज चिहाउँदै १९७७

गिरिराजको पुस्तक वादी यातना शिविरबाट फर्कंदा पुस्तकको धरानमा
विमोचना गर्दै नेता गिरिजा प्रसाद कोइराला



कवि महानन्द सापकोटाको विजयपुरको घर धरानमा, साथमा गिरिराज (०३३) मेरो पुस्तक नेपाली भाषा र साहित्यका केही समस्याहरूमा भूमिका डिक्टेट गर्दै

नेपाल सरकारबाट वीपी साहित्य पुरस्कार प्राप्त गरेपछि गिरिराज र श्रीमती नीरजा दम्पत्तिलाई स्वागत गर्दै अध्यक्ष पर्शुराम पोखे्रल, सुन्दरी जल (जेल) वीपी संग्रहालयमा हामी (२०८०)

तस्वीर आफैं बोल्छ (हाइज्याकको विमान) ०३० (वीपी संग्रहालय)

वीपी संग्रहालय (सुन्दरी जल जेल) मा नीरजा र गिरिराज

वीपी संग्रहालयमा अध्यक्ष परशुराम पोखरेलका साथमा नीरजा र गिरिराज



मैले लेखेको महानायक गणेशमान पुस्तकको विमोचन गर्दै मदन पुस्तकालयका अध्यक्ष वरिष्ठ कमलमणि दीक्षित ज्यूको करकमलबाट विमोचन गरिदैं वायाँ प्रशिद्ध चित्रकार मनोज बाबु मिश्र तत्कालिन मेयर मनोज मेयाङ्बो, डा. सुन्दरमणि दीक्षित दायाँमा डा. गोपाल भण्डारी, भू.पु सांसद इन्द्रहाङ लिम्बु (गीता मन्दिर २०५४)

वीपी संग्रहालय सुन्दरीजलमा जनक्रान्ति(२००७) मा गोश्वारा बडाहाकिम निवासमा आक्रमण गरेको टैंक

तस्वीर आफैं बोल्छ



नेता गणेशमान सिंहसँग बसेको गिरिराज (०५१) काठमाडौं



संयुक्त राष्ट्र संघ मानव अधिकारको स...

नेपालमा ३० औं मानव अधिकार दिवस एवं बिर्सेका बन्दीहरु १९७८

लेखक तथा प्रकाशकः– गिरिराज आचार्य

नेपालमा मानव अधिकार

संयुक्त राष्ट्र संघबाट ३० औं मानव अधिकार दिवसको बर्षगाँठ धुमधाम संग मना उन बिश्वभर का सदस्य राष्ट्रहरुसंग आव्हान गरे अनुसार नेपालमा पनि एमनेस्टी इन्टरनेशनलको शाखाले मानव अधिकार दिवस मनाएको छ। मानव अधिकार दिवसबारे बोल्दै बिघटित ससदका सभामुख एव नेपाली कांग्रेसका बरिष्ट नेता श्री कृष्ण प्रसाद भट्टाराइले भन्नुभयो २००७ सालको जनक्रान्तीले जनता लाई सरकारको समर्थनमात्र होइन की बिरोधपनि गर्ने अधिकार प्रदान गरे को थियो. मागेर अधिकार पाइदैन जनताले आफ्नो अधिकार शक्तिद्वारालिन सक्नु पर्छ। एमनेस्टी इन्टरनेशनल

फर्गटन प्रिजनर्स बारेमा लेख्न एमनेस्टी इन्टरनेशलको आह्वानमा मैले लेखेको बुकलेट (नेपालमा प्रतिवन्धित)

धरानका बुढासुब्बा गोरखपुर (यु.पी.)मा देख्ने इनरुवाका साहित्यकार
नीरप्रसाद कोइराला (ससुरावा) २०१३

केन्द्रीय प्रविधि क्याम्पस हात्तीसारमा गिरिराज बोल्दै

दार्जिलिङ, चौरस्तामा भानुभक्तको शालिक अगाडि म



बा रामप्रसाद

नेताहरु वीपी, गणेशमान जीपी, नेपाल आउनु अघि २०३३ साल असोज पूर्णिया विहारमा कार्यकर्ताको सामूहिक तस्वीर

प्रा.डा. विष्णु कुमारी शर्मा विएचयु बनारस तस्वीर सौजन्य काकी अमृता आचार्य

सहिद भीम नारायण संग्रहालय धनकुटामा हामी भाउजु बीचमा

गिरिराजले भारतको नयाँ दिल्लीबाट प्रकाशित सरिता पाक्षिक १९७९ मा लेखेको हिन्दी लेख नेपाली कांग्रेसको नेताको फाँसीको फोटोकपी भाउजुलाई हस्तान्तरण गर्दै २०८० फागुन

प्रा.डा. दयाराम श्रेष्ठ जनउदय नाटक र मेरी रजनी
कवितासंग्रहका टिप्पणीकार

वीपीसँग गिरिराज पछाडि उभिएको १९७७ पटना एमएल ए हाउस

तस्वीर आफैं बोल्छ

भारत आवारा मसिहाका लेखक विष्णु प्रभाकर (पत्रहरू)

युवा अवस्थामा भारतेन्दु हरिशचन्द

तस्वीर आफैं बोल्छ

समाजवादी ढंगको अनुकरणिय विवाह कार्यक्रम

– पदम केशर कार्की –

"पूर्व टाईम्स" साप्ताहिकका सम्पादक तथा प्रकाशक गिरिराज आचार्यको शुभ-विवाह इनरुवा निवासी नीर प्रसाद कोईराला तथा श्रीमती किरण देवी कोईरालाकी जेठी सुपुत्री निरजा कोईरालासंग बैशाख २५ गतेका दिन सादगीपूर्ण कार्यक्रम साथ सम्पन्न भयो।

इटहरी स्थित श्री कृष्ण प्रणामी

तस्वीर आफैं बोल्छ २०४५ बैशाख २५ गते

तस्वीर आफैं बोल्छ, वायाँमा बा राम प्रसाद आचार्य

नेपाली जनसम्पर्क समिति बम्बईमा (२०३८) सालमा गिरिजाबाबुसँग उभिएको म (कोठे सर्ट

धरान गीता मन्दिरमा पछाडी पाँचौं लहरमा कालो कमिजमा उभिएको बा राम प्रसाद (०४५)



धरानमा कविवर केदारमान व्यथितलाई स्वागत गर्दै म ०४५

कोइराला निवासमा मेलमिलाप दिवसमा गिरिजा बाबु अगाडि म बोल्दै

संस्थापकको हैसियतले प्रथम अधिवेशनको उद्घाटन गर्दै म

वीपीसँग म कोइराला निवास विराटनगर (२०३८)

धरानको कवि गोष्ठीमा कविवर केदारमान व्यथितसँग हामी

तस्वीर आफैं बोल्छ

वीपीसँग म कोइराला निवास विराटनगर (२०३८)

मेरो पुस्तक (१९७५)



कोइराला निवास विराटनगरमा गिरिजाबाबुको अगाडि बोल्दै

काठमाडौंमा प्रधानमन्त्री (०५२) शेर ब. देउवा र मातृका प्र.कोइरालाबाट पुर्वटाइम्स पुरस्कृत काठमाडौंमा पुरस्कार ग्रहण गर्दै म

मेरो संपादन प्रकाशनमा प्रकाशित पत्रिका (०४०)

कांग्रेसले चलाएको सत्याग्रहमा रिहा हुन बाँकी हामी केही साथीहरु (२०४२)
योरेग जेल प्रकाश कोइराला (बाँया) गोपाल राज पहाडी, रमेश घिमिरे,
हरि बहादुर कार्की, म (दाह्री पालेको वसान्त भट्टराई, मनोहरी वराल



शहीद लक्ष्मणको लेख मदन पस्तकालयको अकाईभमा राख्न मैले मदन पुस्तकालयका दिर्नेहशक दीपक अर्याललाई मेरो निवासमा हस्तान्तरण गर्दै

सद्भावना नेता गजेन्द्र नारायण सिंह अगाडि बोल्दै "म"
अरुणोदय धर्मशाला

जीतु वराजु नरपतिले बनाएको धनकुटाको नरवदेश्वर मन्दीरको मुल गेट

नरवदेश्वर शिवालय धनकुटाको सिँढिमा "म"

वैज्ञानिक डा. महावीर पुनको पुस्तक धरानको भानुचौकमा किन्दै हामी नीरजा



जिजुबाजे लप्टन लक्ष्मी कान्त, बायाँ जेठा हजुरबुबा बिचमा बाजे कुल प्र. दायाँ
चिन्तामणि भैरव प्र.का बाबु (झापा)

मलाई सम्मान गर्दै कांग्रेस नेता सुजाता कोइराला

नेता प्रकशमान सिंह मेरो पुस्तक महानायक गणेशमान विमोचन गर्दै गणेशमान फाउण्डेसनका अध्यक्ष मदन श्रेष्ठ हरियो खदामा

मेरो पुस्तकको विमोचन गर्दै नेपाली कांग्रेसका सभापति तथा
भु.पू. प्रधानमन्त्री शेर ब. देउवा

मेरो नामको पुरस्कार कोष स्थापना गर्दै तत्कालिन मेयर तिलक राई

कांग्रेस नेता डा. शेखर कोइराला विराटनगरमा मलाई सम्मान गर्दै

छोरी गरिमा र ज्वाई इ. सुलभ काफ्ले (अमेरिका)

छोरी ई. गृष्मा र ज्वाई इ. ज्योतिमणि भट्टराई

तस्वीर आफैं बोल्छ

हाम्रो बैवाहिक टिको टालोमा ससुरा निर प्र.कोइराला र सासु ि
करनदेवी कोइराला

तस्वीर आफैं बोल्छ

बाल्यकालमा म (२०२२) रिजाल फोटो स्टुडियो, विराटनगर

विर्तामोडमा मलाई सम्मान गर्दै प्रमुख अतिथि नर्थ बंगाल युनिर्भसिटिका नेपाली विभाग अध्यक्ष प्रा. नरेश चन्द्र खातिर साथमा नेता गोपाल बस्नेत र नर्थ बंगाल युनिर्भसिटिका प्रा. घतानि सर सँग

हामी परिवार श्रीमती नीरजा कोइराला आचार्य, छोरीहरु गरिमा, गृष्मा

धरानमा नेपाल प्रौढ संगठनका सुनसरी जिल सभापति राम प्र. आचार्य (बा)
लाई सम्मान गर्दै मोती संस्करण समिति धरानका पदाधिकारीहरु

भारतीय राजदूतावासका तर्फबाट धरानमा आयोजित कार्यक्रममा भारतीय दुतावासका कवि अभय कुमारलाई आफ्ना पुस्तकहरू उपहार दिँदै

साहित्यकार बिपी जयन्तीमा धरानमा कवि गोष्ठीमा, प्रमुख अतिथि प्रसिद्ध कवि वैरागी काइला, माइकमा बोल्दै विशिष्ट अतिथि पण्डित छविलाल पोखे्रल सङ्गै बसेका सभापतित्व गिरिराज आचार्य ।

बिपी जयन्तीमा बिपीको कोशी कौशिका कविता लेखेकोले सप्तकोशी औलियामठ्मा धरानका १० कविले बिपी प्रति सम्मान गर्दै कविता सुनाए तस्बिर मा गिरिराज आचार्य लगायत कविहरू बाकी कविहरूको नाम यसै किताबमा छ । कवि गोष्ठीको सभापतित्व बराह क्षेत्रका कविमन बज्राचार्य हुनुहुन्थ्यो ।

जनउदय नाटकको विमोचन को पूर्वसन्ध्यामा धरान पब्लिक हाई स्कुल अगाडी, उक्त नाटकको पं. छविलाल पोखरेलद्वारा विमोचन पूर्वनिर्धारित कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेको थियो र लेखक गिरिराज आचार्य (तस्बिरमा ब्यानर को बायाँमा लेखक) भीष्म काफ्लेलाई गिरफ्तार गरियो, तस्बिरमा अन्य वीरेन्द्र कार्की, हर्ष सुब्बा, चन्द्रमणि अधिकारी शारदा सुब्बा, सबिता श्रेष्ठ, उमाकान्त भट्टराई, प्रकाश राई लगायत हुनुहुन्थ्यो ।

साहित्यकार बिपी जयन्तीमा धरानमा कवि गोष्ठीमा, प्रमुख अतिथि प्रसिद्ध कवि वैरागी काइला, माइकमा बोल्दै विशिष्ट अतिथि पण्डित छविलाल पोखरेल सङ्गै बसेका सभापतितत्व गिरिराज आचार्य ।

राजा ज्ञानेन्द्रले गरेको प्रतिगमन विरुद्ध धरानमा कविहरूको मुखमा कालो पट्टी बाँधेर जुलुस निकालेको दृश्य

मेरो प्रेसमा आसामबाट आएका साहित्यकारहरूसँग धरानमा

धरानमा कवि केदारमान व्यथितलाई स्वागत गर्दै

सिसास धरानको कार्यक्रममा कवि केदारमान व्यथित सहित अन्य साहित्यकार

मोती भवनमा केदारमान व्यथितलगायतका साहित्यकारहरू

मोती स्मृति भवन उद्धाटनको तस्बिरमा गोपाल पाण्डे असीम, नित्यराज पाण्डे, बाल मुकुन्द पाण्डे, रमा शर्मा, प्रा. माणिकलाल श्रेष्ठ र गिरिराज आचार्य

मोती स्मृति भवनमा सुप्रसिद्ध साहित्यकारहरूसँग तस्बिरमा सूर्यविक्रम ज्ञवाली, माधवप्रसाद घिमिरे, प्रा. टिकाप्रसाद ओस्ती, कवि मान बज्राचार्य, पं छविलाल पोखरेल, बायाँ बसेको गिरिराज आचार्य, अमर चित्रकार अमर चित्रकार (मोती रामको मूर्तिको मूर्तिकार), शङ्कर आचार्य, बद्री पलिखे, इन्द्रमाया शाक्य, सरला कायस्थ, रमा शर्मा, सीता राईलगायत

बिपी कोइरालाको साहित्यिक विचार किताब सामाजिक सञ्जालमा वाचन गर्दै राजु झल्लु प्रसाद

धरान छाता चोकमा गिरिराज आचार्य कविता पाठ गर्दै

धरान सिसासको काठमाडौँ गोष्ठीमा कवि तुलसी दिवस, कवि सिद्धिचरण श्रेष्ठ, डा. ईश्वर बराल, डिपी अधिकारी, कृष्णचन्द्र सिंह प्रधान लगायत म सहित धरानका १० कविहरू

धरानमा गिरिराज आचार्यद्वारा लिखित तुलसा उपन्यासको विमोचन गर्दै
ने.रा. प्र. प्रतिष्ठानका उपकुलपति प्रा.डा. वासुदेव त्रिपाठी

तस्वीर आफैँ बोल्छ

डा. तारानाथ शर्मालाई स्वागत गर्दै म

भारतका साहित्यकार नरबहादुर दाहालसँग हामी गिरिराज आचार्य, बुद्धिराज भण्डारी र हर्ष सुब्बा

वीपी कोइरलाको शवयात्रामा
ट्रकमा गिरिजाबाबु, मातृका बाबु, शैलजा, किसुनजी, गणेशमान सिंह,
भारतीय नेता चन्द्रशेखर



बिपी कोइरलाको शवयात्रामा

बिपी कोइरलाको श्रद्धाञ्जली कार्यक्रम

बिपी कोइरलाको श्रद्धाञ्जली कार्यक्रम, इनरुवा सुनसरी

बिपी कोइरलाको शोकसभामा बोल्दै म, इनरुवा सुनसरी

बिपी कोइरलाको श्रद्धाञ्जली कार्यक्रम

दोस्रो संस्करण


"तुलसी"


विस्थापित यौवन
लेखकः गिरिराज आचा

सानीको सपना
गिरिराज आचार्य

राजनीतिको सानो मानिसलाई पनि पोशाक चाहिन्छ तर साहित्यमा भने सम्राट पनि निर्वस्त्र हुन्छ।

—बी. पी. कोइराला



ब्लक : पूर्व टाइम्स

समर्पण

२००७ साल जन क्रांतिका महान योद्धा नेपाली
साहित्यकाशका एक उज्ज्वल नक्षत्र
स्व० विश्वेश्वर प्रसाद कोइराला
जसको प्रेरणाले जन-उदय
हुन सक्यो।

—लेखक/प्रकाशक


नेपाली
भाषा
र
साहित्यका
केही
समस्याहरु
गिरिराज आचार्य

भानुभक्त र नेपाली
भाषाको विका
आदिकवि भानुभक्त आचार्य
(१८७१ - १९२६)


प्रजातान्त्रिक योद्धा
स्व. बमबहादुर राई
(स्मृति ग्रन्थ)
सम्पादक
गिरिराज आचार्य.
प्रकाशक
श्रीमती गंगामाया राई

जगदीश नेपालीका
केही
लघु
कथाहरू
जगदीश नेपाली


नेपाली कांग्रेसमा
राई-लिम्बू-गुरुङको
योगदान
लेखक
गिरिराज आचार्य


बन्दी यातना शिविरबाट फर्कँदा
लेखक
गिरिराज आचार्य


पंचतन्त्र (राजनैतिक मीमांसा)

[राजतंत्र प्रजातन्त्र, साम्यवाद अराजकता तथा साधुबृत्ती]

लेखक

स्व. महाकवि लक्ष्मी प्रसाद देवकोटा

सम्पादक

गिरिराज आचार्य

जनमत सङ्ग्रह दर्पण
गिरिराज आचार्य

गिरिराज आचार्य
इलाम चिया बगानमा

पूर्वउपप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेत्री सुजाता कोइरालाले नेपाली कांग्रेस सुनसरीले मलाई सम्मान गर्दै गरेको फोटो

नेपालको प्रथम नाटक लेखिका सुभद्रादेवीलाई आफ्नो माइती गाउँ धरानमा सम्मान गर्दै मोती संस्मरण समितिको अवसरमा स्वागत गर्दै गिरिराज आचार्य सभापति बद्री पालिखे/ कृष्ण प्र. श्रेष्ठ (बीए कृष्ण)

प्रसिद्ध कथाकार, विस्थापित योवनका भूमिका लेखक जितमान राईसँग धरानमा २०३९

प्रसिद्ध कवि पारसमणि प्रधानको शोक सभा मोति स्मृति भवनमा आयोजित शोक सभामा मन्तव्य व्यक्त गर्दै गिरिराज आचार्य पछाडि मञ्चमा सभापतित्व गरिरहेका प्रसिद्ध विद्वान छविलाल पोखरेल २०४०

नेपालका ज्येष्ठ कवि (९७) कालिका प्रसाद आचार्यलाई धरानमा नेपाली शिक्षा परिषदको हिरक जन्मजयन्तीमा धरानमा सम्मान गर्दै संस्थाकि सचिव रमा शर्मा साथमा गिरिराज आचार्य

नेपाली साहित्यमा प्रथम नाटक लेखिका सुभद्रादेवी उर्फ सावित्री कलंकी समाज (२०१५) आफ्ना श्रीमान तेजप्रसाद पोखरेलका साथमा धरानमा मोती संस्मरण समितिद्वारा आयोजित प्रथम साक्षात्कार भेटघाटमा (नेपाल सरकारका पूर्व समिचि)



युवावस्थामा गिरिराज

बासँग हामी नवजोडि

वयस्कावस्थामा गिरिराज

बाल्यावस्थामा हामी भाइ गणेश दाजु तीर्थका बीचमा म

पुरानो आचार्य निवास धरान

छेउमा बा / बेहुला गिरिराज परिवारसँग

फणिश्वरनाथ रेणुको जन्मघर **(तस्वीर सौजन्य : डा. तुलसी भट्टराई)**

विश्वप्रकाश शर्माबाट सम्मान ग्रहण गर्दै गिरिराज आचार्य



प्रसंग कर्पुरी ठाकुर फणिश्वरनाथ रेणु
प्रतिबन्धित मेरो पत्र द टाइम्स अफ इन्डिया
नेपालमा जफ्त

पंचायतकालमा पंचायत विरुद्धबोल्नेलाइ मुद्धालाग्ने गर्थ्यो । १९७७को कुरा हो भारतका प्रधानमन्त्री इन्दिरागान्धिले इमरजेन्सी लगाइन। त्यस पछि भारतका जनता पार्टिका नेताहरु, बिहारका भूतपूर्व मुख्यमन्त्रि कर्पुरी ठाकुर तथा प्रसिद्ध हिन्दिका साहित्यकार भुमिगत रुपमा नेपाल आए । त्यसैको प्रतिकृया स्वरुप मैले The Times of Indiaको The letter to the editor मा पत्र लेखे । एक जना भारतकालागी नेपालका राजदुतले भारतमा अनर्गल प्रचार गरेकोमा प्रतिपाद गर्दै पत्र लेखे । यो पत्रिका नेपालमा जफ्त भयो तर त्यो बेला म नेपाली कांग्रेसको पट्ना सम्मेलनमा प्राप्त गरे । प्रस्तुत छ त्यसको फोटोकपि ।

नर्वदेश्वर शिवालय धनकुटा, संस्थापक खरदार
नरपति आचार्य १९४४ साल अघि ।

नर्वदेश्वरमा पिढीमा चिन्तन गर्दै

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरवार, काठमाडौं

सम्मान-पत्र

श्री गिरीराज आचार्य,
धरान, सुनसरी ।

नेपाली साहित्य तथा वी. पी. कोइरालाको साहित्यिक सृजनाको खोज, अध्ययन अनुसन्धान एवम् लेखन क्षेत्रमा लामो समयदेखि समर्पित रही पुऱ्याउनु भएको अमूल्य योगदानको कदर स्वरुप नेपाल सरकारद्वारा स्थापित "वी.पी. कोइराला राष्ट्रिय पुरस्कार, २०७९" (साहित्यिक क्षेत्र) बाट तपाईलाई सम्मानित गरिएको छ । यस पुरस्कारद्वारा सम्मानित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सिर्जनात्मक कार्यको निरन्तरताको लागि शुभकामना सहित यो सम्मानपत्र प्रदान गरिएको छ ।

(सुरेश अधिकारी)
सचिव

(सुशिला सिर्पाली ठकुरी)
माननीय राज्यमन्त्री

(सुदन किराती)
माननीय मन्त्री

(पूर्णबहादुर खड्का)
माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री

२०८० साउन ०६ गते, शनिबार

नेपाल सरकारबाट गिरिराजले पाएको वीपी साहित्य पुरस्कार प्रमाण पत्र

२०४६ साल चैतमा जेलबाट छुटेपछि कम्युनिष्ट नेता क. मन मोहन अधिकारीबाट पुरस्कार ग्रहण गर्दै



धरान प्रज्ञा प्रतिष्ठान

धरान उपमहानगरपालिका सुनसरी, प्रदेश नं. १

सम्मान-पत्र

२०७८ पुष ९, शुक्रबार

स्रष्टा सम्मान तथा अभिनन्दन कार्यक्रम-२०७८

नेपाली साहित्य, राजनीति र पत्रकारिता क्षेत्रका सशक्त हस्ताक्षर एवम् धरानको साहित्याकाशका जाज्वल्यमान् नक्षत्ररूपी साधक-वरिष्ठ अग्रज साहित्यकार **श्री गिरिराज आचार्य** ज्यूको जन्म आमा पद्मकुमारी आचार्य र बुबा रामप्रसाद आचार्यको साहिलो सुपुत्रको रुपमा धरानको चन्द्रपुरबजार (पुरानो बजार) मा २००७ सालमा भएको हो । र, हाल उहाँ धरान उपमहानगरपालिका वडा नं. १२ का स्थायी निवासी हुनुहुन्छ ।

२०२६ सालदेखि साहित्य लेखन आरम्भ गरेर साहित्यका प्रायशः सबै मुख्य विधाहरुमा कलम चलाउनुभएका श्री आचार्यको पहिलो कृति "हवाई पत्र" कविता सङ्ग्रह-२०३४ भए पनि सो कृति ६ वटा कविताको सानो हवाई पत्रमा प्रकाशित भएको हुँदा उहाँको पहिलो पूर्णकृति "मेरी रजनी" कविता सङ्ग्रह-२०४३ हो । त्यस पछि "जनउदय" नाटक-२०४५, "सानीको सपना" कथासङ्ग्रह-२०४५, "तुलसा" र "विस्थापित यौवन" उपन्यास लगायत साहित्यिक अन्वेषण र समालोचनाका दर्जनौं कृतिहरु पनि प्रकाशित रहेका छन् । राजनीति र साहित्यका दर्जनौं पुस्तकहरु सम्पादन गरिसक्नुभएका श्री आचार्य शनिवासरीय साहित्य सम्मान, नेपाली साहित्य समाज, मोती संस्मरण समिति, लक्ष्मी वाचनालय, नई प्रकाशन नई भाजप पुरस्कार, नेपाल सरकार संस्कृति मन्त्रालयबाट भानुभक्त आचार्य द्विशतवार्षिकी समारोह समितिबाट प्रशस्तीलगायत दुई दर्जनभन्दा बढी संस्थाबाट पुरस्कृत/सम्मानित भइसक्नुभएको छ ।

हिन्दीमा समेत कविता लेखी भारतका विभिन्न साहित्यिक पत्रिकामा प्रकाशन गर्नुभएका तथा नेपालको साहित्यका चर्चित आन्दोलन-सडक कविता क्रान्तिमा सक्रीय सहगामी हुनुभएका वरिष्ठ अग्रज साहित्यकार श्री गिरिराज आचार्य ज्यूलाई आज धरान प्रज्ञा प्रतिष्ठानको तर्फबाट सम्मान गर्न पाउँदा हामीलाई गौरवानुभूति भएको छ । तसर्थ, उहाँको साहित्य साधनाको यात्रा भगीरथ रुपमा अगाडि बढिरहोस् भन्ने कामना गर्दै **रु. २०,०००।-** नगदसहित यो **सम्मान-पत्र** उहाँलाई प्रदान गर्दछौं ।

श्री हिमाल राई	श्री तिलक राई	श्री अम्बिका सम्बाहाम्फे
(कार्यक्रम संयोजक)	(प्रमुख अतिथि)	(संयोजक)
स्रष्टा सम्मान तथा अभिनन्दन कार्यक्रम-२०७८	मेयर-धरान उपमहानगरपालिका, धरान	धरान प्रज्ञा प्रतिष्ठान

मोती संस्मरण समिति
धरान
स्था.: २०३३
सम्मान–पत्र
श्री गीरिराज आचार्य धरानले लामो समयदेखि नेपाली भाषा र साहित्यको सेवा र पत्रकारिता क्षेत्रमा योगदान गर्दै आउनु भएको हुँदा १४५ औं मोतीजयन्ती २०६७ को उपलक्ष्यमा यो सम्मान-पत्र प्रदान गरिएको छ ।
वहाँको उत्तरोत्तर प्रगति र उज्वल भविष्यको कामना छ ।
बद्री पलिसे
सभापति
श्री मोती संस्मरण समिति
मिति : २०६७/०६/१६

डा. स्वामी प्रपन्नाचार्य-चतुर्भुज पुरस्कार गुठी
धरान, सुनसरी
सम्मान-पत्र
नेपाली साहित्यमा विगत तीन दशकदेखि साधनारत साहित्यकार श्री गिरिराज आचार्यलाई
"डा. स्वामी प्रपन्नाचार्य-चतुर्भुज पुरस्कार" का साथ
यो सम्मानपत्र प्रदान गरिएको छ ।
(डा. गोपालप्रसाद भण्डारी)
संरक्षक
प्रमुख अतिथि
सभापति



'पुरानो पुस्तालाई सम्मान एवम् नयाँ पुस्तालाई प्रोत्साहनः हाम्रो अभियान'

कवि शिरोमणि साहित्य-साधना समाज

धरान-१६, सुनसरी

१३१ औं लेखनाथ जयन्ती समारोह

पौष-१५, २०७१

सम्मान-पत्र

श्री गिरिराज आचार्यज्यू,
धरान-१२, सुनसरी

स्व. रामप्रसाद तथा पद्मकुमारी आचार्यका पुत्ररत्न तपाईं अथक साहित्यसाधक, भाषावाङ्मयसेवी, धरानका जेष्ठ पत्रकार तथा आदर्श राजनीति चिन्तक हुनुहुन्छ । तपाईं मेरी रजनी (कविता सङ्ग्रह), सानीको सपना (कथा सङ्ग्रह), जन उदय (नाटक), 'विस्थापित यौवन' तथा 'तुलसा' (उपन्यास) एवम् भानुभक्त र नेपाली भाषाको विकास लगायतका साहित्यिक कृति प्रकाशित गरी नेपाली वाङ्मयको सेवामा समर्पित हुनुहुन्छ । निष्ठावान् त्यागी नेता, बहुआयामिक साहित्यकार एवम् राजनीति चिन्तक र विश्लेषक मानिनु हुने तपाईं समस्त धरानेहरूका आदरणीय, अनुकरणीय र आदर्श व्यक्तित्व हुनुहुन्छ । तपाईंका यस्ता गुणगरिमाको मुक्तकण्ठले प्रशंसा गर्दै लेखनाथ जयन्तीका शुभ-अवसरमा हामी हृदयतः सम्मान अर्पण गर्दछौं ।

श्री भवानीशङ्कर भट्टराई
सचिव

प्राज्ञ श्री दधिराज सुवेदी
प्रमुख अतिथि

श्री सिद्धिकर्ण शर्मा
अध्यक्ष

तारानिधि-धनमाया अधिकारी स्मृति प्रतिष्ठान

इटहरी-५, सुनसरी

स्था: २०६९

सम्मान-पत्र

श्री गिरिराज आचार्यज्यू,
धरान, सुनसरी

विगत पाँच दशकदेखि नेपाली समाजको गम्भीर अध्ययन, अनुभव र अनुसन्धानसहितको लेखनको माध्यमबाट एक कुशल सूचना संवाहकको रूपमा हाम्रो पत्रकारिता जगत्मा यहाँले पुर्याउनुभएको विशिष्ट योगदानको कदरस्वरूप हार्दिक शुभकामनाका साथ रु. २५,१०१ (पच्चिस हजार एक सय एक रुपियाँ) राशिको दिननाथ-नारायणीदेवी पौडेल स्मृति पुरस्कार-२०७८ यहाँलाई स-सम्मान अर्पण गर्दछौं।

हेमकर्ण पौडेल
नगर प्रमुख
इटहरी उप-महानगरपालिका प्रदेश नं. १

२०७८ माघ १८, शनिवार

रामचन्द्र अधिकारी
अध्यक्ष
इटहरी उप-महानगरपालिका



श्यामकृष्ण उपाध्याय स्मृति पुरस्कार गुठी(२०५१)

झापा, नेपाल

सम्मान-पत्र

श्री गिरिराज आचार्य ज्यू
धरान-१, सुनसरी

कोशी अञ्चल, सुनसरी जिल्लाको धरान नगरपालिका वडा नं. १ पुरानो बजार (चन्द्रपुर) मा माता पद्मकुमारी र पिता रामप्रसाद आचार्यका पुत्ररत्नका रुपमा वि.सं. २००८ वैशाख २ गते जन्मनु भई वि.सं. २०२८ सालदेखि पत्रकारिता क्षेत्रमा प्रवेश गरी साहित्य र राजनीतिमा समेत सक्रियतापूर्वक सम्लग्न हुनुभई सामाजिक जागरण तथा समाजसेवाको क्षेत्रमा उत्कृष्ट योगदान गर्नु हुने तपाईको अविच्छिन्न, अनुपम तथा अनुकरणीय सेवाको सम्मान गर्दै श्री श्यामकृष्ण उपाध्याय स्मृति पुरस्कार २०६८ नगद रु. ७,५०१/- सहित यो सम्मान-पत्र समर्पण गर्दछौं ।

प्रा. नरेशचन्द्र खाती
प्रमुख अतिथि
प्रमुख नेपाली विभाग, उत्तर बंग विश्वविद्यालय
पश्चिम बंगाल, भारत

गोपालकुमार बस्नेत
का.वा. अध्यक्ष

२०६८ असार २४ गते शनिबार



'मानिस ठूलो दिलले हुन्छ जातले हुँदन'

लक्ष्मीवाचनालय

धरान-१, सुनसरी

सम्मान-पत्र

नेपाली भ षा र साहित्यका साधक
श्रीमान् गिरिराज आचार्यज्यू,
धरान, सुनसरी

तपाईले नेपाली राष्ट्र भाषा र साहित्यको उत्थ नमा निरन्तर नेपाली उपन्यासका माध्यमबाट आफ्नो सिर्जनशील प्रतिभा समर्पित गर्नु भएकोमा शतशः र धुवादका साथ महाकवि लक्ष्मी प्रसाद देवकोटाको १०२ औं जन्मजयन्तीक अवसरमा हृदय देखि नै आदरभाव प्रकट गर्दै यो सम्मान-पत्र प्रदान गरेका छौं। यहाँले पुऱ्याउनु भएको विशिष्ट योगदानको सबैतिरबाट समुचित मूल्यांकन हुनेछ भन्ने अपेक्षा राखेका छौं। यस अवसरमा तपाईको सु-स्वास्थ्य, दीर्घ यु तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

जय नेपा ी भाषा ! जय नेपाली साहित्य !! जय महाकवि देवकोटा !!!

राज ढकाल
सचिव

क वेराज न्यौप ी
प्रमुख अतिथि

प्रा.डा. गोपाल भण्डार
अध्य

मिति २०६७ क १९ ग जेवार (लक्ष्मीपूजा)



लीलबहादुर क्षेत्री मोती स्मृति भवन धरानमा गिरिराज आचार्यको उपन्यास विस्थिपित यौवनको २०४० सालमा विमोचन गरेको बेला ।

आसामबाट आएका नव नेपालीको टोली सहितका साहित्यकारहरू

मोती प्रतिमा अगाडि : गोपाल पाण्डे (लट्ठी टेक्ने), दायाँ प्रा. मणिकलाल श्रेष्ठ, रमा शर्मा, गिरिराज आचार्य, बायाँ नीत्यराज पाण्डे, वासुदेव पाण्डे

माथि लहरै बसेका : पहिलो गिरिराज आचार्य, दोस्रो अमर चित्रकार, कवि माधव घिमिरे, सूर्यविक्रम ज्ञवाली, डा. तोयानाथ भट्टराई, पं. टीका प्र. वस्ती, मान बज्राचार्य, पं. छविलाल पोखरेल, बद्री पालिखे, रमा शर्मा, सरला कायस्थ

बसाईका लेखक लीलबहादुर क्षेत्रीका साथ धरान मोती स्मृति भवनमा सामूहिक तस्बीर

परिशिष्ट

आचार्य वंशवृक्ष

(क) चिन्तामणी (छबिलाल) : पत्नीहरू : (क) लिलादेवी (ख) अप्सरा

छोराहरू : (१) (क) भैरबप्रसाद (२) (क) भीमप्रसाद (३) (ख) हृदयराज

(४) (ख) लेखराज (५) (ख) राजेन्द्र (गङाराम) (६) (ख) भक्तराज (रोहित)

छोरीहरू : आशाकुमारी, भद्रशिला, नैनकुमारी, महेन्द्रकुमारी, यज्ञकुमारी, नन्दकुमारी

(१) (क) भैरवप्रसाद : पत्नीहरू : (क) धर्मकुमारी (ख) देवकुमारी (ग) ध्रुवकुमारी

(घ)गोमाकुमारी (ङ) नन्दकुमारी

छोराहरू : (क) दक्षराज (ख) देवराज (क) राजकुमार

(क) चेतराज (ग) लोकेन्द्र

छोरीहरू: (क) राजेश्वरी, बिन्देश्वरी, कमला, ईन्दु, रेणु, ज्ञानु

(क) दक्षराज : पत्नी : मिठुदेवी अर्ज्याल

छोराहरू: विनोद , आमोद / छोरीहरू: सबिना (चुन्नु), सुमिता (मुन्नु)

विनोद :

आमोद : पत्नी: आशाकुमारी चटौत

छोरा: अनमोल / छोरी: अनुष्का

(ख) देवराज : बिना जोशी

छोरा: राजीव / छोरी: वानी

राजीव

(क) राजकुमार: पत्नी: शशी (साबित्री) रिजाल

छोराहरू: मनिष, आशिष / छोरीहरू : सिमा, ईला, निला

मनिषः पत्नी प्रज्ञा

छोरा : आहान

आशिष : पत्नी तपसी मिश्रा

छोरीहरूः तनाया, तपसी

(ग) लोकेन्द्र : पत्नीः सरोज

छोराः अनिमेष / छोरीः अनिमा

अनिमेष

छोराः कौत्सव

(क) चेतराजः गीता रिजाल

छोराः अभिषेक / छोरीः पूजा

अभिषेक : पत्नीः लिलिया

छोरीः जेसिका

(२) (क) भीमप्रसाद : पत्नीः गोमा

(३) (ख) हृदयराज : पत्नीहरू (क) जमुना (ख) राधा

छोराहरूः (ख) कौशल (ख) जनरल / छोरीहरू (क) सीता

(क) गीत (ख) सपना (ख) कल्पना

(४) (ख) लेखराज : पत्नीः लक्ष्मी रिजाल

छोराहरू : ऋषिराज, सागरराज / छोरीः बेबिता, सन्ध्या, सुनिता

ऋषिराज : पत्नी : सुमित्रा

छोरा : आशिष / छोरी : एनि

आशिष : निमा

सागरराज : पत्नीः कृष्णा

छोरा : सौरव

सौरव : उमा

छोरा : भिअन / छोरी: सामान्था

(५) (ख) राजेन्द्र (गङ्गाराम) : पत्नी आशा

छोराहरू: विराज, धिराज छोरी : संगीता

विराज: पत्नी: आस्ना

धिराज: पत्नी रंजिता सिवाकोटी

छोराहरू : सौय , संयम

(६) (ख) भक्तराज (रोहित) : पत्नी: लिला संग्रौला

छोरा : राहुल / छोरीहरू : लिना, मनिषा

राहुल : पत्नी : सगुन

छोरा सारंस / छोरी : संस्कृति

(ख) कूलप्रसाद : पत्नीहरू:- (क) कदलीमाया (ख) जनमाया (ग) भीमकुमारी)

छोराहरू : (१) (ख) माधवप्रसाद (२) (ख) केशबप्रसाद

(३) (ख) कालिकाप्रसाद (४) (ख) रामप्रसाद

(५) (ख) च्यवनप्रसाद (६) (ख) शेषराज (७) (ख) राजेन्द्रप्रसाद.

(८) (ग) पशुपति (९) (ग) दीनानाथ (१०) (ग) शेखरप्रसाद

छोरीहरू: (१) (ख) धनन्जय कुमारी (२) (ग)) डम्बरकुमारी (शुशिला)

(३) (ग) ज्ञान्द्र (४) (ग) दुर्गा, (५) (ग) गीत (६) (ग) अन्जला

(१) (ख) माधवप्रसाद : पत्नीहरू :- : (क) लक्ष्मीमाया धमला (ख) उमादेवी रिजाल

छोराहरू :- (१) (क) गेरुप्रसाद (किशोरकुमार) (२) (ख) डगेन्द्रप्रसाद

(३) (ख) ठगेन्द्रप्रसाद (४) (ख) कृष्णप्रसाद (५) (ख) भरतप्रसाद

(६) (क) केदारप्रसाद (७) (ख) रामबाबु (८) (क) बिन्ध्यराज

छोरीहरू : - (१) (क) राधा (२) (ख) राज्यलक्ष्मी (३) (क) पिङ्गला

(४) (क) शसीकला (५) (क) शान्ता

(१) (क) गेरुप्रसाद (किशोरकुमार) : पत्नीः- खेलुकादेवी रिजाल

छोराहरू :- सुनिलकुमार, अनिलकुमार / छोरीहरूः अनिता , सुनिता

सुनिलकुमार : मिना कार्की

छोरा :- ईश्वर / छोरीः स्मिता

ईश्वर : : पत्नीः मुना ढुङगना

छोरा : सौगात , सम्राट

अनिलकुमार : कविता धमला

छोरा : - आयुष, मनिष

आयुष : पत्नीः सोनम कोइराला

(२) (ख) डगेन्द्रप्रसाद : पत्नीः- सीमा भट्ट

छोरीहरू : - ज्योति, प्रीति, प्रिया

(३) (ख) ठगेन्द्रप्रसाद :- पत्नीहरू :(१) (क) सरला ढकाल

(२) (ख) शोभा अधिकारी.

छोराहरूः - (१) (क) श्याम (१) (क) सन्तोष

छोरीः- (१) (क) सुष्मा

(१) (क) श्यामः पत्नीः पुष्पा सङ्ग्रौला

छोरी : - सुप्रीना, छोराः - सक्षम

(१) (क) सन्तोष :- पत्नेः गीता ओभ्का

छोरा :- सार्थक

(४) (ख) कृष्णप्रसाद :- पत्नीः सरस्वती ढकाल

छोरीहरू- उतरा, पुजन छोरा : -उत्तम

उत्तम पत्नी: प्रकृति पाठक

(५) (ख) भरतप्रसाद : पत्नी:- लक्ष्मी सिटौला

छोरीहरू - बर्षा, मेघा

(६) (क) केदारप्रसाद :- नर्वदा उप्रेती

छोरा- सुमित , छोरीहरू :- सृजना, सुजता

सुमित : पत्नी : सबिता गौतम

छोरी: संस्कृति / छोरा शिवांस

(७) (ख) रामबाबु :- पत्नी:- गङा सङ्गौला

छोरीहरू - कृती, प्रकृति, संस्कृती

(८) (क) बिन्ध्यराज (विनोद) :- पत्नी:- अनिता पौडेल

(२) (ख) केशवप्रसाद :- पत्नी:- सुभद्रादेवी संजेल

छोराहरू- वासुदेव, योगराज, गोपाल, केदार, खेन्द्रमणी छोरीहरू- विद्या, ईन्दिरा

वासुदेव: पत्नी: उमादेवी अधिकारी

छोराहरू- यज्ञमणी (द्वारिका), बोधमणि, ईश्वरी

छोरीहरू : कल्पना, सावित्री

यज्ञमणी (द्वारिका) : पत्नी : ईश्वरा ओझा

छोरा - सौगात / छोरीहरू : नम्रता, नितिका, दीपिका

बोधमणी : गीता पोखेल

छोरा : एनिस छोरी : एनिसा

ईश्वरी : बिनिता चम्लागाई छोरा - सङ्गम / छोरी : सुहाना

योगराज :

गोपालप्रसाद : पत्नी : सीता बजगांई

छोराहरू- देवराज, सुनिल्, लक्ष्मीराज छोरी : नितु

देवराज : पत्नी : फापु बराल

छोरा - विराट

सुनिल पत्नी : जोत्सना रिमाल

छोरीहरू : सुपना, सुजना सृष्टीना ,

लक्ष्मीराज : पत्नी: ज्योति कार्की

केदारप्रसाद : पत्नीहरू :- (क) अम्बिका मैनाली (ख) सावित्रा कट्टेल

छोरा : (क) आशिष छोरीहरू : (क) निशा (ख) उषा (ख) आशा (ख) मनिषा

खेन्द्रमणी : पत्नी : अनिता सिटौला

छोराहरू: अनिलमणी, बिनयमणी छोरी बिनिता

अनिलमणी : श्रद्धा नेपाल उपाध्याय

छोरा : कृतार्थ

विनयमणी

(३) (ख) कालिकाप्रसाद : पत्नीहरू: (क) लक्ष्मी माया घिमिरे (ख) मन्दोदरी घिमिरे

छोराहरू : (ख) विष्णुप्रसाद (ख) प्रकाशप्रसाद (ख) प्रदिपप्रसाद

छोरीहरू- (क) शुभद्रा (ख) नुतन (ख) इन्दु (ख) मिरा (ख) कृष्णा (ख) मेनुका

(ख) विष्णु प्रसाद : पत्नी: पुष्पा भट्ट

छोराहरू- विशाल, भाष्कर / छोरी : रश्मी

विशाल

छोरी: शिवासी

भाष्कर : सन्ध्या दाहाल

छोरी : प्राप्ती

(ख) प्रकाश प्रसाद : पत्नीः तुलसा सुवेदी

छोरा : प्रभाव / छोरी : प्रान्जली

(ख) प्रदिपप्रसाद : पत्नी : अम्बिका घिमिरे

छोराः प्रस्तुत छोरी : प्रतिष्ठा

(३) (ख) हृदयराज : पत्नीहरु (क) जमुना (ख) राधा

छोराहरु कौशलः (ख) कौशल (ख) जनरल / छोरीहरु (क) सीता

(क) गीत (ख) मपना (ख) कल्पना

(ख) कौशलः पत्नी : तुलमा

(ख) जनरल

(४) (ख) लेखराज : पत्नीः लक्ष्मी रिजाल

(४) (ख) रामप्रसाद : पत्नीहरूः (क) पद्मा रिजाल (ख) देवी पराजुली

छोराहरू : (क) टंकप्रसाद (क) तिर्थप्रसाद (क) गिरिराज (क) लक्ष्मप्रसाद

(क)गणेशप्रसाद (ख) राजन (ख) रोशन

छोरीहरू : (क) गङ्गा (क) लक्ष्मी (क) जमुना (क) कमला (ख)दीपा (ख) सुष्मा

(क) टंकप्रसाद : पत्नी : सीता बास्तोला

छोराहरू- किरण्,नबिन / छोरी-निता

किरण : पत्नीः अन्जु ढुङ्गाना

छोरी- तानिया

नबिन : पत्नीः संगिता ओलि

छोरा- अनव

(क) तिर्थप्रसाद : पत्नी : शारदा पुडासैनी

छोरा- अमोल

अमोल : पत्नी : गीता कंडेल

(क) गिरिराज : पत्नी : नीरजा कोइराला

छोरीहरू- गरिमा, गृष्मा

(क) लक्ष्मण : पत्नी : अयुध्या सिवाकोटी

छोरा- आशिष / छोरी : आकृति

आशिष : पत्नी : योगिता उप्रेति

छोरी : आव्या

(क)गणेशप्रसाद : पत्नी ; विमला उप्रेति

छोरी- नमिता / छोरा :निश्चल

(ख) राजन : पत्नी : विष्णु कुँवर (क्षेत्री)

छोरा : आर्यान

(ख) रोशन : पत्नी : गोमा पाठक

छोरी : आर्या / छोरा : आर्जित

(५) (ख) च्यवन प्रसाद : पत्नी : चन्द्रादेवी अधिकारी

छोराहरू- रुद्रप्रसाद राजकुमार, गोपालप्रसाद, राजेश

छोरीहरू- सीता, लता, शकुन्तला, नर्वदा

रुद्रप्रसाद : पत्नी :राधादेवी रिजाल

छोरीहरू- जमुना, सरोजा, अनिता, सुनिता

राजकुमार : पत्नी : दुर्गा शर्मा

छोरीहरू- पुजन, रोशना

गोपालप्रसाद : पत्नी : तुलसा रिमाल

छोरी-ईशा / छोराहरू- सुलभ,सुगम

राजेश : पत्नी : रेखा लुइँटेल

छोरी- श्रीया / छोरा- ससिब

(६) (ख) शेषराज : बिन्दादेवी रिजाल

छोरीहरू: कमला, निर्मला, सुमित्रा, सरिता, कविता, सन्जिता

छोरा : संजीवराज

संजीवराज : पत्नी : शिखा तिमसिना

छोरी : सन्सी (हेमा)

(७) (ख) राजेन्द्रप्रसाद : पत्नी: अम्बिका लामिछाने

छोरी- रमोला / छोराहरू- सुरेशप्रसाद , नरेशप्रसाद ,दिनेशप्रसाद

सुरेशप्रसाद : पत्नी :जयादेवी तिमिल्सिना

छोरी : विजया / छोरा : विवेक

विवेक : पत्नी : सर्वानी उपाध्याय

छोरीहरू: सेवाश्री , सियाश्री

नरेशप्रसाद : पत्नी : सीतादेवी गौतम

छोराहरू : पीयुष, गिरिजा ,प्रशान्त

गिरिजा : पत्नी : ऋचा अधिकारी

दिनेशप्रसाद : पत्नी : टिका सिवाकोटी

छोरीहरू : दिक्षा, समिक्षा / छोरा : सक्षम

(८) (ग) पशुपती नाथ : पत्नी : पद्मकुमारी गौतम

छोरा- दिपक, सरोज / छोरीहरू : रम्बा, इन्दु, सरला,

दिपक पत्नी: बिना अधिकारी

छोरा: दिवस

छोरा: दिवस पत्नी : निति उप्रेती

छोरी : दीत्या

सरोज : पत्नी: हेमा रिमाल

छोराहरू- फिरोज्, निरोज

(९) (ग) दीनानाथ : पत्नी : माण्डू अधिकारी

छोराहरू-विनोद, मनोज, अमोद

छोरीहरू- बिन्दु, अनिता, सुनिता

विनोद : पत्नी : सावित्रा ढकाल

छोरा- विवेक, विसान

मनोज : पत्नी : रजनी पौडेल

छोरीहरू- तृप्ती, दीप्ती, सुप्रिया

अमोद : पत्नीहरू: (क) अपरा पौडेल (ख) नितु पुडासैनी

छोरा : (क) आशिप / छोरीहरू : (ख) आईसा (ख) नानी

(१०) (ग) शेखरप्रसाद : पत्नी : चन्द्रकला रिजाल

छोरा : सन्जीव / छोरीहरू : सन्ध्या, सबिना

सन्जीव : पत्नी: कामना सुवेदी

छोरी : साम्राज्ञी / छोरा : संयोग




गिरिराज आचार्यको जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्काय-अन्तर्गत नेपाली शिक्षणसमिति स्नातकोत्तर
क्याम्पस विराटनगरबाट नेपाली विषयको
स्नातकोत्तर तहको दशौं पत्रको
प्रयोजनका निम्ति

प्रस्तुत

शोधपत्र

शोधार्थी

महानन्द तिमिल्सिना
नेपाली शिक्षणसमिति मानविकी तथा सामाजिक शास्त्र सङ्काय
त्रि.वि.स्नातकोत्तर क्याम्पस, विराटनगर
शैक्षिक वर्ष
२०५९-०६१

तस्वीर आफैं बोल्छ


साहित्यकार गिरिराज आचार्यको
उपन्यासकारिता
त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली शिक्षण समिति
महेन्द्र बहुमुखी क्याम्पस धरानमा
स्नातकोत्तर तहको दसौं
पत्रको प्रयोजनका लागि
प्रस्तुत
Mahendra Multiple Campus
Dharan, Sunsari
शोधपत्र
प्रस्तोता
हरिप्रसाद त्रिताल
सि.नं. ३५०९
२०६३/६५
Galaxy F22

तस्वीर आफैं बोल्छ


साहित्यकार गिरिराज आचार्यको कथाकारिता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरानमा
स्नातकोत्तर तह दसौं पत्रको
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

प्रस्तोता
बिमला दाहाल
अनुक्रमाङ्क : ७००८१/२०७०
महेन्द्र बहुमुखी क्याम्पस, धरान
२०७३/२०१६

तस्वीर आफैं बोल्छ

LIBRARY
LIBRARY OF CONGRESS | CATALOG

LC Catalog Quick Search

BOOK

Visthāpitā yauvana : sāmājika upanyāsa

Full Record MARC Tags

Personal name

Ācārya, Girirāja.

Main title

Visthāpitā yauvana : sāmājika upanyāsa / Girirāja Ācārya.

Edition

1. saṃskaraṇa.

Published/Created

Vārāṇasī : Saritā Prakāśana, 1983.

Request this Item | LC Find It | Item Availability

लाइबेरी अफ कङ्ग्रेसमा सुचीकृत गिरिराज आचार्यका कृति

LIBRARY
LIBRARY OF CONGRESS | CATALOG

LC Catalog Quick Search

BOOK

Jana-udaya : nāṭaka

Full Record MARC Tags

Personal name

Ācārya, Girirāja.

Main title

Jana-udaya : nāṭaka / Girirāja Ācārya.

Edition

1. saṃskaraṇa.

Published/Created

Dharāna : Dīnānātha Prakāśana, 2041 [1984]

Request this Item | LC Find It | Item Availability

LIBRARY
LIBRARY OF CONGRESS

CATALOG

LC Catalog Quick Search

BOOK

Janamata saṅgraha darpaṇa

Full Record   MARC Tags

Personal name
Ācārya, Girirāja, author.

Main title
Janamata saṅgraha darpaṇa / Girirāja Ācārya.

Edition
Saṃskaraṇa dvitīya.

Published/Produced
[Kāṭhamāḍauṁ, Nepāla] : Orienṭala Pablikeśana Hāusa Prā. Li., 2081 [2024]
[Kāṭhamāḍauṁ] : Pramukha vitaraka, Bhuṅḍīpurāṇa Prakāśana Prā. Li.

Request this Item   LC Find It

लाइबेरी अफ कङ्ग्रेसमा सुचीकृत गिरिराज आचार्यका कृति

LIBRARY
LIBRARY OF CONGRESS

CATALOG

LC Catalog Quick Search

Search Navigation   2 of 11

BOOK

Prajātāntrika yoddhā sva. Bamabahādura Rāī smṛti grantha

Full Record   MARC Tags

Main title
Prajātāntrika yoddhā sva. Bamabahādura Rāī smṛti grantha / sampādaka Girirāja Ācārya.

Edition
1. saṃskaraṇa.

Published/Created
Dharāna : Gaṅgāmāyā Rāī, 2066 [2009]

Request this Item   LC Find It   Item Availability

LIBRARY
LIBRARY OF CONGRESS

CATALOG

LC Catalog Quick Search

Search Navigation | < | 3 of 11 | >

BOOK

Vīpī Koirālā ra rāshṭriya melamilāpa nīti

Full Record | MARC Tags

Personal name
Ācārya, Girirāja.

Main title
Vīpī Koirālā ra rāshṭriya melamilāpa nīti / Girirāja Ācārya.

Published/Created
[Dharan] : Nirajā Ācārya : Pramukha vitaraka Ananta Pustaka Pasala, 2065 [2008]

Request this Item | LC Find It | Item Availability

लाइबेरी अफ कङ्ग्रेसमा सुचीकृत गिरिराज आचार्यका कृति

LIBRARY
LIBRARY OF CONGRESS

CATALOG

LOGIN

LC Catalog Quick Search

SEARCH OPTIONS

BOOK

Nepālī Kāṅgresamā Rāi-Limbū-Guruṅako yogadāna : aitihāsika rājanītika ...

Full Record | MARC Tags

Personal name
Ācārya, Girirāja.

Main title
Nepālī Kāṅgresamā Rāi-Limbū-Guruṅako yogadāna : aitihāsika rājanītika dastāveja / Girirāja Ācārya.

Edition
1. saṃskaraṇa.

Published/Created
[Dharāna] : Padamakeśara Kārkī, Maṇirāja Bhaṭṭarāī, 2053 [1996]

Request this Item | LC Find It | Item Availability

Book

PRINT RECORD
SAVE RECORD
EMAIL RECORD

LIBRARY
LIBRARY OF CONGRESS
CATALOG

LC Catalog Quick Search

Search Navigation ▾ < 6 of 11 >

BOOK

Antarrāshṭriya Nārī Varsha ra Nepālī nāri

Full Record MARC Tags

Personal name
Ācārya, Girirāja.

Main title
Antarrāshṭriya Nārī Varsha ra Nepālī nāri.

Published/Created
1975.

Request this Item LC Find It Item Availability

लाइबेरी अफ कङ्ग्रेसमा सुचीकृत गिरिराज आचार्यका कृति



LIBRARY
LIBRARY OF CONGRESS
CATALOG

LC Catalog Quick Search

Search Navigation ▾ < 8 of 11 >

BOOK

Vī.Pī. Koirālākā sāhityika vicāraharū

Full Record MARC Tags

Personal name
Koirālā, Viśveśvara Prasāda.

Main title
Vī.Pī. Koirālākā sāhityika vicāraharū / sampādaka Girirāja Ācārya.

Published/Created
Virāṭanagara : Jānukā Pustaka Bhanḍāra, 2039 [1982]

Request this Item LC Find It Item Availability

LIBRARY
LIBRARY OF CONGRESS

CATALOG

LC Catalog Quick Search

Search Navigation ▾ | < | 11 of 11 | >

BOOK

Bhānubhakta ra Nepālī bhāshāko vikāsa

Full Record | MARC Tags

Personal name
Ācārya, Girirāja.

Main title
Bhānubhakta ra Nepālī bhāshāko vikāsa / Girirāja Ācārya.

Published/Created
Virāṭanagara : Vividha Prakāśana, 2039 [1982]

Request this Item | LC Find It | Item Availability

लाइबेरी अफ कङ्ग्रेसमा सुचीकृत गिरिराज आचार्यका कृति

लेख • गिरिराज आचार्य

नेपाली कांग्रेस के दो नेताओं को मृत्युदंड

9 फरवरी, 1979 को नेपाली कांग्रेस के दो नेताओं, कप्तान यज्ञबहादुर थापा एवं भीमनारायण श्रेष्ठ, को मौत के घाट उतार दिया गया.

इन दोनों नेताओं में से 40 वर्षीय भीमनारायण श्रेष्ठ पर यह अभियोग था कि उन्होंने सन 1974 में विराट नगर में नेपाल नरेश महाराज बीरेंद्र की सवारी के समय बम फेंका था और 58 वर्षीय कप्तान यज्ञबहादुर थापा पर सन 1975 में सगरमाथा में राज्यसत्ता के विरुद्ध विद्रोह का झंडा बुलंद करने का आरोप था.

आज से दो साल पहले नेपाल के सर्वोच्च न्यायालय ने इन अभियोगों के आधार पर इन दोनों नेताओं को मौत की सजा दी थी. न्यायालय के इस निर्णय के विरुद्ध अंतरराष्ट्रीय संस्था 'एमनेस्टी इंटरनेशनल' ने महाराज बीरेंद्र से मानवीयता के आधार पर अपील की थी कि वह इन दोनों नेताओं को दिए गए मृत्युदंड को माफ कर दें. लेकिन महाराज बीरेंद्र ने इस अपील पर कोई ध्यान नहीं दिया और दोनों नेताओं को 9 फरवरी, 1979 को कोसी नदी के किनारे ले जा कर रात 10.35 बजे गोली मार कर मौत के घाट उतार दिया गया. वैसे सरकारी तौर पर यह नहीं बताया गया कि इन दोनों नेताओं की जीवन लीला समाप्त करने के लिए क्या तरीके बरते गए.

सरिता पाक्षिक नयाँ दिल्लीको पत्रिकामा गिरिराजको लेख

UNITED STATES LIBRARY OF CONGRESS
AMERICAN LIBRARIES BOOK PROCUREMENT CENTER
SHIELA THEATRE BUILDINGS NEW DELHI-55, INDIA
PHONES: 261475 : 261375 : 262408

June 11, 1973

Shri Giri Raj Acharya:

Dear Sir:

This office has been established to administer a program which acquires Nepalese publications for the Library of Congress and 19 other research libraries in the United States. The American Libraries participating in this Program jointly sponsor a centralized catalog-ing program at the Library of Congress in Washington. Through co-operative effort, it is possible for all the participating libraries to make the Nepalese books in their collections available to readers much more quickly.

We have received a work of which you are the author/________________. In order to process it, we find that we need the data required on the enclosed inland letter (requiring no postage). The information will be used to distinguish your name from the names of the other persons listed in the catalogs of American libraries. Since we connot properly process your work without full information, the return of the enclosed form at your earliest conveni-ence would be greatly appreciated.

Sincerely yours,

Eunice Stutzman Gupta

(Mrs.) Eunice Stutzman Gupta
Asst. Field Director for Cataloging
Library of Congress
PL-480 Programs, South Asia

Galaxy F22

UNITED STATES LIBRARY OF CONGRESS
AMERICAN LIBRARIES BOOK PROCUREMENT CENTER
SHEILA THEATRE BUILDINGS, NEW DELHI-55, INDIA
PHONES: 261475 : 261375 : 262408

June 11, 1973

Shri Giri Raj Acharya:

Dear Sir:

This office has been established to administer a program which acquires Nepalese publications for the Library of Congress and 19 other research libraries in the United States. The American Libraries participating in this Program jointly sponsor a centralized cataloging program at the Library of Congress in Washington. Through co-operative effort, it is possible for all the participating libraries to make the Nepalese books in their collections available to readers much more quickly.

We have received a work of which you are the author/ ____________. In order to process it, we find that we need the data required on the enclosed inland letter (requiring no postage). The information will be used to distinguish your name from the names of the other persons listed in the catalogs of American libraries. Since we connot properly process your work without full information, the return of the enclosed form at your earliest convenience would be greatly appreciated.

ence would be greatly appreciated.

Sincerely yours,

Eunice Stutzman Gupta

(Mrs.) Eunice Stutzman Gupta
Asst. Field Director for Cataloging
Library of Congress
PL-480 Programs, South Asia

परिशिष्ट — अन्तीम पत्र

Galaxy F22



BAL PATIL

Bombay, October 27.

Sangeet Sammelan

To The Editor, The Times of India

Sir,—All India Radio has generously distributed, on a first-come-first-served basis, cards for 400 seats at each of the sammelan sessions this year. Will AIR please tell us the capacity of the Vigyan Bhavan hall, which was the venue, and the categories of the people invited or otherwise accommodated on a last-come-nevertheless first served basis to occupy the remaining seats?

VASANTI SAWANT

New Delhi, October 2[illegible]

Claim Challenged

To The Editor, The Times of India

Sir,—I was surprised to read a report of the Nepalese ambassador's speech in Allahabad (October 20) that Nepal had given shelter to Indian politicians during the emergency. The fact of the matter is that Mr Karpuri Thakur and Mr Phaneshwar Nath Renu among the Janata leaders came here during the emergency and the Nepal government put them under surveillance. When Mr Thakur and Mr Renu returned to India the Nepal government immediately took into custody Mr S. N. Varma and threw him into jail for ten months for having given them shelter.

GIRIRAJ ACHARYA

Dharan (Nepal), October 21.

1977 November 1

भारतीय पत्रिका टाइम्स अफ इन्डियामा सन् १९७७ मा प्रकाशित रेणुबारे गिरिराज आचार्यको टिप्पणी

परिशिष्ट

तेस्रो संशोधित संविधानका सम्बन्धमा बि० पि० कोइरालाको प्रेस वक्तव्य

श्री ५ महाराजाधिराजद्वारा हालैमा घोषित संविधानको तेस्रो संशोधन निराशाजनक छ । यसमा निश्चय नै त्यस्ता तत्वहरू पनि समावेश भएका छन् जो संसदीय प्रजातन्त्रका विशेष लक्षण हुन् । तर यी सकारात्मक तत्वहरूलाई संविधानमा अन्य प्रतिकूल धाराबाट निस्क्रिय गर्ने प्रयत्न भएको छ । देशलाई अहिले यस्तो राजनीतिक यन्त्र चाहिएको छ जसले आर्थिक-सामाजिक परिवर्तन ल्याउन सकोस् जस्ले २० वर्ष देखि स्थापित प्रतिगामी शोषणशील र अराष्ट्रिय निहित स्वार्थको फन्दाबाट देशलाई मुक्त गर्न सकोस् र एउटा सशक्त राष्ट्रिय शक्तिको निर्माण गर्न सकोस् । आज हामीहरूलाई चाहिएको यस्तो यन्त्र हो जसले जनप्रिय संस्थाहरूको सृष्टि गरोस् जसद्वारा आर्थिक विकासका लागि चाहिने हाड घोटिने खालको प्रयत्नका लागि जनता संचालित हुन सकून् । केवल शक्तिको एक हट्ठी कायम र सुरक्षित राख्ने प्रयत्नमा संविधानदाताले त्यो साहस बटुल्न सकेको छैन जो आजको राष्ट्रिय हाँक हो । नियन्त्रण र सन्तुलनको प्रजातान्त्रिक सिद्धान्तलाई यस पटक संविधानमा समाविष्ट गर्ने भनिएको छ तर के एउटा हातमा निहित शक्तिको एक हट्ठीलाई सन्तुलित नियन्त्रण गर्ने प्रयत्न भएको छ या त्यस शक्तिलाई राख्न अन्य शक्ति केन्द्र या संस्थाहरूको स्थापना गरिएको छ ? भरखरै जन्मिन खोजेको विधायिका र त्यसद्वारा स्थापित हुन सक्ने सरकारका उपर भने अनेक प्रकारका नियन्त्रण लादिएका छन् । राष्ट्रिय एकताको जुन खाँचो अहिले सबभन्दा बढी छ; त्यसको निर्माणमा यस दस्तावेजले कुनै सहायता दिन सक्दैन ।

जस्तो मैले माथि भनि सकेको छु, यस संविधानमा त्यस्ता सकारात्मक लक्षण पनि छन् जसले यसलाई पूर्ण वहिस्कारबाट जोगाउन सक्छ तर त्यसरी योगिनका लागि निर्वाचनको प्रकृयामा कुनै बन्देज रहनु हुँन्न र चुनावलाई निष्पक्ष र धाँधलीरहित गराउनका लागि चुनाव भरपर्दो मातहतमा हुनु पर्छ । त्यस्तै अन्य छेकबारहरू पनि समाप्त हुनु पर्छ ।

हाम्रो मुलुक ठूलो संकटमा परेको छ– अस्तित्वको नै संकट । हामीले आफ्नो निर्णय अत्यन्त सावधानी र विचार पुर्याएर लिनु पर्छ । त्यसो हुनाले म आफ्नो सहयोगी साथी र अन्य नेताहरूसंग छलफल गर्दैछु एउटा मतैक्य स्थापनाका लागि– यस संविधानका प्रश्नलाई लिएर । मलाई यस कुराले सन्तोष छ कि हामी प्रजातन्त्रवादीहरूमा– जुनसुकै पार्टी या ग्रूपमा विभाजित भएता पनि एक प्रकारको मतैक्य पाएको छु । यसै बीचमा म श्री ५ महाराजधिराजसंग पनि दर्शन गरी केही बूँदाहरूबारे स्पष्ट हुन चाहन्छु ।

माघ २१, २०३७

विश्वेश्वर प्र. कोइराला

शाक्य २०४८ सेप्टेम्बर २९

सुन्सरी प्रशासनको भालु भुत्त चाला ४५८

एम्नेस्टीको विविध प्रकाशन माथि सेन्सर

(हाम्रा सम्वाददाताद्वारा)

काठमाडौं– एउटै विषयमा केन्द्रको र जिल्ला प्रशासनको नीति फरक भएको कुरा स्वर्गीय पुष्पलालको शोक सभा मनाउन मोफसलका प्रशासनबाट भएका व्यवहारले पुष्टि गरेको थियो। यस्तै नीति अन्ताराष्ट्रिय बन्दी विमोचन संस्था (एम्नेस्टी इन्टरनेशनल) प्रति सुन्सरी जिल्ला प्रशासनले अख्तियार गरेको छ। श्रीलंकाबाट प्रकाशित हुने न्यूज बुलेटिन र अन्य सामग्रीहरू वितरण गर्नु भन्दा पहिले प्र. जि. अ. को कार्यालयमा बुझाउनु पर्ने र अधिकृतहरूले स्वीकृति दिए पछि मात्र वितरण गर्न पाउने निर्णय गरेको छ। केन्द्रीय प्रशासनले भने गत ३ गते देखि लंडनमा शुरू भएको वार्षिक अधिवेशनमा भाग लिनको निम्ति एम्नेस्टी इन्टरनेशनल नेपाल शाखाका अध्यक्ष श्री वीरेन्द्र केशरी उपाध्याय र सचिव श्री कुसुम श्रेष्ठलाई भाग लिन जान राहदानी दिएकोले वहाँहरू गत आइत बार लण्डन तर्फ प्रस्थान गर्नु भयो।

एम्नेस्टी इन्टरनेशनलका प्रकाशन-पुस्तक, पुस्तिका र न्यूज बुलेटिन (जो बाहिरबाट नै आउछन) वितरण गरेको अभियोगमा धरानका युवा पत्रकार श्री गिरिराज आचार्य संग जिल्ला कार्यालयले बयान लियो र प्रशासनद्वारा सेन्सर शीप नगराई वितरण गर्न नपाउने जनाउ दिएको छ। एम्नेस्टी इन्टरनेशनलका सूचना तथा प्रचार प्रमुख श्री रिचार्ड रियोकले केही दिन अघि काठमाडौंमा आयोजित पत्रकार संमेलनमा दक्षिण एशियाको निम्ति श्रीलंकाबाट प्रकाशित हुने पाक्षिक न्यूज बुलेटिन नेपालमा एक हज्जार प्रति वितरण भइ रहेको जानकारी दिनु भएको थियो

...शन ने भी अपने एक वक्तव्य में दो साल पहले के अदालती फैसले की वैधता को चुनौती दी है, क्योंकि नेपाली कानून के अनुसार मृत्युदंड के फैसले पर अमल करने की अवधि कभी की बीत चुकी थी. इसलिए उस की दृष्टि में नेपाल सरकार का यह कदम एकदम अवैध और अन्यायपूर्ण है. बार एसोसिएशन ने सरकार से इस बात की जोरदार मांग की है कि देश से मृत्युदंड जैसी अमानवीय सजा समाप्त कर दी जाए. दूसरी ओर नेपाली छात्रों का रोष भी वहां की सरकार के विरुद्ध भड़क उठा है. मृत्युदंड समाप्त करने की मांग वहां की छात्र परिषद ने भी की है.

इस घटना की भारत में भी व्यापक प्रतिक्रिया हुई है. जयप्रकाश नारायण ने अपने एक वक्तव्य में नेपाली नेताओं को फांसी दिए जाने पर खेद प्रकट करते हुए कहा—"मेरी जानकारी में इन दोनों नेताओं पर लगाए गए आरोप राजनैतिक थे. राजनीतिक अपराधों को साधारण किस्म के अपराधों से अलग श्रेणी में रखा जाना चाहिए. नेपाल के महाराज वीरेंद्र और भूतपूर्व प्रधान मंत्री श्री विश्वेश्वरप्रसाद कोइराला के बीच शुरू हुई वार्ता से वहां के राजनीतिक वातावरण में काफी परिवर्तन आ गया था. इसलिए हमें उम्मीद थी कि इन दोनों नेताओं को फांसी नहीं होगी और वे मुक्त कर दिए जाएंगे."

कांग्रेस (आई.) की अध्यक्षा श्रीमती इंदिरा गांधी, जनता पार्टी के नेता श्री चंद्रशेखर, मधुलिमए और सुरेंद्र मोहन आदि ने भी अपना विरोध प्रकट करते हुए इस कृत्य की जोरदार शब्दों में भर्त्सना की.

नेपाली क्षेत्रों में सब से बड़ा आश्चर्य इस बात को ले कर व्यक्त किया गया है कि विश्व के बड़ेबड़े नेताओं, समाचारपत्रों एवं रेडियो प्रसारणों ने इस घटना को एक ओर जहां गंभीरता के साथ लिया, वहीं भारतीय प्रधानमंत्री श्री मोरारजी देसाई व यहां के आकाशवाणी केंद्र इस पर बिलकुल मौन रहे हैं.

रामू : "यह नया बजट काफी अच्छा है. आजकल खेलकूद में हाथपैर मैले

तस्विर आफैं बोल्छ

इस संबंध में यह उल्लेखनीय है कि नेपाल के सर्वोच्च न्यायालय द्वारा दिए गए मृत्युदंड को यदि एक माह के अंदर कार्यान्वित नहीं किया जाता है तो मृत्युदंड अपनेआप आजीवन कारावास में बदल जाता है. इन दोनों नेताओं को मृत्युदंड सुनाए दो वर्ष बीत चुके थे, इसलिए यह समझा जाता था कि अब इन्हें फांसी नहीं दी जाएगी और इन्हें अपना शेष जीवन कारावास में रह कर बिताना पड़ेगा.

लेकिन इस आशा के विपरीत अंततः इन दोनों नेताओं को मौत की नींद सुला ही दिया गया. इस घटना के समय कप्तान यज्ञबहादुर थापा के पुत्र आनंद थापा और भीमनारायण श्रेष्ठ के भाई वीरेंद्र नारायण भी घटनास्थल पर मौजूद थे. जब इन लोगों ने दाहसंस्कार के लिए इन दोनों नेताओं के शव अपनेअपने घर ले जाने चाहे तो अधिकारियों ने शव देने से इनकार कर दिया. यहां तक कि इन की अस्थियों को गंगा में प्रवाहित करने के लिए ले जाने की अनुमति भी नहीं दी गई.

नागरिक अधिकारों का हनन

यों नेपाल में राजशाही का यह कदम अप्रत्याशित नहीं था. इसी प्रकार अतीत में भी शासन द्वारा जबजब जनआकांक्षाओं एवं नागरिक अधिकारों का हनन हुआ और उस के विरुद्ध लोगों की आवाज बुलंद हुई, तबतब शासकों द्वारा जनता की नागरिक स्वाधीनता की मांग को बर्बरता एवं बेरहमी के साथ दबा दिया गया.

इसी प्रकार सन 1940 में भी नेपाल के चार देशभक्तों—शुक्रराज शास्त्री, गंगालाल, धर्मभक्त और दशरथचंद्र को राज्यसत्ता का विरोध करने पर फांसी पर लटका दिया गया था. सन 1961 में दुर्गानंद झा को मृत्युदंड दिया गया था. उन पर जनकपुर पर राजा पर बम फेंकने का अभियोग लगाया गया था. सन 1974 में इलाम और काठमांडू के आठ राष्ट्रभक्तों को गोली से उड़ा दिया गया था.

किंतु 9 फरवरी, 1979 को घटी जिस अप्रत्याशित ढंग से घटी, उस से केवल नेपाली जनता ही हतप्रभ और क्षुब्ध नहीं हुई, बल्कि संसार के सभी स्वाधीनता प्रेमी लोगों को इस से गहरा धक्का लगा. किसी ने सोचा भी नहीं था कि दो साल पूर्व दी गई मौत की सजा को एकाएक इस तरह कार्यान्वित किया जाएगा. समझा जा रहा है कि पाकिस्तान के भूतपूर्व प्रधानमंत्री जुल्फिकार अली भुट्टो को दी गई फांसी की सजा से प्रेरित हो कर ही नेपाल में यह घृणित व निंदनीय कार्य करने का साहस किया गया.

'एमनेस्टी इंटरनेशनल' की नेपाल शाखा के अध्यक्ष तथा नेपाल के भूतपूर्व विदेशमंत्री श्री हृषिकेश शाह ने इस मृत्युदंड पर नेपाल सरकार से कड़ा विरोध प्रकट करते हुए भविष्य में इस तरह के अमानवीय कृत्यों को रोकने की मांग की है.

इस संबंध में सब से अधिक दुखद बात तो यह है कि यह घटना ऐसे समय घटी जब नेपाली कांग्रेस के अध्यक्ष श्री विश्वेश्वरप्रसाद कोइराला महाराज वीरेंद्र की अनुमति से अपने इलाज के लिए विदेश गए हुए थे तथा नेपाली कांग्रेस एवं वहां की सरकार के बीच चले आ रहे आपसी तनावपूर्ण संबंधों में धीरेधीरे सुधार हो रहा था.

घटना के समय श्री विश्वेश्वरप्रसाद कोइराला लंदन में थे. उन्होंने तत्काल एक प्रेस सम्मेलन का आयोजन किया और इस अमानवीय कृत्य की कड़े शब्दों में भर्त्सना की. उन्होंने इस घटना को राष्ट्रीय एकता एवं शांति के पक्ष में भीषण अवरोध बतलाया.

उधर नेपाल में नेपाली कांग्रेस के कार्यवाहक अध्यक्ष श्रीकृष्णप्रसाद भट्टराई, महामंत्री श्री गिरिजाप्रसाद कोइराला और नेपाली कम्यूनिस्ट पार्टी ने वक्तव्य जारी कर इस अन्याय के खिलाफ जनसंघर्ष का आह्वान किया है.

इस के अलावा नेपाल बार एसो-

32

मई II सरिता १९७९

THE
TIMES OF INDIA
LEADERSHIP IN READERSHIP

BOMBAY
15 III 77
TIMES B-4087

INDIA POSTAGE
=0.15

श्री गिरिराज आचार्य
धरान 4/135,
(नेपाल)

विजयपुर
24 MAR 77
BIJAYAPUR


सारिका

कहानियों और कथा-जगत की संपूर्ण पत्रिका

● टाइम्स ऑफ इंडिया बिल्डिंग, बम्बई-१ ● टेलीफोन: २६८२७१/२७८ ● तार: इंडियाना

प्रिय भाई गिरिराज जी!

आपके द्वारा प्रेषित परिपत्र मिला। इस आयोजन पर आपकी भरपूर सफलता के लिए सारिका परिवार की हार्दिक शुभकामनाएँ.

सानंद होंगे.

आपका, 14.3.77



आशारानी व्होरा
लेखिका एवं पत्रकार

बी.ए. ११६/ए. डी. डी. ए. फ्लैटस,
जेल रोड, जनकपुरी नई दिल्ली-११००५८
१४ - ४ - १९७६

प्रिय बंधु,

आपके दिनांक ६-४-७६ पत्र के लिए धन्यवाद ।

'विश्व-विख्यात महिलाएं' शीर्षक मेरी पुस्तक में पर्वतारोही जुंको ताबेई का नाम शामिल न किए जाने की आपकी शिकायत अपनी जगह सही है । आपने इस पुस्तक में रुचि ली व उसकी कमियों की ओर मेरा ध्यान आकर्षित किया, इस के लिए भी मैं आपकी आभारी हूं । पर विश्वविख्यात महिलाओं में और भी तो अनेक नाम छूट गए हैं । कारण दो हैं - एक, पुस्तक के आकार की सीमा । दूसरे महिला-उपलब्धियों पर मेरी कई पुस्तकों की योजना, जिसके अनुसार कई नाम विश्वविख्यात महिलाएं पुस्तक में न आ कर अन्य शीर्षकों में बंट गए हैं जैसे श्रीमती



-२-

जुंको तांबेई का नाम मैंने अपनी पुस्तक 'विश्व की साहसी महिलाएं' में रखा है, मदर टेरेसा का नाम 'भारतसेवी विदेशी नारियां' नामक मेरी पुस्तक में आ गया है और नोबेल पुरस्कार विजेती स्त्री नाम 'नोबेल पुरस्कार विजेता महिलाएं' में आ चुका है । इसी तरह मेरी एक अन्य पुस्तक 'भारत की अग्रणी महिलाएं' में भी अनेक नाम ऐसे हैं जो विश्वविख्यात महिलाएं में शामिल किए जा सकते थे पर एक दो नामों को छोड़ कर यह दुहराव करना ठीक नहीं लगा । आशा है, आप मेरी अन्य पुस्तकें भी समय-समय पर देख कर अपनी प्रतिक्रिया से अवगत कराएंगे ।

सधन्यवाद, आशारानी व्होरा

श्री गिरिराज आचार्य
धरान - ४ १३५,
पो. जोगबनी, नेपाल ।

सारिका

कहानियों और कथा-जगत की संपूर्ण पत्रिका • कहानियों और कथा-जगत की संपूर्ण प

प्रिय भाई!

आपका पत्र मिल गया था.

आप सरकारी तंत्र से अलग रहकर जिन गतिविधियों में व्यस्त हैं, उनके बारे में जानकारी देते रहा करें.

हम आपके लिए कुछ कर सकें तो यह हमारे लिये खुशी का बायस होगा.

सानंद होंगे.

सस्नेह 1.6.1977.

रमेश बतरा

P. O. BOX NO. 213, TIMES OF INDIA BLDG., BOMBAY-1 • TELEPHONE NO. 268271/278 • TELEGRAPH: 'INDIANA' SARIKA

पो. बॉ. नं. २१३, टाइम्स आफ इंडिया बिल्डिंग, बंबई-१ • टेलीफोन नं. २६८२७१/२७८ • तार : इं


हवाई पत्र
AEROGRAMME
नेपाल
NEPAL
१५पै.
15P.
तेस्रो मोड
प्रठाउनेको नाम र ठेगाना ।
यस पत्रभित्र केही राखिएमा साधारण डाँकबाट चलान गरिनेछ ।

हवाई पत्र (कविता संग्रह)

लेखक परिचय.-

सदस्यः नेपाल पत्रकार संघ कोशी साखा, मोती संस्मरण समिती प्रकाशित रचना अन्त र्राष्ट्रिय नारी वर्षर नेपाली नारी, नेपाली भाषा र साहित्यका केही समस्याहरू नव लेखन किन ? सम्पादन कृती - ३

पहिलो पल्ट ५०० प्रकाशन मिति २०३३ फाल्गुण
लेखकः गिरिराज आचार्य
सम्पादक एवं प्रकाशक चि०भ०खु० बास्तोला
चित्र सज्जा मुकेस मल्ल

हामी जुन ठाउँमा बाच्छौं हाम्रो परिवेश त्यही ठाउँको बोल्छ हामी जुन ठाउमा लेख्छौं पढ्छौं हाम्रो आत्मा त्यहीको बोल्छ। यहां कती कविता लेखिन्छन, मेटिन्छन, इतिहासका पानामा बिलाएर पनि जान्छन तर पनि यहाँ कविता लेखिन्छ ! निरन्तर लेखि रहनेछ हामी बिलाउने छौं हाम्रो कविता पनि मेटिने छ तर हामी चुप छैनौं किनकी हामीमा चेत छ।

कतीले यसलाई सस्तो लोकप्रियता, प्रचार पनि भन्लान तर हामी परवाह गर्दैनौं पाठक समक्ष हामीले पुग्ने सस्तो, सुगम माध्यम हवाई पत्र लाई नै बनाएका छौं जो टाढा टाढा सम्म गएर हाम्रो भावनामा सलल बगिदिने छ चिसो सिरेटो भएर।

गिरिराज आचार्य
चि०भ०खु० बास्तोला

अब त लाग्छ मलाई
हामी केही होइनौं
केवल अस्थीप ञ्जर पुतला हौं
जो हरेक उत्सवमा जलाइन्छ
जो हरेक प्रोसेसनमा अधि लाइन्छ
केवल समारोह र उत्सवमा
गाइजात्राको प्रदर्शन गर्न

नभन मलाई
केही पनि म सुन्दीन
सुन्दा कान चर्काउछ
हेर्दा आँखा विझाउछ
यसै बोल्यो भने त यहाँ
जिन्दगी माथि खेलवाड हुन्छ ।

मरेर जिउने भए देखी यहाँ
सबैले एकै पल्ट जिउ छोडने थिए
तर साथी यहाँ जिउन सार्हो छ
मर्न त के गारहो छ ?

यहाँका साँगुरा
गल्ली चौकका भीडभाडमा
हरेक दिन हाट वजार लाग्छ
भोका नाङ्गा अनुहारको
कसैको हातमा तेलको शिशी
कसैको हातमा नुनको भाँडो
केवल रित्तो
फगत हाटको रंग भर्न

हामीले गरे के हुदैन साथी
सबथोक हुन्छ
नर्क पनि स्वर्ग बन्छ
स्वर्ग पनि नर्क बन्छ
तर चुप भएर के पो गर्छौं साथी
केवल तिम्रो अस्तित्वको लिलाम हुन्छ

यहाँ सबै आफ आफ्नो तालमा
प्रशंसाको झुटो पुल बांध्छन
तर त्यो पुल कस्तो बनेको छ
त्यस भित्र पार गर्ने
तल माथी माथी तल गर्ने
कोही छैनन कोही छैनन

भात दाल ढुकु
एक छाक भए पनि पचाउनु पर्ने
तर नेपालीको सरदर आय हेर्दा
आकाश छोएको कसले हेर्ने
तल आकाश गर्लम्म झरेको
कस्ले थाम्ने कसरी थाम्ने

यहाँ योजना बन्छ
हरेक रात रक्सी भटीमा
पिउनले काक ताली मिलाइ दिन्छ
हाकिमले सही छाप ठोकी दिन्छ
जिन्सी खातामा

नयी पत्रिकाएं

इधर कुछ और नयी पत्रिकाएं प्राप्त हुई हैं--

१. **सांध्यमित्रा** (वीरेंद्र मिश्र) कृष्ण कुंज, विलेश्वर, क्रास लेन नं. ३, विलेपार्ले (पश्चिम) बंबई-५६ : एक : दस रुपये.

२. **नवागत** (नीलम श्रीवास्तव) ६ ए, जी. टी. रोड, कौन्नगर, हुगली (पं. बंगाल) : एक प्रति : एक रुपया. वार्षिक : दस रुपये.

३. **सम्यक् मनोविज्ञान** (कीर्तिस्वरूप। विद्यारावत । मोहन राजेश), राम भवन, पाली बाजार, ब्यावर (राजस्थान) एक प्रति : दो रुपये, वार्षिक : सात रुपये.

४. **रूपा की चिट्ठी** (अशोक जैन) ५०१२, लोहा बाजार, अंबाला छावनी. एक प्रति : पचास पैसे. वार्षिक : पांच रुपये.

५. **हवाई पत्र** (चि. झ. खु. वास्तोला) धरान, कोशी (नेपाल)

'सांध्यमित्रा' एक ऐसी पत्रिका है, जिस देख कर लगता है कि पत्रिका के पास 'साधन' है और 'समझ' भी. परंतु आवश्यकता है, उसको अभाव खटकती है. क्योंकि आज मात्र दो सौ पृष्ठों की सुसज्जित पत्रिका प्रकाशित कर लेना ही काफी नहीं रह गया. लघु पत्रिकाएं क्यों प्रकाशित होनी चाहिए? इस सवाल पर सैंकड़ों मतभेद होने के बावजूद मैं समझता हूं, इस मामले में दो राय नहीं होंगी कि लघु पत्रिकाएं वे काम करने के लिए छपें, जो काम व्यवसायिक पत्रिकाएं नहीं करती या नहीं कर पाती. . .और ऐसे काम करने के लिए किसी पत्रिका का 'फोटू-जड़िता' होना कोई लाजिमी नहीं. परंतु **सांध्यमित्रा** ऐसी ही सजी-धजी पत्रिका है और इसकी रचनाएं अपने-आप में 'अच्छी' होने के बावजूद 'जरूरी' नहीं हैं. क्योंकि पाठक ने अगर दस रुपये (डाक खर्च अलग) खर्च कर के वही कुछ पढ़ना है, जो व्यावसायिक पत्रिकाओं में एक-दो रुपया खर्च करके मिल जाता है, तो उसे **सांध्यमित्रा** की 'सुरुचि' से कोई सरोकार नहीं रह जाता. क्योंकि बेहतरीन हथियार वह होता है जो बावक्त आसानी से प्राप्त हो जाये और इस आसानी के तहत तो **सांध्यमित्रा** लघु पत्रिका भी नहीं लगती. . .लगती है तो सिर्फ यह कि इसके प्रकाशक संपादक में विज्ञापन जुटाने की क्षमता है और अपने स्तर पर वे कुछ कर गुजरने का दावा करते हुए जितना बन पड़ता है, कमा ले जाते हैं. बुरी बात यह नहीं कि पत्रिका से आय हो, किंतु साधनों का सदुपयोग सही संदर्भ में न हो, यह हानिकारक है. . .

'नवागत' उपरोक्त पत्रिका के मुकाबले में एक लघुतम प्रयास है. परंतु संतोष यह है कि इसकी आंख जरूरी और आने वाली चीजों का पीछा कर रही प्रतीत होती है. न तो इसने लेखकीय गुटों का रोना रोया है और न ही संत्रस्त लोगों को कोई लोमहर्षक निमंत्रण ही दिया है. जैसा कि मुझे लगा है, यह पत्रिका सत्ता की न होकर 'जन' की पक्षधरता की कायल है, वह भी नवीनतम हस्ताक्षरों के माध्यम से. . .और यह [illegible] है कि सिर्फ जरूरी चीजों का पीछा करना ही पर्याप्त नहीं होता, उस पर कड़ी निगरानी और साफ नजर रखते हुए सब से पहले यह तय किया जाना चाहिए कि जो काम किया जा रहा है, वह कहीं गोली के बजाये निशाने के हक में तो नहीं जाता. **नवागत** की रचनाधर्मिता यही आकर भावुक हो गयी लगती है और यह भावुकता लघु पत्रिकाओं के लिए हानिकारक है. हमारे यहां पूंजीपति के विरुद्ध लिखा गया साहित्य भी प्रायः अंततोगत्वा उसके हक में जाता रहा है, यह एक जाना-माना तथ्य है और बाजारू साहित्य के खिलाफ जेहाद छेड़ने वाली **नवागत** जैसी पत्रिकाओं को इससे बचना चाहिए.

'रूपा की चिट्ठी' के संदर्भ में भारत भर में प्रकाशित होनेवाली सैंकड़ों पत्रिकाओं का ध्यान आता है, जो अपना मजाक खुद उड़ाती प्रतीत होती हैं. दो-दो चार-चार पन्ने छाप-छूपकर ऐसे संपादक पाठकों को भी धोखा देते हैं और खुद को भी. परंतु **रूपा की चिट्ठी** इसका अपवाद है. आठ पृष्ठों में भी सटीक सामग्री दी जा सकती है, इसका प्रमाण **रूपा की चिट्ठी** देती है. इस तरह की छोटी-छोटी पत्रिकाएं अपने-अपने दायरे में पाठकों की नजर में व्याप्त पैसिया पत्रिकाओं की मृगतृष्णा को तोड़ सकती हैं और वे पाठक तैयार होकर लघु पत्रिकाओं को एक नया आयाम दे सकते हैं. ऐसी पत्रिकाओं का स्वागत किया जाना चाहिए. पत्रिका के आगामी अंकों से और भी संभावनाएं की जा सकती हैं.

'सम्यक् मनोविज्ञान' साहित्य से इतर मन और मस्तिष्क के क्रिया-कलापों का विश्लेषण करती है. आज जबकि सिद्ध हो चुका है कि मनुष्य की बहुत-सी बिमारियां उसकी मनस्थिति की वजह से उत्पन्न होती हैं. और कि हमारे दैनिक जीवन की बहुत-सी छोटी-छोटी बातें मनोविज्ञान से संबंधित हैं, तो मैं समझता हूं कि विदेशों की भांति भारत में भी **सम्यक् मनोविज्ञान** जैसी पत्रिकाओं का प्रचलन बढ़ना चाहिए. यह पत्रिका इस दिशा में जो काम कर रही है, सराहनीय है. परंतु अटपटी लगती है, तो सिर्फ यह [illegible] को यह पत्रिका उत्तेजक शीर्षकों का शिकार [illegible] प्रेम और हत्या के मामले छापने वा[illegible] कल्लू सेठ इस देश में बहुत हैं और उन्होंने ही इस ढंग की पत्रिकाएं प्रकाशित करने की गुंजाइशों में कमी की है. इसलिए **सम्यक् मनोविज्ञान** अपना काम तमाम अड़चनों के बावजूद मनोवैज्ञानिक ढंग से ही सहज और स्वाभाविक रूप से करें, तो यह इसके वर्तमान स्वरूप से अपेक्षाकृत कहीं बेहतर होगा. क्योंकि भारत में इस प्रकार की पत्रिकाओं की एक बड़ी आवश्यकता है.

अंतर्देशीय पर छपा **हवाई पत्र** नेपाल प्रशासन की नजर से छुपाकर जारी किया गया है, जहां लेखक आज भी सेंसरशिप का शिकार हैं! इसमें संकलित गिरिराज आचार्य की लघु कविताएं 'प्रजा' की ओर से तानाशाही के खिलाफ की गयी सतत् कार्यवाही हैं. लेखकों पर अंकुश रखने वाला 'राज' पूरे देश के लिए घातक होता है. **सारिका** भारत के समस्त लेखकों की ओर से अपील करती है कि नेपाल में प्रेस की आजादी बहाल होनी चाहिए!

□ र. ब.



मदन पुरस्कार

पोष्ट बक्स नं. ४२ ✳ हु. श्रीदरबारटोल–४४७०२ ✳ ललितपुर (नेपाल)

प्रिय गिरिराजजी,

पहिले दिन भए पनि भेट हुन नसकेकोमा अफसोस लागेको छ। काठमाडौं आउँदा बेला भेट अवश्य दिनु होला।

"मधुपर्क"मा (आश्विन, २०५६) तपाईंको 'स्मृति' बारे तिम्रो समीक्षामा छापिएको छ "…. गिरिराज आचार्यलाई 'स्मृति' कविता संग्रहले धेरै माथि उठाएको छ" भनेको छ। धेरै बधाई छ।

तपाईंको कलम यसै उत्तरोत्तर नयाँ धुनमा चल्दै जाओस् भनी शुभकामना गर्दछु,

तपाईंको
कमल दीक्षित

२०५६/२/२५/६



सी. के. प्रसाई (भरत बाबू)
भू० पू० स्नातकोत्तर प्राध्यापक
उत्तर बंगाल विश्वविद्यालय

देवी बस्ती,
बिर्ता मोड़, झापा
३५ माघ ५४.

प्रिय गिरिराजजी, नमस्कार

तपाईंले पठाउनु भएको संक्षि- पत्र पाएँ, साह्रै खुशी लाग्यो। तपाईं-लाई केही दिन आराम भएनछ, सुन्दा दुःख लाग्यो। खबर पाइनँ। नत्र त्यस बेला म अवश्य आउने थिएँ।

तपाईंको लेखाई मलाई बढ़ा मन पर्छ। जहाँसम्म मेरो लेखाइको प्रश्न छ, तपाईंहरूको तारिफ पाउँदा म गौरव अनुभव गर्दछु। अर्काको प्रशंसा गर्ने सद्गुण हाम्रो जमातमा थोरै [illegible] छ। अर्काको दुर्गुणको बारे हामी ख्याली पोखेर प्रचार गर्छौं। उदाहरण: मनुष्यहरू, यही राजनीति हो। कुनै पार्टी सबै। म राजनीतिको बलियो होइन। म अनभिज्ञ हूँ। अन्यथा आज मेरो यो दुरावस्था हुने थिएन।



२/३ महीना देखि म बड़ो
दुःखित छु। झापाका बाँसतोलाजीले,
किन हो कुन्नी, मेरो विरोधी अभियान
शुरु गर्नु भएको छ। म रोगी भएँ, बूढो
भएँ, निर्धन भएँ, कमाई (जाली) भये
भन्ने उहाँको आरोप छ तर ई कुराहरु
मेरा बशका होइनन्। म के गरूँ!
हो भनि म ५० नाघें, धन पनि सकियो,
रोग पनि लाग्यो। अब उहाँहरु आँधि
सो नाचेकै छ। तर त्यसका निमित्त
आत्मीयताको नाताको कुनै आवश्यकता थियेन।
यो कुरा आफूमा सीमित राख्नुहोला।
अरु पछि।

सदाको हितैषी,
सी. के. प्रसाई